## अध्याय एकः
## शोध परिचय

### १.१ अध्ययन पृष्ठभूमि

नेपालको राजनीतिमा जातीय सवाल कम्युनिस्टहरूले आफ्नो स्थापनादेखि नै उठाउँदै आएका छन्। जातीय सवाल कम्युनिस्ट दर्शनको हो या पहिचानको दर्शनको भन्ने विषयमा नेपालमा चर्को राजनीतिक बहस भइरहेको छ। पहिचानले सांस्कृतिक समानता र भिन्नताको मुद्दालाई प्राथमिकताका साथ अँगाल्ने र मार्क्सवादको सैद्धान्तिक मान्यताले वर्गीय (आर्थिक) समानतालाई जोड दिने गरेको पाइन्छ। नेपालको सन्दर्भमा आदिवासी जनजातिमाथि राज्यद्वारा सुनियोजित ढङ्गले सांस्कृतिक अतिक्रमण गरेकाले आफ्नो पहिचान सङ्कटमा परेको मान्यता रहेको छ (मल्ल, सन् २०१३,पृ. ३३)। पहिचानको राजनीतिक मुद्दा भन्नु नै जातीय समानताको मुद्दा हो भन्ने आम बुझाइ रहे पनि राज्यद्वारा बहिष्करणमा पारिएका र परेका मगरलगायत आदिवासी जनजातिको ठूलो समूह मार्क्सवादी विचारसँग नजिक रहेका छन् (बुढामगर, २०६६,पृ. १३०)। पहिचान र मार्क्सवादजस्तो फरक-फरक राजनीतिक दर्शन र विरोधाभासपूर्ण राजनीतिक सम्बन्धसमेत रहेका विषयहरूको अध्ययन नेपालको राजनीतिक वृत्तमा एउटा महत्वपूर्ण मुद्दाको अध्ययनका रूपमा हेर्न सकिन्छ। आधुनिक नेपाल निर्माणको आधार मानिएको गोर्खा राज्य विस्तारपश्चात् मगर जाति राजनीतिक रूपमा पराधीन, आर्थिक हिसाबले उत्पीडित र सामाजिक-सांस्कृतिक हिसाबले बहिष्करणमा रहेकाले मार्क्सवाद र पहिचान दुई फरक राजनीतिक सिद्धान्तबाट मगर पहिचानको ऐतिहासिक-राजनीतिको अध्ययन र विश्लेषण गर्नु सान्दर्भिक देखिन्छ। यो शोधको उद्देश्य मगरको पहिचानको राजनीतिलाई मार्क्सवादी दृष्टिकोणबाट हेर्नु रहेको छ।

आदिवासी जनजातिहरूको पहिचानको विषयलाई नेपालको सामाजिक असन्तुलनको बहसमा मूल भागमा लिइँदै आइएको छ। वर्ग सङ्घर्षको चुरो मर्मलाई आत्मसात् गरे वर्गीय, जातीय, क्षेत्रीयलगायत उत्पीडनको अन्त्य हुन्छ भन्ने मार्क्सवादको सैद्धान्तिक मान्यता रहेको छ। मार्क्सवादको मूल दर्शनअनुसार जातीय-क्षेत्रीय उत्पीडनलाई समाधान गर्ने बेग्लै ठोस आधार भने छैन। तर नेपालका मार्क्सवादी पार्टीहरूले जातीय पहिचान, सङ्घीयता, स्वायत्तता, आत्मनिर्णयको अधिकार, अग्राधिकारजस्ता राजनीतिक शब्दावलीहरू कम्युनिस्ट पार्टीहरूको नीति तथा कार्यक्रमहरूमा समावेश गरेका छन्। तर आज त्यही कम्युनिस्ट पार्टीहरूले जातीय पहिचानसहितको राज्यको सङ्घीय संरचना गर्न भने दुविधामा रहेका छन्। जातीय समस्यालाई हेर्ने सम्बन्धमा नेपालका कम्युनिस्ट पार्टीहरूबीचमा पनि मतभिन्नताहरूसमेत रहेका छन्।

मगर जाति प्राचीन तथा मध्यकालीन नेपालमा आफ्नै राज्य भएको प्रभुत्वशाली जाति भएर पनि आज राजनीतिक, शैक्षिक, सांस्कृतिक, आर्थिक, धार्मिक, भाषिक आदि दृष्टिले उत्पीडनमा रहेको छ। राज्यद्वारा उत्पीडनमा पारिएको जाति भएकाले मगरको मुक्ति मार्क्सवादले मात्र गर्न सक्छ भन्ने मान्यता मार्क्सवादीहरूको छ भने अर्कोतर्फ वर्गीय सवाल मात्र होइन, मगर सामाजिक-सांस्कृतिक दृष्टिले पनि उत्पीडनमा रहेको छ, उनीहरुको ऐतिहासिक पहिचानहरूसमेत नामेट भएको छ, त्यसैले राज्यमा मगरको सम्मानजनक प्रतिनिधित्व हुन जरुरी छ भन्ने पहिचानवादीहरूको मत छ। यसरी मगर वर्गीय तथा सामाजिक-सांस्कृतिक दुवै हिसाबले उत्पीडित जाति भएको तर नेपालको सन्दर्भमा यसका कारणहरू खोज गर्नु आवश्यक रहेकाले यो अध्ययनको महत्व रहेको छ।

राजनीतिक इतिहासमा प्राचीन तथा मध्यकालीन नेपालमा बलशाली रहेको मगर जाति गोर्खा राज्य विस्तारसँगै कमजोर अवस्थामा पुगेको पाइन्छ। पृथ्वीनारायण शाहको राज्य विस्तार अभियानले एक जाति, एक भाषा र एक धर्मको विभेदकारी नीति अवलम्बन गरी नेपाललाई ‘असली हिन्दुस्तान’ बनाउने काम गऱ्यो। जहानियाँ राणा शासनकालमा १९१० को मुलुकी ऐनमार्फत जातीय विभेदलाई अझ संस्थागत गरी नेपाली समाजलाई अन्धकारतर्फ धकेल्ने काम भयो। यही प्रक्रियाको थालनीदेखि मगरको मौलिक पहिचानमाथि आक्रमण भई मगर जातिमाथि आन्तरिक उपनिवेशको थालनी भएको पाइन्छ। निरङ्कुश पञ्चायती शासनकालमा पनि विगतका शासन व्यवस्थामा अपनाइएका हिन्दु एकल जातीय-सांस्कृतिक नीति र व्यवहारलाई नै सशक्त बनाइयो। २०४६ सालपछिको पुनर्स्थापित प्रजातान्त्रिक व्यवस्थामा पनि नेपाललाई हिन्दु राज्य, खस नेपाली भाषालाई राष्ट्रभाषा र दौरा-सुरुवाललाई राष्ट्रिय पोसाकको घोषणा गरी आदिवासी जनजातिहरूमाथि पुरानो राज्य व्यवस्थाले कायम गरेका नीतिहरूलाई २०४७ सालको संविधानमा राखी पहिचानमाथिको हमलालाई निरन्तरता दिइयो। यसैको परिणामस्वरूप पहिचानको आन्दोलनले व्यापकता पाएको पाइन्छ।

२०४७ सालपछिको बहुदलीय प्रजातन्त्रको पुनर्बहालीपछि नेपालको राष्ट्रिय राजनीतिमा जातीयता, क्षेत्र, वर्ग र लिङ्गलगायत पहिचानका विशिष्ट पक्षहरूमा आधारित राजनीतिक गतिविधिको स्तरमा वृद्धि भइरहेको थियो। जन आन्दोलन २०६२/६३ पश्चात सङ्घीयताको संवेदनशील विषयसँग यसको सम्बन्धले गर्दा पहिचानको राजनीति वर्तमान अवस्थामा सबैभन्दा महत्वपूर्ण तर गलत ढङ्गले बुझिएको राजनीतिक मुद्दा बन्न पुगेको छ। वर्तमान नेपाली समाज र राजनीतिक दलहरूले जहानीय राणा व्यवस्था, निर्दलीय पञ्चायती व्यवस्था, बहुदलीय व्यवस्था र सङ्घीय लोकतान्त्रीक गणतन्त्र व्यवस्था सहित चार वटा राजनीतिक व्यवस्थाको सामना गरिसकेका छन्। नेपाली जनताको पटक-पटकको आन्दोलन र बलिदानीबाट प्राप्त व्यवस्थामा आफ्नो गुमेको अधिकार स्थापित र प्रयोग गर्न खोज्नु नागरिक र समुदायको सार्वभौम अधिकारको रुपमा लिन सकिन्छ। तर यति धेरै व्यवस्थाहरु फेरिँदा पनि मगर जातिले इतिहासको विरासत खोजी गर्नुपर्ने, अस्तित्वको लडाइँ लड्नुपर्ने, आफ्नो पहिचान र

स्वाभिमानको लागि आन्दोलित हुनुपर्ने अवस्था किन आयो ? कम्युनिस्ट पार्टीहरूले जातीय पहिचान सहितको राज्य तथा वर्गीय मुक्ति प्रदान गर्ने मुद्दा, एजेण्डा र नीतिहरू कुन सन्दर्भमा लिएका थिए र आजको सन्दर्भमा त्यसको औचित्य र आवश्यकता के रहेको छ, यसको उत्तर खोजी गर्नु यो अध्ययनको क्षेत्र रहेको छ।

मगर पहिचानको राजनीतिक बहस चलिरहँदा नेपाली राजनीतिमा एकल पहिचान, बहुपहिचान र साझा पहिचानका बहसहरू चलिरहेका छन् । कतिपय विश्लेषकहरुले पहिचानको मुद्दाले समाजलाई विभाजन र तनावतर्फ लैजाने सन्दर्भमा बुझेका छन् भने मगर लगायत पहिचान पक्षधरहरूले मगरको पहिचान र मगरातको आयाम बृहत्तर भएकोले यो बहसलाई राजनीतिशास्त्रीय, समाजशास्त्रीय तथा मानवशास्त्रीय ढङ्गबाट अध्ययन गर्नुपर्ने बताउँदै आएका छन् ।

नेपालको कम्युनिस्ट राजनीतिमा आदिवासी जनजातिहरुको धेरै आकर्षण रहेको देखिन्छ । ती आदिवासी जनजातिहरूमध्ये ठुलो सङ्ख्यामा रहेको मगर जातिको उल्लेख्य सहभागिता रहेको छ । कम्युनिस्ट पार्टी मूलतः वर्गीय पक्षधरताको उसको दर्शन हो, तर उनीहरूले सामाजिक अन्तर्विरोधहरूको हल गर्ने नीति मात्र होइन सामाजिक समूहहरूमा आधारित जातीय स्वायत्त सरकारको गठन गरी अभ्यास पनि गरेका थिए र वर्तमानमा पनि विभिन्न जातीय मोर्चाहरुको निर्माण गरी क्रियाशिल रहेका छन् । तर यो अभ्यासले साँचो अर्थमा जातीय उत्पीडनको हल गर्छ कि थप तनाव सृजना गर्दछ भन्ने सन्दर्भमा पनि बहसहरू जारी नै छन् । दार्शनिक दृष्टिले शास्त्रीय मार्क्सवादले समाजलाई आर्थिक-नियन्त्रित संयन्त्रका रूपमा व्याख्या गर्दै सामाजिक समूहहरूलाई त्यसको सहयोगी मानेको छ । नव-मार्क्सवादले शास्त्रीय मार्क्सवादको आर्थिक निर्धारणवाद अर्थात उत्पादनका साधनलाई समेत आधार मान्दै बहुल सामाजिक समूहहरूको बहिस्करणको मुद्दालाई पनि संवोधन गर्दछ। पहिचानको सिद्धान्त मूलतः सांस्कृतिक पक्षसँग जोडिएको र विभिन्न कारणले राज्यको मूलप्रवाहमा समावेश नभएका र आर्थिक तथा सामाजिक दृष्टिले समेत पछि परेका समुदायको पहुँच र सहभागिता बढाउने विकल्पका रूपमा प्रतिपादन भएको हो । बहुल सामाजिक समूहको मुद्दाको सवालमा नव-मार्क्सवाद र पहिचानको दर्शन मिल्दाजुल्दा छन् ।

### १.२ शोध समस्या

नेपालको राजनीतिक बहसमा पहिचान र कम्युनिस्ट पार्टीहरूका बीचमा परस्पर विरोधाभासपूर्ण सम्बन्ध रहेको देखिन्छ। कम्युनिस्ट पार्टीको मूल दर्शन आर्थिक समानता हो भन्ने गरिन्छ भने अर्कोतर्फ मार्क्सवाद सबै प्रकारको असमानताको अन्त्यको विज्ञान हो भन्ने पनि गरिन्छ। मार्क्स र एङ्गेल्सले कम्युनिस्ट पार्टीको पहिलो घोषणापत्र सन् १८४८ मा 'जुन अनुपातमा एक व्यक्तिद्वारा अर्को व्यक्तिको शोषणको अन्त्य हुन्छ, त्यही अनुपातमा एक जातिद्वारा अर्को जातिको शोषणको पनि अन्त्य हुनेछ। जुन अनुपातमा जातिभित्र वर्गहरूबीचको वैरभाव बिलाउँछ, त्यही अनुपातमा एक जातिप्रति अर्को जातिको

शत्रुताको पनि अन्त्य हुनेछ' भन्ने उल्लेख गरेका छन् (Marx and Angles, 1848)। मार्क्सवादलाई थप व्याख्या गर्दै लेनिनले सन् १९१३ मा राष्ट्रिय मुक्तिका लागि आत्मनिर्णयको अधिकारको सिद्धान्तको प्रतिपादन गरेका थिए (बुढामगर, २०६७,पृ. १८)। माओले चीनमा जातीय स्वशासन र स्वायत्तताको समेत प्रयोग गरेका थिए, तर नेपालको परिवेशमा जातिहरूको मुक्तिको सवाल वा जातीय पहिचानको मुद्दा कम्युनिस्टहरूको नभएर बुर्जुवाको मुद्दा हो भन्ने पनि मत रहेको छ। अर्कोतर्फ नागरिकहरू सामाजिक-सांस्कृतिक दृष्टिले समानता र भिन्नता कारण समाज विकासको गतिमा अवरुद्ध आउने पहिचानको दार्शनिक मान्यता रहेको छ। जसले गर्दा मार्क्सवाद र पहिचानको सिद्धान्तका आधारमा मगर पहिचानलाई हेर्ने सन्दर्भमा सैद्धान्तिक विरोधाभासहरू रहेका छन्।

नेपालको राजनीतिमा वर्गीय समानतासँगै जातीय समानताको मुद्दा उठाउने मूलतः कम्युनिस्ट पार्टीहरू नै हुन्। आफ्ना विभिन्न जनवर्गीय मोर्चा सङ्गठनका रूपमा जातीय सङ्गठनको स्थापना गरेर यसको अभ्यास पनि गरिरहेका छन्। नेपालका सबै कम्युनिस्ट पार्टीका दस्तावेजहरूमा एकात्मक राज्य व्यवस्थाले देशको सामाजिक-सांस्कृतिक बहुलता र विविधतालाई समेट्न नसक्ने कुरा उल्लेख छ, तर कम्युनिस्ट पार्टीको प्राथमिकता वर्गीय मुक्ति हो, कम्युनिस्ट पार्टीको लक्ष्य भनेको अन्तर्राष्ट्रियवाद हो, उनीहरूले आफूलाई अन्तर्राष्ट्रिय जाति भन्ने गर्दछन्, त्यसैले जातीय तथा क्षेत्रीय कुरा उनीहरूका प्राथमिताको विषय होइन भन्ने तर्क पनि रहेका छन्। जसका कारण जातीय मुद्दालाई बुझ्ने र प्रयोग गर्ने सन्दर्भमा नेपालका कम्युनिस्ट पार्टीहरूमा विरोधाभास रहेको देखिन्छ भने अर्कोतर्फ पहिचानको समर्थन र विरोध पनि कम्युनिस्ट निकटहरूबाट हुने गरेकाले यो अध्ययन प्रक्रिया आफैँमा जटिल रहेको छ।

नेपालमा १२५ जातजातिमध्ये पहिलो जनसङ्ख्या रहेको खस-आर्य पछिको दोस्रो ठूलो जनसङ्ख्या भएको मगर जातिको राज्यमा उपस्थिति कमजोर रहेको छ। मगर जातिको इतिहास र पहिचानको सन्दर्भमा कलम चलाएका विद्वान्हरूको कृतिहरूको अध्ययनले मगर जातिको ऐतिहासिक पहिचानमाथि धेरै प्रश्न उब्जाएका छन्। मगर जाति नेपालको पुरानो आदिवासी जनजातिमध्ये एक भएकोले यसका आफ्नै मौलिक संस्कार, संस्कृति र सभ्यताहरू छन्। मगर जातिको पहिचान र राजनीतिक इतिहासको विषयमा विद्वान्हरूले धेरै तथ्य उजगार गरेता पनि मगर पहिचानको आधार र मूल्य मान्यताहरू तथा राजनीतिक सहभागिताको बिषयमा भने विद्वानूहरूका बीचमा मतैक्य पाइँदैन। यो शोध निम्न समस्याहरूमा केन्द्रित रहेको छः

१. वर्गीय मुक्तिसँगै स्वतः जातीय मुक्ति हुने कुरा नेपाल कम्युनिस्ट पार्टीका दस्तावेजहरूमा उल्लेख छन्, तर अर्कोतर्फ नेपालका केही मार्क्सवादीहरूले जातीय पहिचानको मुद्दा कम्युनिस्टहरूको नभएर बुर्जुवाहरूको मुद्दा हो पनि भन्ने गरेका छन्। जसले गर्दा मार्क्सवादले पहिचानलाई हेर्ने सन्दर्भमा सैद्धान्तिक विरोधाभासहरू कायमै छन्।

२. लेनिनले राष्ट्रिय मुक्ति आन्दोलनको नेतृत्व गरेका थिए। माओ, स्टालिनलगायत मार्क्सवादी नेताहरूले पनि जातीय समस्याको समाधान मार्क्सवादी दृष्टिकोणबाटै गरेका थिए। तर नेपालका कम्युनिस्टहरूले जातीय मुद्दा उठाएका आरोपहरू विद्यमान छन्। त्यसैले, मार्क्सवादको दृष्टिकोणबाट पहिचानको मुद्दालाई बुझ्ने सन्दर्भमा कठिनाइ छ।

३. नेपालका कम्युनिस्ट पार्टीहरूले पहिचानमा आधारित जातीय सङ्गठनहरू निर्माण गरेका छन् र क्रियाशील पनि छन्। उनीहरूको नीतिमा जातीय स्वशासन, जातिको आत्मनिर्णयको अधिकार तथा अग्राधिकार जस्ता राजनीतिक अधिकारको व्यवस्था गरिएको पाइन्छ। अर्कोतर्फ नेपालका केही मार्क्सवादीहरूले पहिचानको राजनीति बौद्धिक सम्भ्रान्तहरू (Intellectual Elites) को स्वार्थ र सोखसँग जोडिएको, उत्तरआधुनिकता र पश्चिमी मुलुकहरूको प्रभाव रहेको र साँचो रुपमा उत्पीडितहरूको प्रतिनिधित्व नगर्ने बताएका छन् (पोखरेल, २०७०,पृ. २९)। यसरी मार्क्सवादी दृष्टिकोणबाट मगर पहिचानको ऐतिहासिक-राजनीतिक समीक्षा गर्न कठिन छ।

४. कम्युनिस्ट पार्टी र पहिचानको राजनीति पृथक राजनीतिक दर्शन भएकाले नेपाली कम्युनिस्ट पार्टीको दृष्टिकोणबाट मगर पहिचानको ऐतिहासिक-राजनीतिक अन्तरसम्बन्ध जोड्न सैद्धान्तिक कठिनाइ रहेको छ।

५. आधुनिक नेपाल निर्माणमा मगर जातिको महत्वपूर्ण योगदान रहेको छ। तर नेपाली राज्य निर्माणको अभ्याससँगै स्वयम् मगर जातिको पहिचानमाथि आक्रमण हुँदै आएको छ। पहिचानको राजनीतिका विश्लेषकहरूले मगरहरू गोर्खा राज्य विस्तार प्रक्रियामा सामेल हुनुलाई मगर पहिचानमाथि हिन्दुकरणको प्रभाव भएको तर्क गरेका छन्। परिणामतः मगर जातिको ऐतिहासिक, राजनीतिक र सांस्कृतिक पहिचान संकटमा पर्दै आएको छ।

मूलतः यो शोधको निम्न वमोजिमका तीन प्रश्नहरू रहेका छन्ः

१. मगर पहिचानको राजनीति भनेको के हो ?

२. नेपाली राज्य निर्माणका क्रममा मगर जातिको पहिचान कसरी निर्माण र परिवर्तन हुँदै आएको छ ?

३. जातीय  पहिचानको राजनीति र खासगरी मगर पहिचानको राजनीतिलाई नेपालका कम्युनिस्ट पार्टीहरू नेकपा एमाले र नेकपा माओवादीले कसरी हेर्दछन् ?

### १.३ शोधको उद्देश्य

मार्क्सवादले वर्गीय उत्पीडनको अन्त्यसँगै जातीय उत्पीडनको स्वतः हल हुने व्याख्या गरेको छ। तर नेपालको सन्दर्भमा वर्गीय अन्तर्विरोधसँगै सामाजिक अन्तर्विरोधहरू पनि विद्यमान रहेकाले यस

विषयमा अध्ययनको महत्व रहेको छ। मगर पहिचानको ऐतिहासिक-राजनीतिक पृष्ठभूमि र नेपाल कम्युनिस्ट पार्टीको जातीय पहिचानसम्बन्धी नीति आपसमा जोडिएकाले यो शोधको निम्नानुसार तीन उद्देश्य रहेका छन्ः

१. नेपाल कम्युनिस्ट पार्टी एमाले र माओवादीको जातीय पहिचानको राजनीतिसम्बन्धी नीतिहरूको समालोचनात्मक विश्लेषण गर्नु।

२. राज्यको नीति निर्माण (संसद) मा मगर जातिको राजनीतिक प्रतिनिधित्वको ऐतिहासिक समीक्षा गर्नु।

३. मगर पहिचानको राजनीति र मगरको समग्र उत्थानका लागि मगर समुदायको अभिमत खोजी गर्नु।

**१.४ शोधको औचित्य**

नेपालको प्राचीन जाति मगर र नेपाली राजनीतिमा बारम्बार चर्चा भइरहने कम्युनिस्ट पार्टीको अध्ययनले नेपाली समाज र राजनीतिक प्रक्रियामा केही महत्वपूर्ण योगदान दिन सक्ने विश्वास लिइएको छ। पहिचानले पुष्टि गर्ने मगर जाति र वर्गले पुष्टि गर्ने कम्युनिस्ट पार्टीको सम्बन्ध विरोधाभाष वा स्वभाविक र मौलिक वा आयातित भन्ने विषयहरुमा बहस चलिरहेकाले त्यस क्षेत्रमा केही योगदान दिने भएकोले यो शोधको औचित्य रहेको छ। यो अध्ययनले निम्न तीन क्षेत्रमा योगदान दिने अपेक्षा गरिएको छ।

१. मगर लगायत अन्य जाति तथा आदिवासी जनजातिको क्षेत्रमा यो खालको प्राज्ञिक अध्ययन खासै नभएकोले समाज विज्ञानमा यो अध्ययनले योगदान दिनेछ।

२. आदिवासी जनजातिको पहिचान र सशक्तीकरणमा राजनीतिक दलहरूको सिद्धान्त र नीति निर्माणमा सहयोग पुग्नेछ।

३. मगर जातिको ऐतिहासिकता र निरन्तरतासँगै भावि गन्तव्यको बारेमा सम्बन्धित पक्षहरूलाई केही नौलो ज्ञान प्रदान गर्न सहयोग पु-याउने अपेक्षा गरिएको छ।

**१.५ अध्ययनको सीमा**

मगर पहिचानको राजनीतिलाई पुष्टि गर्न मगरसँग सम्बन्धित दस्तावेजहरू, पुस्तकहरू र इतिहासमा मगर जातिले राज्य सञ्चालन गरेका ऐतिहासिक ठाउँहरू पाल्पाको बल्ढेङ्गढी, रोल्पाको जङ्कोट, प्युठानको भित्रीकोट, ओखरकोटहरूको संरचनाको अध्ययन तथा अवलोकन गरिएको छ। जसका कारण मगर जातिको ऐतिहासिक पहिचानलाई बुझ्न मद्दत गरेको छ। आदिवासीहरूको पहिचानसम्बन्धी नेपाल सरकारका दस्तावेजहरू, संविधानसभाको राज्य पुनर्संरचना तथा राज्य शक्ति बाँडफाँड समिति र राज्य पुनर्संरचना उच्चस्तरीय आयोगका प्रतिवेदनहरू, कम्युनिस्ट पार्टीका

दस्तावेजहरू, संयुक्त राष्ट्र सङ्घका दस्तावेजहरू, विभिन्न विद्वान्ले लेखेका पुस्तक तथा लेख रचनाहरू यो शोधको अध्ययन सामग्री रहेको छ।

अध्ययन क्षेत्रका रूपमा मगर जाति र कम्युनिस्ट पार्टीको वर्चस्व रहेका पाल्पा, प्युठान र रोल्पा जिल्लालाई लिइएको छ। जसका कारण मगर जाति र कम्युनिस्ट पार्टीबीचको सम्बन्ध र अन्तर्विरोध बुझ्न सहज भएको छ। मगर पहिचानका आधारका लागि प्राचीन मगरात बस्तीमा प्रचलित रहेका श्रुति-अनुश्रुतिहरूको समेत खोजी गर्नुका साथै मगर बस्तीहरूमा घरधुरी सर्वेक्षण पनि गरिएको छ।

मार्क्सवादी दृष्टिकोणका रूपमा नेपालका कम्युनिस्ट पार्टीहरू नेकपा माओवादी र नेकपा (एमाले) का जातीय मुक्तिसम्बन्धी नीतिहरू र मगर पहिचानको राजनीतिको सन्दर्भमा मगर जातिको २०१५ सालदेखि २०७० बीचको ऐतिहासिक-राजनीतिक अवस्थाको अध्ययन नै शोधको मूल क्षेत्र रहेको छ। यसबाहेक शोध मार्क्सवाद, पहिचान र मगरको ऐतिहासिक-राजनीतिक पृष्ठभूमिसँग जोडिएकाले मार्क्सवादको जातीय मुक्तिसँग जोडिएको पक्ष र पहिचानको सामान्य सैद्धान्तिक अवधारणाको मात्र अध्ययन गरिएको छ।

१. मार्क्सवादी साहित्य र पहिचान सम्बन्धी सैद्धान्तिक अध्ययन गरिएको छ।

२. मगर जातिको पहिचान सम्बन्धी साहित्यको अध्ययन समावेश गरिएको छ।

३. संसदमा मगर जातिको प्रतिनिधित्वको समीक्षा गरिएको छ।

४. नेकपा एमाले र नेकपा माओवादीको पहिचान सम्बन्धी नीतिहरूको विश्लेषण गरिएको छ।

५. पहिचान र मार्क्सवादी राजनीतिक दलहरू खासगरी एमाले र माओवादीको दृष्टिकोणका सम्बन्धमा मगर समुदाय र सम्बन्धित विज्ञहरूको अवधारणाको अध्ययन विश्लेषण समावेश गरिएको छ।

६. सर्वेक्षणद्वारा पहिचान र कम्युनिस्ट पार्टीबारे मगर जातिको अवधारणा लिइएको छ।

### १.६ शोधको संरचना/सङ्गठन

यस शोध प्रबन्धमा जम्मा नौ अध्याय छन्। पहिलोः अध्यायमा अध्ययन पृष्ठभूमि तथा अध्ययनको समस्या, अध्ययनका उद्देश्यहरू र अध्ययन विधिहरूको विषयमा छलफल गरिएको छ। दोस्रोः अध्यायमा शोधपत्रसँग सम्बन्धित साहित्यहरूको अध्ययन गरी समीक्षा गरिएको छ। तेस्रोः अध्यायमा अनुसन्धान विधि रहेको छ। चौथोः अध्यायमा नेपाली राज्यको संरचना र मगर जातिको अवस्था शीर्षकमा छलफल गरिएको छ। पाँचौँः अध्यायमा कम्युनिस्ट पार्टीमा जातीय राजनीतिको प्रभाव र असर विषयमा छलफल गरिएको छ। छैठौँः अध्यायमा नेकपा (एमाले) र नेकपा माओवादीको पहिचानसम्बन्धी धारणा शीर्षकमा जातीय मुक्ति सम्बन्धी नीतिहरूको समीक्षा गरिएको छ। सातौँः अध्यायमा प्युठान,

पाल्पा र रोल्पाको  सामाजिक समूहहरूको तथ्याङ्क र जनसाङ्ख्यिक तथा भाषिक अवस्थाको जानकारी दिनुको साथै मगर आन्दोलनको अवस्था बारे स्थलगत अध्ययन सर्वेक्षणबाट आएका तथ्याङ्क र विचारहरूको विवरण पेस गरिएको छ। आठौँः अध्यायमा नेपाली समाजको अन्तर्विरोधको विश्लेषण गरिएको छ, भने नवौँः अध्यायमा शोधसारलाई सारांश, सैद्धान्तिक प्रभाव तथा प्राप्ति, निष्कर्ष र सुझावहरू पेस गरिएको छ।

## अध्याय दुईः
## पूर्व साहित्य समीक्षा

यो खण्डमा शोधको समस्या र उद्देश्यसँग सम्बन्धित प्राज्ञिक साहित्यहरूको राजनीतिशास्त्रीय दृष्टिकोणबाट समीक्षा गरिएको छ। अहिलेसम्म गरिएका अध्ययनबाट यस विषयमा भएका समस्या तथा अपूरा सैद्धान्तिक पक्षहरूको समेत समीक्षा गरिएको छ। यो शोधमा पहिचान भनेर जातीय पहिचान ( तत्कालीन सन्दर्भमा जातीय मुक्ति) भनिएको छ। जातीय पहिचानको मामिला अध्ययन (Case Study) का रूपमा मगर जातिलाई छनोट गरी अध्ययन गरिएको छ। मगर जाति नेपालको प्राचीन जातिमध्ये एक हो। मगर जाति नेपाल राज्यका सबै भागमा छरिएर बसेको भए पनि पश्चिम नेपालका राप्ती, धौलागिरी, लुम्बिनी र गण्डकी अञ्चलका पहाडी क्षेत्रहरूमा धेरै अगाडिदेखि नै सघन रूपमा बसोबास गर्दै आएका छन्। मगर जातिको प्राचीन पहिचान कायम रहे पनि राजनीतिक इतिहासको विषयमा विवाद र विरोधाभासहरू छन्।

गोर्खा राज्य विस्तारपूर्व मगर जातिको विशिष्ट प्रकारको राजनीतिक स्थान रहेको र आफ्नै नेतृत्वमा मगर राज्यहरू (बाहृ मगरात तथा अठार मगरात) सञ्चालित थिए। तर गोर्खा राज्य विस्तारपछि मगर राज्यहरू विघटन भए। मगर जातिको राजनीतिक पहिचानमाथि ठूलो सङ्कट देखा पर्‍यो। गोर्खा राज्यको विस्तारसँगै मगरलगायत विभिन्न जातीय गणराज्यहरूको विघटन (आत्मसमर्पण, विलय वा पराजित समेत) भएको इतिहासकारहरूको मत रहेको छ (योगी र गुरुङ, २०२०; न्यौपाने, सन् २००५; Bista, 2008; Shah, 2001; Pradhan, 2009)।

मगर पहिचानको सन्दर्भमा मूलतः तीनवटा चरणमा आक्रमण भएको पाइन्छ। पहिलो, राज्य निर्माण प्रक्रियामा मगर जातिको राज्य मगरात विघटनसँगै ससाना जातीय राज्यहरूबाट एउटा विशाल गोर्खा राज्यको निर्माण भएको थियो। गोर्खा राज्यमार्फत विभिन्न राज्यमा विभाजित नेपालका राज्यहरूलाई एकीकरण गर्नु सकारात्मक पक्ष भए पनि राज्य विस्तार प्रक्रियामा मगर समुदायको भाषा, संस्कृतिलगायत मौलिक पहिचानहरूमाथि आक्रमण भयो। त्यसैले केही विद्वान्ले गोर्खा राज्य विस्तार एकीकरण नभएर अन्य राज्यहरूमाथिको विजय थियो भन्ने पनि गरेका छन् (Stiller, 1995; Pradhan, 2009)। दोस्रो, १९१० साल (सन् १८५४) को मुलुकी ऐनमार्फत नेपाली समाजलाई विभिन्न समूहमा वर्गीकरण गरियो। परिणामस्वरूप राज्यले संरक्षित गरिएका र बहिष्करण गरिएका जातीय समूहहरू निर्माण भए। राज्यको वर्गीकरणअनुसार मगर बहिष्करणमा पर्ने समूहमा दर्ज भयो। तेस्रो, पञ्चायतकालीन व्यवस्थामा राज्यले अन्य पहिचानलाई लत्याउँदै हिन्दु धर्म र खस नेपाली भाषाको पहिचानलाई पाठ्यपुस्तकहरू र सरकारी कामकाजको माध्यमद्वारा व्यवस्थित ढङ्गले लागू गर्ने गराउने काम गर्‍यो। यो

कालमा बहुल पहिचानमाथि हिन्दु धर्म र खस-आर्य जातिको एकल पहिचानले अन्य जातीय तथा धार्मिक समूहलाई हिन्दुकरण र खसकरण गर्ने काम भयो ।

## २.१ **पहिचानको राजनीतिशास्त्रीय व्याख्या**

पहिचानको सैद्धान्तिक मान्यताका सन्दर्भमा विद्वान्हरूको मत फरक फरक रहेका छन् । निर्माणवादी विद्वान्हरूले मानिसको सामाजिक सम्बन्धकै कारण पहिचानको निर्माण हुने र सन्दर्भ अनुसार परिवर्तन पनि हुने विश्वास गर्दछन् भने शाश्वतवादी विद्वान्हरूले पहिचान शाश्वत र अपरिवर्तनीय ठान्दछन् । भोनले राजनीतिशास्त्रमा उत्तरआधुनिकतासँगै पहिचानको राजनीति नयाँ सरोकारको विषय भएको उल्लेख गर्दै पहिचानको निर्माण र संवर्धन नै संविधान निर्माणलाई टेवा पुऱ्याउने उपयुक्त माध्यम भनेका छन् (Von, 2006, p. 754) ।

माथ्यु होल्डेनका अनुसार पहिचानको राजनीति बहुलवादी संस्कृति र असमावेशी समूहहरू तथा सुविधाबाट वञ्चित समूहहरूको संस्थागत प्रतिनिधित्वका लागि प्रतिपादन गरिएको सिद्धान्त भएकोले पहिचानको राजनीतिलाई न त अरू विधिबाट निश्चित गर्न न त अस्वीकार गर्न सकिने बताएका छन् (Matthew Holden, 2006,p. 170) । राजनीतिशास्त्रको इन्साइक्लोपेडिया अनुसारः

> पहिचानको राजनीति व्यक्तिगत इतिहास, पारिवारिक सम्बन्ध, क्षेत्र र देशसँग सम्बन्धित सरोकारबाट लिइएको हो । पहिचानको राजनीतिले मूलतः सामाजिक समूहहरूको राजनीतिक अवस्थालाई जनाउँछ । व्यक्तिको समूहमा आबद्धतासँगै धार्मिक तथा सांस्कृतिक रूपमा सङ्गठित हुँदै विश्वव्यापी रूपमा आदिवासीहरूको आत्मनिर्णयको अधिकारको मागसहित राजनीतिक आन्दोलनहरू भए । सामान्यतया पहिचानको राजनीति उत्पीडनमा परेका समुदायको विकासका लागि प्रतिपादन गरिएको विचार हो । मूलतः २०औँ शताब्दीको अन्त्यतिर धेरै सामाजिक समूहहरूले आफूमाथि भएको विभेदको विरुद्धमा ठूलो सङ्ख्यामा राजनीतिक आन्दोलनहरू भए । यतिबेला पहिचानको राजनीति दैनिक जीवनमा नभई नहुने विषय रहेको छ । यसले धेरैलाई प्रभाव पारेकाले राजनीति व्यवहारमा समेत प्रकट हुने गरेको छ । (Kurian and others, 2011,pp. 757-758)

मलेसेभिक सिनिसाका अनुसार पहिचान भौगोलिक प्राचीनता तथा ऐतिहासिक प्रक्रियासँग जोडिएको शब्दावली भएकाले पहिचान अवधारणात्मक, सैद्धान्तिक र विधिपूर्ण तरिकाले समाजशास्त्र र राजनीतिशास्त्रसँग सिलसिलेवार रहेका हुन्छन् (Malesevic, 2006,p. 227) । बक पेटर र जन ई. (सन् २००९) का अनुसार मानिस सामाजिक प्राणी भएकाले समाजमा उसका विभिन्न किसिमले पहिचान स्थापित हुने र एउटै व्यक्तिको वर्गीय, जातीय, लैङ्गिक, भौगालिक, यौनिक, पेसागतजस्ता फरक फरक

पहिचान हुन्छन् । व्यक्तिका यी बहुल पहिचानहरूले सामाजिक अभ्यास र संरचनाहरूसँग सम्बन्ध राख्दछन् । उनले सामाजिक सम्बन्धहरूबाट नै पहिचानको निर्माण हुने उल्लेख गरेका छन् । त्यसैले पहिचान सामाजिक रूपमा निर्मित, जीवित र रूपान्तरित हुन्छ ।

समाजमा मानिसहरूको पहिचान खासगरी दुई किसिमबाट निर्माण हुने गर्दछ । पहिलो, जन्मजात प्राप्त हुने पहिचान । यस किसिमको पहिचान स्थिर र अपरिवर्तनीय हुन्छ । उदाहरणका लागि लैङ्गिक र जातीय पहिचान- पुरुष-महिला, बाहुन, मगर, तामाङ आदि । दोस्रो, प्राप्त गरिएको पहिचान, जुन व्यक्तिको रोजाइ, काम आदिका आधारमा निर्माण हुन्छ । जस्तैः वर्गीय र पेसागत पहिचान, धनी-गरिब, नेता, प्राध्यापक, व्यवसायी, किसान आदि । पहिचानको अर्थ हो, कुनै व्यक्ति निश्चित समाजमा कसरी आबद्ध छ, त्यो समाजको सदस्यका रूपमा निश्चित विशेषताहरू के के छन् जसले उसलाई फरक या विशेष व्यक्तिका रूपमा चिनाउन मद्दत गर्दछ, ती विशेषतालाई व्यक्तिले कसरी आफ्नो दैनिक जीवनमा अनुशरण गर्दछ । जस्तैः विद्यार्थी, मजदुर, किसान, अभिभावक, कुनै पार्टी सदस्य, समुदाय वा संस्थाको सदस्य आदि सबै परिचयले उसलाई समाजको फरक तथा विशेष व्यक्तिको पहिचान दिने कुरा उल्लेख गरिएको छ (Burke and Jan, 2009) ।

उडवार्ड काठले उपनिवेशकालीन समयमा आदिवासी जनजातिको विविधता भएका एसिया र अफ्रिकामा विविधतालाई व्यवस्थापन गर्न कठिन हुने महसुस गरी व्यक्तिगत अधिकार र पहिचानलाई महत्व दिन थालिएको बताएका छन् । पहिचानलाई विभिन्न दृष्टिकोणबाट परिभाषित गर्दै खासगरी पहिचानलाई बुझ्न व्यक्तिगत र सामाजिक अन्तरसम्बन्धलाई बुझ्नुपर्ने कुरामा जोड दिएका छन् । सामाजिक जीवनभित्र व्यक्तिको पहिचान र व्यक्तिगत जीवनमा सामाजिक पहिचानले हामी आफैं र अरूहरूका बीचमा फरक बनाएको छ । भिन्नता र समानतालाई छुट्याउने पहिचानका सीमाहरूले नै हो । ती सीमाहरू राजनीति प्रक्रियाहरूद्वारा निर्माण र स्थापित हुन्छन्, जुन ऐतिहासिक रूपमा फरक ठाउँमा फरक समयमा हुने गर्दछ (Woodward, 2002,pp. 165-167) । विडनका अनुसार पनि वर्ग प्रस्ट रूपमा पहिचानबाट व्यक्त भएको शब्दावली हो । सामाजिक सम्बन्धहरूकै कारणले समाजभित्र असमानता हुन्छ र सामाजिक असमानताकै कारण त्यही समाजमा आर्थिक असमानता हुन्छ । त्यसैले समाजका धेरै सन्दर्भहरूमध्ये वर्ग पनि पहिचानको एउटा रूप हो (Weedon, 2004,pp. 10–11) । समाजशास्त्री म्याक्स वेवरका अनुसार सामाजिक संरचना सामाजिक श्रेणीद्वारा व्यवस्थित गरिएको हुन्छ । सामाजिक श्रेणीहरू सामाजिक वर्गहरूसँग नजिक र वर्ग अधिनष्ठबाट टाढा हुन्छ । जब सामाजिक संरचना वर्गद्वारा बाँधिएको हुन्छ त्यो वर्गीय समाज हो । सामाजिक श्रेणीहरू वर्गहरूको सम्पत्तिको रुपमा धेरै नजिक र प्रभावित छन् (Weber, 2019,p. 457) । रवर्त ए. डाहलका अनुसारः

> प्रायः भाषा, धर्म, जात, जातीय परिचय, क्षेत्र र कहिलेकाहीँ राजनीतिक विचारधाराजस्ता भिन्नताहरूको आधारमा विशिष्ट संस्कृतिहरू बनेका हुन्छन्। यिनै कुराका आधारमा सम्बन्धित सदस्यहरूले आफ्नो साझा परिचय र भावनात्मक सम्बन्धहरू जोडेका हुन्छन्, उनीहरूले प्रस्ट रूपमा 'हामी' र 'उनीहरू' भन्ने भेद छुट्याएका हुन्छन्। उनीहरूको मौलिक र विशिष्ट प्रकारको संस्कृति सो समूहका लागि साँच्चिकै एउटा 'जीवन पद्धति' नै बन्न सक्छ। देश भित्रको अर्को देश, राष्ट्र भित्रको अर्को राष्ट्र जस्तो अनुभव दिन सक्छ, यस्तो दृष्टान्तमा, साँच्चै भन्ने हो भने, समाज ठाडो रूपमा विभाजित देखिन्छ। (डाहल, सन् २००५,पृ. १५५)

पहिचानको सन्दर्भमा विभिन्न राजनीतिक अवधारणाहरू प्रतिपादन भएका छन्। प्रमुख राजनीतिक अवधारणाहरू निम्निलिखित छन्ः

## २.२ मार्क्सवादी अवधारणा

मार्क्सले अर्थशास्त्र तथा समाजशास्त्रमा थुप्रै योगदान दिए पनि जातीय सवाललाई समावेश गरेर कुनै पनि प्राज्ञिक तथा राजनीतिक पुस्तकहरू लेखेका छैनन्। तर पहिचान सामाजिक, सांस्कृतिक, धार्मिक आदि उत्पीडन र बहिष्करणसँग जोडिएको राजनीतिक शब्दावली भएकाले यी शब्दहरू भने मार्क्सको कृतिहरूमा प्रशस्तै समेटिएका छन्। पहिचानको सन्दर्भमा मार्क्सवादी दर्शनलाई अन्तर्राष्ट्रिय र नेपाली सन्दर्भ गरी दुई कोणबाट तुलनात्मक अध्ययन गर्न सकिन्छ।

मार्क्सवादको सबैभन्दा पुरानो दस्तावेज मार्क्स र एङ्गेल्सद्वारा सन् १८४८ मा लिपिबद्ध गरिएको कम्युनिस्ट पार्टीको घोषणापत्रमा विश्व सर्वहाराको मुक्तिसँगै उत्पीडित जातिहरूका मुक्तिलाई पनि जोडेर "अर्को जातिमाथि शोषण गर्ने जाति स्वयम् पनि स्वतन्त्र हुन सक्दैन" भनी उल्लेख गरेका छन्। यसले प्रस्ट गर्दछ कि मार्क्सवाद वर्गीय विभेदको मात्र नभएर जातीय (राष्ट्रिय) विभेदको अन्त्यको सिद्धान्त पनि हो। घोषणापत्रमा भनिएको छ, "जुन अनुपातमा एक व्यक्तिद्वारा अर्को व्यक्तिको शोषण अन्त्य हुन्छ, त्यही अनुपातमा एक जातिद्वारा अर्को जातिको शोषणको पनि अन्त्य हुनेछ। जुन अनुपातमा जातिभित्र वर्गहरूबीचको वैरभाव बिलाउँछ, त्यही अनुपातमा एक जातिप्रति अर्को जातिको शत्रुताको पनि अन्त्य हुनेछ।" उनले अझ अगाडि बढेर "सङ्क्षेपमा कम्युनिस्टहरूले सर्वत्र विद्यमान सामाजिक र राजनीतिक व्यवस्थाका विरुद्ध हरेक क्रान्तिकारी आन्दोलनको समर्थन गर्ने" बताउदै, "आजसम्मको सम्पूर्ण मानव समाजको इतिहास वर्ग-सङ्घर्षको इतिहास रहिआएको" समेत उल्लेख गरेका छन् (Marx and Engles, 1848)। यसले पनि प्रस्ट गर्दछ कि नेपालमा चलेका जातीय असमानताका आन्दोलन र बहसहरू मार्क्सवादको सिद्धान्तबाट पृथक छैन, त्यसैले यसलाई मार्क्सवादको सामाजिक सिद्धान्तको अवधारणाबाट हेर्न सकिन्छ।

यसरी मार्क्सवाद भनेको केवल वर्गीय अन्तर्विरोध या उत्पीडनको दर्शन मात्र नभएर सामाजिक उत्पीडनमा रहेको मानव समुदायको पनि सिद्धान्त हो भन्न सकिन्छ। यसले सामाजिक पक्षहरूको आधार वर्गीय संरचनामा आधारित भएको व्याख्या गर्दै वस्तुको उत्पादन र वितरणमा मुख्य ध्यान केन्द्रित गर्दछ। सारमा वर्गीय मुक्तिलाई नै आम उत्पीडनको मुक्तिको निर्धारक तत्व मान्दछ (भुसाल, २०६४; पौडेल, २०६२; सिंह, २०७१; ल्यु चुन, २०६५)।

मार्क्सले प्रतिपादन गरेको सिद्धान्तलाई बहुल सामाजिक बनावटको दृष्टिले लेनिनले प्रयोगमा लिएका थिए। यो वर्गीय सिद्धान्त जातीय समुदायगतको सिद्धान्त प्रयोगमा आउनुको कारण त्यो समाज वर्गीय हिसाबले मात्र नभएर सामाजिक-सांस्कृतिक हिसाबले पनि उत्पीडनमा रहेको थियो, जसलाई वर्गीय मुद्दाले मात्र सम्बोधन गर्न असम्भव थियो। त्यही सामाजिक समूहरूलाई सम्बोधन गर्न लेनिनले समाजवादी दर्शनअन्तर्गत जातीय स्वायत्तता र आत्मनिर्णयको अधिकारको व्याख्या गरे। लेनिनको दाबी छ, समाजवादले हरप्रकारका जातीय उत्पीडनलाई उन्मूलन गर्दछ, किनकि यसले जातीय उत्पीडन जन्माउने वर्ग स्वार्थहरूको नै उन्मूलन गरिन्छ। हरेक राष्ट्रिय आन्दोलनको प्रवृत्ति जातीय राज्य निर्माणको दिशामा रहेको हुन्छ। जातिहरूको आत्मनिर्णयको अधिकारका सन्दर्भमा लेनिनले "मार्क्सवादीहरूको 'जातिको आत्मनिर्णय' को कार्यक्रम ऐतिहासिक आर्थिक दृष्टिकोणबाट राजनीतिक आत्मनिर्णय, राजकीय स्वतन्त्रता, जातीय राज्यको निर्माणको अतिरिक्त अरू केही पनि हुन सक्दैन" भनी उल्लेख गरेका छन् (लेनिन, सन् १९८३,पृ. ९५)।

लेनिनपछि माओत्से तुङले जातीय मुद्दालाई चीनमा प्रयोगमा लिएका थिए। उनको अन्तिम विश्लेषणमा, जातीय सङ्घर्ष वर्ग सङ्घर्षको सवाल हो भनेका छन् (माओ, २०६५,पृ. ३८)। उनले तत्कालीन अवस्थामा संयुक्त राज्य अमेरिकामा कालाहरूको आन्दोलन द्रुत गतिमा विकास हुनु भनेको संयुक्त राज्य अमेरिकामा वर्गसङ्घर्ष र जातीय सङ्घर्ष चर्कनु हो भनेका छन्। उनले चीनका अल्पसङ्ख्यक जातिहरूलाई समानता र स्वायत्त शासनको अधिकार दिनुपर्ने मान्यता राखेका थिए। हान अहङ्कारविरुद्ध अल्पसङ्ख्यक जातिहरूको मुक्तिका लागि हरप्रकारले सङ्घर्ष गरेका थिए। मोहन वैद्यका अनुसार, लेनिनवाद साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवाद बन्न पुग्यो भने माओको नेतृत्वमा अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थामा रहेको चीनमा साँस्कृतिक क्रान्ति मार्फत जनवादी क्रान्ति सम्पन्न भयो र समाजवादी क्रान्तिको प्रक्रियालाई अगाडि बढाइयो, जुन विश्व क्रान्तिकै लागि माओवादको विशिष्ट योगदान रहेको छ (वैद्य, २०६७,पृ. ३९३)।

त्यसैगरी चीनको अल्पसङ्ख्यक जनजातिहरूको सन्दर्भमा जोसेफ स्टालिनले यदि सर्वहारा पार्टीले उत्पीडित जातिहरूको मुक्ति सङ्घर्षलाई प्रत्यक्ष रुपले समर्थन गर्दैन भने 'जातिहरूको समानता' बारे गरिने घोषणाहरू निरर्थक र मिथ्यापूर्ण रहने उनले बताएका छन् (स्टालिन, २०६५,पृ. २०)। जातीय

आन्दोलन शीर्षकको लेखमा स्टालिन (२०६५) ले हरतवरले दबाइएका जाति पुँजीपति वर्गविरुद्ध आन्दोलित हुन्छन्, त्यसले आफ्ना आदिवासीहरूलाई पितृभूमिका बारेमा बोल्न थाल्दछ, र सर्वहारा वर्गले जातीय दमन नीतिका विरुद्ध लड्नु अनिवार्य रहन्छ भनेका छन्। उनले पुँजीपति वर्गको पतनपछि मात्र जातीय आन्दोलनको अन्तिम विलय सम्भव छ तर पुँजीवादको ढाँचाभित्र पनि जातीय सङ्घर्षलाई न्यूनतम मात्रामा घटाउनु, त्यसलाई सर्वहारा वर्गका निम्ति सकभर अहानिकारक बनाउनु सम्भव छ भनेका छन्। जातीय मुक्ति आन्दोलन र वर्गीय आन्दोलन आपसमा अन्तरसम्बन्धित भएको कुरा उनले उल्लेख गरेका छन्।

चाउ एन लाईले 'चीनमा जनजाति समस्या' शीर्षक लेखमा भनेका छन् कि हामी समाजवादी मुलुकहरू जनजातिका सम्बन्धमा सामन्तवाद, पुँजीवाद वा साम्राज्यवादको नीतिभन्दा एकदमै फरक नीति अपनाउँछौँ, हामी आफ्ना बन्धु जनजातिहरूलाई समृद्ध बन्न मद्दत गर्दछौ, जनजातिहरूलाई समृद्ध बनाउनु हाम्रो समाजवादी जनजाति नीतिको आधारभूत दृष्टिकोण हो, एउटा जातिलाई श्रेष्ठ र अर्को जातिलाई कमसल ठान्नु पुरै गलत जातिवादी विचार हो, सबै जाति मेहनती, राम्रा र जेहेन्दार हुन्छन्, खारिने मौका दिइए सबै जाति साहसिला र शक्तिशाली हुन्छन्। चाउ एन लाईका अनुसार चीनमा जातीय प्रादेशिक स्वशासन र जातीय गणतन्त्रहरूको स्थापना गर्न उचित मानेका छन् (चाउ एन लाई, २०६५,पृ. ९१)।

ल्यु चुनले जातीय उत्पीडनलाई वर्ग उत्पीडन हो भनेका छन्। जातीय उत्पीडनविरोधी सङ्घर्ष वास्तवमा वर्ग उत्पीडनविरोधी सङ्घर्ष हो। त्यसका साथै अक्सर गरेर उक्त सङ्घर्ष आफ्नै जनजातिका प्रतिक्रियावादी र विश्वासघातीहरू विरुद्धको सङ्घर्ष पनि हो। यही कारणले गर्दा मार्क्सवादी-लेनिनवादीहरू जातीय सवाललाई एउटा छुट्टै सवाल ठान्दैनन्। उनीहरू जातीय सवालको समाधानलाई क्रान्तिको एउटा समस्या ठान्दछन्। उनका अनुसार जातीय उत्पीडन वास्तवमा वर्गीय उत्पीडन नै हो। जातीय उत्पीडनविरुद्धको सङ्घर्ष वर्गीय उत्पीडनविरुद्धको सङ्घर्ष हो, त्यसका साथै अक्सर गरेर उक्त सङ्घर्ष आफ्नै जनजातिका प्रतिक्रियावादी र विश्वासघातीहरूका विरुद्धको सङ्घर्ष पनि हो भनेका छन्। कुनै पनि जनजातिका लागि क्रान्तिको सवाल आधारभूत सवाल रहने उनको मान्यता छ। विभिन्न जनजातिमा रहेका आर्थिक तथा सांस्कृतिक विकासको असमानता वर्गीय समाजले पैदा गरेको समस्या हो, यसको समाधान गर्न पछि परेका जनजातिहरू र अल्पसङ्ख्यकहरूले श्रमजीवी जनताको नेतृत्व गर्नु आवश्यक छ (ल्यु चुन, २०६५,पृ. ६१)।

चिनियाँ कम्युनिस्ट पार्टीका नेता माओले चीनमा हान अहङ्कारका विरुद्धमा सङ्घर्ष गरेका थिए। त्यहाँका अल्पसङ्ख्यक जातिहरूलाई राजनीति, आर्थिक र सांस्कृतिक विशेषताहरूका आधारमा स्वायत्तताको अभ्यास गर्ने र विशिष्ट नियमहरू बनाउन सक्ने संवैधानिक व्यवस्था गरेका थिए। अल्पसङ्ख्यक जनजातिहरूका सन्दर्भमा माओले चलाएको अभियानलाई ल्यु चुन, चाउ एन लाई

लगायतले सम्पन्न पारेका थिए। उनीहरूले चीनको अनुभव र अभ्यासले मार्क्सवादले वर्गीय र जातीय विभेदको हल गर्छ भन्ने तर्क अगाडि सारेका छन्। चीनको सांस्कृतिक क्रान्तिको माध्यमबाट जातीय उत्पीडनको अन्त्यबाट प्रभावित भएर हो ची मिन्हले पनि लेनिन र तेस्रो अन्तर्राष्ट्रियप्रतिको आफ्नो भरोसा साम्यवादले नभई देशभक्तिको कारणले गर्दा बढेको बताएका छन्। सङ्घर्षका क्रममा एक एक गरेर मार्क्सवाद-लेनिनवादको अध्ययनसँगै व्यावहारिक कामहरूमा पनि सहभागी हुँदै गएपछि आफू समाजवाद र साम्यवादी पार्टी मात्र विश्वभरिको शोषित-उत्पीडित जाति र मजदुरहरूलाई दासताबाट मुक्त गर्न सक्छ भन्ने निष्कर्षमा पुगेको उल्लेख गरेका छन् (होची मिन्ह, २०६५,पृ. ५७)।

यसरी कम्युनिस्ट पार्टीको घोषणापत्रमा वर्गीय अन्तर्विरोधसँगै जातीय अन्तर्विरोधको हल हुने, लेनिनको राष्ट्रको आत्मनिर्णयको अधिकार, माओको जातीय सङ्घर्ष नै वर्गसङ्घर्षको सवाल हो भन्ने तर्क, र स्टालिनको जातीय आन्दोलन र वर्गीय आन्दोलन आपसमा अन्तरसम्बन्धित छन् भन्नुले मार्क्सवादको सिद्धान्त वर्गीय विभेदको अन्त्यसँगै सामजिक-सांस्कृतिक विभेदको पनि अन्त्यको दशर्नका रूपमा विगतमा अभ्यास हुँदै आएको देखिन्छ। तर स्वयम् लेनिनका अनुसार मार्क्सवाद त्यो हो जसले वर्ग सङ्घर्षको मान्यताबाट अगाडि बढेर सर्वहारा वर्गको अधिनायकत्व मान्दछ (वैद्य, २०६३,पृ. ३३)। मार्क्सको प्रयोगकर्ता लेनिनको यो युक्तिले जातीय समस्या वर्गको मातहतमा हो भन्ने प्रस्ट हुन्छ। मार्क्सवादीहरूका अनुसार पुँजीवादी समाजमा विद्यमान सामाजिक उत्पादन र व्यक्तिगत वितरण पद्धति साथै व्यक्तिगत सम्पत्ति र अतिरिक्त मूल्यको शोषणको कारण सर्वहारा वर्गले क्रान्ति गर्ने र वर्ग एवम् अन्य शोषण विहीन साम्यवादी समाजको स्थापना हुने कल्पना गर्दछन्।

मार्क्सवादी दर्शन समाज विज्ञानको क्षेत्रमा महत्वपूर्ण पुँजीका रूपमा लिन सकिन्छ तर जातीय उत्पीडनको मुद्दा वर्गीय उत्पीडनको एउटा पाटोका रूपमा मात्र स्वीकार गरेको छ। समाजशास्त्रीहरूले मार्क्सको दर्शनको समीक्षा गरी आर्थिक आधार अधिसंरचना र सांस्कृतिक तथा जातीय आधार उपरीसंरचना मानेका छन्। जाति विशेषको वर्चस्व विश्व मानवको समग्र प्रगतिको अवरोधका रूपमा र जातीय पहिचानमाथि ऐतिहासिक रूपमा वर्गीय उच्चता रहेको विश्लेषण गरेका छन् (Malesevic, 2004,p. 14)। पुँजीवादभित्र दुईवटा वर्ग हुन्छन्, पुँजीपति र कामदार …मुख्य मुद्दालाई सम्वोधन गर्न र बुझ्नलाई दुई वर्गको अवधारणा अगाडि सार्नु सजिलो थियो तर कार्ल मार्क्स आफैले पुँजीको खण्ड १ मा वर्गको कुरा समाजको बनोटमा भर पर्दछ, त्यसैले दुइटा वर्ग मात्रै अर्थात मजदुर र औद्योगिक पुँजीपति मात्रै नहुने उल्लेख गरेका छन् (रोका, २०६९,पृ. ६९)। मार्क्सको यो भनाइले पनि नेपाली समाजको सन्दर्भमा परम्परागत मार्क्सवादीले व्याख्या गर्दै आएको वर्ग विश्लेषण अपूरो देखिन्छ।

विश्व राजनीतिमा जातीय, क्षेत्रीय, लैङ्गिक सवाललाई बहसमा लिने श्रेय नवमार्क्सवादीहरूलाई जान्छ। नवमार्क्सवादी अवधारणाअन्तर्गत राष्ट्रियता, जाति, लिङ्ग आदिका समस्यालाई वर्गको

परिभाषाभित्र राखेर परिभाषित गर्नुपर्ने विचार अगाडि सार्दै आएका छन्। वर्गीय अन्तर्विरोधलाई मात्र होइन, राष्ट्रियता, जाति, लिङ्ग, ठूला व्यापारी र साना व्यापारी, वातावरणसँग सम्बन्धित अन्तर्विरोध र सम्बन्धित समाजका आपसी सम्बन्धहरूलाई पनि राजनीतिक केन्द्र भागमा राखेर बहस गर्नुपर्ने उनीहरूको मत छ। सामाजिक सम्बन्धहरूलाई हेर्ने सन्दर्भमा मार्क्सवाद र नवमार्क्सवादबीच भिन्नता छ। मार्क्सले आर्थिक सम्बन्धलाई मात्र जोड दिने गरेकोमा म्याक्स वेबर (सन् २०१९) ले वर्गीय संरचना सामाजिक सिद्धान्तमा आधारित हुने भएकोले समाजको बहुसांस्कृतिक सवाललाई समेत प्राथमिकताका साथ राखेको पाइन्छ।

नवमार्क्सवादले मार्क्सवादको वर्गीय मान्यतालाई स्वीकार गर्दै जातीय बनावट, जातीय अन्तर्विरोध ऐतिहासिक रूपमा निर्मित र स्वायत्त भएकाले वर्गीय आधारमा नसमेटिएका र सामाजिक सन्तुलनका दृष्टिले विभेदमा परेका ऐतिहासिक सामाजिक समूहहरूसँग सम्बन्ध राख्ने सिद्धान्त भनेका छन्। नवमार्क्सवादीहरूले वर्गीय संरचनामा आधारित जातीय समूहहरूकै कारणले पुँजीवादले जातीय समूहहरूका बीचमा भेदभाव भएको कुरा उल्लेख गरेका छन्। उनीहरूका अवधारणाअनुसार जातीयता एउटा राजनीतिक दर्शन नै हो र जातीय समूहहरू सामाजिक र राजनीतिक क्रियाबाट नै निर्माण भएका हुन् (Malesevic, 2004,pp. 25-44)।

मार्क्सको पालासम्म युरोपको आन्तरिक राष्ट्रिय वा जातीय प्रश्नको हल भएर राष्ट्र-राज्यहरू बनिसकेको स्थितिमा मार्क्सले जातीय प्रश्नबारे त्यति चर्चा नगर्नु र महत्व नदिनु स्वाभाविक हो, तर उनले पोल्यान्ड र आयरल्यान्डको सन्दर्भमा जातीय आत्मनिर्णयको अधिकारको पक्षपोषण गरेका थिए (भट्टराई, २०७६,पृ. ३१)।

### २.३ पहिचानको समाज/मानवशास्त्रीय व्याख्या

पहिचानको विषयमा धेरै बहस भएको क्षेत्र समाजशास्त्र र मानवशास्त्र हो। समाजशास्त्री तथा मानवशास्त्रीहरूले बहुल सांस्कृतिक समाजमा मानिसका पृथक् पृथक् पहिचान हुने भएको र आनुवंशीय दृष्टिले पनि समाजलाई प्रभाव पार्ने कुरा बताएका छन्। पहिचानको विषयमा समाजशास्त्रीय तथा मानवशास्त्रीय कोणबाट प्राज्ञिक तहमा धेरै काम भएका छन्।

मानवशास्त्री चार्ल्स टेलरले पहिचानको राजनीतिलाई तीन तरिकाले प्रस्तुत गरेका छन्ः (क) पहिचान दिनु (ख) पहिचान नदिनु र (ग) गलत पहिचान दिनु। उनका अनुसार व्यक्तिको फरकपनालाई स्वीकार र सम्मान गर्नु मान्यता दिनु हो भने मानवका आधारभूत चरित्रका आधारमा 'म को हुँ' भनी व्यक्तिले अनुभूति गर्नु 'पहिचान' हो। यसैगरी जबर्जस्ती समेट्नु, गलत अर्थ लगाउनुलाई पहिचान नदिनु वा मान्यता नदिनु हो भनेका छन्। उनले आदिवासी जनजातिको सङ्घर्ष र विद्रोहका कारण २०औँ

शताब्दीमा राज्यहरू सांस्कृतिक पहिचान लाई मान्यता दिन र संलग्न गराउन बाध्य भएको कुरा उल्लेख गरेका छन् (Tayler, 2021)।

फ्रेडरिक बार्थ (सन् १९६९) का अनुसार जातीय पहिचान कुनै पनि जातीय वा गैरजातीय समूहहरूले आफ्नो सामाजिक-सांस्कृतिक वा अर्थ राजनीतिक सीमाना व्यवस्थापन गर्ने क्रममा निर्माण हुन्छ र निरन्तर परिवर्तन हुन्छ। बार्थको विचारमा जनजातीय पहिचान सांस्कृतिकभन्दा सामाजिक सङ्गठनहरूको विशेषता हो र ती सङ्गठनहरूमार्फत सिमानाहरू बनाउने र आफूलाई अन्यबाट फरक देखाउने प्रक्रिया हो। यही प्रक्रियाअनुरूप सबै समय र सबै ठाउँमा जनजातिहरूको अस्तित्व थियो र छ। उत्तर-आधुनिकतावादीहरू पनि सांस्कृतिक पहिचानलाई सिर्जनाको वस्तु नै मान्दछन्। उनीहरूका अनुसार निश्चित भूगोलभित्र त्यहाँको सम्भावना र आवश्यकता पूरा गर्न उपलब्ध स्रोतको सेरोफेरोमा मानवीय क्रियाकलाप निर्देशित हुन्छ र कालान्तरमा एक संस्कृतिका रूपमा स्थापित हुन पुग्छ।

जातीय पहिचानलाई विश्लेषण गर्ने सम्बन्धमा विद्वान्हरूको खासगरी तीन किसिमका सैद्धान्तिक दृष्टिकोण पाइन्छ। यस सम्बन्धमा मानवशास्त्री फ्रेडरिक बार्थको धारणा सबैभन्दा सान्दर्भिक रहेको छ। पहिलोः परम्परा/शाश्वतवादी दृष्टिकोण (Primordial Approach)। यो दृष्टिकोणले जातीय पहिचान अति आधारभूत, परापूर्वकालदेखि निरन्तर अपरिवर्तनीय रूपमा चलिआएको स्थिर वा शाश्वत कुरा हो र त्यसैका आधारमा व्यक्ति र समूहको पहिचान बन्ने मान्यता राख्छ। पहिचान सांस्कृतिक प्राचीनताको निरन्तरतामा केन्द्रित भएको कुराको दाबी गर्छन् (Eriksen, 2002) ।

दोस्रो, उपयोगवादी/आधुनिकतावादी दृष्टिकोण (Instrumental/Modernist Phenomenon Approach) हो, जसले जातीय पहिचानलाई आधुनिकतावादको उपज मान्छ। परम्परावादी दृष्टिकोणविपरीत मान्यता राख्ने यो दृष्टिकोणले जातीयतालाई केही राजनीतिक तथा आर्थिक फाइदाहरू प्राप्त गर्ने तरिका हो भन्ने कुरामा जोड दिन्छ (Gellner, 2016) । केही विद्वान् जातीयता भनेको आधारभूत रूपमा सांस्कृतिकभन्दा राजनीतिक विषय मान्दछन्। उनीहरूले राख्ने मान्यताअनुसार जातीयता परम्परावादी मानिसहरूले भनेजस्तो पुरातात्विक जीवित अवशेषहरूको निरन्तरतासँग सम्बन्ध राख्ने नभएर यसले समसामयिक राजनीतिक सन्दर्भहरूसित सम्बन्ध राख्दछ। यस अवधारणासँग सहमत राख्ने विद्वान्हरू समय क्रममा संस्कृतिको सारभूत मूल्य समेत परिवर्तनीय हुने ठान्दछन्। तसर्थ, उनीहरूका विचारमा संस्कृतिसमेत उपयोगिताका आधारमा परिवर्तनशील हुन्छ। अर्थात्, संस्कृति जहिले पनि आधुनिकतातर्फ अग्रसर हुन्छ भन्ने मान्यता राख्दछन्।

तेस्रो, निर्माणवादी दृष्टिकोण (Constructive Approach) रहेको छ। यो दृष्टिकोणले जातीय पहिचानलाई परम्परावादी दृष्टिकोणले जस्तो सांस्कृतिक र उपयोगवादी दृष्टिकोणले जस्तो राजनीतिक विषय मान्दैन। बरु, जातीय पहिचान भनेको ऐतिहासिक र सामाजिक रूपमा निर्मित विषय हो भन्ने

मान्यता राख्दछ (Barth, 1969) । मगर पहिचानको ऐतिहासिक-राजनीतिक पृष्ठभूमिको अध्ययन माथिका तेस्रो धारका विद्वान्हरूले भनेझैँ ऐतिहासिक, राजनीतिक र सामाजिक रूपमा निर्मित विषय हुन सक्छ। यसको कारण मगर जातिलाई नेपालको सामाजिक तथा राजनीतिक संरचनाले नै विभेद गरेकाले आफ्नो राजनीतिक तथा सांस्कृतिक पहिचान सङ्कटमा परेको कुरा नकार्न सकिन्न।

पहिलो विचारले जातीय पहिचान भनेको धेरै पहिलेदेखि रहिआएको सामाजिक विशेषता हो भन्ने मान्दछ, यिनलाई सारतत्वी पनि भनिन्छ। दोस्रो विचारधाराले जातीय/राष्ट्रिय पहिचान भनेको आर्थिक वा राजनीतिक लाभ लिने उद्देश्यले सिर्जना गरेको हो भन्ने कुरालाई मान्यता दिन्छ। यिनलाई आधुनिकतावादी भनेर पनि चिनिन्छ भने तेस्रो विचारले पहिचान समयक्रमसँगै निर्माण हुने मान्दछ । गेल्नारका अनुसार राष्ट्रियता र जातीयतासम्बन्धी छलफलमा आधारभूत र उपयोगवादी विचारधाराबीच ठूलो अन्तर देखिन्छ (Gellner, 2016) । माथिका समाजशास्त्री-मानवशास्त्रीहरूका बहस अनुसार राष्ट्रिय पहिचान निर्मित पहिचान हो भने सांस्कृतिक पहिचान साश्वत हो भन्ने कुराको निर्क्योल गर्न सकिन्छ। तर राज्य निर्माणका क्रममा मूलधारका सांस्कृतिक पहिचान छायामा परेको र शासक वर्गको संस्कृति नै राष्ट्रिय संस्कृतिका रूपमा देखापरेको बुझिन्छ । मानवशास्त्री सुसन हेगेनका अनुसार जातीय पहिचान शाश्वत र निश्चित नभएर समाजद्वारा नै निर्मित हुन्छ। जातीय पहिचान उच्च तरल प्रक्रिया हो। राज्य शक्ति र संरचनाको निर्माणसँगै विभिन्न जातीय समूहहरूको पहिचानको सम्बन्ध रहेको हुन्छ। नयाँ राजनीतिक परिवेशमा पहिचानको राजनीतिले शक्ति सन्तुलनलगायत विभिन्न आयामहरूमा जातीय पहिचानको शब्दले विशेष ठाउँ लिएको उल्लेख गरेका छन् (Hangen, 2012,pp. 15-16)।

### २.४ आत्मनिर्णयको अधिकार

आत्मनिर्णयको अधिकारलाई सामान्य अर्थमा आफ्नो निर्णय आफैँले गर्नु भनेर बुझिन्छ। आत्मनिर्णयको अधिकार भनेको कसैको बाहिरी बाध्यताबिना स्वतन्त्र रूपमा आफ्नो निर्णय गर्न पाउनु हो। राजनीतिमा आफ्नो भूमि र राष्ट्रको स्वतन्त्रतापूर्वक शासन आफैँले गर्न पाउनुलाई नै आत्मनिर्णयको अधिकार भनिन्छ।

आत्मनिर्णयको अधिकारलाई स्पष्ट गर्दै जोसेफ स्टालिनले "आत्मनिर्णयको अधिकार भनेको पराधीन मुलुक तथा उपनिवेशहरूका उत्पीडित जनताको साम्राज्यसित पूरै सम्बन्ध विच्छेद गर्ने अधिकार हो" भनेका छन्। "राज्यका रूपमा स्वाधीन अस्तित्व कायम गर्ने जातिहरूको अधिकार हो" भनेर पनि आत्मनिर्णयको अधिकारबारे उनले थप पुष्टि गरेका छन् (स्टालिन, २०६५,पृ. २५०)।

स्टालिनको परिभाषाबाट आत्मनिर्णयको अधिकारका सम्बन्धमा केही कुरा प्रस्ट भए पनि थप जानकारीका लागि आत्मनिर्णयको अधिकारको सम्बन्धमा प्रतिपादित समाजवादी खेमाका लेनिनले प्रतिपादन गरेको जातिहरूको आत्मनिर्णयको अधिकार, उदार पुँजीवादी धारका उड्रो विल्सनको

उपनिवेशका जनताको आत्मनिर्णयको अधिकार र आदिवासी जनजातिहरूका सम्बन्धमा संयुक्त राष्ट्र सङ्घको फरक-फरक अवधारणा अवधारणा स्थापित छन् । विल किम्लिका अनुसारः

> सन् १९४५ मा संयुक्त राष्ट्र सङ्घ स्थापना भएपछि सामूहिक पहिचानको मुद्दा अन्तर्राष्ट्रियकरण हुँदै आएको हो। सन् १९५७ मा पारित अन्तर्राष्ट्रिय श्रम सङ्गठनको अभिसन्धि १०७ र त्यसपछि सन् १९८९ मा अभिसन्धि १६९ ले सांस्कृतिक पहिचानलाई स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्यो। आई. एल. ओ. १६९ ले आदिवासी जनजातिको जातीय, भाषिक, सांस्कृतिक अधिकारका मुद्दाहरू मात्र उठाएको छैन, प्राकृतिक स्रोत साधन, जल जङ्गल र जमिनमाथि आदिवासीको अधिकार पनि स्थापित गरेको छ। त्यसमा आदिवासीहरूको आन्तरिक आत्मनिर्णयको अधिकारको समेत व्यवस्था गरेको छ। यही क्रमिक विकाससँगै बृहत् राष्ट्रियताभित्र आदिवासी जनजातिको सांस्कृतिक पहिचान पनि समेट्न सकिन्छ भन्ने मान्यता स्थापित भयो। अर्थात् व्यक्तिगत पहिचान, जातीय पहिचान र राष्ट्रिय पहिचान एकअर्काका बाधक नभई पूरक हुन् भन्ने दर्शनको प्रारम्भ भयो। (Kymlicka, 2007,pp. 32-35)

किम्लिकाले उदार बहुल संस्कृतिवाद नै विश्वमा समावेशी समाज निर्माण गर्ने सिद्धान्त हो भन्ने कुराको निचोड दिएका छन्, तर सिद्धान्ततः परम्परागत उदार लोकतन्त्रले सामूहिक पहिचान वा सवालभन्दा पनि व्यक्तिको स्वतन्त्रतामा बढी प्राथमिकता दिने भएकाले सामूहिक पहिचानको मुद्दा छायामा पर्ने गर्दछ।

आत्मनिर्णयको अधिकारको सार भनेको जातिको भूगोल र राज्यको सिमाका बीच एकाकार हुने हो, अर्थात एक जाति र एक राज्यको परियोजना नै आत्मनिर्णयको अधिकारको सिद्धान्त थियो । दोस्रो विश्वयुद्धपछि स्वतन्त्र आन्दोलनले पुरानो उपनिवेश (साम्राज्य) हरु टुक्रयाउदै नयाँ राज्यहरु सृजना गर्न थाल्यो, परिणामस्वरुप अन्तराष्ट्रिय समुदाय तथा कानुनले आत्मनिर्णयको अधिकारलाई विना भेदभाव सबै जाति (People) लाई स्वीकार ग-यो (तामाङ, २०६८,पृ. ९२) ।

### २.४.१ **संयुक्त राष्ट्र सङ्घीय अवधारणा**

संयुक्त राष्ट्र सङ्घको स्थापनापूर्व सन् १९३३ डिसेम्बर २६ को मोन्टेभिडियो संहिताले स्थायी जनसङ्ख्या, निश्चित भूभाग, सरकार र अरू राज्यसँग सम्बन्ध राख्न सक्ने क्षमता अर्थात् सार्वभौमसत्ता भएको राज्यले स्वतन्त्र रूपमा आर्थिक, राजनीतिक एवम् अन्य क्रियाकलाप गर्न पाउनुलाई आत्मनिर्णयको अधिकार हुने उल्लेख गरेको थियो (संविधानसभा, राज्य पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँट समितिको अवधारणापत्र र प्रारम्भिक मस्यौदासम्बन्धी प्रतिवेदन, २०६६) । मोन्टेभिडियो सन्धिमा

उपनिवेश, आदिवासी जनजाति, अल्पसङ्ख्यकहरूलाई अन्तर्राष्ट्रिय मान्यतासहित राष्ट्र राज्यका रूपमा पहुँच दिनु नै आत्मनिर्णयको अधिकार हो भनिएको छ । संयुक्त राष्ट्र सङ्घले जातीय आत्मनिर्णयको अधिकारका साथमा जातीय स्वशासनको अवधारणा सन् १९१८ मा लिग अफ नेसनको समयदेखि लिएको हो। दोस्रो युद्ध (१९३९-१९४५) पश्चात् सामूहिक रूपमा विश्वलाई शान्तिपूर्ण वातावरणमा रूपान्तरण गर्न विश्वको शान्ति कायम गर्ने संस्थाका रूपमा सन् १९४५ मा संयुक्त राष्ट्र सङ्घको स्थापना गरियो। अन्तर्राष्ट्रिय कानुनमा व्यक्तिहरू भन्नाले आदिवासी समूहहरू र जनजाति पर्दछन् (उप्रेती, २०६५,पृ. ५)। आदिवासी जनजातिहरूका अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र-२००७ (UNDRIP) धारा ३ मा आदिवासीहरूलाई आत्मनिर्णयको अधिकार रहेको उल्लेख गरिएको छ। उक्त अधिकारका कारण उनीहरू आफ्ना राजनीतिक स्थितिबारे स्वतन्त्र रूपमा निर्णय गर्छन्। उनीहरूका आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासतर्फ उन्मुख हुनेछन्। धारा ४ ले आत्मनिर्णयको अधिकारको अभ्यास गर्दा आदिवासी जनजातिले उनीहरूको आन्तरिक तथा स्थानीय मामिलाहरूमा स्वायत्तता वा सो सरकारको अधिकार र स्वायत्तताको सञ्चालनका लागि स्रोत तथा लगानीका उपायहरू सम्बन्धी अधिकार पनि उनीहरूमा हुने उल्लेख छ (संयुक्त राष्ट्र सङ्घ, मिति उल्लेख नभएको)।

आई.एल.ओ. १६९ ले आदिवासी जनजातिहरूलाई जल, जङ्गल, जमिनमाथि अग्राधिकार र आफ्नो भाषा, संस्कृति, परम्परागत कानुन, सामुदायिक विकास आदिजस्ता कुरा गर्नलाई आत्मनिर्णयको अधिकार हो भनी व्याख्या गरेको छ। आदिवासी जनजातिहरूको प्रकृतिसँग प्रत्यक्ष सम्बन्ध हुने भएकाले प्राकृतिक स्रोतसाधनमाथि उनीहरूको नियन्त्रण हुनेछ भनी अनुच्छेद ७ मा व्यवस्था गरिएको छ भने अनुच्छेद १४ र १५ मा आदिवासीहरूको भूमिमाथि पूर्ण स्वामित्व रहने व्यवस्था गरेको छ। यदि राज्यले सहमतिमा भोगचलन गर्ने अवस्था भए उचित ग्यारेन्टीका साथ पैसा वा अन्य कुनै रूपको क्षतिपुर्ति गरिने कुराको व्यवस्था गरिएको छ (अन्तर्राष्ट्रिय श्रम सङ्गठन, सन् २०१३,पृ. ४३)। संयुक्त राष्ट्र सङ्घको नागरिक तथा राजनीतिक अभिसन्धि १९६६ (ICCPR) धारा १ (१) मा आत्मनिर्णयको अधिकार भन्नाले जनताको राजनीतिक हैसियत कायम गर्न आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि स्वतन्त्रपूर्वक प्रयोग गर्न सक्ने अधिकारलाई जनाउँछ। संयुक्त राष्ट्र सङ्घको आर्थिक, सामाजिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ (ICESCR) धारा १ मा सम्पूर्ण जनतालाई (आदिवासी जनजातिहरूलाई) आत्मनिर्णयको अधिकार छ र त्यस अधिकारको कारणबाट नै उनीहरू आफ्नो राजनीतिक हैसियत निर्धारण गरी स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक, सामाजिक, सांस्कृतिक विकासमा लाग्छन् भन्ने उल्लेख छ।

२.४.२ **भी.आई. लेनिनको अवधारणा**

जातिहरूको आत्मनिर्णयको अधिकारको सन्दर्भमा लेनिनले मार्क्सवादीहरूको जातिको आत्मनिर्णयको कार्यक्रम ऐतिहासिक आर्थिक दृष्टिकोणबाट राजनीतिक आत्मनिर्णय, राजकीय स्वतन्त्रता, जातीय राज्यको निर्माणको अतिरिक्त अरू केही पनि हुन सक्दैन भनी उल्लेख गरेका छन् (लेनिन, सन् १९८३,पृ. ९५)। लेनिनले राष्ट्रको आत्मनिर्णयको अधिकारलाई विवाहिता महिलाको पारपाचुकेको अधिकारसँग जोडे, हरेक महिलालाई पारपाचुकेको अधिकार छ तर विवाह पारपाचुकेका लागि होइन, विवाह समृद्ध र सुखद दाम्पत्य एवम् परिवारिक जीवनका लागि हो। त्यसैले लेनिनले राष्ट्रिय एकताका नाममा दमन-उत्पीडन भए छुट्टिन पाउने अधिकारलाई आत्मनिर्णयको स्वतन्त्रता दिनुपर्ने अथवा राष्ट्रबाट छुट्टिने स्वतन्त्रताको सम्मान गर्नुपर्ने बताएका छन्। आत्मनिर्णयको अधिकारलाई पृथकतालाई प्रोत्साहन गरेको आरोप लगाउनु भनेको सम्बन्ध विच्छेदको स्वतन्त्रताको वकालत गर्ने व्यक्तिलाई पारिवारिक सम्बन्ध नष्ट गर्न प्रोत्साहन गरेको भन्नुजस्तो मूर्खता र द्वैध चरित्रात्मक व्यवहार भएको धारणा उनको छ। उनका अनुसार जातिको छुट्टिन पाउने अधिकार इन्कार गर्नु भनेको केवल प्रभुत्वशाली जातिको विशेषाधिकार तथा प्रशासनको लोकतान्त्रिक पद्धतिलाई क्षति पुऱ्याएर पुलिसराजको पद्धतिलाई बचाउनु हो (लेनिन, २०६५,पृ. १३८-१९४)।

लेनिनका अनुसार जातिको आत्मनिर्णयको अधिकारलाई छुट्टिने अधिकारका रूपमा मात्र बुझ्नु गलत हुन्छ। यो अधिकार भनेको सुसङ्गत रूपमा जनवादी, क्रान्तिकारी र समाजवादका लागि आसन्न सङ्घर्षको सामान्य कार्यभारअनुरूप अँगाल्ने हो भनेका छन् (लेनिन, १९८३,पृ. १४०)। लेनिनले जातीय स्वायत्तताको अधिकारलाई आत्मनिर्णय गर्ने अधिकार मानेका छन्। आत्मनिर्णयको सिद्धान्तअनुसार कुनै पनि जाति वा समुदाय साङ्ख्यिक दृष्टिकोणले जतिसुकै ठूलो वा सानो भए पनि, आर्थिक रूपले जतिसुकै विकसित वा अविकसित भए पनि, राजनीतिक-सामाजिक दृष्टिकोणले जुनसुकै अवस्थामा भए पनि उनीहरूलाई आफ्नो हरेक कुराको निर्णय गर्ने अधिकार उनीहरू आफैँमा हुनुपर्दछ। उनीहरूको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा कसैले पनि हस्तक्षेप गर्न पाइँदैन। उनीहरूलाई आफ्नो क्षेत्रमा स्वतन्त्र तथा स्वायत्त शासन उपभोग गर्ने तथा त्यसअनुसारको अवस्था सिर्जना गर्ने, आर्थिक विकासमा अघि बढ्ने र स्वतन्त्र रूपमा आफ्ना भाषा-संस्कृतिको विकासमा सहभागी हुने अधिकार पाउनुपर्छ भने लेनिनले उल्लेख गरेका छन्। उनका अनुसार राष्ट्रिय एकता केवल भूगोलको मात्र एकता नभएर आम सामाजिक समूहहरूको भावना, विचार, प्रतिनिधित्व, अपनत्व र स्वामित्वका लागि हो भन्ने बुझ्न सकिन्छ।

### २.४.३ उड्रो विल्सनको अवधारणा

उदार पुँजीवादी खेमामा संयुक्त राज्य अमेरिकाका राष्ट्रपति उड्रो विल्सन उपनिवेशका जनताको आत्मनिर्णयको अधिकारका समर्थक थिए। उड्रोका अनुसार आत्मनिर्णयको अधिकारअन्तर्गत कुनै पनि राष्ट्रले उपनिवेशबाट मुक्त हुन पाउने अधिकार र सार्वभौम राष्ट्रमाथिको हस्तक्षेपविरुद्धको अधिकार हो। सन् १९१८ जनवरी ८ मा कङ्ग्रेसलाई सम्बोधन गर्ने क्रममा उनले अन्तर्राष्ट्रिय उपनिवेशबाट मुक्त गर्न १४ बुँदे अवधारणा अघि सारेका थिए। उनले प्रादेशिक अक्षुण्णता एवम् राज्यको अस्तित्व, स्वतन्त्रता र सार्वभौमसत्ताको अधिकारका रूपमा आत्मनिर्णयको अधिकारलाई व्याख्या गरेका थिए। विल्सनले राखेको आफ्नो १४ बुँदे शान्ति प्रस्तावका आधारमा सन् १९१९ मा लिग अफ नेसन्सको माध्यमबाट पेरिसमा शान्ति सम्झौता सम्पन्न भयो। त्यसले तत्कालीन अवस्थामा देखिएका राष्ट्रहरूबीचको द्वन्द्वको हल गरेको थियो। यसलाई भर्सेलिस शान्ति सम्मेलन भनिन्छ। यसमा विल्सनका १४ मध्ये चार बुँदा समावेश गरेर आत्मनिर्णयको अधिकारमाथि समेत सहमत भएको थियो (बुढा मगर, २०६७,पृ. २०)।

माथिका बहसहरू अनुसार विश्वमा आत्मनिर्णयको अधिकारको प्रयोग पराधीन क्षेत्र वा उपनिवेश राज्यलाई स्वतन्त्र राज्यमा परिणत गर्न, राज्यबाट अलग भएर स्वतन्त्र राज्य बनाउन, अर्को राज्यमा सम्मिलन गर्न र राज्यभित्र आन्तरिक रूपमा आफूले चाहेको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, भाषिक लगायतका व्यवस्थाहरूमा स्वायत्तता वा स्वशासन रोज्न पाउने अधिकारका रूपमा प्रयोग गरिँदै आएको छ।

### २.५ स्वायत्तता र स्वशासन

स्वायत्तता भन्नाले आफ्नै नियम वा कानुनअनुसार आफैँलाई शासन गर्ने प्रणाली बुझिन्छ। राजनीतिशास्त्रमा स्वायत्तताले स्वतन्त्रता, स्वशासन, आत्मनिर्णय र स्वाधीनतालाई बुझाउँछ। स्वायत्तता, स्वसरकार र स्वशासन उस्ताउस्तै अर्थ दिएजस्तो लागे पनि "स्वायत्तता भन्नाले राष्ट्रिय सरकार वा बराबरी तहका सङ्घीय एकाइको हस्तक्षेपबिना संविधानले प्रदान गरेका विषयमा सङ्घीय एकाइ वा अन्य कुनै शासकीय एकाइ (Governance Unit) को स्वसरकारसम्बन्धी अधिकारलाई बुझाउँछ भने स्वसरकारले आफ्ना मूल्य, संस्कृति तथा परम्पराअनुसार आफूमाथि स्वयम् शासन गर्ने जनताको सामर्थ्यलाई बुझाउँछ। यसले बृहत् अर्थमा सङ्घीय वा एकात्मक प्रणालीका स्थानीय सरकारका संस्थाहरूलाई जनाउँछ। स्वशासनले विदेशी सरकार वा मानिसद्वारा लादिएको शासनभन्दा भिन्न जननिर्वाचित प्रतिनिधिहरूद्वारा सञ्चालित शासनलाई बुझाउँछ" (International IDEA, SPCBN/UNDP & Forum of Federations, 2014,p. 74)। सङ्घीयता सम्बन्धी अङ्ग्रेजी-नेपाली शब्दावलीले फरक फरक तर धेरै कुरा समान रूपमा व्याख्या गरे पनि सारमा स्वायत्तता, स्वसरकार र स्वशासनको अर्थ र मर्म समान देखिन्छ।

'स्वायत्तता' को सामान्य अर्थ आफ्नो प्रशासन वा सरकार अधिकार वा आफ्नै शासन हुन्छ। कुनै देशको केन्द्रीय सरकारले कुन समूह, समुदाय वा जातिलाई कुनै भूभागमा आफ्नै सरकार आफैं चलाउने अधिकार प्रदान गरेको हुन्छ तर रक्षा, अर्थ, विदेशजस्ता मामिलाहरू चाहिँ केन्द्रीय सरकारकै मातहतमा रहेको हुन्छ, यस्तो अधिकारलाई 'स्वायत्तता' भनिन्छ। यसको मुख्य उद्देश्यले कुनै जाति वा समुदायलाई समानता र समान अधिकार प्रदान गर्नु तथा आफ्नो विकास आफैंले गर्न पाउने अधिकार हो (आलेमगर, २०६२,पृ. १७५)। कुनै मुलुकको कुनै भागमा स्थानीय तहबाट नै शासन सञ्चालन गर्न प्रदान गरिएको अधिकार हो। एउटा सङ्घका सबै भौगोलिक एकाइहरूमा केही स्वायत्तता हुन्छ। सङ्घीय व्यवस्थामा संविधान अन्तर्गत राज्यद्वारा मान्यता प्राप्त तथा संस्थागत स्वरूप भएको स्वशासनको अधिकार हो। राज्यका त्यस्ता समुदायहरूलाई राज्यले विशिष्ट समुदायका रूपमा मान्यता दिनुका साथै समुदायसँग सम्बन्धित विषयहरूमा निर्णय गर्न पाउने अधिकारका लागि निश्चित मापदण्ड सहितको स्वशासन प्रदान गरेको हुन्छ।

सङ्घीय व्यवस्थामा संविधानअन्तर्गत राज्यद्वारा मान्यताप्राप्त तथा संस्थागत स्वरूप भएको स्वशासनको अधिकार नै स्वायत्तता हो (International IDEA & Forum of Federation, 2009,P. 5)। कानुनी सिद्धान्तमा स्वायत्तताको अर्थ स्वराज वा स्वसरकार भन्ने बुझिन्छ। घईका अनुसार "स्वायत्तता भनेको एउटा यस्तो साधन हा, जसले आफूलाई विशेष रूपमा सरोकार भएका कामकुरामा आफ्नो प्रत्यक्ष नियन्त्रण र उपभोग गर्न कुनै जातीय वा अन्य समूहलाई दिनु हो। यसो गर्दा योभन्दा ठूलो निकायलाई समान चासोका विषयमा शक्ति दिनु हो। दुईवटा मात्र जातीय समुदायको साटो बढी जातीय समुदाय भएको अवस्थामा स्वायत्तता बारे सम्झौता हुने र सफल हुने सम्भावना बढी हुन्छ। स्वायत्तताका लागि अत्यन्त सोचविचार सहित तयार गरिएको संस्थागत संरचना आवश्यक हुन्छ। स्वायत्तताले विखण्डन ल्याउँदैन। यसको ठीक उल्टो, साँचो स्वायत्तताले विखण्डन हुनबाट जोगाउँछ" (Ghai, 2000,p. 8)। बाबुराम भट्टराईका अनुसार नेपाल जातीय, भाषिक, र क्षेत्रीय विविधतायुक्त एउटा इन्द्रधनुषी राष्ट्रिय राज्य हो। त्यस अर्थमा नेपाल स्वयं एउटा समग्र राष्ट्रिय इकाई हो भने त्यसभित्र पनि अन्य राष्ट्रियताहरू छन्। यस कम्पोजिट नेसन स्टेटको रुपमा समग्र नेपाल एउटा विविध जाति, भाषा, भूगोल, अर्थतन्त्र र मनोविज्ञानले बनेको छ र त्यसभित्र थुप्रै राष्ट्रियता छन्। ती राष्ट्रियतालाई पनि उनीहरुको पहिचान र स्वायत्तताको अधिकार सहित संयोजन गरेर एकीकृत नेपालको 'राष्ट्र राज्य' निर्माण गर्नु पर्दछ (भट्टराई, २०७१,पृ. १९)।

स्वायत्तता कुनै मुलुकको कुनै भागमा स्थानीय तहबाट नै शासन सञ्चालनका लागि प्रदान गरिएको अधिकार हो। एउटा सङ्घका सबै भौगोलिक एकाइहरूमा केही स्वायत्तता हुन्छ। स्वशासनको अधिकारले सङ्घीय व्यवस्थामा संविधानअन्तर्गत राज्यद्वारा मान्यता तथा संस्थागत स्वरूप पाएको हुन्छ। राज्यले विशिष्ट समुदायका रूपमा मान्यता दिएर समुदायसँग सम्बन्धित विषयहरूमा निर्णय गर्न पाउने

अधिकारका लागि निश्चित मापदण्डसहितको स्वशासन प्रदान गरेको हुन्छ। साहित्यहरूको अध्ययनबाट पनि स्वायत्तताले विभेद हुनबाट जोगिने र सांस्कृतिक, भाषिक वा प्रभुत्वशाली वर्गबाट हुने आक्रमणबाट बच्नेबारे उल्लेख गरेको पाउन सकिन्छ। स्वायत्तता सङ्घीय व्यवस्था वा केन्द्रदेखि क्षेत्रगत, भाषिक वा जातीय प्रदेशहरूमा शक्तिको अर्थपूर्ण निक्षेपीकरण गर्नु हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

### २.६ राजनीतिक अग्राधिकार

जातीय पहिचान र कम्युनिस्ट दर्शनसँग धेरै राजनीतिक प्रवर्गहरूको प्रयोग हुँदै आएको छ। विश्व राजनीतिको रङ्गमञ्चमा अग्राधिकार, आत्मनिर्णयको अधिकार, स्वशासनजस्ता शब्दहरूको प्रयोग र बहस हुँदै आएका छन्। नेपालमा यी विषयहरूको उठान र प्रयोग पहिचानवादी व्यक्ति वा सङ्घसंस्थासँगै कम्युनिस्ट पार्टीहरूले पनि गरेको पाइन्छ।

नागरिक संवाद मार्फत तयार पारिएको 'सङ्घीय शब्दावली' अनुसार कुनै लक्षित समुदायको राजनीतिक निर्णयमा सहभागिता सुनिश्चित गर्न प्रदान गरिने विशेष अधिकारलाई राजनीतिक अग्राधिकार भनिन्छ, जसमा सो समुदायका लागि विशेष व्यवस्था गरिएको हुन्छ। नेपालको प्रथम संविधानसभाको राज्य पुनर्संरचना तथा राज्य शक्ति बाडँफाँड समिति (रापुसंराशबाँस) ले प्रदेश र स्वायत्त क्षेत्रमा लक्षित समूहलाई सम्बन्धित तहको प्रमुख नेतृत्वमा दुई कार्यकालका लागि राजनीतिक अग्राधिकार हुने प्रस्ताव पेस गरेको थियो (International IDEA, 2014,p. 18)।

गोपाल शिवाकोटीका अनुसार कुनै विषयवस्तुमाथि आफ्नो आधिपत्य वा स्थान पहिलो हुन्छ भनी निर्धारण गरिनुलाई अग्राधिकार भनिन्छ। यो अग्राधिकारमा प्राथमिकताको निर्धारण गरी अधिकार प्रदान गरिन्छ। अरूभन्दा पहिले अधिकार दावाको स्थिति नै अग्राधिकारको आधार हो। नेपालमा केही समयदेखि स्थानीय जल, जमिन र जङ्गलमाथि आदिवासी जनजातिहरूको अग्राधिकार कायम गर्न माग गरिरहेका छन् (शिवाकोटी, २०६७,पृ. ७)।

यामबहादुर किसानका अनुसार "विद्यमान असमानताको अवस्थामा समानुपातिक अधिकारले प्रक्रियामा औपचारिक समानता कायम गरे पनि परिणाममा सारभूत समानता (Substantive equality) कायम गर्न सक्दैन। त्यसैले प्रक्रिया र व्यवहारमा असमानता भए पनि परिणाममा सारभूत समानता कायम गर्न विशेषाधिकार वा क्षतिपूर्ति अधिकार दिइनुपर्दछ। समानुपातिक प्रतिनिधित्वको अधिकार नैसर्गिक अंशबन्डाको अधिकार हो भने विशेषाधिकार क्षतिपूर्ति बापतको अतिरिक्त अधिकार हो" (किसान, २०७३,पृ. २५)।

नेपालको सन्दर्भमा अग्राधिकारको बहस राजनीतिक अग्राधिकारको विषयसँग जोडिएर आएको हो। वर्ग, राष्ट्र तथा अन्य सामाजिक समूहबीचको सम्बन्धमा जोडिएको गतिविधि नै राजनीति भएकाले

राज्य, सरकार एवम् राजनीतिमा आफ्नो प्राथमिकताको अधिकारलाई नै राजनीतिक अग्राधिकारका रूपमा बुझिन्छ। किम्लिकाका अनुसार "संयुक्त राज्य अमेरिका र क्यानडाजस्ता उदार राजनीतिक व्यवस्था भएका देशहरूमा हित समूहलाई दृष्टिगत गरी परम्परागत रूपले नै भौगोलिक क्षेत्रहरूको सीमाङ्कन गरिएको छ । अमेरिकी र अस्ट्रेलियाली सिनेटहरूले राज्यहरूलाई जनसङ्ख्याको परवाह नगरी बराबरी सिट दिएर साना र वञ्चितीकरणमा परेका र पर्न सक्नेलाई विशेषअधिकार प्रदान गरेका छन्" (Kymlicka, 1995,pp. 134-138) ।

राजनीतिक अग्राधिकारसँग आत्मनिर्णयको अधिकार, स्वशासन, राज्यको संरचना र शासकीय स्वरूपको अन्तरसम्बन्ध छ, त्यसकारणले संविधानसभाले राज्यको पुनर्संरचना गर्दा नेपालको आवश्यकता, सामाजिक वास्तविकता र धरातलमा आधारित प्रस्ताव पेस गरेको हो। नेपालमा सयौँ वर्षको एक राष्ट्र, एक जाति, एक धर्म, संस्कृति, लिङ्ग र क्षेत्रको अन्त्य गरी, समान अवसरको विकास र सामाजिक न्यायका लागि अधिकार खोजेको अवस्था हो ।

## २.७ सङ्घीयता र समावेशी लोकतन्त्र

सङ्घीयता र समावेशी लोकतन्त्रको मूल मर्म बहुल सांस्कृतिक समाजको विविधतालाई सम्बोधन गर्नु हो। समावेशी लोकतन्त्र विभिन्न भाषिक, जातीय समूहमा विभाजित अल्पसङ्ख्यक र बहिष्करणमा परेका समुदायहरूलाई राज्यको मूल प्रवाहमा समावेश गर्ने सिद्धान्तका रूपमा प्रतिपादन भएको दर्शन हो। राजनीतिक दर्शनहरूमध्ये लोकतन्त्र सबैभन्दा प्रचलित र लोकप्रिय दर्शन मानिन्छ। लोकतान्त्रिक व्यवस्थामा मात्र बहुसांस्कृतिक मुलुकका नागरिकहरूको अधिकार स्थापित हुने आम मान्यता छ। दार्शनिक दृष्टिले पनि पहिचानको सम्मान र अभ्यास लोकतान्त्रिक व्यवस्थामा मात्र सम्भव हुन सक्छ। तर परम्परागत लोकतन्त्र र उदार लोकतान्त्रिक मान्यताले समाजका विविधता र बहुलतालाई सही ढङ्गले सम्बोधन गर्न सकेको पाइँदैन। त्यसैले परम्परागत र उदार लोकतन्त्रको विकल्पमा समावेशी लोकतन्त्रको उदय भएको पाइन्छ।

> सङ्घीयता भन्नाले एक बृहत् प्रकारको राजनीतिक प्रणालीलाई जनाउँछ जसमा एकात्मक प्रणालीको जस्तो राजनीतिक तथा कानुनी अधिकारको एकल तथा केन्द्रीकृत स्रोतविपरीत दुई वा सोभन्दा बढी सरकारका तहहरू संविधानमार्फत स्थापित भएका हुन्छन्। यस प्रणालीमा सरकारका हरेक तहहरू प्रत्यक्ष निर्वाचनमार्फत गठन भएका हुन्छन् भने अधिकारको बाँडफाँडका आधारमा हरेक तहको सरकारलाई अर्को तहबाट केही स्वायत्तता प्राप्त हुन्छ। सङ्घीय प्रणालीभित्र साझा सरकारको प्रबन्धका माध्यमद्वारा सत्ता साझेदारी ( सहकार्य सम्बन्ध) र एकाइका सरकारलाई क्षेत्रीय स्वशासन (अङ्गीभूत एकाइको

स्वायत्तता) का तत्वहरू समावेश हुन्छन् । (International Idea & Forum of Federation, 2009,p. 25)

सङ्घीय शासन प्रणालीले सधैँभरि स्थानीय तहका नागरिकलाई राज्यको मूल प्रवाहमा समाहित गर्न प्रेरित गरिरहेको हुन्छ। सङ्घीय शासन प्रणाली स्थानीय तहमा स्वशासन र सङ्घमा साझेदारी शासन गर्ने व्यवस्था हो। केन्द्रीकृत शासन प्रणालीमा राज्यको सबै साधनस्रोत केन्द्रमा निहित हुन्छ भने सङ्घीय शासन प्रणालीमा राज्यको स्रोतसाधनहरू विभिन्न निकायसम्म बाँडफाँड गरिएको हुन्छ। सङ्घीयता यस्तो शासन प्रणाली हो, जसमा निश्चित अधिकारहरू राष्ट्रिय सरकारभन्दा तल्लो तहका सरकारहरूद्वारा प्रयोग गरिन्छ। यस्ता अधिकारहरू संवैधानिक रूपमा सुनिश्चित हुन्छन्, जसको कारण स्थानीय जनता राष्ट्रिय सरकारमा निर्भर हुनुपर्दैन (श्रेष्ठ, २०६८क,पृ. १५६)। बहुसांस्कृतिक मुलुकहरूमा कायम रहेका सामाजिक उत्पीडनहरूको हल परम्परागत तथा उदार लोकतन्त्रले समाधान गर्न सकेन, त्यसैको परिणामस्वरूप समावेशी लोकतन्त्रको सिद्धान्तको प्रतिपादन भयो । यो राष्ट्रको मूलप्रवाहमा नआएका समूह र व्यक्तिहरूलाई समावेश गर्ने अवधारणा हो । सन् १९९३ दक्षिण अफ्रिका र सन् २००४ मा केन्याको संविधानमा यसलाई समावेश गरेको थियो भने नेपालको अन्तरिम संविधान २०६३ ले पहिलो पटक समावेशी लोकतन्त्रलाई आत्मसात गरेको थियो (शिवाकोटी, २०६७,पृ. १३६५) ।

समाजमा रहेका विभिन्न भाषा, जातजाति, लिङ्ग, सांस्कृतिक, धार्मिक र भौगोलिक क्षेत्रका नागरिकलाई राज्यको विभिन्न अङ्ग र तहमा सहभागी गराउने व्यवस्थालाई समावेशी लोकतन्त्र भनिन्छ। यसले जातिगत वा भाषिक वा धार्मिक वा भौगोलिक कारण बहिष्करणमा परेका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चत गर्दछ (International IDEA, 2014,p. 33)। समावेशी लोकतन्त्र नयाँ अवधारणा हो। राजनीतिक, आर्थिक, सामाजिक र पर्यावरणीय सबै क्षेत्रमा लोकतन्त्र हुनुपर्छ। नेपालको सन्दर्भमा गोलमेच सम्मेलन, आत्मनिर्णय गर्ने अधिकार, जनमतसङ्ग्रह र संविधानसभाको प्रक्रियामार्फत सङ्घीय संरचनाअन्तर्गत विशिष्ट उपायहरू अवलम्बन गरी समस्त जाति/जनजाति, लिङ्ग, भाषाभाषी, धर्म, संस्कृति तथा क्षेत्रीय समूहहरूको जातीय समानुपातिक प्रतिनिधित्वका आधारमा शक्ति र अधिकारको साझेदारी गर्नु नै समावेशी प्रजातन्त्र हो (भट्टचन, सन् २०११,पृ. ५०) ।

समावेशी प्रजातन्त्रको अवधारणा दुईवटा कुरामा आधारित छ । पहिलो, बहुसांस्कृतिक देशहरूमा सामाजिक तथा सांस्कृतिक समुदायलाई कुनै पनि विषयमा गरिने फैसलामा समावेश गरिनुपर्दछ। लोकतान्त्रिक सिद्धान्तअनुसार कुनै व्यक्ति वा समूहको प्रतिनिधित्वविनाको फैसला अमान्य हुन्छ। दोस्रो, सार्वजनिक नीतिहरू पनि सबैलाई समेट्ने खालको हुनुपर्छ, हरेक समूहका व्यक्तिहरूको प्रतिनिधित्व गराउनेबित्तिकै नीतिहरू समावेशी नहुन पनि सक्छन्। निर्णय गर्ने प्रक्रियामा समावेश गराइनु लोकतन्त्रका लागि एउटा आवश्यक सर्त हो, पर्याप्त चाहिँ होइन। त्यसैले सार्वजनिक नीतिहरू पनि

सबैलाई समेट्ने प्रकारको हुनुपर्दछ। लोकतान्त्रिक सिद्धान्तअनुसार कुनै पनि निर्णय प्रक्रियामा प्रभावित समूहको प्रतिनिधित्व हुनु जरुरी हुन्छ। त्यसो भएन भने त्यस निर्णयबाट प्रभावित समूहको चाहना, आवश्यकता र आकाङ्क्षाहरूले समान रूपमा महत्व पाउँदैनन्। यस्तो अवस्थाले अन्याय र असमानता सिर्जना गर्दछ (लावती, सन् २०११,पृ. ५७-५८)।

विभिन्न कारणले राज्यको मूल प्रवाहमा नभएका वा नगराइएका आर्थिक र सामाजिक दृष्टिले समेत पछि परेका/पारिएका वर्ग वा समुदायलाई लक्षित गरेर विशेष नीति र योजनाअन्तर्गत राज्य सञ्चालन र अन्य पहिचान गरिएका मामिलाहरूमा उनीहरूको पहुँच र सहभागिता बढाउने व्यवस्था नै समावेशी लोकतन्त्र हो। यस अन्तर्गत राज्यको स्परूप र संरचनामा परिवर्तन, शासन प्रणाली र निर्वाचन प्रणालीमा सुधार तथा आर्थिक र सामाजिक क्रियाकलापमा उनीहरूको सहभागिता र पहुँच बढाउन विशेष कार्यक्रम सञ्चालन गर्ने र आरक्षणसमेतको व्यवस्था गर्ने मान्यताहरूसमेत पर्दछन् (पोखरेल, सन् २००६,पृ. ७८)। जातीय, क्षेत्रीय, धार्मिक तथा भाषागत कुरा उठ्नु समावेशी लोकतन्त्रका राम्रा पक्षहरू हुन्। नेपालजस्तो बहुसांस्कृतिक मुलुकमा यसप्रकारको सांस्कृतिक अभियानले सबै नेपाली जातजातिलाई चिनाउन र आफ्नो भाषा, संस्कृति तथा धर्मको संवर्धन गर्न मद्दत पुऱ्याउँछ। जातीय पहिचान हिजो पहिचानका रूपमा थियो। हिजो एक मान्छेले अर्को मान्छेलाई जातकै आधारमा चिन्थ्यो। तर आज जातीय पहिचान जातीय पहिचान मात्रै नभई एउटा राजनीतिक पाटो भएको छ (दाहाल, २०६८,पृ. ३१)। सामाजिक, आर्थिक र राजनीतिक रूपमा असमान रहेको विद्यमान राज्यप्रणालीलाई अन्त्य गरी समावेशी लोकतन्त्रका लागि हालै भएका जातीय-क्षेत्रीय आन्दोलनहरूको उपजका रूपमा सङ्घीय व्यवस्था आएको हो (हाछेथु, २०६८,पृ. १०२)।

> सङ्घीयता भन्नासाथ यसअघि प्रभुत्वशाली हुदै आएका समूहहरु बुरुक्क उफ्रिन्छन् । सङ्घीयताको आदर्श मोडेल पाइँदैन । जुनसुकै संविधान र सङ्घीय प्रणाली पनि स्थानीय रुपमा गरिने सम्झौता र समझदारीका परिणाम हुन् । भौगोलिक र गैरभौगोलिक मान्यता दिने कारण र संयन्त्र प्रष्टसित राख्नाले जातीयताको आधारमा राज्य गठन गर्ने वित्तिकै द्धन्द्ध बढ्छ र नयाँ खालको बञ्चितिकरण सृजना हुन्छ भन्ने भ्रम हट्न जान्छ । ....जातीय आधारमा भौगोलिक सीमाङ्न हुने किसिमको भौगोलिक क्षेत्र निर्धारण गरेर तथा राज्यलाई जातीय नाम र राजनीतिक प्रतिनिधित्वको ढाँचालाई बदलिने खालको निर्वाचन विधि तथा क्षेत्र तयार गरेर मान्यता दिन सकिन्छ। (स्नाइडरम्यान, सन् २०१३,पृ. ९६)

### २.८ नेपालमा पहिचानसम्बन्धी अध्ययन

पहिचानको राजनीतिले अमेरिका हुँदै विभिन्न देशमा प्रभाव तथा असर पारेको पाइन्छ। खासगरी सन् १९६० को दशकमा भएको उच्च आर्थिक वृद्धिदर र सन् १९७० को दशकमा भएको न्यून आर्थिक

वृद्धिदरले अमेरिकी वामपन्थीहरूमा ल्याएको निराशाको कारण प्रतिरोध संस्कृति जन्मियो। पुष्पराज कँडेलले यसलाई नववाम आन्दोलनको परिणाम मानेका छन् (कँडेल, २०७१,पृ. २७)। त्यस्तै अर्कोतर्फ पहिचानको राजनीति पुँजीवादी उत्तरआधुनिकतावादको एउटा प्रयोग मान्न सकिन्छ, जसको उद्देश्य मार्क्सवादी विचार दर्शनमा आधारित कम्युनिस्ट आन्दोलनलाई कमजोर बनाउनु हो। पूर्वसमाजवादी मुलुकहरूमा फैलिएको जातीय विद्वेषको महत्वपूर्ण कारण पहिचानको राजनीति हो (पोखरेल, २०७०,पृ. ३०)।

उडवार्ड काठले उपनिवेशकालीन समयमा आदिवासी जनजातिको विविधता भएका एसिया र अफ्रिकामा विविधतालाई व्यवस्थापन गर्न कठिन हुने महसुस गरी व्यक्तिगत अधिकार र पहिचानलाई महत्व दिन थालिएको बताएका छन्। पहिचानलाई विभिन्न दृष्टिकोणबाट परिभाषित गर्दै खासगरी पहिचानलाई बुझ्न व्यक्तिगत र सामाजिक अन्तरसम्बन्धलाई बुझ्नुपर्ने कुरामा जोड दिएका छन्। सामाजिक जीवनभित्र व्यक्तिको पहिचान र व्यक्तिगत जीवनमा सामाजिक पहिचानले हामी आफैं र अरूहरूका बीचमा फरक बनाएको छ। भिन्नता र समानतालाई छुट्याउने पहिचानका सीमाहरूले नै हो। ती सीमाहरू राजनीति प्रक्रियाहरूद्वारा निर्माण र स्थापित हुन्छन्। यो ऐतिहासिक रूपमा फरक ठाउँमा फरक समयमा हुने गर्दछ (Woodward, 2002,pp. 165-167)।

विश्वमा आदिवासीहरूले पहिचानको आधारमा अधिकार प्राप्त गर्ने अभियानहरु जारी छ। क्यानाडामा नुनाभूट स्वायत्त शासन अन्तर्गत निर्वाचन सभा, मन्त्रिपरिषद, लोकसेवा र क्षेत्रीय अदालत छन्। पानामा सर्वोच्च अदालतले आदिवासी क्षेत्रमा उनीहरुको सहमति बिना कुनै पनि विकास परियोजनाहरु सञ्चालन गर्न नपाइने कानुनी व्यवस्था गरेको छ। नर्वेमा सामीहरुको सामीद्वारा सामीमध्येबाटै निर्बाचित राष्ट्रिय सामी संसदको व्यबस्था छ (तामाङ, २०६८,पृ. १०६)। बंगलादेशको चित्तागोङ हिल ट्र्याकमा त्यहाँका आदिवासी चक्मा समुदायले जिल्ला प्रशासन, जिल्ला परिषद् र जमिनमाथि उनीहको अग्राधिकार छ, र त्यहाँको विधायनमा उनीहरुको दुई तिहाई प्रतिनिधित्वको साथै जिल्ला काउन्सिल प्रमुखको संबैधानिक ग्यारेण्टी गरिएको छ (Roy, 2004,p. 4)।

गोर्खा राज्य विस्तारपछि नेपालको सन्दर्भमा राष्ट्रियता निर्माणमा भएका राजकीय प्रयासलाई तीन प्रकारले व्याख्या गरेको पाईन्छ (Pfaff-Czarnecka,2016,pp. 421-423)। पहिलोः साम्राज्यवादी मोडेल जसअन्तर्गत शाहकाल (सन् १७६८-१८४६) र राणाकाल (सन् १८४६-१९५१) लाई मानिएको छ। दोस्रोः राष्ट्रिय समागमको मोडेल जस अन्तर्गत एकदलीय पञ्चायतकाल (सन् १९६०-१९९०) तथा तेस्रोः सन् १९९० को प्रजातन्त्रको पुनर्स्थापनापछिको जातीय विविधताको मोडेल मानिएको छ। नेपालको राज्य संचालन र राष्ट्रियता निर्माणको झण्डै अढाई सय वर्ष लामो यी तीन वटै अवधिमा राज्यद्वारा

विभिन्न समुदायलाई दिएको पहिचान र स्वयम समुदायले निर्माण र कायम गर्दै आएको पहिचान गरी दुईवटा धारबाट बर्तमान नेपालमा पहिचानको बहस भईरहेको छ।

नेपाल सानो मुलुक भए पनि सामाजिक बनावटको हिसाबले विविधतापूर्ण र सम्पन्न छ। वर्तमान नेपालमा खस-आर्य, आदिवासी जनजाति, मधेसी, दलित, थारू र मुस्लिम गरी ६ वटा सामाजिक समूह र १२५ जातजाति छन्। नेपालको राजनीतिक इतिहासलाई समीक्षा गर्ने हो भने नेपालको इतिहास वर्गीय र जातीय सङ्घर्षको इतिहास हो। आदिम समाजबाहेक जातीय उत्पीडन र भेदभाव मध्यकालीन नेपालमा पनि व्याप्त थियो, तर व्यवस्थित लिखित कानुनका रूपमा भने मुलुकी ऐन १९१० लाई मान्न सकिन्छ। नेपालको राजनीतिक तथा सामाजिक विकास क्रमको शृङ्खलालाई अध्ययन गर्दा हिन्दु दर्शन (मनुस्मृति) मा आधारित मुलुकी ऐनले सामाजिक समूहहरूको वर्गीकरण गरी खस-आर्य समुदायलाई सबैभन्दा उच्च जातिका रूपमा स्थापित गऱ्यो भने मगर, गुरुङ, राई, लिम्बू लगायतका आदिवासी जनजातिहरूलाई मतवाली (वैश्य) वा दोस्रो श्रेणी र दलितहरूलाई शूद्र (अछुत) वा अन्तिम श्रेणीको पहिचान कायम गऱ्यो। जसले गर्दा नेपाली समाजमा जातीय विभेदका शृङ्खलाहरू बन्दै आए। जातीय असमानताकै कारण मान्छेले मान्छेलाई गर्ने व्यवहार र कायम गर्ने सामाजिक सम्बन्धहरूमा दरार पैदा हुँदै गयो। राज्यले वितरण गर्ने साधनस्रोत र अवसरहरू समेत असमान ढङ्गले वितरण गरिए। सामाजिक मर्यादाको हिसाबले सबैभन्दा माथि रहेको आर्य-खस र उनीहरूले अवलम्बन गरेको हिन्दु धर्म नै राज्यको सबै क्षेत्रमा बलशाली र प्रभुत्वशाली हुँदै राज्य सरकारको आधिकारिक संयन्त्र बन्यो। हिन्दु एकल पहिचानका विरुद्ध सन् १७७० देखि सन् १९७९ का बीचमा राज्यविरुद्ध जातीय र प्रान्तीय प्रकृतिका कम्तीमा २५ वटा विद्रोहहरू भएका थिए (हेर्नुहोस अनुसूची १)। ती विद्रोहहरूमध्ये धेरै पूर्वका राई तथा लिम्बूहरूको अग्रसरतामा भएका थिए (गुरुङ, २०६७,पृ. २५-२७)।

जातीय रूपमा भएको आन्दोलन र विद्रोहपछि मात्र सङ्गठित रूपमा राणा शासनको अन्त्य गर्न राजनीतिक अभियानको थालनी भएको पाइन्छ। जसअन्तर्गत १९८८ साउन २८ गते प्रचण्ड गोर्खा[१], १९९३ जेठ २० गते राष्ट्रिय प्रजापरिषद्[२], २००३ सालमा नेपाली राष्ट्रिय काङ्ग्रेस (गौतम, २०६२,पृ. ५३; गौतम, २०५७,पृ. ६) र २००६ साल (२२ अप्रिल १९४९) मा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को गठन भएको थियो (पुष्पलाल, २०५३,पृ. ३५)। यसै क्रममा तराईका केही अगुवामा जातीय तथा क्षेत्रीय अधिकारका चेतना पनि विकास हुँदै आएको पाइन्छ। जसको परिणामस्वरूप सन् १९५० को दशकमा नेपाल तराई काङ्ग्रेसको गठनमार्फत स्वायत्त तराई राज्य, हिन्दी भाषालाई प्रशासनिक भाषाका रूपमा

[१] प्रचण्ड गोखाको नेतृत्व क्याप्टेन खड्गमान सिंह र सदस्यहरूमा मैनाबहादुर, रङ्गनाथ शर्मा, उमेशविक्रम शाह र लक्ष्मण राजा (चन्द्रविक्रम शाह) रहेका थिए।

[२] राष्ट्रिय प्रजापरिषद टङ्कप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा, रामहरि शर्मा र जीवराज शर्मा रहेका थिए, यसको नेतृत्व आचार्यले गरेका थिए।

मान्यता दिने र तराईका जनतालाई अझ बढी सरकारी रोजगारी दिनुपर्ने माग राखेको थियो (द कार्टर सेन्टर, सन् २०१३,पृ. ९)। २०३६ सालको जनमत सङ्ग्रहसम्म आइपुग्दा नेपालका जनजातिहरू आफ्नो भाषा-संस्कृतिप्रति सचेत हुँदै 'शेतामगुराली' (शेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्बू) का नाममा सङ्गठित भएको पाइन्छ, जुन आजको आदिवासी जनजातिहरूको पहिचानको राजनीतिमा रूपान्तरण भएको छ। यी पहिचानजनित आन्दोलन र अभियानको मूल निशाना भने हिन्दु दर्शनद्वारा नियन्त्रित र निर्देशित नेपालको सामन्ती राज्य व्यवस्था नै थियो। नेपाली समाजमा रहेको जातीय उत्पीडन र वर्ण विभाजनको अन्त्यको नीति २००६ सालमा कम्युनिस्ट पार्टीले आफ्नो मुद्दा बनाएपछि सङ्गठित राजनीतिक मोड लियो। त्यसपश्चात् नेपालका मार्क्सवादीहरूले नेपालको सामाजिक तथा जातीय विभेदलाई मार्क्सवादको दार्शनिक मान्यतासँग जोडेका छन्। कम्युनिस्टहरूले जातीय समस्या वर्गीय समस्याको एउटा पाटो भएकाले यी दुवै मुद्दाहरूलाई एकैसाथ हल गर्न सकिने र जातीय उत्पीडनको आन्दोलन वर्गीय आन्दोलनको अभिन्न पक्षका रूपमा लिने गरेको पाइन्छ। २०४७ सालको...संविधान निर्माणका तत्कालीन अध्यक्ष विश्वनाथ उपाध्ययले अधिकाङ्श सुझावहरू भाषिक, जातीय तथा क्षेत्रीय मामिलाहरूबारे सम्बन्धित भएको तथ्यप्रति निराशा प्रकट गरेको थिए। उनको भनाइमा ती 'सतही' मुद्दा थिए, यसले २०४७ सालदेखि नै पहिचानसम्बन्धी मुद्दाहरूमा नेपाली सर्वसाधारणको उल्लेख्य दिलचस्पी थियो तर दलका नेताहरूले तिनलाई बुझ्न र नयाँ संविधानमा सङ्कोच मानेको देखिन्छ (द कार्टर सेन्टर, सन् २०१३,पृ. ९)। सांस्कृतिक मूल्य मान्यताहरुलाई जातीय समस्याको रुपमा मात्र देख्नु शासकको भूल थियो, परणामस्वरुप नीति निर्माणमा बहिष्कृत समुदायको प्रतिनिधित्व र निर्णायक भूमिका रहन सकेन।

नेपालको विशिष्टतामा वर्गीय उत्पीडनजस्तै जातीय उत्पीडनको सवाल पनि बोलवाला भएकै कारण नेपालको कम्युनिस्ट पार्टी आफ्नो स्थापना कालदेखि नै जातीय उत्पीडनविरुद्ध नीतिहरूको व्यवस्था गरेको पाइन्छ। त्यसैले नेपालका धेरै उत्पीडित जाति तथा समुदायहहरूको आकर्षण कम्युनिस्ट पार्टी रहेको थियो। यसलाई कम्युनिस्ट पार्टीको स्थापनादेखि उनीहरूद्वारा नेतृत्व र सञ्चालन गरिएका विभिन्न अभियानहरूमा उत्पीडित जाति तथा समुदायको उल्लेख्य सहभागी हुनुले पनि प्रमाणित गर्दछ। बाबुराम भट्टराईले 'आजको मार्क्सवाद' शीर्षक लेखमा भनेका छन्। वर्गीय शोषण-उत्पीडन नै सामाजिक द्वन्द्वको प्रमुख कारण हुँदाहुँदै पनि जातीय/राष्ट्रिय, क्षेत्रीय, लैङ्गिक, सांस्कृतिक आदि उत्पीडनका भिन्न रूपहरूलाई पनि हामीले वर्गीय प्रश्नकै भिन्न अभिव्यक्तिका रूपमा ग्रहण गर्नुपर्दछ। उनका अनुसार मार्क्स र एङ्गेल्स स्वयम्ले वर्गलाई प्रमुख कारक तत्व मानेको तर एक मात्र कारक तत्व कहिल्यै नभनेकोले ... शोषण-उत्पीडनका रूपहरूलाई मार्क्सवादी पद्धतिभित्र समाविष्ट गर्ने हिम्मत गर्नैपर्दछ (भट्टराई, सन् २००९,पृ. ११)।

सीताराम तामाङले नेपालको जातीय आन्दोलन र समस्या कम्युनिस्ट पार्टीको एउटा अभिन्न अङ्गका रूपमा रहेको कुरा उल्लेख गर्दै लेनिनले जातीय प्रश्नलाई बुर्जुवाहरूले जस्तो निरपेक्ष गफका

रूपमा होइन, सर्वहारा वर्गको सङ्घर्षको हितको मातहतमा उठाउनु पर्ने र माओले चिनियाँ कम्युनिस्ट पार्टीले देशी-विदेशी प्रतिक्रियावादीबाट मात्र होइन, हान जातिको अतिवादबाट पनि अल्पसङ्ख्यक जातिहरूको मुक्ति दिलाउनुपर्छ भन्ने कुराबाट शिक्षा लिँदै नेपालमा शोषक वर्गको जातीय उत्पीडनको लामो इतिहासका कारण ...जातीय स्वशासन आवश्यक रहेको उल्लेख गरेका छन् (तामाङ, २०५६,पृ. ५७) । लोकबहादुर थापामगरले जातीय उत्पीडनकै कारण जातीय प्रश्न उठ्ने गरेको भनेका छन् : "जब उत्पादनका साधनहरूमाथि खस हिन्दु उच्च अन्ध-जातिवाद नीति स्वामित्व कायम रह्यो तब शोषण उत्पीडन हुन थाल्यो" (थापामगर, २०६४,पृ. १०६) ।

प्रदीप ज्ञवालीका अनुसार नेपाली समाजमा लामो समयदेखि कायम रहेको वर्णव्यवस्था र त्यसैको जगमा कायम भएको जातीय उत्पीडनलाई 'वर्गसङ्घर्ष' को सरल परिभाषाले मात्रै अर्थ्याउन नसक्ने भन्दै जातीय समस्यालाई नेपाली विशेषतामा थप महत्वका साथ हेरिनुपर्ने उनको आशय रहेको छ (ज्ञवाली, २०६९,पृ. १०६) । यसरी पहिचानको सवाल हरेक मार्क्सवादी अनुयायीहरूका लागि अनिवार्य बनेको छ ।

मोहन विक्रम सिंहका अनुसार, नेपालका जनजातिहरूमाथि उच्च जातिहरूले कैयौँ प्रकारका आर्थिक शोषण र उत्पीडन हुँदै आएका छन्, जसको कारण झन् पछि झन् गरिबी तथा अर्धदासको सिकार हुँदै गएका छन्, "शासक जातिहरूले जसलाई राष्ट्रिय संस्कृति भन्दछन्, त्यो वास्तवमा भ्रम र धोका मात्र हो । वास्तवमा उनीहरूले आफ्नो प्रतिक्रियावादी स्वार्थहरूलाई बल पुर्‍याउने र उनीहरूको स्वार्थको प्रतिनिधित्व गर्ने संस्कृतिलाई नै राष्ट्रिय संस्कृति बताउँछन्" (सिंह, २०७१,पृ. १९) । पीताम्बर शर्माका अनुसारः

> आधुनिक नेपालको निर्माण एउटा सुदृढ हिन्दु राज्य निर्माण गर्ने स्पष्ट उद्देश्यका साथ भएको हो । यस हिसाबले समकालीन नेपालको इतिहास जातीय, धार्मिक र भाषिक विविधता भएको भूभागमा सामन्ती, राजतन्त्रतात्मक, असमावेशी र एकात्मक हिन्दु राज्यको निर्माणको इतिहास हो । यसैक्रममा राज्यले नेपाली भाषा, हिन्दु संस्कृति र बाहुन-क्षेत्रीका आस्था र मान्यतालाई संरक्षण मात्र गरेन, तिनीहरूकै निसान र राष्ट्रियताका चिह्नलाई प्राथमिकतामा र प्रयोजनमा लियो । यसक्रममा राज्यले अँगालेका बाहेक अन्य समुदायका भाषा संस्कृतिलगायतका पहिचानहरू बहिष्करणमा परे । (शर्मा, २०६९,पृ. ३५)

माथिका विश्लेषणहरूबाट प्रस्ट हुन्छ कि नेपालका आदिवासी जनजातिहरू वर्गीय दृष्टिले मात्र होइन, सामाजिक-सांस्कृतिक हिसाबले पनि उत्पीडनमा रहेका छन् । यसको समाधान मार्क्सवादीहरूले गर्नुपर्दछ भन्ने उनीहरूको मत छ । घनश्याम भुसालका अनुसार आधुनिक प्रतिक्रियावादी सिद्धान्तले या त जातीय/क्षेत्रीय विभेदको मुद्दालाई मुद्दा नै मान्दैन । या त गणितीय हिसाबले राज्यमा विभिन्न जातीय समूहहरूका व्यक्तिहरूका प्रतिनिधित्वलाई नै समस्याको समाधान ठान्दछ । "जातीय क्षेत्रीय प्रश्नलाई

नदेख्नु वा गणितीय प्रतिनिधित्वमा मात्र समाधान देख्नु यस सिद्धान्तको प्रतिक्रियावादी सार हो। उपर्युक्त दुवै दृष्टिकोणभन्दा फरक दृष्टिकोण मार्क्सवादको छ" (भुसाल, २०६४,पृ. ३००)।

नेपाली समाजमा जुन समुदायको भाषा, संस्कृति, धर्मलाई राज्यले संरक्षण गऱ्यो, त्यही समुदाय नै वर्गीय हिसाबले पनि सम्पन्न रह्यो। वर्गीय समाजको निर्माण सामाजिक-सांस्कृतिक संरचनाबाट नै निर्माण हुने भएकाले सांस्कृतिक पक्षलाई वर्गीय मुद्दाबाट अलग गर्न सकिँदैन। ज्ञवाली (२०६९,पृ. १०८) का अनुसार "पहिचान आफैँमा गतिशील प्रवर्ग भएकाले राज्यको रूपान्तरणमा सघाउने पहिचानको आन्दोलन अग्रगामी हो। त्यो वर्गीय आन्दोलनको सहयोगी शक्ति बन्ने कुरा उल्लेख गरेका छन्।" ज्ञवालीको यो तर्कले नेपाली राजनीतिमा पहिचानको विषयले वर्गीय आन्दोलनलाई कमजोर होइन, थप गतिशील बनाउने बुझिन्छ। मल्ल के सुन्दरले आदिवासीहरू परम्परागत रूपमै सामूहिक आस्था, जीवन शैली, साझा भाषाले मात्र आपसमा गाँसिएका हुँदैनन्, उनीहरू ऐतिहासिक कालदेखि नै एकै भूमि वा क्षेत्रमा बसोबास गर्ने गर्छन्। यिनै आधारमा उनीहरूले आ-आफ्ना बेग्लै समुदायगत पहिचान पनि बनाएका हुन्छन् ...त्यसैले विश्वभरका आदिवासीहरूको सङ्घर्ष मूलतः समुदायगत पहिचान केन्द्रित रहँदै आएको छ (मल्ल, सन् २०१३,पृ. ५३)।

जातीय पहिचान अध्ययन गर्दा नेपालमा परम्परा/शाश्वतवादी र उपभोगवादी दृष्टिकोण सामान्य सैद्धान्तिक पृष्ठभूमिको रूपमा बुझिन्छ। राज्यद्वारा अहिलेसम्म गरिएका प्रयास सबै संस्कृतिलाई हिन्दु संस्कृतिमा गाल्ने (Assimilation) विधिले विविधतालाई सम्मान र देशलाई स्थायित्व दिन सक्तैन। सबै समुदायको पहिचानको सम्मान गर्न सके जातीय पहिचान र देशभक्ति दुवै जागृत हुन्छ। यसको उदाहरणको रुपमा स्विजरल्यान्डलाई लिन सकिन्छ। किम्लीकाको दावी छ, स्विजरल्यान्डका बासिन्दाहरू देशभक्त र बफादार छन्, र त्यो देशभक्ति र बफादारीका कारण स्विजरल्यान्ड विविध जातीय/राष्ट्रिय समूहहरूको सङ्घको कारण हो (Kymlicka, 1995,p. 13)।

## २.९ नेपाल कम्युनिस्ट पार्टी र जातीय मुद्दा

जातीय मुद्दाको प्रवेश नेपालको कम्युनिस्ट पार्टीहरूको सन्दर्भमा सबैभन्दा धेरै विवादित र चासोको विषय रहेको छ। जातीय मुद्दा कम्युनिस्ट पार्टीहरूको हो या होइन भन्ने विषयमा पनि धेरै लामो समयदेखि बहस चल्दै आएको छ। नेपाली राजनीतिमा वर्गीय पक्षधरताको बहस गर्ने कम्युनिस्ट पार्टीहरूले आफ्नो राजनीतिक एजेन्डाका रूपमा कसरी जातीय कुरा प्रवेश भयो भन्ने विषय कुनै बेला सर्वत्र चासोको विषय भए पनि अहिले यो सामान्यजस्तै बनेको छ। तर यो मुद्दा नयाँ नभएर नेपालको कम्युनिस्ट पार्टीको स्थापनाकाल २००६ सालमै यसले पार्टीमा प्रवेश पाएको पाइन्छ।

कम्युनिस्ट पार्टीलाई वर्गीय विचारद्वारा निर्देशित भनिए पनि नेपाल सामाजिक तथा सांस्कृतिक हिसाबले विविधता र असमानता भएकाले नेपालका कम्युनिस्ट पार्टीहरूले आफ्नो स्थापनाकालदेखि नै

दस्तावेजहरूमा जातीय तथा सामाजिक-सांस्कृतिक उत्पीडनका मुद्दाहरू समावेश गरेका छन्। तर ती नीतिहरूलाई व्यवहारतः प्रभावकारी ढङ्गले कार्यान्वयन गरेको भने पाइँदैन। २००६ वैशाख ९ गते (२२ अप्रिल १९४९) स्थापना भएको नेपाल कम्युनिस्ट पार्टीको २०३१ असारमा सम्पन्न चौथो सम्मेलनको दस्तावेजमा नेपालमा जातीय असमानता रहेको कुरा समावेश गरेको छ। नेपाल कम्युनिस्ट पार्टीको पहिलो घोषणापत्र (१५ सेप्टेम्बर १९४९/२००६ भदौ ३०) विशेषाधिकारहरू र जातपात, नश्ल र जातिका आधारमा गरिने भेदभाव कानुनद्वारा खतम पारिने र यसको उलङ्घनलाई कानुनद्वारा सजाय गर्ने कुरा उल्लेख गरिएको छ (भुसाल, २०७०,पृ. १६)।

सन् १९५१ मा कलकत्तामा आयोजित नेकपाको प्रथम ऐतिहासिक सम्मेलनमा क. पुष्पलालद्वारा प्रस्तुत तथा पारित 'जातीय आन्दोलनमा नेपाल कम्युनिस्ट पार्टी' शीर्षकको राजनीतिक प्रतिवेदनमा १२ वटा शीर्षकमध्ये दुई वटा (शीर्षक नं. १ 'हाम्रो पार्टी जन्मनुभन्दा पहिले नेपालको जातीय मुक्ति आन्दोलनको के रूप थियो ?' र शीर्षक नं. ३ मा 'नेपाल कम्युनिस्ट पार्टी र जातीय मुक्ति आन्दोलन') जातीय सवालसँग सम्बन्धित रहेका थिए। कम्युनिस्ट पार्टीका नीतिहरूमा जातीय मुद्दालाई प्राथमिकताका साथ उठान गरिए पनि त्यत्तिकै विरोधाभासपूर्ण पनि रहेको छ। २०१२ सालमा आयोजित दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित राजनीतिक प्रस्तावमा भनिएको छः

> पुष्पलालद्वारा प्रस्तुत तथा पारित *नयाँ जनवादको निम्ति नेपाली जनताको बाटो* कार्यक्रममा 'कम्युनिस्ट पार्टी र शासन व्यवस्था' शीर्षकको बुँदा नं. ७ मा धर्म, जात, योनि, वर्ण र जातीयताको भेदभाव नगरी सबैलाई बराबर नागरिक अधिकार दिने, बुँदा नं. ८ मा सबै जातिहरूलाई आत्मनिर्णयको अधिकार दिने र त्यसैगरी बुँदा नं. ९ मा नेपालमा बस्ने सबै जातिको आपस्ताको फाइदाका निम्ति कर, बल र छलको होइन, सबैको मनोमान राजीखुसीले एउटा साझा राज्य नयाँ जनवादी नेपालको खडा गर्ने आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्न पाउने अधिकार दिने। सरकारी वा जनताको संस्थामा आफ्नो भाषाको प्रयोगको गर्न पाउने अधिकारसहित नेपाली भाषा राज्यलाई मान्नैपर्दछ भन्ने कर नरहने कुराको उल्लेख गरेको छ। कम्युनिस्ट पार्टीको प्रथम महाधिवेशनबाट पारित दस्तावेजमा 'मुलुकका जातीहरू र कम्युनिस्ट पार्टी' शीर्षकमा नेपालमा बस्ने सबै जातिहरू अधिकार र कर्तव्यमा बराबर मानिने छन्। यी सबै जातिहरूले सारा मुलुकका वैरी साम्राज्यवादी र सामन्तवादलााई खतम गर्नमा तमाम जनताका साथ काँधमा काँध जोरी लड्न पर्दछ। जातिहरूको आत्मनिर्णयको अधिकार पार्टीले स्वीकार गर्दछ। तर हाम्रो पार्टी सङ्कीर्णवादी जातीयताको विरुद्ध छ। एउटा जातिलाई अर्को जातिका विरुद्ध उचाली सबै जनताको

संयुक्त विरोध कमजोर पार्ने साम्राज्यवादीहरूको षड्यन्त्रलाई खतम गर्नमा हाम्रो पार्टीको दृढ सङ्कल्प छ। (भुसाल, २०७०)

कम्युनिस्ट पार्टीको दस्तावेजहरूमा जातिसँगै धर्मको विषयमा पनि गम्भीर भएको देखिन्छ। धर्मलाई व्यक्तिगत विश्वासको विषय मानियोस् र जनताको धार्मिक भावनाको आदर गरिने, जनताद्वारा कुनै धर्म मान्ने/नमान्ने अधिकारमा हस्तक्षेप नगरिने, जनताको साधारण आराम र खुसीको विरोधमा नजाने धार्मिक क्रियाहरूका लागि सबै धर्मलाई स्वतन्त्रताको ग्यारेन्टी दिने कुराको उल्लेख छ। तर कम्युनिस्ट पार्टीको स्थापनाको सात दशक पार गर्दा पनि नेपालको राजनीति तथा राजकीय संरचनाहरूमा हिन्दु धर्मको प्रभाव मात्र होइन हस्तक्षेप पनि भइरहेको छ। यसले प्रस्ट गर्दछ कि जातीय भेदभाव, धार्मिक, सामाजिक, सांस्कृतिक असमानताको विपक्षमा कम्युनिस्ट पार्टी स्थापना कालदेखि नै रहे पनि उच्च जातीय अहङ्कार पनि जीवित रहेको पाइन्छ।

२००६ सालमा कम्युनिस्ट पार्टीले जातीय मुक्तिको कुरा उठाए पनि कम्युनिस्ट पार्टीको चुनाव घोषणापत्र-२०१५ मा भने मातृभाषाको मात्र उल्लेख गरेको छ। उक्त घोषणापत्रमा भनिएको छ, प्राथमिक शिक्षा मातृभाषामा दिने प्रबन्धका लागि कोसिस गर्ने (बुँदा नं. ४) तर, नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनद्वारा पारित प्रतिवेदन (२०१९ वैशाख ४-१५) अन्तर-जोन सामञ्जस्य मन्त्री क. तुलसीलाल अमात्यद्वारा प्रस्तुत तथा पारित प्रतिवेदनमा राष्ट्रहितलाई ध्यानमा राखी देशका विभिन्न जातिहरूको भाषा, साहित्य तथा संस्कृतिको विकास गर्ने कुराको उल्लेख गरिएको छ (बुँदा नं. ७) (भुसाल, २०७०,पृ. ११६, १९८)।

नेपाल कम्युनिस्ट पार्टीको चौथो महाधिवेशन २०३१ मा वाराणसीमा केन्द्रीय न्युक्लसका सेक्रेटरी मोहनविक्रम सिंहद्वारा प्रस्तुत एवम् पारित प्रतिवेदनमा कम्युनिस्ट पार्टीको स्थापनादेखि सबैभन्दा धेरै जातीय मुद्दालाई व्यापक रूपमा व्याख्या गरेको छ। उक्त प्रतिवेदनको 'कार्यक्रम सम्बन्धी राजनीतिक प्रस्ताव' मा नेपालमा जातीय शोषण भएको उल्लेख गर्दै भनिएको छः

> यहाँ अल्पसङ्ख्यक बाहुन, क्षेत्री, ठकुरी (विशेषतः शाह), राणा आदि र नेवार जातिको उच्च तप्काद्वारा बहुसङ्ख्यक जातिहरू शोषित, पीडित र पछौटेपनको सिकार भएका छन्। यो जातीय शोषण र उत्पीडनको रूप अर्थिक, सांस्कृतिक, सामाजिक सबै रूपमा देखा परेको छ। .... उच्च जातिभित्र पनि बहुमत शोषित वर्ग नै छ। ...यसरी सबै जातका बहुसङ्ख्यक जनता शोषित र उत्पीडित नै छन् र वर्गीय रूपमा उनीहरूका बीचमा मौलिक एकता छ। सबै प्रकारका जातीय र वर्गीय शोषणका विरुद्ध सङ्घर्षका दौडानमा एकता मजबुत हुँदै जाने छ। जनवादी क्रान्तिले बीचमा जातीय समानता, सबै जातिहरूलाई आर्थिक, सामाजिक, सांस्कृतिक विकास तथा राजनीतिक कार्यका लागि समान अवसरका

आधारमा हल गर्ने प्रयत्न गर्दछ। जातीय असमानता र उत्पीडनको अवस्थामा राष्ट्रिय एकताको रूप प्रतिक्रियावादी र कमजोर हुन्छ, जो आज छ (बुँदा नं. ५) । नेपालमा धर्मका नाममा ठूलो पैमानको शोषण भइरहेको छ, जनवादी क्रान्तिले धार्मिक स्वतन्त्रता प्रदान गर्नेछ (बुँदा नं. ७)। जातीय असमानताको अन्त्य (बुँदा नं. १० ग)। *'तात्कालिक न्यूनतम कार्यक्रम'* मा उत्पीडित तथा पिछडिएका जातिहरूको भाषा, संस्कृति, सामाजिक विकास तथा उनीहरूमाथि गरिने अन्याय, अत्याचार हटाउन प्रभावशाली कारबाही गरिनुपर्दछ। (बस्नेत, २०६९,पृ. ८, ५९, ६०)

कतिपय मार्क्सका अनुयायीहरूले वर्गीय प्रश्नको मात्र कुरा गरेर जातीय प्रश्नलाई नजरअन्दाज गरे पनि वर्गीय, जातीय र क्षेत्रीय प्रश्नलाई अन्तरसम्बन्धित ढङ्गले हल गरेर समाजलाई अग्रगामी दिशामा लैजान हामीले ध्यान दिनैपर्छ (भट्टराई, २०७६,पृ. ३१)। कम्युनिस्ट पार्टीको पहिलो सम्मेलनदेखि नै वर्गीय मुक्तिसँगै जातीय मुक्तिको कुरा जोडतोडले उठाएको पाइन्छ। हाल पनि विभिन्न समूहमा विभाजित भएका कम्युनिस्ट पार्टीहरूले कुनै न कुनै हिसाबले जातीय मुक्ति र सांस्कृतिक पहिचानसँग सम्बन्धित नीति तथा कार्यक्रमहरूको व्यवस्था गरेका छन्।

### २.१० मगर पहिचानको ऐतिहासिक सन्दर्भ

मगर जातिको पहिचान निर्माण प्रक्रियाले लामो कालखण्ड पार गरेको छ। मगर जाति नेपालको पुरानो आदिवासी जनजाति हो। यो जातिले प्राचीन तथा मध्यकालीन नेपालमा आफ्नो स्वायत्त मगरात राज्य चलाएको इतिहास छ। मगर जातिले नेपाली माटोको विस्तार र रक्षा गर्न बलिदानी र नेतृत्व गरेको पनि पाइन्छ। इतिहासमा आफ्नो स्वतन्त्र मगरात राज्य चलाएर पनि समयक्रमसँगै आफ्नो राज्यलाई गोर्खा राज्यमा समागम गरी विशाल र आधुनिक नेपाल निर्माणमा मगरहरूको ठूलो र ऐतिहासिक योगदान रहेको पाइन्छ (बुढामगर, २०७२,पृ. ४३)। प्राचीन तथा मध्यकालीन नेपालमा आफ्नै मगरात राज्य अभ्यास गरेको मगर जाति आधुनिक नेपालको निर्माणमा हर प्रकारले सहभागी हुनु मगर जातिको राजनीतिक पहिचानको विषयमा बारम्बार उठ्ने प्रश्न हो, र यो एउटा विरोधाभासको पाटो पनि हो। यसको विषयमा तल चर्चा गरिएको छ। नेपालमा मात्र नभएर विश्वका अन्य मुलुकमा पनि मगर जातिको बसोबास छ। मगर पहिचानको निर्माणमा यसको प्राचीनता, उद्गम, आगमन, सभ्यताजस्ता आयामहरूको महत्वपूर्ण भूमिका हुने भएकाले यी विषयहरूमा पछिल्ला अध्यायहरूमा पनि चर्चा गरिएको छ।

#### २.१०.१ मगर जाति उत्पत्तिको कथा

मगर जाति नेपालको सबैभन्दा पुरानो आदिवासी जनजातिमध्ये एक हो भन्ने विषय प्राज्ञिक तहमा पुष्टि भइसकेको छ (आचार्य, २०६३; शर्मा, २०६७; Watters, 1975)। बालाराम घर्तीमगरले

आदिम कालमा मगरका पुर्खाहरू रूकुम जिल्लाको हुकाम-मैकोट स्थित पिल्मा नदीको किनारको ओडारबाट उत्पत्ति भएको उल्लेख गरेका छन् । मगर खाम भाषामा ओडारलाई 'पु' भनिन्छ र मगरका पुर्खाहरू ओडारमा बस्ने गरेकाले त्यही 'पु' बाट 'पुन' भएको हो र सबै मगरका पुर्खा 'पुन' भएको उनी दाबी गर्दछन् (घर्तीमगर, २०५५,पृ. ३-१२) । एम. एस. थापाको *प्राचीन मगर र अक्खा लिपि*का अनुसार "नेपालका अधिकांश हिमाल, पहाड, भीरपाखा, नदीनाला, ठाउँ र गाउँका नामहरू मगर भाषामा राखिएको भेटिन्छ, जसको मगर भाषामा आ-आफ्ना अर्थ भएकाले यसो भन्न सकिन्छ कि मगरहरू नेपालमा परापूर्व कालदेखि नै बसोबास गर्दै आएका हुन् ।" बमकुमारी वुढामगरको अभिमतमाः

> नेपालमा मानव सभ्यताको विकासक्रम रूकुम जिल्लाको मैकोट गाविसअन्तर्गत पर्ने 'योमाखार' र 'पेमाखार' बाट भएको हो, जहाँ सबभन्दा पहिले झाँक्री (रमा) सभ्यता विकास भयो । झाँक्रीको तान्त्रिक आख्यान (रमाको धुर) अनुसार त्यही ओडारबाट रिन्दु र पुरन नामका दुईजना झाँक्रीको उत्पत्ति भएको हो। हुकाम मैकोट गाविसका ती दुई ओडारका पुर्खाहरूमध्ये पाल (गोरा) का सन्तान वर्तमान रिडीदेखि पूर्व गोर्खासम्मको भूक्षेत्रमा फैलिएर बाहृवटा राज्य स्थापना गरेका थिए भने मोल (काला) का सन्तानहरूले रिडीदेखि पश्चिम महाकालीसम्म अठारवटा राज्य स्थापना गरेका थिए। त्यसैले बाहृ मगरातलाई 'पालपा' (गोरा क्षेत्र) र अथार मगरातलाई 'मोलपा' (काला क्षेत्र) भनिएको हो । (बुढामगर, २०५५,पृ. ३८)

बुढामगर र घर्तीमगरका अनुसार मगरहरूको उद्‌गम थलो रूकुम जिल्लाको हुकाम मैकोट अवस्थित 'योमाखार र पेल्माखार (पिल्माखार)' ओडारलाई मान्न सकिन्छ। महेश चौधरीद्वारा लिखित *स्थवीरहरूको प्राचीन इतिहास र संस्कृति* नामको पुस्तकमा रूकुम हुकाम मैकोटको ओडारबाट मानव सभ्यता उत्पत्ति भएको कुरालाई नेपालको मध्य-पश्चिम पहाडी जिल्लामा बसोबास गर्ने मगर जातिको यो सर्वमान्य अनुश्रुति भनेका छन् (चौधरी, २०६९,पृ. ९) । महेश चौधरी र बालाराम घर्तीमगर दुवैले 'शेरप्पा' र 'गोरप्पा' नामका दुई भाइ पुर्खाहरूमध्ये शेरप्पा हिमालतर्फ र गोरप्पा महाभारतको खोचतर्फ लागेको उल्लेख गरेका छन् । रुकुम मैकोट तथा तकसेराका नागरिकहरूसँग जिज्ञासा राख्दा पनि घर्तीमगर, बुढामगर र चौधरीले उल्लेख गरेका किंवदन्तीहरू त्यस क्षेत्रमा प्रचलित रहेको जानकारी गराए। अध्येता भोजविक्रम बुढामगरका अनुसार पश्चिम नेपालका धैरै मगरहरूले आफ्नो पुर्खा रुकुमबाट आएको बताउने गरेका छन् । यी आधारहरूले मगर जातिको नेपाल आगमन विभिन्न क्षेत्रबाट भए पनि पहिले उनीहरू रूकुमबाटै गएको हुन सक्ने अनुमान गर्न सकिन्छ (बुढामगर, २०७२,पृ. ९) ।

यसै प्रसङ्गमा नेपालका पुरातत्ववेत्ता गडरुण र कर्विनाशले चुरे पहाडमा पत्ता लगाएका ढुङ्गे युगका मानिसको जीवांशलाई थापामगर (२०५९,पृ. ७) ले आर्यहरू ई.पु. ७०० मा मात्र प्रवेश गर्नुका

साथै उनीहरूको शवलाई जलाउने प्रचलन भएको र त्यो क्षेत्र परापूर्व कालदेखि नै मगरको भएकाले ती अवशेषहरू मगरकै हुनुपर्ने उल्लेख गरेका छन् । गोपाल गुरुङका अनुसार मगर नेपालको आदिवासी होइन मूलवासी हो । विश्वमा मङ्गोल, आर्य र निग्रो गरी तीन प्रकारका मानव समुदायहरू छन्, जसमध्ये नेपालका मङ्गोलहरू यहीको उत्पत्ति हो, मङ्गोलियाबाट आएको भन्नु मूर्खता हो (गुरुङ, सन् २०१६,पृ. ४१) । यस दृष्टिकोणबाट मगर नेपालको मूल आदिवासीहरूमध्ये एक हो भन्नेमा विवाद नभए पनि नेपालको भूमिमा उत्पत्ति भएको भन्ने विषय भने विवादमुक्त छैन । उपर्युक्त जनश्रुति, स्थानीय बासिन्दाको भनाइ र भौतिक संरचनाका अवशेषहरू अहिलेसम्म पनि रहेकोले मगर जातिको उत्पत्ति रूकुम जिल्लाको मैकोटमा नभए पनि त्यस ठाउँमा सबभन्दा पहिले आएर बसेको हुन सक्ने अनुमान गर्न मुस्किल पर्दैन । *परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति* नामको पुस्तकको सन् १८९१ को चौथो जर्मन संस्करणको भूमिकामा लेथमले सन् १८५९ मा प्रकाशित Descriptive Ethnology मा भारतका मगरहरूबीच आदिम कविला युगमा बाह्य विवाहको प्रचलन भएको कुरा उल्लेख गरेका छन् (एङ्गेल्स, २०५६,पृ. १८) । लेथमले मगरहरू भारतमा भने पनि सम्भव त नेपालमा हुन सक्छ किनकि इतिहासको नेपाल विशाल थियो र अहिलेका भारतका केही भाग नेपालमै पर्दथे । यसै प्रसङ्गलाई जोड्दै फटिकबहादुर थापामगरले पश्चिम नेपालको गण्डकी प्रश्रवण क्षेत्रमा सर्वप्रथम विचरण गर्ने र त्यहाँको भूभागलाई बसोबास योग्य बनाउने मानव जाति मगर हुन् भनी उल्लेख गरेका छन् (थापामगर, २०७१क,पृ. २०) ।

इतिहासको विभिन्न कालखण्डका ऐतिहासिक पृष्ठभूमिले मगर जातिको प्राचीनता बोध हुन्छ । संस्कृति विगतको अनुभव ज्ञान र व्यवहारलाई परिष्कार गर्दै नयाँ ज्ञान र अनुभव थप्दै अगाडि बढ्ने एक प्रक्रिया भएकाले जुन जातिको जति लामो इतिहास हुन्छ, तिनीहरूको संस्कृति पनि त्यति नै सम्पन्न हुन्छ भन्ने तथ्यअनुरूप मगर जातिको सांस्कृतिक सम्पन्नताको पुष्टि हुन्छ । वास्तवमा प्रागऐतिहासिक कालदेखि नै गण्डकी प्रदेशको एउटा निश्चित पहाडी खण्डलाई खनीखोस्रेर आवाद बनाएका मगरहरूले त्यहाँ आफ्नो धर्म, भाषा, साहित्य, नाचगान, चाडपर्व, पूजाआजा, संस्कार तथा ज्ञान, सीप र प्रविधिको विकास गरका थिए (घर्ती क्षेत्री, २०६७) । घर्ती क्षेत्रीले जस्तै मगरको ऐतिहासिकता सन्दर्भमा अधिकारी भन्छन्, “मगर आफ्नो उद्‌गम ठाउँबाट आएको हुनुपर्छ  तिब्बतबाट उत्पत्ति भएको र तिनीहरूले आफ्नो धार्मिक गतिविधिहरूमा बौद्ध धर्मको कुनै निशान नदेखाएको हुनाले, तिब्बतमा सातौं शताब्दीमा बौद्ध धर्मको परिचय हुनुभन्दा पहिले नै तिनीहरू सम्भवतः नेपाल आइपुगेका थिए” (Adhikary, 1993,p. 11) ।

धेरैजसो मगर जातिबारे अध्येताहरूले मगर जाति नेपालमै उत्पत्ति भएको नभई विभिन्न समय र परिवेशमा नेपाल प्रवेश गरेको तर्क प्रस्तुत गरेका छन् । यसपछिको खण्डमा मगर जातिको नेपाल आगमनबारे चर्चा गरिएको छ ।

२.१०.२ **मगर जातिको नेपाल आगमन**

नेपाली तथा विदेशी विद्वान्हरूले पनि विभिन्न अनुसन्धनात्मक पुस्तकहरू प्रकाशन गरी प्राज्ञिक स्तरमा मगर जाति प्राचीन जाति भएको पुस्ट्याइँ गरिसकेका छन् (श्रीस, २०३८; सुवेदी, २०५५; योगी र गुरुङ, २०२०)। तर नेपाली भूमिमा मगर जातिको आगमन कहिले र कहाँबाट भयो भन्ने विषयमा इतिहासकारहरू तथा विद्वान्हरू एकमत छैनन्। मगर जातिको आगमनको सन्दर्भमा विद्वान्हरूको धारणा सङ्क्षिप्तमा यस प्रकार रहेको छ।

मगर जातिको आगमनको सन्दर्भमा धेरै मत रहेका छन्। तिनीहरूमध्ये *प्राचीन मगर र अक्खा लिपि* पुस्तकका लेखक एम. एस. थापामगरले मगरहरू लगायत मङ्गोलोइडहरू यस महाद्वीपमा ढुङ्गे वा सिकारी युगमा आजभन्दा लगभग ४ हजार वर्ष पहिले बसाइँसराइ गर्दै आएको अनुमान गर्दै चीनको ऐतिहासिक वृत्तान्तमा इसापूर्व ३१०० मा आजको मङ्गोलिया देशको दक्षिण पामिर पाठरदेखि पूर्व र तिब्बतदेखिको उत्तरी क्षेत्रमा भीषण भौगर्भिक प्रलय भई त्यो क्षेत्र सामुद्रिक आँधीले बलौटे बनाएकाले त्यस क्षेत्रका मानिस अन्त बसाइँ सरेको प्रस्ट उल्लेख गरेका छन् (थापामगर, २०५९,पृ. ३-६)। मगरहरूको आगमनलाई थप पुष्टि गर्दै धर्मप्रसाद श्रीस लेख्छन्ः

> मगरको पहिलो समूह लगभग ३५०० इसापूर्वतिर भारतको सिन्धु नदीको उर्वर भूमिमा बसोबास गरेका थिए र राजनीतिक र आर्थिक कारणले गर्दा त्यो भूमि छोडी ३५०० इसापूर्वपछि नेपाल प्रवेश गरे। दोस्रो समूह आसाम डिमापुर वा पाटक पतञ्जलीबाट लगभग १३०० इसापूर्वतिर नेपाल आएका हुन्। तेस्रो समूह उत्तरबाट अर्थात् मुस्ताङ घाँटीबाट (लगभग १५०० देखि १००० इसापूर्वतिर) नेपाल प्रवेश गरेको अनुमान छ। चौथो समूह सिक्किमको युद्धमा मगर फौजको धेरै नोक्सान भएकाले बाँचेका मगर सैनिकहरूले काङ्वाचेन उपत्यकालाई सदाका लागि त्यागी त्यहाँबाट दक्षिण-पश्चिम भेगतिर लागे। त्यसपछि लगभग पाँचौँ या छैटौँ शताब्दीतिर हालको मध्य-नेपालको वीरगन्जदेखि ६ माइल उत्तर-पूर्वमा पर्ने सिमाङ्गढ गएर बसोबास गरे। पाँचौँ समूह विभिन्न जातिको समिश्रण मगर जाति भएको र यस जातिमा अन्य जातिले पनि आत्मसात् गरेको कुराको उल्लेख गर्दै लगभग १७०० वा १६०० इसापूर्वतिर जोगी एवम् तपस्वीहरू तपस्याका लागि नेपालको विभिन्न धार्मिक स्थल तथा गुफा र घना जङ्गलमा आकर्षित भएको र तपस्या गर्ने क्रममा यहाँका मगर राज्यहरूलाई कुनै खलल नगरी मगर कन्याहरूसँग विवाह गरी उनीहरूको सन्तान मगर भए। भारतका विभिन्न प्रदेशमा भएको आक्रमण र राज्य विस्तारले गर्दा सातौँ वा आठौँ शताब्दीदेखि आर्यहरूको नेपाल प्रवेशमा निकै तीव्रता आयो। यो क्रम झन्डै अठारौँ शताब्दीसम्म कायम रह्यो र पछि आउने आर्यहरूले आफ्नो हिन्दु धर्म कायमै राख्दै

र मगरहरूलाई समेत हिन्दु आस्थाप्रति आकर्षित गर्दै यिनीहरू पनि मगर भए । (श्रीस, २०३८,पृ. ७-२४)

श्रीसले २०३८ सालमा आफ्नो पुस्तकमा यी सम्भावनाहरू पेस गरेको भए पनि अध्येतासँग स्वयम्ले यसको पुनर्विचार र मानवशास्त्रीय अध्ययन हुनुपर्ने बताएका छन् । विश्वकै सन्दर्भमा नेपाल मगर जातिको बसोबासको दृष्टिकोणले पुरानो जाति हो भन्ने कुराको आधार माथि नै पेस गएिको छ । पछिल्लो अध्यायमा मगरातको प्रसङ्गमा पनि उल्लेख गरिएको छ । प्राचीन नेपालमा मगरहरू बसोबास मात्र गरेनन्, यहाँ आफ्नो राज्यसम्म खडा गरेको इतिहासले देखाउँछ । अर्कोतर्फ मगरहरू बीचको संसर्गले पनि यसरी छरिएर आएको कुराको खण्डन गर्दछ । किनकि अहिले पनि भारतका कुमाउँ र गढवाल, भुटान र बर्मा ( म्यानमार) का पुराना मगर बस्तीहरूसमेत नेपालबाट गएका मगरहरूको हो भन्ने कुरा त्यहाँका मगरहरूले हाम्रो पुर्खा नेपालबाट आएको भन्ने जानकारी दिने गरेको उदाहरणहरूबाट पाइन्छन् । घर्तीमगर (२०५५) र थापामगर (२०६७) ले नेपालका मगरहरू भारत र भुटानमा बसोबास गरेको कुरा उल्लेख गरेका छन् । प्रथम र दोस्रो विश्वयुद्धमा केही बेपत्ता भएकाहरूमध्ये पनि त्यहीँ घरजम गरेर, अलमल परेर वा स्वेच्छाले पनि भारत, बर्मा (म्यान्मार) मलेसिया लगायतका देशहरूमा बसेको पाइन्छ ।

भान्सिटार्ट (सन् १९९३) तथा नर्थी र मोरिस (सन् २०१४) का अनुसार मगर जाति भारतको समतल भूमिबाट नेपालको उत्तरी वा पूर्वी क्षेत्रमा प्रवेश गरेका हुन् श्रीस, भान्सिटार्ट, नर्थी र मोरिसले भनेजस्तो मगरहरू आजको भारतबाट आएको कुराको सत्यता हुन सक्छ किनकि हिजोको नेपाल आजको भारतका धेरै भूभागसम्म फैलिएको थियो । ठूलो सङ्ख्यामा रहेको मगरको मूल एउटै नहुन सक्छ तर सबै मगर नै आगन्तुक भने होइनन्, किनकि नेपाल मगरको मूल थलो हो । मगरको सन्दर्भमा नेपालमा जस्तो ऐतिहासिकता र विशिष्टता सायद विश्वको कुनै पनि ठाउँमा नहुन सक्छ । मगर नेपालको पुरानो आदिवासी भएकाले पक्कै पनि नेपाल र भारतको निर्माणभन्दा पनि पुरानो इतिहास र पहिचान रहेको हुन सक्छ ।

मगरको आगमनको सन्दर्भमा जनकलाल शर्मा लेख्छन्, “हुणहरू उत्तर र दक्षिणबाट आएर हाम्रो पार्वत्य प्रदेशमा ससाना राज्य खडा गरे भने त्यसै समयमा हेप्तालहरूले पनि आ-आफ्ना ससाना राज्य खडा गरे, हुणहरू यहाँ आएर ‘मगर’ कहलाइए । इसाको आठौँ शताव्दी पछि हेप्तालहरू हिन्दु धर्ममा दीक्षित भएर क्षेत्री भए पनि अघि भनिएजस्तै पछि त्यसलाई कायम राख्न असमर्थ भए । त्यसैकारण जातिभ्रष्ट भएका ठकुरीहरू नै पछि गएर मगर भएका हुन् भन्ने जनविश्वास रहेको हो” (शर्मा, २०६७,पृ. २४३) ।

शर्माको उपर्युक्त भनाइबाट मगर जाति हेप्तालबाट मगर भएको हुन सक्ने आभास हुन्छ । तर वास्तवमा ती हेप्तालहरू को थिए त भन्ने लेखकले प्रस्ट्याएका छैनन् । शर्मा स्वयम्ले पनि पुस्तकमा पूर्ण जानकारी नभएकाले र हेप्तालहरूको आगमन मिति पनि प्रस्ट नभएकाले मगरमा हेप्तालहरूको रगत

छ/छैन कसैले पनि किटानी गर्ने आधार भने छैन भनी उल्लेख गरेका छन्। अर्कोतर्फ ठकुरीबाट जातिभ्रष्ट भएर मगर भएको भन्ने कुरा पनि विश्वासयोग्य छैन किनकि सिल्भाँ लेभी, ऋषिकेश शाह, धर्मप्रसाद श्रीसलगायतका लेखकहरूले मगरले आफ्नो जातीय पहिचान फेरेर ठकुरी भएको उदाहरणहरू पेस गरेका छन्, त्यसैले ठकुरीबाट मगर हुन सक्ने कुरा कम विश्वसनीय छ।

शरतचन्द्र दासका अनुसार सिक्किमको काङ्वाचेन नदीको उपत्यकामा मगर जातिको राज्य थियो। त्यहाँ मगर जातिको बजार, बस्ती तथा किल्लाहरूको भग्नावशेषहरू रहेको उल्लेख गरेका छन् र त्यहाँका मानिसहरू आज पनि त्यो कुरालाई सत्य ठान्दछन् भनी उल्लेख गरेका छन् (Das, 2008,p. 49)। यसको अर्थ मगरहरू भारतको सिक्किम हुँदै नेपाल प्रवेश गरेको भन्ने बुझिन्छ। सिक्किममा आज पनि त्यो उपस्थिति कायमै छ। केशवमान शाक्यका अनुसार इतिहासको कुनै समयमा मगर राज्य मगधदेखि मङ्गोलियासम्म रहेको र चीनको उत्तरमा मङ्गोलिया र भारतको बिहारमा मगध भन्ने राज्य थियो। नेपालमा त्यही आदिम कालको मङ्गोल वंशको नाम बोकेर मगर बाँचिरहेका छन् (शाक्य, सन् २०११,पृ. ९)। भारतको मगध र सिक्किम तत्कालीन विशाल नेपालमै भएकाले दास र शाक्यले भनेको कुरालाई इतिहासको विशाल नेपाल नै मगरको आदि थलो हुन सक्ने देखिन्छ।

इतिहासकार बाबुराम आचार्यका अनुसार "आजभन्दा ८/१० हजार वर्षजति पहिला अर्थात् आदिम युगमा मानव जातिको एउटा विशिष्ट समुदायका पातला आवादीहरु यत्रतत्र थिए। यी आदिम मान्छे मगर जातिका पुर्खाहरू हुनुपर्छ" (आचार्य, २०६३क,पृ. १, ३)। आचार्यको यो अनुमानले शाक्यको भारतको मगध प्रदेशबाट र दासको सिक्किमबाट नेपाल प्रवेश गरेको कुराको खण्डन गर्दछ। नेपालका मगर जाति पुरानो मात्र नभएर सबैभन्दा पुरानो जाति समूह हुन सक्ने कुरा वाटर्स र अन्य पनि (सन् २०११) *At the Foot of the Snow* कृतिलाई उद्धृत गर्दै फटिकबहादुर थापामगरले "क्राइस्ट र बुद्धको कालभन्दा पनि पहिल्यै पश्चिम नेपालको खाम/मगरहरू रहने गरेकोले अहिलेको भूगोलमा सबभन्दा पहिला बस्न आउने यिनै मानव जाति हुन सक्छ" भन्ने कुरा उल्लेख गरेका छन् (थापामगर, २०७१क,पृ. १८)।

मगर जातिको अध्ययन गर्ने क्रममा मानवशास्त्री जोन टी. हिचककले संसारका प्रायः जातिमा उनीहरू अहिले बसिरहेको ठाउँमा कसरी आइपुगे भन्ने सम्बन्धमा विभिन्न कथा पाइने उल्लेख गरेका छन्। तर उनले अध्ययन गरेको वर्तमान तनहुँ जिल्ला किहु गाउँको बरडाँडाका मगरहरूले आफूहरू पहिल्यैदेखि यही ठाउँमा बस्दै आएको र बाहिर कहीँबाट नआएको बताउने गरेको उल्लेख गरेका छन् (Hitchock, 1966,p. 4)।

आचार्य, वाटर्स र हिचककको मतमा मगर जातिको उत्पत्ति नेपालमै नभए पनि यहाँको माटोमा खनीखोस्री बस्ने पहिलो मानव समूह हुन सक्छ। तर यति मात्र आधारले मगरहरू नेपालको पहिलो जाति

हो भन्ने दाबी गर्ने आधारहरू नपुग्न सक्छ। फटिकबहादुर थापामगरका अनुसार मगर जातिको उत्पत्ति कहाँ र कहिले भएको हो र नेपालमा कहिलेदेखि कुन ठाउँमा बसोबास गर्न थालेको हो भन्ने प्रश्नका सम्बन्धमा विभिन्न विद्वान्, इतिहासकार तथा समाजशास्त्री-मानवशास्त्रीहरूले लेखेको पुस्तकहरूमा समेत एक मत नपाइने कुरा उल्लेख गरेका छन् (थापामगर, २०७१,पृ. १६)। विक्रम संवत् चौधौँ शताब्दीमा मगर जातिको प्रवेश नेपालमा भएको थियो भनी सिल्भाँ लेभीले बताएका छन् (लेभी, सन् २०१०,पृ. १७४)। तर टेकबहादुर श्रेष्ठका अनुसार विक्रमको बाह्रौँ शताव्दीको उत्तरार्द्धमा 'मग्वर विषय' आइसकेकाले उपर्युक्त कथनको पुष्टि हुँदैन भनी उल्लेख गरेका छन् (श्रेष्ठ, २०५९,पृ. १०८)। मध्य-कालको पूर्वार्द्धमा पनि मग्वर विषयको उल्लेख भएकाले लिच्छविकालपछि पनि यो प्रशासनिक अङ्ग रहेको देखिन्छ।

"हङ्गेरीका जनश्रुतिअनुसार हुणहरूको उद्गमथलो मध्य एसिया हो। कालान्तरमा युरोप प्रवेश गरी हुण भन्ने दाजु र मग्यार भन्ने भाइको संयुक्त नामबाट हङ्गेरी भएको र हुणको सन्तान खैबर घाटीबाट भारत प्रवेश गरेका थिए भने चीन र तिब्बत हुँदै नेपाल प्रवेश गरेका थिए" (थापामगर, २०७१क,पृ. १७)। मगर मङ्गोलियाबाट चीन हुँदै नेपाल प्रवेश गरेको भन्ने बहस चलिरहेको सन्दर्भमा २०५६ सालमा हङ्गेरीका मग्यारहरू आफ्नो पुर्खाको खोजी गर्दै नेपाल आएका थिए र उनीहरूले नेपालका मगरहरूसँग आफ्नो मूल थलो मङ्गोलिया भएको र केही युरोपतर्फ लागेको नेपाली मगर प्रतिनिधिहरूसँगको भेटमा बताएका थिए (बुढामगर, २०७२)। तर मगरलगायत आदिवासी जनजातिहरू मङ्गोल मूलका हुन् र मङ्गोलियाबाट आएको भन्ने कुराको खण्डन गर्दै स्वामी प्रपन्नाचार्यले मङ्गोलियाको उत्पत्ति हुनुभन्दा पहिले नै हिमत्वखण्ड नेपालमा किरातहरूको बसोबास र राज्य सञ्चालन गरेको इतिहास भएकाले यो तर्कको आधार नभएको बताएका छन् (स्वामी प्रपन्नचार्य, २०५१,पृ. ४५६)। त्यसैगरी चेम्जोङका अनुसार किरात वंशावलीमा उल्लेख भएअनुसार मङ्गरको उत्पत्ति चीनको 'सिन' भन्ने ठाउँमा भएको हो। त्यहाँबाट 'सिङ मङ्गर' र 'चितु मङ्गर' नाम गरेका दुईजना अगुवाको अगुवाइमा त्यहाँको ताङ्सङ् थापा मानव समूह दक्षिणतिर आयो। 'ताङ्सङ् थापा' को अर्थ 'सुदूर उत्तर' भन्ने हो। उनीहरू सिक्किममा स्थायी रूपले बस्न थालेपछि त्यहाँ उनीहरूले जोङ अथवा किल्ला बनाए, जसलाई मगर जोङ भनिन्छ। जनसङ्ख्या वृद्धि हुँदै जाँदा तिनीहरूले आफ्नै राज्य खडा गरे भन्ने पनि चेम्जोङले उल्लेख गरेका छन् (Chemjong, 2003)। यसले मगर मङ्गोलियाबाट नभएर चीनबाट अन्य ठाउँमा गएको भान हुन्छ।

धर्मप्रसाद श्रीस, इमानसिंह चेम्जोङ, एम. एस. थापामगर, कावाकिता र भान्सिटार्ट अनुसार मगरहरूको आगमन भारतको विभिन्न भाग र चीनको उत्तरी भागबाट भएको हुन सक्ने कुराको अनुमान गरिन्छ। यस सन्दर्भमा मगरहरू विभिन्न कालखण्डमा विभिन्न स्थान र समूह हुँदै आजको नेपाल प्रवेश गरेको भन्न सकिन्छ। तर मगर नेपालमा प्रवेश गर्दा आजको जस्तो नेपाल, भारत, चीनको स्थापना पनि भएको थिएन। त्यसैले दक्षिण-उत्तर भन्न सक्छौँ वा आजको चीन, मङ्गोलिया तथा भारत भन्न सक्छौँ तर आजको नेपालको भूगोलसँग तुलना गरेर मगरको साँचो इतिहास पाउन सकिँदैन। त्यस बेलाको नेपालको

भूगोलअनुसार बुझ्नुपर्ने हुन्छ। यसको अर्थ विद्वान्हरूले चीन, मङ्गोलिया तथा भारतको भूभाग भने तापनि विश्वको मानचित्रमा मगरहरूको घनत्व र ऐतिहासिकता समेत नेपालमै भएकाले विभिन्न समयमा वर्तमान नेपालको उत्तर र दक्षिणलगायत विभिन्न दिशा वा क्षेत्रतर्फ लागेको हुन सक्छ र विभिन्न चरणमा पुनः अहिलेको नेपाल प्रवेश गरेको हुन सक्ने कुरामा सहमत हुन सकिन्छ।

### २.१०.३ **मगरको नामकरण**

"सामान्यतया 'मगर' भन्नेबित्तिकै नेपालको एक सोझो, लडाकु, परिश्रमी तथा इमानदार जातिलाई बुझ्ने गरिन्छ" (प्रश्रित, २०७०,पृ. २०; सिंह, २०७१,पृ. २०)। मगर जातिको आगमन र उत्पत्तिजस्तै मगर जातिलाई के कारणले मगर भनियो वा किन मगर नाम रहन गयो भन्ने सन्दर्भमा पनि फरक फरक मतहरू छन्। 'मगर' शब्दलाई विभिन्न विद्वान् तथा इतिहासकारले विभिन्न अर्थमा व्याख्या गरेको पाइन्छ। तर एम. एस. थापामगरले प्राचीन मगरहरूलाई 'मगर' नाउँले उल्लेख नगरी मकर, मगध, मङ्गोल, लिच्छवी, वृजी, विडाल, मेदेस, भाटी, कवि वा कभी, सिथयन, अफर्ती, किराती, अवाटी आदि भनेर उल्लेख गरेको बताएका छन्। चाँगुका जगतजय मल्लको ताम्रपत्रमा मगरलाई 'मगल' शब्द उल्लेख भएको छ। 'मगर' शब्द आर्य ब्राह्मणद्वारा राखिएको आधुनिक नाम हो। यो शब्द मङ्गोल शब्दको अपभ्रंश भई मगर भएको हो भनी उल्लेख गरिएका छ (थापामगर, २०५९)। बाह्रौँ शताव्दी भन्दा पहिले मगर, राई, गुरूङ, लिम्बू लगायतलाई किराँती मानिन्थ्यो, तर हिन्दु संस्कृतिबाट प्रभावित भई किराँती भन्न छोडेको हो ( आले, सन् २००३,पृ. १)। बालकृष्ण पोखरेलले वर्तमानको मगर मुन्दी, मर्क, मर्कट शब्द अपभ्रंश हुदै मकर, मगर हुन गएको उल्लेख गरेका छन् (पोखरेल, २०५५,पृ. ४९५, ६३४)। गितु गिरीका अनुसार धवल स्रोत वा धौलागिरि अञ्चललाई सन् ११०० को एउटा ताम्रपत्रमा मंग्वर विषय (जिल्ला) भनिएको छ, मगरको सबैभन्दा पहिलो उल्लेख त्यहीँ देखिएको छ। त्यसैगरी सन् १०५९ मा हस्तलिखित ग्रन्थ अष्टसहस्रिका प्रज्ञापारमितामा मगर लेखिएको थियो भनी उल्लेख गरिएको छन् (गिरी, २०६२,पृ. ५५)।

बालाराम घर्तीमगर (२०५५,पृ. ४) अनुसार 'मङ' बाट मगर भएको हो। उनले प्राचीन नेपालमा मगरलाई मङ जाति र मगर भाषालाई मङ भाषा भनी बुझ्ने गरेको उल्लेख गरेका छन्। बमकुमारी बुढामगर (२०५५) अनुसार 'मगर' उच्चारण मङ्ङर शब्दबाट रूपान्तरण भएको हो। मगरबाहेक अन्य जातिहरूले मङ्ङर चलन, मङ्ङर गाउँ, मङ्ङर भाषा आदिबाट सम्बोधन गरेको पाइन्छ। मगर कण्ठेश्वर भारोपेली उच्चारण हो भने, मङ्ङर नाकेश्वर भोट-बर्मेली (हाल म्यान्मारेली) उच्चारण हो। मङ्+रङ दुई शब्दको सन्धि अघिल्लो शब्द 'मङ' भनेको 'जुँघा' र पछिल्लो शव्द 'रङ' भनेको देख्नु वा हेर्नु हुन्छ। कुनै जुँघा नभएको व्यक्ति देख्दै मङ्रङ-मङ्रङ शब्द धेरै पटक दोहोरिंदा रङबाट 'ङर' हुन गएकाले 'मङ्ङर' बनेको हो। किनकि मगरको जुँघा नहुने हुनाले जुँघा नभएको व्यक्ति देखेर आश्चर्य मानिएको अभिव्यक्तिमा आएको उद्गार 'मङ्ङर' हो भनी उनले बताएकी छन्। चेम्जोङ (सन् २००३,पृ. १४१) का अनुसार पूर्वी

नेपाल तथा सिक्किममा मङ्गरहरू मङ वा मोङको सन्तान भन्ने बुझिन्छ। चाइनिज तथा बर्मिजहरूले मङ्गोलियनलाई माङ वा मोङ भन्दछन्, त्यसैले मगर मङ्गोलियनका सन्तान हुन्। यसरी घर्तीमगर, बुढामगर र चेम्जोङका अनुसार मङ, मोङ, मङ्गरबाट मगर भएको मान्न सकिन्छ।

मगर वंशावली केलाउने क्रममा योगी र गुरुङ (२०२०,पृ. २६) ले महाराजिक, महाराजी, महारा, महर, महतौ, मगरा र मगर राजाहरूको उल्लेख गर्दै पुण्य मल्लको कनकपत्र शाके १२५८ मा पनि महाराजिक, महर र मगर शब्दहरू प्रयोग गरिएको बताएका छन्। यसले महर, मगरा जस्ता शब्द अपभ्रंश हुँदै आएर मगर भएको मान्न सकिने ठाउँ छ। यो कुरालाई धर्मप्रसाद श्रीस (२०३८,पृ. ५-६) ले आफ्नो कृति *मगराती संस्कृति*मा पनि जुम्ला, डोटी र कुमाउँतिर मगर जातिलाई महर भन्ने गरेको र सिक्किममा पहिले मगरहरूलाई मङ्गर भनिन्थ्यो भनी उल्लेख गरेका छन्। भारतको सिक्किम तथा दार्जिलिङमा अहिले पनि त्यहाँका मगरहरूको साझा सङ्गठनका रूपमा मंगर (मङ्गर) सङ्घ भारत क्रियाशील छ। त्यहाँ 'मगर' लाई 'मंगर वा मङ्गर' भनिन्छ। यसैले मगर शव्द अन्य शब्दहरूवाट अपभ्रंश भएको भन्ने बुझिन्छ।

विभिन्न विद्वान्का तर्कलाई आधार मान्दा 'मगर' शब्दको नामकरणबारे नाग, किराती, 'महर', 'मङ्गोल', 'मङ्गर', 'मगध', 'मर्कत', 'मकर', मओङ्गिल, मओङ्गोली, 'माओङ', 'मोङ', 'मङ', मंगर र 'मग्वर' शब्दहरू कालान्तरमा अपभ्रंश भई 'मगर' भएको हुन सक्छ। यी शब्दहरूमध्ये पनि 'मंगर' शब्द अहिले पनि प्रचलनमा छ। मगरका खास बस्तीहरूमा मगरहरूलाई मंगर (मङ्गर) नै भनेर चिनिने र बोलिने भएकाले पनि यो कुराको पुष्टि गर्दछ। धेरैपछि खस नेपाली भाषामा लेखिने सरकारी कागजहरूमा मगर लेख्ने परम्परा बसेपछि मंगर (मङ्गर) बाट मगर भएको कुरा प्रस्ट छ।

### २.१०.४ **प्राचीन मगरात**

'मगरात' मगर जातिको इतिहास र पहिचानको अध्ययनको विषयमा सबैभन्दा स्थापित र सर्वमान्य आधार हो। मगरातको अध्ययन र जानकारीबिना नेपालको इतिहासमा मगर जातिको यथार्थ जानकारी पाउन असम्भव छ। सामान्य अर्थमा मगरहरू बसोबास गरेको क्षेत्रलाई मगरात भनिन्छ (Baral, 2010; श्रीस, २०६७,पृ. १२)। मगरात मगर आदिवासी जनजातिको आदिभूमि हो, जहाँ मगर जातिको राजनीतिक, भाषिक, सांस्कृतिक र ऐतिहासिक पहिचान जोडिएको छ। मगरातको भूगोलको सन्दर्भमा विभिन्न विद्वान्को आ-आफ्नै मत रहेको छ। बालाराम घर्तीमगरले मङ राज (मगरात राज्य) गण्डकीदेखि किचा (किरात) र धादिङदेखि डोटीसम्म फैलिएको बताएका छन् (घर्तीमगर, २०५५,पृ. १५)। एच. बी. थापामगरले काली-गण्डकी पश्चिम, जम्मु-काश्मिर पूर्व, गोरखपुर उत्तर र मानसरोवर दक्षिण यति चार किल्लाभित्रको भूभाग नै ऐतिहासिक रूपमा मगरात अधिराज्य हो भनेका छन् (थापामगर, सन् १९९४,पृ. २)। गिमलेट्टे (सन् १९९३,पृ. २३) ले मगरहरूको मूलथलो सतहुँ, पैंयु, भीरकोट, ढोर, गरहु, रिसिङ,

घिरिङ, गुल्मी, अर्घा, खाँची, मुसीकोट, इस्मा र तल्लो भागमा राप्ती नदी र मर्स्याङ्दी नदीबीचमा रहेको बताएका छन् ।

टेकबहादुर श्रेष्ठका अनुसार मग्वर मगरातको प्राचीन नाम हो। नेपालमा मगरको मूल थलो मध्यपश्चिमाञ्चलमा मर्स्याङ्दी नदीदेखि प्यूठानसम्मको प्रदेशलाई मगरात मानिन्थ्यो। कुनै समयमा गण्डकी प्रदेशका यी राज्यहरूको सङ्ख्या चौबिस पुग्न गएको हुँदा समष्टि रूपमा यसको नाम 'चौबिसी' हुन जानुका साथै कर्णाली प्रदेशमा 'बाइसी' र गण्डकी प्रदेशमा चौबिसी राज्यको स्थापना हुन गएको उल्लेख गरेका छन् (श्रेष्ठ, २०५९,पृ. ३) । केशरजङ्ग बरालमगरले नेपालको पश्चिमाञ्चल र मध्यपश्चिमका लुम्बिनी, गण्डकी, धौलागिरि, राप्ती र भेरी अञ्चलहरू मगरात क्षेत्र भनेर चिनिने उल्लेख गरेका छन् (बरालमगर, २०६८,पृ. १७) । नेपाल अधिराज्यलाई भूगोलविद्हरूले कोसी, गण्डकी र कर्णाली प्रदेशमा विभाजन गरेको देखिन्छ, तापनि यी तीन प्रदेशहरूको वास्तविक मौलिक नाम किरात, मगरात र खसान्त वा खसान हो (मल्ल, २०३२,पृ. १७९; बरालमगर, २०६८,पृ. ११) ।

*गुरुङ मगर वंशावली* अनुसार महाराजिक देवमावंशका मगर जातिको राज्य हुनाले सप्तगण्डकी प्रदेशलाई मगरात, पारकोट आदि नामले पनि पुकारिन्थ्यो। मिन श्रीसका अनुसार कालीगण्डकी र बडीगाडको सङ्गमस्थल रुद्रबेनीदेखि उत्तरीखण्ड अर्थात पार गुल्मी (कालीपार/कालीगण्डकीपारि) नै पार्कोट हुन सक्ने बताएका छन्। यो भागलाई अहिले पनि पाल्पा र स्याङ्जातिर कालीपार भन्ने गरिन्छ भने बडीगाडदेखि पश्चिमको गुल्मेलीहरूले पारगुल्मी भन्ने गर्दछन्। पाल्पा, स्याङ्जा र बडीगाड पश्चिमका मानिसहरूले पारिको कोट भन्दै जादा कालान्तरमा पारकोट भएको अनुमान गरेका छन् (श्रीस २०७५) । तर, इतिहासकार विष्णुप्रसाद घिमिरेले *पाल्पा राज्यको इतिहास भाग १* मा पार्कोट राज्य पाल्पा राज्यको उत्तरमा पर्ने उल्लेख गरेका छन् (घिमिरे, २०४५,पृ. ३५) ।

"मध्यकालीन नेपालमा २२० मगर राजा थियो, अन्तमा १२ भाइ मगर राजा शेष रहेको बेलामा १२ मगरात भन्ने प्रसिद्धि भयो। हिमवतखण्डका किरात, मगर, खसान र जडान चार प्रदेशमा त्रिशुलीको पानी ढलो मगरात गण्डकी प्रदेश हो, जहा दक्षिणतिर मगर राज्य र उत्तरमा गुरुङ राज्य थिए" (योगी र गुरुङ, २०२०,पृ. १४, २६, २९) । गोर्खा राज्य विस्तारको सन्दर्भमा तत्कालीन समयमा अस्तित्वमा रहेका खसान, मगराँत, किराँत लगायतका राज्यहरुको नागरिक र त्यहाँका विविधतालाई एकल साँस्कृतिककरण गरेको उल्लेख गरेका छन् । तत्कालिन गोर्खा राज्य बाईसे अन्तर्गत पर्ने कर्णाली र चौबीसी अन्तर्गत पर्ने गण्डकी दुवैमा नपरी मगराँत अर्थात पारकोट अन्तर्गत पर्ने मगरातमै स्थापित गोर्खा राज्यले मगरहरूको राजनैतिक सहभागितामा कमजोर बनाएको र नेपालका आदिवासी जातिहरू मध्ये गुरुङ र मगरलाई गोर्खा राज्य विस्तार पछिको नयाँ संरचनाले हिन्दूकरणको प्रभाव पारेको बताएका छन् (Pradhan, 2009,p. 175; प्रधान, सन् २०१०,पृ. ४) ।

मध्यकालको पूर्वार्द्धमा उत्तरमा हिमालय, दक्षिणमा महाभारत शृङ्खला, पूर्वमा त्रिशुली, पश्चिममा काली-गण्डकीको पानीढलो माझको भूभाग बाह्र मगरात भनिन्थ्यो (बुडामगर,२०४९,पृ. ८;Sapkota, 2004,p. 195)। १६औं शताब्दीसम्म अस्तित्वमा रहेका मगरात राज्यहरूमा भारतबाट नेपाल आश्रय लिन पसेका राजपूतहरूले यी मगर राज्यहरू विस्तारै आफ्नो हातमा लिएपश्चात मगर राज्यहरू विघटन भएका थिए (Hamilton, 2007; Whelpton, 2011; Wright, 2007)।

*मगरात इतिहास*का लेखक एच. बी. थापाका अनुसार "इतिहासमा मगरहरूको राज्य कर्णालीसम्म फैलिएको थियो। भारतबाट आएका आर्यहरूको पहिलो आक्रमण अठार मगरातभाषी ( खाम भाषी) हरूले सामना गरेका थिए तर पराजित भएपछि त्यहाँको मगरात राज्यको ठाउँमा सिञ्जामा खस राज्य स्थापना भएको हो। नेपालको इतिहासमा पाल्पाका मुकुन्द सेनहरू 'बाह्र पन्थी' मगर थिए भने पश्चिमका राजाहरू 'अठार पन्थी' मगर थिए" (थापामगर, सन् १९९४,पृ. ६३)। जापानी अनुसन्धानकर्ता कावाकिता जिरोले पनि म्याग्दीका पुन मगरहरू अठार पन्थी र चौध पन्थी अर्थात् अठार थर र चौध थर छन् भनेका छन् (Kawakita, 1976,p. 63) भने टेकबहादुर श्रेष्ठले पर्वत राज्यमा अठार पन्थी मगरको बाक्लो उपस्थिति भएको उल्लेख गरेका छन् (श्रेष्ठ, २०५९,पृ. १०७)। यसले पनि इतिहासमा अठार मगरातको संरचना रहेको प्रसङ्गलाई बल पुऱ्याउँछ। अगस्त मोल्नारले मगरहरूलाई ठूलो समूह बाह्र र अठारमा विभाजन गर्न सकिन्छ र हालको बाग्लुङको निसी र भुजी खोला नै बाह्र र अठार मगरहरूलाई छुट्ट्याउने सीमा हो भनी उल्लेख गरेका छन्। अठार मगरहरूको उत्तर र पश्चिम पहाडी क्षेत्र रोल्पा, रुकुम, सल्यान, बाग्लुङ, म्याग्दी र आसपासको क्षेत्रमा बसोबास रहेको र यो क्षेत्रका मूल बस्तीहरू रोल्पा र रूकुमका थबाङ, लुबाङ, टक र मैकोट पर्दछन् भने धौलागिरिको पश्चिमी भाग निसी र भुजी नदीका आसपासमा रहेको उल्लेख गरेका छन् (Molnar, 1984,p. 39)।

मगर जातिको पहिचान र राजनीतिक इतिहासको विषयमा विद्वान्हरूले धेरै तथ्यहरूको उजगार गरेका छन्। मगर जातिको धेरै विषयमा विद्वान्हरूको समान धारणाहरू भए पनि कतिपय मान्यताहरूमा भने विद्वान्हरूका बीचमा मतैक्यता पाइँदैन। मगर जातिको इतिहास र पहिचानको सन्दर्भमा कलम चलाएका विद्वान्हरू तथा लेखकहरूको कृतिहरूको अध्ययनले मगर जातिको ऐतिहासिक पहिचानमाथि धेरै प्रश्न समेत उब्जाएका छन्।

### २.११ **सैद्धान्तिक अवधारणा**

पूर्व साहित्यको अध्ययन र समीक्षा गर्दा पहिचानको राजनीतिलाई मार्क्सवादी र उदार पुँजीवादीहरू दुवैले बहस गरेको र त्यससम्बन्धी कार्यक्रमहरू पनि लिएको पाइन्छ। यस अध्ययनमा मगर पहिचानको राजनीतिलाई मार्क्सवादी दृष्टिकोणअन्तर्गत नेपालका दुई कम्युनिस्ट पार्टीहरू एमाले र माओवादी तथा उदार पुँजीवादी अन्तर्गत संयुक्त राष्ट्र सङ्घ लगयातका अन्तराष्ट्रिय कानुनमा व्यवस्था

भएका आदिवासी जनजाति सम्बन्धी नीतिको समीक्षा गरी मगर जातिको पहिचानको राजनीतिलाई मार्क्सवादी सैद्धान्तिक अवधारणाबाट हेरिएको छ। मगर पहिचानको राजनीतिलाई मार्क्सवादी र उदारवादी दुवै दृष्टिकोणको समिक्षाले अन्तरष्ट्रिय सन्दर्भमा एमाले र माओवादीको जातीय नीतिको सैद्धान्तिक विश्लेषण गर्न टेवा पुग्ने छ।




### २.१२ अनुसन्धान अन्तर

नेपाल जस्तो बहुजातीय र बहुसांस्कृतिक मुलुकमा जातीय पहिचान हिजो प्रमुख पहिचानका रूपमा थियो तर आज एउटा राजनीतिक पाटो बनेको छ। पहिचानका कतिपय सवालहरूमा नव-मार्क्सवाद र समावेशी लोकतन्त्रका विशेषताहरू समान छन्। समावेशी लोकतन्त्र विभिन्न समूह र सङ्ख्यामा बाँधिएका नागरिकहरूलाई राज्यको अङ्गहरूमा प्रतिनिधित्व गराउने लोकप्रिय सिद्धान्तका रूपमा लिने गरिन्छ। मार्क्सवाद मूल रूपमा आर्थिक पक्षधर भए पनि समाजलाई ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट अध्ययन गर्ने दर्शन हो। तर नेपालका कम्युनिस्ट पार्टीहरुले आदिवासी जनजातिहरूको राजनीतिक मनोविज्ञान र साँस्कृतिक पक्षलाई गहिरो अध्ययन नगरी जातीय पहिचानको राजनीति सामाजिक-सांस्कृतिकभन्दा पनि वर्गीय हो भन्ने गरेका छन्। नेपालको सन्दर्भमा जातीय उत्पीडन र वर्गीय उत्पीडन एक आपसमा जेलिएका छन्। यी दुवै मुद्दालाई एक अर्कोबाट अलग गरेर होइन, आपसमा जोडेर हेरेमा सही निष्कर्षमा पुग्न सकिने विभिन्न साहित्यहरूले देखाएका छन्। माथ्यु होल्डेनका अनुसार पहिचानको राजनीति बहुलवादी संस्कृति र असमावेशी समूहहरूको संस्थागत प्रतिनिधित्वका लागि प्रतिपादन गरिएको सिद्धान्त भएकोले यसलाई न अरू विधिबाट निश्चित गर्न सकिन्छ, न त अस्वीकार गर्न (Holden, 2006)। यसै सन्दर्भमा मगर जातिको प्राथमिक मुद्दा वर्गीय वा जातीय कुन हो भन्ने प्रष्ट छैन।

अर्कोतर्फ पहिचानको मुद्दालाई कम्युनिस्ट पार्टीले कसरी हेर्छ भन्ने प्रश्न पनि अनुत्तरित छ। यी विषयहरू नै यो अनुसन्धानको अन्तर हो। अर्थात्, मगर पहिचानको राजनीतिलाई मार्क्सवादी दर्शनले सम्वोधन गर्दछ कि पहिचानको दर्शनले भन्ने दृष्टिकोण प्रष्ट नभएकोले यो विषयलाई अनुसन्धान अन्तर (Research Gap) मानिएको छ।

माथि उल्लेखित र विश्लेषण गरिएका साहित्य सामग्रीहरू महत्वपूर्ण छन्। निसन्देह उपरोक्त सामग्रीहरूमा जातीय पहिचानको राजनीति सम्बन्धी सिद्धान्त र अनुभवजन्य तथा तथ्यहरू प्रस्तुत भएका छन्। यी साहित्य प्रस्तुत शोधपत्रका लागि महत्वपूर्ण सहयोगी सामग्रीका रुपमा रहेका छन्। प्रस्तुत शोधपत्रले नेपालको जातीय र विशेषतः मगरको राजनीतिक पहिचान र पहिचानको राजनीतिको शोध अन्तरको परिपूर्ति गर्ने अपेक्षा गरेको छ।

## अध्याय तीनः
## अनुसन्धान विधि

### ३.१ अनुसन्धान ढाँचा

यो शोध विवरणात्मक (Descriptive), विश्लेषणात्मक (Analytical) र अन्वेषणात्मक (Exploratory) मिश्रित ढाँचामा आधारित छ। मगर जातिको राज्यका नीति निर्माणमा के कस्तो राजनीतिक प्रतिनिधित्व छ ? मगर अभियन्ता, नेपाली समाज विज्ञान र राजनीतिक विज्ञहरू तथा सामान्य मगरजनहरूको मगर पहिचान र नेकपा एमाले र माओवादीको मगर जातिय शक्तिकरणका सम्बन्धमा के कस्तो अभिमत रहेको छ ? साथै यी राजनीतिक दलहरूको सैद्धान्तीक अभिलेख र अभ्यास के कस्तो छ ? भन्ने समेतको अध्ययनका लागि आवश्यक तथ्य तथ्याकंहरू संकलनका लागि विवरणात्मक ढाँचा अवलम्वन गरिएको छ। त्यस्तै, मगर जातिहरू नेपाली राज्य निमार्णका अभिन्न भाग हुदाँ हुदै पनि किन उनीहरूको राज्यका नीति निमार्ण र संरचनामा यथोचीत र उचित प्रतिनिधित्व हुन सकेन भन्ने सम्बन्धमा मगरजन र मगर अभियन्ताहरूबाट आवश्यक तथ्याङ्क लिएर त्यसको अध्ययन विश्लेष्ण गर्नुपर्ने भएकोले यो अध्ययन विश्लेषणात्मक विधिमा पनि आधारित छ। अर्कोतर्फ नेपालमा जाति जनजाति र उनीहरूको पहिचान तथा राजनीति सम्बन्धमा आवश्यक अध्ययनको अभाव तथा मगर जातिको राजनीतिक पहिचानका सम्बन्धमा केकस्ता समस्याहरू छन् र तिनको के कसरी समाधान गर्न सकिन्छ भन्ने शोध प्रश्न पनि यस अध्ययनको एक महत्वपर्ण भाग भएकोले यस अध्ययनमा अन्वेषणात्मक विधि समेतलाई अवलम्बन गरिएको छ।

### ३.२ तथ्याङ्क सङ्कलनका स्रोतहरू, प्रकृति र विधि

पहिचानको राजनीति सम्बन्धि अध्ययन गर्ने र राज्यको नीति निर्माणमा मगरको प्रतिनिधित्वको समीक्षा गर्ने उद्देश्यहरूको लागि गुणात्मक विधिको प्रयोग गरिएको छ भने मगरको समग्र उत्थानको लागि मगर समुदायको अभिमत खोजी गर्न मात्रात्मक विधिको प्रयोग गरिएको छ। यी उद्देश्यहरू अन्तरसंबन्धित भएकोले John W. Creswell (2014) द्वारा तयार पारिएको Convergent Parallel Mixed Methods Design (समानान्तर सम्मिलित मिश्रित विधि) को प्रयोग गरिएको छ।

शोध प्रबन्धका लागि विभिन्न विधिहरूको अवलम्बन गरिएको छ। शोधकार्य प्राथमिक तथा द्वितीय दुवै किसिमका सूचना-स्रोतहरू प्रयोग गरिएको छ। ऐतिहासिक दस्तावेजहरूको अध्ययन, ऐतिहासिक क्षेत्रको अवलोकन, प्रश्नावलीका आधारमा घरधुरी सर्वेक्षण (Field Survey) (हेर्नुहोस् अनुसूची २), राजनीतिकर्मी, सामाजिक अधिकारकर्मी, स्वतन्त्र विद्धानहरू, पहिचान र मार्क्सवादका जानकारहरूलाई केन्द्रीत गरेर मूल सूचनादाताहरूसँग चेकलिस्टका आधारमा अन्तर्वार्ता

(हेर्नुहोस् अनुसूची ३), समूह केन्द्रित छलफल र कम्युनिस्ट पार्टीहरूका तथा जातीय पहिचानमा आधारित विभिन्न कार्यक्रमको अवलोकन गरी यो शोधकार्य तयार पारिएको छ। तथ्याङ्क सङ्कलनका लागि निम्न विधिहरूको प्रयोग गरिएको छ।

**तथ्याङ्क सङ्कलन विधि**




शोधविधि अन्तर्गत आउने पक्षबारे सैद्धान्तिक रुपले स्पष्ट हुनुका साथै तिनका प्रयोग पक्षका बारेमा समेत राम्ररी स्पष्ट नभई शोधकार्यलाई उपयुक्त किसिमले अगाडि बढाउन नसकिने भएकोले त्यसतर्फ सचेतताका साथ ध्यान दिईएको छ।

जातीय मुक्ति सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टी एमाले र माओवादीको जातीय नीति तथा मगर पहिचानको राजनीतिक सन्दर्भमा मगर जातिसँग सम्बन्धित ऐतिहासिक-राजनीतिक सामग्रीहरूको अध्ययन नै यस अध्ययनको मूल स्रोत रहेका छन्। यसअन्तर्गत सम्बन्धित साहित्य तथा ऐतिहासिक दस्तावेजहरूको अध्ययन, उत्तरदाताहरूको सूचना, प्रश्नावली भर्ने क्रममा सर्वेक्षण क्षेत्रबाट आएका तथ्याङ्कहरूको विवरणका आधारमा तयार गरिएको प्रतिवेदनमाथि विभिन्न गोष्ठीहरूमा छलफल गराई शोधपत्र तयार पारिएको छ।

## ३.३ जनसङ्ख्या र नमूना सङ्कलन

### ३.३.१ नमुना सङ्कलन विधिः

सम्पूर्ण जनसङ्ख्याबाट छानिएका केही एकाइ वा अंशलाई नमुना (Sample) भनिन्छ, जुन पद्धतिद्वारा नमुनाको छनोट गरिन्छ। यसलाई नमुना छनोट पद्धति (Sampling Method) भनिन्छ। यसरी छनोट गर्दा सम्पूर्ण जनसङ्ख्याको स्पष्ट प्रतिनिधित्व हुन्छ, यो समग्रकै एउटा अंश हो र यो निश्चित पद्धति अँगाली छनोट गरिने हुँदा नमुनाका आधारमा निकालिएको निष्कर्ष समग्रका लागि पनि उपयुक्त हुन्छ ( बन्धु, २०७०,पृ. ५०)। सर्वेक्षणको नमुना सङ्कलनको लागि प्राचीन मगरात तथा पहिलो संविधानसभाले प्रस्ताव गरेको मगरात प्रदेशको १४ वटा जिल्लाहरूलाई सिङ्गो एकाइ (Whole Universe) मानेर तीनवटा जिल्लाहरूबाट नमुना छनोट गरिएको छ। नमुना छनोटका क्रममा पूर्वाग्रही (Bias) नहोस् भनेर

मगर जातिमा भएको भाषिक-सांस्कृतिक विविधतालाई मध्यनजर गर्दै बाह्र मगरात भाषा बोल्ने जिल्लाहरू र अठार मगरात भाषा बोल्ने जिल्लाहरूको फरक फरक क्लस्टर निर्माण गरियो । Random Sample ( अनियमित/छड्के नमुना) का आधारमा अठार मगरात भाषा बोल्ने जिल्लाबाट रोल्पा तथा बाह्र मगरात भाषा बोल्ने जिल्लाबाट पाल्पा र प्युठानको मगर जनसङ्ख्या पचास प्रतिशतभन्दा माथि रहेका भाषा बोल्ने तीन र भाषा नबोल्ने तीन गरी छ वटा गाउँ विकास समितिलाई छनोट गरिएको छ ।

यी तीनवटा जिल्ला भाषिक, सांस्कृतिक र भौगोलिक हिसाबले मात्र फरक नभई प्राचीन मगरातमा शासकीय हिसाबले पनि बाह्र मगरात र अठार मगरात अन्तर्गत पर्दथे । अर्कोतर्फ ती जिल्लाका गाविसहरू भाषिक तथा सांस्कृतिक हिसाबले पनि पृथक् पृथक् पहिचानयुक्त रहेका छन् । यस विधिबाट मगर जातिभित्रको विविधतालाई समेत अध्ययन गर्न टेवा पुगेको छ ।

### ३.३.२ **जनसङ्ख्या**

यी तीन जिल्लाहरूमा मगर भाषा बोल्ने र नबोल्ने दुवै गाविसहरू रहेका छन् । जसमध्ये भाषा बोल्नेमा पूर्वी पाल्पाको पिपलडाँडा गाविस वडा नं. १ बाट ३१ जना, दक्षिण प्युठानको ढुङ्गेगढी गाविस वडा नं. ४ बाट २२ जना र उत्तरी रोल्पाको गाम गाविस वडा नं. ९ बाट ३४ जना, र भाषा नबोल्नेहरूमा पश्चिम पाल्पाको बल्ढेङगढी गाविस वडा नं. ८ बाट २२ जना, उत्तरी प्युठानको स्याउलीबाङ गाविस वडा नं. ३ बाट ३३ जना र दक्षिणी रोल्पाको नुवागाउँ गाविस वडा नं. ५ बाट ३४ जना गरी जम्मा १७६ जना उत्तरदातासँग प्रश्नावली भराई स्थलगत सर्वेक्षण गरिएको छ ।

तालिका ३.१ः सर्वेक्षण गरिएका जिल्ला तथा गाविसहरू

| मगर भाषा बोल्ने | | | | मगर भाषा नबोल्ने | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | गाविस | सङ्ख्या | प्रतिशत | गाविस | सङ्ख्या | प्रतिशत | | |
| प्युठान | ढुङ्गेगढी | २२ | २५.२ | स्याउलीबाङ | ३३ | ३७.५ | ५५ | ३०.३ |
| पाल्पा | पिपलडाँडा | ३१ | ३५.६ | बल्ढेङगढी | २२ | २५.० | ५३ | ३८.३ |
| रोल्पा | गाम | ३४ | ३९.० | नुवागाउँ | ३४ | ३७.५ | ६८ | ३१.४ |
| जम्मा | | ८७ | ४९.७ | | ८८ | ५०.२ | १७६ | १०० |

(Source: CBS, 2013)

छड्के बस्ती नमुना प्रणाली (Random Cluster Sampling) र सम्भाव्य नमूनाहरू (Probability samples/Sampling) यी दुवै विधिबाट जनसङ्ख्यामा रहेको हरेक मामिला (Case) छनोटमा पर्ने सम्भावना (Monroe, 2000,p. 70) रहेकाले शोधको उद्देश्य पूरा गर्न मूल सूचनादाताहरूको अवधारणा र आम नागरिकहरूको धारणाका बीचमा अन्तर वा समान के छ भन्ने जानकारीका लागि घरधुरीको सर्वेक्षण गरिएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

#### ३.४.१ प्रश्नावली

शोधको उद्देश्य पूरा गर्न उत्तरदाताहरुको उमेर, शिक्षा, धर्म, पेशा लगायतको परिचयात्मक विवरण सहित खण्ड (क) मगर पहिचानसँग सम्बन्धित १७ वटा प्रश्नावली, खण्ड (ख) मगरको राजनीतिक मुद्धा सम्वन्धित १२ वटा प्रश्नावली, खण्ड (ग) पहिचानको विषयमा दलहरुको धारणासँग सम्बन्धित ७ वटा Multiple Selection Close Ended प्रश्नावली तयार गरी (हेर्नुहोस् अनुसूची २) अध्ययन स्थलमा सर्वेक्षण गरिएको छ।

#### ३.४.२ अन्तर्वार्ता

जोन क्रेसवेलका अनुसार तथ्याङ्क सङ्कलन तथा पूर्ण अन्तर्वार्ता व्यक्तिको अनुभव र विचारलाई समावेश गर्ने महत्वपूर्ण विधि हो (Creswell, 2014)। अन्तर्वार्ताका लागि मार्क्सवाद र मगर पहिचानको राजनीतिक विषयका छुट्टाछुट्टै चेकलिस्ट (गुणात्मक अध्ययन अन्तर्वार्ता प्रश्नावली) तयार गरी विभिन्न विषय विशेषज्ञहरूसँग अन्तर्वार्ता लिइएको छ। मार्क्सवाद र मगर पहिचानका विषयका जानकारहरू, राजनीतिक इतिहासका विश्लेषकहरू, आदिवासी जनजाति विद्वान्हरू र मगरको राजनीतिक तथा इतिहास विषयका जानकारहरूलाई मूल सूचनादाताको रुपमा ४१ जनासँग (हेर्नुहोस् अनुसूची ४) उद्देश्यमूलक (Purposeful) विधिबाट अन्तर्वार्ता लिइएको छ। अध्ययनसँग सम्बन्धित थप स्रोतका लागि अन्य ७० जनासँग सूचनामूलक अन्तर्वार्ता समेत लिइएको छ (हेर्नुहोस पाद्तिप्णीहरू)।

#### ३.४.३ सर्वेक्षण

२०६८ सालको जनगणनालाई आधार मानेर तीनवटा जिल्लामध्येबाट ५० प्रतिशतभन्दा बढी मगर जनसङ्ख्या भएका गाउँ विकास समिति (गाविस) हरूबाट २०७३ साल पौष र माघ महिनामा घरधुरी सर्वेक्षण गरिएको छ। रोल्पाका ५१ गाविसमध्ये २६, पाल्पाका ६५ गाविस र एउटा नगर पालिकामध्ये ३८ गाविस र प्युठानको ४९ गाविसमध्ये १३ वटाको विवरण तयार गरी छड्के/अनियमित नमुना (Random Sampling) का आधारमा गाविसहरू छनौट गरी सोही विधिबाट एउटा गाविसबाट एउटा वडाको घरधुरी सर्वेक्षण गरिएको छ।

#### ३.४.४ अवलोकन

उल्लिखित उद्देश्यहरू प्राप्तिका लागि मगर पहिचानसँग जोडिएका आवश्यक सामग्रीको सङ्कलन र अध्ययनका लागि मगर जातिको प्राचीन मगरात राज्यमा रहेका ऐतिहासिक र सामरिक क्षेत्रहरूको अवलोकन गरिएको छ। प्राचीन मगरात राज्यमा मगर राजाहरूले राज्य गरेको पाल्पाको

बल्ढेङगढी कोट, प्युठानको ओखरकोट र भित्रीकोट र रोल्पाको जङ्कोटमा गई स्थलगत अध्ययन र अवलोकन गरिएको छ। नेकपा (एमाले), नेकपा (माओवादी) र नेपाल मगर सङ्घले आयोजना गरेका विभिन्न कार्यक्रमहरू तथा प्रवासमा क्रियाशील मगर सङ्घ हङकङ र मगर सङ्घ युएईको कार्यक्रमहरूको समेत अवलोकन गरिएको छ।

### ३.४.५ समूहगत छलफल

अध्ययनको उद्देश्य अनुसार प्युठान, पाल्पा र रोल्पामा समूह केन्द्रित छलफल गरिएको छ। जसअनुसार प्युठानको स्याउलीबाङमा शिक्षक तथा राजनीतिक अगुवाहरूसहित १५ जना, रोल्पाको नुवागाउँमा स्थानीय व्यवसायी, शिक्षक र राजनीतिकर्मीसहित १६ जना तथा पाल्पाको पिपलडाँडामा शिक्षक र राजनीतिककर्मीसहित ११ जनासँग समूह केन्द्रित छलफलसमेत गरिएको छ।

### ३.४.६ गोष्ठी

अध्ययनबाट आएका तथ्याङ्कहरूको मार्टिन चौतारी, नेपाल मगर सङ्घ केन्द्रीय समिति, मगर सङ्घ हङकङ, मगर सङ्घ युएई, विश्व मगर सङ्घ बेल्जियमले आयोजना गरेको कन्फेरेन्स तथा सेमिनारहरूमा प्रस्तुत गरी विभिन्न विद्वत व्यक्तिबाट आएका सुझावहरूलाई समावेश गरिएको छ।

## ३.५ तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण

शोधकार्यलाई व्यवस्थित, वैज्ञानिक र प्रभावकारी ढङ्गले अध्ययन गर्न विभिन्न शोधविधि (विश्लेषणात्मक, अन्वेषणात्मक, विवरणात्मक र ऐतिहासिक) अपनाइको छ। यसरी प्राप्त प्राथमिक तथ्याङ्कहरूका अतिरिक्त अन्य स्रोतका तथ्याङ्कहरू (मार्क्सवादको जातीय मुक्ति सम्बन्धी पहिचान र मगरको राजनीतिक इतिहास, पुस्तक, अध्ययन प्रतिवेदन, अभिलेख, भिडियो, अडियो आदि), पुरातात्विक सामग्रीको समेत अध्ययन गरी विस्तृत समीक्षा गरिएको छ। यो शोध कार्यको उद्देश्य पूरा गर्नका लागि अन्य सहायक सन्दर्भ स्रोतका रूपमा संविधानसभा राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँड समिति, उच्चस्तरीय आयोगको प्रतिवेदन, नेपालका कम्युनिस्ट पार्टीहरूका (एमाले र माओवादी) दस्तावेजहरू, नेपाल आदिवासी जनजाति महासङ्घका प्रतिवेदनहरू, संयुक्त राष्ट्र सङ्घको घोषणापत्रहरू, नेपाल सरकार र आदिवासी जनजातिहरूको वीचमा भएका सम्झौता (हेर्नुहोस् अनुसूची ५) र नेपाल सरकारले आदिवासी जनजातिहरू सम्बन्धी तयार गरेका नीति तथा अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरूको पनि अध्ययन गरिएको छ। मगर जातिको ऐतिहासिक तथा राजनीतिक विषयमा जानकारी राख्ने व्यक्तिहरू र नेकपासँग सम्बन्धित व्यक्तिहरूबाट मूल सूचना लिइएको छ। यो विधिबाट माथिका तीनवटा उद्देश्यका लागि आवश्यक सूचना उपलब्ध भएको छ। दस्तावेजहरूको अध्ययन, अन्तर्वार्ताबाट आएका सूचनाहरू र सर्वेक्षणबाट आएको परिणामलाई छुट्टाछुट्टै र समानान्तर रूपमा विश्लेषण गरिएको छ।

शोधकार्यका लागि मगर पहिचानको ऐतिहासिक-राजनीतिक पृष्ठभूमि र जातीय मुक्ति सन्दर्भमा मार्क्सवादसँग सम्बन्धित साहित्यहरूको अध्ययन तथा ऐतिहासिक संरचना, ऐतिहासिक दस्तावेजहरू, उद्देश्यमूलक अन्तर्वार्ताहरू, अध्ययन क्षेत्रहरूको सर्वेक्षण र अवलोकनहरूका आधारमा तयार गरिएको पुस्तिकाहरूबाट तथ्याङ्कहरूको विवरण तयार पारिएको छ। सङ्कलन गरिएका तथ्याङ्कहरूको विभिन्न विषयगत समूह र उपसमूहमा विभाजन र कोडिङ गरी सङ्गठित गर्नुका साथै अध्ययन क्षेत्र (Field Work) बाट आएका तथ्याङ्कहरूलाई Statistical Package for Social Science (SPSS) सफ्टवयरद्वारा तथ्याङ्क विश्लेषण गरी समीक्षा गरिएको छ।

मात्रात्मक विधि (Quantitative Methodology) बाट आएको परिणाम र गुणात्मक विधि (Qualitative Methodology) को तथ्याङ्कबाट आएको परिणामलाई साथसाथै तुलनात्मक (side-by-side comparison) अध्ययन विधिबाट फरक र समानताको विश्लेषण गरिएको छ। दुवै विधिहरूबाट आएका तथ्याङ्कहरूलाई सम्बन्धित सिद्धान्तसँग जोड्दै पुनः निरीक्षण गरी तथ्यपरक ढङ्गले विश्लेषण गरी निचोड निकालिएको छ।

### ३.६ शोधको नैतिक पक्ष

पहिचानको राजनीतिलाई मार्क्सवादको दृष्टिकोणबाट विश्लेषण गरिएको छ। पहिचानको घटना अध्ययन/आत्मअनुभव (Case Study) का रूपमा मगर जातिको ऐतिहासिक-राजनीतिक पृष्ठभूमिमा केन्द्रित भई अध्ययन गरिएको छ। यस अध्ययनबाट अरू कुनै समुदाय, विचार, आस्था, व्यक्तिमाथि पूर्वाग्रह राखिएको छैन। अध्ययनका सिलसिलामा स्रोतको उपयोग प्राज्ञिक सीमामा रहेर गरिएको छ। प्राज्ञिक मूल्य मान्यताको उच्च कदर गरी विशुद्ध प्राज्ञिक अभ्यास गरिएको छ। शोध मार्क्सवाद, पहिचान र मगरको ऐतिहासिक-राजनीतिक पृष्ठभूमिसँग जोडिएकाले मार्क्सवादको जातीय मुक्तिसँग जोडिएको पक्ष र पहिचानको मूल आधारहरूको मात्र अध्ययन गरिएको छ। व्यक्तिगत तथा सामूहिक सूचनाको प्रयोग र नाम उल्लेख सम्बन्धमा सूचनादाताको पूर्वस्वीकृति लिइएको छ। सामाजिक, सांस्कृतिक तथा व्यक्तिगत गोपनीयतालाई ध्यानमा राखी सूचनाहरू प्रस्तुत गरिएको छ।

कुनै जाति विशेषको विषयमा अनुसन्धान गर्दा अनुसन्धानकर्ताको पहिचानसँग जोडिएकाले जातीय पृष्ठभूमिका कारण अनुसन्धान केही हदसम्म पूर्वाग्रह या आत्मगत/आत्मपरक (Subjectivity) हुन सक्छ भन्ने विषयमा अनुसन्धानकर्ताले प्रश्न गर्ने गर्दछन्। यस विषयमा म स्वयम् मगर समुदायको एक सदस्य भएको कुरा स्वीकार गर्छु र लामो समयदेखि जातीय पहिचानको क्षेत्रमा क्रियाशील पनि छु। मगर जातिको आर्थिक, सामाजिक र राजनीतिक अवस्था कमजोर भएको कुरा विभिन्न अध्ययनहरूले देखाएका छन्। पिछडिएको समुदायलाई विकासको मूलधारमा सहभागी बनाउन त्यो समुदायबारे अध्ययन-अनुसन्धान आवश्यक छ। त्यस्तो समुदायको अध्ययन गर्दा विशेष गरेर गुणात्मक विधि

अनुसन्धानमा कुनै न कुनै रूपमा पूर्वाग्रहीपूर्ण (biasness) हुने कुरामा अनुसन्धानकर्ता सहमत छन् (Thapa, 2017) । तर त्यस प्रकारको पूर्वाग्रह कम होस् भन्ने उद्देश्यले शोध मिश्रित विधिमा आधारित रहेको छ।

## अध्याय चारः

## नेपाली राज्यको संरचना र मगर जातिको अवस्था

### ४.१ नेपालको जनसाङ्ख्यिक तथा भाषिक अवस्था

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको जनसङ्ख्या २,६४,९४,५०४ रहेको छ, जसमा महिला ५१.५ प्रतिशत र पुरुष ४८.५ प्रतिशत रहेका छन्। केन्द्रीय तथ्याङ्क विभागले कुल जातजातिको सङ्ख्या १२५ देखाएको छ। १२५ जातजाति भित्र राई जातिमा भाषिक विविधताका कारण थप १२ वटा समूह (हेर्नुहोस् अनुसूची ६), र गुरुङ जातिभित्रको घले थरले छुट्टै जातिमा सूचीकृत गरेकाले विगतको जणगननाको तुलनामा जातजातिको सङ्ख्या वृद्धि भएको हो। यी १३ वटा समूहलाई घटाउँदा नेपालमा रहेका जातजातिको सङ्ख्या ११२ हुन्छ। आदिवासी जनजाति, दलित तथा मधेसी समुदायका केही अपरिचित जातिहरूको र विदेशी नागरिकसमेत उल्लेख गरेर १३० जातीय समूह छन्। यसरी हेर्दा नेपालको जातजातिको सङ्ख्या अझ बढ्न सक्ने देखिन्छ। नेपालमा १२३ वटा भाषाभाषी र १० वटा धार्मिक समूह छन्। नेपालमा जातीय हिसाबले मात्र नभई धार्मिक, सांस्कृतिक, भाषिक तथा भौगोलिक हिसाबले पनि विविधताहरू छन्।

### ४.२ नेपालमा रहेका सामाजिक समूहहरू

नेपालको संविधानले खस-आर्य, आदिवासी जनजाति, दलित र मुस्लिम गरी चारवटा सामाजिक समूहहरूको वर्गीकरण गरेको छ। मधेसी समुदाय भौगोलिक समुदाय रहेकाले खस-आर्य, आदिवासी जनजाति र दलित सबै जातीय समूह पर्दछन्।

#### ४.२.१ खस–आर्य

नेपाली समाज भौगोलिक बसोबासको हिसाबले पहाडी र तराई मूलका रहे पनि मूलतः खस-आर्य र मङ्गोल गरी दुई जातिहरूको सभ्यता रहेको छ। नेपालका आर्य समुदायभित्र क्षेत्री, बाहुन, कामी, ठकुरी, सार्की, सन्यासी, बादी, दमाई, गाइने, झा, यादव आदि पर्दछन्, तर नेपालको संविधानअनुसार दलित समुदायलाई खस-आर्यमा गणना गरेको छैन। आर्यहरूलाई खस-आर्य भनेर ब्राह्मण, क्षेत्री, दशनामी र ठकुरीलाई मात्र बुझ्ने गरिन्छ। यो समुदायलाई मुलुकी ऐन १९१० ले तागाधारी भनेर पहिचान दिएको थियो।

मध्य-एसियाको ककेस वा ककस भन्ने पवर्तीय क्षेत्र खस जातिको उद्गम थलो भन्ने गरिएको छ। ककेस, ककस वा कस शब्द अपभ्रंश हुँदै जाँदा खस हुन गएको विद्वान्हरूको मत छ (अधिकारी, २०६८,पृ. ४, ५)। बालकृष्ण पोखरेलका अनुसार कश (काशी) वा शकबाट खस भएको हुन सक्ने

देखिन्छ (पोखरेल, २०५५) । खसहरू हिन्दु धर्म र सभ्यताका प्रतीक हुन् । नेपालको सन्दर्भमा सामाजिक संरचना तथा राज्य संरचनाको सबैभन्दा माथिल्लो तहमा रहेको समुदाय हो । कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका र जङ्गी तथा निजामती क्षेत्रमा यो समुदायको वर्चस्व रहेको रहेको छ। २०६८ सालको जनगणनाअनुसार पहाडी मूलका खस-आर्यहरूको जनसङ्ख्या ८२,७८,४०१ अर्थात् ३१.२ प्रतिशत रहेको छ (CBS, 2013) । खस-आर्यलाई नेपालमा जात समूह र आदिवासी जनजातिलाई जाति समूह भनेर बुझ्ने गरिन्छ।

४.२.२ **दलित**

नेपालमा दलित शब्द धेरै बहसपछि प्रचलनमा आएको शब्द हो । दलितहरू नेपालको मुलुकी ऐन १९१० ले व्यवस्था गरेअनुरूप अछुत, पानी नचल्ने जातका नामले चिन्ने गरिन्थ्यो । २०५९ सालमा राष्ट्रिय दलित आयोग गठन गर्न नेपाल सरकारद्वारा बनेको विधेयकमार्फत बनेको ऐन र गठन भएको राष्ट्रिय दलित आयोग नै नेपालका दलितहरूको हितका लागि काम गर्ने सरकारी निकाय हो ।

राष्ट्रिय दलित आयोग निर्माणका लागि बनेको विधेयक २०५९ का अनुसार दलित समुदाय भन्नाले जातीय भेदभाव र छुवाछुतको मारमा परी सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक एवम् धार्मिक क्षेत्रमा समाजको सबैभन्दा पछाडि पारिएको र मानवीय सम्मान एवम् सामाजिक न्याय पाउन नसकेको जात र समुदायलाई जनाउँछ। हिन्दु वर्ण व्यवस्थाले चौथो वर्ग शूद्र जातिलाई परम्परादेखि नै अछुत भन्दै आएको छ। तिनै अछुतलाई नै अहिले दलित भनेर बुझिन्छ। पहाडी दलित ६ (दमाई, कामी, सार्की, गाइने, सुनार, र बादी), मधेसी दलित ११ (पासवान, लोहार, डोम, चमार, हलखोर, दुसाध, मुसहर, सन्थाल, बातर, खत्वे र तत्मा), नेवार दलित ५ गरी २२ प्रकारका दलित रहेका छन् (Hofer, 2004; समता फाउन्डेसन, २०७३; पाण्डेय, २०६३) । नेपालको जनगनणा २०६८ अनुसार दलितको जनसङ्ख्या ३४,७४,७६७ (१३.१ प्रतिशत) रहेको छ (CDSA, 2014,p. 8) ।

नेपालको खस-आर्य, मधेसी र नेवारभित्रका दलितहरूको थर निर्माणको प्रक्रिया र विद्यमान थरहरू पनि अन्य सबै जाति समुदायको जस्तै नै हो । दलित र अन्य गैरदलितको थुप्रै थर मिल्छन् । कारण, दलित र गैरदलितको उद्‌गम थलो एउटै हो । जस्तोः पौडी क्षेत्रबाट हिँडेका हुनाले ब्राह्मण र दलित दुवै पौडेल भए (समता फाउन्डेसन, २०७३,पृ. १७) ।

४.२.३ **मुस्लिम**

नेपालमा मुस्लिम समुदायको जनसङ्ख्या ११ लाख ६४ हजार २५५ अर्थात् ४.३ प्रतिशत रहेको छ (CDSA, 2014,p. 8) । मुस्लिम समुदायमा मधेसी र पहाडी गरी दुई प्रकार छन् । यसलाई अझ भित्र गएर हेर्ने हो भने नेपालको मुस्लिम समुदायमा धेरै पत्रहरू छन् । अलाउद्दिन अन्सारी फलाहीका अनुसार

काठमाडौँमा मात्र काश्मिरी, तिब्बती र स्थानीय गरी तीन प्रकारका मुस्लिम छन् भने तराई क्षेत्रमा बसोबास गर्ने मुस्लिमहरूलाई समग्र रूपमा मधेसी मुस्लिमका रूपमा चिनिने कुराको उल्लेख गर्दै तराईमा अन्सारी, खान, सैख, राइन, सिद्दिकी, मन्सुरी, कुरैसी, इराकी, कबाडी, नदाफ, हलवाई, जट, इद्रिसी आदि गरी लगभग २३ वटा थर रहेको उल्लेख गरेका छन् (अन्सारी फलाही, २०७०,पृ. ३७-३८) ।

डोरबहादुर विष्टका अनुसार नेपालमा मुसलमानहरू दुई वर्गका छन् । पहिलो वर्गमा सैयद, सेख, पठान र मुगल गरी चार थरीका छन्। सैयद र सेख अरबका सन्तान हुनाले इस्लाम धर्मका संस्थापक मुहम्मदको कालदेखि नै इस्लाम धर्मालम्वी हुन् भन्ने विश्वास छ। पठान भन्नेहरू अफगानिस्तानबाट र मुगल भन्नेहरू उहिलेका तुर्कहरूका सन्तान हुन् भनिन्छ। दोस्रो श्रेणीका मुसलमानहरू पछि मुसलमान तुल्याइएका भारतीयहरूका सन्तान हुन्। यसअन्तर्गत अन्सारी, सब्जी फरोस, धोबी, नवाफमोची पहिलो समूह र पश्चिम पहाडका चुरौटेहरूमा मियाँ र फकिर भन्ने दुईथरी रहेका छन् (विष्ट, सन् २०१०,पृ. ९१-९२) ।

रौतहट जिल्लाको गुजरा नगरपालिका-५ का महम्मद नजमुल्लाहका अनुसार सेख, सैयद र मुगल भारतीय मूलका हुन् भने पठान अफगानी मूलका हुन्। सेखले नामको पछाडि अलाम लेख्छन्। सैयदले नामको अगाडि सैयद र महम्मद लेख्छन् र पठानहरूले नामको पछाडि खान लेख्छन्। खानहरू मुस्लिम समुदायमा सबैभन्दा बहादुर हुन्छन्। अन्सारी, मन्सुरी, कवारी, हवारीलाई मुस्लिम समुदायमा तल्लो दर्जाका मानिन्छन्, तर नेपालको राजनीति र राज्यको ठूला ओहदामा अन्सारीहरू छन् भने सेखहरू आर्थिक हिसाबले सम्पन्न छन्। मुस्लिम समुदायमा सिया र सुन्नी गरी दुईवटा समूह छन्, जसमध्ये नेपालमा सुन्नी समुदायका मुस्लिमहरू छन्। सुन्नी समुदायका मुस्लिमहरू साउदी अरब, इजिप्ट, संयुक्त अरब इमिरेट्स, कतार, कुवेत, टर्की, यमन, सुडान, इन्डोनेसियालगायत मुलुकमा छन् भने सियाहरू इराक, इरान, सुदान, लिबियालगायत मुलुकमा छन्। विश्वमा मुस्लिम समुदायको २५ प्रतिशत सिया समूह रहेको छ।[३]

ईसाबाट इसाई धर्म भएजस्तै मोहम्मदबाट मुस्लिम धर्म भएको मानिन्छ। इस्लाम धर्ममा मोहम्मदलाई ईश्वर अर्थात् अल्लाहको अन्तिम दूत (सन्देशवाहक) मानिन्छ। यी सन्देशवाहकलाई फारसीमा पैगम्बर भन्ने गरिन्छ। त्यसकारण मोहम्मदको अगाडि प्रायः पैगम्बर लेख्ने चलन छ। मुस्लिममा मूर्तिपूजा वर्जित छ, नमाज पढ्नु मुसलमानको परिचायक मानिन्छ, यो सबैभन्दा पहिलो र अनिवार्य पूजा हो (चौधरी, २०७१,पृ. १६५) ।

मुस्लिम इत्तेहाडका सचिव गैडासेर खानका अनुसार मुस्लिम समुदायमा रहेका विभिन्न थरमध्ये सेखको अर्थ धनी, सैयदको अर्थ मोहम्मद रसुल खानदान, खानको अर्थ राज्य चलाउने हो । पहिलेका

[३] नजमुल्लाहसँग २०७५ वैशाख १३ गते काठमाडौँमा लिइएको जानकारीमा आधारित ।

शासक मुगलहरू खान थिए, हलुवाईको अर्थ खाना बनाउने, अन्सारी कपडा सिलाउने, चुरेता चुरा बेच्ने, मिकरानी व्यापार गर्ने, मुसहर मुसा खाने भन्ने बुझिन्छ। मोहम्मद भनेको धर्मगुरु हो भने मिया धार्मिक गुरु हो, जसले धर्म कर्म गराउने काम गर्दछ।[४]

### ४.२.४ मधेसी

सामान्यतया नेपालको मैदानी भागलाई तराई वा मधेस भन्ने गरिन्छ। जयप्रकाश गुप्ताका अनुसार पूर्वको झापाबाट पश्चिमको कञ्चनपुरसम्मका २० वटा जिल्ला पर्दछन्। गुप्ताका अनुसार तराई होइन, मधेस नै उपर्युक्त नाम हो। कारण, नेपालको वर्तमान मधेस प्रागऐतिहासिक कालमा मध्यदेश हिमालयभन्दा दक्षिण तथा गङ्गाको उत्तरको केही भाग थियो (गुप्ता, २०६२,पृ. ३०३)। समुदायगत हिसाबले १५ वटा जनजाति समूह २२,७६,४६४ (८.५ प्रतिशत), १० वटा दलित समूह ११,६७,७८७ (४.४ प्रतिशत), ३५ वटा मधेसी समुदाय ३६,५७,८३९ (१३.८ प्रतिशत), तराई ब्राह्मण २,२०,६६० (०.८ प्रतिशत) र बङ्गाली, मारवाडी, पन्जाबी, सिख आदि गरी १०,०७,१२९ (०.४ प्रतिशत) गरी कुल ३७,७२,०४० ( १४.२ प्रतिशत) रहेका छन् (CBS, 2013)।

मधेसका मैथिली, भोजपुरी, अवधी, थारू आदि प्रमुख भाषाहरू हुन्। जातीयताको दृष्टिले हिन्दु वर्ण व्यवस्था यहाँ प्रमुख रहेको छ भने मुसलमानहरूको उपस्थिति पनि उल्लेख्य छ, र भौगोलिक हिसाबले सबैभन्दा धेरै जातजातिको बसोबास मधेसमा रहेको छ (चौधरी, २०७१,पृ. ३३)।

### ४.२.५ आदिवासी जनजाति

आदिवासी जनजाति भन्ने शब्द नेपालको २०४७ सालको राजनीतिक परिवर्तनसँगै विकास भएको शब्द हो। त्यसभन्दा पहिले मुलुकी ऐन १९१० ले परिभाषा गरे बमोजिम मतवाली भनेर पहिचान गरिन्थ्यो। पुराना र पाका नागरिकहरूले आदिवासी जनजातिलाई मतवाली वा मतुवाली भनेर मात्र बुझ्ने गर्दछन्। २०३६ सालको जनमत सङ्ग्रहपश्चात् शेतामगुराली (शेर्पा, तामाङ, मगर, गुरुङ, राई र लिम्बू) को आवरणमा आदिवासी जनजातिहरू सङ्गठित हुँदै २०४७ वैशाख २२ गते सुरेशकुमार आलेमगरको नेतृत्वमा जनजाति महासङ्घ गठन भएको थियो। महासङ्घको दबाबमा २०५३ सालमा सरकारले एक कार्यदल गठन गरी आदिवासी जनजाति ऐन निर्माण गरेको थियो। तत्कालीन श्री ५ सरकारले २०५३ असार २३ गते एक आदेश जारी गरी राष्ट्रिय जनजाति विकास समिति गठन भएको थियो। त्यसैको विकसित रूपमा २०५८ साल श्री ५ को सरकारले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन निर्माण गरेको हो। सोही ऐनका आधारमा अहिले प्रतिष्ठान क्रियाशील छ। त्यही समयदेखि नेपाल सरकारले समेत आदिवासी जनजातिको स्पष्ट परिभाषा गरेको पाइन्छ।

---

[४] खानले २०७६ फागुन १२ गते दिएको जानकारी।

आदिवासी जनजातिलाई अङ्ग्रेजीमा Nationalities वा Indigenous Peoples भनिए पनि विभिन्न देशहरूमा फरक फरक प्रकारले सम्बोधन गरेको पाइन्छ। जस्तैः अस्ट्रेलियामा Aboriginal, अमेरिकामा Red Indian/Native People, बोलिभियाको संविधानले मूलवासी, आदिवासी (Originary/ Campesino), क्यानाडाको संविधानले मूलवासी (First Nation) भनेको छ (थापामगर, २०७१ख,पृ. ३५), र हाल चौथो विश्व (Fourth World) पनि भन्ने गरिन्छ। नेपाल सरकार आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को परिभाषा अनुसार 'आदिवासी जनजाति' भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित इतिहास भएको अनुसूचीबमोजिमको जाति वा समुदाय' भनी उल्लेख गरेको छ (नेपाल राजपत्र भाग २ मिति २०५८ माघ २५ पृष्ठ ५७-५८)। नेपालका सन्दर्भमा मूलवासी, मङ्गोल, मतुवाली, आदिवासी, जनजाति, किराती, भोटे आदि नामले बुझ्ने र चिन्ने गरिन्छ।

२०६८ सालको जनगणना अनुसार आदिवासी जनजातिको जम्मा जनसङ्ख्या ९४,८७,६४२ ( ३५.८ प्रतिशत) रहेको छ। आदिवासी जनजातिहरूमा भौगोलिक हिसाबले हिमाली, पहाडी र मधेसी गरी तीनवटा समूह छन्। नेपालमा लोपोन्मुख समूह, अति सीमान्तकृत समूह, सीमान्तकृत समूह, सुविधावञ्चित समूह र उन्नत समूह गरी पाँच समूहमा ५९ वटा जातीय समूहहरू आदिवासी जनजातिअन्तर्गत पर्दछन् ( हेर्नुहोस् अनुसूची ७)।

### ४.३ मगर जातिको चिनारी

नेपालको जनगनणा २०६८ अनुसार जातीय जनसङ्ख्याको हिसाबले क्षेत्री पहिलो, बाहुन दोस्रो र मगर तेस्रो स्थानमा रहेको छ। समुदायगत हिसाबले मगर खस-आर्य पछिको दोस्रो जाति हो। २०६८ को जनगणना अनुसार मगरको जनसङ्ख्या १८,८७,७३३ (७.१ प्रतिशत) रहेको छ, जसमध्ये महिला १०,१३,३१७ (५३.६ प्रतिशत) र पुरुष ८,७४,४१६ (४६.३ प्रतिशत) रहेको छ। भौगोलिक हिसाबले मगरहरू १३,२४,५२५ (७०.१ प्रतिशत) पहाडमा, ५२५,४२५ (२८.३ प्रतिशत) तराईमा र २७,७८३ (१.४ प्रतिशत) हिमालमा बसोबास गर्ने गर्दछन्। यसैगरी १६,५४,८४१ (८७.६ प्रतिशत) मगरहरू गाउँमा र २,३२,८९२ (१२.३ प्रतिशत) मगरहरू सहरमा बसोबास गर्दछन् (CBS, 2013)। मगर देशका सबै भूभागमा छरिएर रहेको जाति हो।

२०५८ सालको केन्द्रीय तथ्याङ्क विभागको प्रतिवेदन अनुसार मगर १२,१०,२७६ (७४.६ प्रतिशत) हिन्दु, ३,९७,०३६ (२० प्रतिशत) बौद्ध र ८,३१० (०.५ प्रतिशत) क्रिस्चियन रहेको देखिन्छ। १० वर्षपछि २०६८ सालको तथ्याङ्कअनुसार १४,९०,६११ (७९ प्रतिशत) हिन्दु, ३०,४०,९०४ (१८ प्रतिशत) बौद्ध, ४०,९०४ (२.२ प्रतिशत) क्रिस्चियन, ९,२२९ (०.९ प्रतिशत) बोन, ५६५ (०.० प्रतिशत) प्रकृति पूजक र ५,८१६ (०.३ प्रतिशत) धार्मिक पहिचान नखुलेका मगरहरू छन्।

नेपाल एकीकरण लगायत राष्ट्र निर्माणका विभिन्न प्रक्रियामा मगरहरूको महत्वपूर्ण भूमिका रहँदै आएको छ (विष्ट, सन् २०१०; न्यौपाने, सन् २००५; प्रश्रित, २०७०)। वर्तमान सङ्घीय गणतन्त्र नेपालको सातवटा प्रदेशहरूमध्ये लुम्बिनी प्रदेशमा सबैभन्दा धेरै अर्थात् १५ प्रतिशत र सबैभन्दा कम मधेस प्रदेसमा १.२ प्रतिशत मगरहरू बसोबास गर्दछन्।

तालिका ४.१: प्रादेशिक हिसाबले मगरको बसोबास

| **प्रदेश** | **समग्र जनसङ्ख्या** | | **प्रदेशहरूमा मगरको जनसङ्ख्या र प्रतिशत** | | | |
|---|---|---|---|---|---|---|
| | **जनसङ्ख्या** | **प्रतिशत** | **जनसङ्ख्या** | **नेपाल** | **प्रदेश** | **मगरभित्र** |
| कोशी | ४५,३४,९४३ | १७.१ | १,८९,२४८ | ०.७ | ४.२ | १०.० |
| मधेस | ५४,०४,१४५ | २०.३ | ६४,८७८ | ०.२ | १.२ | ३.५ |
| वाग्मती | ५५,२९,२५२ | २०.८ | २,७०,६३९ | १.० | ४.८ | १४.३ |
| गण्डकी | २४,०३,७५७ | ९.० | ४,५४,९५८ | १.७ | १८.८ | २४.० |
| लुम्बिनी | ४४,९९,२७२ | १६.९ | ६,८०,४९९ | २.५ | १५.० | ३५.९ |
| कर्णाली | १५,७०,४१८ | ५.९ | १,७०,८४४ | ०.६ | १०.८ | ९.० |
| सुदूरपश्चिम | २५,५२,५१७ | ९.६ | ५६,६६७ | ०.२ | २.२ | ३.० |
| जम्मा | २,६४,९४,५०४ | १०० | १८,८७,७३३ | ७.१ | - | १०० |

(Source: CBS, 2013)

ऐतिहासिक मगरात रहेको भूभाग वर्तमान गण्डकी प्रदेश र लुम्बिनी प्रदेशमा मगरहरूको सघन बसोबास रहेको छ। गण्डकी प्रदेशमा २४ प्रतिशत र लुम्बिनी प्रदेशमा ३५.९ प्रतिशत गरी ६० प्रतिशत मगरहरूको बसोबास छ। अन्य ५ वटा प्रदेशमा बाँकी ४० प्रतिशत मगरहरूले बसोबास गर्दछन्। जिल्लागत रूपमा हेर्दा वर्तमानमा कायम रहेका ७७ वटै जिल्लामा मगरहरूको बसोबास रहेको पाइन्छ।

२०६८ सालको जनगणना अनुसार पाल्पा जिल्ला सबैभन्दा बढी मगरको घनत्व भएको जिल्लामा पर्दछ। जहाँ कुल २ लाख ६१ हजार १८० जनसङ्ख्यामध्ये मगरको जनसङ्ख्या १ लाख ३६ हजार ५८८ (५२.२ प्रतिशत) रहेको छ भने सबैभन्दा कम जनसङ्ख्या मुगुमा ५४ जना (०.० प्रतिशत) रहेको छ। रोल्पा, तनहुँ, प्युठान, बाग्लुङ, म्याग्दी, नवलपरासी सुस्तापूर्व र रुकुम पूर्वी सहित ७ जिल्लामा मगरको जनसङ्ख्या पहिलो स्थानमा छ। ८ वटा जिल्लामा दोस्रो, ५ वटा जिल्लामा तेस्रो, ६ वटा जिल्लामा चौथो, ८ वटा जिल्लामा पाँचौँ, ७ वटा जिल्लामा छैटौँ, ५ वटा जिल्लामा सातौँ, २ वटा जिल्लामा आठौँ, ४ वटा जिल्लामा नवौँ, ६ वटा जिल्लामा दसौँ, २ वटा जिल्लामा एघारौँ, ३ वटा जिल्लामा बाह्रौँ, २ वटा जिल्लामा तेह्रौँ, ४ वटा जिल्लामा पन्ध्रौँ, र १-१ वटा जिल्लामा बिसौँ, तेइसौँ, चौबिसौँ, छब्बिसौँ, सत्ताइसौँ र एकतिसौँ स्थानमा रहेको छ (हेर्नुहोस् अनुसूची ८)।

नेपालको जनगणना २०६८ अनुसार नेपालका १२३ वटा भाषिक समूहमध्ये मगर जातिमा तीनवटा भाषिक समूह छन्। तीनवटा मगर भाषाका जम्मा वक्ता ८,१५,६९३ अर्थात् नेपालको कुल जनसङ्ख्याको ३.० प्रतिशत रहेको छ। मगरको कुल जनसङ्ख्याको ४३.२ प्रतिशत मगरहरू आफ्नो

भाषा बोल्ने गर्दछन् भने ५६.७ प्रतिशत मगरले आफ्नो मातृभाषा प्रयोग गर्दैनन् । मगरभित्र बाहृ मगराती भाषा (ढुट) वक्ता ७,८८,५३० जना अर्थात् ९६.६ प्रतिशत, अठार मगराती भाषा (खाम/पाङ) २७,११३ जना अर्थात् ३.३२ प्रतिशत र काइके वक्ता ५० जना अर्थात् ०.० प्रतिशत रहेका छन् (CBS, 2013) । तर काइके भाषा वक्ता लगभग ८०० को हाराहारीमा रहेकोले यो तथ्याङ्क धेरै कम रहेको जानकारहरूको दाबी छ (बुढामगर र घर्तीमगर, २०७१,पृ. १५०) । डोल्पा जिल्लाको सहरतारा, टुपातारा र ताराकोट गाविसका मगरहरू धार्मिक हिसाबले बौद्धमार्गी र झाँक्रीवादी तथा भाषिक दृष्टिले भोटबर्मेली भाषा समूहमा पर्ने काइके भाषा बोल्दछन् । यो भाषा विश्वकै सङ्कटउन्मुख भाषा रहेको छ (Daurio, 2009; Fisher, 1997; Regmi, 2006) । डेबिड वाटर्सले काइके भाषाका धेरै सम्बन्ध तिबतेन भाषा समूहसँग रहेको र काठमाडौंको नेवार भाषासँग मिल्दोजुल्दो पनि भनेका छन् (Watters, 2006,pp. 301, 309) ।

मगर जातिमा बुढा, घर्ती, रोका, पुन, आले, थापा र राना गरी सातवटा मूल थर तथा करिब १५ सय उपथर छन् । मगरका केही थरहरू ब्राह्मण-क्षेत्रीसँग पनि मिल्ने गर्दछन् (Baral, 2010) । यो जातिको मुख्य पेसा कृषि तथा वैदेशिक रोजगार रहेको छ। नेपालको राजनीतिक इतिहासमा आफ्नो विशिष्ट विरासत र योगदान भएको मगर जातिले वर्तमान सन्दर्भमा भाषिक-सांस्कृतिक र राजनीतिक हिसाबले बहिष्कृत र आर्थिक हिसाबले उत्पीडित वर्गको प्रतिनिधित्व गर्दछ (बुढामगर, २०७२,पृ. १४) । यो जाति आदिवासी जनजातिमध्ये सुविधावञ्चित समूहमा पर्दछ। भौगोलिक हिसाबले दुर्गम र विकासको दृष्टिले पिछडिएको र शिक्षा, स्वास्थ्य, रोजगारजस्ता आधारभूत सेवाबाट वञ्चित रहेका गाउँबस्तीहरूमा नै मगरहरूको अधिक बसोबास रहेको पाइन्छ।

### ४.४ नेपाल राज्यको संरचना

नेपालका धेरै सामाजिक समूहहरू बहिष्करणमा पर्नुको प्रमुख कारणमध्ये राज्यको संरचना पनि हो। यसैले नेपालमा चल्दै आएको विभेदपूर्ण राज्यको पुनर्संरचनाको आवश्यक रहेकाले सङ्घीय लोकतान्त्रिक गणन्त्रको अग्रगामी पुनर्संरचना गर्ने अन्तरिम संविधान २०६३ ले व्यवस्था गरेको थियो। यतिबेला नेपालको पुनर्संरचनाको काम संविधानसभाले टुङ्गो लगाएको अवस्था छ। तर पनि हालका सात प्रदेशको सन्दर्भमा विवाद, बहस र आन्दोलनहरू जारी छन् ।

नेपाली राज्यले बहुल सामाजिक तथा सांस्कृतिक समूहहरूलाई न्याय गर्न नसकेको र यसको चरित्र समावेशी हुन नसक्नुको परिणामस्वरूप धेरै सामाजिक समूहहरू बहिष्करणमा परेको कुरा प्राज्ञिक तथा राजनीतिक तहमा बहस भइरहेको छ। अहिलेको राज्यको संरचना नै बाधक भएको र यसको संरक्षणका लागि निर्माण गरिएको कानुन पनि बाधक भएकाले नेपाली राज्यको पुनर्संरचना गर्ने बहस बहिष्करणमा परेको महसुस गरेका सामाजिक समूहकै कारण नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गऱ्यो र राज्यको पुनर्संरचनाको कार्यसूचीले वैधानिकता पाएको थियो। संविधानसभाले राज्यको

पुनर्संरचनाको सन्दर्भमा पहिचान र सामर्थ्यका आधारमा नेपाली राज्यको संरचना गर्ने विधि तय भएको थियो। सारमा पहिलो संविधानसभाले प्रस्ताव गरेका पहिचानसहितका प्रदेशहरू छलफलमा आउनुको मूल कारण नै इतिहासमा भएको सामाजिक-सांस्कृतिक र राजनीतिक विभेदको उपज थियो।

वर्तमान नेपाली राज्यको सन्दर्भमा बर्घाट (सन् १९८४) ले नेपाली राष्ट्र राज्यको निर्माण हिन्दु अवधारणाद्वारा भएको र अल्पसङ्ख्यकले बहुसङ्ख्यक तथा एकल जातीय समुदायले बहुजातीय नेपाली समाजलाई नियन्त्रित र नेतृत्व गरेको कारण नेपाली राज्यको चरित्र समावेशी हुन नसकेको विचार व्यक्त गरेका छन्। यो अवधारणा एकल भाषा, भेष, धर्मसंस्कृतिबाट राष्ट्रिय एकता हुनुपर्दछ भन्ने सामन्ती र निरङ्कुश हिन्दु राजतन्त्रमा आधारित थियो। मानवशास्त्री ओम गुरुङका अनुसार नेपाल एकीकरणको अभियान मूल संस्कृति तथा राष्ट्र-राज्यको निर्माणले नेपालका जनजातिहरूको मूल संस्कृति तथा राष्ट्रिय पहिचानलाई खतरामा पारी उनीहरूका मूल्य र मान्यताभन्दा भिन्न खालको कृत्रिम जातीय पहिचान विकास गराइदिएको छ। यसको प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव जनजातिहरूको सामाजिक संरचना, आर्थिक सम्बन्ध र राजनीतिक सङ्गठनमा पर्न गएकाले जनजातिका सरल जीवनपद्धति बिस्तारै जटिल बन्दै गयो ( गुरुङ, २०६२,पृ. ३६३)।

गोविन्द न्यौपानेले खस प्रभुत्वकै कारण नेपालका प्राचीन आदिवासी जनजातिहरूको इतिहास नामेट भएको उल्लेख गरेका छन्। आधुनिक नेपालमा यहाँका मङ्गोल-किरातहरू खसहरूकै उत्पीडनले जनजातिका रूपमा सङ्गठित भएका हुन्। उनले खसहरूको शासन वैचारिक आधारका रूपमा रहेको बाहुनवादले गरेको वर्गीकरण नै सबैभन्दा विभेदकारी भएको उल्लेख गरेका छन् (न्यौपाने, सन् २००५)। वर्तमान नेपाली राज्यको गठनपछि नेपालका जातीय समूहहरूलाई विभिन्न दर्जामा तहीकरण गरी विधिवत् कानुनी रूपमा तल्लो र उपल्लो जात तथा धर्महरूको वर्गीकरण गरियो। ह्वेल्पटनका अनुसार अठारौँ शताब्दीमा मगरलाई क्षेत्री दर्जा कायम गर्ने काम भयो भने उन्नाइसौ शताब्दीमा सिङ्गो राज्य प्रणाली व्यवस्थित भइसकेपछि मगर, गुरुङ र अन्य टिबेटो-बर्मो समुदायलाई तल्लो दर्जामा राखियो र उनीहरूलाई अशुद्ध जातिमा दर्ज गरियो। उनीहरूले छोएको कतिपय खाद्यान्न नचल्ने तर ती समुदायका महिलाहरूसँग ब्राहमण, क्षेत्री र ठकुरी पुरुषहरूलाई शारीरिक सम्बन्ध राख्न सक्ने कुरा उल्लेख गरेका छन् (Whelpton, 2011,p. 31)। यसले प्रस्ट पार्दछ कि हिजोको राज्य संरचनाले मानिसलाई जातसम्म फेर्न बाध्य बनायो। समाजमा मानव-मानवबीचको भेदभावलाई गहिरोसँग संस्थागत गर्‍यो। त्यसैको परिणामस्वरूप राज्य र बहुसङ्ख्यक नागरिकबीचको दुरी बढ्यो। सुसन हेगेनका अनुसार हिन्दु राष्ट्र निर्माणका लागि राज्यले शिक्षा नीतिलाई प्रयोग गरेको र नेपालको मुलुकी ऐनले नेपाली समाजलाई विभाजन गर्न मद्दत गर्‍यो। विभेदको जगमा सन् १९०० को सुरुतिर पूर्वमा लिम्बूहरूको विद्रोह र सन् १९५९ मा नुवाकोट र धादिङमा तामाङहरूको विद्रोह लगायतका सामाजिक विद्रोहहरू भए। सन् १९९० को राजनीतिक परिवर्तनपछि पनि राज्यले हिन्दु धर्मलाई राष्ट्रिय पहिचानको प्रमुख आधार बनाएपछि आदिवासी जनजातिहरूको साझा

सङ्गठन नेपाल आदिवासी जनजाति महासङ्घको स्थापना भयो भने जातीय पहिचानमा आधारित राजनीतिक पार्टीहरू (मङ्गोल राष्ट्रिय सङ्गठन, राष्ट्रिय जनमुक्ति पार्टी आदि) स्थापना भए (Hangen, 2007,pp. 15, 19, 31) ।

राज्यको उपल्लो संरचनामा रहनेहरू मात्र होइन, उनीहरूलाई सुझाव दिनेहरू पनि हिन्दु धार्मिक मानसिकताबाट निर्देशित थिए । नेपालका शासकहरूको मात्र होइन राजनीतिज्ञ, प्राज्ञ, पत्रकार, साहित्यकार लगायतका सबै क्षेत्रमा हिन्दु धर्म र खस-आर्य समुदायको प्रभाव र गहिरो छाप देखिन्छ। राज्य र समाजको मूल्याङ्कनमा हिन्दु धर्म र खस-आर्यको मर्यादा उच्च नै रह्यो। अर्को हिसाबले उनीहरू राज्यद्वारा संरक्षित र पालितपोषित समुदाय भन्दा पनि फरक पर्दैन । उनीहरूको दृष्टिमा हिन्दु धर्मावलम्बी र खस-आर्यबाहेकका मानिस मानिसको हैसियतमा थिएनन् । उनीहरूप्रति तत्कालीन राज्य र शासकहरूको विश्वास पनि थिएन । यिनै विचार र व्यवहारबाट निर्देशित बुद्धिजीवी र राज्य सञ्चालकहरू र उनीहरूका कोठरीका सल्लाहकारहरूले दिएको सल्लाहबमोजिम राज्यको कानुनहरूको निर्माण र सरकारका कार्यक्रमहरू सञ्चालन गरिन्थे भन्ने तथ्यलाई राममणि आचार्य दीक्षितद्वारा लिखित र तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाद्वारा विमोचित *नीतिको पेटारोः भलो कुराको नमुना* मा उल्लिखित निम्न पङ्क्तिबाट प्रस्ट्याउन सकिन्छः

तिघ्रे र पर्वते स्वाँठे जुन हाम्रा दाजु-भाइ छन् । ती तेही रहि बाचून, हुनु पर्दैन सभ्य ती ।।

अयोग्य, मतुवालि र पाखण्डी, नीच निर्दयी । पस्यो भने मण्डलमा राज्य उठ्ठा गराउँछ ।।

'यिनीहरू सभ्य र शिक्षित भए हाम्रो सिरिखुरी कहाँ जाला ? मन्त्रीमण्डल जोड्दा बाहुन-क्षेत्री लिनु, त्यो पनि उच्चकूलको मतवाली कोही नहुल्नु (आ. दी., २०१०,पृ. ९०, १२८) ।

राममणि आ. दी. त एउटा प्रतिनिधि पात्र मात्र हुन्। तत्कालीन राज्य संयन्त्रहरूमा यस्ता सल्लाहकारहरू अनगिन्ती थिए ।

व्यवस्थित इतिहास हामीसँग नभए पनि नेपाली राज्यको इतिहास धेरै लामो छ, आधुनिक नेपाल निर्माणभन्दा अगाडि विभिन्न जातिका गणराज्यहरू थिए । जसमध्ये नेपालका आदिवासी जनजातिहरूको दर्जनौंको सङ्ख्यामा गणराज्यहरू थिए। त्यी गणराज्य कुनै व्यवस्थित र विशाल पनि थिए भने धेरैजसो अव्यवस्थित र भूगोल तथा जनसङ्ख्याका दृष्टिले पनि साना थिए ।

आधुनिक नेपाली राज्यको संरचना पृथ्वीनारायण शाहको गोर्खा राज्य विस्तार अभियानबाट सुरु हुन्छ। त्यस समयमा उनले नेपाललाई 'चार जात छत्तिस वर्णको फूलबारी' भनेर नेपाललाई बहुजातीय राष्ट्र स्वीकार गरेका थिए। महेश चन्द्र रेग्मी अनुसार "सन् १५५९ मा गोर्खा राज्य विस्तारमा दुई जना ब्राह्मण नारायण अजर्याल र गणेश पाण्डेले अग्रसरता लिएका थिए। राजा द्रव्य शाह (सन् १६०९-१६३६) ले आफ्नो राज्य सञ्चालनमा केही जातीय समूहको सिमा राखेका थिए। जसमा नारायण अर्याल, गणेश पाण्डे, भगिरथ पन्त, सर्भेश्वर खनाल, केशव बोहोरा र गङ्गाराम रानालाई समावेस गरी छ थर परिवारले राज्य सञ्चालनमा भारदारी सभाको भूमिका खेल्दथे। पछि रणबहादुर शाहले परशुराम थापालाई थपेर सात थर बनाए। पृथ्वीनारायण शाहले काठमाडौ जितेपछि शाह, क्षेत्री, मगर, गुरुङ र खवासलाई भारदारीमा समावेस गरेका थिए" (Regmi, 1995,pp. 37-38) । यी छ थरले गोर्खा राज्य स्थापना र राज्य सञ्चालनमा द्रव्य शाहलाई सहयोग गरेका थिए। तर समयक्रममा खवास, रानाहरू बाहिरिए र कुँवर, थापा, बस्नेत भारदारको सूचीमा थपिए र आधुनिक नेपालको जग एउटै बहुजातीय राष्ट्र नभई एकल जातीय राज्य स्थापना भयो। राजनीतिशास्त्री लोकराज बरालका अनुसारः

> नेपाली राज्यको निर्माण हिन्दु वर्णाश्रम (जातको बनावट), र अन्य पुरातन रीति स्थितिको आधारमा भएको सामाजिक, आर्थिक र अन्य विभेदको थालनी पनि त्यहीबाट भएको हो। यसले गर्दा राज्य आफै शोषणको स्रोत बन्यो। नेपाली शासन शैली र उच्च बर्गको अवधारणा यस्तै प्रकारले चल्दै आएकोले आजको नेपालको राजनीतिक संस्कारमा पनि यसले दरिलो प्रभाव पारिरहेको छ। पृथ्वीनारायण शाहले जातको आधारमा क्षेत्रीय आकार दिएकोले आजको भार किल्ला रहेको राज्य सम्भव भएको हो। यसले राष्ट्र राज्य त भयो तर राष्ट्रिय राज्य भने बन्न सकेन। (बराल, २०६७ख,पृ. ९९)

हर्क गुरूङ अनुसार राज्य र राष्ट्र पूर्ण रूपमा पर्यायवाची अवधारणाहरू होइनन्। राज्य भनेको सिमाना र मानिसहरूको एक अंश भएको एउटा राजनीतिक सङ्गठन हो भने राष्ट्र एउटा नश्ल, भाषा र धर्मको समुदायलाई जनाउँछ। एउटा राजनीतिक राज्यभित्र यस्ता विभिन्न राष्ट्रियता संलग्न भएका हुन सक्छन्। राष्ट्रिय एकीकरण एउटा राजनीतिक सिद्धान्त हो, शक्ति संरचनालाई डरका साथसाथै प्रेमले स्थिर राखेको हुन्छ। त्यसैले शासक र शासितबीचको सम्बन्धमा राष्ट्रिय एकीकरण एउटा महत्वपूर्ण तत्व हो ( गुरुङ, २०६५,पृ. ५५)।

पृथ्वीनारायण शाहपछि राणाकालमा जन्मकै आधारमा तथाकथित उच र नीच जातको व्यवस्था गरी ब्राह्मणलाई सबैभन्दा माथि र दलितलाई सबैभन्दा तल राखेर नेपाली राज्यले मानव जातिको प्राकृतिक न्यायको समेत उपहास गरी खस-आर्य सर्वोच्चतामा जातीय राज्यको अर्को अभ्यास सुरु गऱ्यो। २०४६ सालको जनआन्दोलनले निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय प्रजातान्त्रिक

व्यवस्थाको पुनर्वहाली (२०१७ सालमा बहुदलीय व्यवस्था राजा महेन्द्रद्वारा खोसिएको थियो) भए पनि खस-आर्य समुदायको आस्थामा आधारित संवैधानिक राजतन्त्र, हिन्दु धर्म र खस नेपाली भाषालाई राष्ट्र भाषाका रूपमा संवैधानिक व्यवस्था गरी अझ व्यवस्थित र आधुनिक जातीय राज्यको विस्तार भयो।

२०६२-६३ को जनआन्दोलन एउटा विशिष्ट राजनीतिक चेतनाबाट उठेको थियो। अहिलेसम्म अभ्यास गरिएका जातीय राज्यको विरुद्ध नेकपा माओवादीले विभिन्न जातीय स्वायत्त राज्यहरूको अभ्यास गरेको थियो भने अर्कोतर्फ संसद् र सदनमा रहेका नेका, नेकपा (एमाले) लगायतका ६ पार्टीहरू गरी सात पार्टीको संयुक्त सहकार्यमा सम्पन्न भएको जनक्रान्तिबाट एकल जातीय राज्यको क्रमभङ्ग हुने आशा नेपाली जनताले लिएका थिए। त्यसैको जगमा २०६४ सालमा पहिलो संविधानसभाको निर्वाचन सम्पन्न गरी राज्यमा समावेशी तथा समानुपातिक प्रतिनिधित्व ग्यारेन्टी गर्नुका साथै नेपाली समाजको पहिचानका आधारमा राज्यको पुनर्संरचना गर्ने विश्वासका साथ संविधानसभामा यस विषयमा गम्भीर बहस भए पनि जातीय मनोविज्ञान र अवधारणामा टिकेको नेतृत्वले फेरि एकल जातीय राज्यतर्फ फर्काएको छ। यसको उदाहरणका रूपमा पहिलो संविधानसभा बिनानिष्कर्ष विघटन, व्यवस्थापिका संसद्को समेत जिम्मेवारी पाएको पहिलो संविधानसभामा बहिष्कृत समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न समानुपातिक प्रतिनिधित्वको ६० प्रतिशतलाई दोस्रो संविधानसभामा घटाएर ४० प्रतिशत गराएको छ र वर्तमान व्यवस्थापिका संसद्हरूमा त्यही कायम रहँदै आएको छ।

वर्तमानका सात प्रदेसमध्ये कर्णाली र सुदूरपश्चिम प्रदेशमा खस-आर्यको बहुमत रहेको छ। प्रदेश नं. १ मा राई-लिम्बू, वाग्मती प्रदेशमा नेवार-तामाङ, गण्डकी प्रदेशमा गुरुङ-मगर र लुम्बिनी प्रदेशमा मगर-थारूभन्दा निकै ठूलो अन्तरमा खस-आर्य पहिलो स्थानमा छ। ७५३ वटा स्थानीय तहको संरचनाहरूमा पनि आदिवासी जनजाति तथा अन्य अल्पसङ्ख्यक समुदायको क्लस्टरलाई तोडमोड गरेर उनीहरूको आफ्नै ऐतिहासिक थातथलोमा अल्पमतमा पारिएको छ। इतिहासदेखि निरन्तर कायम रहँदै आएको एकल जातीय नेपाली राज्यलाई थप मजबुत र व्यवस्थित बनाउँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका सात प्रदेश र ७५३ स्थानीय तहको संरचनाले एकल जातीय संरचनालाई निरन्तरता दिँदै आएको देखिन्छ।

नेपालको निर्वाचनको परिणामको अध्ययन गर्दा पहिलो हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने अधिकांश प्रतिनिधि खस-आर्य समुदायका छन् (रिसाल र पोखरेल, २०७५)। यसको कारण पार्टी र राज्यमा उनीहरूको प्रभाव हुनु पहिलो कारण हो भने लगनशीलता, क्षमता आदि दोस्रो कारण रहेको छ। नेपाली राज्य निर्माण प्रक्रिया एउटा ऐतिहासिक घटनाक्रममा भएको र यसले नेपालका समग्र जातजातिको भावनाको प्रतिनिधित्व गर्न नसकेको कारणले निश्चित जातिहरूको मात्र राज्यमा पहुँच र प्रतिनिधित्व भएको कुराको विश्लेषण गरेका छन्। अबको नयाँ राज्यको संरचनामा अहिलेसम्म पहिचान र प्रतिनिधित्वको दृष्टिले बहिस्करणमा रहेका समुदायहरूको समेत समावेशी प्रतिनिधित्व हुन सके राज्यको

पुनर्संरचना गर्दा उनीहरूको पहिचान सहित राजनीतिक अधिकारहरू सुनिश्चित भई राष्ट्र निर्माणमा टेवा पुग्ने अपेक्षा गरेका थिए।

### ४.५ राज्यमा समुदायगत उपस्थिति

नेपाली राज्यको संरचना एकल जातीय समुदायमा आधारित रहेको छ। प्राचीन तथा मध्यकालीन नेपाल कविलामा आधारित राज्य थियो। तर आधुनिक नेपालको शाहवंशीय राजाहरूले १०८ वर्ष (७८ वर्ष राणा कालपूर्व र ३० वर्ष पञ्चायती व्यवस्थाको आवरणमा) र १०४ वर्ष राणा वंशले गरी २१२ वर्ष एकल जातीय राज्य सञ्चालन गरेका थिए। विभिन्न राजनीतिक क्रान्तिहरू सम्पन्न गर्दै वर्तमान नेपालमा सङ्घीय लोकतान्त्रिक-गणतान्त्रिक व्यवस्थाको अभ्यास गरिरहेको छ। बहुजातीय नेपाल भए पनि आज पनि नेपाली राज्य एकल जातीय नै छ। लेख्ने र बोल्ने स्वतन्त्रता बाहेक राज्यमा सहभागी हुने सवालमा बहुसङ्ख्यक जातिहरूको हकमा पुरानै नियति छ। शाहवंशको राजतन्त्र र राणावंशको राणातन्त्रपछि पनि उनै खस-आर्य समुदायको वर्चस्व नै रहेको देखिन्छ। राजा महाराजाहरू बाहेक हालसम्म ३८ जना प्रधानमन्त्रीमध्ये एकजना नेवार अपवादबाहेक शतप्रतिशत खस-आर्य समुदायका छन् (विस्तृत विवरण हेर्नुहोस् अनूसूची २०)। राज्यको प्रशासनको सञ्चालन र नेतृत्व गर्ने मुख्य सचिवहरू केही नेवारबाहेक सबै खस-आर्य समुदायका छन्।

२०६२/६३ सालको जनआन्दोलनपछि नेपाली राज्यको चरित्र केही समावेशीतर्फ उन्मुख देखिए पनि राज्यको महत्वपूर्ण निकायहरूमा भने एकल जातीय वर्चस्व नै हाबी रहेको छ। नेपालको स्थानीय सरकार सञ्चालनमा गृह मन्त्रालय मातहत रहेको जिल्ला प्रशासन कार्यालय राज्य शक्तिको प्रतीक हो। २०७० वैशाख १ गतेको गृह मन्त्रालयको आँकडा अनुसार ८५ प्रतिशत प्रमुख जिल्ला अधिकारी खस-आर्य समुदायका छन् (हेर्नुहोस तालिका ४.२)। पाँचैवटा विकास क्षेत्रका प्रमुख प्रशासकहरू पनि खस-आर्य समुदाय अर्थात् एउटै जातीय समूहका छन्। केही अपवादबाहेक नेपाली राज्यको सबै संरचनामा समुदायगत हिसाबले एकल जातीय चरित्र नै रहेको छ।

तालिका ४.२ः समुदायगत आधारमा प्रमुख जिल्ला अधिकारी

| **साल** | **खस-आर्य** | **आदिवासी जनजाति** | | **मधेसी** | **दलित** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| | | **मगरसहित** | **मगर मात्र** | | | |
| २०७० | ८५.३ | १०.६ | ०.० | २.६ | १.३ | १००.० |
| २०७५ | ८८.३ | ७.३ | २.५ | १.३ | ०.० | १००.० |

(स्रोतः गृह मन्त्रालय, कर्मचारी प्रशासन शाखा, २०७० वैशाख १ र २०७५ साउन २५)

नेपाली राज्यको उपल्ला संरचनाहरूमा एकल जातीय पहिचानमा आधारित वर्चस्व रहेको कुरा शासकीय संरचनामा भएको तथ्याङ्कहरूले प्रस्ट गर्दछ। प्रमुख जिल्ला अधिकारीमा खस-आर्यको

सङ्ख्या २०७० सालमा ८५.३ प्रतिशत थियो भने २०७५ सालमा बढेर ८८.३ प्रतिशत पुगेको देखिन्छ। आदिवासी जनजाति र मधेसीको अनुपात घटेको छ। २०७० सालमा दलितको प्रतिनिधित्व १.३ अर्थात् ७५ जिल्लामध्ये एउटा जिल्लामा प्रमुख जिल्ला अधिकारी थिए, हाल ७७ जिल्लामा शून्यमा झरेको छ।

जिल्ला प्रशासनको सवालमा मात्र होइन, सङ्घीय सरकारका मन्त्रालयहरू, सर्वोच्च अदालत, विश्वविद्यालयहरू, सुरक्षा अङ्गहरूलगायत राज्यका विभिन्न निकायहरूमा खस-आर्य समुदायकै वर्चस्व नै रहेको छ (हेर्नुहोस तालिका ४.३)। देशको राजनीति समावेशी, समानुपातिक प्रतिनिधित्वको बाटोमा गइरहेको मात्र होइन, समावेशी प्रतिनिधित्वको ग्यारेन्टीको कानुन प्रयोगमा आएको वर्तमान अवस्थामा त यो अवस्था छ भने हिजोको सामन्ती राज्य व्यवस्थामा यी समुदायको अवस्था कस्तो थियो होला भनेर सहजै भन्न सकिन्छ। आजको नाजुक अवस्था हिजोकै राज्य व्यवस्थाको जगले निर्माण गरेको असमावेशी चरित्रको परिणाम हो।

तालिका ४.३ः राजकीय संरचनामा समुदायगत प्रतिनिधित्व

| पद | जम्मा | खस-आर्य | आदिवासीजनजाति | मधेसी | दलित | मगर |
|---|---|---|---|---|---|---|
| सचिव | ६६ | ५९ | ४ | ३ | ० | ० |
| सर्वोच्च अदालतका न्यायधीश | १९ | १३ | ४ | २ | ० | ० |
| विश्वविद्यालय उपकुलपति | ११ | ७ | २ | २ | ० | ० |
| केन्द्रीय सुरक्षा अङ्गका प्रमुख | ४ | ४ | ० | ० |  | ० |
| जिल्ला प्रहरी प्रमुख | ७७ | ६१ | १३ | २ | १ | ३ |

(स्रोतः गृह मन्त्रालय, मन्त्रीको सचिवालय, २०७५ साउन २९;https://opcm.gov.np/allsecretaries/; accessed on 8 August 2018; https://supremecourt.gov.np/web/justices; accessed on 13 August 2018; सम्बन्धित विश्वविद्यालयहरूको बेभसाइट २०७७/०५/०६ मा हेरिएको)

माथि छलफल गरेको राज्यको शासकीय संरचनामा मात्र होइन, अध्ययता गोविन्द न्यौपानेका अनुसार नागरिक समाज, व्यावसायिक संस्थाहरूमा समेत एउटै समुदायको बाहुल्य रहेको आँकडा देखिन्छ।

तालिका ४.४ः नेपालका विभिन्न जातजातिहरूको सामाजिक तथा राजनीतिक अवस्था (प्रतिशतमा)

| क्र.सं. | समावेशीकरणका मुख्य आधारहरू | दलित | मङ्गोल किरात | नेवार | मधेसी | खस-आर्य | कुल |
|---|---|---|---|---|---|---|---|
| १. | राजकीय क्षेत्र* | १.७ | १७.५ | ६.१ | ७.८ | ७१.९ | १०० |
| २. | नागरिक समाज संस्था | ०.७ | ६.३ | १३.४ | १२.७ | ६६.६ | १०० |
| ३. | व्यावसायिक/व्यापारिक संस्था | ०.० | ३.१ | ४३.७ | ३१.२ | २१.८ | १०० |
| ४. | राजनीतिक पार्टीको नेतृत्व | ०.७ | १४.२ | १०.० | ७.८ | ६६.४ | १०० |

(स्रोतः न्यौपाने, सन् २००५,पृ. ५-६)

*राजकीय क्षेत्रअन्तर्गत न्यायपालिका, संवैधानिक अङ्गहरू कार्यपालिका र व्यवस्थापिकाको नेतृत्व तहमा रहेका अधिकारीहरूको तथ्याङ्कलाई लिइएको छ।

नेपाल सरकारको प्रशासनिक क्षेत्रको सबैभन्दा माथिल्लो दर्जा (हालको मुख्य सचिव) को, जसलाई पञ्चायत कालमा राजाको सचिव, क्याबिनेट सचिव भनिन्थ्यो, सङ्ख्या हालसम्म ३१ जना पुगेको छ। जसमध्ये ४ जना नेवारबाहेक सबै एउटै खस-आर्य समुदायका छन् (विस्तृत विवरण हेर्नुहोस् अनूसूचीः२१)। यी तथ्यहरूले नेपालको राजनीतिमा कुनै राजनीतिक विचार वा दर्शनभन्दा पनि समुदायगत प्रतिनिधित्व वा दर्शनको प्रतिविम्ब झल्किन्छ। अध्यता धनकुमारी सुनारका अनुसार वर्तमान नेपाली समाजमा उत्पीडनको मूल स्रोत हिन्दु वर्णवादी राज्यव्यवस्था सहितको पितृसत्ता हो, जसले राज्य व्यवस्थाको सबै कालमा महिला, दलित, आदिवासी जनजाति र मधेसी समुदायमाथि शोषण र दमन गरेको छ (सुनार, सन् २०१९,पृ. ९)।

राज्यका अन्य विभिन्न संरचना झैं चौथो अङ्ग मानिएको पत्रकारिता पनि सामाजिक असन्तुलनको दृष्टिले अछुतो छैन। प्रत्यूष वन्त र शेखर पराजुलीले गरेको एक अध्ययन अनुसार :

> १०४ प्रकाशन संस्थाहरूमा सम्पादक समूह, स्तम्भकार समूह र प्रकाशकीय समूह गरी जम्मा २२५७ जनाको प्रत्यक्ष संलग्नता मध्ये ब्राह्मण क्षेत्री ७९.५ प्रतिशत, जनजाति ३३८ जना (१४.९ प्रतिशत) जसमध्ये १९२ जना अर्थात् ८.५ नेवार छन्। दलित २७ जना (१.१ प्रतिशत), अन्य पिछडिएका जाति ४८ जना (२.१ प्रतिशत) र पहिचान नखुलेको ( छद्म नाम/उपनाम) ४८ जना (२.१ प्रतिशत) रहेका छन्। दलित समुदायको यो कहालीलाग्दो अवस्थाप्रति तत्कालीन राष्ट्रियसभाका सदस्य बिजुलकुमार विश्वकर्माले ठुलो जनसङ्ख्या भएको दलित समुदायलाई राज्यले उपेक्षा गर्दा राज्य कहिल्यै विकासको पथमा लम्कन सक्दैन, यो ठूलो समस्या हो भनेका छन्। पत्रकार महासङ्घका अध्यक्ष सुरेश आचार्यका अनुसार यो ठूलो समस्या होइन, पेसागत पत्रकारितामा जाति, धर्म, वर्ग आदि कुराहरू गौण हुन्छन्। त्यसैले यस क्षेत्रलाई जातीय वा साम्प्रदायिक दृष्टिकोणले हेरिनु उचित हुँदैन। (वन्त र पराजुली, २०५८,पृ. ४९)

पेसागत क्षेत्रमा जातीय कुरा गौण हुन्छ भनेर आचार्यले व्यक्त गरेको आशय पुरानो सामन्तवादी संस्कृतिको उपज हो। गोपाल गुरुका अनुसार आरक्षण प्रावधान समानताको अधिकार हो, दान होइन, जसले सामाजिक न्यायको नैतिक अवधारणाको मुलभूत सिद्धान्त प्रदान गर्दछ। पहिलो सामाजिक रूपमा विभिन्न समुदायबीच रहेको सामाजिक एकता नखल्बल्याउन र दोस्रो समाजमा परस्परविरोधी हितलाई सन्तुलित राख्नुका साथै सामाजिक तनावलाई रोक्न सामाजिक सद्भाव कायम गर्ने यन्त्रका रूपमा लिइन्छ (गुरु, सन् २०१६,पृ. ३७)। तर नेपालका आदिवासी जनजाति तथा दलितहरूलाई लोकसेवामा दिएको आरक्षणले सम्मान होइन, अपमान भएको अध्ययनका क्रममा व्यक्त गरेका छन्। उनीहरूलाई दयामाया गरिएको र कमजोर ठानिएको छ, जसको कारण समाजले उसलाई हेर्ने दृष्टिकोण र उसले आफूलाई

हीनताबोध गर्ने अवस्था सिर्जित भएको छ। त्यसैले आदिवासी जनजातिहरूलाई सामाजिक न्याय र प्राकृतिक न्यायको सिद्धान्तका आधारमा अग्राधिकार अपरिहार्य भएको विचार व्यक्त भएका थिए ।

नीरा चन्ढोकका अनुसार "कुनै व्यक्ति पछाडि पर्नुको कारण ऊसँग क्षमता वा भाग्य नहुनु वा ऊ व्यक्तिगत रूपमा ठगिनु होइन। यसको असली कारण ऊ त्यस्तो समुदायमा जन्मियो जो शासक संस्कृतिको नभएको कारणले ठगिएको हो" (चन्ढोक, २०६३,पृ. १६७)। चन्ढोकले भनेझैं नेपालका बहुसङ्ख्यक नागरिकहरू शासक समुदायका छैनन्। शासक समुदायको नभएपछि उनीहरूसँग शासकको संस्कृति पनि हुने भएन, शासक संस्कृति नहुनु उनीहरू बहिष्करणमा पर्नु हो। सामान्य सुधारका आवाजहरूलाई कुण्ठित गर्दा र त्यस प्रकारका कार्यक्रमहरू नबनाउँदा आत्मनिर्णयको अधिकार र अग्राधिकारजस्ता अग्रगामी राजनीतिक मागहरू आएको अध्ययनले देखाएको छ। यी मागहरूको कारण सांस्कृतिक द्वन्द्वहरू राजनीतिक क्षेत्रमा पनि भड्किन सक्ने अनुमान पनि गरिन्छ। अर्कोतर्फ नेपालमा भने लामो समयदेखि अवलम्वन गरिएको प्रभुत्वशाली जाति र लिङ्गले मात्र प्रतिनिधित्व गर्ने प्रणाली रहेकोले समावेशी समानुपातिक प्रणालीलाई क्रमशः विस्थापित गरिँदैछ।

## ४.६ राजनीतिक समावेशीकरणको अवस्था

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र तथा मानवशास्त्र विभागले सन् २०१२ मा गरेको सामाजिक समावेशीकरणको सर्वेक्षण अनुसार मतदान प्रक्रियामा मगरहरूको ९० प्रतिशत सहभागिता छ तर राजनीतिक गतिविधिमा १५.५ प्रतिशत मात्र सहभागिता देखिन्छ। पहिचानसँग जोडिएका विषयगत तथ्याङ्क अनुसार सरकारी जागिरमा पहुँच १२.५ प्रतिशत र राजनीतिक पार्टीहरूको नीति निर्माण गर्ने तहमा ५.३ प्रतिशत रहेको देखिन्छ। यसैगरी पहिचानको राजनीतिबारे १७.८ प्रतिशत, आरक्षणबारे १३.२ प्रतिशत, समानुपातिक प्रतिनिधित्वबारे १५.८ प्रतिशत र सङ्घीयताबारे १४.५ प्रतिशतलाई मात्र जानकारी रहेको देखिन्छ (Gurung et al., 2014)।

तालिका ४.५: मगरहरूको राजनीतिक सहभागिता र जानकारी

| क्र. सं. | विषय | प्रतिशत |
|---|---|---|
| १ | मतदान प्रक्रियामा सहभागिता | ९०.० |
| २ | राजनीतिक गतिविधिमा सहभागिता | १५.५ |
| ३ | आरक्षणबारे जानकारी | १३.३ |
| ४ | पहिचानको राजनीतिबारे जानकारी | १७.८ |
| ५ | समानुपातिक प्रतिनिधित्वबारे जानकारी | १५.८ |
| ६ | सङ्घीयतासम्बन्धी जानकारी | १४.५ |
| ७ | नीति निर्माण तहमा | ५.३ |
| ८ | सरकारी सेवामा | १२.५ |

(Source: Gurung et al., 2014,pp. 179-248)

राज्यमा मगरको वर्तमानको अवस्था कमजोर भए पनि नेपालको राजनीतिक इतिहासमा मगर जातिको विशेष प्रधानता भएको पाइन्छ। प्राचीन र मध्यकालीन नेपालमा मगरहरूको आफ्नै राज्य र राजाहरू तथा मुखियाहरू थिए। आधुनिक नेपाल निर्माणपछि र राणाकालमा मगरहरूको सहभागिता कमजोर रह्यो। आधुनिक नेपाल पश्चात् नेपालको सुरक्षा निकाय (सेना र प्रहरी) प्रमुखमा केही मगरहरू रहेका छन्।

### ४.६.१ **कार्यपालिकामा प्रतिनिधित्व**

नेपाली सेनाको इतिहासमा मगरहरू केही काजीहरू तथा कमान्डर-इन-चिफ भएको पाइन्छ। ऋषिकेश शाह र प्रेमसिंह बस्न्यातका अनुसार १८३४ (सन् १७७८) मा राजा प्रतापसिंह शाहको मृत्युपछि मुमा महारानी तथा बालक राजा रणबहादुर शाहका नायबी राजेन्द्रलक्ष्मीले सर्वजित रानामगरलाई प्रमुख काजी बनाई सेनाको प्रमुख र राष्ट्र प्रमुख बनाएका थिए (बस्न्यात, २०७१,पृ. :१७५; Shah, 2001,p. 21)। रानामगरबाहेक अन्य मगर प्रतिनिधि राणाकालमा प्रमुख भएको अभिलेख पाइँदैन। राणाशासन व्यवस्थाको अन्त्य पछि २०१५-२०७८ सम्मको मगरहरूको राजनीतिक समीक्षा गर्दा २६ जना मगर मन्त्री भए पनि १८ जना मात्र मन्त्रीपरिषद बैठकमा भाग लिन पाउने क्याविनेट मन्त्री भएका छन्।

तालिका ४.६: मगर मन्त्रीहरू (२०१५-२०७८ सालसम्म)

| अवधि | मन्त्री | राज्यमन्त्री | सहायकमन्त्री |
|---|---|---|---|
| २०१५-२०४६ | २ | २ | १ |
| २०४७-२०६२ | ३ | ० | २ |
| २०६३-२०७८ | १४ | ३ | ० |
| जम्मा | १८* | ५ | ३ |

(स्रोतः रिसाल र पोखरेल, २०७५; बुढामगर, २०७२)

* बालाराम घर्तीमगर पञ्चायत र बहुदल दुवै व्यवस्थामा मन्त्री भएकोले दोहोरीएकोले जम्मा सङ्ख्या १८ भनिएको हो।

नेपालको राजनीतिक इतिहासमा रानामगरपछि २०७२ कात्तिकमा नन्दबहादुर पुनमगर (पासाङ) नेपालको उपराष्ट्रपतिमा निर्वाचित भए। पुनमगर नै यो २५० वर्षको अवधिमा मगरबाट प्रतिनिधित्व गर्ने प्रमुख व्यक्ति हुन् जो राष्ट्रको मर्यादाक्रमको हिसाबले दोस्रोमा पर्दछ। २०७० सालको संविधानसभामा उपाध्यक्ष रहेका ओनसरी घर्तीमगर २०७२ असोज २९ गते नेपालको इतिहासमै पहिलो महिला सभामुख (संविधानसभाबाट रूपान्तरित व्यवस्थापिका संसद्को) निर्वाचित भएकी थिइन्। २०१५ सालदेखि २०७८ चैतसम्म विभागीय मन्त्री १८, राज्यमन्त्री ४ र सहायक मन्त्री ४ गरी जम्मा २६ जना मगरहरू मन्त्री भएको देखिन्छ (हेर्नुहोस् अनुसूची ९)। सङ्घीयता लागू भईसकेपछि ७ वटा प्रदेशमध्ये तीनवटा प्रदेश नं. १ बाट २, गण्डकी प्रदेशबाट ३, र लुम्बिनी प्रदेश बाट २ गरी जम्मा ९ जना मन्त्री रहेका छन् भने अन्य चारवटा प्रदेश सरकारमा मगर मन्त्री शून्य रहेको छ (हेर्नुहोस् अनुसूची १०)।

४.६.२ **व्यवस्थापिकामा प्रतिनिधित्व**

२०१५ सालको १०९ सदस्यीय प्रतिनिधिसभामा ६६ जना (६०.५ प्रतिशत) बाहुन-क्षेत्री, २० जना पहाडी र ६ जना मधेशी गरी २६ जना (२३.८ प्रतिशत) आदिवासी जनजाति र १७ जना (१५.५ प्रतिशत) अन्य मधेसी समुदायका थिए (कामत, २०७५,पृ. २१; कामत र साह, २०७०)। २०१९ सालको राष्ट्रिय पञ्चायत सदस्यमा बाहुन-क्षेत्री ६४ जना (५८.७ प्रतिशत), पहाडी ३१ जना र मधेशी २ जना गरी ३३ जना (३०.२ प्रतिशत) आदिवासी जनजाति र १२ जना (११.० प्रतिशत) अन्य मधेशी थिए। यो निर्वाचनमा खस-आर्यबाट १ जना (०.९ प्रतिशत) महिला प्रतिनिधित्व रहेको थियो (कामत र साह, २०७०)। २०१८-२०३७ (पञ्चायत काल) मा ५९ प्रतिशत, २०३८ सालमा ५० प्रतिशत, २०४२ सालमा ५७ प्रतिशत खस-आर्य निर्वाचित भएका थिए (कामत, २०७५,पृ. २१)। २०४८ सालको २०५ सदस्यीय प्रतिनिधि सभामा ११२ जना अर्थात ५४.६ प्रतिशत खस-आर्य, ४९ जना पहाडी र १८ जना मधेशी गरी ६७ जना (३२.६ प्रतिशत) आदिवासी जनजाति, पहाडी दलित १ जना (०.४ प्रतिशत) र २५ जना (१२.१ प्रतिशत) अन्य मधेसी समुदाय थिए। यो निर्वाचनमा खस-आर्यबाट ४ जना र पहाडी आदिवासी जनजातिबाट ३ गरी ७ जना (३.४ प्रतिशत) महिला प्रतिनिधित्व रहेको थियो (Hachhethu, Shah & Kamat, 2015; कामत, २०७५,पृ. २१)। २०५१ सालमा ६२ प्रतिशत र २०५६ सालमा ६१ प्रतिशत खस-आर्यले प्रतिनिधित्व गरेका थिए। २०६४ सालको पहिलो संविधानसभामा खस-आर्य प्रतिनिधित्व ३३ प्रतिशत, २०७० सालको दोस्रो संविधानसभामा ४१ प्रतिशत (कामत, २०७५,पृ. २१) र २०७४ को प्रतिनिधिसभाको निर्वाचनमा ४२.५ प्रतिशत रहेको छ यस अन्तर्गत पहिलो हुने निर्वाचनतर्फ ५०.९ र समानुपातिकतर्फ ३३ प्रतिशत रहेको छ भने राष्ट्रिय सभामा ६१ प्रतिशत रहेको छ। माथिको आकाँडाले पञ्चायत कालको तुलनामा बहुदलीय व्यवस्थामा खस-आर्यको प्रतिनिधित्वमा बृढी भएको र पहिलो र दोस्रो संविधानसभा जनसङ्ख्याको अनुपात भन्दा केही माथि रहेको र २०७२ को संविधान जारी पछि पुन खस-आर्यको प्रतिनिधित्वमा बढी भएको देखाउँछ यसले समानुपातिक समावेसी व्यवस्था खस-आर्य समुदायको प्रतिकुल रहेको बुझिन्छ। राजनीतिक पार्टीहरूले समानुपातिक उम्मेदवार बनाउँदा सम्भ्रान्त वर्गको पहुँचवाला पुरुषलाई बनाएको दुईवटा संविधानसभाको निर्वाचनले पुष्टि गरेको छ। यो अवसर प्राप्त गर्न र आफ्नो वर्गका लागि ठाउँ सुरक्षित गर्न वञ्चित समूहबाट उम्मेदवार बनाउँदा महिला छान्ने सम्भावना धेरै हुन्छ। किनभने एउटा महिला उम्मेदवार बनाउँदा समुदाय पनि महिला पनि दुवै क्षेत्रको प्रतिनिधित्व हुने अर्थात् एउटा तीरले दुईवटा सिकार हुन्छ (भोलान, सन् २०१५,पृ. २६)। भोलानले विश्लेषण गरेको यो विधि दुईवटा संविधानसभाको निर्वाचनमा धेरै प्रयोग भए। मगरहरूको वा जनजातिहरूको कोटा पूरा गर्न खस-आर्यसँग विवाहित जनजाति महिलाहरूलाई समानुपातिक प्रणालीबाट निर्वाचित गराउने कामहरू भए। जसको फाइदा जनजाति समुदायलाई भन्दा खस-आर्य समुदायलाई नै भयो। पार्टी, संसद र सरकारमा खस-आर्यको वर्चस्व हुँदाहुँदै पनि कानुनी रूपमा

पाएको कोटासमेत घुमाईफिराई आफूलाई नै फाइदा पुग्ने विधि शासकहरूले प्रयोग गर्ने गरेको प्रमाणहरू प्रशस्तै छन्। पहिलो संविधानसभा र दोस्रो संविधानसभामा मात्र होइन, २०७४ सालको सङ्घीय संसद्मा समेत आदिवासी जनजाति कोटाबाट प्रतिनिधित्व गर्ने नेपाली काङ्ग्रेसका दाङका पार्वती डि. सी. चौधरी वंशका नाताले डाँगी क्षेत्री थिए तर चौधरी क्लस्टरबाट, एनेकपा (माके) यशोदा सुवेदी गुरुङ वंशका नाताले सुवेदी थिए तर गुरुङ क्लस्टरबाट प्रतिनिधित्व गरेका थिए। खस-आर्य समुदायसँग वैवाहिक सम्बन्ध कायम गरेका तर वंशजको नाताले आदिवासी जनजाति भएकाले स्वाभाविक मान्न सकिएला, तर खस-आर्य वंशज भएको तर आदिवासी जनजातिको कोटामा प्रतिनिधित्व गर्ने दोहोरो मापदण्डले नेपालको विधि निर्माता र पार्टी नेताहरूको चलाखीपूर्ण समुदायगत स्वार्थ रहेको छ। देशको नीति निर्माण गर्ने निकाय व्यवस्थापिका संसद्मा प्रतिनिधित्व गर्ने मगरको अवस्था धेरै कमजोर देखाएको छ। नेपालको पहिलो प्रजातान्त्रिक संसद् २०१५ (सन् १९५९) मा कुल १०९ सांसद सङ्ख्यामध्ये नेपाली काङ्ग्रेसका दुईजना (गिरिप्रसाद बुढाथोकी, गुल्मी र पदमबहादुर आले, तनहुँ) मात्र अर्थात् १.८ प्रतिशत प्रतिनिधित्व थियो।

२०१९-२०३५ सालको अवधिमा जम्मा ३५९ रापंसमध्ये सातजना निर्वाचित र एकजना राजाद्वारा मनोनित गरी आठजना (२.२ प्रतिशत) थिए, जसमध्ये २०३८ सालको निर्वाचनबाट निर्वाचित १४० रापंसमध्ये चारजना निर्वाचित र एकजना मनोनीत गरी पाँचजना (३.५ प्रतिशत),

२०४३ सालको निर्वाचनमा १३६ रापंसमध्ये ६ जना निर्वाचित र राजाद्वारा मनोनित एकजना गरी सातजना (५.१ प्रतिशत) मगर प्रतिनिधित्व थियो। २०३८ सालमा पहिलो हुने निर्वाचन प्रणालीबाट निर्वाचित ११२ र राजाबाट मनोनीत २८ गरी १४० र २०४३ सालमा पहिलो हुने निर्वाचन प्रणालीबाट १११ जना र २५ जना राजाद्वारा मनोनीत गर्ने संवैधानिक व्यवस्था रहेको थियो। यस अवधिमा सात जना दुई वा दुईभन्दा बढी र ११ जना एकपटक मात्र निर्वाचित भई जम्मा १८ जना मगर रापंस निर्वाचित भएका थिए। समग्र पञ्चायती निर्दलीय पञ्चायती व्यवस्था २०१६-२०४६ साल (सन् १९६०-१९९०) को अवधिमा जम्मा ७४४ राष्ट्रिय पञ्चायत सदस्यमध्ये जम्मा १८ जना (२.४ प्रतिशत) मगर रापंस निर्वाचित भएका थिए (रिसाल र पोखरेल, २०७५)।

तालिका ४.७: मगर विधायकहरू प्रतिशतमा

| **निर्वाचन साल** | २०१५ | २०१९–२०३५ | २०३८ | २०४३ | २०४८ | २०५१ | २०५६ | २०६४ | २०७० |
|---|---|---|---|---|---|---|---|---|---|
| सिट सङ्ख्या | १०९ | ३५९ | १४० | १३६ | २६५ | २६५ | २६५ | ६०१ | ६०१ |
| मगर विधायक सङ्ख्या | २ | ८ | ५ | ७ | ७ | ५ | ६ | ३० | २१ |
| मगर विधायक प्रतिशत | १.८ | २.२ | ३.५ | ५.१ | २.६ | १.८ | २.२ | ४.९ | ३.४ |

(स्रोतः रिसाल र पोखरेल, २०७५; बुढामगर, २०७२)

२०४८ देखि २०५६ सालसम्म २०५ सदस्यीय प्रतिनिधिसभा र ६० सदस्यीय राष्ट्रियसभामा मगरको प्रतिनिधित्व जनसङ्ख्याको अनुपातमा कमजोर रहेको छ। २०४८ साल (सन् १९९१) मा प्रतिनिधिसभामा ६ जना (नेका तीन, संजमो दुई र एमाले एक) र राष्ट्रियसभा नेकाका एकजना गरी सातजना (२.६ प्रतिशत), २०५१ साल (सन् १९९४) मा प्रतिनिधि सभामा चार (एमाले तीन, राप्रपा एक) र राष्ट्रियसभामा नेकाका एक गरी पाँचजना (१.८ प्रतिशत), २०५६ साल (सन् १९९९) मा प्रतिनिधिसभा चार (एमाले दुई, नेका दुई) र राष्ट्रियसभा दुई (एमाले एक, राप्रपा एक) गरी जम्मा ६ जना (२.२ प्रतिशत) मगर प्रतिनिधित्व थियो।

जनआन्दोलन २०६२/६३ पछिको पुनस्थापित अन्तरिम व्यवस्थापिका संसद्मा कुल ३३० मध्ये माओवादी आठ, एमाले दुई र नेका एक गरी जम्मा ११ जना मगरको प्रतिनिधित्व थियो। उक्त सङ्ख्या कुल सङ्ख्याको ३.३ प्रतिशत हो। २०६४ र २०७० सालको संविधानसभामा  २४० पहिलो हुने निर्वाचन प्रणालीबाट, ३३५ समानुपातिक निर्वाचन प्रणालीबाट र २६ जना मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले मनोनीत गर्ने व्यवस्था थियो। २०६४ सालको संविधानसभामा कुल ६०१ सभासद्मध्ये पहिलो हुने निर्वाचन प्रणालीबाट १४ र समानुपातिक निर्वाचन प्रणालीबाट १६ जना गरी ३० जना (४.९ प्रतिशत) र दोस्रो संविधानसभा २०७० सालमा कुल ६०१ सदस्यमध्ये पहिलो हुने निर्वाचन प्रणालीबाट ५ र समानुपातिक निर्वाचन प्रणालीबाट १६ गरी २१ जना (३.४ प्रतिशत) मगर सभासद् थिए। जुन कुल सभासद सङ्ख्याको क्रमशः ४.८ प्रतिशत र ३.४ प्रतिशत हो। जबकि मगरको जनसङ्ख्याको हिसाबले ६०१ जनाको संविधानसभामा कम्तीमा ४३ जना  (७.१ प्रतिशत) हुनुपर्दछ। सोचनीय कुरा, २०६४ र २०७० सालको संविधानसभाको निर्वाचन र २०७४ सालको प्रतिनिधिसभाको निर्वाचनबाट समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधित्व गर्ने महिला विधायकहरू वंशजका हिसाबले मगर भए पनि वैवाहिक सम्बन्धको हिसाबले अन्य आदिवासी जनजाति र खस-आर्य समुदायसँग अन्तरजातीय विवाह गरेका छन्।

२०७४ सालको सङ्घीय संसद्मा १३ जना (छजना पहिलो हुने निर्वाचन प्रणाली र सातजना समानुपातिक प्रणालीबाट) र २०७९ सालको सङ्घीय संसद्मा ११ जना (४ जना पहिलो हुने र ७ जना समानुपातिक निर्वाचन प्रणालीबाट) पहिलो हुने निर्वाचन प्रणालीबाट निर्वाचितमध्ये एक जना मात्र नयाँ अनुहार थिए भने एक जना समानुपातिक प्रणालीबाट निर्वाचित महिला वंशजको दृष्टिले दलित र बैवाहिक सम्वन्धले मगर छन्। प्रदेशसभातर्फ आदिवासी जनजातिको समूहबाट २७ (पहिलो हुने निर्वाचन प्रणाली १९ र समानुपतिक ८) जनामध्ये वैवाहिक सम्बन्धको दृष्टिले तीनजना खस-आर्य र एकजना दलित छन्। यीमध्ये वंशजका आधारमा मगर भए पनि एकजना दलित र एकजना खस-आर्य कोटाबाट प्रतिनिधित्व गरेका छन्। यसरी हेर्दा प्रदेशसभामा मगरको प्रतिनिधित्व २९ हुन्छ। यसरी संवैधानिक रूपमा आदिवासी जनजाति समूहबाट प्रतिनिधित्व गर्ने प्रदेशसभा सदस्य २७ भए पनि वंशजका आधारमा भने

२९ रहेको छ। ५५० सदस्यीय (पहिलो हुने निर्वाचनबाट ३३० र समानुपातिक निर्वाचनबाट २२०) प्रदेशसभाको निर्वाचनमा २९ जनामध्ये पाँचजना संविधानसभामा प्रतिनिधित्व गरिसकेकाले २४ जना मात्र नयाँ प्रतिनिधि छन्। २०७९ सालको पनि २९ जना प्रदेश सभा सदस्यमध्ये ७ जना २०७४ सालको निर्वाचनमा पहिलो हुने पहिलो हुने निर्वाचन प्रणालीबाट निर्वाचित भइसकेकाले जम्मा २२ जना गरी दुई वटा निर्वाचनबाट ४६ जना मात्र नयाँ अनुहार निर्वाचित भएका छन्। २०७९ को समानुपातिक सदस्यमध्ये एक जना महिला वंशजको दृष्टिले तामाङ र वैवाहिक दृष्टिले मगर तथा अर्को एक जना वंशजको दृष्टिले मगर र वैवाहिक दृष्टिले तामाङ छन्। यस हिसावले दुइवटा प्रदेश सभा निर्वाचनबाट जम्मा ४६ जना निर्वाचित भएका छन्। २०१५-२०७९ सालको ६४ बर्षको अवधिमा राष्ट्रिय पञ्चायत, प्रतिनिधिसभा, राष्ट्रिय सभा र संविधानसभा गरी जम्मा ९६ जना प्रदेश सभामा ४६ जना गरी जम्मा १४२ जना मगरहरूले प्रतिनिधित्व गरेका देखिन्छ (हेर्नुहोस् अनुसूची ११)।

तालिका ४.८ः मगर विधायकहरू २०७४ र २०७९

| **विवरण** | **प्रतिनिधि सभा** | | **प्रदेश सभा** | |
|---|---|---|---|---|
| निर्वाचन साल | २०७४ | २०७९ | २०७४ | २०७९ |
| सिट सङ्ख्या | २७५ | २७५ | ५५० | ५५० |
| मगर विधायक | १३ | ११ | २७ | २७ |
| मगर प्रतिशत | ४.७ | ४.० | ४.९ | ४.९ |

(स्रोतः निर्वाचन आयोग २०७४; निर्वाचन आयोग २०७९)

२०७४ सालको निर्वाचनमा मगर प्रतिनिधित्वको दृष्टिले प्रतिधिसभामा १३ जना (४.९ प्रतिशत), राष्ट्रिय सभामा ३ जना (५.० प्रतिशत) र प्रदेशसभामा २७ जना (५.२ प्रतिशत) रहेको छ। २०७९ सालको प्रतिधिसभामा प्रतिनिधित्व २०७४ तुलनामा २ जना घटेर ११ जनाको मात्र प्रतिनिधित्व छ, जुन गत सालको तुलनामा १५ प्रतिशतले कमी हो। एकजना बंशजको नाताले मगर र बैवाहिक सम्वन्ध र कानुनी हैसीयतले दलित भएकोले मगरबाट प्रतिनिधित्व गर्नेको वास्तविक सङ्ख्या जम्मा दशजना मात्र हुन आउँछ। माथिका आकाडाँहरूमा मगरको प्रतिनिधित्व घट्दो क्रममा रहेको छ। २०७४ र २०७९ सालको प्रदेशसभामा ४.९ प्रतिशत र २०७४ सालको राष्ट्रियसभामा ५ प्रतिशत नै नीति निर्माण गर्ने तहमा मगर धेरै निर्वाचित भएको पहिलो घटना हो।

स्थानीय तह र प्रदेश मात्र होइन केन्द्रीय विधायनमा पनि खस-आर्य समुदायको बाहुल्य नै देखिन्छ। ३१ प्रतिशत जनसङ्ख्या रहेको खस-आर्य समुदायको २०६४ सालको संविधानसभाको निर्वाचनको परिणामबाहेक विभिन्न निर्वाचनहरूको परिणाम अनुसार जनसङ्ख्याको तुलनामा संसदमा निकै बढी रहेको आकाडाँहरूले देखाएको छ।

### ४.६.३ स्थानीय सरकारमा प्रतिनिधित्व

कार्यपालिका र व्यवस्थापिकामा मात्र होइन, स्थानीय सरकार (जिल्ला पञ्चायत/विकास समिति) हरूमा पनि मगरको प्रतिनिधित्व नगण्य मात्र रहेको छ। २०१९ सालपछि हरेक पाँच/पाँच वर्षमा सम्पन्न हुने अध्यावधिक निर्वाचनले पञ्चायतकालमा जिल्ला पञ्चायत समितिको पाँचवटा निर्वाचनबाट ३७५ जना सभापति र सोही सङ्ख्यामा उपसभापति भएका छन्। जसमध्ये १५ जना मगर सभापति (४ प्रतिशत) र १४ जना मगर उपसभापति (३.७ प्रतिशत) भएको देखिन्छ।

२०४७ पछिको बहुदलीय प्रजातान्त्रिक व्यवस्था अन्तर्गत २०४९ र २०५४ को निर्वाचन तथा २०५८ (राजा ज्ञानेन्द्रको नेतृत्वको शासनकालमा मनोनीतसमेत) गरी २२५ जना सभापति र सोही सङ्ख्यामा उपसभापति निर्वाचित भएको देखिन्छ। जसमध्ये मगर सभापति ५ जना र उपसभापति ६ जना अर्थात् क्रमशः २.२ प्रतिशत र २.६ प्रतिशत रहेको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि राज्यको पुनर्संचनापश्चात् ७५ जिल्लाबाट थप दुई गरी ७७ वटा जिल्ला कायम गरिए। २०७४ सालमा सम्पन्न भएका ७७ वटा जिल्ला समन्वय समितिको निर्वाचनबाट दुईजना प्रमुख र पाँचजना उपप्रमुख क्रमशः २.५ र ६.४ प्रतिशत र २०७९ सालमा प्रमुख ३ जना (३.८ प्रतिशत) र उप प्रमुख ४ जना (५ प्रतिशत) रहयो, जुन मगरको जनसङ्ख्याको आधारमा आधाले कम प्रतिनिधित्व हो।

तालिका ४.९: मगर सभापति तथा उपसभापति सङ्ख्या र प्रतिशतमा

| अवधि | सभापति तथा उपसभापति जम्मा सङ्ख्या | मगर सभापति सङ्ख्या | मगर सभापति प्रतिशत | मगर उपसभापति सङ्ख्या | मगर उपसभापति प्रतिशत |
|---|---|---|---|---|---|
| २०१९-२०४४ | ३७५ | १५ | ४.० | १४ | ३.७ |
| २०४९, २०५४ र २०६१ | २२५ | ५ | २.२ | ६ | २.६ |
| २०७४ | ७७ | २ | २.५ | ६ | ६.४ |
| २०७९ | ७७ | ३ | ३.८ | ४ | ५.० |

(स्रोतः बुढामगर, २०७२,पृ. ११५-११६; बुढामगर, २०७९)

हालसम्म जम्मा ११ वटा जिल्लामा २२ जना सभापति र १० वटा जिल्लामा २४ जना उपसभापति मात्र निर्वाचित हुनुले मगरको स्थानीय तहमा कमजोर राजनीतिक उपस्थितिको जानकारी मिल्दछ। ब्राह्मण-क्षेत्री समुदाय मात्र होइन, मगरबाहेक अन्य आदिवासी जनजातिको तुलनामा पनि मगरको राजनीतिक प्रतिनिधित्व धेरै कम छ। २०७४ सालमा सम्पन्न ७५३ वटा स्थानीय तहको निर्वाचनमा प्रमुख र उपप्रमुख गरेर १५०६ जनामध्ये महिलाको ६९७ सङ्ख्या (४६.२ प्रतिशत), आदिवासी जनजाति ४०९ जना (२७.१ प्रतिशत), खस-आर्य समुदायबाट ७३२ जना (४८.६ प्रतिशत), मधेशीबाट २३९ जना (१५.८ प्रतिशत), दलित २७ जना (१.७ प्रतिशत), थारु ७३ जना (४.८ प्रतिशत) र मुस्लिम समुदायबाट २५ जना (१.६ प्रतिशत) निर्वाचित भएका छन्। करिव ३७ प्रतिशत

रहेका आदिवासी जनजातिहरूको प्रतिनिधित्व १० प्रतिशत, ११ प्रतिशत जनसङ्ख्या रहेको दलितको प्रतिनिधित्व १.७ प्रतिशत र ४ प्रतिशत जनसङ्ख्या रहेको मुस्लिम जातिको १.६ प्रतिशत मात्र रहनु प्रतिनिधित्वको असमानता छर्लङ्ङ देखिन्छ (ढकाल, २०७५,पृ. ८५) । २०७४ को स्थानीय निर्वाचनमा मगरले आफ्नो जनसङ्ख्याको अनुपातमा स्थानीय सरकारहरूमा नेतृत्व लिन सकेन । ७५३ पालिकाहरूमा ४९ जना प्रमुख (६.५ प्रतिशत) र ५० जना (६.६ प्रतिशत) उपप्रमुख रहेका छन्  यी मध्ये एकजना वंशजका आधारमा मगर र वैवाहिक सम्बन्धले क्षेत्री रहेकाले मगर र क्षेत्री दुवै पहिचान कायम रहेको छ भने एकजना वंशजका आधारले क्षेत्री र वैवाहिक सम्बन्धको हिसाबले मगर पहिचान कायम रहेका छन् । २०७९ सालको निर्वाचनमा ४३ जना प्रमुख/अध्यक्ष र ५४ जना उप्रमुख/उपाध्यक्ष निर्वाचित भए । जसमध्ये वंशजको दृष्टिले मगर भए पनि बैवाहिक सम्वन्धले २ जना खस-आर्य र १ जना तामाङसँग बाधिएका छन् । अघिल्लो निर्वाचनको तुलनामा प्रमुख/अध्यक्षमा ६ जना कम र उप्रमुख/उपाध्यक्षमा ३ जना बढी निर्वाचित भएका छन् । उप्रमुख/उपाध्यक्ष ३ जना (३३.३ प्रतिशत) वृद्धि हुँदा प्रमुख/अध्यक्ष पदमा दोव्बर (६६.६ प्रतिशत) घट्नु भनेको मगरको राजनीतिक अवस्था भविश्यमा अझ कमजोर हुने सङ्केत हो ।

तालिका ४.१०: २०७४ र २०७९ सालको स्थानीय सरकारमा मगरको प्रतिनिधित्व

| साल | अध्यक्ष/प्रमुख | | उपाध्यक्ष/उपप्रमुख | | वडा अध्यक्ष | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २०७४ | ४९ | ६.५ | ५१ | ६.७ | ४९० | ७.३ |
| २०७९ | ४३ | ५.७ | ५४ | ७.१ | ४६६ | ६.९ |

(स्रोतः निर्वाचन आयोग, २०७४; निर्वाचन आयोग, २०७९; बुढामगर, २०७९)

मगर राजनीतिकर्मी क्रियाशिल भएका आफ्नो आधार भूमिमा समेत निर्वाचनमा आफू सङ्लग्न दलद्वारा उम्मेदवारीबाट वञ्चित गरेका छन् । वञ्चित भएपछि सहर्ष स्वीकार गर्ने गरेका र यदाकदा असन्तुष्ट भएर निश्क्रिय पनि हुने गरेका छन् भने अपवादमा विद्रोह पनि गरेका छन् । २०७९ वैशाखको स्थानीय निर्वाचनमा मगरको बाहुल्य रहेको तनहुको रिसिङ गाउँ पालिकामा नेकाबाट मगरहरूले विद्रोह गरे तर पार्टीको आधिकारीक उम्मेदवार राजेन्द्र कृष्ण श्रेष्ठले ३ हजार ३ सय ३५ प्राप्त गरी निर्वाचित भए भने श्रीराम आलेले ३ हजार ३३ मत प्राप्त गरी ३०२ मतले पराजित भए । यो मगर मतदाताले मगर उम्मेदवार होइन राजनीतिक विचार वा दल प्राथमिकतामा राख्दछन् भन्ने उदाहरण हो ।

६,७४३ वटा वडामध्ये २०७४ सालमा ४९० जना मगर वडा अध्यक्ष निर्वाचित भएका छन् । यो कुल वडाध्यक्षको ७.३ प्रतिशत हो । २०७९ सालको स्थानीय निर्वाचनमा ४६६ जना वडा अध्यक्ष (६.९ प्रतिशत) निर्वाचित भएका छन् । ५ वर्षपछि २४ जना (०.४ प्रतिशत) ले कम प्रतिनिधित्व हुनु दुःखद पक्ष हो । वर्तमानको राजनीतिक प्रतिनिधित्वको अवस्थालाई हेर्दा वडा तहमा मगरले मुस्किलले

करिब करिब आफ्नो जनसङ्ख्याको अनुपातमा प्रतिनिधित्व गर्न सफल भएको देखिन्छ। यी तथ्याङ्कहरूले केन्द्रीय राजनीतिमा मात्र होइन, स्थानीय राजनीतिमा पनि मगरको सहभागिता धेरै कमजोर देखाउँछ। यो अवस्थालाई आधार मान्दा मगर जातिको राजनीतिक प्रतिनिधित्व वर्तमानमा मात्र होइन, निकट भविष्यमा पनि कमजोर नै हुने देखिन्छ।

### ४.६.४ **राजनीतिक नियुक्ति**

राज्यमा स्थायी कर्मचारी भर्नाबाहेक धेरै संयन्त्रमा सरकारले राजनीतिक नियुक्तिद्वारा पदपूर्ति गर्ने गर्दछ। त्यसको मूल्याङ्कन तथा नियुक्ति विधिको निश्चित कानुनी प्रावधान भए पनि राजनीतिक प्रभाव र हस्तक्षेपका कारण पार्टीमा पहुँच भएका र नेताहरूको नजरमा परेका समुदाय र व्यक्तिहरूले मात्र अवसर पाउने गरेका छन्। राजनीतिक नियुक्तिहरूमा मगरको कहालीलाग्दो अवस्था छ।

विगत र वर्तमानमा राजनीतिक नियुक्तिहरूमा पनि मगरहरूको अवस्था नाजुक छ। पञ्चायतकालमा स्याङ्जाका नरेन्द्रबहादुर थापा र टेकबहादुर थापा अञ्चलाधीश भएका थिए, टेकबहादुर थापा निर्वाचन आयोगको सचिव समेत भएका थिए । गिरिप्रसाद बुढाथोकी एकजना मात्र गुल्मीका बडाहाकिम थिए, परराष्ट्र मामिलामा हर्कबहादुर थापा बङ्गलादेश र खड्गजित बरालमगर बर्माका राजदूत रहेका थिए भने हर्षबहादुर बुडामगर वन बसोबास अधिकार सम्पन्न आयोगका अध्यक्ष थिए । देशमा बहुदलीय व्यवस्था आएपछि दुर्गम विकास समिति, शाही नेपाल वायु सेवा निगम, नेपाल टेलिभिजन विकास बोर्ड, समाज कल्याण परिषद्, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, पोखरा विश्वविद्यालय, उदयपुर सिमेन्ट उधोग लिमिटेड, नेपाल प्रज्ञा प्रतिष्ठान, साँस्कृतिक संस्थान, दुग्ध विकास संस्थान, सङ्गीत तथा नाट्य प्रतिष्ठान, सुकुम्बासी आयोग, रष्ट्रिय मानवअधिकार आयोग र २०७७ सालमा गठन भएको भूमिसम्बन्धी समाधान आयोग, आदिवासी जनजाति आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान गरी जम्मा दुई दर्जनमा नियुक्ति लिएका छन्। अरू जातिका धेरै सङ्ख्या र आकर्षक निकायमा नियुक्त गरिए पनि मगर भने सेवा सुविधा र व्यक्तित्व विकासका दृष्टिले प्रभावकारी र कार्यकारी भूमिका नरहेका निकायहरूमा थोरै सङ्ख्यामा छन्। जसको कारण ती ओहोदाहरूमा पुगेपछि उनीहरूले आफ्ना क्षमता र भूमिका प्रदर्शन गर्ने अवसर धेरै कम रहेको छ। पञ्चायत कालमा पाएका राजनीतिक नियुक्तिको तुलनामा बहुदलीय व्यवस्था पछिका नियुक्तिहरू धेरै कमजोर रहेको छन्।

### ४.६.५ **मगर महिलाको समावेशीकरणको अवस्था**

२०६८ सालको तथ्याङ्कले कुल मगर जातिको ५३.६ प्रतिशत महिला जनसङ्ख्या रहेको छ। मगर जातिभित्र मगर महिलाको सामाजिक तथा राजनीतिक सहभागिता तथा भूमिकाको अध्ययनले थप सान्दर्भिकता पुष्टि हुने भएकोले यहाँ संक्षिप्तमा चर्चा गरिएको छ । नेपालको राजनीतिक इतिहासमा संविधानसभा तथा व्यवस्थापिका संसदका सभामुख ओनसरी घर्तीमगर मगर महिलाबाट राजनीतिक रुपमा प्रतिनिधित्व गर्ने नेपालकै पहिलो महिला हुन।

तालिका ४.११: मगर मन्त्रीहरूको लैङ्गिक  प्रतिनिधित्व (२०१५-२०७८ सालसम्म)

| **अवधि** | **मन्त्री** | **पूरुष** | **महिला** |
|---|---|---|---|
| २०१५-२०४६ | ५ | ५ | ० |
| २०४७-२०६२ | ५ | ५ | ० |
| २०६३-२०७८ | १७ | ११ | ६ |
| जम्मा | २७ | २१ | ६ |
| प्रतिशत | १०० | ७७.७ | २२.२ |

(स्रोतः रिसाल र पोखरेल, २०७५; बुढामगर, २०७२)

२०१५ सालको निर्वाचनबाट निर्वाचित दुई जना संसद भए पनि मगर मन्त्री भएनन् । पञ्चायत कालमा २ जना र २०४६ सालको बहुदलीय व्यवस्थामा ५ जना मगर मन्त्रीले प्रतिनिधित्व गर्दा शतप्रतिशत पुरुष थिए, मगर महिला मन्त्री शून्य रह्यो । २०६२/६३ को जन आन्दोलनपश्चात स्थापित सङ्घीय लोकतान्त्रिक व्यवस्थामा मात्र मगर मन्त्रीको प्रतिनिधित्व भएको हो । पञ्चायत कालदेखि सङ्घीय लोकतान्त्रिक व्यवस्थामा अर्थात २०६४ सालको पहिलो संविधानसभा देखि २०७८ सालको चौध वर्षको अवधिमा ६ जना मगर महिला मन्त्री भए, जुन समग्र मगर मन्त्रीको २२ प्रतिशत हुन आउँछ ।

प्रजातान्त्रिक निर्वाचन २०१५ सालमा शून्य, ३० वर्षीय पञ्चायत कालमा बमकुमारी बुढामगर एक जना मात्र, र २०४८, २०५१ र २०५६ सालको तीनवटा निर्वाचनमा थममाया थापामगर एक जना मात्र निर्वाचित भएका थिए । २०१५ देखि २०५६ सालसम्म अभ्यास गरिएको निर्वाचन प्रणालीमा सुधार गर्दै २०६४ सालको अन्तरिम संविधानले ६० प्रतिशत समानुपातिक निर्वाचन प्रणाली र ४० प्रतिशत पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत ३३ प्रतिशत महिला अनिवार्य भएकोले दुईवटा संविधानसभामा महिलाको प्रतिनिधित्व बढेको थियो ।

तालिका ४.१२: मगर विधायकहरू लैङ्गिक  प्रतिनिधित्व प्रतिशतमा २०१५-२०७०

| **निर्वाचन साल** | **जम्मा** | **पुरुष** | | **महिला** | |
|---|---|---|---|---|---|
| | | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| २०१५ | २ | २ | १०० | ० | ०.० |
| २०१९-२०४३ | १९ | १८ | ९४.७ | १ | ५.२ |
| २०४८-२०५६ | १९ | १८ | ९४.७ | १ | ५.२ |
| २०६३ | ११ | ८ | ७२.७ | ३ | २७.२ |
| २०६४ | ३० | १७ | ५६.६ | १३ | ४३.३ |
| २०७० | २१ | १० | ४७.६ | ११ | ५२.३ |
| जम्मा | १०२ | ७३ | ७१.५ | २९ | २८.४ |

(स्रोतः रिसाल र पोखरेल, २०७५; बुढामगर, २०७२)

२०७२ सालमा संविधान सभाद्वारा नयाँ संविधान जारी भएपश्चात सङ्घीय संसदको रुपमा प्रतिनिधिसभा र प्रदेश संसदको रुपमा प्रदेश सभा क्रियाशिल छन् । तर २०६३ सालको अन्तरिम संविधानमा व्यवस्था गरिएको ४० प्रतिशत पहिलो हुने र ६० प्रतिशत समानुपातिक व्यवस्थालाई उल्टाएर पहिलो हुने निर्वाचन प्रणालीको ठाउँमा ६० प्रतिशत र ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीको अभ्यास गरिरहेको छ।

तालिका ४.१३ः मगर विधायकहरूको लैङ्गिक प्रतिनिधित्व २०७४ र २०७९

| निर्वाचन साल | प्रतिनिधि सभा | | | प्रदेश सभा | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| २०७४ | १३ | ४ | ९ | २९ | १४ | १५ |
| २०७९ | ११ | ४ | ७ | २७ | १३ | १४ |
| जम्मा | २४ | ८ | १६ | ५६ | २७ | २९ |
| प्रतिशत | १०० | ३३.३ | ६६.६ | १०० | ४८.२ | ५१.७ |

(स्रोतः निर्वाचन आयोग, २०७४; २०७९; बुढामगर, २०७९)

६० प्रतिशत समानुपातिक निर्वाचन प्रणाली र ४० प्रतिशत पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत ३३ प्रतिशत महिला अनिवार्य भएकोले दुईवटा संविधानसभामा महिलाको प्रतिनिधित्व बढेको थियो । २०७४ र २०७९ दुवै निर्वाचनमा सङ्घीय संसद र प्रदेश संसदमा महिलाको प्रतिनिधित्व पुरुषको तुलनामा माथि रहेको छ । सोचनीय विषय २०७४ सालको प्रतिनिधिसभा सदस्यमा ९ जना  मगर महिलामध्ये रुकुमबाट कमला रोक्का र कञ्चनपुरबाट बीना मगर गरी २ जना (२२.२ प्रतिशत) र २०७८ सालको प्रतिनिधिसभा सदस्यमा मात्र पहिलो हुने निर्वाचनबाट ७ जना महिलामध्ये सवै समानुपातिक निर्वाचनबाट आएका थिए। त्यसैगरी २०७४ सालको प्रदेशसभा सदस्यमा १५ जना मगर महिलामध्ये सर्लाहीबाट बेची लुङ्गेली, काठमाडौबाट रमा आले र ललितपुरबाट लालकुमारी पुन गरी ३ जना (२०.० प्रतिशत) र २०७९ सालको प्रदेशसभा सदस्यमा १४ जना मगर महिलामध्ये सर्लाहीबाट बेची लुङ्गेली र काठमाडौबाट रमा आले सहित २ जना (१४.२ प्रतिशत) निर्वाचित भएका थिए। २०७४ को तुलनामा २०७९ सालको प्रतिनिधिसभाको पहिलो हुने निर्वाचनको परिणामले महिलाको प्रतिनिधित्व २२.२ प्रतिशतबाट सून्यमा झर्नु र प्रदेश सभातर्फ २०.० प्रतिशतबाट १४.२ प्रतिशतमा झर्नु दुःखद पक्ष हो । यसले पहिलो हुने निर्वाचन प्रणाली पुरुषको विशेषाधिकार र समानुपातिक निर्वाचन प्रणाली महिलाको विशेषाधिकार रहेको देखिन्छ।

२०६४ र २०७० सालको संविधानसभाको निर्वाचन र २०७४ सालको प्रतिनिधिसभाको निर्वाचनबाट समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधित्व गर्ने महिला विधायकहरू वंशजका हिसाबले मगर भए पनि वैवाहिक सम्बन्धको हिसाबले अन्य आदिवासी जनजाति र खस-आर्य समुदायसँग अन्तरजातीय विवाह गरेका छन्। २०७४ सालको सङ्घीय संसद्मा १३ जना (छ जना पहिलो हुने

निर्वाचन प्रणाली र सातजना समानुपातिक प्रणालीबाट) र प्रदेशसभातर्फ आदिवासी जनजातिको समूहबाट २७ (पहिलो हुने निर्वाचन प्रणाली १९ र समानुपतिक ८) जनामध्ये वैवाहिक सम्बन्धको दृष्टिले तीनजना खस-आर्य र एकजना दलित छन्। २०७९ सालको प्रतिनिधिसभा समानुपातिकतर्फ एक जना महिला वंशजको हिसावले मगर र वैवाहिक तथा कानुनी दृष्टिले दलित छन् भने प्रदेशसभा तर्फ एक जना मगर वैवाहिक दृष्टिले तामाङ र एक जना तामाङ वैवाहिक दृष्टिले मगर छन्।

तालिका ४.१४ः मगर सभापति तथा उपसभापतिको लैङ्गिक प्रतिनिधित्व सङ्ख्या र प्रतिशतमा

| अवधि | सभापति | | | उपसभापति | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| २०१९-२०४४ | १५ | १५ | ० | १४ | १४ | ० |
| २०४९, २०५४ र २०६१ | ५ | ५ | ० | ६ | ६ | ० |
| २०७४ | २ | २ | ० | ५ | २ | ३ |
| २०७९ | ३ | ३ | ० | ४ | २ | २ |
| जम्मा | २५ | २५ | ० | २९ | २४ | ५ |
| प्रतिशत | १०० | १०० | ०.० | १०० | ८२.७ | १७.२ |

(स्रोतः बुढामगर, २०७२,पृ. ११५-११६; निर्वाचन आयोग, २०७९; बुढामगर, २०७९; https://www.election.gov.np)

जिल्ला सरकारको रुपमा रहेको पञ्चायत कालको जिल्ला पञ्चायत र बहुदलीय व्यवस्थाको जिल्ला विकास समिति तथा हालको जिल्ला समन्वय समितिको सभापति अर्थात प्रमुखमा महिला सून्य रहेको छ भने पञ्चायत काल र बहुदलीय कालमा उपसभापति समेत सून्य रहेकोमा हालको सङ्घीय व्यवस्थामा भने पुरुषको तुलनामा महिला उपप्रमुख बढी छन् । तर यो संरचना पञ्चायत र बहुदलीय व्यवस्थाको तुलनामा धेरै अधिकार र स्रोतहरूको दृष्टिले धेरै कमजोर रहेको छ।

तालिका ४.१५ः स्थानीय सरकारमा मगरको लैङ्गिक प्रतिनिधित्व २०७४ र २०७९

| साल | अध्यक्ष/प्रमुख | | | उपाध्यक्ष/उपप्रमुख | | | वडा अध्यक्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | संङ्ख्या | पुरुष | महिला | संङ्ख्या | पुरुष | महिला | संङ्ख्या | पुरुष | महिला |
| २०७४ | ४९ | ४७ | २ | ५० | ३ | ४७ | ४९० | ४८३ | ७ |
| २०७९ | ४३ | ४२ | १ | ५४ | १२ | ४२ | ४६६ | ४६४ | २ |
| जम्मा | ९२ | ८७ | ३ | १०४ | १५ | ८९ | ९५६ | ९४७ | ९ |
| प्रतिशत | १०० | ९४.५ | ३.२ | १०० | १४.४ | ८५.५ | १०० | ९९.० | ०.९ |

(स्रोतः निर्वाचन आयोग, २०७४; निर्वाचन आयोग, २०७९; www.election.gov.np)

नेपालको ७५३ स्थानीय पालिकामध्ये २०७४ सालमा सम्पन्न भएको निर्वाचनमा ४९ जना मगरले पालिका प्रमुखमा निर्वाचित भएका मध्ये ४७ जना पुरुष र नवलपरासी पूर्व कावासोती नगरपालिकाबाट चन्द्रकुमारी पुन तथा सल्यान जिल्ला कुमाख मालिका गाउँपालिकाबाट दिलमायाँ बुढामगर (गिरी) सहित दुई जना महिला निर्वाचित भएका थिए, जुन मगर जातिको सिङ्गो प्रतिनिधित्वको

४.० प्रतिशत हो । २०७९ वैशाखमा सम्पन्न भएको मगर निर्वाचित भएको ४३ पालिका प्रमुखमध्ये पाल्पा जिल्ला बगनासकाली गाउँपालिकाको सरस्वति दर्लामी चिदी एक मात्र महिला प्रमुख छन्, जुन मगर प्रतिनिधित्वको २.२ प्रतिशत हो । २०७४ र २०७९ को निर्वाचन परिणामले पाँच वर्षमै महिलाको ५० प्रतिशतले कम भएको छ । २०७४ सालको स्थानीय निर्वाचनमा ४९६ मगर वडा अध्यक्षहरूमध्ये उदयपुर जिल्ला उदयपुरगढी नगरपालिका वडा नं. ७ बाट कर्णमायाँ मगर, बाग्लुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं ८ बाट चित्रकला छन्त्याल श्रीस, म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं. ५ बाट पिपला बुढा, लम्जुङ जिल्ला बेसीशहर नगरपालिका वडा नं. ८ बाट पवित्रा थापा रानामगर, स्याङ्जा जिल्ला हरीनास गाउँपालिका वडा नं. ७ बाट केशमाया थापा, नवलपरासी पूर्व गैडाकोट नपा १४ बाट कोकीसरा राना, नवलपरासी पश्चिम बर्दघाट नगरपालिका वडा नं. २ बाट दया दर्लामी गरी जम्मा ७ जना महिला निर्वाचित भएका थिए, जुन मगर प्रतिनिधित्वको १.४ प्रतिशत हो । २०७९ सालको निर्वाचनमा ४६६ वटा वडा अध्यक्षहरूमा पाल्पा जिल्ला तीनाउ गाउँपालिका वडा नं. ५ बाट इन्दीरा कुमारी गाहा चिदी, प्युठान जिल्ला सरुमारानी गाउँपालिका वडा नं. ५ बाट लक्ष्मी पल्ली, स्याङ्जा जिल्ला कालीगण्डकी गाउँपालिका वडा नं. २ बाट खगीसरा आले गरी जम्मा तीन जना निर्वाचित भएका थिए, जुन ०.६ प्रतिशत हो । यसले २०७४ र २०७९ सालको पाँच वर्षको अवधिमा महिला नेतृत्व ६५ प्रतिशतले घटेको देखिन्छ ।

पञ्चायती व्यवस्थामा मगर महिला सरकारी निजामति सेवामा अधिकृत भएको जानकारी छैन । बहुदलीय व्यवस्थामा नगन्य सङ्ख्यामा मगर महिला अधिकृत थिए । २०६२/६३ सालको जन आन्दोलनपश्चात माओवादी शान्ति प्रक्रियमा समावेश भएपछि निर्मित अन्तरिम संविधानमा सरकारी निजामति सेवामा आरक्षणको व्यवस्था गरिएपछि मगर महिलाहरूको केही आकर्षण वृद्धि भए पनि मगर पुरुषको वर्चश्व कायमै छ । मगर जातिबाट जम्मा चार जना पहिलो श्रेणी (सह सचिव) मध्ये शतप्रतिशत पुरुष छन् भने दोस्रो श्रेणी अधिकृत (उप सचिव) ३६ जना मध्ये चार जना (११.१ प्रतिशत) र तेस्रो श्रेणी (शाखा अधिकृत) १६१ जना मध्ये २४ जना  (१४.९ प्रतिशत) मात्र महिला छन् ।

तालिका ४.१६ः मगर शाखा अधिकृतहरू लैङ्गिक  प्रतिनिधित्व सङ्ख्या र प्रतिशतमा

| **अधिकृत** | **जम्मा** | **पुरुष** | | **महिला** | |
|---|---|---|---|---|---|
| | | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| प्रथम श्रेणी (सहसचिव) | ४ | ४ | १००.० | ० | ०.० |
| दोस्रो श्रेणी (उपसचिव) | ३६ | ३३ | ८८.८ | ४ | ११.१ |
| तेस्रो श्रेणी (शाखा अधिकृत) | १६१ | १३७ | ८५.० | २४ | १४.९ |

(स्रोतः https//psc.gov.np; बुढामगर, २०७२; उपसचिव तिलबहादुर थापा र शाखा अधिकृत जितेन्द्र बलामीले दिएको जानकारी)

२०७२ सालको प्रशासनतर्फ शाखा अधिकृत १६ जना मध्ये एक जना (६.२ प्रतिशत) मात्र महिला थिए भने सवैभन्दा धेरै नाम निकाल्न सफल भएको २०७८ सालमा २२ जना शाखा अधिकृतहरूमध्ये २ जना (९.० प्रतिशत) मात्र थिए। सङ्घीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थामा पनि निजामती सेवामा मगर महिला प्रतिनिधित्व ४० प्रतिशतभन्दा माथि जान सकेको छैन, जबकि मगर पुरुषको प्रतिनिधित्व ९४ प्रतिशतसम्म प्रतिधित्व गरेको तथ्याङ्क देखाएको छ।

राजनीतिमा जस्तै निजामती सेवामामा पनि मगर पुरुषको वर्चश्व रहनुले नेपाली समाजमा जस्तै मगर जातिभित्र पनि लैङ्गिक असमानता प्रष्ट देखिन्छ। समानुपातिक निर्वाचन प्रणालीको कारणले प्रतिनिधिसभा र प्रदेशसभामा तथा स्थानीय निकायको प्रमुख र उपप्रमुखमा एउटै दलबाट उम्मेदवार दिंदा लैङ्गिक दृष्टिले दुईमध्ये एक पदमा महिला अनिवार्य समावेश गर्नुपर्ने कानुनी व्यवस्थाले मात्र महिलाको प्रतिनिधित्व राम्रो देखिएको हो। यदि सो व्यवस्था नभएको भए संसद र पालिका प्रमुख तथा उपप्रमुखमा पनि वडा अध्यक्षको जस्तै कमजोर उपस्थिति हुने पक्का देखिन्छ।

### ४.६.६ **राजनीतिक पार्टीहरूमा मगरको प्रतिनिधित्व**

राजनीतिक पार्टीहरू भनेका राज्यमा प्रतिनिधित्व गर्ने वैधानिक संस्थाहरू हुन्। राज्यको कानुन निर्माण गर्ने विधायक (संसद्) र त्यस कानुनलाई कार्यान्वयन गराउने कार्यपालिका (मन्त्रिमण्डल) को गठन नै राजनीतिक पार्टीहरूका प्रतिनिधिहरूले नै प्रतिनिधित्व गर्दछन्। तिनै राजनीतिक पार्टीहरूमा पनि मगरहरूको भूमिका कमजोर रहेको छ।

ठूला पार्टीहरूका केन्द्रीय कार्य समितिहरूमा मगरको कमजोर भूमिकामा रहेका छन्। देशकै ठूलो पार्टी नेपाली काङ्ग्रेसको ८५ जनाको केन्द्रीय समितिमा एकजना मात्र मगर सदस्य बावुराम रानामगर रहेका थिए, तर अहिले शेरबहादुर देउवाको नेतृत्वमा रहेको केन्द्रीय समितिमा मगरको प्रतिनिधित्व शून्य छ। दोस्रो ठूलो पार्टी नेकपा (एमाले) को १८३ केन्द्रीय समितिमा पाँचजना मात्र मगर प्रतिनिधि छन्। एनेकपा (माओवादी) को कुल १५० सदस्यीय केन्द्रीय समितिमा १८ जना, नेकपा-माओवादीको १२५ जना केन्द्रीय समितिमा १२ जना सदस्यहरू र नेकपा माओवादी ५९ केन्द्रीय कमिटीमा ६ जना मगर सदस्य रहेका छन् (बुढामगर, २०७२,पृ. १०७)। २०७५ जेठ ३ गते नेकपा (एमाले) र एनेकपा माओवादीबीच एकता भएपछि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेको छ, जसको ४४५ केन्द्रीय समितिमा २६ जना (५.८ प्रतिशत) मगर छन्। सङ्घीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीबीच २०७७ वैशाख १० गतेको एकताबाट बनेको जनता समाजवादी पार्टीको ५१ सदस्यीय कार्यकारी समितिमा मगर शून्य छ। एमालेबाट विद्रोह गरेर २०७८ भदौ ९ गते निर्वाचन आयोगमा दर्ता भएको पार्टी नेकपा (एकीकृत समाजवादी) को ३७२ सदस्यीय केन्द्रीय समितिमा एक जना पदाधिकारी सहित १६ जना मगरको उपस्थिति रहे पनि निर्णायक भूमिकामा भने छैनन्।

राष्ट्रिय जनमुक्ति पार्टी लोकतान्त्रिकका अध्यक्ष शिवलाल थापामगर र पहिलो संविधानसभामा प्रतिनिधित्व भएको तर दोस्रो संविधानसभामा प्रतिनिधित्व नभएका राष्ट्रिय जनमुक्ति पार्टीका अध्यक्ष एम. एस. (मालवरसिंह) थापामगर, सामाजिक लोकतान्त्रिक पार्टीको अध्यक्ष मण्डलका सदस्य बमकुमारी बुढामगर, लिबरल डेमोक्रयाट पार्टीका अध्यक्ष स्व. गोरेबहादुर खपाङ्गी थिए भने गान्धीवादी पार्टी नेपालका अध्यक्ष लालबहादुर रानामगर छन्, त्यस पार्टीमा महासचिव प्रदीप पुलामीमगर सहित १७ जना छन्। सङ्घीय समाजवादी फोरमको २ सय सदस्यीय आयोजक समितिमा चारजना अर्थात् २ प्रतिशत मात्र मगर रहेका थिए। अन्य जातीय तथा क्षेत्रीय उत्पीडनको कारण स्थापना गरिएका पार्टीहरूमा पनि मगरहरूको प्रतिनिधित्व भए पनि निर्णायक भूमिका रहेको छैन।

तालिका ४.१७: राजनीतिक पार्टीहरूको केन्द्रीय समितिमा मगरहरूको प्रतिनिधित्व

| पार्टी | मौजुदा के. स. | पदाधिकारी | स्थायी कमिटी | पोलिटब्युरो | केन्द्रीय सदस्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| नेपाली काङ्ग्रेस | ८५ | - | ८ | ८ | - | - | ०.० |
| एमाले | १८३ | - | - | ३ | २ | ५ | २.७ |
| माके | १५० | १ | २ | ३ | ७ | १३ | ८.६ |
| राष्ट्रिय जनमोर्चा | ३८ | २ | २ | - | ५ | ७ | ५.२ |
| नेमकिपा | २९ | - | - | - | १ | १ | ३.४ |
| राप्रपा | ७५ | - | - | - | - | ३ | ४.० |
| राप्रपा, नेपाल | १७७ | - | - | - | - | ३ | १.६ |
| नेकपा माले | ७३ | - | - | १ | - | १ | ०.७ |
| क्रान्तिकारी माओवादी | १९९ | १ | ३ | २ | ९ | १५ | ७.५ |
| नेकपा माओवादी विप्लव | ५९ | - | - | ३ | ४ | ७ | ११.८ |
| सङ्घीय समाजवादी फोरम | २०० | - | - | - | ७ | ७ | ३.५ |
| नयाँ शक्ति | ५०१ | - | - | - | - | १३ | २.५ |
| जनमुक्ति | १७८ | ७ | ६ | | २४ | ३८ | २१.३ |
| जनमुक्ति लोकता. | २५ | २ | - | - | ५ | ७ | २८.० |
| सालोपा | ७१ | १ | - | - | ८ | ९ | १२.६ |
| लिबरल डेमोक्र्याट | ४१ | १ | - | ३ | ७ | ११ | २६.८ |
| मङ्गोल नेसनल अर्गनाइजेसन | ८० | १ | * | * | २० | २१ | २६.२ |
| गान्धीवादी पार्टी नेपाल | ३१ | २ | * | * | १५ | १७ | ५४.८ |
| जनता समाजवादी पार्टी | ५१ | - | * | * | - | - | ०.० |
| नेकपा | ४४५ | - | २ | - | २४ | २६ | ५.८ |
| नेकपा (एस) | ३७२ | १ | - | १ | १४ | १६ | ४.३ |

(स्रोतः बुढामगर, २०७२; https://www.nepalicongress.org/central-working-committee; https://www.rppnepal.og; नेकपा (एस), (२०७९); सम्बन्धित पार्टी कार्यालय तथा नेताहरू)

*व्यवस्था नभएको

निर्वाचनहरूमा भाग लिने र जातीय मुक्तिको मूल मुद्दा बनाएका पुराना पार्टीहरू मङ्गोल नेसनल अर्गनाइजेसन र राष्ट्रिय जनमुक्ति पार्टीको संरचनाहरूमा मगरको उपस्थिति राम्रो छ। राष्ट्रिय जनमुक्ति

पार्टीको १७८ सदस्यीय केन्द्रीय समितिमा उपाध्यक्षहरू र महासचिव, सचिव लगायतका महत्वपूर्ण पदहरूसहित ३८ जना अर्थात् २६.८ प्रतिशत मगर छन् भने मङ्गोल नेसनल अर्गनाइजेसन ८० सदस्यीय केन्द्रीय समितिमा एकजना मूल सचिवको कार्यकारी भूमिकासहित २१ जना (२६.२ प्रतिशत) मगर छन्। यी तथ्याङ्कहरूले पुष्टि गर्दछ कि भोलिको नीति निर्माता तथा राज्य र सरकारमा नेतृत्व गर्ने मगर जनशक्तिको अभाव देखिन्छ। राजनीतिक पार्टीहरूमा भएको यो कहालीलाग्दो उपस्थितिले मगर जातिको राजनीतिक भविष्यको तस्बिर देखाउँछ। विगतमा पनि नेपाल सरकारका धेरैवटा मन्त्रिमण्डलमा मगरको सङ्ख्या शून्य रहेका छन्।

देशका प्रमुख राजनीतिक पार्टीहरूका केन्द्रमा मात्र होइन, स्थानीय कमिटीहरूमा पनि मगरहरूको प्रतिनिधित्व कमजोर नै रहेको छ। मगरहरूको सघन बसोबास जिल्लाहरूमा समेत उनीहरूले नेतृत्व लिन सकेका छैनन्, यस विषयमा दुईवटा पक्षले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। पहिलो, मगर जातिको स्कुलिङ सामाजिक बढी र राजनीतिक कम छ। दोस्रो, मगरले राजनीति गरे पनि राजनीतिक पार्टीहरूमा उनीहरूको नेतृत्व र पहुँच नहुनाले फाइदा शासकहरूले नै लिने गरेका छन्। परिणामस्वरूप उनीहरूलाई राजनीतिप्रति वितृष्णा जगाइएको छ, यो आम आदिवासी जनजातिहरूको प्रवृत्ति पनि हो। मगर जातिले धेरै सामाजिक काम गरे पनि त्यो सामाजिक काममा मात्र सीमित छ, तर शासकहरूले त्यसलाई राजनीतीकरण गरेर धेरै फाइदा लिएका छन्। राजनीतिक क्षेत्रमा मगरको सहभागिता कमजोर देखिन्छ। त्यो भन्दा पनि मगर जातिको कमजोर सहभागिता सरकारी सेवामा देखिन्छ। आदिवासी जनजाति महासङ्घका पूर्वअध्यक्ष बलबहादुर घर्तीमगरका अनुसार “अहिले मगर जो सफल भएका छन्, ती आफैँमा विशिष्ट क्षमता र क्षेत्री ब्राह्मणसँगको घुलमिलका कारणले सम्भव भएको हो। सरकारी जागिरमा सहभागी हुन हामीलाई आफ्नो मातृभाषा बाहेकको अन्य भाषाको दखखलतालाई उत्तम गुणको आधार बनाइयो, जसको कारण मगरलाई छेक्यो तर राजनीतिमा त्यो आवश्यक नभएकाले सरकारी सेवाभन्दा राजनीतिक क्षेत्रमा मगरको सङ्ख्या बढी भएको हुनुपर्दछ।”[५]

अर्कोतर्फ राज्यबाट बहिष्करणका कारण सरकारी सेवामा मगर जातिलाई कुनै अवसर र जानकारी नभएकाले त्यसप्रति आकर्षण पनि छैन। मगरले सरकारी सेवामा प्रवेशलाई राज्य र राजनीतिसँग जोडिएका धेरै अवसर र उपलब्धिभन्दा पनि पारिश्रमिकसँग मात्र जोडेर हेर्ने गरिएको पाइन्छ। नेपाल सरकारका उपसचिव शिव थापामगरका अनुसार “आफू अधिकृत हुँदा पाल्पा देवीनगरका एक आफन्त महिलाले तिम्रो तलब कति छ भनी सोधेको र साउदीमा काम गर्ने आफ्नो छोराको अधिकृतको भन्दा धेरै

[५] घर्तीमगरसँग २०७४ वैशाख ३ गते रोल्पामा लिइएको अन्तर्वार्ता।

तलब भएको बताएकी थिइन्।"[६] आम मगर समुदायको सालाखाला चेतना पाल्पा देवीनगरका मगर महिलाको जस्तै हो। यसले मगर समुदायको वर्तमान चेतनाको अवस्था देखाउँछ।

प्राचीन तथा मध्यकालीन नेपालमा मगर जाति आफ्नै राज्य भएको प्रभुत्वशाली जाति भएको माथिका अध्यायहरूमा चर्चा भइसकेको छ। वर्तमानमा देशको तेस्रो ठूलो जनसङ्ख्या रहेर पनि मगर जाति राजनीतिक, शैक्षिक, सांस्कृतिक, आर्थिक, धार्मिक, भाषिक आदि दृष्टिले बहिष्करणमा रहेको छ। वर्तमान राजनीतिमा मगर जातिको उत्पीडन र बहिष्करणका सन्दर्भमा दुई मत छन्। पहिलो, मगर राज्यद्वारा उत्पीडनमा पारिएको जाति र त्यसको मूल कारण वर्गीय भएकाले यसको मुक्ति मार्क्सवादले मात्र गर्न सक्छ भन्ने मान्यता मार्क्सवादीहरूको छ। दोस्रो, मगर सामाजिक-सांस्कृतिक दृष्टिले बढी उत्पीडनमा रहेको र राज्यले उसको ऐतिहासिक पहिचानहरू समेत नष्ट गरिदिएकाले मगरमाथिको उत्पीडनमा वर्गीयभन्दा जातीयता प्रधान रहेको दाबी पहिचानवादीहरूको देखिन्छ। मार्क्सवादी र पहिचानवादीको आ-आफ्नो दावी रहेतापनि समग्रमा राज्यको असमावेशी नीति पहिलो र शिक्षा, भाषिक, सामाजिक स्तर र चेतना स्तर दोस्रो रहेको छ। राज्यको सवै अङ्गमा समानुपातिक प्रतिनिधित्व र समावेशीता नै मगरको समुचित प्रतिनिधित्वको उपयुक्त उपाय हुन सक्छ।

### ४.७ राज्यमा समावेशीकरणको अवस्था

सरकार सञ्चालनमा राज्यका विभिन्न संरचनाहरू क्रियाशिल रहेका हुन्छन् जसको मुख्य परिचालकको रुपमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका रहेको हुन्छ, जुन एक आपसमा शक्ति सन्तुलन र पृथकीकरणको सिद्दान्तमा चलेका हुन्छन्। सामान्यतया सरकारको नेतृत्व राजनीतिक दलद्वारा गरिन्छ। समयक्रममा राजनीतिक अस्थिरता वा अन्य विभिन्न कारणले सरकारको नेतृत्वको स्थायित्व नहुन सक्छ, तर सरकारको कार्य सम्पादन गर्ने कर्मचारी संयन्त्र भने अविछिन्न चलिरहेको हुन्छ। त्यसैले निजामती सेवालाई स्थायी सरकार पनि भन्ने गरिन्छ। यहाँ राज्य सञ्चालन प्रक्रियामा प्रत्यक्ष भूमिका रहने निजामती सेवा, सुरक्षा निकाय तथा संस्थानहरूमा मगरको सहभागिताको संक्षिप्त चर्चा गरिएको छ।

अध्यता रमेश सुनामका अनुसार झेली राज्यको शासक वर्ण र वर्गले आफ्नो स्वार्थ अनुसार अरूको जातसम्म फेरिदिने इतिहास छ। वर्तमान कर्मचारीतन्त्रले लामो समयदेखिको खस-आर्य वर्चस्वलाई सघाउँदै आएको छ। करिब ३१ प्रतिशत जनसङ्ख्या भएको बाहुन-क्षेत्री समुदायको प्रतिनिधित्व अहिले पनि ६२ प्रतिशत रहेर पनि आरक्षणको व्यवस्था गर्नु सामाजिक असमानताको द्योतक हो (सुनाम, २०७४,पृ. १५६)।

---

[६] थापामगरसँग २०७४ वैशाख ३ गते गरेको कुराकानीबाट प्राप्त जानकारी।

४.७.१ **कानुन तथा न्याय सेवा**

यसमा कानुन समूह, सरकारी वकिल समूह र न्याय सेवा समूह गरी तीन समूहमा रहेको छ। निजामती सेवामा न्यायाधीशहरूबाहेक जम्मा ३,११८ जना राष्ट्रसेवकहरू रहेका छन् (तालिका ४.२५)। आम नागरिकको न्याय र समानताको पक्षपोषण गर्ने सर्वोच्च निकाय नै अदालतहरू हुन्। कानुन कार्यान्वयन र व्याख्या गर्ने सन्दर्भमा ती व्यक्तिहरूसँग विशेष अधिकार वा स्वविवेकको प्रयोग गर्नेसम्मको व्यवस्थाहरू नेपालका कानुनहरूमा विद्यमान छन्।

तालिका ४.१८: कानुन न्याय सेवामा रहेको दरबन्दी (अध्यावधिक २०७६ माघ)

| समूह | विशिष्ट | प्रथम | द्वितीय | तृतीय | श्रेणीविहीन |
|---|---|---|---|---|---|
| न्याय सेवा समूह | ४ | २४ | १३८ | ६३९ | ८३७ |
| कानुन समूह | ५ | २८ | ९५ | १३७ | ३०१ |
| सरकारी वकिल समूह | ५ | ३४ | १५६ | २६० | ४५५ |
| जम्मा | १४ | ८६ | ३८९ | १,०३६ | १,५९३ |

(स्रोतः मानव संसाधान विभाग, कानुन मन्त्रालय)

राष्ट्रिय न्यायिक प्रतिष्ठानका सदस्य सचिव यामबहादुर बुढामगरले २०७७ साउन १७ गते दिएको विवरण अनुसार नेपालको न्याय सेवामा उच्च अदालतको दुईजना न्यायधीश (चन्द्रबहादुर सारूमगर र रामबहादुर थापामगर) मगर छन् भने पहिलो श्रेणीमा यामबहादुर बुढामगर मगर छन् । दोस्रो श्रेणीमा सरकारी वकिल समूहअन्तर्गत दुई, कानुन समूहअन्तर्गत दुई र न्याय समूहअन्तर्गत चार गरी आठजना मगर रहेका छन् । तेस्रो श्रेणीमा न्याय समूहअन्तर्गत ११, कानुन समूहअन्तर्गत ३ र सरकारी वकिल समूहतर्फ पाँच गरी जम्मा १९ जना गरी सरकारी सेवा अन्तर्गत न्याय सेवामा अधिकृत स्तरको जम्मा २८ जना मगर छन् ।

निजामती, जङ्गी र अन्य संस्थानहरूमा केही प्रतिनिधित्व रहे पनि न्यायालयमा मगरहरूको उपस्थिति निराशाजनक छ। न्यायपालिका अन्तर्गत सर्वोच्च, विशेष, प्रशासकीय, आर्थिक अदालतहरूमा मगर न्यायाधीशको सङ्ख्या शून्य छ। २१ जना न्यायाधीश रहेको सर्वोच्च अदालत हाल दुई पद रिक्त रहेको छ, जहाँ मगरको प्रतिनिधित्व शून्य छ भने, १६० जना न्यायाधीश रहेको उच्च अदालतमा दुई जना (१.१ प्रतिशत) न्यायधीश छन् । २५७ जनाको दरबन्दी रहेको जिल्ला अदालतमा एकजना पनि मगर न्यायाधीश छैनन्। अहिलेसम्मको न्याय क्षेत्रको इतिहासमा सर्वोच्च अदालतको पहिलो र अन्तिम अवकाश प्राप्त न्यायाधीश तपबहादुर मगर रहेका छन्, २०७७ माघ २१ गते राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्षमा नियुक्त भएका छन्।

४.७.२ **निजामती प्रशासन सेवा**

कर्मचारीतन्त्रलाई स्थायी सरकार पनि भनिन्छ। देशको राजनीतिक स्थायित्वको अभावले सरकार फेरबदल भइरहन्छ र कुनै समय सरकारले पूर्णता नपाएको अवस्था पनि हुन सक्छ। राजनीतिक संक्रमणका बेला र संविधान पूर्ण रूपमा कार्यान्वयन नभएको अवस्थामा उच्च ओहोदाका कर्मचारीहरूको स्वविवेकमा राज्यले धेरै काम सम्पन्न गर्नुपर्ने अवस्था हुन्छ। कतिपय सन्दर्भमा कानुनका दोहोरो-तेहेरो अर्थ लाग्ने र एक वा सोभन्दा बढी विकल्प रहेको बेला कानुनको कार्यान्वयन गर्ने पदाधिकारी वा कर्मचारीले कुन निर्णय गर्ने भन्ने उसैको विवेकमा भर पर्दछ। देशको नीति तथा कानुनहरूको अद्यावधिक गर्ने काममा यो क्षेत्रको महत्वपूर्ण भूमिका रहेको हुन्छ। वर्तमान नेपालको राज्य र राजनीतिमा सरकारी कर्मचारीतन्त्रको हस्तक्षेपकारी भूमिका रहेको छ। सरकारको हरेक निर्णय प्रक्रियाहरूमा कर्मचारी संयन्त्रको भूमिका महत्वपूर्ण र अनिवार्य हुन्छ। उनीहरूको सहभागिताबिना कुनै काम कारबाही अगाडि बढ्न सक्तैन। यस्तो महत्वपूर्ण क्षेत्रमा मगर जातिको उपस्थिति धेरै कमजोर छ। निजामती प्रशासन क्षेत्रको इतिहासको समीक्षा गर्दा पञ्चायतकालमा एकजना टेकबहादुर थापा निर्वाचन आयोगका सचिव (प्रशासक विशिष्ट श्रेणी) थिए।

दुईजना अञ्चलाधीशहरू तनहुँका टेकबहादुर थापा (२०४४-२०४६) र स्याङ्जाका नरेन्द्रबहादुर थापा (२०३९-२०४५) थिए भने राणाकालमा हालको प्रमुख जिल्ला अधिकारीका रूपमा रहेको बडाहाकिम गुल्मीका गिरिप्रसाद बुढाथोकी मात्र थिए। ३० वर्षीय पञ्चायती व्यवस्था र १५ वर्षीय बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा मगर प्रमुख जिल्ला अधिकारी शून्य रह्यो भने, गृह मन्त्रालय कर्मचारी प्रशासन शाखाको अभिलेखअनुसार २०६३ सालपछिको सङ्घीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थामा दुईजना प्रमुख जिल्ला अधिकारीको जिम्मेवार सम्हालिरहेका छन्। तर वर्तमान निजामती क्षेत्रमा विशिष्ट श्रेणीका निजामती कर्मचारी शून्य रहेको छ।

२०७२ सालको ३०औँ ब्याट (Basic Administration Training) का ३३२ जना अधिकृतहरूमा १६ जना (४.८ प्रतिशत) मगर थिए, तर २०७३ सालको ३१औँ ब्याटमा ३८८ मध्ये १३ जना (३.३ प्रतिशत) मगर थिए, यो पहिलो वर्षको तुलनामा झन्डै २ प्रतिशत कम हो। २०७४ सालको ३२औँ ब्याटमा ११ जना र २०७५ को ३४औँ ब्याटमा १३ जना मगरहरू शाखा अधिकृत भएका छन्। २०७८ सालको ३५औँ ब्याटमा ४८८ मध्ये २२ जना (४.५ प्रतिशत) मगरहरू शाखा अधिकृत भएका छन्। यो छ वर्षको आँकडालाई हेर्दा मगर अधिकृतहरूको प्रतिनिधित्वमा उतारचढाव देखिन्छ।

हाल प्राविधिकतर्फ पहिलो श्रेणीको मीनबहादुर बुढाथोकी (कृषि) र प्रदीप थापा (इन्जिनियर) छन्। प्रशासनतर्फ पहिलो श्रेणीका अधिकृत उदयबहादुर राना छन् भने दोस्रो श्रेणीमा पुगनपुग आधा दर्जनजति रहेका छन्। हाल निजामती सेवाप्रति मगरहरूको आकर्षण बढ्दै गएको पाइन्छ। गोर्खा जिल्लाको गोर्खा नगरपालिका कार्यकारी प्रमुखका रूपमा युवा पुस्ताका अधिकृत चन्द्रा थापा महिला

अधिकृतहरूमध्ये अब्बल दर्जामा देखिएकी छन्। यी पक्षहरूलाई पछ्याउँदै गए निजामती क्षेत्रमा मगरहरूको भविष्य आशाजनक नै देखिन्छ।

### ४.७.३ **सेना तथा प्रहरी सेवा**

(क) सेना

मगर जातिको सबैभन्दा आकर्षणको पेसा सैनिक तथा प्रहरी क्षेत्र रहेको छ। यसअन्तर्गत ब्रिटिस सेना, सिङ्गापुर प्रहरी र भारतीय सेना प्रमुख रहेको छ भने वर्तमानमा नेपाली सेना र प्रहरीमा पनि आकर्षण बढ्दै गएको छ। नेपाल प्रहरी र सेनाको इतिहास हेर्दा राणाकालपूर्वको शाहकालमा सेना र पञ्चायत कालमा प्रहरीमा मगरको योगदान र सहभागिता राम्रो देखिन्छ।

तालिका ४.१९ः मगर सेना प्रमुख

| क्र.सं. | नाम | अवधि | प्रमुख पदको नाम |
|---|---|---|---|
| १ | गङ्गाराम राना | १६१६ | काजी |
| २ | लखन थापा प्रथम | - | काजी |
| ३ | जयन्त राना | - | काजी |
| ४ | विराज थापामगर | १८००-१८०१ | काजी |
| ५ | सर्वजित राना | १८४२-१८४२ | काजी |
| ६ | अभिमानसिंह राना | १९०२-१९०३ | कमान्डर इन चिफ |
| ७ | प्रतिमान राना | १९११ | काजी |

(स्रोतः बस्न्यात, २०७१)

प्रेमसिंह बस्न्यातका अनुसार नेपाली सेनाको इतिहासमा १६१६ भदौमा लमजुङका राजकुमार द्रव्य शाह लिलिगकोटका राजा भएपछि गङ्गाराम रानामगर प्रधानन्यायाधीश (हाल न्यायमन्त्री) बनाइएका थिए। काजीहरू लखन थापा, जयन्त राना, क्रमशः विराज थापामगर (१८००-१८०१), सर्वजित राना ( १८४२ सालमा तीन महिना) कमान्डर-इन-चिफ अभिमानसिह राना (१९०२-१९०३) र त्यसपछि जयन्त राना रहेको भनिएको छ (बस्न्यात, २०७१,पृ. १७५-१७७)। हाल नेपाली सेनामा मेजर जनरल रमेश पुन, रामकाजी राना मगरलगायतका केही उच्च पदमा कार्यरत रहे पनि सङ्गठनको प्रमुख हुन सक्ने सम्भावना भने कम रहेको छ, तुलनात्मक रूपमा विगतको भन्दा अहिलेको अवस्था नाजुक रहेको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालपछि नेपाली सेनामा मगरहरूमध्ये रमेश पुन मेजर जर्नेल (उपरथी) सबैभन्दा उपल्लो दर्जामा रहेका थिए, हाल दुई दर्जनको हाराहारमि मगरहरू विभिन्न उच्च पदमा कार्यरत छन्। नेपाली सेनाको इतिहासमा मगरहरू केही काजी तथा कमान्डर-इन-चिफसमेत भएको पाइन्छ। १८३४ सालमा राजा प्रताप शाहको मृत्युपछि मुमा महारानी तथा बालक राजा रणबहादुर शाहका नायबी राजेन्द्रलक्ष्मीले सर्वजित रानामगरलाई प्रमुख काजी बनाई सेनाको प्रमुख र राष्ट्र प्रमुख बनाएका थिए (

बस्न्यात, २०७१,पृ. १७५; Shah, 2001,p. 21)। रानामगरबाहेक अन्य मगर राणाकालमा प्रमुख भएको अभिलेख पाइँदैन।

(ख) नेपाल प्रहरी

२००७ सालमा स्थापना भएको नेपाल प्रहरीमा हालसम्म हाल सरकारी सेवाहरूमध्ये अन्य निकायहरूको तुलनामा मगरहरूको सहभागी उच्च रहेको छ। हालसम्मका नेपाल प्रहरीका प्रमुखमध्ये मगरहरूको सङ्ख्या चार रहेको छ। जसमध्ये रोमबहादुर थापा (२०२३ असार-२०२९ असार), खड्गजित बराल (२०२९ साउन-२०३५ जेठ), दुर्लभकुमार थापा (२०३५ साउन-२०३९ जेठ) र कुवेरसिंह राना (२०६९ भदौ-२०७० कात्तिक) रहेका छन् (ढकाल र मोक्तान, २०७७,पृ. १३६)।

पूर्व महानिरीक्षकहरूमध्ये रोमबहादुर थापा र खड्गजित बराल २००७ सालको राणा शासनविरुद्धको क्रान्तिमा तत्कालीन मुक्ति सेनाको नेतृत्व पनि सम्हालेका थिए। बराल प्रहरी महानिरीक्षकबाट अवकाश प्राप्तपछि बर्माको राजदूत र राष्ट्रिय पञ्चायतको सदस्यसमेत भएका थिए (बुढामगर, २०७२,पृ. २०३)। सेवा अवकाशप्राप्त ए. आई. जी. गोविन्दप्रसाद थापामगर र दुर्गा पुन र डी. आई. जी. हरू कृष्ण रानामगर, निरज पुनमगर र पार्वती थापामगर, र एस. एस. पी. योगेश्वर रोमखामीमगर थिए। विगतमा प्रहरी सङ्गठनहरूमा यी बिरासतहरू रहे पनि वर्तमानमा भने मगरहरूको अवस्था कमजोर रहेको छ।

वर्तमान नेपाल प्रहरी सङ्गठनमा मगर जातिको प्रतिनिधित्व ज्यादै कम सङ्ख्यामा रहेको छ। महानिरीक्षक, अतिरिक्त महानिरीक्षक र नायब महानिरीक्षकमा मगरको सङ्ख्या शून्य रहेको छ। ८९ जना वरिष्ठ उपरीक्षकमा दुईजना (२.२ प्रतिशत), १७० उपरीक्षकमा चारजना (२.३ प्रतिशत), ४५१ जना नायब उपरीक्षकमा आठजना (१.७ प्रतिशत) र १४७६ निरीक्षकमा जम्मा २५ जना (१.६ प्रतिशत) मात्र मगर रहेका छन्।[७] हाल दुई वरिष्ठ उपरिक्षकहरू सहित तीन दर्जनभन्दा केही बढी प्रहरी अधिकृतहरू रहेका छन्।

(ग) सशस्त्र प्रहरी बल

सन् २००१ मा स्थापना भएको सशस्त्र प्रहरीबल मूलतः सीमा र औद्योगिक क्षेत्रको सुरक्षामा खटिने गर्दछ। हालसम्म १० जनाले प्रमुख भूमिका लिएका छन्, जसमध्ये ६ जना (६० प्रतिशत) आदिवासी जनजाति र चारजना (४० प्रतिशत) खस-आर्य रहेका छन्। सहवीर थापामगर एक जनाले प्रमुखको भूमिका निर्वाह गरेकाले मगरको प्रतिनिधित्व १० प्रतिशत हुन आउँछ।

[७] २०७७ साल फागुन ११ गते प्रहरी प्रधान कार्यालमा कार्यरत एक अधिकृतबाट प्राप्त अभिलेख अनुसार।

हाल महानिरीक्षक १, अतिरिक्त महा निरीक्षक २, नायव महा निरीक्षक १४, वरिष्ठ उपरीक्षक २५, उपरिक्षक ९८, नायब उपरीक्षक ३९३, इन्स्पेक्टर १,०६४, एस. एस. आई ४८, सई १३४७, असई १,६४१, वरिष्ठ हवल्दार २,७३५, हवल्दार ३,४४८, जुनियर हवल्दार ६,१५६, जवान १७,७३२ र फलोअर्स १,९३० गरी जम्मा ३६,७१० रहेको छ।[८]

सशस्त्र प्रहरी निरीक्षकभन्दा माथि जम्मा १,५९७ पद रहेकोमा ४३ जना (२.६ प्रतिशत) मगर अधिकृत रहेका छन्। सशस्त्र प्रहरी बलमा महानिरीक्षक स्व. सहवीर थापामगरपछि अवकाशप्राप्त नायव महानिरीक्षक (डी. आई. जी.) जितबहादुर पुनमगर दोस्रो वरीयताका थिए। हाल नायब महानिरीक्षक (डी. आई. जी.) गणेश ठाडामगर नै सबैभन्दा माथिल्लो दर्जाको मगर अधिकृत हुन्। एस. पी. (उपरीक्षक) खेमबहादुर थापामगर र जहरसिंह बुढामगर छन्। डी. एस. पी. (नायब उपरीक्षक) हरूमा कर्णबहादुर बुढामगर, लीलाराम पुनमगर, लक्ष्मण थापामगर, रमेश थापामगर, डम्बरबहादुर रानामगर र दीपक बलामीमगर गरी ६ जना छन्। अवकाश प्राप्त एक सशस्त्र प्रहरी अधिकृतका अनुसार सशस्त्र प्रहरी बल निरीक्षक (इन्स्पेक्टर) हरू लगभग तीन दर्जनको हाराहारीमा मात्र छन्।

(घ) राष्ट्रिय अनुसन्धान विभाग

यस विभागमा हालसम्म हर्कबहादुर थापामगर, रामप्रसाद श्रेष्ठ, चानबहादुर राई, लेखबहादुर पाण्डे, विष्णुराज पन्त, गोविन्दकर्म थापामगर २०५१-२०५४, हरिबहादुर चौधरी, देवीराम शर्मा, धर्मसिंह कार्की, अशोकदेव भट्ट, मोती गुरुङ, जितबहादुर के. सी., दिलीपराज रेग्मी र गणेशप्रसाद अधिकारी गरी १४ जनाले विभागीय प्रमुखको भूमिका निर्वाह गरिसकेका छन्। जसमध्ये मगर समुदायबाट गोविन्दकर्म थापामगर र हर्कबहादुर थापामगर प्रमुख रहेका थिए।

राष्ट्रिय अनुसन्धानमा मगरको सहभागिता राज्यको अन्य संरचनाको तुलनामा धेरै कमजोर रहेको छ। राष्ट्रिय अनुसन्धानबाट अवकाश प्राप्त एक जना अधिकृत अनुसार राष्ट्रिय अनुसन्धानमा जम्मा २,१६० जना जनशक्ति छन्। मुख्य अनुसन्धान निर्देशक एक, अतिरिक्त मुख्य अनुसन्धान निर्देशक दुई, अनुसन्धान निर्देशक १०, उपअनुसन्धान निर्देशक १२, उपअनुसन्धान निर्देशक ५०, प्रमुख अनुसन्धान अधिकृत १०० दरबन्दीमध्ये मगर एकजना मात्र अनुसन्धान उपअनुसन्धान निर्देशक छन्। अनुसन्धान अधिकृत २०० जना छन्, जसमध्ये मगर चारजना (२.० प्रतिशत) छन्।

राष्ट्रिय अनुसन्धान विभागमा सबैभन्दा धेरै राजनीतीकरण, सरकारको सिधै नियुक्ति आदि रहने भएकाले पनि मगरहरूको राज्य र राजनीतिमा पहुँच नरहेकाले कमजोर अवस्था भएको हो। सेना तथा प्रहरी सङ्गठनहरूमा उच्च पदमा पुग्न आफ्नो योग्यता, क्षमता, इमानदारी, बफादारीले मात्र सम्भव छैन।

---

[८] २०७७ साल माघ ९ गते शसस्त्र प्रहरी बल प्रधान कार्यालमा कार्यरत एक अधिकृतबाट प्राप्त अभिलेख अनुसार।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धानका केही उच्च पदमा मगरहरू कार्यरत भए पनि यसको नेतृत्वसम्म पुग्ने अवसर भने कम छ। किनकि नेपालको प्रशासकीय तथा राजनीतिक संयन्त्रहरू आदिवासी जनजातिमैत्री नरहेको र राजनीतिक तथा प्रशासनिक क्षेत्रमा मगरहरूको उपस्थिति पनि कमजोर रहेकाले यो कुराको सहजै अनुमान गर्न सकिन्छ।

### ४.७.४ विश्वविद्यालय, चिकित्सा क्षेत्र तथा विभिन्न संस्थान र निगमहरू

हामीले राज्य भनेर सेना, प्रहरी, निजामती प्रशासन, अदालतलाई मात्र देख्छौँ, तर राज्यको संयन्त्र त्योभन्दा बृहत् र व्यापक छ। माथिका सरकारी संयन्त्रबाहेक विभिन्न विश्वविद्यालय, निगम तथा संस्थानहरू छन्, जसअन्तर्गत त्रिभुवन विश्वविद्यालय लगायतका विश्वविद्यालयहरू, नेपाल आयल निगम, नेपाल वायु सेवा निगममा मगरहरूको उपस्थितिबारे तल समीक्षा गरिएको छ।

उच्च शिक्षा प्रदान गर्ने विभिन्न विश्वविद्यालयहरूमा अध्यापन गर्ने तथा त्यसको नीति निर्माण र कार्यान्वयन गर्ने क्षेत्रमा मगरको उपस्थिति कमजोर छ । पोखरा विश्वविद्यालयमा कुलपति केशरजङ्ग बराल, त्रिभुवन विश्वविद्यालय शिक्षा सङ्काय डीन चित्रबहादुर बुढाथोकी, मध्यपश्चिम विश्वविद्यालय कार्यवाहक उपकुलपति सहप्राध्यापक मस्तबहादुर गरञ्जा, चिकित्साशास्त्र अध्ययन संस्थान सहायक डीन प्राध्यापक त्रिलोकपति थापा जस्ता थोरै व्यक्तिहरुले विश्वविद्यालयहरूको र विभिन्न सङ्कायहरूको नेतृत्व गर्ने अवसर पाएका छन् ।

हालसम्म नेपालको विभिन्न विश्वविद्यालयहरूमा अध्यापन गर्ने मगर प्राध्यापकको सङ्ख्या जम्मा तीन जना थिए, तर दुई जनाले अवकास प्राप्त गरेपछि हाल चित्रबहादुर बुढाथोकी मात्र कार्यरत छन् । सहप्राध्यापकको सङ्ख्या आठ जना र तीन दर्जनको हाराहारीमा विभिन्न विश्वविद्यालयहरूमा अध्यापन गर्ने उपप्राध्यपकहरू छन् । करार र दैनिक सेवामा अध्यापन गर्नेको सङ्ख्याको यकिन तथ्याङ्क उपलव्ध छैन । देशविदेशका विश्वविद्यालयहरूबाट विभिन्न बिषय र क्षेत्रमा विद्यावारिधि गर्नेको सङ्ख्या चार दर्जनको हाराहारीमा रहेको छ । केही मगर सहप्राध्यपक तथा अनुसन्धानकर्ताहरूले विदेशका प्रतिष्ठित विश्वविद्यालयहरूमा अध्यापन गर्ने गरेका छन् । मेगासेसे पुरस्कार प्राप्त मानार्थ विद्यावारिधि महाविर पुनले आविश्कार केन्द्र स्थापना गरेर नविनतम प्रविधिहरूको आविष्कार गरिरहेका छन् । चिकित्सा क्षेत्रमा अतिरिक्त प्रहरी महानिरिक्षक दुर्गा पुन प्रहरी अस्पताल प्रमुखको जिम्मेवारी सम्हालेका छन् । देश तथा विदेशबाट चिकित्सा अध्ययन गरेर आएका लगभग ५० जना स्वास्थ्यकर्मी नेपालका विभिन्न सरकारी तथा निजी अस्पतालमा कार्यरत छन् भने त्यसैको हाराहारीमा विदेशमा सेवारत रहेको प्रारम्भिक तथ्याङ्कले देखाएको छ।

नेपाल आयल निगममा ५३० कर्मचारी कार्यरत रहेकोमा अधिकृत स्तरका एकजना पनि मगर छैन। सबैभन्दा माथिल्लो तहमा पश्चिम रुकुमका मधुमाश कोविद पुन वरिष्ठ सहायक पाँचौं तहमा

कार्यरत छन् भने कार्यालय सहयोगी र चालक गरी चारजना छन्।[९] नेपाल वायु सेवा निगममा डेपुटी म्यानेजिङ डाइरेक्टर एक जना, सातौँ तहमा चारजना र छैटौँ तहमा ८ जना अधिकृत रहेका छन्।[१०]

### ४.८ आधुनिक राज्य निर्माण प्रक्रियामा मगरहरू

आधुनिक नेपाल निर्माणका विषयमा धेरै कोणबाट बहस तथा छलफलहरू भइरहेका छन्। आधुनिक नेपालको निर्माण वा राज्य एकीकरणको सन्दर्भमा प्रायः नेपालीहरूको बुझाइ राजा पृथ्वीनारायण शाहको एक्लो प्रयासमा यो विशाल एकीकृत नेपाल निर्माण भएको भन्नेजस्ता भ्रमहरू व्याप्त छन्। तर राजनीतिक इतिहासका पानाहरूमा नेपालका मगर जातिको योगदान र बलिदानीबाट मात्र आधुनिक नेपालको निर्माण भएको छ। यी विषयहरूमा तल छलफल गरिएको छ।

नेपालको राजनीतिक इतिहासमा गोर्खा राज्यका राजा द्रव्य शाहले १६१६ सालमा विभिन्न राज्य हातमा लिएपछिको समयलाई आधुनिक नेपालको सुरुवात मानिन्छ। यस समयमा मगर तथा गुरुङहरूबाट सत्ता षड्यन्त्रपूर्ण तथा बलपूर्वक र कतिपय सन्दर्भमा आत्मघाती सहमतिका आधारमा राज्य गुमाएको बुझिन्छ। टुक्रिएर रहेको नेपाललाई एकीकरण गर्नमा मगर तथा गुरुङहरूको भूमिका अतुलनीय रहेको इतिहासकारहरू (विष्ट, सन् २०१०; Shah, 2001; Regmi, 2007; राज, २०६८; प्रश्रित, २०७०) ले बताएका छन्। पाल्पाको मगर संस्कृति शीर्षकमा विद्यावारिधि गरेका सूर्यबहादुर घर्ती क्षेत्रीका अनुसारः

> कर्णाली प्रदेशको खस राज्य विघटनपश्चात् गण्डकी प्रदेशमा विभिन्न जातिका मुखियाहरूले स्थानीय शासन चलाउने क्रममा कुनै कुनै मगर मुखियाहरूले राजाको पदवी लिएको पनि भेटिन्छ। चौबिसे राज्यहरूको उदयपछि जातीय मुख्यौली राज्यहरू विलय हुँदै गएकाले त्यसपछिको बाइसे-चौबिसे राज्यकालमा नेपालका अधिकांश स्थानका मगरहरूको राजनीतिक भूमिका अज्ञात रहेको पाइन्छ। गोरखाका शाह वंशको शासन स्थापनापूर्व मुख्यौली राज्यप्रणालीकै रूपमा त्यहाँ मगर राजा भएको थाहा हुन्छ र त्यहाँ शाह वंशको शासन स्थापना भइसकेपछि मगरहरूको महत्वपूर्ण राजनीतिक प्रशासनिक भूमिका रहेको पाइन्छ। यसैगरी नेपालको एकीकरण र राष्ट्र निर्माणमा पनि मगरहरूको भूमिका उच्च नै रहेको ज्ञात हुन्छ। लडाकु जातीय स्वभावले गर्दा विशेष गरेर सैनिक क्षेत्रमा यिनीहरूले ठूलो नाम कमाएको देखिन्छ। यस ऐतिहासिक पृष्ठभूमिमा तत्कालीन गोर्खाका मगरहरूको तुलनामा पाल्पाका मगरहरूको भूमिका यस किसिमको पाइँदैन। यसको एउटा कारण गोर्खाको नेतृत्वमा नेपालको एकीकरण हुनु र पाल्पा पराजित भई नेपालमा मिलाइनु पनि

---

[९] नेपाल आयल निगमको मानव संसाधन विभागबाट २०७७ साउन १५ गते लिइएको अभिलेख।

[१०] नेपाल वायु सेवा निगमका छैटौँ तहमा कार्यरत हरिबहादुर सारूमगरले २०७७ साउन ४ गते दिएको जानकारी।

हुन सक्छ। किनकि यसअगाडि पाल्पाली राजा मुकुन्द सेनको समयमा काठमाडौँ उपत्यकामा आक्रमण गर्दा खस-मगर सेनाले आक्रमण गरेको चर्चा वंशावलीहरूमा पनि भेटिन्छ। (घर्ती क्षेत्री, २०६७)

नेपालको राजनीतिमा गोर्खा राज्यको महत्व मगरहरूसँग जोडिएको छ। कुमार प्रधान, ह्यामिल्टनलगायतका विद्वानूहरूका अनुसार पश्चिम नेपालका मगरहरूमा सबैभन्दा पहिले हिन्दुकरणको धेरै प्रभाव पऱ्यो (Pradhan, 2009; Hamilton, 2007)। राजा पृथ्वीनारायण शाहको राज्य एकीकरणको अभियानमा मगरहरूको ठूलो भूमिका रहेको योगी नरहरिनाथको पनि भनाइ रहेको छ। "त्यस समयमा गोर्खाका खड्का मगरले राजालाई ४ हजार रुपैयाँ सापटी दिएको लालमोहर नुवाकोट सामरीका नरेन्द्रबहादुर खड्का मगरको घरमा रहेको छ" (योगी र गुरुङ, २०२०,पृ. ३०)। यो तथ्यबाट नै सहजै अनुमान गर्न सक्छौँ कि मध्यकालीन नेपालका मगरहरूको गोर्खा राज्यमा राम्रो प्रभाव थियो।

राज्यको घोषित तथा अघोषित नीतिअनुरूप मगरहरूको मौलिक धर्म झाँक्रीवाद, प्रकृति पूजन र बौद्ध धर्मबाट हिन्दु धर्मप्रति आकर्षण रहेको तथ्य खुलासा भएको छ। इतिहासको अध्ययन र त्यसको समीक्षाले मगर जातिको मौलिक सामाजिक मूल्य-मान्यता तथा संस्कृति लोप हुनु र पहिचानमाथि सङ्कट आउनु राज्यद्वारा लादिएको हिन्दुकरणको प्रभाव हो भन्ने सहजै बुझिन्छ। हर्क गुरुङका अनुसारः

> नेपालमा जनजातिको समस्या राज्य संरचनाबाट नै सिर्जित भएको हो। गोर्खाली राज्य विस्तारबाट भौगोलिक एकीकरण त भयो तर तागाधारी अहम्ले सामाजिक विभेद कायम गऱ्यो। त्यसबाट जनजातिको हिन्दुकरण, भूमि अतिक्रमण, मातृभाषा तथा संस्कृतिको दमन गऱ्यो। ...नेपाली समाजभित्र फूल र झारबीच रहेको असमानतालाई शासकवर्गको जातीय बनोटले उदाङ्गो पार्दछ। गोर्खा राज्य विस्तारका क्रममा तागाधारी प्रधान 'थरघर' मध्ये मगरको पनि गन्ती हुन्थ्यो, जङ्गी पदमा मगर र गुरुङको सहभागिता साथै केहीलाई जनै पनि दिइयो। सामरिक सङ्घर्ष सकिएपछि मतवाली कमान्डरहरूको दरकार परेन र सरकारी ओहोदा तागाधारी पर्वतेको पेवा हुन पुग्यो। (गुरुङ, सन् २००५,पृ. ४३३)

प्रधान (सन् २००९) ले गोर्खा राज्य विस्तारको सन्दर्भमा तत्कालीन समयमा अस्तित्वमा रहेका खसान, मगरात, किरातलगायतका राज्यहरूको नागरिक र त्यहाँका विविधतालाई एकल सांस्कृतीकरण गरेको उल्लेख गरेका छन्। मगरातमै स्थापित गोर्खा राज्यले मगरहरूको राजनीतिक सहभागितामा कमजोर बनाएको र नेपालका आदिवासी जातिहरूमध्ये गुरुङ र मगरलाई गोर्खा राज्य विस्तारपछिको नयाँ संरचनाले हिन्दुकरणको प्रभाव पारेको बताएका छन्। प्रधानको भनाइले नेपाली राज्य एकीकरण प्रक्रिया

सबै मानव समुदायको भावनालाई कदर नगरेर शासकको एकतर्फी चाहनामा भएको भन्न सकिन्छ। यो एकल संस्कृतिवादको सत्ता बहुल संस्कृतिको जगसहित मगरात प्रदेशको सन्दर्भमा छलफल गर्न सकिन्छ।

राजनीतिक विश्लेषक सिके लालले "संसारका सबैजसो आधुनिक राष्ट्रहरूको जग फौजका शिविरहरूमा तयार भएका छन्। पृथ्वीनारायण शाहको कविला पछि गएर गोर्खाली जाति पनि लडेरै बनेको" उल्लेख गरेका छन् (लाल, २०६७,पृ. ३०)। आधुनिक नेपाल निर्माणपछि राज्यमा मगर जातिको कमजोर अवस्था हुनु आधुनिक राष्ट्र निर्माण सैन्य बलको जगमा खडा हुने भएकाले यसले सामाजिक बनावट र विविधतालाई नबुझेको कारणले पनि गोर्खा राज्य विस्तारपश्चात् पनि नेपाली राज्यको शासकीय संरचना र शासकहरूको मानसिकता पुरानै भएको हुनुपर्दछ। तर आजको परिवर्तित राजनीतिक प्रणालीलाई पुरानै मानसिकताबाट परिचालन गर्नु वर्तमान सन्दर्भमा भने दुःखद पक्ष मान्न सकिन्छ।

स्टिलर (सन् १९९५,पृ. ६५) का अनुसार "राज्य एकीकरण प्रक्रियामा सेना, राजनीतिक, कानुन तथा न्याय, प्रशाासन र सांस्कृतिक तथा धार्मिक एकीकरण नै एकीकरणको साँचो अर्थ हो।" राज्य एकीकरणको अर्थ एकीकरण प्रक्रियामा सहभागी सबै नागरिक र समुदायको समावेशी प्रतिनिधित्व र सहअस्तित्व रहनुपर्नेमा पृथ्वीनारायण शाहको एकीकरणमा हिन्दु-आर्य एकल जात, भाषा, धर्म, संस्कृतिको मात्र पक्षपोषण गऱ्यो। यस तथ्यलाई थप पुष्टि गर्दै गुरुङ (सन् १९८८) ले "नेपालको क्षेत्री तथा ब्राह्मणहरू नेपाली सेना र प्रशासनमा यिनै जातिहरूको बाहुल्य हुनु, राज्यका सबै अङ्गहरूमा हिन्दुकरण गरिनु र नेपालमा एक जाति, एक भाषाको नीतिअनुरूप अहिन्दु मङ्गोलहरूमाथि निर्मम अपमान र विभेद भएको" कुरा उल्लेख गरेका छन्। स्टिलर र गुरुङका यी भनाइहरूले गोर्खा राज्य एकीकरण समग्र नेपाली राष्ट्र/जातिहरुको एकीकरण नभएर हिन्दु राज्य विस्तार भएको पुष्टि गर्दछ। यदि एकीकरण भएको भए मगरको त्यो ऐतिहासिक योगदानको किन कुनै कदर गरिएन ? नेपाली समाजको बहुल सांस्कृतिक पक्षलाई एकल संस्कृतिमा रुपान्तरण गरियो। पीताम्बर शर्मा, गोविन्द न्यौपाने, भवानी बराल र डोरबहादुर विष्ट लगायतका विद्वान्हरूले आधुनिक नेपालको स्थापना र विस्तार एउटा सुदृढ हिन्दु राज्य निर्माण गर्ने स्पष्ट उद्देश्यका साथ भएको कुरा उल्लेख गर्नुले पनि हिन्दु राज्यको निर्माण थियो भन्ने थप पुष्टि गर्दछ।

आधुनिक नेपालका विभिन्न कालखण्डमा मगरहरू धेरै उत्पीडनमा परेको इतिहासको पानाले छर्लङ्ग पारेको छ। नेपालका प्रथम सहिद गोर्खा जिल्ला बुङकोटका लखन थापामगर, रुकुम जिल्ला चौखाबाङका कामी बुढामगर, २०५२ सालमा तत्कालीन माओवादीद्वारा सञ्चालित जनयुद्धलगायतका विभिन्न राजनीतिक परिवर्तनका क्रान्ति र आन्दोलनहरूमा धेरै न्याय तथा लोकतन्त्र-गणतन्त्रप्रेमी मगर योद्धाहरूले सहादत प्राप्त गरे। मगर जातिको बलिदानीबाट निर्मित आधुनिक नेपालका शासकहरूले धेरै भूभाग गुमाएर सुगौली सन्धि (४ मार्च सन् १८१६) गरे। तर मगरहरू सुगौली सन्धिविरोधी थिए, जसका

कारण उनीहरू नेपाल नफर्की देहरादुनमै बसे। त्यो भूभाग नेपालको थियो र त्यहाँका बासिन्दा पनि नेपाली नै थिए। सन् १८१६ सम्म पनि कुमाउ नेपालकै भूभाग थियो।

आफ्नो देशका लागि मात्र होइन, नेपाली शासकको फन्दामा पारिएर पहिलो र दोस्रो दुवै विश्वयुद्धमा ब्रिटिस साम्राज्यको लागि धेरै मगरले ज्यान गुमाउनुपर्‍यो। पहिलो विश्वयुद्ध (सन् १९१४-१९१८) समाप्त हुँदा २ लाख र दोस्रो विश्वयुद्ध (सन् १९३९-१९४५) मा २ लाख ५० हजारल नेपाली युवा भर्ती गराइएका थिए (घर्तीमगर, २०७१ख,पृ. ४०-५१)। पहिलो र दोस्रो विश्व विश्वयुद्धमा भर्ना भएका धेरै युवाहरू मगर थिए, यी घटनाहरूले मगर जातिलाई नेपालको राजनीतिक प्रक्रियाहरूमा उपयोग मात्र गरेको खुलासा हुन्छ। शासकहरूले कहिले आफैँ पल्टन खडा गरी लडाउने त कहिले विदेशी साम्राज्यको पल्टनमा पठाएर त्यसबापत प्राप्त आर्थिक उपलब्धिसँगै विदेशीलाई रिझाएर आफ्नो सत्ता टिकाउने र मगरलाई देशको राजनीतिक प्रक्रियाहरूमा सामेल नगराउने रणनीति लिएको बुझिन्छ। गोर्खा राज्य विस्तारपछिको मगर जातिको राजनीतिक इतिहास पराजयको इतिहास हो भन्न सकिन्छ।

थापामगर (२०६८) ले टीके ओमानको हवाला दिँदै सामाजिक, सांस्कृतिक र जातीय समूहहरूमा असमानता तथा एक समूहबाट अर्को समूहमाथि हुने उचनीच तह नै कुनै पनि देशभित्र हुने विग्रह हो भनेका छन्। नेपाल यी दुई सवालहरूलाई युगौँदेखि पछ्याउँदै आएको देश हो। ब्रायन हज्सनले मगर र गुरुङ हिन्दु नभएर एउटा फेसनका रूपमा उनीहरूले हिन्दु धर्म अँगालेको कुरा उल्लेख गरेका छन् (Hodgson, 1971)। तर आम मगर गुरुङ र हज्सनले भनेजस्तो फेसन मात्र नभएर बाध्यता पनि थियो र छ। किनकि, नेपालको शासकीय संरचना नै हिन्दु धर्मबाट निर्देशित थियो। अहिले पनि राजकीय पदमा पुग्ने मगरहरू हिन्दु नभएर पनि सबै विधि हिन्दु विधिबाट सम्पन्न गरिन्छ। उदाहरणका लागि मन्त्री नियुक्तिपछि कालो बोका बलि दिनु, सरकारी प्रशासनिक कार्यालयहरू, सेना तथा प्रहरीका कार्यालय परिसरहरूमा हिन्दु देवीदेवताका मन्दिरहरू हुनु र दैनिक पूजाआजा गर्नु आदि। नेपालका शासकहरूले बहुरूपी पहिचानसहितको नेपाली समाजलाई एकल सांस्कृतिक पहिचानमा रूपान्तरण गरेको तथ्य इतिहासको अध्ययन तथा वर्तमान अवस्थाले पनि प्रस्ट गर्दछ।

इतिहासको अध्ययनले मगर जातिको पहिचानको निर्माण नेपाली राष्ट्र निर्माणसँग जोडिएको पाइन्छ। नेपाली राज्यले नेपालको राजकीय सत्ता निश्चित जाति र धर्मलाई संरक्षण गरेपछि त्यसबाहेकका जाति र समुदायहरू राज्यको मूलधारबाट बहिष्करणमा पर्नु स्वाभाविक थियो। अर्कोतर्फ बुर्जुवाहरूले राजनीति फोहोरी खेल भनेर उत्पीडित समुदायलाई राजनीतिप्रति विकर्षण गरेझैँ यहाँका खस-आर्य समुदायले मगरहरू भनेको वीर जाति हो, मगरले राजनीति गर्ने होइन, युद्धहरू र जोखिमपूर्ण कामको नेतृत्व गर्ने हो भन्ने मनोविज्ञान निर्माण गराइदियो। यसैको प्रभावले मगर जातिको पहिचान राजनीतिक समुदायका रूपमा नभई एउटा इमानदारी र बहादुरीका रूपमा कायम रहन गयो।

इतिहासकार बाबुराम थापाले नेपालका आदिवासी मगर जातिको ऐतिहासिक विवेचना गर्दै मगर जातिले नेपालको राष्ट्र निर्माण प्रक्रियामा गोर्खा राज्य विस्तारसँगै आन्तरिक र बाह्य उपनिवेशका विरुद्ध र विभिन्न जातीय मुक्ति तथा वर्गीय मुक्तिका विभिन्न जनआन्दोलन, जनक्रान्ति तथा जनयुद्धमा मगर जातिले डतेर प्रतिरोध गरेको कुरा उल्लेख गरेको छन् (थापा, २०७२,पृ. १६७-१९१)। इतिहासका विभिन्न कालखण्डमा थापाले भनेको सन्दर्भहरूसँग मेल खाने योगदानहरू मगरले दिदै आएका छन् । २०३६ सालको जनमत सङ्ग्रहमा आदिवासी मङ्गोल जनजाति सङ्घको अपिलमा कविराज पुनमगरले “मङ्गोल नश्लहरूले क्रान्तिको समयमा बन्दुक र शान्तिको समयमा झोला बोक्नुपर्नेछ (हितान, २०६०,पृ. ६८) भन्नुले पनि यि कुराको पुष्टि गर्दछ।

मगर लगायत आम आदिवासी जनजातिहरूले आफूमाथिको विभेदको पहिचान धेरै दशक पहिलेदेखि नै सङ्गठित रूपमा उठाए पनि उनीहरूले राज्यलाई सङ्कटउन्मुख कहिल्यै बनाएनन्। यी घटनाहरूलाई मगरलगायत आदिवासी जनजातिले राष्ट्र निर्माणकै योगदानका रूपमा लिन सकिन्छ। आधुनिक नेपालको अभियानपछि मगरहरूले आधुनिक नेपालको साँधसीमाको रक्षाका लागि कञ्चनपुर जिल्लामा रहेको महाकाली नदीपारिको चाँदनी र दोधारा गाविस, नवलपरासी जिल्लामा रहेको त्रिवेणी नदी पारीको सुस्ता, बाँकेको नेपालगन्ज सैनिक क्षेत्रलगायत देशका विभिन्न नाकामा बस्ती बसाएको पाइन्छ।

आधुनिक नेपाल निर्माणका क्रममा नेपाल-भारत सीमामा पूर्वभारतीय सैनिकहरूको बस्ती बसाएर देशको सीमारक्षा गरेका थिए। पृथ्वीनारायण शाहले काठमाडौँ, ललितपुर र भक्तपुरको उपत्यककामाथि विजय हासिल गरेपछि यी तीनवटै जिल्लाहरूका छेउछाउ नागार्जुन, कोटडाँडा, रामकोट र भित्री उपत्यका बल्खु, धोबीघाट, भैँसेपाटीलगायतका घना जङ्गलहरूको टापु र फेदहरूमा मगर बस्ती बसाएर उपत्यकाको सुरक्षा प्रदान गरेको पाइन्छ। यी माथिका तथ्यहरूले आन्तरिक र बाह्य दुवै राष्ट्रियताका सन्दर्भमा मगरहरू विश्वासिला र बहादुरी दुवै गुणले भरिपूर्ण भएकाले राष्ट्र निर्माणमा अतुलनीय योगदान रहेको देखिन्छ। आधुनिक नेपालको विभिन्न कालखण्डमै मगर जातिले आफ्नो मौलिक पहिचान तथा सर्वस्व गुमाए पनि नेपाली राष्ट्रियताको विषयमा सधैँ गम्भीर र जागरुक भएको इतिहास छ। गोर्खा राज्यलाई आधुनिक र विशाल नेपालको निर्माण प्रक्रियामा सहभागी मगर, गुरुङ र खसमध्ये मगरको अवस्था आज सबैभन्दा कमजोर रहेको हामी सबैसमक्ष जगजाहेरै छ। देशलाई स्वतन्त्र र अखण्ड राख्न जहिले पनि बलिदान दिने जातिमा मगर पर्दछ। तर राज्यले यो जातिलाई सधैँ अवमूल्यन र उपेक्षा गर्दै राज्यको नीति निर्माण तथा राज्यको नीतिको कार्यान्वयन गर्ने निकायमा वञ्चित गर्दै आएको छ।

**४.९ मगरात स्वायत्त प्रदेशको परिकल्पना**

मध्यकालीन नेपालको राजनीतिक इतिहासले शक्तिशाली मगरातको पुष्टि गरेको छ। डोरबहादुर विष्टका अनुसार मगरात राज्यको विघटन गरी नेपाली राज्यको वर्तमान संरचनाको निर्माण गर्न भारतबाट आएका राजपूतहरूका कुटिल धार्मिक राजनीति नै मूल कारण हो (Bista, 2008)। लामो समयसम्म अभ्यासमा रहेको एकल जातीय राज्य संरचनाले गरेको विभेदको कारण इतिहासको समिक्षा गर्दै नेपाली राज्य संरचनालाई बहिष्करण र उपेक्षामा परेका नागरिकहरूको मुक्तिको बाटो के हुन सक्छ भन्ने प्रश्नको खोजी भइरहेको सन्दर्भमा मगर जातिले औचित्यसहित मगरातको आवश्यकताको पुष्टि गर्दै आइरहेको छ। मध्यकालीन नेपालमा बाहृ र अथार गरी दुई विशाल मगरात राज्य भएको पाइन्छ। यी दुईमध्ये बाहृ मगरात धेरै व्यापक शक्तिशाली पनि थियो। हिमालय पर्वतको मध्य र तल्लो भाग, भेरी र मर्स्याङ्दी नदीबीचको भाग मगरात थियो (Hodsgon, 1971,p. 40; नेपाल मगर सङ्घ, २०७४)।

नेपाली इतिहासमा मगरात र बाहृ मगरातको चर्चा पाइए पनि अठार मगरातको चर्चा भने नगन्य रूपमा पाइन्छ। नेपालको इतिहासमा मगरहरूले राज्य गरेको बाहृ मगरात जस्तै अठार मगरातको पनि राजनीतिक सीमा-संरचना थियो। बमकुमारी बुढामगर र नेपाल मगर सङ्घका अनुसार अठार मगरातअन्तर्गत १८ वटा राज्य थिए (बुढामगर, २०७१,पृ. ८७; नेपाल मगर सङ्घ, २०७४)।

इतिहासमा अठार मगरातको चर्चा कम भए पनि टेकनाथ गौतमले ब्राह्मण सत्ताइस थर, खस बाइस थर, ठकुरी चार थर, गुरुङ छ थर, सन्यासी दशनामी, नाथयोगी बाहृपन्थी, मगर अठारपन्थी, थारू चौध जात आदि उल्लेख गरेका छन्। गौतमका अनुसार जथाक लेक पश्चिम बाइस थर खसको बाहुल्यता भएकाले बाइसी र जथाक पूर्व गण्डकी नदी प्रश्रवण क्षेत्रमा अठार पन्थी मगर, छ थर वा घर गुरुङसमेत चौबीस थर घरको बसोबास क्षेत्र हुँदा चौबिसी भनिएको हो भनी उल्लेख गरेका छन् (गौतम, २०३१,पृ. ७७)। मगरको अठार पन्थी थर जस्तो बुझिए पनि वास्तवमा त्यो राज्य सीमा-संरचना र सङ्ख्याका आधारमा जोडिएर आएको हुन सक्छ।

वर्तमान राजनीतिमा जातीय पहिचानको राजनीतिले ठूलो आयाम लिएको छ। पहिलो संविधानसभाको निर्वाचन पनि जातीय पहिचानका आधारमा राज्यको पुनर्संरचना गर्ने उद्देश्यका साथ सम्पन्न भएको थियो। यही सन्दर्भमा मगर पहिचानमा आधारित मगरात प्रदेश आम मगरहरूको साझा मुद्दा रहेको छ। कतिपय विद्वान्हरूले प्राचीन मगराततर्फ फर्किने यात्रा भनेर टिप्पणी गर्ने र लेख्ने गरेका छन् भने बहिष्कृत समुदायहरु मुलतः मगरले पहिचानमा आधारित राज्यको पुनर्संरचना प्राचीन तथा मध्यकालीन मगरात एउटा बलियो आधार मानेर अगाडि बढाएका छन्।

इतिहासको अध्ययनले पूर्वमा त्रिशूली नदी, पश्चिममा भेरी, उत्तरमा गण्डकीको मुहान र दक्षिणमा चुरे पहाडसम्म मध्यकालको अन्त्यसम्म मगरात रहेको जानकारी मिल्दछ। आधुनिक नेपालको

निर्माणपश्चात् पनि मध्यकालीन मगरातको ऐतिहासिक आधार र तत्कालीन शासकहरूको उत्पीडनको कारण मगरहरूले मगरात प्राप्तिका लागि विभिन्न गतिविधिहरू सञ्चालन गरेको पाइन्छ। राष्ट्रिय जनमुक्ति पार्टीका मगरात राज्य परिषद्का अध्यक्ष इन्द्रबहादुर मास्कीमगरका अनुसार राजा पृथ्वीनारायण शाहले पनि वर्तमानका १८ जिल्लाहरूलाई मगरात घोषणा गरी 'म मगरातको राजा हुँ' भन्ने गरेका थिए। माओवादीले सामाजिक क्रान्तिबिना मगरात घोषणा गऱ्यो, त्यसैले मगरात सम्भव भएन। सामाजिक क्रान्ति सफल भएपछि मात्र राजनीतिक क्रान्ति सफल हुन्छ।[११] मास्की मगरले भनेजस्तो सामाजिक जागरण राजनीतिक परिवर्तनको जग हुन सक्छ। कारण, त्यहाँ दलीय विभाजन हुँदैन तर अन्तिम निर्णय भने राजनीतिक प्रणालीमै रहेर निर्धारण गरिन्छ। माला तुनका अनुसार समूहगत विशिष्टता हुने पक्षहरूलाई उत्प्रेरित गर्न र उनीहरूलाई प्रत्यक्ष प्रतिनिधित्व प्रदान गर्न सिर्जना गरिने कार्यक्रमहरू ती समूहहरूका लागि उपयुक्त हुन्छन् , जसका सीमाहरू दलीय सेरोफेरोमै टुङ्गिन्छन् (तुन, २०६३,पृ. ३०१)।

इतिहासको विभिन्न कालखण्डमा मगरहरूको सामाजिक जागरणको जगमा राजनीतिक चेतनाको विकास भएको छ। त्यसको प्रस्फूटन मूलतः २०४६ पश्चात् नेपालको राजनीतिक वृत्तमा सामाजिक अन्तर्विरोधहरू छताछुल्ल भएपछि मगरहरूले आफ्नो हकअधिकारको प्राप्तिसँगै भाषा, संस्कृतिको संरक्षण र संवर्द्धन गर्न राजीतिक रूपमा पनि क्रियाशील हुन थाले। अर्कोतर्फ राजनीतिक पार्टीहरूले पनि राजनीतिक क्षेत्रहरू विस्तार गर्दै गए विभिन्न पेसामा आबद्ध सदस्यहरूको र लैङ्गिक रूपमा उत्पीडनमा परेका महिलाहरूको जस्तै जातीय तथा धार्मिक उत्पीडनमा रहेका समूहहरूको पहिचान गरी विभिन्न सङ्गठन निर्माण गर्दै गए। यसै क्रममा २०५२ मा नेकपा माओवादीले सशस्त्र विद्रोह सुरु गरी जातीय, क्षेत्रीय, वर्गीय र लैङ्गिक मुद्दाहरूलाई प्रभावकारी रूपमा उठायो। शुभशङ्कर कँडेलका अनुसार "माओवादी जनयुद्धका क्रममा राज्य तर्फबाट ८,३३९ र माओवादी तर्फबाट ४,९३१ गरी जम्मा १३,२७० जनाले ज्यान गुमाएका थिए (कँडेल, २०७६,पृ. ५७१)। ज्यान गुमाएकामध्ये माओवादी सेनाका तर्फबाट ३ हजार ३ सय मगर थिए (सन्तोष बुढामगर, २०७३ साउन २७ गते, अनुसूची ४) ।

मगरहरू एकपछि अर्को रूपमा आफू क्रियाशील पार्टीहरूमा मगरहरूको अधिकारको बहसलाई सघन रूपमा छलफलमा ल्याए। त्यसैको परिणाम मगरहरूको साझा सङ्गठन मगर सङ्घ लगायत राजनीतिक सङ्गठनका रूपमा नेपाल कम्युनिस्ट पार्टीहरू र अन्य पार्टीहरूसँग आबद्ध मगर सङ्गठनहरूले मगरातको स्थापनाका लागि आन्दोलरत रहे। नेपाली राजनीतिमा मगरात मुद्दालाई सबैभन्दा व्यवस्थित र जनसमुदायमा प्रभावकारी ढङ्गले सम्प्रेषण गर्ने पार्टीहरूमध्ये नेपाली कम्युनिस्ट पार्टीहरू नै हुन्। यसैको जगमा विभिन्न मगर सङ्गठनहरू क्रियाशील रहेका छन्। राष्ट्रिय एकता, सामाजिक सद्भाव र भौगोलिक अखण्डतालाई खलल नपुग्ने गरी मगर जातिले आफ्नो समुदायको सर्वाङ्गीण विकास गर्न र परम्परागत र

[११] मास्कीसँग २०७३ चैत २६ गते पाल्पाको तानसेनमा गरिएको कुराकानीमा आधारित।

प्रथाजनित मूल्य-मान्यताहरूको अभ्यास गर्न आत्मनिर्णयको अधिकार सहितको मगरातको स्थापनाका लागि सबै मगर सङ्गठनहरू र बुद्धिजीवीहरू सहमत देखिन्छन् । यस सम्बन्धमा खगेन्द्र माखिमले १२ प्रतिशत बाहुनले सबैलाई रैती बनाएकै छन् । देशको शासकहरूले सेना देशको भौगोलिक सिमामा राखेर राष्ट्र मजबुत बनाउन खोजेका छन्, त्यसरी राष्ट्र मजबुत हुँदैन । यहाँकाजातीय समुदायलाई बलियो बनाउँदा मात्र राष्ट्र सबल हुन्छ त्यसैले मगरात आवस्यक छ (खगेन्द्र माखिम लिम्बू, २०७३ असोज ३० गते, अनुसूची ४) ।

### ४.९.१ **संविधानसभा र मगरले प्रस्ताव गरेको मगरात**

नेपालमा पहिचानको प्रश्न ऐतिहासिक रूपमा राज्य निर्माण पक्रियासँग जोडिएको र सन् २००७ को अन्तरिम संविधानले समेत राज्यको पुनर्संरचना गर्ने कुरा प्रस्ट गरिसकेको छ। संविधानसभाको कार्यतालिकामै रहे पनि नेपालका लागि सङ्घीयता र यसका ढाँचाहरू र राज्यको संरचनाबारे धारणामा व्यापक विविधता रह्यो । नेका र एमालेले कुनै पनि प्रकारको एकल पहिचानको सङ्घीयताको विरोध गरे र एनेकपा मओवादीले जातीय पहिचानमा आधारित १० वा १४ प्रदेशको प्रस्ताव गरे (द कार्टर सेन्टर, सन् २०१३,पृ. ११) । पहिलो संविधानसभाद्वारा प्रस्तावित १४ वटा प्रदेशमध्ये एउटा राज्य मगर जातिको पहिचानमा आधारित 'मगरात प्रदेश' थियो ।

नेपालका राजनीतिक पार्टीहरूको दोहोरो चरित्रको कारण संविधानसभाले प्रस्ताव गरेको राज्यको पुनर्संरचनाको प्रस्ताव एकाएक संविधानसभाका सदस्यहरूभन्दा बाहिरको अनौपचारिक सहमतिका आधारमा नै संविधानसभाले गरेको कामको परिणाम शून्य गराइयो । यसलाई थप पुष्टि गर्दै अच्युत वाग्ले लेख्छन्ः "औपचारिक रूपमा सङ्घीयता स्वीकार गरे पनि बहुमतको वामपन्थी सरकारको नेतृत्व गरेको ओली र उनको पार्टीलाई सङ्घीयता मनै परेको छैन। प्रतिपक्ष नेपाली काङ्ग्रेसको महासमिति बैठकमा पनि धेरै प्रतिनिधि सङ्घीयताभन्दा 'हिन्दु राज्य' माथि बहस गर्न उत्सुक देखिन्थे। अनौपचारिक कुराकानीमा सरकार प्रमुख ओली र प्रमुख प्रतिपक्ष काङ्ग्रेसले नेपालमा सङ्घीयता नचल्ने निष्कर्ष निकाल्ने गरेका छन् । अनौपचारिक धारणा नै राज्य सञ्चालनमा निर्णायक हुने परम्परा नेपालमा बसेको छ" (वाग्ले, २०७५,पृ. २०) । नेपालका नेताहरूको भित्र र बाहिर कुरा गर्दा फरक भर्सन हुन्छन्, जस्तो प्रचण्डले पहिलो संविधानसभाभित्र एउटा र बाहिर अर्को कुरा गरे (कृष्ण खनाल, २०७३ भदौ ६ गते, अनुसूची ४) । वाग्ले खनालका अनुसार राजनीतिक पार्टीहरूको औपचारिक दस्तावेजहरू भन्दा नेतृत्वको स्वविवेकले गर्ने निर्णय नै  निर्णायक भएको प्रष्ट गर्दछ ।

२०६४ सालमा संविधानसभाको निर्वाचनमार्फत गठन भएको संविधानसभाले प्रस्ताव गरेको मगरात आकस्मिक होइन । साढे दुई सय वर्षको राजनीतिक इतिहासमा राज्य स्तरबाट पहल गरिएको भने यो पहिलो घटना हो । नेपालमा चल्दै आएको राज्यको संरचना विभेदपूर्ण रहेकोले सङ्घीय लोकतान्त्रिक

गणतन्त्रको अग्रगामी पुनर्संरचना गर्ने देशको मूल कानुन अन्तरिम संविधानमा व्यवस्था गरेको थियो। २०६४ सालको पहिलो संविधानसभाले नेपाली राज्यको पुनर्संरचनामा पहिचान र सामर्थ्यका आधारमा मगरातसहित १४ वटा प्रदेशहरूको प्रस्ताव गरेको थियो। संविधानसभाको यो प्रस्तावबाट मगरहरू धेरै उत्साहित भए। मगरात मगरहरूको पुरानो राजनीतिक मुद्दा हो। यसलाई आम मगर समुदायमा मगरहरूको साझा सङ्गठन मगर सङ्घका माध्यमबाट प्रभावकारी रूपमा परिचालन गरिएको थियो। मगर सङ्घको स्थापना चरणमा जातीय, भाषिक, सांस्कृतिक, शैक्षिक जागरणका मुद्दाहरू थिए, तर समयक्रमसँगै मगरहरूले क्रमशः राजनीतिक अधिकारबिना यी मुद्दाहरूको सम्बोधन हुन नसक्ने ठहर गर्दै मगरातको आवश्यकता पनि महसुस गरे।

मगर सङ्घ साझा र सामाजिक सङ्गठन भएकाले सबै राजनीतिक मुद्दाहरू बोक्न सम्भव पनि नभएकाले २०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिपश्चात् मगरका मुद्दामा धेरै बहस भए। सोही क्रममा मगरहरूको साझा सङ्गठन नेपाल मगर सङ्घ र राजनीतिक पार्टीहरूसँग आबद्ध मगरहरूको साझा राजनीतिक मञ्चका रूपमा २०६३ सालमा संयुक्त मगर मञ्चको स्थापना गरी २०६५ माघ १ गते काठमाडौँमा 'आत्मनिर्णयको अधिकार र जातीय, क्षेत्रीय स्वायत्तता नेपालको आवश्यकता, राज्यको अग्रगामी पुनर्संरचनासहित मगरात स्वायत्त प्रदेश हाम्रो प्रतिबद्धता" भन्ने नाराका साथ बृहत् खुला सभा गरी मगरहरूको साझा अवधारणासहित मगरात प्रदेशको प्रस्ताव गरेका थिए (विस्तृत जानकारीका लागि हेर्नुहोस् संयुक्त मगर मञ्चको साझा अवधारणापत्र अनुसूची १३)। तत्कालीन सन्दर्भमा राज्यको पुनर्संरचना र मगर जातिको राजनीतिक मुद्दाहरूको सन्दर्भमा संयुक्त मगर मञ्चको साझा अवधारणाहरू निम्नबमोजिमका रहेका थिए:

१. नयाँ संविधानमा मगर जातिका सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक मुद्दाहरू समावेश गराउन।

२. आत्मनिर्णयका अधिकार र जातीय-क्षेत्रीय स्वशासनका आधारमा मगरात स्वायत्त तथा उप-स्वायत्त प्रदेश स्थापना एवम् मगर जातिको समावेशी, समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न।

३. मगर जातिमाथि कायम गरिएका सबै खाले विभेदहरूको अन्त्य तथा मगर जातिको हकहित र अधिकार स्थापित गर्न। सम्पूर्ण मगरहरूमा राजनीतिक एकता र पारस्परिक सहयोगको आदानप्रदान गर्न।

४. जातीय, क्षेत्रीय, वर्गीय, लैङ्गिक विभेदहरूको अन्त्य गरी समतामूलक समाज निर्माण गर्न।

५. सबल, समृद्ध र आत्मनिर्भर मगर समाजको निर्माण गर्न।

६. उत्पीडित जाति, क्षेत्र, वर्ग, लिङ्गका जनसमुदायका न्यायोचित माग र आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गर्दै बृहत् एकताको आधार तयार गर्न (संयुक्त मगर मञ्च घोषणापत्र, २०६५)।

तालिका ४.२०: पहिलो संविधानसभा र संयुक्त मगर मञ्चले प्रस्ताव गरेको मगरात

| पहिलो संविधानसभाले प्रस्ताव गरेको मगरात | संयुक्त मगर मञ्चले प्रस्ताव गरेको मगरात |
|---|---|
| पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान, रोल्पा, बागलुङ, म्याग्दी सबै र स्याङ्जा २९ गाविस, नवलपरासी २२ गाविस, पर्वत १४ गाविस, तनहुँ १२ गाविस, रुकुम ११ गाविस र सल्यान दुई गाविस। | पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान, सल्यान, रोल्पा, रुकुम, बागलुङ, म्याग्दी सबै र पर्वत १५ गाविस, नवलपरासी ४१ गाविस, स्याङ्जा ४८ गाविस, तनहुँ ३४ गाविस, गोर्खा १७ गाविस, दाङ ११ गाविस, डोल्पा ६ गाविस र लमजुङ ४ गाविस। |

(स्रोतः संविधानसभा राज्य पुनर्संचना तथा राज्य शक्ति बाडफाँड समिति, २०६८; संयुक्त मगर मञ्च, २०६५)

संयुक्त मगर मञ्चले प्रस्ताव गरेको मगरातमा ९ वटा जिल्ला पूरै र ८ वटा जिल्लाका आंशिक गाविसहरु गरी १७ वटा जिल्ला थिए भने पहिलो संविधान सभाले ८ वटा जिल्ला पूरै र ६ वटा जिल्लाको आंशिक गाविसहरु गरी १४ वटा जिल्ला प्रस्ताव गरेको थियो। मञ्चले प्रस्ताव गरेको गोर्खा, दाङ र डोल्पालाई संविधान सभाले समावेश गरेको थिएन। यस बिषयमा राजनीतिशास्त्री कृष्ण हाछेथुले मगरातको सिमानासँग जोडिएका मगर क्षेत्रहरू (Clusters) जुन अहिले कर्णाली र नारायणी प्रदेशमा रहेका छन्, त्यसलाई मगरातमा मिसाउँदा प्रदेशको जनसङ्ख्या लक्षित जातिको पक्षमा व्यवस्थापन हुने र जसले गर्दा प्रादेशिक तहमा राजनीतिक अग्राधिकारको आवश्यक नपर्ने उल्लेख गरेका छन् (हाछेथु, २०६७,पृ. २३३)। २०७२ साल असोज ३ गते संविधान जारी गर्दा बेनामको सात प्रदेशको व्यवस्था गरिएको थियो, जसको नामाकरण प्रदेश सभाको दुई तिहाई मतले गर्ने व्यवस्था गरिएको थियो। सोही वमोजिम २०७४ सालमा प्रदेश सभाको निर्वाचन सम्पन्न भयो। संविधानमा व्यवस्था भएको सात वटा प्रदेशमध्ये मगरात प्रदेश नं. ४ र ५ मा विभाजित थियो। मगर समुदायले प्रदेश नं ५ लाई मगरात प्रदेशको नामाकरणको लागि दवाव दिएका थिए। नेपाल मगर सङ्घ र संयुक्त मगर मञ्चको नेतृत्वमा मुख्य मन्त्री शङ्कर पोखरेल र सभामुख पूर्णबहादुर घर्ती मगरलाई ज्ञापन पत्र समेत बुझाएको थियो। प्रदेश सभाका सदस्यहरूलाई पनि मगरात प्रदेश नामाकरणको बिषयमा बुझाउने काम गरेको थियो। मुख्य मन्त्री र राजनीतिक दलहरू सकारात्मक नभएपछि सङ्घ र मञ्चको संयुक्त आयोजनामा सडक आन्दोलन समेत भए। तर सङ्घ र मञ्चका पदाधिकारीहरु तथा सदस्यहरू विभिन्न राजनीतिक दलहरुमा विभक्त भएको तथा कोरोना महामारीका कारण त्यी आन्दोलनहरू खासै प्रभावकारी हुन सकेनन्।

यसै क्रममा २०७८ साल असोज २० गते ५ नम्बर प्रदेशको नाम 'लुम्विनी' नामाकरणको लागि प्रस्ताव हुँदा जनता समाजवादीका संसदीय दलका नेता सहसराम यादव र सदस्य पुरमति ढेङ्गा मगरले 'थरुहत-अवध-मगरात' नामाकरणको लागि संसोधन प्रस्ताव दर्ता गराएका थिए। प्रदेश सभा सचिव दुर्लभकुमार पुनमगरद्वारा हस्ताक्षरित असोज २० गतेको सूचना पत्र र सहसराम यादव तथा पुरमति ढेङ्गा मगरद्वारा हस्ताक्षरित संसोधन प्रस्तावमा उल्लेख भए अनुसार ८७ जना सदस्यहरुमा ८३ जनाको सहभागी रहेको उक्त बैठकमा नामाकरणको मतदान प्रक्रियामा जनता समाजवादी पार्टीको ६ जना सदस्यहमरूमध्ये

पुरमति ढेङ्गा मगर, सहसराम यादव, विजयकुमार यादव, सुमन शर्मा रायमाझी गरी ४ जनाले 'थरुहत-अवध-मगरात' पक्षमा र 'लुम्बिनी' प्रदेशको विपक्षमा मतदान गरेका थिए। प्रदेश सभा सदस्य पुरमति ढेङ्गा मगरले २०७८ पौष १० गते दिएको जानकारी अनुसार उक्त पार्टीका सन्तोष पाण्डेले लुम्बिनी प्रदेशको पक्षमा मतदान गरेका थिए भने कल्पना पाण्डे तटस्थ रहेका थिए। यो घटनाले जनयुद्धमा मगरातको प्रदेशको अभ्यास गरेको र संविधानसभामा मगरात प्रदेशको प्रस्ताव गरेको पार्टी माओवादी समेत पछि हटेको अवस्था छ भने जनता समाजवादी पार्टीका पनि खस-आर्य समुदायले मगरातको विपक्ष मतदान गर्नु र तटस्थ बस्नुले मगरात प्रदेशप्रति असहमति रहेको प्रष्ट हुन्छ। प्रदेश नामाकरणको यो घटनाले पनि राजनीतिक दलहरूको नेतृत्वहरूले निर्णायक घडीमा आफ्नो पार्टीको नीति तथा कार्यक्रमप्रति होइन आफ्नो सामुदायप्रति बढी आकर्षित भएको देखिन्छ।

राज्यको पुनर्संरचनाको सन्दर्भमा पहिचानलाई प्रमुख आधार र सामर्थ्यलाई दोस्रो आधार मानक निर्धारण गरी पहिलो संविधानसभाले प्रस्ताव गरेका पहिचानसहितका प्रदेशहरू छलफलमा आउनुको मूल कारण नै बहुसङ्ख्यक समुदायहरूप्रति भएको सामाजिक-सांस्कृतिक र राजनीतिक विभेदको उपज थियो। प्रदीप ज्ञवालीले पनि समाजमा भएको विविध जातीय तथा भाषिक पहिचान मेटाएर खस-आर्यकरण गर्ने प्रयासले द्वन्द्व र तनाव उत्पन्न गरेको उल्लेख गरेका छन् (ज्ञवाली, २०६९,पृ. १०१)। खस-आर्यकरण र एकल हिन्दु सांस्कृतिक पहिचानको जगमा बहुसांस्कृतिक पहिचानका मुद्दाहरूले राजनीतिक भूमिका पाएको सत्यतालाई ज्ञवालीले पनि स्वीकार गरेका छन्।

### ४.१० मगर आन्दोलनको सङ्क्षिप्त इतिहास

मगरातको मुद्दा मगर जातिको बीचमा कसरी प्रवेश गऱ्यो भन्ने सन्दर्भमा मगर जातिको साझा सङ्गठन नेपाल मगर सङ्घको इतिहासलाई सङ्क्षिप्तमा प्रकाश पार्दा सान्दर्भिक हुन्छ। नेपाली राष्ट्रिय इतिहासको आधार स्तम्भका रूपमा खस नेपाली भाषा, राजतन्त्र र हिन्दु धर्म तीव्र गतिमा संस्थागत भइरहेको र निर्दलीय राजतन्त्रात्मक व्यवस्था कायम रहेको यस अवधिमा मगरहरू आफ्नो अधिकारका लागि थप सङ्गठित र क्रियाशील रहेको पाइन्छ। मगर समुदायलाई सङ्गठित पार्न सङ्गठनको आकार दिने क्रममा सबभन्दा पहिले १९९७ सालमा दार्जिलिङमा थालनी भएको पाइन्छ। नेपालमा पनि शासकहरूको आँखा छल्दै मगर समुदायलाई सङ्गठित गरी चेतना जगाउन २०१२ सालमा गुल्मीको भार्सेगाउँमा मगर समाज सुधार सङ्घको भेला श्री गिरिप्रसाद बुढाथोकीमगरको नेतृत्वमा सम्पन्न भएको थियो। मगर समाजमा शैक्षिक एवम् सामाजिक सुधारबारे चेतना एवम् जागरुकता जगाउन २०१२ वैशाख २६ गते 'मगर समाज सुधार सङ्घ' स्थापना भएको थियो। यस संस्थाको केन्द्रीय कार्यालय काठमाडौँको नरदेवीमा रहेको थियो। त्यसपछि यसै क्रममा २०१३ सालमा पूर्वाञ्चलको महोत्तरीमा मगर भेला भएको पाइन्छ भने त्यसै साल म्याग्दी जिल्लाको औलो गाउँमा बाढीपीडित लगायत प्राकृतिक विपत्तिमा

परेकाहरूलाई सहयोग गर्ने र गाउँमा विद्यालय खोली सञ्चालन गर्ने र मगर समुदायलाई चेतना जगाउने उद्देश्य राखी मेजर टेकबहादुर पुनमगरको नेतृत्वमा मगर भेला सम्पन्न हुनुका साथै गोर्खामा रणबहादुर आलेमगर र तनहुँमा एकदेव आलेमगरले मगर भेला गरेका थिए (नेपाल मगर सङ्घ, २०७४)।

शिवलाल थापा गुरुछानमगरका अनुसार तनहुँ र गोर्खा क्षेत्रमा एकदेव आले र रणबहादुर आलेको सक्रियतामा सम्मेलन सम्पन्न भएका थिए। २०१४ चैत ५ गते तनहुँको केशवतारको कुन्हुँ गाउँमा भएको बृहत् भेलाले जिने आलेमगरको अध्यक्षतामा ६ सदस्यीय मगर कल्याणकारी सङ्घ, पश्चिमाञ्चल क्षेत्रीय समिति गठन गरेको थियो। उपाध्यक्ष रणबहादुर आले (गोरखा) र सचिव एकदेव आले (तनहुँ) थिए ( थापा गुरुछानमगर, २०६३,पृ. ४७)। मगर सुधार समाजका पहलकदमीमा पूर्व गोर्खा सैनिक गिरिप्रसाद बुढाथोकीमगरको सक्रियतामा २०१४ सालमा फागुन २७ देखि २९ गतेसम्म पूर्वदेखि पश्चिमका विभिन्न जिल्लाका मगर प्रतिनिधिहरूको सहभागितामा 'मगर सुधार सङ्घ पश्चिमाञ्चल महासम्मेलन' गुल्मी जिल्लाको भार्सेमा सम्पन्न भएको थियो। सो सम्मेलनले गिरिप्रसाद बुढाथोकीलाई सभापतिमा छनोट गरिएको थियो। जयबहादुर हितानका अनुसार यो सम्मेलनलाई प्रथम राष्ट्रिय सम्मेलन मानिएको छ। यसको नेतृत्व गिरिप्रसाद बुढाथोकीले गरे पनि सङ्गठनको सम्पूर्ण काम दैलेखका पदमबहादुर थापाले गरेका थिए (हितानमगर, २०७१,पृ. ६५)।

तालिका ४.२१ः हालसम्मका मगर सङ्घको अधिवेशन र नेतृत्वहरू

| **महाधिवेशन** | **मिति** | **स्थान** | **अध्यक्ष** | **स्थायी ठेगाना** |
|---|---|---|---|---|
| प्रथम | २०३९ फागुन १५-१७ | दमौली, तनहुँ | हेमबहादुर पुनमगर | म्याग्दी |
| दोस्रो | २०४२ फागुन १६-१७ | हेटौंडा, मकवानपुर | कविराज पुनमगर | रूपन्देही |
| तेस्रो | २०४५ चैत २६-२७ | नेपालगन्ज, बाँके | मानध्वज रानामगर | तनहुँ |
| चौथो | २०४८ फागुन १०-११ | काठमाडौं | गोरेबहादुर खपाङ्गीमगर | महोत्तरी |
| पाँचौं | २०५१ फागुन २६-२९ | घोराही, दाङ | गोरेबहादुर खपाङ्गीमगर | महोत्तरी |
| छैटौं | २०५४ फागुन १५-१८ | कावासोती, नवलपरासी | गोरेबहादुर खपाङ्गीमगर | महोत्तरी |
| सातौं | २०५७ फागुन २१-२३ | धरान, सुनसरी | गोरेबहादुर खपाङ्गीमगर | महोत्तरी |
| आठौं | २०६० फागुन १२-१६ | टीकापुर, कैलाली | यमबहादुर बुढाथोकीमगर | बागलुङ |
| नवौं | २०६४ जेठ ०५-०८ | काठमाडौं | झकबहादुर थापामगर | स्याङ्जा |
| दसौं | २०६८ मङ्सिर २४-२७ | तम्घास, गुल्मी | महेन्द्र थापामगर | स्याङ्जा |
| एघारौं | २०७३ वैशाख १८-२२ | नारायणघाट, चितवन | नवीन रोकामगर | रोल्पा |
| बाह्रौ | २०७८ चैत २५-२८ | घोराही, दाङ | ज्ञानेन्द्र पुनमगर | गुल्मी |

(स्रोतः नेपाल मगर सङ्घ, २०७४)

२०१७ सालको परिवर्तनपछि पञ्चायती व्यवस्थाले राजनीतिक तथा सामाजिक सङ्घ/संस्थामाथि प्रतिबन्ध लगाएपछि मगरहरूलाई एकजुट पारी अधिकारप्रति सचेत पार्न मगर अग्रजहरूको सल्लाह तथा सुझावमा वनभोज आयोजना गरेर प्रशिक्षण दिने र गोप्य रूपमा सङ्गठित गर्ने गरिन्थ्यो। यसरी सुषुप्त रूपमा भए पनि सङ्गठित हुने क्रममा नेपाल प्रहरीका पूर्वमहानिरीक्षक एवम्

पूर्वराजदूत हर्कबहादुर थापामगरको सक्रियता एवम् सुझावमा २०२८ सालमा काठमाडौँमा अध्ययनरत मगर विद्यार्थीहरू तथा अन्य पेसामा आबद्ध मगरहरूको भेलाले लाङ्घाली परिवारको गठन गरे, जसको अध्यक्ष खिलध्वज थापा, उपाध्यक्ष माया राना र महासचिव कुलबहादुर राना थिए।

२०३२ सालमा रूपन्देहीमा 'कानुङ लाङ्घाली परिवार', म्याग्दीमा 'मगर समाज कल्याण समिति' २०३५ सालमा बाग्लुङ, बाँके, सुर्खेत, दैलेख, र पाल्पामा 'मगर समाज सुधार समिति' र तनहुँ तथा कास्कीमा 'लाङ्घाली परिवार' गठन भएका थिए। यसै सिलसिलामा अधिराज्यका विभिन्न जिल्लाहरूमा छरिएका मगर सङ्गठनहरूबीच सम्पर्क र समन्वय स्थापित गर्दै एक सूत्रमा मगर संस्था आबद्ध गर्नुपर्ने आवश्यकता देखेर हर्षबहादुर बुडामगरको सक्रियतामा २०३६ सालमा काठमाडौँमा 'लाङघाली परिवार तदर्थ समिति' गठन गरियो। सो परिवारको उपाध्यक्षमा टोपबहादुर थापा, सचिवमा सुरेशकुमार आलेमगर, र कोषाध्यक्षमा केशरजङ्ग बरालमगर थिए (घर्तीमगर, २०७१क)। त्यसै साल कात्तिक २५ गते जयबहादुर हितान र बाबुराम रानाले 'कानुङ लाङघाली परिवार' का तर्फबाट मगर समाज सुधार समितिको २० बुँदे कार्यपत्र पेस गरेका थिए (हितानमगर, २०७१,पृ. ५३-५४)।

सबै जिल्लामा छरिएर रहेका सङ्गठनलाई एउटै योजना र साङ्गठनिक पद्धतिभित्र ल्याउने उद्देश्यका साथ २०३६ साल काठमाडौँमा अध्यक्ष हर्षबहादुर बुडामगर, उपाध्यक्ष टोपबहादुर थापामगर, सचिव सुरेश आलेमगर, कोषाध्यक्ष केशरजङ्ग बरालमगर रहेको 'लाङघाली परिवार केन्द्रीय तदर्थ समिति' गठन भएको थियो। २०३८ माघ २८ र २९ गते बाबुराम राना अध्यक्ष र जयबहादुर हितान सचिव रहेको 'कानुङ लाङघाली परिवार' ले रूपन्देही, बुटवलमा गरेको सम्मेलनमा पुरानो 'लाङघाली परिवार' लाई विघटन गरी २२ जिल्लाका प्रतिनिधिहरूको सहभागितामा हेमबहादुर पुनमगर अध्यक्ष, रणबहादुर आलेमगर उपाध्यक्ष, सुरेश आलेमगर सचिव, मनवीर गर्बुजामगर कोषाध्यक्ष र जयवहादुर हितानमगर प्रचार सचिव रहेको नयाँ तदर्थ समिति 'नेपाल लाङ्घाली परिवार सङ्घ' को नौ सदस्यीय केन्द्रीय समिति स्थापना भएको थियो (नेपाल मगर सङ्घ, २०७४)।

२०३९ फागुन १५ देखि १७ गतेसम्म आयोजना गरिएको 'नेपाल लाङ्घाली परिवार सङ्घ' को प्रथम राष्ट्रिय महाधिवेशनले हेमबहादुर पुनमगरको अध्यक्ष, रणबहादुर आले उपाध्यक्ष, सुरेश आलेमगर महासचिव, जयबहादुर हितान सचिव र मनवीर गर्बुजामगर कोषाध्यक्ष रहेको १५ सदस्यीय केन्द्रीय समितिको गठन गऱ्यो। २०४० सालमा बसेको बैठकले प्रत्येक मगरले आफ्नो नाम, थर र उपथर पछाडि अनिवार्य 'मगर' लेख्न आह्वान गर्दै मगर पहिचान र अधिकारको विषयमा महत्वपूर्ण निर्णयहरू गरेको थियो (घर्तीमगर, २०७१क,पृ. ३२८)।

मगर जाति २०१२ सालदेखि सङ्गठित भए पनि २०३९ साल फागुनमा प्रथम महाधिवेशन सम्पन्न भएको दिन फागुन १५ लाई सङ्घको स्थापना दिवसका रूपमा मनाउने गरिन्छ। पञ्चायती व्यवस्थामा

जातीय सङ्घ खोल्न प्रतिबन्ध भएकाले छद्म नाम 'लाङ्घाली परिवार सङ्घ' को आवरणमा मगरहरूलाई जागृत गर्ने काम भइरहेको थियो। २०७९ सालसम्म आईपुग्दा नेपाल मगर सङ्घले बाह्र वटा महाधिवेशन सम्पन्न गरिसकेको छ (हेर्नुहोस तालिका ४.२८)।

मगर जागरणको स्थापनाको झन्डै चार दशकपछि २०४६ सालमा नेपालमा राजनीतिक परिवर्तनको परिणामले मगर जातिभित्र पनि खुला र वैकल्पिक राजनीतिक चेतना जागृत भयो। मगरभित्रको भाषिक विविधतालाई समेत सम्मान गर्दै बाह्र मगराती भाषामा नामकरण गरिएको सङ्घको नाम 'नेपाल लाङ्घाली परिवार सङ्घ' लाई २०४८ सालमा परिवर्तन गरी 'नेपाल मगर सङ्घ' मा रूपान्तरण गरियो। मगर समाज सेवाका नामबाट प्रारम्भ भएको सङ्गठनको विकसित रूप आज संसारभरका मगर समुदायलाई एक ठाउँमा केन्द्रित गर्ने विशाल छाता सङ्गठनका रूपमा 'नेपाल मगर सङ्घ' क्रियाशील छ।

नेपाल मगर सङ्घको प्रतिवेदनअनुसार नेपाल मगर सङ्घले अहिले नेपाल मगर विद्यार्थी सङ्घ (२०५१), नेपाल मगर महिला सङ्घ (सन् २०१३), नेपाल मगर सांस्कृतिक सङ्घ (२०६१), नेपाल मगर युवा सङ्घ (२०६५), नेपाल मगर भूतपूर्वक सैनिक तथा प्रहरी सङ्घ (२०७१), नेपाल मगर सङ्घ केन्द्रीय सम्पर्क समन्वय समिति (२०६०) गरी ६ वटा राष्ट्रिय स्तरका भ्रातृ सङ्गठनहरू निर्माण गरी व्यापक परिचालन गरको छ (नेपाल मगर सङ्घ, २०७४)। मगर सङ्घ र सङ्घका भ्रातृ सङ्गठनहरू बाहेक काठमाडौँमा केन्द्रित रहेर विभिन्न सम्पर्क समन्वय समितिको मातहतमा विभिन्न जिल्ला सम्पर्क समितिहरू, भाषा, साहित्य, विभिन्न स्मृति प्रतिष्ठानहरू, वंश र थरका नाममा समेत गरी लगभग एक सय को सङ्ख्यामा मगर सङ्घसंस्थाहरू क्रियाशील छन्।

### ४.१०.१ मगर पहिचानको आन्दोलनमा पूर्व सेना-प्रहरीहरूको भूमिका

मगर पहिचानको आन्दोलनमा पूर्वगोर्खा सैनिकहरू (ब्रिटिस सेना, भारतीय सेना र सिङ्गापुर प्रहरी) को महत्वपूर्ण भूमिका रहेको छ। मगर समाजको सुधारको अभियानदेखि लिएर मगर सङ्घको स्थापना र स्थापनापश्चात् विभिन्न आन्दोलन र अभियानहरूमा पूर्वगोर्खा सैनिक तथा प्रहरीहरूको भूमिका अतुलनीय रहेको छ। २०१२ सालमा गुल्मीको भार्सेमा मगरहरूलाई सामूहिक रूपमा सङ्गठित गरी चेतना फैलाउने काममा पूर्वगोर्खा सैनिक अनरी क्याप्टेन गिरिप्रसाद बुढाथोकीको नेतृत्वमा मगर समाज सुधार सङ्घ भार्से स्थापना भएको थियो (बुढामगर, २०७२,पृ. ५८)। २०१३ सालमा म्याग्दी जिल्लाको औलो गाउँमा मेजर टेकबहादुर पुनमगरको अध्यक्षतामा मगर भेला सम्पन्न भएको थियो। सो भेलामा घरधुरीअनुसार अर्थ सङ्कलन गरी बाढी र आगलागी पीडितहरूलाई अन्न दिने, विद्यालय खोली सञ्चालन गर्ने कार्यक्रम आदि निर्णय गरिएको थियो। पूर्वगोर्खा सैनिक एकदेव आलेले मगर जातिको भाषा, धर्म, संस्कृति र इतिहासको खोज तथा अनुसन्धान गर्दै मगर समाजमा भएका अन्धविश्वास र कुरीतिहरू हटाउने प्रयास गरेका थिए (नेपाल मगर सङ्घ, २०७४)।

एकदेव आलेमगरको नेतृत्वमा जितबहादुर सिञ्जालीमगर (स्याङ्जा) र रणबहादुर आलेमगर (गोरखा) को सक्रियतामा २०१२ सालमा गुल्मीको भार्सेमा मगरहरूलाई सामूहिक रूपमा सङ्गठित गरी चेतना फैलाउने कामका लागि पूर्वगोर्खा सैनिक गिरिप्रसाद बुढाथोकीको नेतृत्वमा मगर समाज सुधार सङ्घ भार्से स्थापना भएको थियो। २०१४ सालमा तनहुँको उत्तर पूर्वी भाग र गोरखा जिल्लाको दक्षिणी क्षेत्रमा मगर कल्याणकारी सङ्घको गठन गरिएका थिए भने सोही साल तनहुँको केशवतारमा जिने आलेमगरको नेतृत्वमा त्यस क्षेत्रका मगरहरूको बृहत भेला भएको थियो (थापा गुरुछानमगर, २०६३,पृ. ४७)।

देशका विभिन्न जिल्लाहरूमा छरिएका मगर सङ्गठनहरूबीच सम्पर्क र समन्वय स्थापित गर्दै एक सूत्रमा मगर संस्था आबद्ध गर्नुपर्ने आवश्यक देखेर पूर्वगोर्खा सैनिक हर्षबहादुर बुडामगरको सक्रियतामा २०३६ सालमा 'लाङ्घाली परिवार तदर्थ समिति' गठन गरिएको थियो। हालसम्म मगरका ११ वटा महाधिवेशनबाट निर्वाचित आठ अध्यक्षमध्ये तीनजना पूर्वगोर्खा सैनिक र एक जना नेपाल प्रहरी थिए। नेपाल प्रहरीबाट अवकाश प्राप्त हेमबहादुर पुन र बेलायती सेनाबाट अवकाश प्राप्त कविराज पुन, मानध्वज राना र यमबहादुर बुढाथोकी क्रमशः पहिलो, दोस्रो, तेस्रो र आठौँ महाधिवेशनबाट निर्वाचित अध्यक्षहरू थिए। मगर सङ्घको प्रारम्भिक कालदेखि हालसम्म पूर्वगोर्खा सैनिक तथा प्रहरी मगरहरूको आर्थिक तथा भौतिक सहभागिताको दृष्टिले अतुलनीय योगदान रहँदै आएको छ।

### ४.१०.२ **मगर पहिचानको आन्दोलनमा प्रवासी मगरहरूको भूमिका**

मूलतः २०४६ सालको राजनीति परिवर्तनपछि, रोजगारीको सिलसिलामा विभिन्न देशमा पुगेका मगरहरूले आर्थिक सहयोग र नैतिक समर्थनका कारण नेपालमा मगर जातिको आन्दोलनमा महत्वपूर्ण योगदान दिँदै आएका छन्। नेपाल मगर सङ्घको अभिलेख अनुसार नेपालबाट विभिन्न पेसा-व्यवसाय र अध्ययनमा ३२ वटा देशमा पुगेका मगरहरू जाति संस्था बनाएर क्रियाशील छन्। मगरहरूको विश्वव्यापी उपस्थिति रहनुको प्रमुख तीन कारण छन्। पहिलो, नेपाली राज्य निर्माण अगाडिदेखि नै बसोबास गर्दै आएका आदिवासी मगरहरू अहिले नेपालको ७७ वटै जिल्लामा देशकै तेस्रो ठूलो जनसङ्ख्या ओगटेर बसेका छन्। दोस्रो, नेपाली राज्य निर्माणका क्रममा युद्ध, बसाइँसराइ, व्यापार व्यवसाय, गोर्खा भर्ती, अध्ययन, आप्रवासी र विभिन्न पेसामा संलग्न रहने क्रममा संसारका विभिन्न ठाउँमा पुगेर त्यही देशको नागरिक भई बसेका भारत, भुटान, बर्मा (पछिल्लो क्रममा बेल्जियम, पोर्चुगल, स्पेन, क्यानडा, बेलायत, हङकङलगायतका देशमा पनि स्थायी नागरिकता लिने क्रम चलिरहेको छ) लगायतका देशमा बसोबास गर्ने मगरहरू छन्। तेस्रो, विश्वव्यापीकरणको प्रक्रियासँगै श्रम, रोजगारी, शिक्षा र विभिन्न पेसा व्यवसायमा संलग्न भई अस्थायी रूपमा मध्यपूर्वका युएई, कतार, साउदी अरब, मलेसिया, इजरायल लगायतका विभिन्न देशमा मगरहरू छन्। यी तीनै प्रकारका मगरहरूको साझा मुद्दा भनेको हामी सबै मगर हौँ र हाम्रो इतिहास, भाषा, संस्कृतिको मूल जरो एउटै हो, त्यसैले विश्वभर छरिएर साझा मगर राष्ट्रियतामा बाँधिएका

तर भिन्न भिन्न नागरिकता र मुद्दा रहेका मगरहरूका बीचमा एकता, भ्रातृत्व तथा सामाजिक सांस्कृतिक सहयोग आदान-प्रदान र ऐक्यबद्धता कायम गरी विश्वव्यापी रूपमा समुन्नत मगर समाजको निर्माण गर्नु हो, जसको लागि मगरहरूको अन्तर्राष्ट्रिय महासङ्घको आवश्यकता रहेको उल्लेख छ (विश्व मगर महासङ्घ, सन् २०१९)।

नेपाल मगर सङ्घमा आबद्ध ३२ वटा विभिन्न देशका मगर सङ्घमध्ये हङकङ, युएई, क्यानडा, मलेसिया, इजरायल र भुटान गरी ६ (१८.१ प्रतिशत) वटा देशका अध्यक्षहरू महिला छन्। भुटान, भारत र बर्माबाहेकका अन्य देशका मगरहरू अहिले पनि नेपाली राष्ट्रियतामै छन्। उनीहरू हरप्रकारले नेपाल र नेपालका मगरहरूको समृद्धि चाहन्छन्। नेपालको सामाजिक समानताको आन्दोलन र अभियानहरूमा यी गैरआवासीय तथा स्थायी आवासीय मगरहरूको योगदानकै कारणले नेपाल र नेपालका मगरहरूको मनोबल र इच्छाशक्तिमा ऊर्जा प्रदान मात्र गरेको छैन, विकसित मुलुकहरूले अख्तियार गरेका विकासका योजनाहरू, उनीहरूको सभ्यता र संस्कृतिका कारणले देशको सुशासन र समृद्धि चुमेका छन् भन्ने अनुभवहरूले नेपालको सकारात्मक परिवर्तनहरूमा भूमिका रहेको छ।

अर्कोतर्फ प्रवासमा पसिना र मेहनतसँग साटेको पैसाले राज्यलाई तिरेको करसँगै स्वदेशमा केही फरक, सरल तथा छरितो सेवा प्रदानमा आधारित व्यावसायिक कदमहरूले पनि नेपालको अर्थतन्त्रलाई समेत मजबुत गराउने काम गर्दै आएको छ। नेपालमा बस्ने मगरहरूको तुलनामा प्रवासमा रहेका मगरहरू देश र मगर राष्ट्रियताप्रति धेरै गम्भीर र सहानुभूति भएका धेरै तथ्यले प्रस्ट्याएको छ। त्यसका केही तथ्य अध्ययन नमुनाका रूपमा हङकङ र संयुक्त अरब इमिरेटस् (युएई) लाई लिइएको छ। हङकङमा मगर सङ्घको स्थापनाको कथा पनि हङकङ स्वतन्त्रतासँगै जोडिएको छ। हङकङ चीनको विशेष प्रशासनिक क्षेत्र भएको र मगर सङ्घको जन्म सन् १९९७ नै रहेको छ। हङकङ मगर सङ्घको अभिलेखअनुसार सन् १९९७ मा ताइमोसान डाँडामा भेला भई भोलानाथ थापाको अध्यक्षतामा स्थापना भएको मगर सङ्घ, हङकङले सन् २०१७ सम्म नौवटा अधिवेशन सम्पन्न गरिसकेको छ (तालिका ४.२२)।

तालिका ४.२२: मगर सङ्घ, हङकङका हालसम्मका नेतृत्वहरू

| **महाधिवेशन** | **सन्** | **अध्यक्ष** | **स्थायी ठेगाना** |
|---|---|---|---|
| प्रथम | १९९८ | भोलानाथ थापामगर | सङ्खुवासभा |
| दोस्रो र तेस्रो | २०००, २००२ | हुमबहादुर थापामगर | पाल्पा |
| चौथो | २००४ | एकबहादुर रानामगर | पाल्पा |
| पाँचौं | २००६ | नेत्रबहादुर पहराईमगर | गुल्मी |
| छैटौं | २००८ | एम.बी. थापामगर | स्याङ्जा |
| सातौं र आठौं | २०११, २०१४ | हीरामाया आलेमगर (चन्द्रज्याती) | धनकुटा |
| नवौं | २०१७ | युगमाया रानामगर | पाल्पा |

(स्रोतः मगर सङ्घ, हङकङको कार्यालय, सन् २०१८)

मगर सङ्घ, हङकङले सन् २०१८ को अगस्टमा इन्डियन क्लब जोर्डनमा आयोजना गरेको २१औं वार्षिक उत्सवमा सहभागी प्रायः सबै मगर वेशभूषामा थिए भने मगरका मौलिक संस्कृतिहरूको बेजोड प्रस्तुतिका साथ सम्पन्न भएको थियो। अर्को तर्फ मगर सङ्घ संस्थाहरूको गतिविधिले आज अरब मुलुकहरूमा पनि व्यपाकता पाएको छ। सन् २००५ मा कर्णबहादुर पुनमगर अध्यक्षता स्थापना भएको नेपाल मगर सङ्घ, शाखा युएईले सन् २०१९ सम्म दशवटा अधिवेशन सम्पन्न गरेको छ।

तालिका ४.२३ः हालसम्मका मगर सङ्घ, युएईका नेतृत्वहरू

| **महाधिवेशन** | **सन्** | **अध्यक्ष** | **स्थायी ठेगाना** |
|---|---|---|---|
| प्रथम | २००५ | कर्णबहादुर पुनमगर | म्याग्दी |
| दोस्रो | २००५ | तेजबहादुर आलेमगर | सुनसरी |
| तेस्रो | २००८ | हरी घर्तीमगर | गुल्मी |
| चौथो | २००९ | गिरमान गाहामगर | नवलपरासी |
| पाँचौं | २००९ | पूर्णबहादुर थापामगर | मकवानपुर |
| छैटौं | २०११ | नुनप्रसाद सोमैमगर | नवलपरासी |
| सातौं | २०१३ | हस्तराज दर्लामीमगर | सुर्खेत |
| विशेष | २०१३ | भरत रानामगर | नवलपरासी |
| आठौं | २०१५ | राजु सिञ्जाली | पाल्पा |
| नवौं | २०१७ | टङ्क थापामगर | रूपन्देही |
| दसौं | २०१९ | शिला रानामगर | कास्की |

(स्रोतः मगर सङ्घ, युएई, महासचिव नयन घर्तीमगर, सन् २०२०)

३८औं स्थापना दिवस तथा १४३औं लखन दिवसमा नेपाल मगर सङ्घ शाखा युएईको कार्यक्रम मौलिक भेष-भूषा र साँस्कृतिक कार्यक्रम सहित सम्पन्न भएको थियो । नेपाल मगर सङ्घको वैदेशिक शाखाहरूको क्रियाशिलताको कारण मगर जातिलाई शसक्तिकरणसँगै एकताको मालामा जोड्नुका अतिरिक्त नेपालको राजनीतिक परिवर्तनको आन्दोलनहरूमा समेत महत्वपूर्ण भूमिका रहदै आएको छ। हङकङ र युएईको यी कार्यक्रमहरूको मौलिक प्रस्तुतीले मगर पहिचानको अभियान अन्तर्राष्ट्रियकरण भएको जानकारी मिल्दछ।

### ४.११ आदिवासी जनजाति आन्दोलनमा नेपाल मगर सङ्घको भूमिका

नेपालको आदिवासी जनजातिहरूको पहिचानको विकासक्रमलाई हेर्दा मगर अगुवाहरूले मगरहरूलाई मात्र जागरुक गराउने प्रयास गरेनन्, नेपालको सिङ्गो आदिवासी जनजातिलाई पनि सङ्गठित र जागरुक गर्ने विषयमा मगरहरूको महत्वपूर्ण भूमिका रहँदै आएको देखिन्छ। २०४७ सालमा तत्कालीन जनजाति महासङ्घको स्थापना गर्दा नेपाल मगर सङ्घका महासचिव सुरेश आलेमगर महासङ्घको संस्थापक महासचिव रहेर स्थापना गरेका थिए। चौथो महाधिवेशनसम्म महासङ्घको प्रमुख महासचिव हुने व्यवस्था थियो। महासङ्घको पाँचौं महाधिवेशनबाट अध्यक्षको वैधानिक व्यवस्था भएको हो।

२०४७ मा ९ वटा जातीय संस्थाहरू (गुरूङ, तामाङ, थकाली, नेवार, मगर, राई, लिम्बू, शेर्पा, सुनुवार) बाट सुरु भएको नेपाल आदिवासी जनजाति महासङ्घको पहिलो १० वर्षसम्मको आन्दोलन जनजातिको जातीय पहिचान स्थापित गराउने मुद्दामा केन्द्रित रहेको थियो। हाल महासङ्घमा राउटे, कुसुन्डालगायत ५६ वटा जाति सङ्गठित र क्रियाशील छन्।

महासङ्घ स्थापनामा नेपाल मगर सङ्घको सबैभन्दा सक्रिय भूमिका मात्र रहेन, महासङ्घीय प्रणालीमा स्थापित महासङ्घलाई चलायमन बनाउनमा नेपाल मगर सङ्घको महत्वपूर्ण भूमिका रहेको थियो। संयुक्त राष्ट्र सङ्घले सन् १९९३ लाई विश्व आदिवासी वर्ष घोषणा गरेकाले नेपालमा सुरु भएको जनजाति पहिचानको मुद्दाले अन्तर्राष्ट्रिय समर्थन प्राप्त गऱ्यो। त्यस बीचमा अन्तर्राष्ट्रिय मापदण्डलाई समेत आधार मानी नेपालको सन्दर्भमा आदिवासी जनजातिहरूको परिभाषा गर्ने कार्य २०५० सालमा काठमाडौँको लप्सीफेदीमा सम्पन्न भएको सम्मेलनले गरेको थियो (घर्तीमगर, २०७१क,पृ. ३३४)।

महासङ्घमा हालसम्म सुरेश आले, परशुराम तामाङ, बालकृष्ण माबुहाङ, ओम गुरुङ, राजकुमार लेखी, पासाङ शेर्पा, नगेन्द्र कुमाल, जगत बराम र शेर्पा गरी आठ नेताले नेतृत्व दिइसकेका छन्। हाल आदिवासी जनजाति महासङ्घमा विभिन्न ५७ वटा जातीय संस्थाहरू आबद्ध र क्रियाशील छन् (हेर्नुहोस् अनुसूची १२)। सरकारले २०५४ मा राष्ट्रिय जनजाति विकास समिति गठन गरी २०५८ मा आएर मात्र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन पारित गऱ्यो। उक्त ऐनले कार्यदलद्वारा सिफारिस गरिएका ६१ वटा आदिवासी जनजातिमध्ये मनाङेलाई सूचीबाट हटाई तथा चिम्तन र ठिन्तनलाई मिलाई तीनगाउँले नामकरण गरी जम्मा ५९ आदिवासी जनजातिको सूचीलाई कानुनी मान्यता प्रदान गऱ्यो (घर्तीमगर, २०७१क,पृ. ३३४)। सूचीकृत आदिवासी जनजातिमध्ये मगर सबैभन्दा धेरै (२० प्रतिशत) जनसङ्ख्या ओगटेको समुदाय हो।

### ४.१२ **राजनीतिक मगर मोर्चाहरू**

मगरहरूको साझा सङ्गठनका रूपमा क्रियाशील विभिन्न सङ्गठन र मगर समुदायसँग सम्बन्धित गैरसरकारी संस्थाहरूबाहेक २०५४ सालमा दीर्घकालीन जनयुद्धको कार्यक्रमका साथ भूमिगत रहेको तत्कालीन नेकपा माओवादीले आफ्नो मोर्चा सङ्गठनका रूपमा मगर राष्ट्रिय मुक्ति मोर्चाको स्थापना गरेर पार्टी र जाति दुवै क्षेत्रमा क्रियाशील भयो। यसै क्रममा अन्य राजनीतिक पार्टीहरूले पनि माओवादीको सिको गर्दै विभिन्न मगर सङ्गठनहरू निर्माण गर्दै गए। नेकपा माओवादी, नेकपा एमाले, नेपाली काङ्ग्रेस, राष्ट्रिय जनमुक्ति पार्टी र नेकपा एकीकृत पाँचवटा राजनीतिक पार्टीहरूसँग सम्बद्ध मगर सङ्गठनहरू र मगरहरूको साझा सङ्गठन नेपाल मगर सङ्घको साझा पहलकदमीमा २०६५ सालमा संयुक्त मगर मञ्चको स्थापना गरी २०६५ माघ १ गते काठमाडौँमा विशाल कार्यक्रमको आयोजना गरी प्रस्तावित

मगरात प्रदेशको अवधारणा घोषणा गरेको थियो। माथिका पाँचवटा राजनीतिक पार्टीहरूसँग आबद्ध सङ्गठनहरू बाहेक अन्य राजनीतिक मगर सङ्गठनहरू पनि निर्माण हुने क्रम चलिरहेकोछ।

तालिका ४.२४: हालसम्म गठित विभिन्न राजनीतिक मगर मोर्चाहरू

| क्रसं | राजनीतिक मोर्चाको नाम | स्थापना मिति | सम्बद्ध राजनीतिक पार्टी |
|---|---|---|---|
| १ | मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | २०५४ | नेकपा माओवादी |
| २ | मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | २०५४ | नेकपा माओवादी विप्लव समूह |
| ३ | नेपाल लोकतान्त्रिक मगर सङ्घ | २०६३ | नेकपा (एमाले) |
| ४ | राष्ट्रिय मगर सङ्घ, नेपाल | २०६४ | नेपाली काङ्ग्रेस |
| ५ | मगर स्वशासित सङ्घ | २०६४ | नेकपा एकीकृत |
| ६ | मगर हाङ परिषद् | २०६५ | राष्ट्रिय जनमुक्ति पार्टी |
| ७ | मगर मुक्ति सङ्गठन | २०६५ | जनमोर्चा नेपाल |
| ८ | सङ्घीय समाजवादी मगर सङ्घ | २०७१ | सङ्घीय समाजवादी पार्टी |
| ९ | मगर सङ्घ सामाजिक लोकतान्त्रिक | २०७२ | सामाजिक लोकतान्त्रिक पार्टी |
| १० | अखिल नेपाल मगर राष्ट्रिय मुक्ति मोर्चा | २०७२ | नेकपा क्रान्तिकारी माओवादी |
| ११ | मगर राष्ट्रिय परिषद, नेपाल | २०७६ | नयाँ शक्ति |
| १२ | समाजवादी मगर सङ्घ | २०७६ | जनता समाजवादी पार्टी |
| १३ | नेपाल मगर सङ्घ समाजवादी | २०७९ | नेकपा (एकीकृत समाजवादी) |

(स्रोतः सम्बद्ध राजनीतिक मगर मोर्चाका दस्तावेजहरू तथा अध्यक्षहरू)

२०५४ देखि २०७९ सालसम्म २५ बर्षको अवधिमा १३ वटा राजनीतिक मगर मोर्चाहरूको गठन भएका छन्। यी सबै राजनीतिक पार्टीहरूसँग आबद्ध राजनीतिक मगर सङ्घ-सङ्गठनहरू संयुक्त मगर मञ्चमा आबद्ध छन्, मगरहरूको साझा राजनीतिक मुद्दाहरूमा एक भएर सहकार्य गर्दै आइरहेका छन्।

### ४.१३ मगरात पहिचान र राष्ट्रिय एकता

नेपालको राष्ट्रिय राजनीतिमा जाति, क्षेत्र, वर्ग र लिङ्गलगायत पहिचानका विशिष्ट पक्षहरूमा आधारित राजनीतिक गतिविधि वृद्धि भइरहेको छ। सङ्घीयताको संवेदनशील विषयसँग यसको सम्बन्धले गर्दा पहिचानको राजनीति वर्तमान अवस्थामा सबैभन्दा महत्वपूर्ण भए तापनि केही राजनीतिक दल तथा बुद्धिजीवीले गलत ढङ्गले बुझेको राजनीतिक मुद्दा हुन पुगेको छ। नेपाली राजनीतिमा पहिचानको मुद्दा राष्ट्रियतासँग जोडेर हेर्ने गरिएको छ। पहिचानको मुद्दाले राष्ट्रलाई विभाजन गर्दछ भन्ने र एकता एवं अक्षुण्ण राख्दछ भन्ने दुवै मत पाइन्छ। यस सन्दर्भमा केही प्रतिनिधि पात्रहरूको विचारलाई तल चर्चा गरिएको छ। नेपाली समाजमा राज्य व्यवस्थालाई खराब भन्दै आफू र आफ्नो समाजको बचाउ गर्ने तर स्वयम् व्यक्ति कहिल्यै नसुध्रिने परिघटनाहरू बारम्बार दोहोरिएका छन्। शोधका क्रममा धेरै विज्ञले नेपालमा नीतिभन्दा पनि नेतृत्वप्रधान रहेको छ र त्यही नेतृत्वको बदमासीका कारण समाजमा सामाजिक दरारहरू पैदा भइरहेका छन् भन्ने विचारहरू व्यक्त गरेका थिए। नेपालका केही नेताले भने पहिचानको

आन्दोलनलाई राष्ट्रिय स्वाधीनतासँग दाँजेर हेर्ने गर्दछन् । प्रदीप ज्ञवालीका अनुसार पहिचान आफैँमा गतिशील प्रवर्ग भएकाले राज्यको रूपान्तरणमा सघाउने पहिचानको आन्दोलन अग्रगामी हो । यो बहसलाई कम्युनिस्टहरूले आफ्नो आन्दोलन वा सङ्गठनलाई कमजोर पार्ने सन्दर्भमा बुझ्दै आएका छन् भने खस-आर्य समुदायले आफ्नो वर्चस्व खोसिदिने सन्दर्भमा बुझ्ने गरेको पाइन्छ, यसलाई बाहिरी रूपमा राष्ट्रिय विखण्डनको नारा दिने गरिन्छ।...मधेसी पहिचानको आन्दोलनलाई भारतले रुचाउने तर लिम्बुवानको आन्दोलनलाई त्यही भारतले रुचाउँदैन (ज्ञवाली, २०६९,पृ. १०८, १२०)। सुधीर शर्माका अनुसार, नेपाली समाजको विभिन्न घटनाहरूले जातीय तथा क्षेत्रीय उत्पीडन भएको पुष्टि गर्दै यो बहसलाई कम्युनिस्टहरूले आफ्नो आन्दोलन वा सङ्गठनलाई कमजोर पार्ने सन्दर्भमा बुझ्दै आएका छन् भने खस-आर्य-समूदायले आफ्नो वर्चस्व खोसिदिने सन्दर्भमा बुझ्ने गरेको पाइन्छ, र यसलाई बाहिरी रूपमा राष्ट्रिय विखण्डनको नारा दिने गरिन्छ (शर्मा, २०७१,पृ. २६३) । वर्तमानमा चलिरहेको राजनीतिक बहसको सन्दर्भमा पृथ्वीसुब्बा गुरुङले प्रभुत्वशाली जातिहरूलाई आफ्नो वर्चस्व गुम्ला भन्ने र बहिष्करणम परेका जातिहरूलाई जातीय मुक्ति र समानता कसरी प्राप्त गर्ने चिन्ता रहेको ब्यक्त गरेका छन्।[१२] ज्ञवाली, शर्मा र गुरुङले जातीय क्षेत्रीय बहिष्करणको बहसलाई खस-आर्य समुदायले आफ्नो वर्चश्व गुम्ने सङ्काको रुपमा लिएको बताएका छन् । 'नेपालमा राजनीतिक सङ्कटः प्रजातन्त्र माथिको चुनौती' शीर्षकमा विद्यावारिधिको शोधपत्रको निष्कर्षमा पुरुषोत्तम मरहठ्ठाले भनेका छन्ः

> २०४६ सालको राजनीतिक परिवर्तनपछि पनि नेपाली राज्य एकल जातीय संरचनामा आधारित रह्यो। नेपालका आदिवासी जनजाति तथा बहिष्कृत र सीमान्तकृत अवस्थामा रहेका समुदायको भावना र विचारमाथि मूलधारका काङ्ग्रेस र कम्युनिस्टहरू कहिल्यै संवेदनशील भएनन्। जनजातिहरूले कहिल्यै पनि नेपाली राज्यबाट अलग हुने माग र मुद्दा उठाएका छैनन्। उनीहरूले स्वायत्तता र पहिचानको विषयमा बोल्नुलाई विखण्डनकारी देख्ने शासक जातिको चरित्रकै कारणले उनीहरूमा भावनात्मक एकता कमजोर भएको हो । (मरहठ्ठा, २०६८,पृ. ४०७)

मरहठ्ठाले नेपाली राज्य र राजनीतिक दलको सोच र व्यवहार साघुँरो रहेतापनि नेपालका आदिवासी जनजातिहरू राष्ट्रिय एकताको सन्दर्भमा सधै संवेदनशील रहेको बताएकाछन् । मगरको सन्दर्भमा इतिहासकार बालकृष्ण पोखरेलले प्राचीन नेपालको सभ्यतादेखि आधुनिक राष्ट्र निर्माणमा मगर जातिको अतुलनीय योगदान छ, इतिहासको ज्ञान भएन भने वर्तमानलाई बुझ्न सकिदैन, र मगर पहिचान अर्थात मगर भाषा र संस्कृतिले नेपाल र नेपालीलाई कहिल्यै अवमूल्यन गरेको छैन, राष्ट्रिय एकताको

[१२] नेपाल लोकतान्त्रिक तामाङ सङ्घको १२औँ स्थापना दिवस २०७४ भदौ ४ गते काठमाडौँका व्यक्त विचार।

लागि सधै आधारशिला बन्दै आएको उल्लेख गरेका छन् (पोखरेल, २०५५)। नेपालको राजनीतिमा छिमेकी मुलुक तथा विभिन्न अन्तराष्ट्रिय शक्तिहरूको स्वार्थ रहेको पाइन्छ। ज्ञवालीले भने जस्तो मधेस र लिम्वुवानको मात्र होइन हिमाली क्षेत्रको नागरिकहरूलाई तिब्बतको मामलासँग जोडेर हेर्ने र परिचालनको प्रयास गरेको समेत सुरक्षा निकाय र अन्य राज्यको संयन्त्रले जानकारी दिने गरेको पाइन्छ।

सङ्घीयता र जातीय पहिचानको विपक्षमा वर्चस्वशाली समुदाय खस-आर्यका प्रतिनिधिहरू मात्र छन् भन्ने बुझे त्यो भ्रम मात्र हुनेछ। हाल सालै एक दैनिक पत्रिकामा एक जनजाति प्राज्ञको भूमिकालाई उज्ज्वल प्रसाईंले भनेका छन्, “सिर्जना, प्राज्ञिक उत्पादन, अभिव्यक्ति एवम् कर्ममा नश्लीय राष्ट्रवादलाई शिरोपर गर्नेहरूबाट गणतान्त्रिक चेतनाको संवर्द्धन सम्भव छैन। गणतन्त्र र धर्म निरपेक्षताको उन्मादमा राष्ट्रियतालाई कमजोर हुन दिनुहुँदैन भनेर जनजाति अनुहार देखाउन प्राज्ञको नियुक्ति गरेको छ” (प्रसाईं, २०७५)। राजेन्द्र लिङ्देनका अनुसार “जातीय सोचले मात्र राष्ट्रियता बलियो हुँदैन। दार्शनिक हिसाबले मार्क्सवादले सबै मानव जातिलाई जातिविहीन समाज र वर्गविहीन समाजको परिकल्पना गरेको छ तर कसरी जातीय पहिचानका आधारमा विभिन्न मोर्चाहरू बनाए। मेरो विचारमा कम्युनिस्टहरूले तत्कालीन कार्यनीतिका रूपमा प्रयोग गरेको हो। जातीय पहिचानको मुद्दाले एक प्रकारको चेतनाको जागृत त गरेको छ तर अहिलेका यी जातीय आन्दोलनका कदमहरूले हामीलाई नै नोक्सान गर्ने पक्का छ” (राजेन्द्र लिङ्देन, २०७३ भदौ २१ गते, अनुसूची ४)।

नेपाली राज्यको पुनर्संरचनाको प्रक्रिया अघि बढिरहेको सन्दर्भमा धेरै विद्वान्हरूले यसलाई राष्ट्र निर्माणको अवसरका रूपमा हेरेका छन्। राजनीतिशास्त्री लोकराज बरालका अनुसार विभिन्न सामाजिक समूहहरूले बहिष्करणमा परेको आवाज उठाउनु र जातीय पहिचानसहितको राज्यको बहस आउनु सामाजिक समूहहरूको चाहनाले मात्र नभएर राज्यले विगतमा गरेको विभेदपूर्ण व्यवहार पनि जिम्मेवार रहेको छ। जातीय, धार्मिक, सांस्कृतिक, क्षेत्रीय एजेन्डालाई समेतेर राज्यको पुनर्संचना गरे राष्ट्र निर्माणको प्रक्रिया टुङ्गोमा पुग्ने उल्लेख गरेका छन् (Baral, 2014,p. 22)। राजनीतिशास्त्री महेन्द्र लावतीका अनुसार नेपालमा तीन प्रकारका राष्ट्रवाद रहेको छ पहिलो राष्ट्र-राज्यको अवधारणामा आधारित र अघिल्लो राज्य र प्रभुत्वशाली समूहद्वारा प्रवर्द्धित राष्ट्रवाद, दोस्रो राष्ट्रियताको खोजी गर्ने स्वायत्तता, बहुराष्ट्रीय राज्यको खोजी गर्ने राष्ट्रवाद, र तेस्रो पृथकतावादी राष्ट्रवाद (Lawoti, 2013,p. 248)। लावतीले पहिचान गरेको राष्ट्रवादहरूमा पहिलो राष्ट्रवाद नेपालमा सन् २००६ को आसपासमा विद्यमान थियो र अझै पनि प्रभुत्वशाली समूहबीच पर्याप्त समर्थन कायम छ। दोस्रो मगर लगायत आदिवास जनजातिको समर्थन रहेको छ, तेस्रो मधेश तथा केही आदिवासी जनजाति समूह समेत रहेका छन्। दोस्रो राष्ट्रवाद अन्तगर्त मगरात प्रदेशको आकाङ्क्षा गरिएको छ जुन जन-केन्द्रीत राष्ट्रवादमा आधारित छ यो प्रभुत्वशाली समुदायले जस्तो बहिस्करण पनि गर्दैन र विखण्डनको परिकल्पना पनि गर्दैन।

एन्डरसनका अनुसार ज्यादै विविधतायुक्त सङ्घहरूमा नागरिकहरूले पृथक् पहिचानको स्पष्ट अनुभव गर्न सक्छन्। नागरिकहरूबीचका भिन्नता राजनीतिक जीवनका अनुपम केन्द्रीय विशेषता पनि हुन सक्छन्। यस्ता समूहहरू क्षेत्रीय रूपमा केन्द्रित रहेको अवस्थामा सङ्घीय एकाइहरूको विशेषता तथा संरचना सङ्घीय प्रणालीका लागि संवेदनशील पक्ष बन्न सक्छ। प्रायः जातीय, भाषिक तथा धार्मिक विभाजनका रेखाहरू (cleavages) आपसमा अन्तरसम्बन्धित भएर रहेका हुन्छन् र यसले सामाजिक ध्रुवीकरणलाई घटाउँछ। धेरै समूहबीचको विभाजन रेखाभन्दा एउटा प्रभावशाली विभाजनको व्यवस्थापन गर्न वा दुई ज्यादै पृथक् जनसमूहबीचको विभाजन रेखालाई कडाइका साथ पालना गर्न समाजलाई प्रायः कठिन हुन्छ (एन्डरसन, २०६४,पृ. १८)। राजनीतिशास्त्री कृष्ण खनालका अनुसार सङ्घीयताले विविधताको सम्बोधन गर्ने भएकाले पहिचानमा आधारित सङ्घीयता आजको वास्तविकता र आवश्यकता पनि हो। लामो समयदेखि खस/हिन्दुहरूले अन्य समुदायहरू माथिको वर्चस्वका कारणले पनि जातीय-क्षेत्रीय पहिचानको मुद्दालाई टेवा पुऱ्याएको उल्लेख गरेका छन् (Khanal, 2014,pp. 117, 128)।

कतिपय विश्लेषकहरूले जातीय पहिचान सिङ्गो नेपाली पहिचानलाई ओझेल पार्ने र यसले राष्ट्रलाई कमजोर बनाउने दर्शनका रूपमा पनि व्याख्या गर्ने गरेका छन्। अमर गिरीले जातीय प्रश्न र पहिचानको प्रश्न समान अर्थमा बुझ्न नहुने तर्क गर्दै पहिचानको विचारधाराले विभाजनतर्फ लाने मत प्रकट गर्दछन्। उनका अनुसार "पहिचानको मुद्दा उत्तर आधुनिकतावादको उपज हो, यसले जोड्नेभन्दा पनि विभाजनतर्फ लाने गर्दछ। तर, मार्क्सवाद सार्वभौमिकताको सिद्धान्त हो। वर्गीय विचार वा अर्थलाई एकातिर राखेर पहिचानको मात्र कुरा गर्नु दुईचारजना अगुवाहरूले अवसर पाउने माध्यम मात्र हो" (अमर गिरी, २०७३ असोज १७ गते, अनुसूची ४)। यामबहादुर किसानका अनुसार पहिचान एकातिर एक राष्ट्रबाट अनेक राष्ट्र मात्र होइन, एक प्रदेशबाट अनेक प्रदेश, उपप्रदेश र स्वायत्त क्षेत्र हुँदै निजी भूमिमा पुगेर रोकिन्छ। अर्कातिर समग्र राष्ट्रवासीको पहिचान प्रादेशिक, सामुदायिक, जाति, जात, थर, गोत्र, परिवार हुँदै अन्त्यमा व्यक्तिको पहिचानमा पुगेर टुङ्गिन्छ। यो प्रक्रिया जुनसुकै प्रकारको पहिचानसँग पनि समान रूपले लागू हुन्छ। अन्ततोगत्वा पहिचानको दार्शनिक राजनीतिक सम्बन्ध उदारवाद र व्यक्तिवादसँग रहेको हुन्छ (किसान, २०६९,पृ. १७६)। गिरी र किसानको यो विचारसँग फरक मत राख्दै नन्द कन्दङ्वा भन्छन्, "पहिचानको राजनीतिमा मात्र होइन जुनसुकै पार्टीहरूमा पनि अगाडि आउने र अवसर पाउने भनेका टाठाबाठाहरू नै हुन्। पहिचानको एजेन्डा जातीय हिसाबले उत्पीडनमा परेका समुदायको हो, यसको सम्वोधनले राष्ट्रिय एकता कायम गर्दछ"(नन्द कन्दङ्वा, २०७३ साउन १० गते, अनुसूची ४)। पहिचानले समाज वा जातिलाई अन्तमा व्यक्तिमा लगेर टुङ्ग्याउँछ र समाज विभाजन गर्दछ भन्ने किसानको तर्कलाई मोक्तसिह तामाङ लेख्छन् सांस्कृतिक, भाषिक र बहुल जातीय पहिचान नष्ट भए मानव सभ्यताको सिर्जनात्मकता पनि नष्ट हुन्छ (तामाङ, २०७७,पृ. ३९)। अर्का अध्येता अर्जुन गुनरत्नेले Many Tongues, One People नामको पुस्तकमा थारू जातिगत दृष्टिले एउटा जाति भए पनि भाषिक दृष्टिले

बहुभाषी भएको र त्यसले थारू पहिचानको निर्माणमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरेका छन् (Guneratne, 2002) । गुनरत्नेको यो भनाईले पनि गिरी र किसानले भनेको जस्तो विविधताले विभाजन नभई सामुहिक पहिचान स्थापित गरेको छ। अर्को तर्फ जेम्स विलियम फिसरले आफ्नो पुस्तक Fluid Boundaries: Forming and Transforming Identity in Nepal मा थकाली जातिमा थाक खोला र खुवा खोला जस्ता भौगोलिक विविधता र बौद्ध, तिबेटेन बौद्ध, हिन्दु, बोन्पो, झाक्रिवादी जस्ता धार्मिक विविधता रहेको, थकाली मातृ भाषा बोल्ने र नबोल्ने दुवै भएको, हिन्दु र संस्कृतकरणको प्रभाव पर्दै आए तापनि धिकुर, धोम जस्ता आर्थिक-सांस्कृतिक संरचनाहरूको माध्यमबाट थकाली पहिचानमा योगदान दिँदै आएको उल्लेख गर्दै थकालीहरूले सामाजिक सम्बन्ध, भौगोलिक र सैद्धान्तिक दृष्टिकोणबाट पहिचान निर्माण गरेको उल्लेख गरेका छन् (Fisher, 2001)। यो भाषिक विविधता राई, मगर लगायतका विभिन्न जातिहरूमा पनि कायम छन्। त्यसैले, मगर जाति वा समुदाय व्यक्तिमा गएर विलय गराएको छैन, बरु थप एकता र सामुहिकता बाधिएको तथ्यहरू छ।

समाजमा भएको विभेद र असमानताको अन्त्य गर्नेतर्फ सोच्नुपर्दछ, तर जातीय राज्य निर्माण गर्न सकिँदैन (पोखरेल, २०७०,पृ. ३०;सङ्ग्रौला, २०६८,पृ. १३८)। पोखरेल, सङ्ग्रौला, गिरी आदि प्रतिनिधि पात्र मात्र हुन्। जातीय पहिचानसहितको प्रदेशलाई जातीय राज्य अर्थ लगाउनेहरूको सङ्ख्या पनि कम छैन। कारण, यस प्रकारको पुनर्संरचनाले देश विभाजन हुने र साम्प्रदायिक मुठभेड हुने मनोविज्ञान निर्माण गरिएको छ। यस्ता विचारहरू केही अपवादबाहेक समुदायगत स्वार्थमा आधारित छन्। जस्तोः खस-आर्य विद्वान्हरू तथा अगुवाहरूले सामर्थ्यलाई जोड दिने गरेको र आदिवासी जनजाति तथा मधेसी समुदायले पहिचानका आधारमा राज्यको पुनर्संरचना गर्नुपर्ने तर्कहरू सार्दै आएका छन्।

मगर जातिको इतिहासलाई अध्ययन गर्दा उनीहरूमा सामाजिक एकताको मनोविज्ञान देखिन्छ। मगर जातिकै कारणले भौगोलिक विखण्डन र सामाजिक विभाजन भएको इतिहास छैन। मगरले आफ्नो विशाल मगरातलाई विघटन गरेर अझ विशाल नेपाल निर्माणमा लागेको थियो (बुढामगर, २०७२,पृ. १०४)। जहाँसम्म मधेसलाई शङ्काले हेरिन्छ, त्यहाँ पनि सबै नागरिक मधेसलाई टुक्र्याउने पक्षमा छैनन्। मधेसमा क्रियाशील सशस्त्र र निःशस्त्र समूहहरूको भारतको पटनामा एक भेला गराई मातृभूमि तराईको रक्षाका लागि यथेष्ट प्रमाण अनुसार छुट्टै देश बनाई संसारमा चिनाउने अभियानका लागि पुराना गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंहलाई नेतृत्व गर्न प्रस्ताव गरिएको तर उनले त्यो भेलामा देश टुक्र्याएर मधेसको राष्ट्रपति बन्ने कुरा सोच्न पनि नसक्ने धारणा राखेपछि पटना मिसन असफल भएको कुरा सुधीर शर्माले उल्लेख गरेका छन् (शर्मा, २०७१,पृ. २६३)। यो एउटा राष्ट्रिय एकता र साझा मनोविज्ञानको प्रमाण हो।

मगरातको बहस मगरहरूले मात्र गरेका होइनन्, मगरात मगरको मात्र पनि होइन, सबै नागरिकको साझा सभ्यता हो भन्ने कुरा प्राचीन मगरातले पुष्टि गरेको छ। मगरात आजका केही अभियन्ता र आन्दोलनकर्मीसँग मात्र सरोकार राख्ने बिषय नभएर ऐतिहासिक-राजनीतिक प्रक्रियासँग जोडिएको मुद्दा पनि हो। यो राजनीतिक मुद्दा भएकाले नेपालको पहिलो संविधानसभाले पहिचान र सामर्थ्यका आधारमा मगरात प्रदेशसहित चौधवटा प्रदेश प्रस्ताव गरेको थियो। आज पनि बहुसङ्ख्यक मगरहरूले मगरातको आवश्यकता महसुस गरिरहेका छन्।

राष्ट्रिय राजनीतिमा मगर समुदायले आफ्नो मुद्दालाई जातीय सङ्कीर्णता र अहङ्कारबाट पृथक् राख्दै राष्ट्रिय एकता, सामाजिक सद्भाव र भौगोलिक अखण्डता सहितको मगरातको प्रस्ताव गरेका छन्। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना केन्द्रीकृत र एकात्मक राज्यको अन्त्यका लागि जातीय पहिचानमा आधारित मुद्दा र आन्दोलनको प्रतिफलका रूपमा प्राप्त भएकाले जातीय पहिचानमा आधारित प्रदेशहरूले कसैलाई हानि हुने देखिँदैन। मगर जातिले मगरातको आवाज उठाउनुको पछाडि ऐतिहासिक घटनाक्रमहरू र कालखण्डहरू पार गरेर आएको विगत छ। मगर जातिको सङ्गठित इतिहास धेरै पुरानो छ, मगर जातिको यो सङ्गठित इतिहास पक्कै पनि एउटा ऐतिहासिक र साहसिक मात्र नभएर यसले मगर जातिको मार्गनिर्देश पनि गरेको छ। आधुनिक नेपाल निर्माणपछि मगर जाति कमजोर मात्र होइन, छिन्नभिन्न भएको पनि इतिहासमा उल्लेख छ। तर देशमा भएका विभिन्न राजनीतिक परिवर्तन र घटनाक्रमहरूले मगर जातिको राजनीतिक चेतना र मनोविज्ञानले सामूहिक अधिकार प्राप्तिको यात्रालाई अपरिहार्य ठानेको छ।

## अध्याय पाँचः
## कम्युनिस्ट पार्टीमा जातीय राजनीतिको प्रभाव र असर

### ५.१ नेपाली पहिचानको ऐतिहासिक विकास

विश्वको राजनीतिक इतिहासमा नेपालको पहिचान विशिष्ट प्रकारको छ। सानो देश तर चीन र भारतजस्ता दुई ठूला शक्तिशाली मुलुकका बीचमा भएर पनि सधैँ स्वतन्त्र र सार्वभौम रहेको छ। नेपाल बाह्य रूपमा कुनै मुलुकको उपनिवेश रहेन, तर आन्तरिक रूपमा भने नेपालले विभिन्न कालखण्डमा विभिन्न खालका सामाजिक वर्गीकरणहरूको माध्यमबाट विभेद र बहिष्करणको सामना गरिरहेको छ।

खासगरी राणा काल १९०३-२००७ (सन् १८४६-१९५१) मा मुलुकी ऐन १९१० (सन् १८५४) मार्फत गरिएको हिन्दु उचनीच जात वर्गीकरणमा सबभन्दा माथि तागाधारी, माझमा मतवाली र पुछारमा अछुत राखियो (Hofer, 2004)। यो नै नेपालको इतिहासमा राज्यद्वारा कानुनी रूपमा वर्गीकरण गरिएको पहिलो सामाजिक पहिचान थियो। यद्यपि काठमाडौँ उपत्यकाका लागि जयस्थिति मल्ल र गोरखाका लागि राम शाहले यस्तो प्रथा पहिलेदेखि नै चलाइसकेका थिए। राज्यद्वारा मुलुकी ऐनले एउटै किसिमको अपराधको दण्ड पनि जातीय तरिकाले फरक फरक हुने परिपाटी बसाल्यो। उदाहरणका लागि, राज्य द्रोहमा सहभागी ब्राह्मणलाई चारपाटा मुडेर भन्ज्याङ (काठमाडौँ उपत्यका) कटाउने तर त्यही गतिविधिमा संलग्न अन्य जातिहरूलाई मृत्युदण्डको सजायको व्यवस्था गरेको थियो।

२०२० सालमा १९१० को मुलुकी ऐनको खारेजी गरे पनि यसको व्यावहारिक निरन्तरता आजसम्म पनि कायम छ। यसरी नेपालमा लिच्छविकालदेखि सुरु भएको जातीय प्रथा राणाकालमा व्यवस्थित भयो भने पछिका कालखण्डहरूमा पनि विभिन्न तरिकाले प्रयोगमा आए। यी चरणहरूलाई विद्वान्हरूले विभिन्न मोडेलका रूपमा चित्रण गरेका छन्।

तालिका ५.१ः मुलुकी ऐन १९१० ले वर्गीकरण गरेको सामाजिक समूह

<table>
<tr><th>दुई बृहत सामाजिक समूह</th><th colspan="2">पाँच सामाजिक समूह</th><th>एकल जाति तथा जातीय समूह</th></tr>
<tr><td rowspan="3">चोखो जात (पानी चल्ने)</td><td colspan="2">तागाधारी</td><td>उपाध्यय ब्राह्मण, राजपूत (ठकुरी), क्षेत्री, देव भाजू (नेवार ब्राह्मण), भारतीय ब्राह्मण, सन्यासी, जैसी, अन्य नेवार</td></tr>
<tr><td rowspan="2">मतवाली</td><td>नमास्यानी मतवाली</td><td>मगर, गुरुङ, केही नेवार अन्य जात</td></tr>
<tr><td>मास्यानी मतवाली</td><td>भोटे (टिबेटेन र अन्य टिबेटेन मूल), चेपाङ, हायु कुमाल, दनुवार, दराई, माझी, लेप्चा, लिम्बू, सुनुवार, थारू, घर्ती</td></tr>
<tr><td rowspan="2">अछुत<br>(पानी नचल्ने जात)</td><td rowspan="2">शूद्र</td><td>पानी नचल्न्या (छोइछिटो नहाल्ने)</td><td>कसाई, कुसले, हिन्दु धोबी, कुलु, मुसलमान, म्लेच्छे</td></tr>
<tr><td>पानी नचल्न्या (छोइछिटो हाल्ने)</td><td>कामी, सार्की, कडरा, दमाई, गाइने, बादी, पोडे, च्यामे</td></tr>
</table>

(Source: Hofer, 2004)

गोर्खा राज्य विस्तारपछि नेपालको सन्दर्भमा राष्ट्रियता निर्माणमा भएका राजकीय प्रयासलाई तीन प्रकारले व्याख्या गरेको पाइन्छ । पहिलो, साम्राज्यवादी मोडेल, जसअन्तर्गत शाहकाल (सन् १७६८-१८४६) र राणाकाल (सन् १८४६-१९५१) लाई मानिएको छ। दोस्रो, राष्ट्रिय समागमको मोडेल, जसअन्तर्गत निर्दलीय पञ्चायत काल (सन् १९६२-१९९०) । र तेस्रो, सन् १९९० को प्रजातन्त्रको पुनर्स्थापनापछिको जातीय विविधताको मोडेल (Pfaff-Czarnecka, 2016,pp. 421-423)। नेपालको राज्य सञ्चालन र राष्ट्रियता निर्माणको अढाइ सय वर्ष लामो यी तीनवटै अवधिमा नेपालमा जातीय, क्षेत्रीय, धार्मिक असमानता र उत्पीडनहरूले जातिको पहिचान निर्माण अझ मजबुत बनाएको छ। अहिले सतहमा उठेको जातीय पहिचान हिजो राज्यद्वारा निर्माण गरिएको पहिचानका आधारमा खडा भएकाले यसलाई महत्वका साथ अध्ययन-विश्लेषण गर्नु आवश्यक देखिन्छ। विभिन्न कालखण्डमा राज्यद्वारा नेपालका जातिलाई दिएको पहिचान र जातिहरूले आफैँले निर्माण र कायम गर्दै आएको पहिचानलाई अध्ययन विश्लेषण गरेर मात्र तथ्य कुराको नजिक पुग्न सकिन्छ।

गेजका अनुसार राजतन्त्र (सन् १७६९-१८४६), राणा (सन् १८४६-१९५१), विभिन्न राजनीतिक पार्टीहरूले शासन गरेको अनिश्चतताको अवधि (सन् १९५१-१९५९), संसदीय व्यवस्था (सन् १९५९-१९६०) र सन् १९६० देखि निरङ्कुश राजतन्त्रको स्थापनामा नेपाली राजनीतिको ढाँचा निर्धारण गर्ने सन्दर्भमा एकै खालका आर्थिक र सांस्कृतिक तत्वहरूको भूमिका रहेको छ। देशलाई एकात्मक बनाउन कठिन अल्पमत समूहहरूलाई निर्मूल गर्नाले राष्ट्रिय एकात्मकताको प्रक्रियामा बाधा पुगेको हुन्छ (गेज, सन् २०१३,पृ. १५३, २१७)।

तालिका ५.२ः नेपालको संविधानमा व्यवस्था गरिएको जातीय समानतासँग सम्बन्धित धाराहरू

| संविधान | संवैधानिक व्यवस्था |
|---|---|
| नेपालको अन्तरिम शासन विधान २००७ | (क) धारा १५ (१) सरकारले धर्म, जात (वर्ण), जाति, लिङ्ग, जन्मस्थान वा यस्तै कुनै विषयका आधारमा नागरिकलाई भेदभाव गर्ने छैन।<br>(ख) धारा १६ (१) जुनसुकै सरकारी पदमा काम लगाउन वा नियुक्त गर्ने सम्बन्धमा सबै नागरिकहरूले समान अवसर पाउनेछन्। |
| नेपाल अधिराज्यको संविधान २०४७ | (क) भाग १ धारा २ राष्ट्रः जुनसुकै धर्म, वर्ण, जात वा जातिका भए पनि समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता र अखण्डताप्रति आस्थावान रही एकताबद्ध सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टि रूपमा एक राष्ट्र हो।<br>(ख) भाग १ धारा ४ (१०) नेपाल एक बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक, स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, हिन्दु, राजतन्त्रात्मक अधिराज्य हो।<br>(ग) भाग १ धारा ६ राष्ट्रभाषा (१) देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्र भाषा हो। नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ। (२) नेपालका विभिन्न भागमा मातृभाषाका रूपमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा हुन्। |
| नेपालको अन्तरिम संविधान २०६३ | (क) प्रस्तावनाः देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई |

| | |
|---|---|
| | समाधान गर्न अग्रगामी पुनर्संरचना गर्ने सङ्कल्प गर्दै,<br>(ख) भाग १ धारा ३ राष्ट्रः बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विशेषतायुक्त, समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित, तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टि रूपमा राष्ट्र हो।<br>(ग) भाग १ धारा ४ नेपाल राज्यः नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो।<br>(घ) भाग १ धारा ५ राष्ट्रभाषाः (१) नेपालमा बोलिने सबै भाषाहरू राष्ट्र भाषा हुन्। (२) देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ। (३) उपधारा २ मा जुनसुकै कुरा लेखिएको भए पनि स्थानीय निकाय तथा कार्यालयहरूमा मातृभाषा प्रयोग गर्न कुनै बाधा पुऱ्याएको मानिनेछैन। यसरी प्रयोग गरिएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा रूपान्तरण गरी अभिलेख राख्ने छ।<br>(ङ) धारा २१ सामाजिक न्यायको हकः आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुने छ। |
| नेपालको संविधान २०७२ | (क) प्रस्तावनाः बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक एक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक, समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै,<br>(ख) धारा १८ सामाजिक न्यायको हकः (३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, सामाजिक, भाषा, क्षेत्र, वैचारीक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन।<br>(ग) धारा २४ छुवाछुत तथा भेदभावविरुद्धको हकः (३) उत्पत्ति, जात, जाति वा शारीरिक अवसथाका आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतका आधारमा सामाजिक भेदभावलाई न्यायोचितलाई ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन। |

(Source: https://www.lawcommission.gov.np/en/archives/category/documents/ prevailinglaw/ constitution/constitution-of-nepal)

### ५.२ नेपाल कम्युनिस्ट पार्टीमा पहिचानको प्रवेश

पार्टी स्थापनाको समयक्रम अनुसार प्रचण्ड गोर्खा पहिलो, राष्ट्रिय प्रजापरिषद् दोस्रो, नेपाली काङ्ग्रेस (नेका) तेस्रो र नेकपा चौथो रहेको छ। वर्तमान नेपालको मूलधारमा रहेका नेकपा र नेका तत्कालीन नेपालको निरङ्कुश राणा शासनको अन्त्यका लागि स्थापना भएका थिए। यी दुवै पार्टीहरूले आन्दोलन र जागरणले १०४ वर्षसम्म निरन्तर चलेको राणाहरूको पारिवारिक शासनलाई अन्त्य गरी

२०१५ सालमा नेपालमा पहिलो प्रजातान्त्रिक निर्वाचन सम्पन्न भयो। १०९ स्थान रहेको प्रतिनिधिसभाको निर्वाचनमा क्रमशः नेका ७४, नेपाल राष्ट्रवादी गोर्खा परिषद् १९, संयुक्त प्रजातन्त्र पार्टी ५, नेकपा ४, नेपाल प्रजापरिषद् (घन-कोदालो) २, नेपाल प्रजापरिषद् (हलो) १ र स्वतन्त्र उम्मेदवारहरूले ४ स्थानमा जित हासिल गरेका थिए (रिसाल र पोखरेल, २०७५)।

नेपाल कम्युनिस्ट पार्टीको राजनीतिक आदर्शले वर्गीय पक्षधरताको पक्षपोषण गरे पनि स्थापनाको इतिहासदेखि वर्तमानसम्म जातीय जगमा चलेको पाइन्छ। २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना गर्ने सदस्यहरू मध्ये पुष्पलाल श्रेष्ठ, नरबहादुर कर्माचार्य, नारायणविलास जोशी, निरञ्जन गोविन्द वैद्य र मोतीदेवी श्रेष्ठ (दुर्गादेवी) पाँचजना नै नेवार समुदायका थिए, त्यसका प्रमुख पुष्पलाल श्रेष्ठ थिए। नेपाल सामाजिक तथा सांस्कृतिक दृष्टिले विविधता भए पनि नेकपाको स्थापना भने एउटै जातीय समुदायका अगुवाहरूले गरेका थिए। यसो हुनुको कारण उनीहरूमा मध्यम वर्गीय राजनीतिक चेतना भएकाले सम्भवतः वर्गीय सँगसँगै जातीय विभेदको पनि महशुष गरेको हुनुपर्दछ।

नेकपाको २००८ असोजमा भारतको कलकत्तामा सम्पन्न भएको पहिलो सम्मेलनले पुष्पलाल श्रेष्ठलाई महासचिव निर्वाचित गरेको थियो, जुन सम्मेलनले पुष्पलालसहित भाइसाहेब, मनमोहन अधिकारी, तुल्सीलाल अमात्य र शैलेन्द्रकुमार शर्मा रहेको पाँचजनाको एक राजनीतिक समितिको निर्माण गऱ्यो (पुष्पलाल, २०५३,पृ. ६६)। रामबहादुर बुढाका अनुसार भाइसाहेब भारतीय कम्युनिस्ट पार्टीका प्रतिनिधि अयोध्या सिंह थिए। प्रथम सम्मेलनपश्चात् नेकपाको केन्द्रीय कार्यालय कलकत्ताबाट काठमाडौँमा सारिएपछि सधन्यवाद बिदा गरिएको थियो (बुढा, २०७४,पृ. ४१)। पहिलो सम्मेलनले पुष्पलालको नेतृत्वमा मनमोहन अधिकारी, तुल्सीलाल अमात्य, शैलेन्द्रकुमार शर्मा, डी. पी. अधिकारी, गौरीभक्त प्रधान, केदार खनाल, धनुषचन्द्र गौतम, र शम्भुराम श्रेष्ठ रहेको नौ सदस्यीय केन्द्रीय कमिटी चयन गरेको थियो (सुवेदी, २०७१,पृ. ४९; बुढा, २०७४,पृ. ४२)।

पहिलो सम्मेलनको दुई वर्षपछि २०१० माघ १७-२५ गते काठमाडौँको पाटनमा भएको प्रथम राष्ट्रिय महाधिवेशनले मनमोहन अधिकारीको नेतृत्वमा १७ सदस्यीय केन्द्रीय कमिटीमा ब्राह्मण ४७ प्रतिशत, क्षेत्री २३ प्रतिशत, नेवार २३ प्रतिशत र मुसलमान ६ प्रतिशतको केन्द्रीय समिति निर्माण भएको थियो। २०१४ जेठ १५-२५ गते काठमाडौँमा भएको दोस्रो महाधिवेशनमा केशरजङ्ग रायमाझीको नेतृत्वमा निर्वाचित १७ सदस्यीय केन्द्रीय कमिटीमा क्षेत्री ४१ प्रतिशत, ब्राह्मण २९ प्रतिशत, नेवार २४ प्रतिशत र मुसलमान ६ प्रतिशत (१३ जना खस-आर्य, चार जना नेवार र एकजना मधेसी समुदायका) रहेका थिए (रावल, २०४७,पृ. ४३, ९०)। २०१९ साल वैशाख ८-१५ गते सम्पन्न तेस्रो महाधिवेशनले तुल्सीलाल अमात्यको नेतृत्वमा खस-आर्य आठ, आदिवासी जनजाति दुई र मधेसी समुदायबाट एक गरी ११ जनाको केन्द्रीय समितिको निर्वाचित गरेको थियो। तेस्रो महाधिवेशनपश्चात् पार्टीमा विवाद सिर्जना

भएपछि २०२३ सालमा केशरजङ्ग रायमाझीको नेतृत्वमा पार्टी गठन भयो भने अर्कोतर्फ २०२५ सालमा गोरखपुरमा तेस्रो सम्मेलन भनेर पुष्पलाल श्रेष्ठको नेतृत्वमा १५ सदस्यीय केन्द्रीय कमिटी बन्यो, जसमा खस-आर्य आठ र आदिवासी जनजाति सातजना थिए (सुवेदी, २०७१,पृ. ६०, ६३)। तत्पश्चात् नेतृत्वबीचको अन्तर्विरोधका कारण २०२४ सालमा केशरजङ्ग रायमाझी र २०२५ सालमा पुष्पलाल श्रेष्ठको नेतृत्वमा छुट्टाछुट्टै केन्द्रीय समिति गठन गरेका थिए। जसअन्तर्गत पुष्पलालको नेतत्वमा नेवार, गुरुङ, मगर, थारू गरी सातजना आदिवासी जनजाति समुदाय र आठजना खस-आर्य समुदायका थिए। त्यसैगरी रायमाझीको नेतृत्वमा तीनजना नेवार, तीनजना खस-आर्य र एकजना मधेसी समुदायका थिए। यी तीनवटा धारमध्ये पुष्पलाल समूहको दस्तावेजमा नेपाली समाजको गहिरो अध्ययन गरेर नेपालमा जातीय समस्या व्याप्त रहेको उल्लेख छ। तेस्रो महाधिवेशनपछि छिन्नभिन्न भएको कम्युनिस्ट पार्टीहरूमध्ये २०३१ सालमा मोहनविक्रम सिंहको नेतृत्वमा सम्पन्न चौथो महाधिवेशनबाट १३ जनाको केन्द्रीय समिति गठन भयो। जसमध्ये खस-आर्य आठ, आदिवासी जनजाति तीन र मधेसी समुदायका दुईजना थिए (बुढा, २०७४,पृ. ५६)।

२०३१ सालमा चौथो महाधिवेशनले मोहनविक्रम सिंहलाई महासचिवमा निर्वाचित गऱ्यो। तर यो समयमा केशरजङ्ग रायमाझीले पञ्चायतलाई समर्थन गरिसकेका थिए भने कम्युनिस्ट पार्टीमा विभिन्न समूहहरू निर्माण भइरहेका थिए। २०१९ सालदेखि विभिन्न समूहमा विभाजित नेकपा २०४६ को पञ्चायत विरोधी जनआन्दोलनमा संयुक्त वाममोर्चाको अवधारणमा नेतृत्व गरेका थिए। २०४७ सालको संविधानले बहुदलीय व्यवस्थाको प्रत्याभूति गरेपछि विभिन्न नाममा नेकपाहरूले निर्वाचन आयोगमा पार्टी दर्ता गरेका थिए।

### ५.२.१ **कम्युनिस्ट पार्टीको जातीय राजनीति**

जातीय मुद्दाको प्रवेश नेपालको कम्युनिस्ट पार्टीहरूको सन्दर्भमा सबैभन्दा धेरै विवादित र चासोको विषय रहेको छ। जातीय सवाल कम्युनिस्ट पार्टीहरूको हो या होइन भन्ने विषयमा पनि धेरै लामो समयदेखि बहस चल्दै आएको छ। वर्गीय पक्षधरताको बहस गर्ने कम्युनिस्ट पार्टीहरूले आफ्नो राजनीतिक एजेन्डाका रूपमा कसरी जातीय कुरा प्रवेश भयो भन्ने कुरा यतिबेला सर्वत्र चासोको विषय भए पनि अहिले यो सामान्य जस्तै बनेको छ। तर यो मुद्दाले नेपालको कम्युनिस्ट पार्टीको स्थापना काल २००६ सालदेखि नै प्रवेश पाएको हो।

२००८ (सन् १९५१) सालमा कलकत्तामा आयोजित नेकपाको प्रथम ऐतिहासिक सम्मेलनमा पुष्पलालद्वारा प्रस्तुत तथा पारित 'जातीय आन्दोलनमा नेपाल कम्युनिस्ट पार्टी' शीर्षकको राजनीतिक प्रतिवेदनमा १२ वटा शीर्षकमध्ये शीर्षक नं. १ 'हाम्रो पार्टी जन्मनुभन्दा पहिले नेपालको जातीय मुक्ति आन्दोलनको के रूप थियो ?' र शीर्षक नं. ३ 'नेपाल कम्युनिस्ट पार्टी र जातीय मुक्ति आन्दोलन' जातीय

सवालसँग सम्बन्धित रहेका थिए। 'मुलुकका जातिहरू र कम्युनिस्ट पार्टी' शीर्षकमा नेपालमा बस्ने सबै जाति अधिकार र कर्तव्यमा बराबर छन्, यी सबै जातिले सारा मुलुकका वैरी साम्राज्यवादी र सामन्तवादलाई खत्तम गर्न तमाम जनताकासाथ काँधमा काँध जोडी लड्नुपर्दछ, जातिहरूको आत्मनिर्णयको अधिकार पार्टीले स्वीकार गर्दछ तर हाम्रो पार्टी समर्पणवादी जातीयताको विरुद्ध छ, एउटा जातिलाई अर्को जातिको विरुद्ध उचाली सबै जनताको संयुक्त विरोध कमजोर पार्ने साम्राज्यवादीहरूको षड्यन्त्रलाई खतम गर्नमा हाम्रो पार्टीको दृढ सङ्कल्प भएको उल्लेख गरिएको छ। नेपाल कम्युनिस्ट पार्टीको प्रथम महाधिवेशन (महासचिव क. मनमोहन अधिकारीद्वारा प्रस्तुत भई पारित प्रतिवेदन सन् १९५४ जनवरी २६-३०, २०१० माघ १३-१७) मा 'राज्यको स्वरूप' शीर्षकको बुँदा नं. ७ मा धर्म, जाति, वर्ग, लिङ्ग, राष्ट्रियता आदिको भेदभाव नगरीकन सबैलाई नागरिकताको समान अधिकार प्राप्त हुनुपर्ने उल्लेख छ भने, बुँदा नं. ८ मा सबै जातिलाई आत्मनिर्णयको अधिकारसहित सबै जातिको पक्षमा, जातिहरूबीच परस्पर सद्भावका आधारमा एउटा संयुक्त जनवादी नेपालको गठन हुनुपर्ने उल्लेख छ। बुँदा नं. ९ मा मातृभाषामा शिक्षा पाउने अधिकार, जनता र सरकारी संस्थाहरूमा आफ्नो भाषाको प्रयोगको अधिकार र कुनै पनि अनिवार्य राष्ट्र भाषा नभई प्रत्येक भाषालाई बराबरी अधिकार हुनुपर्ने उल्लेख गरिएको छ (भुसाल, २०७०,पृ. ७३)। पुष्पलाल श्रेष्ठ जातीय उत्पीडनको विषयमा धेरै संवेदनशील भएको पाइन्छ। उनले नेपाललाई यहाँका आदिवासी जनजातिलाई विदेशी भर्तीमा निर्यात गर्ने बिषयमा भनेका छन् "कविला जातिहरूलाई विदेशी साम्राज्यलाई बेचेर सामन्ती शासक वर्गले आफ्नै लागि खर्च गर्ने। स्कुलहरू कविला जातिहरूको पाई नपर्ने ठाउँमा खोलेर उनीहरूलाई शिक्षाबाट वञ्चित गरेका छन्। हाम्रो पार्टी कविला जातिको आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक आन्दोलनलाई देशको किसान र जनवादी आन्दोलनसँग तालमेल गरी संयुक्त रूपले अगाडि बढाउने नीति लिनुपर्ने" उल्लेख गरेका छन् (पुष्पलाल, २०५४,पृ. ९१)। त्यसै गरी विभिन्न जातिका भाषा, साहित्य तथा संस्कृतिहरूको विकास गर्ने कुरा कम्युनिस्ट पार्टीले २०१५ सालमा प्रकाशित गरेको घोषणा पत्रमा उल्लेख गरेको थियो । २००६ सालमा आदिवासी जनजाति तथा उत्पीडित समुदायको मुक्तिको विषयमा नीतिगत व्यवस्था गरेको कम्युनिस्ट पार्टीको नीतिले आज सात दशकपछि पनि त्यही विषयलाई निरन्तरता दिँदै आएको छ।

२०१० सालको प्रथम महाधिवेशनसम्म नेकपाले धर्मको अधिकारमा हस्तक्षेप नगरी धर्मलाई स्वतन्त्रताको ग्यारेन्टी गर्दै २०१५ सालको चुनाव घोषणापत्रमा प्राथमिक शिक्षा मातृभाषामा दिने प्रबन्धका गरेको छ भने तेस्रो महाधिवेशनद्वारा पारित प्रतिवेदनमा राष्ट्र हितलाई ध्यानमा राखी देशका विभिन्न जातिहरूको भाषा, साहित्य तथा संस्कृतिको विकास गर्ने कुराको उल्लेख छ (भुसाल, २०७०,पृ. १९८)। २०३१ सालको चौथो महाधिवेशनमा नेपालमा धर्मका नाममा ठूलो शोषण भइरहेको उल्लेख गर्दै जनवादी क्रान्तिले धार्मिक स्वतन्त्रता प्रदान गर्ने कुरा उल्लेख गरेको छ (बस्नेत, २०६९,पृ. ३७)।

नेकपाका विभिन्न दस्तावेजहरूमा जातीय नीतिहरूको व्यवस्था गरिएको भए पनि यो मुद्दा नेकपाले होइन नागरिकको राजनीतिक चेतनाले उठेको बताउनेहरू पनि छन्। २००७ सालदेखि राजनीतिक चेतना आएपछि पहिचानको बहस मसिनो रूपमा उठ्यो। गोवर्द्धन रानाका अनुसार "कम्युनिस्टहरूले यस्ता मुद्दा उठाउँछन् जुन विषय असम्भव छन्, त्यहीबाट जनताको भावना जित्ने प्रयास गर्दछन्। आफ्नो साध्य प्राप्त गर्न जुनसुकै साधन पनि प्रयोग गर्दछन्। यही नै कम्युनिस्ट र अन्य दर्शनबीचको फरक हो। प्रक्रिया र विधिभन्दा पनि छलाङमा विश्वास गर्ने भएकाले उनीहरूले असम्भव कार्यक्रमहरू अगाडि सार्दछन्" (गोवर्द्धन राना, २०७३ साउन १३ गते, अनुसूची ४)। खड्गजित बरालले "कम्युनिस्टहरूको सबै बराबर हुने भन्ने अवधारणा नै उनीहरूप्रतिको आकर्षण हो, समानताको विरोध कसैले गर्न नसक्ने बताउदै नेपालमा मात्र होइन, मानव जागृतिको इतिहासमा यस्ता विभेद र असमानताको शृङ्खलाहरू अन्य मुलुकहरूमा समेत रहेका छन्" (खड्गजित बराल, २०७३ भदौ ३ गते, अनुसूची ४)। कम्युनिस्टप्रति आकर्षण हुनुको कारण रानाले उनीहरूले उठाउँदै आएको असम्भव मुद्दा र बरालले समानताको मुद्दा भनेका छन्, तर जनमतको दृष्टिले ठुला कम्युनिस्ट पार्टी एमाले र माओवादी कम्युनिस्ट नै नभएको नारायणमान बिजुक्छे (रोहित) को दाबी छ। आदिवासी जनजातिहरूले एमाले-माओवादीलाई आलोचनात्मक भएर विषयवस्तुहरूको अध्ययन र विश्लेषण गर्नुपर्ने बताउँदै उनले भनेका छन्, "नेपालका कम्युनिस्टहरूलाई हामीले जबसम्म कम्युनिस्ट भनेर बुझ्दछौँ, तबसम्म हामी ठीक ठाउँमा पुग्न सक्तैनौँ। कम्युनिस्ट पार्टीहरू जति शक्तिशाली हुन्छन्, त्यति नै ठूला गल्तीहरू हुँदै जानेछन्" (नारायणमान बिजुक्छे, २०७३ भदौ १२ गते, अनुसूची ४)। रोहितले आफूले नेतृत्व गरेको पार्टीलाई कम्युनिस्ट पार्टी दाबी गरे पनि केशरजङ्ग बरालले भने नेपालमा कम्युनिस्ट नै नभएको दाबी गर्दछन्। बरालका अनुसार "नेपालका कम्युनिस्ट भन्ने पार्टीहरू हिन्दु दर्शन र सामाजिक परम्पराका आधारमा चलेका छन्, त्यसैले देश पछि परेको छ। कुनै पनि परम्परा, संस्कार, संस्कृति न त एकैपटक अन्त्य गर्न सकिन्छ न त सुधार गर्न। त्यसैको उपज हो वर्तमान नेपाली समाज। सत्तामा पहिले शाह, राणाहरूको एकछत्र थियो भने २०४६ पछि बाहुनको एकछत्र छ। यसको महत्वपूर्ण कारण सत्ता हो जसको माध्यमबाट राज्यको आन्तरिक सूचना र स्रोतहरू उनीहरूका बीचमा प्रवाह हुन्छ र भइरहेको छ" (केशरजङ्ग बराल, २०७३ भदौ ६ गते, अनुसूची ४)।

कम्युनिस्ट पार्टीको दस्तावेजहरूमा राष्ट्रिय अर्थात् Nation लाई जाति भनेर उल्लेख गर्दै नेपाललाई बहुराष्ट्रिय राज्य अर्थात् Multination State भनेको छ (पुष्पलाल, २०५५,पृ. १५)। नेपाललाई बहुर्राष्ट्रिय राज्य भनेर स्वीकार नगर्ने पनि छन्। एमाले नेता प्रदीप ज्ञवाली नेपाली समाजको चरित्र राष्ट्र राज्य (Nation State) नभई राज्य राष्ट्र (State Nation) मान्दछन् (बुढामगर, २०६७)। ज्ञवालीको विचारसँग सहमत राख्दै एमालेका अर्का नेता शङ्कर पोखरेलले  युरोप र नेपालको समाज विकासक्रम ठीक उल्टो रहेको, युरोपको सभ्यता ठूलो युद्धबाट भएको र उनीहरू अहिले पनि समूहमा बस्ने

बताँउछन् । "त्यहाँ एक जाति एक राष्ट्रको रुपमा विकास भयो, त्यो ढाँचाबाट हामी जान सकिँदैन । राष्ट्रिय राज्य होइन कि राज्य राष्ट्र बनाउनेतर्फ जाँदैछौँ, साझा मनोविज्ञानबाट साझा राष्ट्र बनाउने ढाँचाबाट त्यस्तो अवस्थामा पछाडि परेका समुदायलाई अगाडि बढाउनेतर्फ जानुपर्दछ" (शङ्कर पोखरेल, २०७३ साउन १३ गते, अनुसूची ४) ।

यस विषयमा सुरेश आलेका अनुसार 'राष्ट्र' भनेको कुनै राज्य वा देश मात्र होइन, यसको अर्थ मूलतः मानिसहरूको समुदाय वा समूह हो, जसका लागि साझा भाषा, साझा भूभाग, साझा आर्थिक जीवन, साझा संस्कृति र साझा मनोवैज्ञानिक संरचना रहेको हुन्छ । जुनसुकै जातिको पनि आफ्ना साझा भाषा, भूभाग, संस्कृति, आर्थिक जीवन, मनोवैज्ञानिक संरचना हुने भएकाले राष्ट्र र जाति एकै हुन् (आलेमगर, २०६२,पृ. १६९-१७०) । राज्य र राष्ट्र पूर्ण रूपमा पर्यायवाची अवधारणाहरू होइनन्, राज्य भनेको सिमाना र मानिसहरूको एक अंश भएको एउटा राजनीतिक सङ्गठन हो भने राष्ट्र एउटा नश्ल, भाषा र धर्मको समुदायलाई जनाउँछ, र एउटा राजनीतिक राज्यभित्र यस्ता विभिन्न राष्ट्रियता संलग्न भएका हुन सक्छन् (गुरुङ, २०६५,पृ. ५५) ।

इन्टरनेशनल आइडिया अनुसार भाषा वा धर्म वा संस्कृति वा इतिहास वा यी सबैको सम्मिश्रणमा एक भिन्न साझा पहिचान बोकेको समूह नै राष्ट्र हो (International IDEA, 2014,p. 19)। बाबुराम भट्टराईका अनुसार नेपाल धेरै जातीय, भाषिक र क्षेत्रीय विविधतायुक्त एउटा इन्द्रधनुषी राष्ट्रिय राज्य हो । त्यस अर्थमा नेपाल स्वयम् एउटा समग्र राष्ट्रिय एकाइ हो भने त्यसभित्र पनि अन्य राष्ट्रियता (Nationality) हरू छन् । यस कम्पोजिट नेसन स्टेटका रूपमा समग्र नेपाल एउटा विविध जाति, भाषा, भूगोल, अर्थतन्त्र र मनोविज्ञानले बनेको छ र त्यसभित्र थुप्रै राष्ट्रियता छन् । ती राष्ट्रियतालाई पनि उनीहरूको पहिचान र स्वायत्तताको अधिकारसहित संयोजन गरेर एकीकृत नेपालको राष्ट्र-राज्य (Nation State) निर्माण गर्नुपर्दछ (भट्टराई, २०७१,पृ. १९) । भवानी बरालका अनुसार "राष्ट्र (Nation) बाट राज्य (State) बन्ने हो । पहिलो र दोस्रो युद्धमा पोल्यान्ड राज्य थिएन तर पोलिस राष्ट्र त थियो, र त्यही पोलिस राष्ट्रले नै पोल्यान्ड राज्य निर्माण गरेको थियो" (भवानी बराल, २०७३ साउन १७ गते, अनुसूची ४) ।

नेकपा (एमाले) का महासचिव ईश्वर पोखरेल अनुसार "नेपाल बहुराष्ट्रिय राज्य होइन यो बहुजातीय, बहुधार्मिकयुक्त राष्ट्र हो । सांस्कृतिक सम्मिलन, सहिष्णुता, सामाजिक सद्भाव हाम्रो समाजको विशेषता हो । हामी ठूला फौज र हतियारले टिकेको होइन । हजारौँ वर्षदेखि सामाजिक सद्भावमा टिकेको समाज हो, तपाईंहरू जातीय मुक्ति र वर्गीय मुक्तिलाई सँगै लानुपर्दछ ।"[१३] पोखरेलले सामाजिक सद्भावमा टिकेको भने पनि अन्य आदिवासी जनजाति विद्वान् तथा अभियान्ताहरूले भने आदिवासी

[१३] पोखरेलले लोकतान्त्रिक तामाङ सङ्घको १२औं स्थापना दिवसका २०७४ भदौ ४ गते काठमाडौँमा दिएको वक्तव्य ।

जनजातिहरूले उत्पीडन स्वीकार गरेका कारण समाजमा विग्रह पैदा नभएको तर यो उत्पीडन ब्राह्मण-क्षेत्री समुदायलाई भएको भए उहिल्यै विद्रोह गरिसकेका हुन्थे भन्ने तर्क गरेका छन् । बेदुराम भुसालका अनुसार राष्ट्र पुँजीवादी युगको सामाजिक सङ्गठन हो। यसको आर्थिक आधार पुँजीवादी उत्पादन प्रणाली हो, जसमा आधुनिक उद्योगधन्दा, वाणिज्य-व्यापार र वित्तीय कारोबारजस्ता विशेषताहरू हुन्छन् । एउटा निश्चित भूभागमा बस्ने जनजाति र आर्थिक समूहका मानिसहरू आपसमा घुलमिल भएर साझा अर्थव्यवस्था, साझा भाषा, साझा संस्कृति र साझा मनोभावनाको निर्माण गरेपछि राष्ट्रको उदय हुन्छ (भुसाल, २०६७,पृ. ७४) ।

नेपालको संविधान २०७२ अनुसार 'बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो' (नेपालको संविधान, २०७५,पृ. २) । नेपालको राजनीतिक वृत्तमा राष्ट्रियताको व्याख्यासमेत फरक फरक ढङ्गले गर्ने गरिएको छ। एमाले सम्बद्ध खस-आर्य समुदायले नेपाललाई राज्य-राष्ट्र (State Nation) र माओवादी लगायत अन्य कम्युनिस्टहरु र आदिवासी जनजातिहरूले राष्ट्र-राज्य (Nation State) का रूपमा परिभाषा गर्ने गरेका छन्। आदिवासी जनजातिहरूले नेपाललाई बहुराष्ट्रिय राज्य भन्ने गरेका छन् भने खस-आर्यहरूले एकल राष्ट्र राज्यका रूपमा परिभाषा गर्ने गरेका छन् । नेपालको सामाजिक बनावट र विकासको सन्दर्भमा यी दुई समुदायबाट पृथक् र परस्पर विरोधी अर्थ लगाउनु नै राजनीतिक दर्शनको नभएर सामाजिक-सांस्कृतिक समस्या रहेको प्रस्ट हुन्छ ।

विश्वका धेरैजसो राज्यहरू एकभन्दा बढी जाति/राष्ट्र मिलेर बनेका छन् । कोरियाजस्तो एउटा जाति भएको एकल जातीय राष्ट्र/राज्य (Mono-National State) विश्वमा अपवादका रूपमा छन् । यस सन्दर्भमा नेपाललगायत विश्वका अधिकांश देशहरू राष्ट्र राज्य (Nation State) नभएर बहुराष्ट्रिय राज्य भन्न उपयुक्त हुन्छ (शेरचन, सन् २०१४,पृ. ८८) । माथिका परिभाषाअनुसार नेपाल एक बहुजातीय राज्य अर्थात् Multination State हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

नेपाल कम्युनिस्ट पार्टीको पहिलो घोषणापत्रले (१५ सेप्टेम्बर १९४९/२००६ भदौ ३०) विशेषाधिकारहरू र जातपात, नश्ल र जातिका आधारमा गरिने भेदभावको कुरा उठाएको थियो । त्यो मुद्दालाई २०१० सालमा सम्पन्न प्रथम महाधिवेशनले अझ विस्तृत रूपमा उठाएको थियो। २०१४ सालको दोस्रो महाधिवेशनमा विवादको कारण प्रतिवेदन पास हुन सकेन, तर महाधिवेशनमा पेस गर्न तयार गरिएको 'पार्टी कार्यक्रम परिवर्तन किन ?' भन्ने शीर्षकमा प्रथम महाधिवेशनले पारित गरेको जातीय आत्मनिर्णयको अधिकारको खण्डन गरिएको छ। २०१९ सालमा सम्पन्न तेस्रो महाधिवेशनको तुलनामा २०३१ साल असारमा सम्पन्न चौथो महाधिवेशनको दस्तावेजमा नेपाली समाजमा जातीय असमानता व्याप्त रहेको र त्यसको मूल कारण खस-आर्य रहेको किटान गरिएको छ (हेर्नुहोस् तालिका ५.३) ।

तालिका ५.३: २००६-२०४६ अवधिमा कम्युनिस्ट पार्टीका विभिन्न महाधिवेशनबाट पारित जातीय मुद्दा

| **महाधिवेशन** | **जातीय मामिलासम्बन्धी नीति** |
|---|---|
| नेपाल कम्युनिस्ट पार्टीको पहिलो घोषणापत्र सन् १९४९ (२००६) | ....विशेषाधिकारहरू, जातिपाति, साम्प्रदायिक र नश्लका आधारमा गरिने भेदभावको अन्त्य ( पुष्पलाल, २०७३) । |
| प्रथम महाधिवेशन (२०१० माघ १३-१७) | धर्म, जाति, वर्ग, लिङ्ग, राष्ट्रियता आदिको भेदभाव अन्त्य सबै जातिलाई आत्मनिर्णयको अधिकार मातृभाषामा शिक्षा पाउने अधिकार । सरकारी संस्थाहरूमा आफ्नो भाषाको प्रयोग गर्ने अधिकार । कुनै पनि अनिवार्य राष्ट्रभाषा नहोस् प्रत्येक भाषालाई बराबरी अधिकार धर्मलाई व्यक्तिगत विश्वासको विषय बनाइयोस् (भुसाल, २०७०; बस्नेत, २०६९) । |
| दोस्रो महाधिवेशन (२०१४ जेठ १४) | राष्ट्रिय वस्तुस्थितिबाट दूर रही कोरा सैद्धान्तिक रूपमा जातीय आत्मनिर्णयको कुरा गर्नु (विवादका कारण प्रतिवेदन पारित हुन नसकेको) (भुसाल, २०७०; बस्नेत, २०६९) । |
| तेस्रो महाधिवेशन (२०१९ वैशाख १४-१५) | देशका विभिन्न जातिहरूको भाषा, साहित्य तथा संस्कृतिको विकास गर्ने कुराको उल्लेख गरिएको छ (बुँदा नं. ७) (भुसाल, २०७०,पृ. १९८) । राजा महेन्द्रको कदमले राजनीतिक सङ्कट मात्र होइन, देशको सामाजिक, सांस्कृतिक एवम् शैक्षिक जीवनमा समेत ठूलो आघात पुऱ्याइरहेको छ ( भुसाल, २०७०; बस्नेत, २०६९) । |
| चौथो महाधिवेशन (२०३१ बनारस) | नेपालको अल्पसङ्ख्यक बाहुन, क्षेत्री, ठकुरी (विशेषतः शाह) राणा आदि र नेवार जातिको उच्च तप्काद्वारा बहुसङ्ख्यक जातिहरू शोषित, पीडित छन् । यो जातीय शोषण र उत्पीडनको रूप आर्थिक, सामाजिक र सांस्कृतिक सबै रूपमा देखा परेको छ । जनवादी क्रान्तिले जातीय समानता, सामाजिक, सांस्कृतिक विकास तथा राजनीतिक कार्यका लागि समान आवरका आधारमा हल गर्ने छ ।<br>नेपालमा धर्मको नाममा ठूलो पैमानाको शोषण भइरहेको छ । जनवादी क्रान्तिले धार्मिक स्वतन्त्रता कायम गर्ने छ । धर्मका नाममा हुने शोषण, उत्पीडन, समाजविरोधी कुरीति र चाल चलनको अन्त्य गर्ने छ (बस्नेत, २०६९,पृ. ३७) । |

(स्रोतः महाधिवेशन दस्तावेजहरू तथा पलिो घोषणा पत्र)

नेपालको सांस्कृतिक आन्दोलन र वर्गीय आन्दोलनमा २०५२-२०६३ सालको अवधिमा कम्युनिस्ट पार्टी (मूलतः माओवादीले) ले जातीय मुद्दालाई धेरै बोकेकाले साथसाथै पहिलो संविधानसभाको विघटनपछि मूलतः २०६८/६९ सालको अवधिमा कम्युनिस्ट पार्टीको बहुमत संविधानसभाद्वारा जातीय पहिचानमा आधारित राज्यको पुनर्संरचना नगरी संविधानसभाको विघटन गरेपछि आदिवासी जनजाति आन्दोलन र नेकपाको गतिविधि समानान्तर रूपमा अघि बढेको पाइन्छ। जसका कारण पहिचान र वर्गीय मुद्दा २०६८ सम्म एक-आपसका सहयोगीका रूपमा देखिए पनि पहिलो संविधानको विघटनपछि परस्पर विरोधीका रूपमा देखिएको छ। पछिल्लो समयमा पेसागत सङ्गठनहरूबाहेक जातीय तथा क्षेत्रीय सङ्गठनहरूको निर्माण गर्ने संस्कार नेपालका कम्युनिस्ट पार्टीहरूद्वारा स्थापित मान्यताका रूपमा रहिआएको छ।

### ५.२.२ जातीय मुद्दाको राजनीतीकरणः जातीय सङ्गठनहरू

जातीय पहिचानमा आधारित आन्दोलनहरू सन् १७७८ मा पल्लो किरातका लिम्बूहरूको भाषिक आन्दोलनबाट सुरु भएर विभिन्न चरणमा जातीय स्वशासन, भूमि अधिकार, र जातीय तथा भाषिक उत्पीडनविरुद्ध विभिन्न सामाजिक समूहहरूले आ-आफ्ना ठाउँबाट उठाएको इतिहास छ (गुरुङ, २०६७,पृ. ११) । तर यो मुद्दालाई राष्ट्रिय राजनीतिको मूलधारमा लिने श्रेय भने नेकपालाई जान्छ । नेपालका राजनीतिक पार्टीहरूले जनवर्गीय सङ्गठनका रूपमा विद्यार्थी, युवा, मजदुर, किसानलगायत विभिन्न

पेसागत समूहहरू र लैङ्गिक रूपमा महिलालाई पार्टीहरूको स्थापनाकालदेखि नै सङ्गठित गर्ने परम्परा बनाएको देखिन्छ। कम्युनिस्ट पार्टीको स्थापनादेखि नै जातीय क्षेत्रीय, धार्मिक विभेदका बहसहरू चल्दै आए पनि, एमाले नेता दलबहादुर रानामगरका अनुसार, औपचारिक रूपमा २०३९ सालमा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी मालेका नेता झलनाथ खनालको नेतृत्वमा आदिवासी जनजातिहरूको मुक्तिका लागि भक्तपुरमा पहिलो भेला गरिएको थियो। पछिल्लो समयमा यी पेसागत सङ्गठनहरूबाहेक जातीय तथा क्षेत्रीय सङ्गठनहरूको निर्माण गर्ने संस्कार नेपालका कम्युनिस्ट पार्टीहरूद्वारा स्थापित मान्यताका रूपमा रहिआएको छ।

२०४४ वैशाखमा नेकपा मसालद्वारा जनवर्गीय सङ्गठका रूपमा जनजातिहरूको सङ्गठन अखिल नेपाल जनजाति सम्मेलनको न्युक्लियसको स्थापना ललितपुरमा भएको थियो । २०७५ साल साउन १७ गते रामसिंह श्रीसले दिएको विवरण अनुसार संयोजक रामसिंह श्रीस र सदस्यहरूमा परि थापा र मनमाया थापा गुरुङ थिए । जनजाति सम्मेलनको विधानको उद्देश्यमा भनिएको छ : देशका जनजातिहरूलाई आर्थिक, राजनीतिक, सामाजिक शोषण र उत्पीडनबाट मुक्तिका लागि सचेत र सङ्गठित गर्दै आन्दोलन गर्नेछ, जनजातिहरूका निम्ति स्थानीय स्वशासनका लागि सङ्घर्ष गर्नेछ (अखिल नेपाल जनजाति सम्मेलन, २०७०,पृ. १६) ।

२०४६ सालको राजनीतिक परिवर्तनपश्चात् जातीय मुक्तिका बहसहरू व्यापक रूपमा चले । विभिन्न सामाजिक सामुदायिक सङ्गठनहरू स्थापना भए पनि राजनीतिक जातीय सङ्गठनका रूपमा तत्कालीन नेकपा माओवादीले २०५४ चैत २८ गते लोकबहादुर थापामगर, संयोजक (स्याङ्जा) र सदस्यहरूमा सन्तोष बुढामगर (रोल्पा), तेज मान घर्तीमगर (रोल्पा), कृष्ण पुनमगर (रुकुम), कृष्ण थापामगर (बागलुङ), नारायण तारुङमगर (तनहुँ,) दीपक चर्ती थापामगर (स्याङ्जा) र रमेश थापामगर (गोरखा) रहेको नौ सदस्यीय मगरात राष्ट्रिय मुक्ति मोर्चा नेपाल केन्द्रीय संगठन समिति निर्माण गरेको थियो।

नेकपा माओवादीले विभिन्न जातीय मोर्चाहरूको गठन गरी राजनीतिक रूपमा क्रियाशील बनाएपछि अन्य कम्युनिस्ट पार्टीहरू र कम्युनिस्ट विचारसँग सहमत नभएका अन्य राजनीतिक पार्टीहरूले समेत विभिन्न जातीय सङ्गठनहरूको स्थापना गर्ने लहर चलेको पाइन्छ। यसको कारण २०५२ सालमा माओवादीले जनयुद्ध सञ्चालन गर्दा खासै जनाधार प्राप्त गर्न सकेको थिएन । जब राजनीतिक रुपमा मूलधारबाट सीमान्तकृत र बहिस्करणमा परेका आदिवासी जनजाति र दलितहरूको सङ्गठन निर्माण गरी त्यस समुदायको भूमिकाको लागि भनी अभियान चालियो, तब मात्र आम नागरिकको चासो रहन गयो । सबैभन्दा पहिले मगरात मुक्ति मोर्चाको गठन भएपछि आम जनताको समर्थन प्राप्त गऱ्यो र यो एक सफल रणनीति बन्न पुग्यो । त्यसपछि यो क्रम अन्य आदिवासी जनजातिहरुमा पनि क्रमशः लागू गर्दै विभिन्न

जातीय मुक्ति मोर्चाहरूको गठन गर्दै गयो (Baral, 2010) । यस्ता मुक्ति मोर्चाहरूको गठन र त्यी समुदायहरूको परिचालन वास्तविक उद्देश्यअनुरुप थिए वा मात्र उपयोगको रणनीति थियो, अर्थात उनीहरूको हितको लागि थियो कि माओवादीको प्रभाव विस्तारको लागि यी प्रश्नहरू छुट्टै अध्ययनको बिषय बन्न सक्दछ।

नेकपा (एमाले) को २०४९ भदौमा सम्पन्न पाँचौं र २०५४ माघमा सम्पन्न छैटौं राष्ट्रिय महाधिवेशनबाट भाषा, संस्कृति तथा जातीय मामिला विभागहरू गठन भएका थिए। नेपालका कम्युनिस्ट पार्टीहरूले आफ्नो राजनीतिक कार्यक्रमका रूपमा अगाडि सारेको जातीय अग्राधिकार, जातीय आत्मनिर्णयको अधिकार तथा जातीय स्वशासन जस्ता कार्यक्रमहरू यी जातीय सङ्गठन मार्फत आम जनसमुदाय र सम्बन्धित जाति तथा समुदायमा पुर्‍याउने गर्दथे, जसका कारण कम्युनिस्ट पार्टीको विस्तार आधारभूत तहसम्म मजबुत बनेको थियो।

तालिका ५.४: २०४६-२०७० को अवधिमा नेपालका कम्युनिस्ट पार्टीहरूको जातीय पहिचानसम्बन्धी अवधारणा

| क्रस | नेकपा | राजनीतिक अवधारणा |
|---|---|---|
| १ | नेकपा मसाल | जनजातिहरूको घना बस्ती भएका स्थानहरूमा उनीहरूलाई जातीय वा स्थानीय स्वायत्त शासनको अधिकार दिनुपर्दछ। जाति वा आदिवासीहरूलाई आफ्नो भाषा, धर्म, सामाजिक वा राजनीतिक विषयहरूमा आत्मनिर्णयको अधिकार स्वीकार गर्नुपर्दछ। जनजाति वा पिछडिएका जातिहरूप्रतिको भेदभाव, उत्पीडनको अन्तका लागि कडा व्यवस्था गरिनुपर्दछ। उनीहरूको भाषा, संस्कृतिको संरक्षण वा विकासका लागि आवश्यक मद्दत गरिनुपर्दछ। उनीहरूको घना बस्ती भएको क्षेत्रहरूमा जातीय, क्षेत्रीय स्वशासन वा स्वायत्तता अधिकार प्राप्त हुनुपर्दछ (राजनीतिक दस्तावेजहरू, २०६४,पृ. १३, ३१)। |
| २ | नेकपा क्रा. माओवादी (वैद्य समूह) | सामन्तवादी उत्पीडक ब्राह्मणवादी जातिद्वारा दलित, आदिवासी जनजाति र मधेसी समुदायमाथि हुँदै आएको राजनीतिक, आर्थिक, सांस्कृतिक र सबैखाले उत्पीडनको अन्त्य हुनुपर्दछ। जातीय आत्मनिर्णयको अधिकारलाई सैद्धान्तिक रूपमा स्वीकार गर्नुपर्दछ। जातीय पहिचानसहितको सङ्घीयताका आधारमा स्वायत्त शासनको व्यवस्था हुनुपर्दछ। उत्पीडित जाति तथा क्षेत्रका लागि सापेक्षित समानता हासिल नहुँदासम्म अग्राधिकारको व्यवस्था हुनुपर्दछ (२०७१ सालमा सम्पन्न सातौं महाधिवेशनबाट पारित, नेपाल कम्युनिस्ट पार्टी माओवादीका दस्तावेजहरू)। जनयुद्ध, जनआन्दोलन, मधेस, आदिवासी जनजाति तथा उत्पीपीडित क्षेत्रका जनताद्वारा सञ्चालित आन्दोलनको अभिव्यक्त वर्गीय मुक्ति, पहिचानसहितको सङ्घीयता, समावेशी समानुपातिक, प्रतिनिधित्व, विशेषाधिकार, अग्राधिकार आदि विषयलाई लिई जनविद्रोहमार्फत नेपाली जनक्रान्तिको तयारी दिशामा अगाडि बढ्नेछ (राष्ट्रिय भेला, २०६९ असार २-५)। |
| ३ | नेकपा मओवादी विप्लव समूह | देशमा जातीय, क्षेत्रीय दुरी बढेर गएको छ। जातीय उत्पतिलाई ऐतिहासिक भौतिकवादी कोणबाट हेर्दै जातीय उत्पीडन वर्गीय उत्पीडन वर्गीय उत्पीडन वर्गीय उत्पीडनकै एक भागका रूपमा स्वीकार गरेको छ। यसको अर्थ वर्ग उत्पीडनको अन्त्यसँग मात्र जातीय उत्पीडनको पनि अन्त्य हुन्छ। नेपालमा आत्मनिर्णयको अधिकार सहित जनवादी गणतन्त्रभित्र स्वायत्त शासन नै जातीय मुक्तिको वास्तविक आधार हो आठौं महाधिवेशन ( २०७३ फागुन ५-१०) (सुवेदी, २०७४,पृ. १४)। नेपाल समग्र केन्द्रीकृत राष्ट्र भएपनि यसभित्र केही महत्वपूर्ण राष्ट्रियताहरू (मगर, राई, लिम्बू, गुरुङ, तामाङ, नेवार, थारू, मधेसी, कोच, चेपाङ आदि) पनि छन्। ...नेपालभित्रका राष्ट्रियताहरू केन्द्रीकृत सत्ताबाट उत्पीडनमा परेका छन्। ...उत्पीडित राष्ट्रियताहरूलाई मुक्त गरी राज्य सञ्चालनमा समान अधिकारको सुनिश्चितता दिनु छ (चन्द, २०७१,पृ. ४५०)। |
| ४ | नेकपा एकीकृत | नेपाल राज्यको नयाँ संरचनाका माध्यमबाट पछि परेका र परिएका जति र समुदयलाई अधिकार सम्पन्न गराउने उद्देश्यले आत्मनिर्णय अधिकारको सिद्धान्त र जातीय क्षेत्रीय स्वशासनका आधारमा राज्य गर्ने अधिकार ( राजनीतिक दस्ताबेज २०६५, सातौं महाधिवेशन)। सङ्घीय संरचनामा लिम्बुवान, खम्बुवान, तामाङसालिङ, नेपाः मण्डल, तमुवान, मगरात, खसान, पश्चिम खसान, थारूहत, अवध-भोजपुरा र मिथिला-थारू गरी ११ वटा स्वशासित प्रदेशहरू प्रस्ताव गरेको छ (नेपाल राज्यको सङ्घीय संरचना, मिति उल्लेख नभएको,पृ. ४३- |

| | | |
|---|---|---|
| | | ४४)। |
| ५ | नेकपा (माले) | पिछडिएका जाति तथा जनजातिहरूको सामाजिक, आर्थिक तथा प्राज्ञिक विकासका लागि एउटा 'जनजाति तथा सामुदायिक विकास मन्त्रालय' को स्थापना गरिने छ। देशमा विद्यमान जाति, भाषा, धर्म र संस्कृतिका क्षेत्रमा रहेका सबैखाले एकाधिकार र विशेषाधिकारको अन्त्य गरिने छ (घोषणापत्र, २०५४,पृ. १९ र चुनाव घोषणापत्र, २०५६)। सामन्ती राजतन्त्रतात्मक कालमा कुण्ठित रहेको जातीय पहिचानलाई संविधानद्वारा स्थापित गर्न एउटा सक्षम समावेशी आयोग गठन गरी बैज्ञानिक आधारमा सबै जातिको सूची बनाई संविधानमा राखी जातीय पहिचानलाई संस्थागत गर्दै नेपालमा बसोबास गर्ने सबै जातिलाई नेपालको आदिवासी भएको घोषणा गरिनुपर्दछ। स्थानीय स्वायत्त एकाइ गठन गर्दा सम्बन्धितएकाइमा जनसङ्ख्याको बहुमत नपुग्ने अल्पसङ्ख्यक जातिहरूको निम्ति जातीय संरक्षित स्वायत्त एकाइ गठन गरिनुपर्दछ। सङ्घीय प्रदेशभित्र जातीय वा भाषिक बहुलताका आधारमा स्वायत्त जातीय एकाइ गठन गरिनुपर्दछ (सातौँ महाधिवेशन, तत्कालीन कार्यनीति, २०७३,पृ. ३४)। |
| ६ | नेमकिपा | दुई सदनात्मक व्यवस्थापिका मध्ये माथिल्लो सदन लाई जनजातिसभा (House of Nationalities) हुनेछ संविधानसभा निर्वाचन घोषणापत्र २०६४,पृ. ९)। उपनिवेशविरोधी मुक्ति आन्दोलनमा आत्मनिर्णयको अधिकार जति सार्थक हुन्छ नेपालको सन्दर्भमा जातजाति र भाषाभाषी र क्षेत्रका आधारमा आत्मनिर्णयको अधिकारसहितको सङ्घ राज्यले जातीय, भाषिक, र साम्प्रदायिक भिडन्त र देश नै विभाजन हुने सम्भावना भएकाले भूगोल, प्राकृतिक स्रोत र साधनका आधारमा चौध प्रदेशको प्रस्ताव गर्दछ (संविधानसभा निर्वाचन घोषणापत्र २०७०,पृ. ३; छैटौ महाधिवेशन दस्तावेजहरू, २०७०,पृ. २८)। |
| ७ | नेकपा (कट्टेल समूह) | एकल जातीय पहिचानका आधारमा १० वटा प्रदेशहरू। त्यसको विकल्पमा वा संयुक्त क्लस्टरको अधारमा ५ (नेवा-तामाङ, तमु-मगरात, खस-थारू, मधेस-मिथीला र राई-लिम्वू)। |
| ८ | माओवादी कम्युनिस्ट पार्टी, नेपाल (गोपाल किराती समूह) | जातीय मोर्चाहरूको निर्माण गर्ने नीति रहेको छ। माओवादीले अभ्यास गरेको पहिचानमा आधारित दशवटा गणराज्य (कोचिला, लिम्बुवान, किरात, मधेस, नेवाः, ताम्सालिङ, मगरात, तमुवान, थरुवान र खसान) को पुनर्स्थापनको प्रस्ताव गरेको छ।[१४] |
| ११ | बैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपाल | नेपालमा लामो समयदेखि खस-आर्य जाति वा राष्ट्रले (Nation) ले अन्य राष्ट्रियतामथि शासन गर्दै आएको छ। यो राष्ट्र आफैंभित्र जात व्यवस्थामा आधारित तहगत स्थानमान (Hierarchy) को व्यवस्था छ ( विचारधारात्मक राजनीतिक कार्यदिशासम्बन्धी प्रस्ताव, २०७५)। |

(स्रोतः सम्बन्धित पार्टीका दस्तावेजहरू तथा संविधानसभा निर्वाचन २०६४ र २०७० को घोषणापत्र)

नेकपा एकीकृतको २०६५ साल मङ्सिरमा जनकपुरमा सम्पन्न एकता सातौँ महाधिवेशबाट पारित प्रतिवेदनमा उल्लेख छः "नेपालको मिश्रित हुँदै गएको सामाजिक संरचनाको सन्दर्भमा राष्ट्रिय एकता, सार्वभौमिकता र क्षेत्रीय अखण्डतालाई सर्वोपरि राख्दै आत्मनिर्णयको अधिकारलाई राजनीतिक आर्थिक, सामाजिक भाषिक एवम् सांस्कृतिक विकास गर्न जातीय, क्षेत्रीय स्वशासनको अधिकार प्रयोगका रूपमा बुझ्नुपर्दछ। विविधताले भरिएको नेपालमा जाति, भाषा र क्षेत्रलाई मूल आधार र सामाजिक सांस्कृतिक प्राकृतिक स्रोतसाधन र भौगोलिक सामीप्य आदि भौतिक विकासका सम्भावनालाई समेत ध्यानमा राखेर जातीय क्षेत्रीय स्वशासनको निर्माण गर्नु सर्वोत्तम हुनेछ।"

२०६२-६३ सालको शान्तिपूर्ण जनक्रान्तिमा आदिवासी जनजातिहरू आफ्नो मौलिक पहिचानसहित सक्रिय सहभागितापछि नेपालका अधिकांश राजनीतिक पार्टीहरूले यी समुदायका जातीय सङ्गठनहरूको निर्माण गरेको पाइन्छ। कम्युनिस्ट पार्टीहरूले नेपाली समाजमा वर्गीय अन्तर्विरोध मात्र

---

[१४] गोपाल किराँतीले २०७८ माघ १ गते मेसेन्जरमार्फत दिएको विवरण।

नभएर जातीय अन्तर्विरोध पनि विद्यमान रहेकाले वर्गीय आन्दोलन र जातीय आन्दोलनलाई एकसाथ परिचालन गर्ने उद्देश्यले सङ्गठनको निर्माण गर्नुपरेको औचित्य पुष्टि गर्दै आएका छन्। खिमलाल देवकोटाका अनुसार, "जातीय पहिचानको राजनीति नेपालको बाध्यता हो । सामाजिक न्यायको लागि जातीय पहिचानको मुद्दा उठाएका हौं, यो वैकल्पिक राजनीतिक मान्यता हो, हाम्रो पार्टीले यसको प्रतिनिधित्व गर्दछ। न्यायको स्प्रित छोडेर निषेधको राजनीति गरेमा जातीय युद्ध पनि हुन सक्छ। अहिले पनि जातीय समानताको आन्दोलनमा निम्न वर्ग वा निम्न मध्यम वर्गहरु नै छन् । सम्भ्रान्त वर्गहरु वर्गीय आन्दोलन मात्र होइन जातीय समानताको आन्दोलनमा पनि छैनन्" (खिमलाल देवकोटा, २०७३ श्रावण १७ गते, अनुसूची ४) ।

समाजशास्त्री कृष्ण भट्टचनका अनुसार कम्युनिस्टहरूले मगर मुक्ति मोर्चालाई कहिले पनि पार्टीमा गम्भीर निर्णयहरू गर्ने अवसर दिएका छैनन्। आदिवासी जनजातिहरूलाई उपयोगका लागि मात्र यी संस्थाहरू निर्माण गरिएको उनको मत रहेको छ (कृष्ण भट्टचन, २०७३ साउन २७ गते, अनुसूची ४) । गोवर्द्धन रानाका अनुसार, "नेपालका पार्टीहरूले मुक्ति दिनका लागि होइन पार्टीमा भोट सुरक्षित गर्न र आदिवासी जनजातिहरूलाई नियन्त्रणमा राख्न जातीय सङ्गठनहरू बनाएका हुन्" (गोवर्द्धन राना, २०७३ साउन १३ गते, अनुसूची ४) । भट्टचनको यो भनाइलाई स्वयम् कम्युनिस्ट पार्टीको जनवादी केन्द्रीयतामा आधारित सङ्गठनात्मक प्रणालीले नै पुष्टि गर्दछ। यस प्रणालीअन्तर्गत पार्टीको माथिल्लो निकायले गरेका निर्णय सबै निकायले मान्नुपर्ने हुन्छ। त्यस विषयमा असहमत राख्ने वा आलोचनात्मक सुझाव राख्ने अवसर भए पनि निर्णय मान्नुपर्ने बाध्यता रहन्छ। अर्को तर्फ भट्टचन र रानाले जातीय सङ्गठनहरूको निर्माण अधिकार दिनलाई नभई उपयोग गर्नलाई भन्ने सन्दर्भ पनि पहिचानमा आधारित प्रदेश निर्माण नगरी पहिलो संविधानसभाको विघटन गर्नुले पनि पुष्टि गर्दछ।

वर्तमानमा नेपालका कम्युनिस्ट पार्टीहरूले जातीय जनसङ्गठनहरूको निर्माणपछि हामीले आदिवासी जनजातिहरूको भूमिका देखेता पनि कम्युनिस्ट पार्टीको इतिहासलाई गहिरो अध्ययन गर्ने हो भने नेपालको कम्युनिस्ट पार्टीको नेतृत्वमा भएका विभिन्न आन्दोलन र विद्रोहका घटनाहरूमा आदिवासी जनजातिको सहभागिता रहेको पाइन्छ। वर्तमानको खुला र उपयोगवादी राजनीतिमा कम्युनिस्ट पार्टीको निर्णायक तहमा आदिवासी जनजातिको सहभागिता र भूमिका कमजोर रहे पनि कम्युनिस्ट पार्टीहरूले आन्दोलन र युद्धका केन्द्रबिन्दुका लागि आदिवासी जनजातिका बस्तीहरू नै रोज्ने गरेका छन्। नेपालको राजनीतिमा धेरै महत्व राख्ने २०११ सालको किसान आन्दोलनको गण्डकी क्षेत्रको नेतृत्व एकदेव आलेमगरले गरेका थिए। २०१७ सालको किसान आन्दोलनका दाङका नेता गुम्रहा थारूको हत्या, २०२८ सालको झापा विद्रोह राजवंशीको आदिभूमिबाट, २०३६ साल कात्तिक १७ गतेको धनकुटा, छिन्ताङ विद्रोह राईहरूको बस्तीबाट, २०४१ सालको माघे सङ्क्रान्तिमा सिन्धुपाल्चोक पिस्कर घटना थामी समुदायको बस्तीमा, २०५२ फागुन २ गतेको माओवादी विद्रोहको वातावरण मगरको थातथलो रोल्पाको

गाम गाउँबाट भएका छन् (के. सी., २०६५,पृ. ४२९; के. सी., २०७१,पृ. १९४) । यी राजनीतिक घटनाहरूको सन्दर्भमा राजनीतिशास्त्री कृष्ण खनाल भन्छन्, “राजनीति आन्दोलन चेतनाबाट गर्ने हो तर यहाँ कमजोर चेतनाको दुरुपयोग गरिएको छ । जस्तो, पिस्कर काण्ड, छिन्ताङ काण्ड, रोल्पा विद्रोह । माओवादीले जातीय कुरा दर्शनको, नीतिको रूपमा भन्दा पनि नाराबाजीका रूपमा लिए । Substance ( सार) र Propoganda (प्रचार) फरक विषयहरू हुन्” (कृष्ण खनाल, २०७३ भदौ ६ गते, अनुसूची ४) ।

नेकपाका विभिन्न अभियानहरूले छुवाछुत, सामाजिक, सांस्कृतिक, धार्मिक लगायतका विभेदहरूको विपक्षमा र समानताको पक्षमा ठूलो मनोविज्ञान र जनमत खडा पनि गर्दै आएको छ। नेकपाले स्थापनादेखि नै जातीय मुद्दा उठाउँदै आएको छ। चैतन्य मिश्रका अनुसार पछिल्लो समय २०५२ सालमा नेकपा माओवादीका नाममा (सन् १९९६-२००६) गरिएको सशस्त्र विद्रोहले पनि वर्गीय मुद्दाभन्दा जातीय, क्षेत्रीय र लैङ्गिक मुद्दाको साहारा लिनुपर्‍यो। अहिले नेपालमा जातीय राजनीतिलाई मलजल गरेको आरोप खेप्नुपरेको छ (Mishra, 2012,p. 80)।

धेरै वामपन्थी धारका विद्वान्‌हरू तथा राजनीतिकर्मीहरूले मानव जातिको अन्तर्राष्ट्रिय जातिमा रूपान्तरण हुने मान्यता र जातीय संरचना अस्थायी हो भन्ने तर्क पनि गर्दछन्। तर प्राध्यापक पीताम्बर शर्माले त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विभागद्वारा आयोजित गोष्ठीमा जातीय पहिचान स्वतः वा बिस्तारै लोप भएर जान्छ भन्नु गलत कुरा भएको बताउँदै हाम्रो छिमेकी मुलुक भारतमा लामो समयदेखि जातीय व्यवस्था कायमै रहेको र यो विषयमा वर्गीय दृष्टिकोण राख्ने मार्क्सवादीहरूले पनि समय सापेक्ष विचार बनाउन नसकेको उनको मत रहेको छ। यस विषयमा भारतको शिखको उदाहरण दिँदै कृष्ण खनाल थप प्रस्ट गर्दै भन्छन्, “पहिचान लामो समयसम्म पनि रहन्छ भन्ने कुरा भारतका शिखहरूको आन्दोलनबाट पनि प्रस्ट हुन्छ, उनीहरू भारतमा दुई प्रतिशत मात्र छन्, आर्थिक, राजनीतिक रूपमा माथि नै छन् तर उनीहरूले छुट्टै खालिस्तान राज्यको माग गरिरहेका छन्” (कृष्ण खनाल, २०७३ भदौ ६ गते, अनुसूची ४)। शर्मा र खनालका यी भनाईले पहिचानको बहस विगत लामो समयदेखि चल्दै आए पनि यसको सम्वोधन नभएमा कालान्तरसम्म चल्दै जाने कुरामा विश्वास गर्न सकिन्छ । आदिवासी जनजातिहरूको सहभागिता र बलिदानीबाट नेपालको राजनीति परिवर्तन भए पनि उनीहरूको राजनीतिक प्रतिनिधित्वमा भने खासै परिवर्तन आएको छैन।

नेपाली कम्युनिस्ट पार्टीको इतिहासमा नेतृत्वमा धेरै उथलपुथलहरू भएको पाइन्छ। जस्तैः वर्ग शत्रुहरूलाई खत्तम गर्ने, सामन्ती राज्यसत्ता ध्वंस गर्ने, गाउँबाट सहर घेर्ने र जनवादी राज्यसत्ता स्थापना गर्ने आदि विभिन्न कार्यक्रमहरूमार्फत ठुलाठुला घटनाहरू घटाएका र त्यसको जिम्मेवारी पनि लिएका छन्। यी घटनाहरूमध्ये २०२८ सालको झापा विद्रोह, २०३६ सालको छिन्ताङ काण्ड, २०४१ सालको पिस्कर काण्ड र २०५२ सालको रोल्पा विद्रोह उल्लेखनीय छन्। यी घटनाहरूमा कम्युनिस्ट पार्टी र स्थान

विशेषहरूको नाम हामीले सुन्ने र सम्भिने गरे पनि त्यसको सामाजिक तथा सांस्कृतिक पृष्ठभूमि भने सोचेकोभन्दा पृथक् रहेको छ। यी सबै घटना आदिवासी जनजातिको सघन बसोबास भएको र उनीहरूको पुर्ख्यौली थातथलोमा भएको छ। घटनाहरूको केन्द्रीय नेतृत्व तथा योजनाकारहरू भने यी बस्तीहरूसँग सम्बन्धित आदिवासी जनजाति नरहेका खस-आर्य समुदायका छन्। गोवर्द्धन रानाका अनुसार, "जातीय मुद्दाले अहिले कम्युनिस्टहरूलाई आत्मघाती भएको छ। आदिवासी जनजातिहरू क्षमता निर्माण गरी प्रतिस्पर्धामा आउनुपर्दछ, सजावट मात्र हुनुहुँदैन" (गोवर्द्धन राना, २०७३ साउन १३ गते, अनुसूची ४)। अर्कोतर्फ जातीय राजनीति वर्गीय राजनीतिको एउटा पाटो हो, जातीय उत्पीडनलाई वर्गीय राजनीतिबाट अलग गरेर मुक्ति सम्भव नभएको दावी गर्दै सन्तोष बुढामगरले नेपाली समाजमा विद्यमान रहेको वर्गीय, जातीय लगायतका विभेदको अन्त्य मार्क्सवादबाट मात्र सम्भव भएको पहिचान उत्पीडनको सानो अंश मात्र भएको र यो बहसलाई जातिहरूबीचमा द्वन्द्व सिर्जना गरेर समाज फुटाउने अस्त्रका रूपमा प्रयोग गरिएको बताउँछन् । "जसले पहिचानको बहस गराए उनैले संविधानसभा विघटन गराए । आदिवासी जनजातिहरू पनि एकातिर मुक्ति खोज्ने अर्कोतर्फ शक्ति कमजोर बनाउने शक्तिसँग लाग्ने प्रवृत्ति पनि छ" (सन्तोष बुढामगर, २०७३ साउन २७ गते, अनुसूची ४)।

पहिलो संविधानसभामा कम्युनिस्ट पार्टीको बहुमत सदस्य भएकोले बुढामगरले भनेजस्तै जसले पहिचानको बहस गराए उसैले पहिलो संविधानसभा विघटन गरे भन्नु र कम्युनिस्ट पार्टीबाट मात्र आदिवासी जनजातिको मुक्ति सम्भव छ भन्नु आफैमा विरोधाभास छ । विजय सुब्बाका अनुसार "कम्युनिस्ट पार्टीको नेतृत्वमा सम्पन्न भएका विभिन्न विद्रोहहरूमा आदिवासी जनजातिहरू नभएको भए त्यो सम्भव थिएन। तर मूलधारमा रहेका कम्युनिस्ट पार्टीका नेताहरूको दृष्टिकोण सही नहुनु नै आदिवासी जनजातिहरूको कम्युनिस्ट पार्टी बहिगर्मनको कारण हो" (विजय सुब्बा, २०७३ साउन ३१ गते, अनुसूची ४)। तर आदिवासी जनजातिहरू कम्युनिस्ट पार्टीबाट बहिर्गमन भएर जातीय, क्षेत्रीय पार्टी स्थापना गर्ने र सो पार्टीबाट अन्य पार्टीमा समाहित हुने प्रक्रिया पनि चलिरहेको छ।

### ५.३ नेकपा र नीति निर्माणमा जातीय समूहहरूको सहभागिता

कानुन निर्माण गर्ने वैधानिक संस्था संसदीय प्रणालीलाई सदुपयोग गर्ने सन्दर्भमा नेकपाबीचमा फरक फरक नीति रहेको पाइन्छ। २०१५ सालसम्म विभाजन नभएको एकीकृत नेकपा संसदीय निर्वाचनमा सहभागी भएको थियो। २०१९ सालपछि विभिन्न समूहमा विभाजित नेकपा २०४६ सालमा प्रजातन्त्रको बहालीपछि निर्वाचनमा सहभागी हुने र बहिष्कार गर्ने देखिए। यसै सिलसिलामा २०४८ सालको संसदीय निर्वाचन मसालले बहिष्कार गऱ्यो भने अन्य समूहले भाग लिए। २०४८ सालपछि मूलधारमा रहेका एमाले र माओवादीमध्ये एमालेले निरन्तर संसदीय निर्वाचनलाई सदुपयोग गर्दै आएको छ भने

माओवादीले २०५२ सालदेखि २०६२ सम्म सशस्त्र विद्रोहको नेतृत्व गर्दै २०६४ सालको संविधानसभाको निर्वाचनमार्फत निर्वाचन प्रक्रियमा सामेल भएको छ।

संसदीय निर्वाचनलाई सदुपयोग र बहिष्कार गर्ने दुवै खालका कम्युनिस्टहरू छन्। विगतको संसदीय निर्वाचनमा भाग नलिएका माओवादी र मसालले पछिल्लो समयमा संसद् र सरकार दुवै अनुभव गरेका छन् भने नेमकिपाले संसदलाई जनताको सम्प्रभुताका लागि सदुपयोग गर्ने तर सरकारमा नजाने नीति लिँदै आएको छ। पछिल्लो समयमा नेत्रविक्रम चन्दले नेतृत्व गरेको नेकपाले २०७४ सालको तीन तहको निर्वाचनमा सहभागी भएन भने नेकपा मसालले राजमो र नेकपा क्रान्तिकारी माओवादीले देशभक्त जनगणतान्त्रिक मोर्चाका नामबाट निर्वाचनमा सहभागिता जनाए।

२०७५ सालमा स्थापना भएको गोपाल किराती नेतृत्वको माओवादी कम्युनिस्ट पार्टी नेपालले निर्वाचनलाई सदुपयोग गर्ने नीति सार्वजनिक गरेको छ भने आहूतीले नेतृत्व गरेको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल भने पार्टीको विचारधारात्मक निर्माण चरणमा काम गरिरहेकाले निर्वाचनमा सहभागी हुने वा नहुने कुराको उल्लेख गरेको छैन। केही कम्युनिस्ट पार्टीहरूले संसदीय चुनावमा भाग लिएर पनि आफ्नो कमिटीमा रहेका नेताहरूको नाम गोप्य राख्ने प्रचलन पनि कायमै छ। जसमध्ये नेकपा मसाल, नेकपा क्रान्तिकारी माओवादी, नेमकिपाले आफ्नो केन्द्रीय कमिटीको नाम औपचारिक रूपमा सार्वजनिक गर्दैनन्।

सशस्त्र युद्ध र संसदीय निर्वाचनको सदुपयोग गर्ने दुवै धारका नेकपाहरूले जातीय समानता र उत्पीडनको मुद्दालाई भने जोडतोडले उठाएका छन्। संसदीय र संविधानसभाको निर्वाचनलाई सदुपयोग गरेको नेकपामा सामाजिक समूहको दृष्टिले विधायन प्रतिनिधित्वको अवस्थामा असन्तुलन देखिन्छ। नेकपाबाट नीति निर्माण गर्ने निकायमा दलितको अवस्था सबैभन्दा नाजुक रहेको छ भने खस-आर्य समुदायको एक प्रकारको प्रभुत्व कायम छ। २०१५ सालदेखि २०५६ सालसम्म सम्पन्न भएका चारवटा निर्वाचनमा पहिलो हुने निर्वाचन प्रणालीबाट नेकपाको तर्फबाट दलितको प्रतिनिधित्व शून्य रह्यो भने खस-आर्य समुदायबाट ७६ प्रतिशतसम्म निर्वाचित भएका छन् । २०१५ सालको निर्वाचनपछि अपवादबाहेक हरेक निर्वाचनहरूमा खस-आर्य समुदायले आफ्नो जनसङ्ख्याको अनुपातभन्दा धेरै हिस्सामा निर्वाचित हुँदै आएका छन् (हेर्नुहोस् तालिका ५.४)। नेकपाको जातीय राजनीतिका कारणले राज्यका विभिन्न तहमा समावेशी तथा समानुपातिक मुद्दालाई बल पुग्यो। २०६३ सालको अन्तरिम संविधानको जगमा निर्वाचन प्रणाली र निजामती क्षेत्रमा बहिष्करणमा परेका समुदाय र महिलाको प्रतिनिधित्वमा पनि वृद्धि भएको छ।

तालिका ५.५ः सामाजिक समूहहरूका आधारमा नेकपाहरूबाट पहिलो हुने निर्वाचन प्रणालीबाट व्यवस्थापिका संसदमा निर्वाचित विधायकहरू (प्रतिशतमा)

| साल | जम्मा सिट | प्राप्त सिट | खस-आर्य | आदिवासी जनजाति मगर सहित | मधेसी/मुस्लिम | दलित | मगर | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | समग्र | कम्युनिस्ट |
| २०१५ | १०९ | ४ | २५.० | २५.० | ५०.० | - | १.९ | ०.० |
| २०४८ | २०५ | ८० | ५०.० | ४६.२ | ३.७ | - | २.४ | ३.७ |
| २०५१ | २०५ | ९५ | ७५.७ | ३१.५ | ५.२ | - | १.९ | ३.१ |
| २०५६ | २०५ | ७८ | ६०.२ | २९.४ | १०.२ | - | १.४ | ३.८ |
| २०६४ | २४० | १५१ | ४८.३ | ४१.० | ७.२ | ३.३ | ५.८ | ८.६ |
| २०७० | २४० | ११६ | ५६.० | ३१.८ | ११.२ | ०.६ | २.० | ३.४ |
| २०७४ | १६५ | ११८ | ५८.४ | ३०.५ | ८.४ | २.५ | ३.६ | ५.० |
| २०७९ | १६५ | ७४ | ५४.० | ३३.७ | १०.८१ | १.३ | ३.० | ५.४ |

(स्रोतः रिसाल र पोखरेल, २०७५; https://election.gov.np/np/page/result-hor; accessed on 16 January 2022)

निर्वाचन प्रक्रियाहरूमा मगर जातिको सहभागिता न्यून भए पनि निरन्तरता भने पाइन्छ। २०१५ सालमा नेपाली काङ्ग्रेस दुईजना (१.९ प्रतिशत) र २०४८ सालमा संजमो दुई, नेका दुई र एमाले एक गरी पाँचजना (२.४ प्रतिशत) थिए।

२०५१ सालमा नेकपा एमाले तीन र राप्रपा एक गरी चारजना (१.९ प्रतिशत), २०५६ सालमा नेकपा एमाले दुई र नेका एक गरी तीनजना (१.४ प्रतिशत), २०६४ सालमा नेकपा माओवादी १२, नेकपा एमाले र नेका एक-एक गरी १४ जना (५.८ प्रतिशत), २०७० सालमा नेकपा माओवादी दुई, नेकपा एमाले दुई र नेका एक गरी ५ जना (२.० प्रतिशत) र २०७४ सालमा तीनजना नेकपा एमाले र तीनजना नेकपा माओवादी गरी ६ जना अर्थात् ३.६ प्रतिशत, २०७९ सालको निर्वाचनमा कम्युनिस्ट पार्टीबाट निर्वाचित ७४ जना प्रतिनिधिसभा सदस्यमध्ये माओवादीबाट २ जना र एकीकृत समाजवादीबाट २ जना गरी जम्मा चार जना (५.४ प्रतिशत) मगर निर्वाचित छन्। समग्रमा कम्युनिस्ट पार्टीबाट ४ र नेकाबाट १ गरी जम्मा ५ जना (३.० प्रतिशत) मगर निर्वाचित भएका छन्। विभिन्न राजनीतिक पार्टीहरूको प्रतिनिधित्व हेर्दा समग्रमा कम्युनिस्ट पार्टीमा मगरको प्रतिनिधित्व अगाडि छ । २०१५ सालमा कम्युनिस्टबाट प्रतिनिधित्व गर्ने मगरको सङ्ख्या शून्य रहेको छ बाँकी सबै निर्वाचनमा कम्युनिस्टबाट प्रतिनिधित्व गर्ने मगरको सङ्ख्या माथि रहेको छ।

राजनीतिक विश्लेषक भीम भुर्तेलका अनुसार ३१ प्रतिशत रहेको खस-आर्य समुदायको सबै पार्टीहरूमा र विभिन्न निर्वाचनहरूमा करिब करिब दुई तिहाइ प्रतिनिधित्व रहेको छ (भुर्तेल, २०६५,पृ. २२)। भुर्तेलको यो भनाइ र तथ्यहरूले नेपालका निर्वाचनहरू आदिवासी जनजातिका लागि मतदान गर्ने र खस-आर्यलाई निर्वाचित गराउने ठूलो महोत्सव हुने गरेको छ। जातीय पहिचानमा आधारित आत्मनिर्णयको अधिकार, अग्राधिकार, स्वशासन जस्ता राजनीतिक मुद्दा लिई युद्ध र आन्दोलनहरूमा

सहभागी भएका आदिवासी जनजातिहरू आज समानुपातिक प्रतिनिधित्व, आरक्षण जस्ता पुँजीवादी सुधारका मागहरू लिई स्वयम् कम्युनिस्ट पार्टीको सरकारलाई माग गर्नुका साथै कतिपय मुद्दामा उनीहरूको विरुद्धमा आन्दोलन गर्नुपरेको छ।

### ५.४ नेकपा र नेतृत्व

नेकपाको केन्द्रीय नेतृत्व र त्यसको केन्द्रीय समितिमा जातीय समूहहरूको प्रतिनिधित्वको अध्ययन गर्दा एकल जातीय समुदायको वर्चस्व देखिन्छ। अहिलेसम्मको नेतृत्वको शृङ्खला हेर्दा प्रमुख नेतृत्व रहेको समुदाय नै केन्द्रीय समितिमा बाहुल्य देखिन्छ। पुष्पलाल श्रेष्ठले नेतृत्व गर्दा नेवारलगायत अन्य आदिवासी जनजातिहरूको उल्लेख्य सहभागी थियो, तरे वर्तमानका कम्युनिस्ट पार्टीहरू खस-आर्य समुदायले नेतृत्व गरेका छन्। त्यसको कार्यकारी पदहरूमा पनि त्यही समुदायकै वर्चस्व रहेको छ। यसरी हेर्दा नेकपामा जुन जातिको प्रमुख नेतृत्व छ, त्यही समुदायको बेसी प्रतिनिधित्व हुने र आफ्नै समुदायको प्रभाव रहेको देखाएको छ। यसले वर्गीयभन्दा जातीय प्रभाव हाबी भएको तथ्यमा पुग्न सघाउ पुऱ्याएको छ।

वर्तमानमा क्रियाशील १६ वटा कम्युनिस्ट पार्टीहरूको समुदायगत नेतृत्व र प्रतिनिधित्व हेर्दा कम्युनिस्ट पार्टी वर्गीय पार्टी भए पनि आफ्नो समुदायगत स्वार्थ र दबाबमा अल्झिएको देखिन्छ। १६ वटा दलहरूमा ८१ प्रतिशत नेतृत्व खस-आर्य, १३ प्रतिशत नेतृत्व आदिवासी जनजाति र ६ प्रतिशत दलित नेतृतव रहेको छ। खस-आर्य वा आदिवासी जनजातिको नेतृत्वमा धेरै कमजोर सहभागिता रहेको दलित समुदायका आहूतिले नेतृत्व गरेको पार्टीमा भने दलितको प्रतिनिधित्व २० प्रतिशत रहेको छ। हालसम्ममा यो नै दलित समुदायको सबैभन्दा ठूलो प्रतिनिधित्व हो। आदिवासी जनजातिले नेतृत्व गरेको गोपाल किरातीको पार्टीमा आदिवासी जनजातिको ३० प्रतिशत रहेको छ। यो नेकपाको संस्थापक महासचिव पुष्पलाल श्रेष्ठ र नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेपछिको तेस्रो मजबुत उपस्थिति हो। यसले नेकपामा समुदायगत नेतृत्वको प्रभाव छर्लङ्ग देखाउँछ, नेकपाको नेतृत्वका कारण आफ्नो समुदायको प्रभाव कतिसम्म पर्दछ भन्ने कुरा २०६४ सालमा गठित संविधानसभालाई हेर्न सकिन्छ।

तालिका ५.६: वर्तमानमा क्रियाशील विभिन्न कम्युनिस्ट पार्टीहरू

| **क स** | **पार्टीको नाम** | **नेतृत्व** | **सामाजिक समूह** |
|---|---|---|---|
| १ | नेकपा (एमाले) | केपी शर्मा ओली | खस-आर्य |
| २ | नेकपा (माओवादी केन्द्र) | र पुष्पकमल दाहाल (प्रचण्ड) | खस-आर्य |
| ३ | नेपाल कम्युनिस्ट पार्टी (माले) | चन्द्रप्रकाश मैनाली | खस-आर्य |
| ४ | नेपाल कम्युनिस्ट पार्टी (मसाल) | मोहनविक्रम सिंह | खस-आर्य |
| ५ | नेपाल कम्युनिस्ट पार्टी | नेत्रविक्रम चन्द (विप्लव) | खस-आर्य |
| ६ | नेकपा क्रान्तिकारी माओवादी | मोहन वैद्य (किरण) | खस-आर्य |
| ७ | नेपाल कम्युनिस्ट पार्टी | ऋषिराम कट्टेल | खस-आर्य |
| ८ | नेकपा मार्क्सवादी लेनिनवादी समाजवादी | विष्णुराज अर्याल | खस-आर्य |
| ९ | नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी) | दुर्गाप्रसाद ज्ञवाली | खस-आर्य |
| १० | नेपाल कम्युनिस्ट पार्टी (संयुक्त मार्क्सवादी) | लोकनारायण सुवेदी | खस-आर्य |
| ११ | नेपाल कम्युनिस्ट पार्टी मालेमा साम्यवादी | पुण्डरीप्रसाद बेल्बासे | खस-आर्य |
| १२ | जनसमाजवादी नेपाल | सुवासराज काफ्ले | खस-आर्य |
| १३ | नेकपा (एकीकृत समाजवादी) | माधवकुमार नेपाल | खस-आर्य |
| १४ | वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल | विश्वभक्त दुलाल 'आहूति' | दलित |
| १५ | नेपाल कम्युनिस्ट पार्टी | गोपाल किराती | आदिवासी जनजाति |
| १६ | नेपाल मजदुर किसान पार्टी | नारायणमान बिजुक्छे (रोहित) | आदिवासी जनजाति |

(स्रोतः संवन्धित पार्टी कार्यालय, अध्यावधिक, २०७८)

कम्युनिस्टहरूको बहुमत सदस्य भएको तत्कालीन संविधानसभा राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले पहिचानका पाँच आधार (जातीय/समुदायगत, भाषिक, सांस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता र ऐतिहासिक निरन्तरता) र सामर्थ्यका चार आधार (आर्थिक अन्तरसम्बन्ध र सामर्थ्यता, पूर्वाधार विकासको अवस्था र संभावना, प्राकृतिक साधन र स्रोतको उपलब्धता र प्रसाशनिक सुगमता) मा आधारित १४ वटा स्वायत्त, स्वशासित तथा अधिकार सम्पन्न प्रदेशहरूको प्रस्ताव गरेको थियो। तत्कालीन नेकपा माओवादी र नेकपा एमालेले पार्टी र सभासदहरूका बीचमा छलफल नगरी नेतृत्वको सहमतिबाटै त्यो संविधानसभालाई विघटन गरेका थिए। तर यस प्रसङ्गमा माओवादी केन्द्रका नेता टोपबहादुर रायमाझीको फरक धारणा रहेको छ उनका अनुसार अति जातिवादी धार सक्रिय नभएको भए पहिचानका आधारमा राज्यको पुनर्संरचना गर्न सकिन्थ्यो। सबै खस-आर्यहरूलाई शासकको डालोमा हाल्ने हो भने आदिवासी जनजाति पनि खस-आर्यजस्तै विभेदकारी नै भए । यहाँका आदिवासी जनजातिहरूले काङ्ग्रेस-एमालेलाई जिताउनु भनेको नै ब्राह्मण-क्षेत्रीलाई जिताउनु हो । जनताले माओवादीलाई भोट दिए माओवादीले जातीय स्वायत्त राज्य र स्वशासनको ग्यारेन्टी गर्नेछ (टोपबहादुर रायमाझी, २०७३ असोज ६ गते, अनुसूची ४)।

पहिचानको राजनीतिको बहसमा यहाँका बहिष्करणमा परेका महिला, दलित, मधेसी, आदिवासी जनजातिहरू परेको नौलो कुरा होइन, तर राज्यको नेतृत्व गरेका वा मूलधारमा रहेका जाति तथा

समुदायहरूले पनि आफू बहिष्करणमा परेको कुरा नेपाल ब्राह्मण समाज र क्षेत्री समाजले आफ्नो दस्तावेजहरू र मुद्दाहरूमा सामूहिक रूपमा उठाउँदै आएका छन् । कम्युनिस्ट पार्टीमा एकल जातीय वर्चस्व भएपछि यसले राष्ट्रिय राजनीतिमा समेत प्रभाव पारेको छ। २०६७ सालमा नेपालको पहिलो संविधानसभाले पहिचान र सामर्थ्यका आधारमा राज्यको पुनर्संरचनाको प्रस्ताव गर्दा ब्राह्मणहरूको साझा सामाजिक सङ्गठन नेपाल ब्राह्मण समाजले २०६७ साल फागुनमा समाजका अध्यक्ष नारायणप्रसाद अधिकारीद्वारा जारी गरिएको अपिलमा सम्पूर्ण ब्राह्मण समुदायलाई आफ्नो अधिकारको रक्षाका लागि आन्दोलनमा सहभागी हुन अनुरोध गर्दै विभिन्न प्रकारका दबाबमूलक आन्दोलनका कार्यक्रम गरेका थिए। समाजले वितरित अपिलमा “वर्गीय पार्टीले आफ्नो आस्था र विचारलाई बिर्सेर जातीय राजनीति गरी आफ्नो सिद्धान्तको उपहास गरेको” उल्लेख गरिएको छ। विज्ञप्तिमा “राज्यद्वारा ब्राह्मणहरूलाई जातीय पक्षपात गरेर दोस्रो दर्जाको नागरिक बनाउने षडयन्त्र भइरहेकाले राज्य र राजनीतिक पार्टीहरूको प्रतिकार गर्ने” उल्लेख गरेको छ (हेर्नुहोस् अनुसूची १४)। संविधानसभामा पहिचानका आधारमा राज्यको पुनर्संरचना गर्नेहरूको जनमत बलियो भएर पनि पहिचानमा आधारित प्रदेशहरूको निर्माण हुन नसक्नुको मूख्य कारण कम्युनिस्ट नेतृत्वमाथि आफ्नो समुदायको दबाबले महत्वपूर्ण भूमिका खेलेको थियो।

पहिचानमा आधारित राजनीतिको जग बसाल्ने कम्युनिस्ट पार्टीहरू जुनसुकै जाति वा समुदायले नेतृत्व गरेको भए पनि नेपालमा क्रियाशील सबै कम्युनिस्ट पार्टीले उत्पीडित जातिहरूको मुक्तिको नीतिहरूको व्यवस्था गरेका छन्। मोहनविक्रम सिंहले नेतृत्व गरेको नेकपा मसालको नीतिअनुसार जनजातिहरूको एक्लो घना बस्ती भएका स्थानहरूमा उनीहरूलाई जातीय वा स्थानीय स्वायत्त शासनको अधिकार दिनुपर्ने र जाति वा आदिवासीहरूलाई आफ्नो भाषा, धर्म, सामाजिक वा राजनीतिक विषयहरूमा आत्मनिर्णयको अधिकार स्वीकार गर्नुपर्ने उल्लेख छ (नेकपा मसाल, राजनीतिक दस्तावेजहरू २०६४,पृ. १३)।

मोहन वैद्यले नेतृत्व गरेको नेकपा क्रान्तिकारी माओवादीको नीतिमा सामन्तवादी उत्पीडक ब्राह्मणवादी जातिद्वारा दलित, आदिवासी जनजाति र मधेसी समुदायमाथि हुँदै आएको राजनीतिक, आर्थिक, सांस्कृतिक र सबैखाले उत्पीडनको अन्त्य हुनुपर्ने र जातीय आत्मनिर्णयको अधिकारलाई सैद्धान्तिक रूपमा स्वीकार गर्नुपर्ने उल्लेख छ। जातीय पहिचानसहितको सङ्घीयताका आधारमा स्वायत्त शासनको व्यवस्था हुनुपर्ने र उत्पीडित जाति तथा क्षेत्रका लागि सापेक्षित समानता हासिल नहुँदासम्म अग्राधिकारको व्यवस्था गर्नुपर्ने उल्लेख छ (२०७१ सालमा सम्पन्न सातौँ महाधिवेशनबाट पारित, नेपाल कम्युनिस्ट पार्टी माओवादीका दस्तावेजहरू)। नेत्रविक्रम चन्द (विप्लव) ले नेतृत्व गरेको नेकपा माओवादीको २०७३ फागुन ५-१० गते रोल्पाको थबाङमा सम्पन्न पार्टीको आठौँ महाधिवेशनबाट पारित निर्णयहरूमा देशमा जातीय, क्षेत्रीय दुरी बढेर गएको उल्लेख गरेको छ। जातीय उत्पत्तिलाई ऐतिहासिक भौतिकवादी कोणबाट हेर्दै जातीय उत्पीडन वर्गीय उत्पीडनकै एक भागका रूपमा स्वीकार गरेको छ।

यसमा अर्थ वर्गीय उत्पीडनको अन्त्यसँग मात्र जातीय उत्पीडनको पनि अन्त्य हुने र नेपालमा आत्मनिर्णयको अधिकारसहित जनवादी गणतन्त्रभित्र स्वायत्त शासन नै जातीय मुक्तिको वास्तविक आधार हो भनेको छ (सुवेदी, २०७३) । नेकपा मसालबाट विभाजित भएर दोस्रो संविधानसभाको निर्वाचनसम्म क्रियाशील रहेको रामसिंह श्रीसले नेतृत्व गरेको तर हाल अस्तित्वमा नरहेको नेकपा एकीकृतले आफ्नो नीतिमा उल्लेख गरेको छ कि नेपाल राज्यको नयाँ सङ्घीय संरचनाको माध्यमबाट पछि परेका र पारिएका जाति र समुदायलाई अधिकार सम्पन्न गराउने उद्देश्यलेले आत्मनिर्णयको अधिकारलाई जातीय क्षेत्रीय स्वशासन स्थापना र त्यसलाई बलियो बनाउने अर्थमा ग्रहण गरेको छ (नेपाली राज्यको सङ्घीय संरचना, मिति उल्लेख नभएको) ।

सिपी मैनालीले नेतृत्व गरेको नेकपा मालेले पिछडिएका जाति तथा जनजातिहरूको सामाजिक, आर्थिक तथा प्राज्ञिक विकासका लागि एउटा 'जनजाति तथा सामुदायिक विकास मन्त्रालय' को स्थापना गरिने र देशमा विद्यमान जाति, भाषा, धर्म र संस्कृतिका क्षेत्रमा रहेका सबैखाले एकाधिकार र विशेषाधिकारको अन्त्य गर्ने उल्लेख गरेको छ (नेकपा माले, चुनाव घोषणापत्र, २०५४,पृ. १९; २०५६) । उक्त पार्टीका अनुसार सामन्ती राजतन्त्रतात्मक कालमा कुण्ठित रहेको जातीय पहिचानलाई संविधानद्वारा स्थापित गर्न एउटा सक्षम समावेशी आयोग गठन गरी वैज्ञानिक आधारमा सबै जातिहरूको सूची बनाई संविधानमा राखी जातीय पहिचानलाई संस्थागत गर्दै नेपालमा बसोबास गर्ने सबै जातिलाई नेपालको आदिवासी भएको घोषणा गरिनुपर्दछ। स्थानीय स्वायत्त एकाइ गठन गर्दा सम्बन्धित एकाइमा जनसङ्ख्याको बहुमत नपुग्ने अल्पसङ्ख्यक जातिहरूका निम्ति जातीय संरक्षित स्वायत्त एकाइ गठन गरिनुपर्दछ। सङ्घीय प्रदेशभित्र जातीय वा भाषिक बहुलताका आधारमा स्वायत्त जातीय एकाइ गठन गरिनुपर्दछ (नेकपा माले सातौँ महाधिवेशन, तत्कालीन कार्यनीति, २०७३,पृ. ३४) ।

नारायणमान बिजुक्छे (रोहित) ले नेतृत्व गरेको नेपाल मजदुर किसान पार्टीको नीतिमा दुई सदनात्मक व्यवस्थापिकामध्ये माथिल्लो सदनलाई जनजाति सभा (House of Nationalities) हुने कुराको उल्लेख छ (नेमकिपा, संविधानसभा निर्वाचन घोषणापत्र, २०६४,पृ. ९)। उपनिवेशविरोधी मुक्ति आन्दोलनमा आत्मनिर्णयको अधिकार जति सार्थक हुन्छ, तर नेपालको सन्दर्भमा जातजाति र भाषाभाषी र क्षेत्रका आधारमा आत्मनिर्णयको अधिकारसहितको सङ्घ राज्यले जातीय, भाषिक र साम्प्रदायिक भिडन्त र देश नै विभाजन हुने सम्भावना भएकाले भूगोल, प्राकृतिक स्रोत र साधनका आधारमा १४ प्रदेशको प्रस्ताव गरेको थियो (नेमकिपा, संविधानसभा निर्वाचन घोषणापत्र, २०७०,पृ. ३; छैटौँ महाधिवेशन दस्तावेजहरू, २०७०,पृ. २८) ।

ऋषि कट्टेलले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीले एकल जातीय पहिचानका आधारमा १० वटा प्रदेशहरू प्रस्ताव गरेको थियो । त्यसको विकल्पमा संयुक्त क्लस्टरका आधारमा पाँच (नेवा तामाङ,

तमु मगरात, खस थारू, मधेस मिथिला र राई लिम्बू) प्रदेशहरूको प्रस्ताव गरेको थियो।[१५] गोपाल किरातीले नेतृत्व गरेको माओवादी कम्युनिस्ट पार्टी नेपालमा जातीय मोर्चाहरूको निर्माण गर्ने नीति रहेको छ। 'आठौँ महाधिवेशनको कार्यदिशाः महान जनविद्रोह' शीर्षकको लेखमा जातीय पहिचानमा आधारित सातवटा प्रदेशहरूको प्रस्ताव समेत गरेको छ (किरात-लिम्बुवान-कोचिला, मधेस, नेवाः ताम्सालिङ, मगरात तमुवान, थरुवान मधेस, ...र खसान) (https://communistkhabar.com accessed on 27 March 2019) । उक्त पार्टीका नेता किरातीका अनुसार हाल उक्त पार्टीले माओवादी जनयुद्धकालमा समानान्तर सरकारको रुपमा क्रियाशिल जातीय तथा क्षेत्रीय पहिचानमा आधारित दशवटा राज्यहरुको पुनःस्थापनाको अभियान चलाएको छ।

विश्वभक्त दुलाल (आहूति) ले नेतृत्व गरेको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीले राष्ट्र आफैंभित्र जात व्यवस्थामा आधारित तहगत स्थानमान (Hierarchy) को व्यवस्था गरेको र नेपालमा लामो समयदेखि खस-आर्य जाति वा राष्ट्रले (Nation) ले अन्य राष्ट्रियतामाथि शासन गर्दै आएको उल्लेख गरेको छ (वैकल्पिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल, विचारधारात्मक राजनीतिक कार्यदिशा सम्बन्धी प्रस्ताव, २०७५) ।

### ५.५ नेकपाको जातीय राजनीति र यसको असर

नेकपाको जातीय पहिचानसम्बन्धी राजनीतिले धेरैलाई रनभुल्ल बनाएको छ। यस्तो कदमलाई कसैले मार्क्सवादी एवम् वस्तुवादी भनेका छन् भने कसैले पुँजीवादी र अवस्तुवादी। शशीधर भण्डारीका अनुसार नेपालका कम्युनिस्ट नेताहरूको सामन्ती व्यवहार र जातीय अहङ्कारका कारणहरूले आदिवासी जनजातिहरूलाई वर्गीय कुराभन्दा जातीय कुरा प्यारो लाग्यो । "हाम्रो नेताहरूमा सांस्कृतिक समस्या विद्यमान रहेका छन् । सबै नेताहरू मध्यम वर्गका छन् र उनीहरू सबैको सांस्कृतिक धरातल उस्ताउस्तै छन् । चीनको महान सांस्कृतिक क्रान्तिबाट नेपालका नेताहरूले धेरै कुरा सिक्न जरुरी छ" (शशीधर भण्डारी, २०७३ असोज ६ गते, अनुसूची ४) । नेपालका कम्युनिस्टहरूले नीतिगत रूपमा जातीय तथा लैङ्गिक असमानताको अन्त्यको कुरा गरे पनि व्यवहारमा त्यो लागू गर्न रुचाउँदैनन्। एउटा उदाहरण, नेपालको संविधानमा व्यवस्था भएको कुरा लागू नगर्नु हो। नेपालका दलित, जनजाति तथा मधेसी समुदायका सम्भ्रान्तहरूले फाइदा लिएको साँचो हो, तर नेपालको कानुन नै सम्भ्रान्त (Elite) हरूको पक्षमा छ। जस्तोः एउटा दलित मन्त्रीका छोराछोरी वा जनजाति मन्त्रीका छोराछोरीलाई किन आरक्षण चाहियो ? २००७ सालमा काङ्ग्रेसको आन्दोलनमा सबै जनजाति थिए। कारण, 'जसको जोत, उसैको पोत' भन्ने समाजवादको आकर्षक नारा थियो। २०४६ सालभन्दा अगाडि एमाले पनि धेरै इमानदार थियो। आदिवासी जनजाति महासङ्घ पाल्पाका अध्यक्ष केहरसिंह रानामगरका अनुसार, "२०४६ सालसम्म

---

[१५] कट्टेलले २०७५ माघ १० गते दिएको विवरण।

पाल्पाको मेरो गाउँमा पुरै काङ्ग्रेस थियो तर उसले नारा अनुसार काम नगरेपछि सबै कम्युनिस्ट भए, किनकि माओवादीले जनयुद्धका बेला आकर्षक मुद्दा उठाएका थिए। तर हाल उनीहरूले व्यवहार विगतको नीति अनुरुप छैनन्। एमाले र नेकाले दोस्रो संविधानसभाको निर्वाचनामा जनजातिको कुरा नउठाउने पात्रलाई उम्मेदवारी बनाएका थिए।" संयुक्त दलित अधिकार मञ्चका अध्यक्ष तारासिंह विकका अनुसार नेपालका कम्युनिस्टहरूले जातीय र वर्गीय मुद्दालाई जोडतोडले उठाए पनि सत्तामा पुगेपछि उनीहरूले छाडे। नेपालका कम्युनिस्ट-काङ्ग्रेस सबै जातिवादी पार्टीहरू हुन्, उनीहरूले राज्य र पार्टीको नेतृत्व आफ्नो वंशभन्दा बाहिर जान दिँदैनन्। ब्राह्मणहरू आफ्नो वंश जोगाउन जस्तोसुकै अवस्थामा पनि मिल्दछन् तर दलित तथा जनजातिहरू फुटेर कमजोर हुन्छन्।[१६]

एमाले उपाध्यक्ष वामदेव गौतम "आफूलाई जातिवादी स्वीकार्न तयार छैनन्। उनी दलितहरूको घरमा खाना खाई, जनै काटेर फालेर जातिच्युत भएको र विवाह पनि मगरसँग गरेकोले जातीय असमानताको लडाइँमा अग्र भूमिका खेलेको बताउँछन्। उनले आफू जातीय पहिचानमा आधारित राज्यको पक्षमा भएको तर यो मुद्दा जातिवादमा जाने खतरा बढेपछि छाडेको बताए।"[१७] गौतमजस्तै जातीय असमानताको व्यवस्थाको विरुद्ध लडेका धेरै ब्राह्मण तथा क्षेत्री कम्युनिस्टहरू छन् तर जातीय विभेदको सवालमा आदिवासी जनजाति तथा दलितहरूले सवै ब्राह्मण तथा क्षेत्रीहरूलाई एउटै नजरले हेर्दा चिढिएका पनि छन्। धेरै अन्तरजातीय विवाह पनि कम्युनिस्टका नेता कार्यकर्ताहरूका बीचमा हुने गरेको पाइन्छ, तर अन्तरजातीय विवाहमध्ये दलित जातिसँग नगण्य रहेको पाइन्छ। अन्तरजातीय विवाहको सन्देश जुन गति र सतहमा जानुपर्ने हो त्यो पक्ष भने धेरै कमजोर रहेको छ। कमजोर हुनुको पहिलो कारण ब्राह्मण तथा क्षेत्रीसँग वैवाहिक सम्बन्धको कारण जनजाति वा दलित महिलाहरूले ब्राह्ण-क्षेत्रीले अनुशरण गर्ने हिन्दु धर्म र त्यसै बमोजिमको संस्कारको आवलम्बन गर्ने भएकाले पनि जातीय समानताको प्रभाव कमजोर रहेको देखिन्छ। दोस्रो तर महत्वपूर्ण पक्ष भनेको नेकपाका नेताहरूले पार्टीको नीतिको व्यावहारिक पक्षलाई लागु नगर्नु हो। तर पनि नेपाली समाज यो अवस्थासम्म आइपुग्नुमा नेकपाको गठन र यसका नीति तथा कार्यक्रमहरूको दूरगामी अर्थ रहेको छ।

नेपालको राजनीतिमा जातीय मुद्दाको उठान मात्र होइन बहस/पैरवी र राजनीतीकरणसमेत गरेको छ। कम्युनिस्ट पार्टीले जातीय मुक्तिको बहसको उठान गरेपनि जनजातिको समस्याको समाधान दिन नसक्दा निराशा आएको स्वीकार्दै प्रदीप ज्ञवाली भन्छन्, "नेपाल बहुजातीय मुलुक भएकाले त्यही सन्दर्भमा हेरिनुपर्दछ। इसाई धर्मको श्रेष्ठताले मुस्लिम अतिवादको जन्म भएजस्तै नेपालको खस-आर्य श्रेष्ठताले अन्य उत्पीडित जातिहरूमा अर्को अतिवादको जन्म नहोला भन्न सकिँदैन" (प्रदीप ज्ञवाली, २०७३ साउन

[१६] विकसँग २०७३ कात्तिक ११ गते काठमाडौँमा लिइएको अन्तर्वार्तामा व्यक्त विचार।

[१७] गौतमसँग २०७३ असोज ४ गते ललितपुरको भैसेपाटीस्थित आफ्नै निवासमा व्यक्त विचार।

२६ गते, अनुसूची ४) । शशीधर भण्डारीका अनुसार उत्तर आधुनिकतावादको नश्लवादी विचारको उपज नै पहिचानको राजनीति आएको हो, समाजमा द्वन्द्व वा एकता जातिका कारण होइन, विचारका आधारमा हुन्छ (शशीधर भण्डारी, २०७३ असोज ६ गते, अनुसूची ४)। ज्ञवाली र भण्डारीको अभिमतले आदिवासी जनजातिमाथि खस-आर्यको उत्पीडनलाई अस्वीकार गर्दछ । उनीहरूको सार आदिवासी जनजाति उत्पीडनको मूल कारण जाति नभएर वर्ग हो भन्ने छ। तर ज्ञवालीले नेपाली समाज अतिवादतर्फ गए त्यसको कारण खस-आर्य समुदायको अहङ्कार जिम्मेवार हुने स्वीकारेका छन् । शङ्कर पोखरेलका अनुसार "खस-आर्यहरूमा अहङ्कारको छाप कायमै छ, तर निषेध र घृणाको राजनीति खस-आर्यबाट मात्रै भएको होइन, जातीय-क्षेत्रीय राजनीति गर्नेहरू पनि मुक्त छैनन् । जाति, भाषा, धर्मलाई राजनीतिक हतियार बनाउनुहुँदैन भन्ने मार्क्सवादी दर्शन रहेको छ, तर पछिल्लो समयमा पश्चिमाहरूको लगानीमा जातीय द्वन्द्वको उजागर गर्ने काम भइरहेको छ। त्यहींबाट भएको अध्ययनका निष्कर्षले समाजलाई मूलधारबाट विचलित गराउने काम भइरहेको छ। प्राज्ञिक र सम्भ्रान्तहरूको माध्यमबाट यी विषयहरू सतहमा आएका हुन्" (शङ्कर पोखरेल, २०७३ साउन १३ गते, अनुसूची ४)। मोदनाथ प्रश्रितका अनुसार "जातीय पहिचानमा आधारित जातीय स्वशासनले समाधानको दिन सक्तैन हामी आपसमा लडिरहने र भारत र पश्चिमाले स्वार्थसिद्ध गर्ने मात्र हुन्छ" (मोदनाथ प्रश्रित, २०७३ साउन २५ गते, अनुसूची ४) । पोखरेल र प्रश्रितले पहिचानको राजनीति पश्चिमाहरूको स्वार्थसँग जोडेपनि भवानी बरालले यसलाई स्वीकार्दैनन् । बरालका अनुसार जातीय पहिचानको आन्दोलन आयातित मुद्दा होइन, १६औँ शताब्दीमा विद्रोह भएका छन्, १८२५ देखि आन्दोलन उठेको हो, त्यसबेला कुनै एलाइटहरू थिएनन् र विदेशी सहयोग पनि थिएन (भवानी बराल, २०७३ साउन १७ गते, अनुसूची ४) । आदिवासी जनजातिको आन्दोलनलाई पश्चिमा इसाईहरूको प्रभाव पनि भन्ने गरिन्छ, तर पूर्वमहान्यायाधिवक्ता युवराज सङ्ग्रौलाका अनुसार एमालेसम्बद्ध खस-आर्यमा भएको सबैभन्दा धेरै आइएनजिओ नेकपा एमालेले परिचालन गरेको खुलासा गर्दै उनी भन्छन्, "२०४६ सालको परिवर्तनपछि सबैभन्दा क्रान्तिकारी भनिएको एमाले पार्टीमा सबैभन्दा बढी एनजिओकरण छ। इतिहासमा सबैभन्दा राम्रा कम्युनिस्ट भनिएकाहरू सबैभन्दा छिटो अमेरिकाको डिभी पाउँछन्।"[१८] सङ्ग्रौलाको यो कुराले इसाईकरण, डलर र अमेरिका प्रस्थान गरी आर्थिक लाभ गर्नेमा एमाले सम्बद्ध खस-आर्य समुदायको सहभागिता धेरै छ भन्ने अनुमान गर्न गाह्रो पर्दैन। शशीधर भण्डारीका अनुसार " खस-आर्यहरूको राज्यको हर क्षेत्रमा पहुँच र सम्बन्ध उनीहरूले हरेक अवसरको सूचना छिटो प्राप्त गर्दछन् जस्को कारण धेरै पास्टरहरू खस-आर्य समुदायका छन् " (शशीधर भण्डारी, २०७६ असोज ६ गते, अनुसूची ४) । नेतृत्व र स्रोतहरूको परिचालन गर्ने अवसरहरूमा खस-आर्य समुदायले अरू जातिलाई अवसर दिएको छैनन् । प्रमाणका रूपमा नेपाल क्रिस्चियन समाजका उपाध्यक्ष,

[१८] रामसर मिडिया प्रालिद्वारा सञ्चालित एपिआई युटयुब टिभीमा २०७७ मङ्सिर २० गते दिइएको अन्तर्वार्ताबाट लिइएको।

महासचिव, सचिव, कोषाध्यक्ष लगायत महत्वपूर्ण पदहरूमा ब्राह्मण समुदायको रहेका छन् (hhtps://ncsnepal.org.np/index.php/central_board) । बराल, सङ्ग्रौला र भण्डारीको यी भनाईहरूले जातीय समानताको बहस विदेशी सहयोग र दलित तथा आदिवासी जनजाति समुदायका सम्भ्रान्तहरूको स्वार्थसँग जाडिएको भन्ने तर्कको खण्डन गर्दछ।

नेपालको जातीय समस्या र यसको कारणको सन्दर्भमा परि थापाका अनुसार "कुनै पनि देश धनी वा गरिब हुनुमा आफ्नै कारण भए जस्तै यहाँको जातीय समस्या पनि यहीकै कारण हो, बाहिरी मुलुकलाई दोष दिनुको अर्थ छैन" (परि थापा, २०७३ साउन २९ गते, अनुसूची ४) । तर एमालेकै सचिव पृथ्वीसुब्बा गुरूङले नेपालको राजनीतिमा पहिचानको सवाल यहाँको सामाजिक विभेदको उपज भएकोले वर्गीय पार्टीमा जातीय कुरा हाम्रो समाजको वास्तविकता हो।[१९] नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे (रोहित) का अनुसार "भारत र पाकिस्तानको विभाजनको मूल कारण जाति नै थियो। पुँजीवादीहरूले जात र धर्मको कुरा गरेर हामीलाई विभाजन गर्ने गरेको छ। अर्कोतर्फ नेपालमा विदेशीहरूले जातीय कुरा गरेर कम्युनिस्ट आन्दोलनलाई कमजोर पार्ने नीति हो। शोषक जातिले जातपातको कुरा गर्दछन्, कम्युनिस्टहरूले गर्दैनन्, सांस्कृतिक दासता सबभन्दा खतरानाक हुन्छ। अहिलेको परिवर्तन शिक्षा र वर्गको कारणले भएको हो, जातको कारणले होइन। नेपालको सबै निर्णय भारतले गर्ने प्रचलन राजनीतिक कुरा हो, जातको कुरा होइन" (नारायणमान बिजुक्छे, २०७३ भदौ १२ गते, अनुसूची ४)। मोदनाथ प्रश्रितका अनुसार "जातीय स्वशासन जस्ता कुराहरूले हामी आपसमा लडिरहने र भारत र पश्चिमाले स्वार्थ सिद्ध गर्ने मात्र हुन्छ, यो समाधानको विषय हुन सक्तैन" (मोदनाथ प्रश्रित, २०७३ साउन २५ गते, अनुसूची ४) । तर जातीय स्वशासनले मात्र उत्पीडित समुदायको अधिकार स्थापित गर्ने मत राख्दै सङ्घीय समाजवादी फोरमका उपाध्यक्ष हेमराज राई भन्छन् "राज्यको पुनर्संरचना र समावेशी लोकतन्त्रलाई आत्मसात् गरेको राज्यले पहिचानलाई पनि बोकेको सम्झनुपर्दछ। हरेक आन्दोलनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भ हुने बताउदै २०३५ सालदेखि जातीय असमानताको बहस भए पनि २०६२/६३ बाट यसले ठोस आकार ग्रहण गरेको हो। अधिकार सम्पन्न स्वायत्त राज्यहरू दिएर उत्पीडित जातिहरूलाई मुक्ति दिनुपर्दछ" (हेमराज राई, २०७३ साउन १३ गते, अनुसूची ४) ।

कम्युनिस्ट पार्टीलाई कम्युनिस्ट विचार बाहिरका पार्टीहरूले आलोचना गर्नु त स्वाभाविक हो, तर कम्युनिस्ट नामको पार्टीले अर्को कम्युनिस्ट नामको पार्टीलाई कम्युनिस्ट नभएको आरोप लगाउनेहरू पनि कम छैनन्। नेमकिपाका नेता प्रेम सुवालका अनुसार "व्यक्ति र समुदायभन्दा पनि उनीहरूको आचरण कम्युनिस्ट हुनु अनिवार्य छ। एमाले र माओवादी नाममा कम्युनिस्ट भए पनि उनीहरू निर्वाचित राजा हुन्। स्टालिनको बुवा सार्की थिए, जुत्ता सिलाउने गर्थे, उनी विचारले कम्युनिस्ट थिए, दलित भएर होइन।

[१९] नेपाल लोकतान्त्रिक तामाङ सङ्घको १२औँ स्थापना दिवस २०७४ भदौ ४ गते काठमाडौँका व्यक्त विचार।

सामन्तवाद, पुँजीवादी संस्कृति भएका कम्युनिस्टहरू सत्तामा गएको कारणले यहाँका आधारभूत वर्ग र जातिहरूको मुक्ति असम्भव भएको हो।"[२०]

### ५.६ राज्य/सरकारको नेतृत्व

२०४६ सालको राजनीतिक परिवर्तनपछि २०४७-२०७४ को अवधिमा पार्टीहरूको नेतृत्वमा २३ र २०६१ माघमा राजा ज्ञानेन्द्रको नेतृत्वमा एकपटक गरी २४ वटा सरकारको गठन भएका छन्। जसमध्ये नेकपाले १७ वटा सरकार (मन्त्रिपरिषद) मा सहभागी भएको छ भने नेकपाका ६ जना नेताले आठवटा सरकारको नेतृत्व गरेका छन्। जसमध्ये पुष्पकमल दाहाल र खड्गप्रसाद शर्मा ओली दोहोरिएका प्रधानमन्त्री हुन्। सामाजिक समूहको दृष्टिले हालसम्म गठन भएका आठवटा कम्युनिस्ट सरकारको नेतृत्व खस-आर्य समुदायबाट भएको छ, जुन २०४६ पछि गठित सरकारको ३३.३ प्रतिशत हो (हेर्नुहोस् तालिका ५.६)।

तालिका ५.७: कम्युनिस्ट पार्टीको नेतृत्वको सरकारका प्रधानमन्त्रीहरू

| क्रस | साल | प्रधानमन्त्री | जातीय समूह | सरकारको प्रकृति |
|---|---|---|---|---|
| १ | २०५१ | मनमोहन अधिकारी | खस-आर्य | एकल (अल्पमतको सरकार) |
| २ | २०६५ | पुष्पकमल दाहाल | खस-आर्य | संयुक्त (माओवादी र एमाले) |
| ३ | २०७३ | | खस-आर्य | संयुक्त (एनेकपा माओवादी र नेका) |
| ४ | २०६६ | माधवकुमार नेपाल | खस-आर्य | संयुक्त (एमाले, नेका, तमलोपा, राप्रपा) |
| ५ | २०६७ | झलनाथ खनाल | खस-आर्य | संयुक्त (एमाले र माओवादी) |
| ६ | २०६८ | बाबुराम भट्टराई | खस-आर्य | संयुक्त (माओवादी, एमाले, मजअफो, तमलोपा) |
| ७ | २०७२ | खड्गप्रसाद शर्माओली | खस-आर्य | संयुक्त (एमाले, माओवादी, राप्रपा, मजअफो) |
| ८ | २०७४ | | खस-आर्य | संयुक्त (नेकपा, ससफो) |

(स्रोतः रिसाल र पोखरेल, २०७५)

नेकपाले आफ्नो नेतृत्वमा सरकारबाहेक अन्य पार्टीको नेतृत्वमा बनेको १० वटा सरकारमासाझेदारी गरेको थियो। संयुक्त सरकारमा सहभागी हुँदा एकपटक सहना प्रधानको नेतृत्वबाहेक सबैमा खस-आर्य एउटै समुदायले नेतृत्व गरेका छन् (हेर्नुहोस् तालिका ५.७)। नेकपाको आफ्नो नेतृत्वमा सरकार निर्माण गर्दा शतप्रतिशत खस-आर्य समुदाय र अन्य पार्टीको नेतृत्वको सरकारमा सहभागी हुँदा ९० प्रतिशत खस-आर्य समुदाय नेतृत्व गएको छ।

[२०] भक्तपुर क्षेत्र नं. १ का प्रतिनिधिसभाका सदस्य सुवालसँग २०७६ वैशाख ४ गते केन्द्रीय कार्यालय भक्तपुरमा गरिएको संवादमा व्यक्त विचार।

तालिका ५.८ः कम्युनिस्ट पार्टीको नेतृत्व गरेर गैरकम्युनिस्टले नेतृत्व गरेको संयुक्त सरकारमा सहभागी मन्त्रीहरूको नामावली

| क्रस | साल | प्रधानमन्त्री | सामाजिकसमूह | पार्टी | सरकारको प्रकृति | कम्युनिस्ट पार्टीबाट नेतृत्व | सामाजिक समूह |
|---|---|---|---|---|---|---|---|
| १ | २०४७ | कृष्णप्रसाद भट्टराई | खस-आर्य | नेका | अन्तरिम | सहाना प्रधान | आदिवासी जनजाति |
| २ | २०५३ | लोकेन्द्रबहादुर चन्द | खस-आर्य | राप्रपा | राप्रपा र एमाले | वामदेव गौतम | खस-आर्य |
| ३ | २०५५ | गिरिजाप्रसाद कोइराला | खस-आर्य | नेका | नेका र माले | राधाकृष्ण मैनाली | खस-आर्य |
| ४ | २०५५ | गिरिजाप्रसाद कोइराला | खस-आर्य | नेका | नेका र एमाले | भरतमोहन अधिकारी | खस-आर्य |
| ५ | २०६१ | शेरबहादुर देउवा | खस-आर्य | नेका | नेका, एमाले, राप्रपा | भरतमोहन अधिकारी | खस-आर्य |
| ६ | २०६३ | गिरिजाप्रसाद कोइराला | खस-आर्य | नेका | नेका, एमाले | खड्गप्रसाद शर्मा ओली | खस-आर्य |
| ७ | २०६३ | गिरिजाप्रसाद कोइराला | खस-आर्य | नेका | नेका, माओवादी र एमाले | सहाना प्रधान र कृष्णबहादुर महरा | आदिवासी जनजाति र खस-आर्य |
| ८ | २०७० | सुशील कोइराला | खस-आर्य | नेका | नेका र एमाले | वामदेव गौतम | खस-आर्य |
| ९ | २०७४ | शेरबहादुर देउवा | खस-आर्य | नेका | नेका र माओवादी | कृष्णबहादुर महरा | खस-आर्य |

(स्रोतः रिसाल र पोखरेल, २०७५)

नेकपाको राजनीतिक इतिहासमा ४५ वर्षपछि पहिलोपटक २०५१ मङ्सिर १४ गते नेकपा (एमाले) का अध्यक्ष मनमोहन अधिकारी प्रधानमन्त्रीको नेतृत्वमा कम्युनिस्ट सरकार गठन भएको थियो। जसको नौजना क्याबिनेट मन्त्रीमध्ये पद्मरत्न तुलाधार मात्र खस-आर्यबाहेकका थिए भने ६ जना राज्य मन्त्रीमा तीनजना खस-आर्य, दुईजना आदिवासी जनजाति र एकजना मधेसी थिए।

२०६५ भदौ ६ गते पुष्पकमल दाहाल (प्रचण्ड) प्रधानमन्त्रीको नेतृत्वमा २६ जना क्याबिनेट मन्त्रीमध्ये नौजना खस-आर्य, नौजना आदिवासी जनजाति, सातजना मधेसी र एकजना मधेसी दलित थिए। २०६६ जेठ ११ गते माधवकुमार नेपालको प्रधानमन्त्रीको नेतृत्वमा २७ जना क्याबिनेट मन्त्रीमध्ये नेकपा (एमाले) बाट सातजना मन्त्रीहरूमध्ये पाँचजना खस-आर्य र दुईजना आदिवासी जनजाति थिए भने दुईजना राज्यमन्त्रीमध्ये एकजना पहाडे दलित र एकजना खस-आर्य थिए।

२०६७ माघ २४ गते झलनाथ खनालको नेतृत्वमा एमाले, माओवादी र फोरमको संयुक्त सरकारमा २७ जना क्याबिनेट मन्त्रीमध्ये १४ जना खस-आर्य, ६ जना आदिवासी जनजाति, ६ जना मधेसी र एकजना मधेसी दलित थिए। १२ सदस्यीय राज्य मन्त्रीहरूमा पाँचजना खस-आर्य, चारजना आदिवासी जनजाति, दुईजना मधेसी र एकजना दलित थिए।

२०६९ जेठ ७ गते बाबुराम भट्टराईको नेतृत्वमा गठित मन्त्रिमण्डलमा आठजना खस-आर्य र सातजना आदिवासी जनजाति र पाँचजना मधेसी थिए। २०७३ साउन ११ गते पुष्पकमल दाहाल

(प्रचण्ड) को नेतृत्वमा गठित २३ सदस्यीय मन्त्रिपरिषद्मा खस-आर्य १७ जना, आदिवासी जनजाति तीनजना, मधेसी दुईजना र दलित एकजना थिए। २०७४ फागुन ३ गते केपी शर्मा ओलीको नेतृत्वमा गठित नेकपाको सरकारमा २१ जना क्याबिनेट मन्त्रीमध्ये १० जना खस-आर्य, पाँचजना आदिवासी जनजाति, तीनजना मधेसी र एकजना मधेसी दलित थिए। तीन सदस्यीय राज्यमन्त्रीहरूमा एकजना खस-आर्य र दुईजना आदिवासी जनजाति थिए (रिसाल र पोखरेल, २०७६; सिम्खडा, सन् २०१७)। फोरमबाट उपेन्द्र यादव उपप्रधानमन्त्री र मोहम्मद इस्तियाक राई मन्त्री थिए। पछि मन्त्रिमण्डलको पुनर्गठनमा शेरबहादुर तामाङलाई बिदा गरी भानुभक्त ढकाल, थममाया थापालाई बिदा गरी पार्वत गुरुङ, र पर्यटन मन्त्री रवीन्द्र अधिकारीको स्वर्गारोहणपछि योगेश भट्टराईलाई पर्यटनमन्त्रीमा नियुक्त गरेका थिए। पद्माकुमारी अर्याललाई राज्य मन्त्रीबाट क्याबिनेट मन्त्रीमा बढुवा गरेका थिए भने राज्य मन्त्री धनबहादुर बुढामगरलाई बिदा गरेका थिए। कम्युनिस्ट पार्टी भनिए पनि जातीय आधारमा समावेश र बहिष्करण भएका प्रशस्त उदाहरणहरू छन्। माथिका तथ्याङ्कहरूले पार्टी र सरकारको नेतृत्वमा खस-आर्यबाहेक अन्य समुदायहरूको अवस्था शून्यप्रायः नै छ। गेजका अनुसार सन् १७६९ मा पृथ्वीनारायण शाहले काठमाडौँमाथि विजय हासिल गरेपश्चात् दरबार र सेनाको शक्ति क्षेत्रीहरूको हातमा आयो, ब्राह्मण दरबारका सल्लाहकार र पुरोहित भए। हाल सरकारका महत्वपूर्ण पदमा कब्जा जमाएका छन्। नेपाली राजनीतिमा प्रभाव राख्ने चारवटा पूर्वाधारहरू (आर्थिक स्रोतको नियन्त्रण, उच्च जातको हैसियत, पहाडे संस्कृतिको पहिचान र उच्च शिक्षा) ब्राह्मण-क्षेत्रीको नियन्त्रणमा मात्र छ (गेज, सन् २०१३,पृ. १७९)।

कम्युनिस्ट पार्टीहरूले हालसम्म आठपटक सरकारको नेतृत्व गरेका छन् भने धेरै संसद्मा प्रमुख प्रतिपक्षको भूमिका पनि निर्वाह गरेका छन्। तर जातीय उत्पीडनको सवालमा यथेष्ट परिवर्तन लिन सकेका छैनन्। यस सन्दर्भमा सबैभन्दा बढी जातीय समानताको मुद्दा उठाएको माओवादीप्रति लक्षित गर्दै सिम्खडा लेख्छन्ः

> ६७ वर्ष अघिदेखि हालसम्म नेपाल कम्युनिस्ट पार्टीहरूले जातीय मुक्ति आन्दोलनको नारा घन्काउँदै आएका भए पनि अझै त्यो लक्ष्य प्राप्त गरेको छैन। ...२०२८ सालको झापा विद्रोहबाट उदाएको एमाले र २०५२ सालपछि हिंसाको राजनीतिक जगमा फैलिएर सत्तामा पुगेको माओवादी दुवैले पटक पटक सत्ता सम्हालिसकेको भए पनि तिनका घोषणापत्र र नारामा मात्र सीमित भए। उल्टै तिनीहरू मार्क्सवादी अर्थशास्त्र र लेनिनको जनवादी केन्द्रीय सत्ता कार्यान्वयनको बाटोबाट विमुख भई पुँजीवादी प्रतिस्पर्धा र संसदवादी सत्ताको मोहमा फसे। ...महाधिवेशन र घोषणापत्रमा सामाजिक न्याय र जातीय मुक्तिको कुरालाई जोडदार रूपमा उठाउने नेपालका कम्युनिस्ट पार्टीहरूले सत्तामा पुग्दा भने यी कार्यान्वयनमा खासै चासो दिएनन्। (सिम्खडा, सन् २०१७,पृ. ४१-४२)

राजेन्द्र महर्जनले वर्ग र वर्णलगायतका अन्य सामाजिक पहिचानसँग जोडिएका शोषण, उत्पीडन र विभेदको समाधान गर्न जात र वर्णका आधारमा स्रोत, शक्ति, सेवा र सम्मान पाएका ब्राह्मणवादी मार्क्सवादी नेताहरूले वर्ग र वर्ण/जात बीचको अन्तरसम्बन्ध र अन्तरवस्तुबारे मार्क्सवादी विश्लेषण गर्नु जरुरी नठानेको उल्लेख गरेका छन् (महर्जन, २०७४ख,पृ. १३) । उमानाथ बरालले कम्युनिस्ट मात्र नभएर आम नेपाली राजनीतिमा नै अवसरवादी, सामन्तवादी चरित्र हावी भएको उल्लेख गर्दै नेपाली राजनीतिमा कुनै न कुनै रुपमा अभिजात्य (ठालू) वर्ग र सामन्तवादको विभिन्न स्वरुपहरूकै शासन व्यवस्था रहदै आएको पाइन्छ। निरङ्कुश र पारिवारिकतन्त्र (Oligarchy) शासन मात्र नभै प्रजातन्त्र वा जनताको शासन व्यवस्थाका नाममा पनि यस्तो वर्गको मात्र राज्यका स्रोत साधनमा पहुँच कायम भइरह्यो (बराल, २०७५,पृ. ५) ।

महर्जनका अनुसार नेपालका कम्युनिस्ट पार्टीले जात र वर्ग बीचको सम्बन्धलाई विश्लेषण गर्न नचाहेको कारण उनीहरू नेपाली समाजको अन्तर्विरोध हल गर्न नचाहेको भन्ने बुझिन्छ, जुन बरालले भने झै अभिजात वर्गको राजनीति आधिपत्य नै हो । समाजशास्त्री म्याक्स वेबरका अनुसार प्रत्येक समाज पारम्पारिक रुपमा सामाजिक श्रेणीसँग जोडिएको हुन्छ त्यही अनुसार आफ्नो व्यवहार गर्दछ (Weber, 2019.p. 457) । वेबरले भने झै कम्युनिस्ट पार्टीका नेताहरूमा मार्क्सवादी सिद्धान्तले होइन आफ्नो जातीय तथा साँस्कृतिक पारम्पारिक सम्बन्धले प्रभाव पारेको देखिन्छ। राजनीतिशास्त्री कृष्ण खनालका अनुसारः

> वर्ग जातिको सम्बन्धको कारणले होइन, वर्गीय भिन्नता सामाजिक तथा आर्थिक कारणले हुन्छ । वर्ग सबै जातिमा पाइन्छ। राजनीतिक परिवर्तनको गुणस्तरले जातीय समानताको मुद्दालाई स्थापित गर्दो रहेछ। २०३६ सालमा शेतामगुरालीको नाममा सुषुप्त रहेको बहस २०४६ सालमा बढी भयो भने २०६२-६३ मा उथलपुथल नै भयो, त्यसैले जातीय अधिकारको मुद्दा लोकतन्त्रमा मात्र सम्भव छ। कारण, जातीय पहिचानको बहस चेतना र राजनीति स्वतन्त्रताको उपज हो। नेपालको सन्दर्भमा जातीय पहिचानको मुद्दा आजको आवश्यकता हो तर यसका आफ्नै सीमाहरू छन्, । जनजातिका नाममा केही नेताले आफ्नो राजनीति माथि पार्न पहिचानको मुद्दालाई साँघुरो पारियो । विश्वको आधुनिकीकरण भएको २०० वर्ष भयो तर पनि वर्गीय समस्या समाधान भएको छैन। (कृष्ण खनाल, २०७३ भदौ ६ गते, अनुसूची ४)

कम्युनिस्ट पार्टीका ब्राह्मण नेताहरूले सङ्कटको समयमा यी उत्पीडित जातिहरूको मुद्दा उचालेर उनीहरूलाई आकर्षण गर्ने तर आन्दोलनको व्यवस्थापन भएपछि आफ्नै समुदायको प्रभावमा परेको देखिन्छ। राजनीतिशास्त्री कृष्ण हाछेथुका अनुसार “धेरै सर्वेक्षणहरूले गरीबी, महंगी, बेरोजगार, भष्टाचार

नै देशको प्रमुख समस्या देखाएको छ। वर्तमान नेपालको राजनीतिमा आपसी हितको लेनदेनको सम्बन्ध (Patron–Client Relation) अन्तर्गत नातावाद, कृपावाद, चाकरीवाद जस्ता सामन्ती कुसंस्कारहरू विभिन्न तहमा देखिन्छन्" (हाछेथु, सन् २००५,पृ. ५६)। पाल्पा जिल्ला नेपाली काङ्ग्रेसका सभापति वीरबहादुर रानामगरका अनुसार "मगर पछि पर्नुको कारण पैसा होइन, चेतना (शिक्षा) हो। खस-आर्य समुदायमा नातावाद हावी छ र धैर्यता पनि छ भने आदिवासी जनजातिको नातावादले उकास्ने मानिस छैनन् र धैर्यता पनि छैन। "[२१] रानामगरसँग राष्ट्रिय जनमोर्चा प्युठानका सल्लाहकार राम पहाडी पनी सहमत छन्, उनका अनुसार "राणा शासनमा पनि जनजातिहरू उपयोग भए, पञ्चायतमा पनि उपयोग भए। घुमाउरो तरिकाले अहिले पनि जनजातिहरूमाथि शासन भइरहेको छ। अहिले कम्युनिस्ट पार्टीहरूले परिवार र नाताहरूमा मात्र अवसर लिइरहेका छन्।"[२२] नातावादको सन्दर्भमा थप प्रष्ट पार्दै नेकपा केन्द्रीय सदस्य तथा रामेछाप जिल्ला ईन्चार्ज देवशङ्कर पौडेल भन्छन्, "ब्राह्मणलाई आरक्षण छ, कारण उसको मान्छे राज्यको सबै ठाउँमा छन्। केन्द्रीय कमिटी सदस्यमा पराजित गोकुल बास्कोटा केन्द्रीय सदस्य छन् र मन्त्री हुनेमा उनै पर्दछन्, यो अग्राधिकार र आरक्षण दुवै हो।"[२३]

राजनीतिशास्त्री कृष्ण खनालले एकीकरणदेखि नै नेपालमा राजाको प्रत्यक्ष हुकुममा आधारित भएर केन्द्रिकृत भारदारी शासन रहिआयो, र नातागोता, पहुँच, चाकरी र भारदारी परम्पराका भरमा केही उच्च जातका घरानियाँ बाहुन, क्षेत्री, ठकुरी र नेवारहरूको वर्चस्व एवम् एकाध जनजातिको पहुँच भएको राज्य सत्ताको संरचना निर्माण भएको उल्लेख गरेका छन् (खनाल, २०६१,पृ. ६)। खनालका अनुसार नातावाद पुरानै संस्कार हो तर नातावाद र लेनदेनको आधारमा अवसर र स्रोतहरुको वितरणको कारण बहिष्कृत राज्य र परम्परागत दलहरूप्रति विकर्षण हुनुका धेरै कारणहरुमध्ये जातीय आधारमा हुने वहिष्करण प्रमुख देखिएको छ। जसको परिणाम निराशा र आक्रोष दुवै पाइन्छ। यही कारणले हिजो कम्युनिस्ट पार्टीमा योगदान गरेकाहरूको अगुवाइमा जातीय तथा क्षेत्रीय पहिचानमा आधारित पार्टीहरूको निर्माण भएका छन्। यसै सन्दर्भमा झापाको एक जना नेकपा (एमाले) आदिवासी कार्यकर्ताको दुःखद घटनाको उल्लेख गर्दै बालकृष्ण माबुहाङ लेख्छन्ः

> नेकपा (एमाले)को एउटा चाखलाग्दो विशेषता भनेको सर्वहारा र किसानको अधिनायकवाद हो र एक दिन समाजवादमा पुग्ने भनाइ छ तर आदिवासी समुदायका कार्यकर्ता वीरेन राजवंशीले आफ्नो पार्टी सरकारमा हुँदा छोरा शम्भु राजवंशीलाई सामान्य जागिरमा नियुक्ति नदिएपछि पार्टी केन्द्रीय कार्यालय परिसरमा आत्महत्या गरेका थिए। यहाँ उल्लेखनीय छ

[२१] रानामगरसँग २०७३ चैत ३० गते पाल्पा तानसेनमा लिइएको अन्तर्वार्ता।

[२२] पहाडीसँग २०७३ चैत ८ गते खलङ्गामा लिएको अन्तर्वार्तामा व्यक्त विचार।

[२३] पौडेलसंग २०७६ फागुन ९ गते मन्थलीमा लिएको अन्तरवार्ता।

कि सरकारको प्रत्येक पुनर्गठनमा १ हजार ५०० भन्दा बढी राजनीतिक नियुक्तिहरू नवगठित सरकारले विशेष गरी कार्यकारी तहमा प्रतिस्थापन गर्न सक्छन् । र तिनीहरूमार्फत हजारौं रोजगार खोज्नेहरू कम्तिमा दैनिक ज्याला, करार र अस्थायी रूपमा रोजगारी उपलव्ध गराउँछन् । आदिवासी व्यक्तिहरूको हकमा त्यस्तो भएन । यद्यपि पार्टीले अझै पनि मार्क्सवाद र लेनिनवाद आफ्नो मार्गदर्शक सिद्धान्त भएको दाबी गर्दै सर्वहारा र किसानलाई काम गर्न प्रतिबद्ध छ र आदिवासी, दलित, मधेसी, मुस्लिम र अन्यलाई विशेष व्यवहार गर्ने बताउँछ। (मावुहाङ, २०१२,पृ. ६१)

यो घटना एउटा प्रतिनिधि पात्र मात्र हो, वीरेन राजवंशीले झापा आन्दोलनदेखि विभिन्न कालखण्डमा एमालेद्वारा सञ्चालन गरिएका राजनीतिक गतिविधिमा सक्रिय थिए, नेताहरूलाई आश्रय तथा सुरक्षा दिएका थिए, तर उनको माथिल्ला तहका नेतासँग जातीय सम्बन्ध वा नाता नमिलेकै कारण सामन्य जागिर पनि पाएनन् र आत्महत्याको स्थितिमा पुगे । बाम बुद्धिजीवी गोपीरमण उपाध्ययका अनुसार "कम्युनिस्ट पार्टीको दर्शनले जातीय पहिचानको सवाल सामान्य र विशिष्टताको सन्दर्भसँग जोडेर हेर्ने बताउँदै नातावादले ब्राह्मण क्षेत्रीहरूले अवसर पाएको स्वीकार्दै यसको कारण खोज्नु पर्ने बताउँदै त्यो कारण पत्ता लगाउनु नै मार्क्सवादको काम हो ।"[२४] उपाध्ययले भनेजस्तो त्यसको खोजी मार्क्सवादले गर्ने हो भने आफूलाई मार्क्सवादी भन्नेहरू सशस्त्र सङ्घर्ष, सडक सङ्घर्ष, सदन सङ्घर्ष र सत्ता सञ्चालनसमेतको अनुभव छ, तर किन त्यस्तो चिजको पहिचान हुन सकेन ? कारण, उनीहरू एउटै समुदाय र वर्णका थिए र उनीहरू सबैका स्वार्थ र समस्या पनि समान थिए। नेपालका कम्युनिस्टहरू अपवादबाहेक सशस्त्र, सडक, सदन र सत्तामा सहभागी पनि छन् ।

खस-आर्य बाहेकका अन्य कार्यकर्ताहरूलाई नातावादको सम्भावना प्राय असम्भव छ भने खुल्ला प्रतिस्पर्धाबाट पनि व्यवधानहरू छन्, जसको कारण यी बहिष्कृत समुदायहरुको परम्परागत मूलधारका पार्टीहरूप्रति रुचि घट्दै गएको हुन सक्छ। नेताहरूले चाहेको व्यक्ति भने छनौटमा पर्न सक्छ, त्यसले समुदायलाई होइन व्यक्तिलाई मात्र फाइदा पुग्छ । तर नेताहरूले चाहेको अवस्थामा भने समुदायलाई पनि फाइदा पुग्ने गरी कानुन निर्माण र पार्टी निर्णय गर्न सक्ने घटनाहरु पनि देखिएका छन् । २०७४ सालको सङ्घीय संसदको निर्वाचनमा समानुपातिक प्रतिनिधित्व तर्फ पनि आदिवासी जनजातिका खस-आर्यसँग वैवाहिक सम्बन्ध कायम भएका र खस-आर्यका आदिवासी जनजातिसँग वैवाहिक सम्वन्ध कायम भएका दुवैलाई आदिवासी जनजातिको कोटामा सुरक्षित गरियो । यस्तो दोहोरो मापदण्ड कानुनसम्मत देखिदैन, तर राजनीतिमा यो सम्भव छ। नेताले चाहेमा विधिमा नभएको कुरा पनि हुने प्रक्रियालाई राजनीतिशास्त्री कृष्ण हाछेथु र महेन्द्र लावतीले "समावेसीकरण होइन, शासकले चाहेको रोजेर टिप्ने (Co-opt)" भनेका

[२४] उपाध्ययसँग २०७३ साउन २५ गते काठमाडौँमा गरिएको कुराकानीमा व्यक्त विचार ।

छन् ।[२५] लावतीको विचारसँग नेकपाका केन्द्रीय सदस्य तथा रुपन्देही जिल्लाको सहईन्चार्ज दधिराम न्यौपाने पनि सहमत छन् । न्यौपानेका अनुसार, “नेपालको राजनीतिमा नेतृत्वको सामन्ती मानसिकताको कारण योग्यता र क्षमताभन्दा पनि आफूलाई रुचाएको ब्यक्तिलाई टिप्ने गरिन्छ, जसको परिणाम समावेशी समानुपातिक व्यवस्थाको मर्ममाथि प्रश्न उठेको छ ।”[२६] अध्येता भोगीराज चाम्लिङले पनि नेपाली समाजको असमानताको अन्त्यको लागि समुदायगत रुपमा पूर्ण समानुपातिक प्रतिनिधित्वको आवश्यक रहेको तर माथिबाट तानेर होइन समुदायबाट पठाउनुपर्ने मत राख्दछन् ।[२७]

लावती र चाम्लिङले भने झै वर्तमान प्रमुख राजनीतिक दलका प्रमुख नेताहरुले समुदायगत प्रतिनिधित्व गराउनुपर्ने राजनीतिक तथा राजकीय नियुक्तिहरूमा समुदायको रुचिमा होइन आफ्नो अनुकुलतामा नियुक्ति दिने गरेका छन् । यस्ता दृष्टान्तहरूले खस-आर्य नेताहरू जातीय उत्पीडनको समाधान गर्ने पक्षमा देखिदैनन् । विभिन्न औपचारिक तथा अनौपचारिक अभिव्यक्तिले त्यो कुराको पुष्टि गर्दै आएका छन् । तत्कालीन प्रधानमन्त्री तथा नेकपाका अध्यक्ष ओलीले विगतदेखि वर्तमानसम्म जातीय असहिष्णुताको बोली र व्यवहार प्रमाणित गरिरहेका छन् । उनको यो शैलीलाई धेरै खस-आर्य नेताहरूले मौन र केहीले खुल्ला रुपले समर्थन गरिरहेका छन् । शर्मा ओलीले कान्तिपुर टेलिभिजनको फायरसाइड कार्यक्रमको अन्तर्वार्तामा भनेका थिए “२००७ साल २०४६ साल र २०६२/२०६३ सालको आन्दोलनमा पनि सङ्घीयताको कुरा उठेको थिएन । सङ्घीयता आयातित मुद्दा हो, यो जबरजस्ती स्थापित भएको एजेन्डा हो, ...जातका आधारमा डाक्टर हुने, इन्जिनियर हुने यो कहाँ सम्भव छ ? ८२ प्रतिशत लिएको विधार्थीले अवसर नपाउने तर ५२ प्रतिशत लिने विधार्थीले आरक्षणको नाममा अवसर पाउने अन्यायपूर्ण हो” ।[२८] आरक्षण, समावेशी तथा समानुपातिक व्यवस्थाप्रति शर्मा ओली मात्र होईन कम्युनिस्ट पार्टीका अन्य खस-आर्य नेताहरूको ठुलै असन्तुष्टि रहेको छ । एनेकपा माओवादीका नेता टोपबहादुर रायमाझीले विपन्न परिवारमा जन्मेको ब्राह्मणले ९० प्रतिशत लिँदा फेल हुनुपर्ने तर सम्पन्न परिवारमा जन्मेको जनजातिले ५० प्रतिशत लिँदा पास हुने व्यवस्था पनि विभेदकारी नै भएको मान्दछन् ( टोपबहादुर रायमाझी, २०७३ असोज ०६ गते, अनुसूची ४) । ओली र रायमाझीले सङ्घीयता र आरक्षणप्रति असहमति राखेको कुरा अन्तरिम संविधान २०६३ मा व्यवस्था भइसकेका विषयहरू थिए । त्यस समयमा अत्मनिर्णयको अधिकार, अग्राधिकार जस्ता बहस भइरहेका थिए । पहिलो संविधानसभाबाट विभिन्न समितिहरूले नयाँ संविधान निर्माणको लागि तयार गरेका प्रतिवेदनहरूमा स्वशासन, समानुपातिक,

[२५] युट्युब टिभी यो हो बहसमा जिवराज भण्डारीले सञ्चालन गरेको कार्यक्रमा हाछेथुले ५ जुन २०२० दिएको अन्तवार्तामा व्यक्त विचार, र लावतीसंग २०७६ माघमा गरेको अनौपचारिक कुराकानीमा व्यक्त विचार ।

[२६] न्यौपानेसँग २०७६ पौष २५ गते बुटवलमा लिएको अन्तरवार्ता ।

[२७] चाम्लिङसँग २०७३ असोज १० गते लगनखेल ललितपुरमा गरेको कुराकानीमा आधारित ।

[२८] पत्रकार भुषण दाहाललाई सन् २०१६ डिसेम्बर ५ तारिखमा ओलीले दिएको अन्तरवार्ता ।

आत्मनिर्णयको अधिकार जस्ता व्यस्थाहरू राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यास र प्रयोगका दृष्टिले समेत उचित भएको कुरा राजनीतिशास्त्री कृष्ण खनालले बताएका छन् (खनाल, २०६७,पृ. ४५) । प्रदिप ज्ञवाली नेपालको सन्दर्भमा सङ्घीय शासन प्रणाली अपरीहर्य ठान्छन् र आत्मनिर्णयको अधिकारलाई केन्द्र र राज्यबीचको शक्तिको बाँडफाँड गर्ने हतियारका रूपमा प्रयोग गर्न सकिने उल्लेख गरेका छन् (ज्ञवाली, २०६४,पृ. १४४)। भवानी बरालका अनुसार एकात्मक राज्य प्रणालीमा दमन उत्पीडनको बलले जबर्जस्ती एकता गरेको हुन्छ तर सङ्घीय राज्य प्रणालीमा स्वतन्त्रता, भ्रातृत्व र समानता सहितको मजबुत एकताको व्यवस्था गरिन्छ। "जनताको इच्छाको सहभागितामा बनेको सङ्घ राज्यलाई आत्मनिर्णयको अधिकार हुँदैमा त्यसको दुरुपयोग हुन्छ भनेर बुझ्नु सर्वथा गलत हुन्छ"(बराल, २०६१)।

नेपालका कम्युनिस्टहरूले आफ्नै मौलिक परिवेशका साथै अन्य मुलुकबाट पनि शिक्षा लिन आवश्यक छ। भ्यान कटका अनुसार ल्याटीन अमेरिकामा कम्युनिस्ट बलियो हुँदा आदिवासी कमजोर हुने र आदिवासीहरू बलियो हुंदा कम्युनिस्ट कमजोर हुने उल्लेख गरेका छन् , त्यहाँ जनजातीय दलहरू देखा पर्दैछन् । सन् १९९० को दशकमा आदिवासी मतदाताहरुलाई परिचालन गर्ने दलहरूले बोलिभिया, कोलम्बिया, गुयना र भेनेजुयलाका राष्ट्रिय चुनावहरूमा तथा अर्जेन्टिना र निकारागुवाका स्थानीय चुनावको प्रतिस्पर्धामा सफलता हासिल गरेका छन् (Van Cott, 2005,pp. 177, 211) । अन्तराष्ट्रिय राजनीतिमा जस्तै नेपालमा पनि कम्युनिस्ट पार्टीका नेताका कमजोरीले अन्य दल जन्मिरहेका छन्। दुई दशक नेपालको कम्युनिस्ट राजनीतिमा क्रियाशील रहेर अमेरिकामा कार्यरत गणेश पोखरेलका अनुसार, नेपालका कम्युनिस्टले उठाएका आधारभूत कुराहरू व्यावहारिक रूपमा अमेरिकामा लागू गरिएको छ। त्यहाँ धनीबाट कर सङ्कलन गरेर गरिबलाई राज्यले अवसर र राहत वितरण गर्दछ। नेपालका कम्युनिस्ट नेताहरूले जनताका आधारभूत आवस्यकता पुरा गर्ने भन्दा पनि आफ्ना निजि मामलामा केन्द्रीत भएकाले कम्युनिस्टको विकल्पमा धेरै पार्टी स्थापना भएका छन्।[२९] पुंजीवादी मुलुक अमेरिकामा अनुभव गरेको व्यवस्थाभन्दा पनि कमजोर अवस्था नेपालको कम्युनिस्टहरूको देखिएको पोखरेलको खुलासा छ।

नेपाली राजनीतिमा जातीय राजनीतिको प्रवेश गराउने कम्युनिस्ट पार्टीले स्थापना कालदेखि नै आफ्नो दस्तावेजहरूमा जातीय असमानता र उत्पीडनको मुद्दा प्राथमिकताकासाथ उठाएको छ । जातीय समस्यालाई हल गर्ने सङ्कल्प गरेका कम्युनिस्ट पार्टीको संरचना र उनीहरूले नेतृत्व गरेको सरकार र राज्यको विभिन्न निकायहरूमा समेत वर्चश्वशाली भनिएका एकल जातीय प्रणाली द्धारा नै सञ्चालन गरिएको छ। समग्रमा उपेक्षामा रहेका समुदायहरूलाई शसक्तिकरण गर्ने काममा भने कम्युनिस्ट पार्टीको भूमिका स्नहानीय छ।

---

[२९] पोखरेलले २०७४ साउन २० गते ललितपुरको लगनखेलमा दिएको जानकारी।

## अध्याय छः

## एमाले र माओवादीको पहिचानसम्बन्धी धारणा

### ६.१ एमाले र माओवादीको जातीय सवालसम्बन्धी अवधारणा

२०५४ सालदेखि एमालेले जातीय मामला, भाषा संस्कृति जस्ता विभागहरूमार्फत जातीय पहिचानमा आधारित गतिविधि सुषप्त रुपमा चलाएको थियो भने माओवादीले विभिन्न जातीय मोर्चाहरूको गठन गरी राजनीतिक रूपमा क्रियाशील बनाएपछि एमालेले पनि जातीय सङ्गठनहरूको स्थापना गरेको पाइन्छ। जातीय सङ्गठनहरूको कारणले गर्दा कम्युनिस्ट पार्टीको विस्तार आधारभूत तहसम्म मजबुत बनेको कुरा नेकपा माओवादीको राजनीतिक प्रतिवेदनमा समेत उल्लेख गरेको छ (बस्नेत, २०६९,पृ. ६१०)। वर्तमानमा विभिन्न नामका नेकपाहरूले कुनै न कुनै हिसाबले जातीय मुद्दालाई आफ्नो नीतिमा समावेश गरेका छन्, तर सबैभन्दा व्यवस्थित रुपले माओवादीको दस्तावेजहरूमा व्यवस्था गरेको छ (हेर्नुहोस तालिका ६.१)।

तालिका ६.१ः २०४६ पछि एमाले र माओवादीको जातीय पहिचानसम्बन्धी अवधारणा

| एमाले | माओवादी |
|---|---|
| (क) राष्ट्रिय सभामा पिछडिएका जनजातिहरूबाट प्रतिनिधित्व गराइने संवैधानिक व्यवस्था सुनिश्चित गरिनेछ (चुनाव घोषणापत्र, २०४८)। माथिल्लो सदनलाई विभिन्न जात वा जनजातिहरूका साथै महिला, विभिन्न उपेक्षित वा उत्पीडित समुदायहरू र पिछडिएका क्षेत्रका राष्ट्रिय जीवनमा ख्यातिप्राप्त व्यक्तिहरू समेतको समुचित प्रतिनिधित्व हुने गरी पुनर्संरचना गरिनेछ। (नेकपा ( एमाले), जाति, भाषा, धर्म र संस्कृति सम्बन्धी हाम्रो नीति, २०५४)<br>(ख) आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्न ( आर्थिक, सामाजिक, सांस्कृतिक) आदिवासीहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्र तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठन अभिसन्धि १६९ अनुसारको आत्मानिर्णयको अधिकार हुनेछ (निर्वाचन घोषणापत्र, २०६४,पृ. १७) जातीय, भाषिक, सांस्कृतिक र प्रादेशिक स्वायत्ततामा आधारित अखण्ड नेपाल रहनेछ (आठौँ महाधिवेशन, राजनीतिक प्रतिवेदन, २०६५,पृ. ८) | (क) आत्मनिर्णयको अधिकारको नीतिका आधारमा जातीय तथा क्षेत्रीय स्वायत्त शासनको कार्यक्रम नै सबभन्दा वैज्ञानिक र उपुक्त हुन्छ (संविधानसभा निर्वाचन प्रतिबद्धतापत्र, २०६४,पृ. २५) अधिकार सम्पन्न मधेस स्वायत्त राज्य र उत्पीडित जातिहरू, अल्पसङ्ख्यक लोपोन्मुख जातिहरूका लागि विशेष संरक्षित क्षेत्र वा स्यायत्त संरचना निर्माण गरिनुपर्दछ। प्रत्येक राज्यमा निश्चित अवधिका लागि उत्पीडित जातिहरूको अग्राधिकार हुनुपर्दछ (सातौँ महाधिवेशन राजनीतिक प्रतिवेदन, २०६९,पृ. ५०-५१)। |

(स्रोतः एमाले र माओवादीको चुनावी घोषणा पत्र तथा राजनीतिक दस्तावेजहरू)

### ६.२ जनताको बहुदलीय जनवाद र एक्काइसौँ शताब्दीको जनवाद

मदन भण्डारीले नेतृत्व गरेको नेकपा माले र मनमोहन अधिकारीले नेतृत्व गरेको नेकपा मार्क्सवादीको बीचमा २०४७ पौष २२ गते एकता भई नेकपा (एमाले) बनेको हो (के. सी., २०६५,पृ. १५१)। २०५२ फागुन २ गतेदेखि २०६२ सम्म सशस्त्र युद्धको नेतृत्व गरेको नेकपा (माओवादी) को नेतृत्व पुष्पकमल दाहाल (प्रचण्ड) ले गर्दै आएका छन्। तत्कालीन जनमोर्चा नेपाल सहित समाहित भएको नेकपा (एकता केन्द्र-मसाल) र नेकपा माओवादी २०६६ सालमा एकता गरी हाल एनेकपा (माओवादी) को नाममा क्रियाशील रहेको छ (बस्नेत, २०६९,पृ. ६५५)। यी दुईवटा कम्युनिस्ट पार्टीहरू नै नेपालका कम्युनिस्टहरूको मूलधारका रूपमा रहेका छन्। यी दुईमध्ये नेकपा (एमाले) ले बहुदलीय जनवादमार्फत लोकतान्त्रिक प्रतिस्पर्धालाई आत्मसात गरी निर्वाचनलाई स्वीकार गर्दै आएको छ भने नेकपा (माओवादी) सशस्त्र युद्ध गर्दै जातीय-क्षेत्रीय स्वायत्त राज्यहरूको समेत घोषणा र अभ्यास गरी हाल एक्काइसौँ शताब्दीको जनवादको कार्यक्रममार्फत निर्वाचनमा सामेल छ। यी दुई पार्टीका पृष्ठभूमि र नीतिहरूमा केही समानता र केही भिन्नता छन्। यी दुई कम्युनिस्ट पार्टीहरूको दस्तावेजहरूको तुलनात्मक अध्ययन गरी जातीय पहिचानको विषयमा समीक्षा गरिएको छ।

नेपालका कम्युनिस्ट पार्टीहरूले स्थापना कालदेखि नै जातीय समस्याको समाधानका रूपमा आफ्नो नीति तथा कार्यक्रमहरू तय गर्दै आएका छन्। यस शोधमा विश्लेषण गरिएका दुईवटा पार्टीहरू नेकपा (एमाले) र एनेकपा (माओवादी) को क्रमशः जनताको बहुदलीय जनवाद र एक्काइसौँ शताब्दीको जनवादले पनि जातीय समस्याको विषयमा छलफल गरेको छ। नेकपा (एमाले) को पाँचौँ राष्ट्रिय महाधिवेशन (२०४९ माघ १४-२०) द्वारा पारित नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद कार्यक्रम पारित गऱ्यो। अर्कोतर्फ दीर्घकालीन जनयुद्ध गरिरहेको नेकपा (माओवादी) ले २०६० जेठमा बसेको केन्द्रीय कमिटीको बैठकले २१औँ शताब्दीको जनवाद कार्यक्रम लागू गरेको थियो। नेकपा (एमाले) को जनताको बहुदलीय जनवाद र नेकपा (माओवादी) को एक्काइसौँ शताब्दीको जनवादको कार्यक्रमको जातीय मुक्ति सम्बन्धी नीतिहरू बुँदागत रूपमा निम्न रहेका छन्।

तालिका ६.२ः नेकपा (एमाले) र नेकपा माओवादीको मौलिक सिद्धान्त

| **जनताको बहुदलीय जनवाद** | **एक्काइसौँ शताब्दीको जनवाद** |
|---|---|
| (क) कुनै पनि एउटा धर्मको एकाधिकारलाई अन्त्य गरी सबैलाई धार्मिक स्वतन्त्रता र समानता प्रदान गर्ने जाति, भाषा र वेशभूषामा रहेका सबै एकाधिकार र विशेषाधिकारहरूको अन्त्य गर्ने।<br>(ख) पछि परेका जाति, भाषा, साहित्य र संस्कृतिको ऐतिहासिक संरक्षण, सम्वर्द्धन र विकासका निम्ति विशेष कार्यक्रम सञ्चालन गरिने।<br>(ग) सबै क्षेत्रमा समानता तथा जनवादी अधिकारको ग्यारेन्टी गर्ने। | (क) वर्गीय, जातीय, क्षेत्रीय एवम् लैङ्गिक उत्पीडनमा रहेका समुदायको मुक्ति।<br>(ख) आत्मनिर्णयको अधिकारसहित जातीय तथा क्षेत्रीय स्वशासन।<br>(ग) राज्यसत्ताको निरन्तर जनवादीकरणका लागि जनसमुदायको स्वनिर्णयको अधिकारलाई सजिव रुपले सङ्गठित गर्ने। |

(स्रोतः नेकपा (एमाले), २०६६; बस्नेत, २०६९)

माथि उल्लिखित कार्यक्रम नेपाली वाम राजनीतिमा विवादको विषय बन्यो। जनताको बहुदलीय जनवाद कार्यक्रमअन्तर्गत बहुदलीय प्रतिस्पर्धालाई स्वीकार गरिएको थियो, तर कम्युनिस्ट पार्टीले संसदीय अभ्यास गर्नु कम्युनिस्ट दर्शनविपरीत मानिन्थ्यो। जसअन्तर्गत कुनै पनि एउटा धर्मको एकाधिकारलाई अन्त्य गरी सबैलाई धार्मिक स्वतन्त्रता र समानता प्रदान गर्ने, जाति, भाषा र भेषभूषामा रहेका सबै एकाधिकार र विशेषाधिकारहरूको अन्त्य गर्ने, सबै क्षेत्रमा समानता तथा जनवादी अधिकारको ग्यारेन्टी गर्ने, पछि परेका जाति, भाषा, साहित्य र संस्कृतिको ऐतिहासिक संरक्षण, संवर्द्धन र विकासको निम्ति विशेष कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ (भण्डारी, २०६९,पृ. ३२३)।

नेकपा (माओवादी) ले २०६० साल जेठ महिनामा बसेको केन्द्रीय कमिटीको बैठकबाट पारित २१औँ शताब्दीको जनवाद कार्यक्रमअनुसार पार्टी, सेना र राज्यको विषयमा गहन छलफल गर्दै नेपालको जनवादी क्रान्तिका सन्दर्भमा वर्गीय, जातीय, क्षेत्रीय एवम् लिङ्गीय उत्पीडनबाट समुदायको मुक्ति, आत्मनिर्णयको अधिकारसहित जातीय तथा क्षेत्रीय स्वशासन र राज्यसत्ताको निरन्तर जनवादीकरणका लागि जनसमुदायको स्वनिर्णयको अधिकारलाई सजीव रूपले सङ्गठित गर्ने कुरामा जोड दिएको छ (बस्नेत, २०६९,पृ. ५३१)। दुवै पार्टीको दस्तावेजहरूको समीक्षा गर्दा जुन जातीय समूह नेतृत्वमा पुग्छ त्यही जातिको अनुकूलताअनुसार नीतिहरूको व्यवस्था गरेको पाइन्छ। २००६ सालमा कम्युनिस्ट स्थापना गर्दा पुष्पलाल श्रेष्ठलगायत नेवार समुदाय पाँचजनाले जनजातिहरूको भाषा-संस्कृतिसम्बन्धी नीतिहरूको व्यवस्था गरेका थिए। खस-आर्यहरू नेतृत्वमा पुग्दा जातीय समस्यालाई कम प्रमुखताका साथ उठाएको पाइन्छ। अपवादका रूपमा मात्र मोहनविक्रम सिंहले २०३१ सालमा जातीय मुद्दा सबैभन्दा जोडतोडका साथ उठाएका थिए। नेपालको कम्युनिस्ट पार्टीहरूमा नीतिभन्दा नेतृत्व प्रधान देखिएको छ । कम्युनिस्ट पार्टीको स्थापना गर्दा हालको एमाले धारले आदिवासी जनजातिहरूको अधिकारको विषयमा केही सुधारका नीतिहरूको व्यवस्था गरेको थियो, तर क्रमशः ती नीतिहरू न्यून हुँदै गए भने माओवादीको हकमा वृद्धि हुँदै गएको छ।

### ६.२.१ नेकपा (एमाले) र जनताको बहुदलीय जनवाद

नेकपा (एमाले) को चौथो राष्ट्रिय महाधिवेशन (२०४६ भदौ ९-१४) अनुसार राजतन्त्रले मुलुकलाई नै हिन्दु राज्य घोषित गरेर आम जनता र धार्मिक समुदायमाथि समेत हिन्दु धर्म लादिरहेको छ, र नेपाली भाषालाई एक मात्र राष्ट्रभाषा घोषित गरेर अन्य भाषाहरूको विकासलाई दबाइरहेको छ, जसबाट देशका जाति र जनजातिका जनतामाथि धार्मिक, जातीय र भाषिक दमनसमेत बढिरहेको छ। उक्त चौथो महाधिवेशनमा नेपाली क्रान्तिको वर्तमान कार्यक्रमअन्तर्गत जाति, भाषा र धर्मको सम्बन्धमा कुनै पनि एउटा धर्मको एकाधिकारलाई अन्त्य गर्ने र सबैलाई धार्मिक स्वतन्त्रता र समानता प्रदान गर्ने, जाति, भाषा

र  भेषभूषामा रहेका एकाधिकार तथा विशेषाधिकारको अन्त्य गरी सबै क्षेत्रमा समानता र पूर्ण जनवादी अधिकारको ग्यारेण्टी गर्ने, र मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने लगायतका नीतिहरूको व्यवस्था गरेको थियो।

नेकपा (एमाले) को पाँचौं राष्ट्रिय महाधिवेशन (२०४९ माघ १४-२०) ले नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद कार्यक्रम पारित गऱ्यो। जुन कार्यक्रम नेपाली वाम राजनीतिमा विवादको विषय बन्यो। कारण, त्यस कार्यक्रमअन्तर्गत बहुदलीय प्रतिस्पर्धालाई स्वीकार गरिएको थियो। कम्युनिस्ट पार्टीले संसदीय अभ्यास गर्नु कम्युनिस्ट दर्शनविपरीत मानिन्थ्यो। जनताको बहुदलीय जनवादले जाति, भाषा र धर्मको सम्बन्धमा निम्न कुराहरू उल्लेख गरेको छ ः

१. कुनै पनि एउटा धर्मको एकाधिकारलाई अन्त्य गरी सबैलाई धार्मिक स्वतन्त्रता र समानता प्रदान गरिने छ।

२. जाति, भाषा र वेशाभूषामा रहेका सबै एकाधिकार र विशेषाधिकारहरूको अन्त्य गरिने छ। सबै क्षेत्रमा समानता तथा जनवादी अधिकारको ग्यारेन्टी गरिने छ। पछि परेका जाति, भाषा, साहित्य र संस्कृतिको ऐतिहासिक संरक्षण, संवर्द्धन र विकासका निम्ति विशेष कार्यक्रम सञ्चालन गरिने छ।

नेकपा (एमाले) चुनाव घोषणापत्र २०५६ सालसम्म आइपुग्दा, 'सम्पूर्ण जाति, जनजाति, भाषा, धर्म र संस्कृतिलाई समान अधिकार ः सुसंस्कृत, सभ्य र सद्भावपूर्ण समाजको आधार' शीर्षकको नौवटा बुँदाहरूको व्यवस्था गरेको छ। जाति, जनजाति, भाषा, धर्म तथा संस्कृतिको क्षेत्रमा रहेका सम्पूर्ण भेदभावहरूको अन्त्य गरिने छ। सबै जाति, जनजाति, भाषा र धर्मालम्बीहरूलाई समान अधिकार, अवसर र सुविधा प्राप्त हुने कानुनी व्यवस्था गर्नुका साथै पिछडिएका जाति, जनजाति, भाषा र संस्कृतिको रक्षा एवम् विकासका निम्ति विशेष व्यवस्था गरिने छ ' भनी उल्लेख गरेको छ।

२०४८ सालमा आम निर्वाचनमा व्यवस्था गरेको राष्ट्रिय सभालाई पिछडिएको जाति जनजातिहरूलाई प्रतिनिधित्व गराउने विशेष व्यवस्थाको भने २०५६ सालको निर्वाचनको घोषणापत्रमा उल्लेख गरेको छैन। तर राष्ट्रिय विखण्डन, पृथकतावाद र साम्प्रदायिकतावादी प्रवृत्तिहरूलाई दुरुत्साहित गर्दै सामाजिक सद्भाव एवम् समानतामा जोड दिने नीति अवलम्बन गरिने कुराको व्यवस्था गरेको छ। यसको आशय जातीय तथा क्षेत्रीय उत्पीडनको बहसले साम्प्रदायिक तथा पृथकतावादीलाई मलजल गर्न सक्ने शङ्काका रूपमा लिएको बुझिन्छ।

पाँचौं राष्ट्रिय महाधिवेशनमा जाति, भाषा, धर्म र संस्कृतिसम्बन्धी पार्टी नीतिबारे व्यापक कुरा उठेपछि नेकपा (एमाले) पाँचौं महाधिवेशनमा राजेन्द्र श्रेष्ठ, टङ्क राई र योगेन्द्र साहले तीनवटा फरक प्रस्ताव पेस गरेका थिए। महाधिवेशनमा ती फरक मतमाथि व्यापक छलफल भएको थियो र पार्टीले

आफ्नो सम्पत्तिका रूपमा फरक मतहरूको प्रकाशन समेत गरेको थियो। नेकपा (एमाले) छटौं महाधिवेशन (२०५४) जाति, भाषा, धर्म र संस्कृतिसम्बन्धी हाम्रो नीतिको विषयमा छुट्टै प्रतिवेदन नै पेस गरेको थियोः

> नेपाली समाज यतिबेला बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक समाजका रूपमा रहेको छ। एउटा आधुनिक राष्ट्र निर्माणको दिशातिर अग्रसर भइरहेको छ। सामाजिक ऐतिहासिक विकासको वर्तमान अवस्थामा नेपाली समाजमा विभिन्न जाति तथा जनजाति र समूहहरू, भाषा र बोलीहरू, धर्म र संस्कृतिहरू विद्यमान छन्। तिनीहरूमध्ये कुनै निकै विकसित अवस्थामा छन्, कुनै धेरै पिछडिएको अवस्थामा छन्, कुनै त लोपै हुने अवस्थामा छन्। कुनै बढी उपेक्षित छन् भने कुनैले विशेष सहुलियत र सुविधा पनि भोगिरहेका छन्। यति मात्र होइन, कतिपय क्षेत्रका बासिन्दाहरू अपहेलित भएको महसुस गरिरहेका छन्। फलस्वरूप नेपाली समाजमा जातीय, भाषिक, सांस्कृतिक र एक हदसम्म क्षेत्रीय अन्तर्विरोधहरू समेत रहेका छन्। (एमाले, २०५४)

राजनीतिशास्त्री ध्रुव सिम्खडका अनुसार नेकपा (एमाले) को नेतृत्वमा अन्य पार्टीहरूको तुलनामा बढी ब्राह्मण समुदायको वर्चस्व भएको र व्यवहारमा एकल जातीय वर्चस्व रहे पनि उसको नीतिमा भने समावेशी सहभागिताको व्यवस्था थियो। नेकपा (एमाले) को घोषणापत्रमा संसद्को उपल्लो सभालाई अल्पसङ्ख्यक तथा पिछडिएको जातिहरूको प्रतिनिधित्व गर्ने नीतिगत व्यवस्था गरेको थियो (सिम्खडा, सन् २०१७,पृ. १४१)। राजनीतिशास्त्री कृष्ण हाछेथुले केन्द्रीय राजनीतिमा खस-आर्यको वर्चश्व रहे पनि स्थानीय राजनीतिमा भने केही आदिवासी जनजाति र अल्पसङ्ख्यकहरूलाई रणनैतिक हिसाबले समावेश गरेको उल्लेख गरेका छन् (Hachhethu, 2002,p. 270)।

नेकपा (एमाले) ले गरिब, महिला र अन्य अल्पसङ्ख्यक तथा अविकसित समुदायलाई सामाजिक, आर्थिक तथा अन्य समस्याहरूबाट मुक्ति दिलाउन पार्टीले आमूल परिवर्तनको नीति लिएको समेत उल्लेख गर्दै भनेको छ :

> नेपालको सामाजिक व्यवस्था मुलुकमा देखापरेका आर्थिक र राजनीतिक समस्याहरूका कारणले आक्रान्त र गतिहीन बनेको छ। सामाजिक र सांस्कृतिक विकासको प्रक्रिया राजनीतिक र आर्थिक विकासको प्रक्रियाबाट अलग रहेर एक्लै अघि बढ्न सक्तैन, बरु राजनीतिक र आर्थिक विकासका प्रक्रियाहरूले सामाजिक-सांस्कृतिक विकास प्रक्रियालाई समेत निर्धारण गर्दछ। माओवादीहरूका गलत सांस्कृतिक, जातीय र धार्मिक नीतिले पनि नेपाली समाजमा विखण्डनको वातावरण सिर्जना गरेको छ। यसले नेपालीहरूको सामाजिक जीवन र मनोभावनामा अनेकौं नकारात्मक प्रभावहरू जन्माएको छ। सामाजिक

> समानता, एकता र सहिष्णुताको वृद्धि गर्न एमालेको छैटौँ राष्ट्रिय महाधिवेशनद्वारा पारित जाति, भाषा, धर्म र संस्कृतिसम्बन्धी नीतिलाई व्यवहारमा कार्यान्वयन गर्दै अघि बढ्नु जरुरी छ। (नेकपा एमाले, २०५९,पृ. ३१-३२)

नेपालको ऐतिहासिक राजनीतिक परिवर्तनपछि देश सङ्घीयतामा गएको र पहिचानको बहस पनि तीव्र गतिमा चलेको परिवेशमा नेकपा (एमाले) चुनावी घोषणापत्र २०६४ र २०७० को संविधानसभाको निर्वाचनको घोषणापत्रमा आदिवासी जनजातिहरूलाई आफ्नो राजनीतिक अधिकार सुनिश्चित गर्नु, र आर्थिक, सामाजिक एवम् सांस्कृतिक विकास गर्न सक्ने गरी आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घको घोषणा तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको अभिसन्धी-१६९ अनुसारको आत्मनिर्णयको अधिकार, र लोपोन्मुख तथा सीमान्तकृत समुदायको भाषा, संस्कृति र परम्पराको संरक्षण गर्नु राज्यको दायित्व हुने कुराको उल्लेख गर्नुका साथै आदिवासी जनजातिहरूलाई आफ्नो भाषा र संस्कृतिको विकास गर्न, साधन र स्रोतहरूको उपयोग गर्न, राजनीतिक अधिकारहरूको सुनिश्चित गर्न तथा सामाजिक, आर्थिक विकास गर्न उपयुक्त कानुनी व्यवस्था र संरचनाको विकास गरिनेछ र आदिवासी जनजाति प्रतिष्ठानलाई अधिकार सम्पन्न बनाइने कुराको उल्लेख गरिएको छ।

नेकपा (एमाले) का चुनावी घोषणापत्रहरूमा जातीय विभेदको विषयमा प्रचलित कानुनहरूको कार्यान्वयन गर्ने र क्रमिक रूपले सुधार गर्ने कुराको उल्लेख छ। यहाँका उत्पीडित जातिहरूलाई विशेष कार्यक्रमहरूको सुनिश्चितता गरिएको छैन। समस्या समाधानका लागि आवश्यक नीतिहरूको व्यवस्था गर्ने कुराको उल्लेख गरेको छ। नेकपा (एमाले) आठौँ महाधिवेशन (२०६५) राजनीतिक प्रतिवेदनले आदिवासी जनजाति तथा पहिचानको सन्दर्भमा धेरै कुराहरूको प्रस्ट गर्दै 'वर्तमान सामाजिक स्थिति' शीर्षकमा भनेको छ :

> देशमा लामो समयदेखि रहेको निरङ्कुश तानाशाही व्यवस्थाले सबै सामाजिक समूहलाई समान ढङ्गले विकास हुन दिएन। त्यसले उनीहरूको विकासलाई अवरोध मात्र गरेन, राज्य र शासकहरूले खास जाति, भाषा, समुदाय र संस्कृतिलाई मात्र बढी सहुलियत र सुविधा दिए। अरू सामाजिक समूहलाई हेप्ने, दबाउने, बेवास्ता गर्ने र उनीहरूको भाषासंस्कृतिलाई लोप हुने अवस्थातिर धकेल्ने प्रयत्नहरूसमेत भए। त्यसले गर्दा विभिन्न जाति, भाषा, संस्कृति, समुदाय र क्षेत्रका बीचमा नै विभेदहरू सिर्जना हुन पुगे। अहिले समाजमा देखा परेका जातीय, भाषिक, सांस्कृतिक, लैङ्गिक, सामाजिक र क्षेत्रीय विभेदहरू सबै नै वर्गीय विभेदका कारण उत्पन्न भएका हुन्। वर्गीय विभेदलाई अन्त्य नगरी अन्य विभेदहरू अन्त्य हुन सक्तैनन्। त्यसैले हाम्रो पार्टीले लामो समयदेखि वर्ग सङ्घर्षको विकास गर्दै विभेदका

> विरुद्धको विभिन्न जातिका जनताको सङ्घर्षलाई पनि समर्थन गर्दै अघि बढाउँदै आइरहेको छ। (नेकपा एमाले, २०६५)

एमालेको प्रतिवेदनले राज्यको चरित्र र स्वरूपको सन्दर्भमा नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक हिसाबले विविधतायुक्त मुलुक भएकाले बहुलता नेपाली समाजको विशेषता हो भनेको छ। नेपालको वर्तमान राज्य सत्ताको चरित्र एकात्मक र शासन सत्ताको स्वरूप केन्द्रीकृत रहेको कुराको पनि उल्लेख गरेको छ। नेपाली समाजको सामाजिक विशेषता र विशिष्टताका आधारमा जनआन्दोलका क्रममा व्यक्त भावना र पछि परेका/पारिएका समुदायको आकाङ्क्षा समेतका हिसाबले नेपाल राज्यको चरित्र सङ्घात्मकतामा आधारित हुने र शासन प्रणाली केन्द्र, प्रदेश र स्थानीय निकायका बीचमा अधिकार र कर्तव्यको स्पष्ट बाँडफाँड सम्पन्न गरिएको स्वशासनको ढाँचामा आधारित हुने, नेपाल जातीय, भाषिक, सांस्कृतिक र प्रादेशिक स्वायत्ततामा आधारित अखण्ड नेपाल रहने, र विशेषतः पछि परेका सबै वर्ग र जनसमुदायको सहभागिता र भूमिकालाई सुनिश्चित गरिने पनि उल्लेख गरेको छ। नेकपा (एमाले) ले आठौँ महाधिवेशनमा आत्मसमीक्षा गर्दै भनेको छः

> विविधताहरूलाई वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्ने कुरामा विगतमा कमजोरीहरू रहे। जसले गर्दा नेपाली समाजमा वर्ग, जाति, लिङ्ग, भाषा, सामाजिक र क्षेत्रीय जस्ता विभिन्न भेदहरू जन्मिएको छ। विभिन्न लोकतान्त्रिक जातीय सङ्गठनहरू, मधेसी सङ्गठन र मुस्लिम इत्तेहाद सङ्गठनहरू पनि क्रियाशील छन्। पार्टीले ऐतिहासिक रूपमै विभेदमा पारिएका त्यस्ता जाति र समुदायलाई जागरुक र एकताबद्ध पार्ने अभियानका क्रममा उपर्युक्त प्रकारका जनसङ्गठनहरू विकसित गरिएको छ। एकातिर जातीय विभेदहरूलाई देख्दै नदेख्ने र वर्ग विभेदको मात्र कुरा गर्ने प्रवृत्तिबाट पनि हामी होसियार हुनुपर्दछ भने अर्कोतर्फ वर्ग विभेदलाई पुरै बिर्सेर जातीय वा क्षेत्रीय मात्र देख्ने र त्यसबाट अघि बढेर जातिवाद र क्षेत्रवादको गलत प्रवत्तिसँग पनि होसियार रहनु पर्दछ, यी दुवै प्रवृत्ति अत्यन्त हानिकारक र राष्ट्रिय एकताविरोधी हुन्। एमाले कुनै जातिवादी वा क्षेत्रवादी पार्टी होइन, यो दार्शनिक र सैद्धान्तिक रुपले जाति, क्षेत्र र भूगोलको सीमाभन्दा माथि उठेर “मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ” भन्ने मान्यतामा विश्वास गर्ने पार्टी हो । (नेकपा एमाले, २०६५,पृ. ५८)

एमालेले वर्गीय र वैचारिक कुरा मुख्य हो भन्ने कुरा बिर्सन नहुने स्मरण गराएको छ। तर एमालेले राष्ट्रिय एकता भनेर विभिन्न सामाजिक समूहहरूको पहिचान र भावनात्मक एकतालाई बिर्सेर भौगोलिक अखण्डतालाई बढी प्राथमिकता दिएको पाइन्छ। संविधानसभा निर्वाचन २०७० को घोषणापत्र अनुसार, संविधान निर्माणको प्रतिबद्धता र मार्गचित्र शीर्षकमा आदिवासी जनजातिका सामाजिक, सांस्कृतिक,

आर्थिक र राजनीतिक अधिकारको प्रत्याभूति गरिने, पहिचान, प्रतिनिधित्व र पहुँचको अधिकारलाई सुनिश्चित गरिने, नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय अभिसन्धि र अनुबन्धहरूको पालनाको ग्यारेन्टी गरिने उल्लेख छ। बहुपहिचानसहितका सातवटा सङ्घीय प्रदेशहरू हुने, र विशेष क्षेत्र विशेष नीतिअन्तर्गत 'आदिवासी जनजातिहरूको अधिकारः बहुलबादी समाज निर्माणको पूर्वाधार' शीर्षकमा आदिवासी जनजातिहरूको पहिचान, प्रतिनिधित्व र पहुँचको अधिकारलाई प्रत्याभूति गर्ने, उनीहरूको अधिकार सुनिश्चित गर्दै आर्थिक, सामाजिक एवम् सांस्कृतिक विकास गर्न उपयुक्त कानुन व्यवस्था र संरचनाको विकास गर्ने कुराको उल्लेख छ।

नेकपा (एमाले) पार्टीभित्र र बाहिर सबभन्दा बढी विवादित विषय राज्यको पुनर्संचना रहेको थियो। २०६६ साल मङ्सिर १ मा नेकपा (एमाले) ले संविधानसभामा छलफलका लागि पहिचानमा आधारित १५ प्रदेशका प्रस्ताव पेस गरेको थियो। तर यो प्रस्तावलाई परिवर्तन गर्दै २०६९ भदौ १८ गतेको पार्टीको अन्तर पार्टी निर्देशन-१० अनुसार बहुपहिचान सहितका सात प्रदेशहरूको प्रस्ताव गरेको थियो, तर संविधानसभा निर्वाचन २०७० र २०७१ असार-साउनमा सम्पन्न पार्टीको नवौं महाधिवेशनमा सङ्घीय एकाइहरू बहुजातीय र साझा पहिचानमा हुने कुराको उल्लेख गरे पनि प्रदेशहरूको नाम र सङ्ख्या भने किटान गरेको थिएन।

यहाँनिर एमालेले राज्यको पुनर्संचनाको विषयमा आफ्नो प्रस्तावहरूमध्ये सबभन्दा पहिले जातीय पहिचानसहितका १५ वटा प्रदेशहरूको खाका अगाडि सारेको थियो र त्यस प्रस्तावप्रति आदिवासी जनजातिहरू धेरै उत्साहित थिए। त्यही प्रस्ताव अनुसार नै उनीहरूले आ-आफ्नो समुदायहरूलाई पार्टीको नीतिअनुरूप नै जानकारी गराए । तर पार्टीको प्रस्ताव पटक पटक परिवर्तन भएकाले त्यसको मार आदिवासी जनजाति लगायतका सामाजिक हिसाबले बहिष्करणमा परेका र सांस्कृतिक हिसाबले उत्पीडनमा परेका जातिहरूलाई पर्न गयो। अर्कोतर्फ एमालेमा रहेका आदिवासी जनजाति नेता तथा कार्यकर्ताहरूले ठूलो सङ्कटको सामना गर्नुपऱ्यो। परिणामस्वरूप, आदिवासी जनजाति तथा मधेसीहरूले पार्टीमा बेलाबेलामा विद्रोह पनि गर्ने गरे। २०६७ सालमा पार्टीका उपाध्यक्ष अशोककुमार राईलगायतका नेता तथा कार्यकर्ताहरूको पार्टीबाट बहिर्गमन पनि पहिचानको विषयमा रहेको असहमति नै थियो। नेकपा (एमाले) को नीतिले पहिचानको मुद्दालाई समेट्ने प्रयास गरे पनि व्यावहारिक रूपमा त्यसको प्रयोग गर्न नरुचाएको देखिन्छ। नेपाली समाजको बहुल चरित्रको प्रतिविम्बभन्दा पनि नेतृत्वमा रहेका समुदायहरूको चाहनाअनुरूप विगतका नीतिहरूलाई फेरबदल गर्ने प्रवृत्ति विद्यमान देखिन्छ।

### ६.२.२ **नेकपा (माओवादी) र एक्काइसौँ शताब्दीको जनवाद**

नेपालको कम्युनिस्ट पार्टीहरूमध्ये सबैभन्दा धेरै जातीय सवाललाई बहसमा ल्याउने पार्टी तत्कालीन नेकपा (माओवादी), हाल एनेकपा (माओवादी केन्द्र), हो। तत्कालीन नेकपा (माओवादी) ले

जनयुद्ध सुरु गर्नुभन्दा अगाडि २०५२ माघ २१ गते संयुक्त जनमोर्चाको तर्फबाट बाबुराम भट्टराईले प्रधानमन्त्रीलाई पेस गरेको ४० वटा बुँदाहरू (हेर्नुहोस् अनुसूची १५) मध्ये देशलाई धर्मनिरपेक्ष बनाउनुपर्ने, सबैखाले जातीय शोषणको अन्त्य हुनुपर्ने, जनजातिहरूको बाहुल्य भएको क्षेत्रहरूमा जातीय स्वायत्त शासनको व्यवस्था गरिनुपर्ने, सबै भाषाभाषीहरूलाई समान अवसर दिनुपर्ने, उच्च माध्यमिक तहसम्म मातृभाषामा अध्ययन गर्न पाउनु पर्ने लगायतका मागहरू राखेका थिए (अधिकारी, २०६४,पृ. ३४७)।

नेकपा माओवादीको २०४८ साल मङ्सिरमा सम्पन्न छैटौं/एकताको महाधिवेशनबाट महामन्त्री प्रचण्डद्वारा प्रस्तुत तथा पारित राजनीतिक प्रतिवेदनमा 'अल्पसङ्ख्यक जाति, जनजाति र दलित जातिका बीचमा काम' शीर्षकमा भनिएको थियोः "आज देशमा एकातिर जातीय आन्दोलनको विकास हुँदै गइरहेको छ भने अर्कोतिर त्यसमा पार्टीको प्रभाव अत्यन्तै कम छ। ....नेपाल बहुजातीय, बहुभाषिक एवम् बहुधार्मिक देश हो। नेपालको शासक जाति एवम् वर्गबाट उनीहरूमाथि जातीय, राजनीतिक एवम् आर्थिक सबै प्रकारका उत्पीडन भइरहेको छ।" नेकपा माओवादीको नेतृत्वमा सञ्चालित २०५२ साल फागुन १ गतेको जनयुद्धबाट जातीय तथा वर्गीय असमानताको अन्त्यका लागि युद्धको अपरिहार्यता उनीहरूको नीतिमा उल्लेख भएपछि धेरै उत्पीडित सामाजिक समूहहरू त्यस प्रक्रियामा सामेल भएका थिए। उक्त पार्टीले जातीय आधारमा सङ्गठनात्मक संरचनाको स्थापना गरी २०५७ सालमा विभिन्न जातीय तथा क्षेत्रीय आधारमा स्वायत्त राज्यहरूको निर्माण गरी राज्यसँग परस्पर समानान्तर सरकारको अभ्यास गरेको थियो।

जातीय समस्याका प्रकृति बेग्लाबेग्लै छन्, तापनि यसको मूल समस्या वर्गीय भएको, शोषक जाति र वर्गविरुद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न नभएसम्म जातीय समस्याको समाधान असम्भव भन्दै जातीय समस्या भनेको पनि राष्ट्रियता, जनतन्त्र र जनजीविकाकै समस्या भएको ठहर गर्दै पार्टीले तत्काल जातीय आन्दोलनको विकासका लागि ध्यान दिनुपर्ने नेपाली मात्रलाई सम्पर्क भाषाको मान्यता दिन नहुने र त्यो अधिकार अन्य भाषाले पनि पाउनुपर्ने, धर्मसापेक्षताको अन्त र धर्म निरपेक्षता घोषणा गरिनुपर्ने, शासक जाति एवम् वर्गबाट उनीहरूमाथि भैरहेको सबै प्रकारका शोषणको अन्त्य हुनुपर्ने, र हरेक जनजातिभित्र शोषक वर्गको अस्तित्व पनि विशेषतः यहाँ बाहुन, क्षेत्री र नेवार जातिका अल्पसङ्ख्यक उच्च तप्काका भएको कुरा चारवटा बुँदाहरूमा व्यवस्था गरेको थियो। जातीय शोषणको रूप आर्थिक, सामाजिक र सांस्कृतिक सबै क्षेत्रमा भएकोले जातीय समस्या मूलतः वर्गीय समस्या भएको उल्लेख छ (बस्नेत, २०६९,पृ. २१५)। २०५१ सालको प्रथम राष्ट्रिय सम्मेलनसम्म आइपुग्दा देवप्रसाद गुरुङद्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख गरिएको छ :

> नेपाली राज्यसत्ताको आडमा अन्य जनजातिहरू माथि हिन्दु धर्मावलम्बी आर्यमूलका अभिजात वर्गको अतिक्रमण जारी नै रहेको छ। हिन्दु उच्च जातीय अहङ्कारवाद कायम नै

रहयो। भाषा, शिक्षा, संस्कृति आदि हरेक क्षेत्रमा हिन्दु जातीय अहङ्कारवाद लादिएको र अन्य जात, जाति तथा जनजातिहरूमाथि घोर अन्याय अत्याचार, उत्पीडनको क्रम हिन्दु राज्यसत्ताको अगुवाइमा तीव्र रूपले अगाडि बढाउँदै लगेको छ। जातीय समस्याको मूल जड नै विदेशी साम्राज्यवादीहरूको आडमा टिकेको हिन्दु उच्च जातीय प्रतिक्रियावादी राज्यसत्ता भएकाले उक्त राज्यसत्तालाई ध्वस्त पारेर उत्पीडित जनसमुदायको राज्यसत्ता कायम नहुँदासम्म जातीय मुक्ति सम्भव छैन। अहिले सम्मका जातीय आन्दोलनहरूको ऐतिहासिक अनुभवले के पनि स्पष्ट पारेको छ भने जातीय मुक्ति आन्दोलनको सम्बन्ध वर्गीय मुक्ति आन्दोलन वा वर्गीय सत्तासँग अन्तरसम्बन्धित रहेको हुन्छ। अर्धसामन्ती, अर्धऔपनिवेशिक वा औपनिवेशिक मुलुकहरूमा चल्ने जातीय आन्दोलन पनि स्वाभाविक रूपले सर्वहारा वर्गको नेतृत्वमा हुने नयाँ जनवादी आन्दोलन जोडिएको हुन्छ। (बस्नेत, २०६९,पृ. ३१७-३२१)

नेकपा माओवादीको २०५२ सालदेखि सातौँ महाधिवेशनसम्म आइपुग्दा जातीय मुक्ति र पहिचानसहितको सङ्घीयताको प्रश्नमा सामन्ती ब्राह्मणवादी तथा एकात्मकतावादी तत्वहरू अत्यन्तै नकारात्मक रहेको उल्लेख गरेको छ। यहाँ सामन्ती पितृसत्तावाद र महिला समुदाय, सामन्ती ब्राह्मणवाद र आदिवासी-जनजाति समुदाय, सामन्ती ब्राह्मणवाद र दलित समुदाय, विकसित क्षेत्र र अविकसित क्षेत्र, सामन्ती पहाडिया अहङ्कारवाद र मधेसी समुदाय, सामन्ती हिन्दु अहङ्कारवाद र मुस्लिम समुदायसहित विभिन्न ढङ्गका अन्तर्विरोधहरू रहेको समेत उल्लेख गरेको छ । नेकपा माओवादीले २०५२ सालको जनयुद्धको थालनीदेखि २०६३ को बृहत् शान्ति प्रक्रिया र नेपालका दुईवटा संविधानसभाको निर्वाचनहरूमा समेत जातीय पहिचानको नीतिलाई प्राथमिकताका साथ उठाएको पाइन्छ।

२०६९ माघमा हेटौँडामा सम्पन्न सातौँ महाधिवेशनले नेपालका आर्य खस शासक जातिद्वारा उत्पीडित सबै जाति र क्षेत्रको आत्मनिर्णयको अधिकार स्वीकार गर्दै जातीय पहिचानका आधारमा सङ्घीय राज्य निर्माण गरिनुपर्ने र प्रत्येक राज्यमा निश्चित अवधिका लागि उत्पीडित जातिहरूको अग्राधिकारको समेत व्यवस्था गरेको छ (सातौँ राष्ट्रिय महाधिवेशन, राजनीतिक प्रतिवेदन, २०६९,पृ. ५०-५१)। यसरी हेर्दा माओवादीको जातीय उत्पीडनसम्बन्धी नीति कहिले उग्र र कहिले मध्यम रहेको पाइन्छ। माओवादीको उग्रजातीय नीतिकै कारण धेरै आदिवासी जनजातिहरूलाई उनीहरूको अभियानमा समावेस भएको र वर्गीय पक्षभन्दा धेरै जातीय विषयलाई उचालेकोले कम्युनिस्ट पार्टीहरूलाई पनि विवादित बनाएको भन्ने आरोपबाट मुक्त हुन सकेको छैन।

राजनीतिशास्त्री कृष्ण खनालका अनुसार नेपालका माओवादीहरूले चीनको संयुक्त मोर्चाको नक्कल त गर्न खोजे तर माओवादीको जातीय मोर्चाहरू र माओको संयुक्त मोर्चामा फरक छ। नेपालमा

भौगोलिक राजनीतिको महत्व धेरै छ। उनका अनुसार "सायद चीनमा नभएर भारतमा कम्युनिस्ट सरकार हुन्थ्यो भने नेपालमा उहिल्यै कम्युनिस्ट शासन बनेको हुन्थ्यो होला। नेपालका कम्युनिस्टहरूमा चिनियाँ कम्युनिस्टसँग भाइचारा सम्बन्ध भए पनि प्रभाव भने भारतीय कम्युनिस्टको छ। भारतमा जतिवटा चिरा पर्दछ, नेपालमा पनि त्यसरी नै कम्युनिस्टहरू विभाजित हुने गरेको इतिहास छ" (कृष्ण खनाल, २०७३ भदौ ३ गते, अनुसूची ४) । अल्पा शाहका अनुसार, "भारतमा आदिवासीका अधिकारका कुरा र माओवादी सरोकारका कुरा एकअर्कासित गासिन पुगेका थिए । आदिवासीहरुले पवित्रस्थल मान्ने बक्साइटको पहाडलाई चलाउन हुन्न भन्ने माग गुरिल्ला क्षेत्रलाई सरकारी पहुँचबाट सकेसम्म टाढा राख्ने मनासयसित मिलेको थियो । केही आन्दोलनकारीलाई माओवादी आन्दोलन आदिवासी आन्दोलन हो अथवा केवल माओवादी आन्दोलन हो त्यो छुट्याउन नसकेको उनीहरु स्वीकार्छन्, उनीहरुको भनाईमा ९.९ प्रतिशत माओवादी आदिवासी हुन् । "आजको माओवादी आन्दोलनमा वर्गीय र जातीय विविधता छ। अछुत भनिने जात (दलित), मध्यम जात र उच्च जात सबै छन् तर नेतृत्व भने उच्च जातको हातमा छ" (शाह, सन् २०१३,पृ. ५४-५५) । खनालले भनेको कुरा अल्पा शाहले पनी खुलासा गरेका छन् । कम्युनिस्ट दर्शनको रुपमा मात्र होइन त्यसको नेतृत्व गर्ने समुदायगत रुपमा पनि भारत र नेपालको समान रहेको छ।

एनेकपा (माओवादी) मात्र नभएर नेपालका सबै कम्युनिस्ट पार्टीका दस्तावेजहरू जातीय उत्पीडनको अन्त्यको पक्षमा छन्। सायद त्यसैको परिणाम आम उत्पीडित आदिवासी जनजाति समुदाय कम्युनिस्ट पार्टीमा गोलबन्द पनि भएका हुन सक्छन्। नेपालको ऐतिहासिक संविधानसभाको निर्वाचन २०६४ र २०७० को घोषणापत्रमा माले, राष्ट्रिय जन मोर्चा (नेकपा मसालको चुनावी मोर्चा) र नेमकिपा बाहेक नेपालका मूलधारका सबै कम्युनिस्ट पार्टीहरूले जातीय पहिचानमा आधारित सङ्घीयतालाई आत्मसात् गरेका थिए।

तत्कालीन नेकपा (माओवादी) ले राज्यलाई जातीय तथा क्षेत्रीय आत्मनिर्णयको अधिकार र स्वायत्त शासनसहितको सङ्घात्मक ढाँचामा रूपान्तरण गर्ने उल्लेख गर्नुका साथै नेपालको भूराजनीतिक स्थिति र विभिन्न उत्पीडित जाति र क्षेत्रहरूको आर्थिक-सामाजिक विकासको न्यून स्तरलाई मध्यनजर गर्दा आत्मनिर्णयको अधिकारको नीतिका आधारमा जातीय तथा क्षेत्रीय स्वायत्त शासनको कार्यमा नै सबैभन्दा वैज्ञानिक र उपयुक्त हुन्छ भनी उल्लेख गरेको छ भने, नेकपा (एमाले) ले बहुपहिचान सहितको सङ्घीयता र संयुक्त राष्ट्र सङ्घको आत्मनिर्णयको अधिकारलाई आत्मसात् गरेको कुरा उल्लेख गरेको छ।

नेपालका आदिवासी जनजातिको उत्पीडनको हल गर्न नेकपा (एमाले) र एनेकपा (माओवादी) ले जातीय उत्पीडनको अन्त्य वर्गीय मुक्तिबाट हुने कुरा ठोकुवा गरेको छ, तर नेपालको सन्दर्भमा राणाकालको मुलुकी ऐन, पञ्चायती व्यवस्था तथा २०४७ को संवैधानिक राजतन्त्रसहितको बहुदलीय

व्यवस्थामा समेत वर्गीय हिसाबले नभएर हिन्दु धार्मिक-सांस्कृतिक संरचनाले मगर जातिमाथिको उत्पीडन भएको पाइन्छ। नेपालको सामाजिक संरचना र समाज विकासको गतिलाई अध्ययन गर्ने सिलसिलामा आर्थिक अधिनायकभन्दा पनि हिन्दु सांस्कृतिक अधिनायक नै बोलवाला रहेको पाइन्छ। रामबहादुर रावलका अनुसार २०६९ सालमा हेटौँडामा आयोजित माओवादीको सातौँ महाधिवेशनमा गोपाल किरातीले प्रान्तीय जातीय पार्टीको प्रस्ताव लिने सुइँको पाएपछि लेखराज भट्टले पश्चिमको राप्ती, कर्णाली, सेती र महाकाली अञ्चललाई खस जातीय राज्यको प्रस्ताव गरे। त्यसअघि उनले एकल जातीय आधारमा प्रदेश निर्धारण गरेको विरोधमा अखण्ड सुदूर पश्चिमको आन्दोलन गरेका थिए (रावल, २०७०,पृ. २७)। माओवादीले अभ्यास गरेको पहिचानमा आधारित स्वायत्त प्रदेशहरूको विपक्षमा रहेका भरत दाहालका अनुसार जनतालाई लडाएर फाइदैफाइदा हात पार्ने सपना सजाएको सूत्रधार माओवादी वृत्त साम्प्रदायिक मुद्दाहरूकै कारणले आपसी मारकाट र विभाजनको अन्त्यहीन शृङ्खलाभित्र जाकिएकाले अब त्यस्ता मुद्दाबाट पछि हट्न थालेको छ, जुन विश्व परिवेशको सानो प्रतिविम्ब मात्र हो (दाहाल, २०७०,पृ. ३१)।

जातीय पहिचानमा आधारित प्रदेशहरूको विपक्षमा खस-आर्य मात्र होइन, केही आदिवासी जनजातिहरूको पनि असहमति रहेको थियो। गोरेबहादुर खपाङ्गीमगरका अनुसार "माओवादीको लहलहैमा लागेर आफू बहुसङ्ख्यक हुँदाहुँदै पनि लिम्बुवान, मगरात जस्ता ससाना टुक्रा माग गर्नु अल्पसङ्ख्यक चरित्र हो, यस्तो उल्टो बाटोले मुक्ति दिँदैन। जातीय समस्याको समाधान चीनमा माओले, सोभियत सङ्घमा लेनिनले, भारतमा गान्धीले, अफ्रिकामा मण्डेलाले एकअर्काको नक्कल गरेनन्, बरु आफ्नो देशको वस्तुगत यथार्थमा जोड दिएकाले सफलता पाए" (खपाङ्गीमगर, २०६६,पृ. ५३)।

२०५८ सालको जनगणनाको तथ्याङ्कअनुसार आदिवासी जनजातिको जनसङ्ख्या ३८ प्रतिशत थियो। नेकपाहरूमध्ये सबैभन्दा बढी आदिवासी जनजातिहरूको प्रतिनिधित्व रहेको माओवादीको केन्द्रीय समितिमा आदिवासी जनजातिको जनसङ्ख्याको अनुपातमा करिब १० प्रतिशत प्रतिनिधित्व कम देखिन्छ। केन्द्रीय समितिको बैठक बस्न नसकेको तर महत्वपूर्ण निर्णय लिनु परेको अवस्थामा काम गर्न केन्द्रीय समितिका पदाधिकारीसहित वरिष्ठ सदस्यहरूको प्रतिनिधित्व रहेको ४५ जनाको पोलिब्युरोको व्यवस्था गरिएको छ। जसमा ११ जना (२४.४ प्रतिशत) आदिवासी जनजाति छन्। केन्द्रीय समितिको तुलनामा पोलिटब्युरोमा केन्द्रीय समितिमा भन्दा झन्डै ४ प्रतिशत कम रहेको छ। सबैभन्दा उपल्लो कार्यकारी निकाय स्थायी समितिमा पदाधिकारीसहित १७ जनाको रहेको छ, जसमा पाँचजना आदिवासी जनजातिहरू (२९.४ प्रतिशत) आदिवासी जनजाति प्रतिनिधित्व रहेका छन् (थापामगर, २०७१ख,पृ. ५१)।

### ६.३ एमाले र माओवादीमा सामाजिक समूहहरूको प्रतिनिधित्व

बहुजातीय नेपाली समाजको प्रतिविम्ब राज्य र राजनीतिमा पनि देखिनुपर्दछ। सामाजिक विविधता नेपालको यथार्थता हो। नेकपा (एमाले) र नेकपा (माओवादी) को केन्द्रीय समितिले नीति निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले यसको प्रतिनिधित्वको अध्ययन नेपाली राजनीतिको महत्वपूर्ण पाटो हो। एमालेको संसदीय र शान्तिपूर्ण राजनीतिक यात्राको कारण सबै महाधिवेशन नियमित भएका छन्। सरकारद्वारा सम्पन्न गरिने सबै निर्वाचनमा सहभागी रहेको छ। नेकपा (माओवादी) को १० वर्ष सशस्त्र र भूमिगत राजनीतिको कारणले सबै निर्वाचनमा सहभागी भएको छैन, पार्टीको महाधिवेशनहरू पनि नियमित सम्पन्न भएका छैनन्। २०४९-२०६९ को अवधिमा एमालेले पाँचवटा र २०४८-२०६४ को अवधिमा माओवादीले दुईवटा महाधिवेशन सम्पन्न गरिसकेका छन्।

तालिका ६.३: नेकपा (एमाले) र नेकपा (माओवादी) को महाधिवेशनबाट निर्वाचित सामाजिक समूहहरूको प्रतिनिधित्व प्रतिशतमा

| महाधिवेशन | नेकपा (एमाले) | | | | | नेकपा माओवादी | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | खस-आर्य | आदिवासी जनजाति | मधेसी | दलित | मगर | खस-आर्य | आदिवासी जनजाति | मधेसी | दलित | मगर |
| पाँचौं | ६८.६ | २५.० | ६.८ | ०.० | ०.० | - | - | - | - | - |
| छैटौं | ८१.८ | १३.६ | ४.५ | ०.० | ०.० | ७८.९ | १५.७ | ५.२ | ०.० | १०.५ |
| सातौं | ७६.७ | १९.६ | १.७ | ०.० | ०.० | ५६.० | २९.३ | ११.३ | ३.३ | ८.० |
| आठौं | ५७.७ | २३.२ | १३.७ | ५.७ | २.५ | - | - | - | - | - |
| नवौं | ६१.२ | २४.५ | ८.१ | ६.० | २.७ | - | - | - | - | - |

(स्रोतः नेकपा (एमाले) केन्द्रीय कार्यालय; एनेकपा माओवादी, केन्द्रीय कार्यालय; के.सी., २०६५)

समुदायगत रूपमा छैटौं महाधिवेशनबाट एमालेबाट ८२ प्रतिशत र माओवादीबाट ७९ प्रतिशत खस-आर्य समुदायको प्रतिनिधित्व रहेको छ भने यो महाधिवेशनमा दुवै पार्टीबाट दलित समुदायको प्रतिनिधित्व शून्य रहेको थियो। मधेसी समुदायको ५-५ प्रतिशत प्रतिनिधित्व रहेको थियो भने आदिवासी जनजाति एमालेबाट १४ र माओवादीबाट १७ प्रतिशत रहेको थियो। उक्त महाधिवेशनबाट मगर जाति एमालेबाट शून्य र माओवादीबाट २ जना अर्थात् ११ प्रतिशत रहेको थियो। दलित समुदायको सन्दर्भमा एमालेको आठौं महाधिवेशनबाट मात्र ६ प्रतिशत प्रतिनिधित्व भएको थियो भने माओवादीको सातौं महाधिवेशनबाट मात्र ३ प्रतिशत प्रतिनिधित्व भएको थियो।

२०४८-२०७० सालसम्म सम्पन्न भएका पहिलो हुने निर्वाचन प्रणालीअन्तर्गतका पाँचवटा निर्वाचनहरूमा प्रभुत्वशाली खस-आर्य समुदायको बलियो प्रभाव रहेको थियो। २०६४ सालको संविधानसभाको निर्वाचनमा खस-आर्य समुदायको सबैभन्दा कमजोर अवस्था र आदिवासी तथा मधेसी समुदायको सबैभन्दा बलियो अवस्था देखिन्छ। परिणामस्वरूप, खस-आर्य समुदायको ५५ प्रतिशत, आदिवासी जनजातिको ३३ प्रतिशत र मधेसीको १२ प्रतिशत प्रतिनिधित्व रहेको थियो भने २०६४

सालसम्म दलितको प्रतिनिधित्व शून्य रहेको थियो। २०७० सालको निर्वाचनमा दलितको प्रतिनिधित्व १ प्रतिशत रहेको थियो। पहिलो हुने निर्वाचन प्रणालीबाट यो नै दलितको पहिलो प्रतिनिधित्व थियो।

एमालेमा मगर जातिको प्रभाव कमजोर देखिन्छ। मगरको सबैभन्दा राम्रो प्रतिनिधित्व भएको २०५१ सालको निर्वाचनमा तीनजना (३.० प्रतिशत) रहेको थियो भने २०४८ मा एकजना (१.४ प्रतिशत), २०५६ मा दुईजना (२.८ प्रतिशत), २०६४ मा एकजना (३.० प्रतिशत) २०७० मा दुईजना (२.२ प्रतिशत)ले प्रतिनिधित्व गरेका थियो। २०६२/६३ सालको जनआन्दोलनमा आदिवासी जनजाति र मधेसी समुदायको सहभागिताले पार्टी र राज्यलाई दबाब पुगेका कारण २०६४ सालको पहिलो संविधानसभाको निर्वाचनमा मधेसी र आदिवासी जनजातिको प्रतिनिधित्वमा वृद्धि भए पनि आदिवासी जनजातिभित्र मगर जातिको प्रतिनिधित्व कमजोर हुनु एमालेका लागि मगर अन्य जातिजस्तो चुनौतीपूर्ण नहुनु हो। माथिका तथ्यहरूले खस-आर्यबाहेकका मगर लगायत समुदायहरूको पार्टी कमिटीमा मात्र होइन, नीति निर्माण गर्ने निकाय संसद र संविधानसभामा समेत कमजोर अवस्था देखाउँछ।

तालिका ६.४: एमाले र माओवादीबाट पहिलो हुने निर्वाचन प्रणालीबाट समुदायगत रूपमा निर्वाचित सदस्यहरू प्रतिशतमा

| **साल** | **नेकपा (एमाले)** | | | | | | **नेकपा माओवादी** | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **प्राप्त सिट** | **खस-आर्य** | **आदिवासी जनजाति** | **मधेसी** | **दलित** | **मगर** | **प्राप्त सिट** | **खस-आर्य** | **आदिवासी जनजाति** | **मधेसी** | **दलित** | **मगर** |
| २०४८ | ६९ | ५५.७ | ४२ | २.८ | ०.० | १.४ | ९ | ३३.३ | ६६.६ | ०ं० | ०.० | २२.२ |
| २०५१ | ८८ | ६३.६ | ३१.८ | ४.५ | ०.० | ३.४ | - | - | - | - | - | - |
| २०५६ | ७१ | ५९.१ | २९.५ | ११.२ | ०.० | २.८ | - | - | - | - | - | - |
| २०६४ | ३३ | ५४.५ | ३३.३ | १२.१ | ०.० | ३.० | ११३ | ४४.२ | ४४.२ | ६.२ | ५.३ | १०.० |
| २०७० | ८९ | ५९.५ | ३०.३ | ८.९ | १.१ | २.२ | २२ | ५०.० | २७. २ | २२.७ | ०.० | ९.० |
| २०७४ | ८० | ५१.० | २३.० | ४ं० | २.० | ३.० | ३६ | ४७.२ | ३३.३ | १६.६ | २.७ | ८.३ |
| २०७९ | ४४ | ५४.५ | २७.२ | १५.९ | २.२ | ०.० | १८ | ५०.० | ४४.४ | ५.५ | ०.० | ११.१ |

(स्रोतः रिसाल र पोखरेल, २०७५; निर्वाचन आयोग, २०७९)

एमालेको तुलनामा माओवादीले निर्वाचनहरूमा पछि परेका सामाजिक समूहहरूको प्रतिनिधित्व पनि राम्रै गराएको देखिन्छ। हालसम्म एमाले सहभागी भएको सातवटा र माओवादी सहभागी भएको पाँचवटा निर्वाचनको परिणामले एमालेबाट निर्वाचित हुनेहरूमा प्रभुत्वशाली समुदाय खस-आर्यको सहभागिता आफ्नो जनसङ्ख्याभन्दा धेरै माथि छ। माओवादीको तर्फबाट २०४८ सालमा ३३ र २०६४ सालमा ४४ प्रतिशत रहेको खस-आर्य २०७० सालमा ५० प्रतिशत २०७४ सालमा ४७ प्रतिशत र २०७९ सालमा पुनः ५० प्रतिशत निर्वाचित भएका छन्। २०४८ सालमा ६८ प्रतिशत र २०६४ सालमा ४४ प्रतिशत रहेको आदिवासी जनजाति २०७० सालमा २७ प्रतिशत, २०७४ सालमा ३३ प्रतिशत र २०७९ सालमा ४४ प्रतिशत मात्र निर्वाचित भएका छन्। २०४८ मा शून्य भएको मधेसी र दलित २०६४ मा क्रमशः ६ र ५ प्रतिशत निर्वाचित भएका छन् भने २०७० मा मधेसीको सङ्ख्या वृद्धि भएर २३

प्रतिशत पुगेको छ भने दलितको प्रतिनिधित्व शून्य रहेको छ। एमाले र माओवादीमा मगर जातिको प्रतिनिधित्वको दृष्टिले माओवादीमा अधिकतम २२ प्रतिशत र न्युनतम ८.३ प्रतिशत रहेको छ भने एमालेमा अधिकतम ३ प्रतिशत छ भने २०७९ को निर्वाचनमा  प्रतिनिधित्व शून्य रहेको छ।

२०६४ सालको संविधानसभा निर्वाचनमा पहाडे र हिमाली सात महिलासहित ६१ र तराई एक महिला सहित १७ गरी जम्मा ७८ जना (३२.५ प्रतिशत) आदिवासी जनजाति निर्वाचित थिए। ४७ पुरुष र तीन महिला गरी ५० जना मधेसी जाति, पहाडे दलित पुरुष चार र महिला एक गरी पाँच तथा मधेसी पुरुष एक गरी जम्मा ६ जना दलित, मुस्लिम धार्मिक समूह पुरुष पाँच र महिला एक गरी जम्मा ६ जना र पहाडे खस-आर्यबाट पुरुष ८३ र महिला १६ गरी ९९ जना निर्वाचित भएका थिए।

तालिका ६.५: पहिलो हुने निर्वाचन प्रणालीबाट २०६४, २०७० र २०७४ मा सामाजिक समूहहरूको प्रतिनिधित्व

| **समुदाय** | २०६४ | | २०७० | | २०७४ | |
|---|---|---|---|---|---|---|
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| आदिवासी जनजाति | ७८ | ३२.५ | ६७ | २७.९ | ४६ | २७.९ |
| मधेसी जाति | ५० | २०.८ | ३४ | १४.१ | २९ | १७.६ |
| दलित | ७ | २.९ | २ | ०.८ | ३ | १.८ |
| खस-आर्य | ९९ | ४१.२ | १३२ | ५५.० | ८४ | ५०.९ |
| मुस्लिम | ६ | २.५ | ५ | २.० | ३ | १.८ |
| जम्मा | २४० | १०० | २४० | १०० | १६५ | १०० |

(स्रोतः भोलान, सन् २०१५; कामत, सन् २०७५)

२०७० सालको संविधानसभाको निर्वाचनमा पहाडे र हिमाली आदिवासी २ महिला सहित ४६ र तराई ती महिलासहित २१ गरी जम्मा ६७ जना (२७.९ प्रतिशत) आदिवासी जनजाति, दुई महिलासहित ३४ जना मधेसी जाति, पहाडे दलित एक पुरुष तथा मधेसी एक पुरुष गरी जम्मा दुई जना पुरुष दलित, मुस्लिम धार्मिक समूह एक पुरुष र एक महिला गरी जम्मा पाँचजना र पहाडे खस-आर्यबाट १३० पुरुष र दुईजना महिला गरी १३२ जना निर्वाचित थिए।

२०७४ सालको प्रतिनिधिसभाको निर्वाचनमा तराई, पहाडे र हिमाली ३६ जना र थारू १० गरी जम्मा ४६ जना (२७.८ प्रतिशत) आदिवासी जनजाति, २९ जना (१७.६ प्रतिशत) मधेसी जाति, पुरुष तीनजना (१.८ प्रतिशत) पहाडे दलित, मुस्लिम धार्मिक समूह तीनजना पुरुष (१.८ प्रतिशत) र पहाडे खस-आर्यबाट ८४ जना (५०.९ प्रतिशत) निर्वाचित थिए। तत्कालीन संयुक्त जनमोर्चा हाल माओवादीबाट २०४८ सालको निर्वाचनमा दुईजना (२२ प्रतिशत), २०६४ सालको संविधानसभाको निर्वाचनमा १२ जना (११.० प्रतिशत) र २०७० सालको संविधानसभाको निर्वाचनमा दुईजना (९़० प्रतिशत) ले प्रतिनिधित्व गरेका थिए।

माथि उल्लेख भएका तथ्याङ्कहरूमा खस-आर्य समुदायको ग्राफ निरन्तर उकालो छ भने बहिष्कृत समुदायहरूको उतारचढाव देखिन्छ तर मूलतः ओरालो नै छ। यो परिणामले जुन समुदायले पार्टीभित्र र बाहिर हलचल लिन सक्यो त्यही समुदायको प्रतिनिधित्व बढ्ने देखिएको छ। यसलाई २०६४ सालको निर्वाचनको तुलनामा २०७० सालको निर्वाचनमा आदिवासी जनजाति र मधेसीको प्रतिनिधित्व घट्नु र २०७४ सालको निर्वाचनमा पहाडे तथा हिमाली आदिवासी जनजातिको तुलनामा मधेसी जातिको प्रतिनिधित्व वृद्धि हुनुलाई लिन सकिन्छ। यसको कारण जनयुद्धको प्रभाव आदिवासी जनजाति र मधेसी दुवैमा रहन गयो भने संविधानसभाद्वारा संविधान जारी भएपछि मधेस आन्दोलनको प्रभावले मधेसीको प्रतिनिधित्व वृद्धि भएको देखिन्छ।

नेकपा एमालेको तुलनामा नेकपा माओवादीमा मगर जातिको प्रतिनिधित्व उल्लेखनीय रहेको छ। ७ प्रतिशत जनसङ्ख्या भएको मगर जातिले ९ प्रतिशत देखि २२ प्रतिशतसम्म प्रतिनिधित्व गर्नु जनयुद्ध र जनआन्दोलनमा प्रभावकारी भूमिका हुनु भनेको पार्टी र राज्यले पनि यो जातिबाट चुनौती महसुस गर्नु हो। अर्को महत्वपूर्ण पाटो नेतृत्व र निर्णय प्रक्रियामा खस-आर्य समुदायगत प्रभाव त अकाट्यजस्तै छ। जसको परिणाम बहिष्कृत सामाजिक समूहहरूको प्रतिनिधित्वको ग्राफ घट्ने क्रम चलिरहन्छ।

### ६.४ एमाले-माओवादीः बहुजातीय समाजको एकल जातीय नेतृत्व

नेकपा (एमाले) को २०४७ साल वैशाख ३-५ गते काठमाडौँको टोखामा सम्पन्न चौथो महाधिवेशनले मदन भण्डारीको नेतृत्वमा २१ सदस्यीय केन्द्रीय समितिमा १९ जना (९०.४ प्रतिशत) खस-आर्य र २ जना (९.५ प्रतिशत) आदिवासी जनजाति समुदायका थिए। २०४७ साल पुस २२ गते शङ्खमूलस्थित सिद्धिलाल सिंहको निवासमा माले र मार्क्सवादीबीच एकता भई मनमोहन अधिकारी अध्यक्ष र मदन भण्डारी महासचिव भएको १० जना पोलिटब्युरो सदस्यहरू र १६ जना केन्द्रीय सङ्गठन समिति सदस्य रहेको २७ सदस्यीय केन्द्रीय समिति गठन भएको थियो। जसमा २४ जना (८८.८ प्रतिशत) खस-आर्य र ३ जना (११.५ प्रतिशत) आदिवासी जनजाति थिए (के. सी., २०६५,पृ. १५०-१५२)।

तालिका ६.६ः नेकपा (एमाले) केन्द्रीय समितिमा सामाजिक समूहहरू प्रतिशतमा

| साल र महाधिवेशन | नेतृत्व | केन्द्रीय कमिटी | खस-आर्य | आदिवासी जनजाति | मधेसी/मुस्लिम | दलित | मगर |
|---|---|---|---|---|---|---|---|
| २०४६ : चौथो | मदनकुमार भण्डारी | २१ | ९०.४ | ९.५ | - | - | - |
| २०४८ : पाँचौँ | मनमोहन अधिकारी | ३५ | ७१.४ | २०.० | ८.५ | - | - |
| २०५४ : छैटौँ | माधवकुमार नेपाल | ४४ | ८१.८ | १३.६ | ४.५ | - | - |
| २०५९ : सातौँ | माधवकुमार नेपाल | ५६ | ७६.७ | १९.६ | १.७ | - | - |
| २०६५ : आठौँ | झलनाथ खनाल | ११८ | ५५.० | २४.५ | १५.२ | ५.० | २.५ |
| २०६९ : नवौँ | केपी शर्मा ओली | १८३ | ६१.२ | २४.५ | ८.१ | ६.० | २.७ |

(स्रोतः रावल, २०४७; सुवेदी, २०७१; बुढा, २०७४; सिम्खडा, सन् २०१७; खड्का, २०६८; के.सी., २०६५)

नेकपा (एमाले) को २०४८ सालको माघ महिनामा सम्पन्न भएको पाँचौँ महाधिवेशनमा ३५ सदस्यीय केन्द्रीय समितिमा २५ जना (६५.७ प्रतिशत) ब्राह्मण, क्षेत्री/ठकुरी दुईजना (५.७ प्रतिशत) गरी ७१.१ प्रतिशत खस-आर्य रहेका थिए। आदिवासी जनजाति दुईजना (५.७ प्रतिशत), नेवार पाँचजना (१४.२ प्रतिशत), मधेसी दुईजना (५.७ प्रतिशत) र मुस्लिम एकजना (२.८ प्रतिशत) थिए। समग्रमा खस-आर्य ७१.४ प्रतिशत थिए (के. सी., २०६५,पृ. १५८)। नेपालको राजनीतिक इतिहासमा मनमोहन अधिकारीको नेतृत्वमा गठित पहिलो नेपाल कम्युनिस्ट पार्टीको १५ सदस्यीय मन्त्रिपरिषद्मा ब्राह्मण नौजना (६०.० प्रतिशत), क्षेत्री दुईजना (१३.३ प्रतिशत), नेवार एकजना (६.६ प्रतिशत), पहाडे घआदिवासी जनजाति दुईजना (१३.३ प्रतिशत) र मुसलमान एकजना (६.६ प्रतिशत) थिए (सिम्खडा, सन् २०१७)।

२०५४ साल माघ १२-१८ नेपालगञ्जमा सम्पन्न छैटौँ महाधिवेशनबाट माधवकुमार नेपालको नेतृत्वमा रहेको ४४ सदस्यीय ३६ जना (८१.८ प्रतिशत) खस-आर्य, ६ जना (१३.६ प्रतिशत) आदिवासी जनजाति र २ जना (४.५ प्रतिशत) मधेसी थिए। यो महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिमा दलित र मुसलमानबाट एकजना पनि प्रतिनिधत्व थिएन (खड्का, २०६८)। त्यस महाधिवेशनमा केन्द्रीय समितिका १८ जना पदाधिकारी तथा सदस्यहरूमा माधव नेपालको पक्षमा १४ जना वामदेव गौतमको पक्षमा रहेका थिए भने २ जना तटस्थ रहेका थिए। यही महाधिवेशनबाट वामदेव गौतमले एमालेबाट विद्रोह गरेर नेकपा माले गठन गरेका थिए (के. सी., २०६५,पृ. १६४)।

२०५९ माघ १८-२३ गते जनकपुरमा सम्पन्न सातौँ महाधिवेशनबाट ४३ जना पूर्ण र १२ जना वैकल्पिक गरी ५५ जनाको केन्द्रीय समिति निर्वाचित गऱ्यो। निर्वाचितहरूमा ४३ जना पूर्ण सदस्यहरूमा ३२ जना खस-आर्य, १० जना आदिवासी जनजाति र एकजना मधेसी थिए। ४३ सदस्यमा जम्मा चारजना मात्र महिला थिए भने दलित, मुस्लिम लगायतको प्रतिनिधित्व थिएन (के. सी., २०६५,पृ. १६९)।

२०६५ फागुन ५-१५ गते बुटवलमा सम्पन्न आठौँ महाधिवेशनबाट झलनाथ खनालको नेतृत्वमा ११८ सदस्यीय केन्द्रीय कमिटीमा ८१ जना पूर्ण सदस्य र ३७ जना वैकल्पिक सदस्य थिए। पूर्ण सदस्यहरूमध्ये तीन महिलासहित ४३ जना (५३.० प्रतिशत) ब्राह्मण, चारजना महिलासहित १० जना (१२.३ प्रतिशत) क्षेत्री र ठकुरी, दुईजना महिला सहित सातजना (८.६ प्रतिशत) नेवार, एकजना (१.२ प्रतिशत) तराई दलित, दुईजना (२.४ प्रतिशत) पहाडे दलित, तीनजना महिलासहित १० जना (१२.३ प्रतिशत) पहाडे आदिवासी जनजाति, दुईजना अर्थात् २.४ प्रतिशत तराई आदिवासी जनजाति,

पाँचजना (६.१ प्रतिशत) मधेसी र एकजना (१.२ प्रतिशत) मुसलमान थिए, १० जनाको स्थायी समितिमा दसैजना ब्राह्मण थिए।

२०६५ सालमा समपन्न एमालेको आठौँ महाधिवेशनबाट मात्र केन्द्रीय कमिटीमा मगरको प्रतिनिधित्व हुन थालेको हो । आठौँ महाधिवेशनमा ११८ सदस्यीय केन्द्रीय समितिमा ३ जना (२.५ प्रतिशत) र नवौँ महाधिवेशनमा १८३ सदस्यीय केन्द्रीय समितिमा ५ जना (२.७ प्रतिशत) मगरले प्रतिनिधित्व गरेका थिए । २०७१ असार १९-२५ गते काठमाडौँमा सम्पन्न नवौँ महाधिवेशनले केपी ओलीको नेतृत्वमा ११५ जना पूर्ण र ४४ जना वैकल्पिक गरी १५९ सदस्यीय केन्द्रीय समितिको चयन गरेको थियो। ११५ जनामा २२ महिला थिए भने खस-आर्य ६५ जना, आदिवासी जनजाति ३३ जना, दलित सात, मधेसी सात र मुस्लिम तीनजना थिए। शक्तिशाली २६ सदस्यीय स्थायी कमिटीमा १८ जना ब्राह्मण, एकजना नेवार महिला, दुईजना पहाडे आदिवासी जनजाति, तीनजना क्षेत्री ठकुरी र एकजना दलित तथा एकजना मधेसी थिए (सिम्खडा, सन् २०१७)।

शुभशङ्कर कँडेलका अनुसार २०४७ सालमा एकता केन्द्र निर्माण गरेपछि विभिन्न चारवटा समूहका गरी २१ जनाको केन्द्रीय समिति र सातजनाको पोलिटव्युरो समेत गठन गरेको थियो। उक्त केन्द्रीय समितिमा १२ जना अर्थात् ५७ प्रतिशत खस-आर्य, सातजना (३३.३ प्रतिशत) आदिवासी जनजाति थिए, जसमा दुईजना (९.५ प्रतिशत) मगर थिए भने मधेसी र दलित एक/एकजना (४.७ प्रतिशत) थिए। २०५२ सालमा दीर्घकालीन जनयुद्धको घोषणा गर्दा तत्कालीन माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा १७ जनाको केन्द्रीय कमिटीमा १४ जना (८९ प्रतिशत) खस-आर्य, दुईजना (११.७ प्रतिशत) आदिवासी जनजाति अन्तर्गत रामबहादुर थापामगर र देव गुरुङ थिए र एकजना (५.८ प्रतिशत) मधेसी समुदायका थिए (कँडेल, २०७६,पृ. ३६६-३६७)। सुरेन्द्र के. सी. ले १६ जनाको विवरण दिएका छन् (के. सी., २०६५,पृ. १८५)। तर जनयुद्ध सुरु गर्दा केन्द्रीय सदस्य रहेका लोकेन्द्रबहादुर विष्टले २०७७ फागुन २२ गते दिएको जानकारी अनुसार त्यो भन्दा अगाडि १५ सदस्यीय केन्द्रीय समिति थियो र २०५१ सालमा चितवनमा भएको राष्ट्रिय भेलाबाट लोकेन्द्र विष्ट, पम्फा भुसाल, मातृका यादव र दिनेश शर्मा थप गरी १९ सदस्य पुऱ्याइएको विष्टमगरले पनि जानकारी गराएका थिए।

तालिका ६.७: नेकपा माओवादी समितिमा सामाजिक समूहहरू प्रतिशतमा

| महाधिवेशन/सम्मेलन | नेतृत्व | केन्द्रीय कमिटी | खस-आर्य | आदिवासी जनजाति | मधेसी/मुस्लिम | दलित | मगर |
|---|---|---|---|---|---|---|---|
| २०४७ चार समूहको एकता | पुष्पकमल दाहाल | २१ | ५७.० | ३३.३ | ४.७ | ४.७ | ९.५ |
| २०५१ प्रथम राष्ट्रिय सम्मेलन | पुष्पकमल दाहाल | १९ | ७३.६ | २१.० | ५.८ | - | १०.५ |
| २०६२: चुनबाङ बैठक | पुष्पकमल दाहाल | ३३ | ६६.६ | २७.२ | ३.० | ३.० | १२.१ |
| २०६९ माघ सातौँ | पुष्पकमल दाहाल | १५१ | ५६.२ | २९.१ | ०.६ | २.६ | ७.९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| महाधिवेन | | | | | | | |
| २०७१ विराटनगर सम्मेलन | पुष्पकमल दाहाल | १५० | ५६.० | २९.३ | ११.३ | ३.३ | ८.० |

(स्रोतः कँडेल, २०७६; केन्द्रीय कार्यालय र केन्द्रीय प्रचार विभागद्वारा तयार गरिएका केन्द्रीय समितिको नाम तथा सम्पर्क नम्बरबाट)

२०६२ सालमा सम्पन्न भएको बहुचर्चित रुकुमको चुनबाङको बैठकले ३३ सदस्यीय केन्द्रीय समितिमा २२ जना (६६.६ प्रतिशत) खस-आर्य, नौजना (२७.२ प्रतिशत) आदिवासी जनजाति थिए, जसमा चारजना (१२.१ प्रतिशत) मगर थिए भने एक/एकजना (३.० प्रतिशत) दलित र मधेसी थिए।

माओवादीले जनयुद्धको थालनीसँगै उक्त पार्टीको नेतृत्व तहमा आदिवासी जनजातिहरूको सहभागिताको कारणले पहिचानमा आधारित राजनीतिक मुद्दाहरूले प्राथमिकता पाएको देखिन्छ। तत्कालीन नेकपा माओवादीले जनयुद्ध सञ्चालन गर्दा आदिवासी जनजाति ११.७ प्रतिशत थियो, २०६३ सालमा शान्ति प्रक्रियामा आउँदा ३५ सदस्यीय केन्द्रीय समितिमा आठजना (२२.८ प्रतिशत) आदिवासी जनजातिहरू देखिन्छन् ११ बर्षको अवधिमा ११ प्रतिशत आदिवासी जनजाति नेतृत्व बृढि भएको देखिन्छ।

२०६९ माघमा हेटौँडामा सम्पन्न भएको सातौँ महाधिवेशनले पुनः पुष्पकमल दाहालको नेतृत्वमा १५१ सदस्यीय केन्द्रीय समिति निर्माण गरेको थियो। जसमा ८५ जना (५६.२ प्रतिशत) खस-आर्य, ४४ जना (२९.१ प्रतिशत) आदिवासी जनजाति थिए, जसमध्ये १२ जना (७.९ प्रतिशत) मगर थिए। एकजना (०.६ प्रतिशत) मधेसी र चारजना (२.६ प्रतिशत) दलित थिए। २०७१ सालमा विराटनगरमा भएको सम्मेलनले १५० सदस्यीय केन्द्रीय समितिमा ८४ जना (५६.० प्रतिशत) खस-आर्य, ४४ जना ( २९.३ प्रतिशत) आदिवासी जनजाति, १७ जना (११.३ प्रतिशत) मधेसी र पाँचजना (३.३ प्रतिशत) दलित थिए, त्यो सम्मेलनबाट १२ जना (८.० प्रतिशत) मगर थिए।

२०७५ जेठ ३ गते तत्कालीन नेकपा (एमाले) र एनेकपा (माओवादी) को एकतापश्चात् बनेको नेकपाको केन्द्रीय समितिमा ४४१ सदस्यीय केन्द्रीय समितिमा खस-आर्य ५८.२ प्रतिशत, आदिवासी जनजाति २६.५ प्रतिशत, मधेसी ९.९ प्रतिशत र दलितको ५.२ प्रतिशत रहेको थियो। पछि विभिन्न पार्टीहरूबाट प्रवेश गरेका २०७६ भदौ ९ गते सचिवालय वैठकले मनोनीत गरेका चार जनामध्ये दुईजना खस-आर्य र दुईजना आदिवासी जनजाति थिए। यसरी नेकपाको वर्तमान केन्द्रीय समिति ४४५ जनाको रहेको छ। जसमा २६५ जना (५९.५ प्रतिशत) खस-आर्य, २६ जना (५.८ प्रतिशत) मगरसहित १११ जना (२४.९ प्रतिशत) आदिवासी जनजाति, ४७ जना (१०.५ प्रतिशत) मधेसी तथा मुस्लिम र २२ जना (४.९ प्रतिशत) दलित रहेका छन्।

तालिका ६.८: २०७५ जेठ ३ गते नेकपा (एमाले) र माओवादी पार्टी एकतापछि बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) केन्द्रीय समितिमा सामाजिक समूहहरू सङ्ख्या र प्रतिशतमा

| **नेतृत्व** | | **केन्द्रीय कमिटी** | **खस–आर्य** | **आदिवासी जनजाति** | **मधेसी⁄मुस्लिम** | **दलित** | **मगर** |
|---|---|---|---|---|---|---|---|
| केपी शर्मा ओली र पुष्पकमल दाहाल | **संख्या** | ४४५ | २६५ | १११ | ४७ | २२ | २६ |
| | **प्रतिशत** | १०० | ५९.५ | २४.९ | १०.५ | ४.९ | ५.८ |

(स्रोतः नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को अन्तरपार्टी निर्देशनहरू १ र २)

नेकपाको ४४१ सदस्यीय केन्द्रीय समितिमा जम्मा ७७ जना महिला थिए, जुन १७ प्रतिशत हुन आउँछ। पार्टीमा महिला सहभागिताको विषयमा प्रश्न उठेपछि अध्यक्ष केपी शर्मा ओलीले एनजिओ तथा आईएनजिओको प्रभावमा नपर्न सुझाव दिएका थिए र एकताको महाधिवेशनभन्दा अगाडि यो कुरा असम्भव भएको बताएका थिए (https://www.en.setopati.com/political/122972 प्रकाशन मिति २०७५ जेठ १० गते) । नेपालको संविधानले ३३ प्रतिशत महिलाको प्रतिनिधित्वको ग्यारेण्टी गरेतापनि हिन्दु धर्ममा लैङ्गिक दृष्टिले महिलामाथि चरम विभेद रहेकोले उनिहरूको प्रतिनिधित्व कमजोर रहेको छ।

नेकपाको इतिहासमा २००८ सालको प्रथम राष्ट्रिय सम्मेलनमा ५५.५ प्रतिशत प्रतिनिधित्वपछि खस-आर्य समुदायको सबैभन्दा कमजोर सहभागिता पनि यही हो । कम्युनिस्ट पार्टीको स्थापना भएको पाँच दशकसम्म केन्द्रीय समितिमा देशको १३ प्रतिशत जनसङ्ख्या रहेको दलित समुदायको प्रतिनिधित्व नै शून्य रहेको थियो। २०७४ सालसम्म स्थापनाको सात दशक पुग्न लाग्दा पनि मूलधारका कम्युनिस्ट पार्टीमा खस-आर्यबाहेक अन्य समुदायको कमजोर प्रतिनिधित्व हुनुले कम्युनिस्ट पार्टीका नेतृत्वको असमावेशी चरित्रको खुलासा गर्दछ। आहूतिका अनुसार "कम्युनिस्ट पार्टीको स्थापनामा पाँचजना नेवारहरूको उपस्थितिमा भयो तर मनमोहनहरू छिरेपछि पुष्पलालजस्ता व्यक्तिलाई निकाल्नु त्यो पनि ठालु र उच्च वर्गीय संस्कार थियो" (आहूति, २०७३ साउन १४ गते, अनुसूची ४) ।

अखिल नेपाल जनजाति सम्मेलनका महासचिव रामबहादुर बुढाका अनुसार नेपाली समाजमा खस अहङ्कारले पनि जातीय उत्पीडनमा टेवा पुर्‍याएको छ। "सामूहिक स्वार्थलाई केन्द्रमा राख्ने आदिवासी जनजातिहरूको संस्कृति हो। नेपालको सन्दर्भमा आफूलाई केन्द्रमा राख्ने निम्न पुँजीवादी चिन्तन हाबी छ। जनजातिहरूमा नेतृत्व गर्ने मनोविज्ञान छैन। एउटा उदाहरणका लागि बाग्लुङको

पाण्डवखानीका मगरहरूले त्यस गाउँबाट मधेसमा बसाई सरिसकेका बाहुनहरूलाई फर्काएर मुखिया जिम्माल बनाउन लगेको घटना छ।"[३०] नेपाली समाजमा उच्च जातिसँग सम्बन्धित व्यक्तिका कारण मात्र होइन, दबिएको मानसिकताका कारण स्वयम् आदिवासी जनजातिहरूमा नेतृत्व लिने वा अगुवा हुने इच्छाशक्ति र महत्वकाङ्क्षा नहुने दृष्टान्तका रूपमा पाण्डवखानी बाग्लुङको घटनालाई लिन सकिन्छ।

२०७६ सालको सुरुवातसम्म नेपालमा क्रियाशील १४ वटा कम्युनिस्ट पार्टीहरूमध्ये ११ वटा (७९ प्रतिशत) नेतृत्व खस-आर्य समुदायका थिए। २०७९ मा बढेर १६ वटा कम्युनिस्ट पार्टी हुँदा १३ वटा (८१ प्रतिशत) नेतृत्व खस-आर्य समुदायका छन्। एउटै विचार अवलम्बन गरेका यति सानो देशमा एक दर्जनभन्दा बढी पार्टी स्थापनाबारे नेकपा माले का पोलिटब्युरो सदस्य कृष्ण रानामगर भन्छन्, "कम्युनिस्ट पार्टीहरूले न त मार्क्सवादको अभ्यास गरेका छन् न त नेपाली मौलिक विशेषताको आफ्नो अनुकूलतामा आधारित भएर नीति तथा कार्यक्रमको निर्धारण गर्नुका साथै त्यही अनुसारको गतिविधि गरिरहेका छन्, यसलाई उपभोक्तावादी नीति पनि भन्न सकिन्छ। यति धेरै पार्टीको निर्माण पनि उपभोक्तवादी चिन्तनको उपज हो" (कृष्ण रानामगर, २०७६ वैशाख ७ गते, अनुसूची ४)।

पार्टीको नेतृत्वमा मात्र होइन अन्य महत्वपूर्ण जिम्मेवारी र पार्टीको कर्मचारीतन्त्रमा पनि त्यही समुदायको नै वर्चस्व रहेको देखिन्छ। यसरी हेर्दा कम्युनिस्ट पार्टीमा जुन जातिको प्रमुख नेतृत्व छ, उही समुदायको बेसी प्रतिनिधित्व हुने प्रस्ट देखिन्छ। यो विषयलाई भीम रावल (२०४७) ले पनि उल्लेख गरेका छन्, तर उनले क्षेत्रीयता र नेतृत्व गर्ने व्यक्तिको प्रभाव भनेका छन्। पक्कै पनि नेतृत्व गर्ने व्यक्ति कुनै जातीय नश्लमा जन्मिएको हुन्छ, त्यसैले क्षेत्रीयतासँगै जातीयताको प्रतिनिधित्व अनिवार्य हुन्छ। कम्युनिस्ट पार्टीको हकमा वर्गीयता महत्वपूर्ण पक्ष मान्न सकिन्छ, तर त्यसको व्यवहारिक प्रयोगको विषय पनि बहसको अर्को विषय बनेको छ। हुन त यस्तो खालको असमावेशी नेतृत्व र प्रतिनिधित्वमा नेकपा मात्र अपवाद भने होइन, नेका र राप्रपा लगायतका अन्य पार्टीहरूमा पनि यस्तै अवस्था देखिन्छ। नेपालका सबै परम्परागत पार्टीहरू खस-आर्य समुदायको नेतृत्व र वर्चस्वले अन्य समुदायको अस्तित्वमाथि नै सङ्कट पैदा भएकाले विभिन्न जातीय तथा क्षेत्रीय राजनीतिक पार्टीहरूको उदय हुने क्रम चलिरहेको छ। यस सन्दर्भमा अध्येता भक्केन्द्र घर्तीमगरका अनुसार जनजाति पार्टीहरूको उदय हुनुको कारण खस-आर्य अधिनायकत्व हो, जसले नेपालका पुराना राजनीतिक पार्टी र राज्यको संरचनामा अधिकतम वर्चस्व र नियन्त्रणमा राखेको छ। ती पार्टीहरु "सामाजिक बहिष्करणमा परेका जनजाति समुदायका अधिकारका मुद्दाहरूलाई सम्बोधन गर्न असफल भएका छन्, त्यसैले खस-आर्य अधिनायकत्वलाई मात्र चुनौती दिएका छैनन्, बरु नेपाली राजनीति र समाजको लोकतान्त्रीकरणमा पनि योगदान पुर्‍याउँदै आएका छन्" (घर्तीमगर, २०७५,पृ. १०४-१०५)।

[३०] बुढासँग २०७३ साउन १२ गते बागबजारमा अन्तर्वार्ताका क्रममा व्यक्त विचार .

राजेन्द्र महर्जनका अनुसार “नेपालका सबैजसो पार्टीमा उच्च जातका भनिने पुरुषहरूको हैकम र उनीहरूकै भाषा, संस्कृति र मूल्य-मान्यता पार्टी-राजनीतिमा वर्चस्व छ” (महर्जन, २०७४कः९०)। भारतीय र नेपाली समाजमा मुख्यतः ब्राह्मण बैद्धिक, सांस्कृतिक र साङ्गठनिक परम्परा वर्चस्वशाली रहेकै कारण राजनीतिक पार्टीको संरचनामा पनि त्यसका बाछिटा देखिन्छन् । यही परम्परा अनुसार उच्च जातीय ब्राह्मण, क्षेत्री र नेवार जातिका केही परिवारले इतिहासदेखि वर्तमानसम्म पनि राज्य र संस्थाको दुरुपयोग गर्दै अर्थ र शक्तिको एकलौटी उपभोग गरिरहेको पाइन्छ (Hachhethu, 2002,pp. 76-78)। महर्जन र हाछेथुले नेपालको यस्तो अवस्थालाई उच्च जातीय हैकम भनी विश्लेषण गरेका छन्। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका सदस्य सचिव गोविन्दलाल माझीका अनुसार कम्युनिस्ट पार्टीहरूमा आदिवासी जनजातिहरूलाई कुनै स्थान छैन भन्नु पनि गलत हो । नेकपा (एमाले) को आठौँ राष्ट्रिय महाधिवेशनमा अशोक राईले सबैभन्दा धेरै मत ल्याएर जितेका थिए। “तर कम्युनिस्ट पार्टीमा जातीय मुक्तिको व्यवस्था भए पनि नेतृत्व धोखा दिदै आएको छ, नेतृत्व विभेदकारी छ ।”[३१] अध्येता निर्मल कुमार विश्वकर्माका अनुसार, “कम्युनिस्ट दर्शन आफैमा दोषी छैन, यहाँका नेतृत्वले धोखा दिएको हो । नेपालका दलितहरुले यहाँको कम्युनिस्ट पार्टीको नेतृत्व गर्न आवश्यक छ”(निर्मल विक, २०७३ कार्तिक ११ गते, अनुसूची ४) । अध्येता भोगिराज चाम्लिङका अनुसार "नेपालको सन्दर्भमा नीति र दलहरूको कारणभन्दा पनि नेतृत्वको समस्या हो ।”[३२] नेपालको वर्तमान सन्दर्भमा कम्युनिस्ट पार्टीका खस-आर्य नेतृत्वबाट बारम्बार धोखा भएकोले दलित समुदायले नेतृत्वको दाबी गरेको हुन सक्छ । कम्युनिस्ट पार्टीको नेतृत्वबाट आदिवासी जनजाति र दलितलाई धोखा भएको कुरामा माझी र विश्वकर्मा सहमत देखिन्छन् । तर माझीले उल्लेख गरेको राईको घटना तथ्य भए पनि राई कुनै आदिवासी जनजाति मात्र नभएर उनको उचाइ नेकपा (एमाले) को उच्च नेताको थियो। पुष्पलाल श्रेष्ठपछि आदिवासी जनजाति नेताहरू (एमाले) धारबाट त्यो तहमा पुग्नु अपवाद नै हो। तर आम आदिवासी जनजाति र मूलतः मगर जाति कार्यकर्ताबाट नेता बन्न धेरै व्यवधान छन्, जसमध्ये जातीय पर्खाल सबैभन्दा अग्लो रहेको छ। राष्ट्रिय जनमुक्ति पार्टीका नेता प्रदिप प्रभाकर चाम्लिङका अनुसार “कांग्रेस-कम्युनिस्ट जस्ता परम्परागत दलहरूले आदिवासी जनजाति नेता-कार्यकर्ताहरूलाई खान लगाउन दिने कुरा मात्र गर्दछन् तर जनमुक्ति पार्टीले राजनीतिक मुक्तिको कुरा गर्दछ, हामी पछुवा वा समर्थक होइन, अगुवा भएर आफै नेतृत्व गर्ने हो” ।[३३] आदिवासी जनजाति पछुवा वा समर्थक मात्र होइन अगुवा हुनुपर्छ भन्ने सन्दर्भमा नेकपा माओवादी केन्द्रका नेता बर्षमान पुन ‘अनन्त’ का अनुसार पहिलो चरणमा व्यक्ति आफू उत्पीडनमा परेको

---

[३१] माझीसँग २०७३ असोज ६ गतेलिइएको अन्तर्वार्तामा व्यक्त विचार ।

[३२] चाम्लिङसँग २०७३ असोज १० गते लगनखेल ललितपुरमा गरेको कुराकानीमा आधारित ।

[३३] चाम्लीङ राई, २०७३ असोज २८ गोरेबहादुर खपाङ्गीको ४९ औ पून्यतिथिको अवसरमा व्यक्त विचार ।

महशुस गर्छ, दोस्रो चरणमा उ कसैको कार्यकर्ता वा पछौटे भएर सिक्न सङ्गठित हुन थाल्छ, तेस्रो चरणमा उसले व्यक्तित्व विकाससँगै सङ्गठन निर्माण, आन्दोलनको नेतृत्व तथा प्रतिवाद गर्दछ र चौथो चरणमा राज्यको अङ्गमा सहभागी भई आफ्नो मुद्दा लागू गर्दछ। "त्यसैले कसैको पछुवा हुनु र अगुवा हुनुको द्वन्द्वात्मक सम्बन्ध छ, अर्थात कसैको झोला नबोक्नु भन्नुले आफ्नो झोला पनि अरुलाई बोकाउनु हुँदैन, त्यसैले पहिचानको मुद्दामा अरुलाई पनि सहभागिता गराउनु पर्दछ र उपेक्षित उत्पीडितको आन्दोलनमा हामीले पनि साथ दिनु पर्दछ।"[३४] पुन 'अनन्त' ले तेस्रो चरणमा पुगेर आन्दोलनको नेतृत्व गर्दछ भने पनि आम आदिवासी जनजाति तथा मगर राजनीति कार्यकर्ता दोस्रो चरण अर्थात कसैको कार्यकर्ता भएर उसको राजनीतिक चरण पार गरेको घटनाहरू आममा लागू हुने गर्दछ। यसको कारण वर्तमान नेपालको राजनीतिमा जातीय राजनीति हाबी भएकोले हो भन्ने कुरा विभिन्न दलहरूको अभिलेख र निर्वाचन आयोगका तथ्याङ्कहरूले पनि देखाउँछ। नेपालको राजनीतिक इतिहासको अध्ययनले पनि आधुनिक नेपाल भनिएदेखि नै राज्य र राजनीतिक संरचनाहरू एकल जातीय जगमा टिकेको आम गुनासो रहदै आएको छ। नेपाली राज्य र राजनीतिक संरचनाहरुमा अल्पसङ्ख्यक एकल जातीय वर्चश्वलाई बहुसङ्ख्यक रहेका बहिष्कृत सामाजिक समूहहरूले आन्तिरिक उपनिवेशको रुपमा व्यक्त गर्ने गरेका छन्।

अध्ययनका क्रममा धेरै विज्ञहरूले नेपालको राजनीतिमा नीतिभन्दा पनि नेतृत्व प्रधान रहेको र त्यही नेतृत्वको कारण समाजमा सामाजिक दरारहरू पैदा भइरहेका छन् भन्ने विचार व्यक्त गरेका थिए। नेपालका कम्युनिस्ट पार्टीहरूले विभिन्न जातीय मोर्चाहरूको गठन र परिचालन गर्नु, जातीय पहिचानमा आधारित सङ्घीय राज्यहरूको नामकरण मात्र होइन, जातीय स्वशासन, स्वायत्त प्रदेशहरू, जातिको आत्मनिर्णयको अधिकार र अग्राधिकार सहितको स्वायत्त राज्य वा प्रदेशहरूको स्थापनाका लागि पार्टीले नीति तथा कार्यक्रमहरू अगाडि सार्नु तर संवैधानिक रूपमा ती मुद्दाहरूको समावेश नगर्नुले नेपाल कम्युनिस्ट पार्टीले अवलम्बन गरेको जातीय नीति र उसले खेल्दै आएको भूमिका भने नेतृत्वकर्ताका जातीय समूहलाई बलियो बनाउने चालबाजीपूर्ण खेल भएको उनीहरूले बताएका थिए।

### ६.५ एमाले-माओवादी र पहिचानको राजनीति

वर्तमान नेपालको राजनीतिमा पहिचानसँग जोडेर आदिवासी जनजाति र मधेसी समुदायले आत्मनिर्णयको अधिकार, स्वशासन, स्वायत्तता र अग्राधिकारको प्रीप्तका मागहरू राखेको पाइन्छ। तर यसको गहिराइमा गएर अध्ययन गर्ने हो भने यी राजनीतिक मुद्दाहरूको जन्मदाता नेपालका कम्युनिस्ट पार्टीहरू हुन्। २००६ सालमा स्थापनासँगै कम्युनिस्ट पार्टीले आत्मनिर्णयको अधिकारको नीति समावेश गरेको थियो। २००६ देखि २०३१ सालसम्म सिङ्गो रहेको पार्टी २०३१ सालमा चौथो महाधिवेशनबाट

[३४] पुन (अनन्त) सँग २०७२ चैत २९ गते काठमाडौमा लिएको अन्तर्वार्तामा व्यक्त विचार।

विभाजन भयो। त्यसपश्चात् २०४६ सालसम्म कम्युनिस्ट पार्टीका विभिन्न समूह क्रियाशील थिए, र प्रायः सबै कम्युनिस्ट समूहहरूले नेपालको जातीय समस्या समाधान गर्न जातीय स्वशासन, स्वायत्तताको कार्यक्रमहरू अघि सारेका थिए। कम्युनिस्ट पार्टीको विचार र मुद्दाहरूबाट प्रभावित भएका आदिवासी जनजाति र मधेसी समुदायहरू २०४६ सालको प्रजातन्त्रको बहाली र २०६२/६३ सालको जनक्रान्तिपछि सतहमा आएको पाइन्छ।

तालिका ६.९: पहिचानको सन्दर्भमा एमाले र माओवादीको अवधारणा

| **अवधारणा** | **नेकपा (एमाले)** | **नेकपा (माओवादी)** |
|---|---|---|
| आत्मनिर्णयको अधिकार | आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्न (आर्थिक, सामाजिक, सांस्कृतिक) आदिवासीहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्र तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठन अभिसन्धी १६९ अनुसारको आत्मानिर्णयको अधिकार हुनेछ ( संविधानसभा, निर्वाचन घोषणापत्र, २०६४,पृ. १७)। | आत्मनिर्णयको अधिकारको नीतिका आधारमा जातीय तथा क्षेत्रीय स्वायत्त शासनको कार्यक्रम नै सबभन्दा वैज्ञानिक र उपुक्त हुन्छ (संविधानसभा, निर्वाचन प्रतिबद्धता पत्र, २०६४,पृ. २५)। |
| स्वशासन | जातीय, भाषिक, सांस्कृतिक र प्रादेशिक स्वायत्ततामा आधारित अखण्ड नेपाल रहने छ (आठौं महाधिवेशन, राजनीतिक प्रतिवेदन, २०६५,पृ. ८)। | अधिकार सम्पन्न मधेस स्वयत्त राज्य र उत्पीडित जातिहरू, अल्पसङ्ख्यक लोपोन्मुख जातिहरूका लागि विशेष संरक्षित क्षेत्र वा स्यायत्त संरचना निर्माण गरिनुपर्दछ (सातौं महाधिवेशन, राजनीतिक प्रतिवेदन, २०६९,पृ. ५०)। |
| अग्राधिकार | कुनै जाति विशेषलाई राजनीतिक अग्राधिकार नहुने (राष्ट्रिय कार्यकर्ता भेला, राजनीतिक प्रस्ताव, २०६९,पृ. ८)। | प्रत्येक राज्यमा निश्चित अवधिका लागि उत्पीडित जातिहरूको अग्राधिकार हुनुपर्दछ (सातौं महाधिवेशन, राजनीतिक प्रतिवेदन, २०६९,पृ. ५१)। |

(स्रोतः एमाले र माओवादीका राजनीतिक दस्तावेजहरू)

नेपालको राजनीतिमा आत्मनिर्णयको अधिकार, स्वशासन, स्वायत्तता र अग्राधिकारको बहसलाई कम्युनिस्ट पार्टीहरूले कसरी उठाए भन्ने सन्दर्भमा तल उपशीर्षकहरूमा चर्चा गरिएको छ।

### ६.५.१ एमाले–माओवादी र आत्मनिर्णयको अधिकार

नेपालको इतिहासमा जातिहरूको आत्मनिर्णयको अधिकारको विषय सर्वप्रथम कम्युनिस्ट पार्टीका संस्थापक नेता क. पुष्पलाल श्रेष्ठले २००६ सालमा कम्युनिस्ट पार्टीको प्रथम सम्मेलनमा उठाएका थिए। उनका अनुसार "नेपालमा बस्ने सबै जातिहरू अधिकार र कर्तव्यमा वरावर मानिनेछन्। यी सबै जातिहरूले सारा मुलुकका बैरी साम्राज्यवाद र सामन्तवादलाई खत्तम गर्नमा तमाम जनता लड्नुपर्दछ। जातिहरूको आत्मनिर्णयको अधिकार पार्टीले स्वीकार गर्दछ। हाम्रो देशका सामन्ती शासक वर्गले आफ्नो प्रशासनिक इकाइको निर्माण गर्दा कविला जातिलाई टुक्र्याई कमजोर पार्ने नीति लिँदै आएको छ। नेपालमा बस्ने सबै जाति आफ्नो राजीखुसीले एउटा नयाँ जनवादी नेपाल खडा गर्नुपर्दछ" ( भुसाल, २०७०,पृ. ७३)। २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् नेपाल आदिवासी जनजाति महासङ्घमा आबद्ध नेता तथा बुद्धिजीवीहरूले आदिवासी जनजातिको भाषिक, सांस्कृतिक, सामुदायिक

लगायतका प्राकृतिक स्रोतहरूमाथिको हकसम्बन्धी केन्द्रित भएर आत्मनिर्णयको अधिकारको आवाज उठाएका थिए (बुढामगर, २०६८,पृ. ८२) ।

राजनीतिक रूपमा तत्कालीन नेकपा (माओवादी) ले २०५२ साल फागुनपछि आफ्नो नीतिमा आत्मनिर्णयको अधिकारलाई समावेश गरेको थियो। नेकपा माओवादीले जातीय तथा क्षेत्रीय स्वायत्त शासनको रूपमा आत्मनिर्णयको अधिकारलाई प्रयोग गर्दै विभिन्न स्वायत्त जनसरकारको पनि अभ्यास गरेका थिए। शान्तिपूर्ण जनआन्दोलन २०६२/६३ मा आदिवासी जनजातिहरूले आत्मनिर्णयको अधिकारलाई प्रथमिकतामा राखेपश्चात् मधेसी पार्टीहरूले पनि आत्मनिर्णयको अधिकार सहितको मधेस स्वायत्त राज्यको माग गरे। पहिलो संविधानसभाको निर्वाचन २०६४ चैत २८ र दोस्रो संविधानसभाको निर्वाचन २०७० मङ्सिर ४ गतेसम्म आइपुग्दा नेपालका प्रायः सबै कम्युनिस्ट पार्टीहरू र जातीय तथा क्षेत्रीय पार्टीहरूले आफ्नो घोषणापत्रमा आत्मनिर्णयको अधिकारसहित जातीय स्वायत्तता समावेश गरेका थिए।

एनेकपा माओवादीको संविधानसभाको निर्वाचन २०६५ को घोषणापत्रमा राज्यलाई जातीय तथा क्षेत्रीय आत्मनिर्णयको अधिकार र स्वायत्त शासनसहितको सङ्घात्मक ढाँचामा रूपान्तरण गर्ने उल्लेख गरिएको थियो। नेपालको भूराजनीतिक स्थिति र विभिन्न उत्पीडित जाति र क्षेत्रहरूको आर्थिक-सामाजिक विकासको न्यून स्तरलाई मध्यनजर गर्दा आत्मनिर्णयको अधिकारको नीतिका आधारमा जातीय तथा क्षेत्रीय स्वायत्त शासन नै सबैभन्दा वैज्ञानिक र उपयुक्त हुन्छ। आत्मनिर्णयको अधिकारले देशलाई विखण्डनतिर लैजान सक्छ भन्ने तर्कलाई उत्पीडित जाति र क्षेत्रलाई स्वैच्छिक अधिकार दिएका कुनै पनि देश टुक्रिएको छैन, बरु उल्टै त्यस्तो अधिकार नदिएर बलजफ्ती बाँधेर राख्न खोज्दा देश टुक्रिने गरेको उल्लेख गरेको छ।

नेकपा एमालेको संविधानसभाको निर्वाचनको घोषणापत्रमा मुलुकमा जातीय, भाषिक, सांस्कृतिक, ऐतिहासिकता भौगोलिक विशिष्टताका आधारमा सङ्घीय राज्य निर्माण तथा नामकरण गर्ने र आदिवासी जनजातिको अधिकार (आर्थिक, सामाजिक, सांस्कृतिक) सुनिश्चित गर्न आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घको घोषणापत्र तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठन अभिसन्धि १६९ अनुसारको आत्मनिर्णयको अधिकार हुने व्यवस्था थियो। एनेकपा माओवादीका नेता तथा पहिलो संविधानसभाका सदस्य खिमलाल देवकोटा र एमालेका नेता प्रदीप ज्ञवालीका अनुसार आत्मनिर्णयको अधिकार स्वशासनको अधिकार भएकोले  यसले देश नटुक्रिने बरु अधिकतम स्रोतको परिचालन गर्ने बताएका छन् (बुढामगर, २०६९) ।

कम्युनिस्ट पार्टीको नीतिमा स्वशासन, आत्मनिर्णयको अधिकार, अग्राधिकारजस्ता राजनीतिक अधिकारको व्यवस्था गरे पनि त्यसको विरोध गर्ने कम्युनिस्टहरूको जमात पनि कम छैन। यस्ता

प्रवृत्तिलाई नेकपा माओवादीका नेता रामबहादुर थापाका अनुसार “कुनै पनि अधिकार केवल शब्द र सिद्धान्तमा सीमित राख्नु वस्तुतः जनतालाई धोका दिनु हो। नेपालका आदिवासी जनजातिहरूलाई आत्मनिर्णयको अधिकार छ, किनकी नेपालको कानुन र पार्टीहरूको नीति तथा कार्यक्रममा यो कुरालाई स्वीकार गरिएको छ।”[३५]

पत्रकार भवानी बरालका अनुसार “सङ्घात्मक राज्यप्रणालीमा आत्मनिर्णयको अधिकार सङ्घ राज्यको एकतालाई बलियो बनाउने सिद्धान्त हो। ...यो निरपेक्ष पृथकतावादी सिद्धान्तको अधिकार होइन, आत्मनिर्णयको अधिकार दिँदैमा छुट्टै राज्य निर्माण भइहाल्ने पनि होइन र नदिँदैमा माग नउठ्ने पनि होइन। भारतमा अधिकार छैन तर त्यहाँ थुप्रै जातीय सङ्गठनहरू हतियार उठाएको उदाहरण छ। श्रीलङ्कामा पनि अधिकार छैन तर लिट्टेले छुट्टै राज्यको माग गरेर हतियार उठाइरहेको छ। यसको विरोध खस ब्राह्मणवादी पाखण्डीहरूको जातिवादी अहङ्कारवादी गायत्री मन्त्र हो” (बराल, २०६१,पृ. ७४)। महेश मास्केका अनुसार साम्राज्यवाद, सामन्तवाद राष्ट्रविरुद्ध नेपाली मुक्ति आन्दोलनले जाति, भाषा र क्षेत्रलाई एकताबद्ध गरिरहेको अवस्थामा आत्मनिर्णयको अधिकारलाई छुट्टै सार्वभौम राज्य खडा गर्ने अधिकारका रूपमा परिभाषित गर्न मिल्दैन। न त व्यवहारमा आदिवासी जनजाति, मधेसीहरूले छुट्टिने अधिकार माग गरेका छन् (मास्के, २०६५,पृ. ९)।

नवराज सुवेदीका अनुसार नेपालको सन्दर्भमा आत्मनिर्णयको अधिकार अर्थ राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार आदिवासी जनजाति समुदायलाई दिने हो (सुवेदी, २०६५)। बराल, मास्के र सुवेदीले आदिवासी जनजातिलाई आत्मनिर्णयको अधिकार प्रदान गर्ने कुरा उल्लेख गरे पनि दलित र आदिवासी जनजातिलाई बर्तमान राज्य व्यवस्थाले प्रदान गरेको आरक्षणको कारण खस-आर्य समुदायका नेताहरूको असन्तुष्टि रहेको छ। यस सन्दर्भमा नेकपाका केन्द्रीय सदस्य तथा रुपन्देही जिल्लाको सहईन्चार्ज दधिराम न्यौपानेका अनुसार “एकात्मक राज्यसत्ताले गरेको विभेदको क्षतीपूर्ति स्वरुप जातीय पहिचानको मुद्धा उठेको हो। विभेदमा परेको समुदायलाई राज्यको नीति निर्माण गर्ने ठाउँमा प्रतिनिधित्व गराउन पनि समावेसी समानुपातिक व्यवस्थाको आवश्यक छ। तर सधैभरि आरक्षण दिनु भनेको एक प्रकारको शोषण पनि हो, आरक्षण होइन पूर्ण समानुपातिक व्यवस्था आजको आवश्यकता हो।”[३६] न्यौपानेसँग सहमत राख्दै नेकपाका अर्का नेता रामेछाप जिल्ला ईन्चाज देवशङ्कर पौडेलले पनि आरक्षणको व्यवस्थाले दिने परिणाम गमलामा रोपेको फूलको संज्ञा दिदै नेपाली समाजको असमानताको अन्त्यको लागि पूर्ण समानुपातिक व्यवस्था नै उत्तम भएको मत राख्दछन्।[३७] नेकपा

---

[३५] २०६५ साल अशोजमा प्रकाशित नेपाल मगर विधार्थी सङ्घको मुख पत्र *मगर आवाज* मा दिएको अन्तर्वार्ता।

[३६] न्यौपानेसँग २०७६ पौष २५ गते नेकपाको प्रदेश कार्यालय बुटवलमा लिएको अन्तरवार्ता।

[३७] पौडेलसंग २०७६ फागुन ९ गते मन्थलीमा लिएको अन्तरवार्ता।

मसालका महामन्त्री मोहनविक्रम सिंहका अनुसार लेनिनले प्रतिपादन गरेको आत्मनिर्णयको अधिकारले देश विखण्डन हुने खतरा हुन्छ, तर संयुक्त राष्ट्र सङ्घले व्यवस्था गरेको आदिवासी जनजातिहरूको सन्दर्भमा भने आत्मनिर्णयको अधिकारको प्रयोग गर्न सकिन्छ। उनका अनुसार पृथक् राज्य हुनेबाहेक विशेषतः जहाँ आदिवासी जनजातिहरूको बाहुल्य छ, त्यहाँ स्वशासनसहितको अग्राधिकार दिनुपर्दछ। तर राष्ट्रिय महत्वको विषयमा केन्द्रले नै उपयोग गर्नुपर्छ (बुढामगर, २०६७,पृ. ५३) । तत्कालीन अन्तरिम संसद्का विधायक विजय सुब्बाले संयुक्त राष्ट्र सङ्घको अन्तर्राष्ट्रिय श्रम सङ्गठन अभिसन्धि १६९ बारे आफूले सदनमा पेस गरेको सङ्कल्प प्रस्ताव नेपाल सरकारले २००७ सेप्टेम्बर १४ मा पारित गरिसकेकाले यसको कार्यान्वयनका लागि राज्य बाध्यकारी भएको बताउँछन्। त्यसैले, नेपालको सन्दर्भमा आत्मनिर्णयको अधिकार ३७.८ प्रतिशत जनतासँग जोडिएको हुनाले अब बन्ने नयाँ संविधानमा आत्मनिर्णयको अधिकारको व्यवस्था गरिनुपर्छ, यसो नगरेको खण्डमा विद्रोह निम्त्याउँछ (बुढामगर, २०६७,पृ. ५३)। मास्के, सुवेदी र सिंहको भनाइले आत्मनिर्णयको अधिकार भनेको जातीय स्वशासनको अधिकार हो भन्ने निश्कर्षमा पुग्न सहज हुन्छ । लोकबहादुर थापामगरका अनुसार आत्मनिर्णयको अधिकारलाई स्वीकार गर्नुको अर्थ अराजकता तथा विखण्डनलाई प्रोत्साहित गर्नु होइन, यसलाई स्वीकार गर्नुको अर्थ सबै प्रकारका उत्पीडन असमानताको अन्त्य गर्नु हो। यदि जातीय उत्पीडन र असमानता कायम रहेको खण्डमा छुट्टिन पाउने अधिकार सुरक्षित राखिने नीति हो। जब सबै खाले उत्पीडन र शोषण खत्तम हुन्छ, तब त्यहाँ स्वाभाविक रुपले बलियो राष्ट्रिय एकता निर्माण हुन्छ (थापामगर, २०६४,पृ. १३२)। माथिका बहसहरूमा धेरै कम्युनिस्ट अनुयायीहरूले लेनिनले प्रतिपादन गरेको आत्मनिर्णयको अधिकारलाई स्वीकार गर्दै लेनिनलाई कुशल सङ्गठक र मार्क्सवादको प्रयोगकर्ता मान्दछन्। तर मार्क्सवादी बुद्धिजीवी तथा समाजशास्त्री चैतन्य मिश्र लेनिनले मार्क्सको सिद्धान्तलाई भ्रमित गरेको तर्क गर्दछन्। उनका अनुसार लेनिनले सन् १९१७ मा जे भनेर कम्युनिस्ट पार्टी गठन गरे, जे भनेर कम्युनिस्ट शासन सुरु भए, ती सबै असफल भए (मिश्र, २०७६,पृ. ३६१)।

माथिका छलफलहरूले राजनीतिक पार्टीहरूको दस्तावेजलाई विश्लेषण गर्दा नेपालका प्रमुख कम्युनिस्ट पार्टीहरू आदिवासी जनजातिहरूको आत्मनिर्णयको अधिकारको पक्षमा देखिन्छन् । एनेकपा (माओवादी) लेनिनले प्रतिपादन गरेको उत्पीडन भए टुक्रिन सक्ने आत्मनिर्णयको पक्षमा छन् भने नेकपा (एमाले), नेकपा मसाल, नेकपा (एकीकृत), लगायतका पार्टीहरू संयुक्त राष्ट्र सङ्घको घोषणापत्र बमोजिम सहमत देखिन्छन्।

नेपालको सन्दर्भमा आत्मनिर्णयको अधिकारलाई सीमान्तकृत आदिवासी जनता र अरू समूहको ऐतिहासिक अनुभवको सन्दर्भमा हेरिनुपर्दछ। यी समूहलाई विगतमा सत्ताबाहिर मात्र राखिएन कि आर्थिक, राजनीतिक शोषण दमन र सांस्कृतिक विभेद पनि गरियो। आत्मनिर्णयको माग मानवअधिकार, समानता र

कानुनी शासनको लोकतान्त्रिक मूल्यमा आधारित समावेशी राज्यको स्थापना गर्न माग गरिएको हो। "आत्मनिर्णयको अधिकारलाई नेपालजस्तो बहुसांस्कृतिक मुलुकमा सांस्कृतिक विविधताको समायोजन गर्ने प्रक्रियासँग जोडेर बृहत् अर्थमा बुझिनुपर्दछ। यसो गर्न सकिए विखण्डनको विषय एउटा सम्भावना मात्र हुन सक्दछ" (तामाङ, सन् २००९,पृ. २१)।

आदिवासी जनजातिहरूको सभ्यता र संस्कृति मात्र होइन, ऐतिहासिक परम्परागत थातथलो नै अतिक्रमण भई सङ्कटमा रहेकाले संयुक्त राष्ट्र सङ्घले सामूहिक अधिकारको परिकल्पना गरेको हो। सामूहिक अधिकार भारत, अमेरिका र स्विजरल्यान्डमा मात्र होइन, डेनमार्क, स्विडेन र चीनजस्ता एकात्मक देशमा पनि सुरक्षित गरेको छ। संयुक्त राष्ट्र सङ्घको आदिवासी जनजातिहरूसम्बन्धी घोषणापत्र सन् २००६ को दफा नं. ३ अनुसार, आदिवासी जनजातिहरूलाई आत्मनिर्णयको अधिकार हुनेछ, यसकै कारण उनीहरू राजनीतिक, आर्थिक, सामाजिक र आर्थिक क्षेत्रमा स्वतन्त्रतापूर्वक आफ्नो हैसियत बनाउन सक्छन्। "संयुक्त राष्ट्र सङ्घले प्रयोग गरेको Peoples को अर्थ व्यक्तिको बहुवचन नभएर आदिवासी जनजातिको बहुवचन हो भनेर स्पष्ट गरिएको छ। यसरी आत्मनिर्णयको अधिकार भनेको जातीय समूहलाई दिइने सामूहिक अधिकार हो" (श्रेष्ठ, २०६८क,पृ. १५९)।

कम्युनिस्ट पार्टीसँग वैचारिक सहमत राख्ने नेपालका आदिवासी जनजाति विद्वान् तथा अभियन्ताहरूले आत्मनिर्णयको अधिकारको कारणले देश नटुक्रिने र समाजमा विग्रह पनि पैदा नगर्ने तर्क गर्दछन्। उनीहरूले द्वन्द्वको कारण त आत्मनिर्णयको अधिकारबाट वञ्चित गरिनुलाई मान्दछन्। लोकबहादुर थापामगरका अनुसार "विश्वमा द्वन्द्वको मुख्य कारण आत्मनिर्णयको अधिकारको निषेध हो। यसको प्रयोगले गर्दा होइन, यदि आत्मनिर्णयको अधिकारले राष्ट्रको विखण्डन हुने भए, लेनिनले मान्याता दिँदा विशाल सोभियत सङ्घ अन्तर्गत कायम गरिएका १५ वटा (रसिया, युक्रेन, बेलारुस, उज्वेकिस्तान, कजाकस्तान, अजरबैजान, जर्जिया, ताजिकिस्तान, मोल्डाभिया, किर्गिस्तान, लिथुआनिया, आर्मेनिया, तुर्कमेनिया, ल्याटभिया र स्टोनिया) स्वतन्त्र राज्यहरू टुक्रिन्थ्यो र सर्वोच्च सोभियत बन्ने नै थिएन। यसरी रुसमा लेनिनले आत्मनिर्णयको अधिकार स्वीकार गरे पनि त्यहाँका जातिहरूले सोभियत सङ्घ अन्तर्गत बस्न चाहे र एउटा मजबुत साझा राष्ट्रिय एकताको विकास भयो, विखण्डनको खाँचो परेन" (थापामगर, २०६४,पृ. १३२-१३३)।

जाति वा राष्ट्रको आत्मनिर्णयको अधिकारको विषयमा केही विरोधाभासपूर्ण अर्थ लगाएको जिकिर गर्दै जनजाति महासङ्घका संस्थापक महासचिव तथा माओवादी नेता सुरेश आलेका अनुसार नेपालमा जातिहरूले आत्मनिर्णयको अधिकार पाउने सन्दर्भमा केही कम्युनिस्टहरूले अधिकार त 'राष्ट्र' ले पाउने हो, जातिले होइन भन्ने गर्छन् तर जाति र राष्ट्र एकै हुन्। नेपाल भौगोलिक दृष्टिले अत्यन्त सानो भाएकाले आत्मनिर्णयको अधिकार व्यावाहरिक हुँदैन भन्ने तर्क गलत छ। अर्कोतर्फ असमानताबाट

मुक्तिको लागि जतिसुकै अव्यावहारिक र सानो राज्य  पनि त्यस जातिलाई स्वीकार्य हुने उल्लेख गरेका छन् (आलेमगर, २०६२,पृ. १७३) ।

आत्मनिर्णयको अधिकारलाई बुझ्ने सन्दर्भमा नेपालका राजनीतिक पार्टीहरूका फरक फरक धारणाहरू छन् । धेरैले यसलाई राष्ट्रिय एकता र समृद्धिका रूपमा लिएका छन् भने केहीले यसलाई विखण्डन र द्वन्द्वका रूपमा बुझेका छन् । तर राष्ट्रिय एकता र भौगोलिक अखण्डताका लागि उत्पीडित समुदायलाई अग्राधिकारको अधिकार अपरिहार्य भएको नेपालको तथ्य हो । नेपालको वर्तमान सामाजिक, सांस्कृतिक तथा भौगलिक परिप्रेक्ष्यमा जातीय स्वशासन नै जातीय समस्या समाधानको उत्तम उपाय देखिन्छ (गुरुङ, २०६२,पृ. ३६९) । तर आत्मनिर्णयको अधिकार र अग्राधिकारबिना नाम मात्रको जातीय स्वशासनको कुनै अर्थ नहुने आदिवासी जनजातिहरूको मान्यता रहेको छ। अर्कोतर्फ, प्रदिप ज्ञवाली अनुसार "प्रजातन्त्र जस्तै आत्मनिर्णय र सङ्घीयता पूर्ण छैन । यसले राजनीतिक सहअस्तित्व र समुदायकै शिष्ट अवधारणालाई व्यावहारिक फाइदाहरूसँग एकाकार गराउँछ । नेपालको सन्दर्भमा सदियौँदेखि शोषित उत्पीडित जाति, जनजाति, महिला, मधेसी, अल्पसङ्ख्यकलाई आत्मनिर्णयको अधिकारमार्फत राज्यको आर्थिक राजनीतिक मूल प्रवाहमा नीति निर्णय गर्ने तहमा जोड दिनुपर्ने देखिन्छ" (ज्ञवाली, २०६४,पृ. १४४, १४९) । ज्ञवालीले आत्मनिर्णयको अधिकारलाई उत्पीडित जातिको अधिकारको आधार मानेता पनि त्यसका लागि यहाँका खस-आर्य नेताहरूमा त्यसको इच्छाशक्ति हुनुपर्ने धेरैले जिकिर गर्दै आएका छन् । पूर्वसांसद नवराज सुवेदीले नेपालमा पनि यहाँका ब्राह्मण-क्षेत्रीहरूले माओ र लेनिनले जस्तै आफ्नो समुदायको विरुद्ध लड्ने हिम्मत गर्नुपर्ने बताउँदै यहाँका पार्टीहरूले आदिवासी जनजातिहरूलाई धोका मात्र दिइरहेकाले यी कुराहरू नेपाल कम्युनिस्ट पार्टीका खस-आर्य नेताहरूबाट असम्भवप्रायः भएको बताउँछन् (नवराज सुवेदी, २०७३ साउन २६ गते, अनुसूची ४) ।

पहिलो संविधानसभामा (२०६४-२०६८) का उपसमितिहरूले तयार पारेको अवधारणापत्र र प्रारम्भिक मसौदासम्बन्धी प्रतिवेदन २०६६ मा आत्मनिर्णयको अधिकारसम्बन्धी व्यापक छलफल र बहसपश्चात् संविधानसभाका समितिहरूले पनि आत्मनिर्णयको अधिकारबारे आफ्नो प्रतिवेदन तथा प्रारम्भिक मस्यौदाहरूमा उल्लेख गरेको छ। संवैधानिक समितिले आफ्नो प्रस्तावनामा ; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र वर्ण व्यवस्थाजन्य जातपात र छुवाछुतलगायत सबै प्रकारका विभेदको अन्त्य गरी आर्थिक समानाता, सम्पन्नता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक मान्यताका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै; समान्तवादका सबैखाले अवशेषहरूको अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, समृद्धि र विकासको आकाङ्क्षा पूरा गर्न संविधानसभामार्फत यो संविधान निर्माण गरी जारी भएको घोषणा गर्दै आत्मनिर्णयको अधिकारलाई "राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राखी जनताको आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्ने उल्लेख गरेको

छ" भनी आत्मनिर्णयको अधिकारको व्यवस्था गरिएको थियो (संविधानसभा, संवैधानिक समिति अवधारणापत्र र प्रारम्भिक मस्यौदासम्बन्धी प्रतिवेदन, २०६६) । राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले "देशमा विद्यमान वर्गीय, जातीय, भाषिक, क्षेत्रीय, लैङ्गिक तथा समुदायगत समस्याहरूलाई समाधान गर्न नेपालको एकात्मक तथा केन्द्रीकृत स्वरूपलाई अन्त्य गर्दै नेपाललाई पूर्ण लोकतान्त्रिक समावेशी सहितको समानुपातिक सङ्घीय गणतन्त्रात्मक शासन प्रणाली स्थापना गर्न अग्रगामी पुनर्संरचना गर्नुपर्ने भएकाले, नेपालको सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, एकता र अखण्डतालाई अक्षुण्ण राख्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक भाषिक तथा भौतिक विकास गर्न संविधानद्वारा प्रदत्त आत्मनिर्णयको अधिकारसहितको पहिचान र सामर्थ्यमा आधारित स्वायत्त, स्वशासित तथा अधिकार सम्पन्न प्रदेश स्थानीय तह तथा विशेष संरचना पनि निर्माण गरी केन्द्रमा निहित शासन शक्तिलाई सङ्घ, प्रदेश स्थानीय तह र विशेष संरचनासम्म बाँडफाँड गरी शान्तिपूर्ण, स्वाधीन, धर्मनिरपेक्ष, समानातमूलक र समृद्ध नेपालको निर्माण गर्नु पर्ने भएकाले सबै जाति, क्षेत्र लिङ्ग एवम् समुदायको राज्यको शक्तिको परिचालन गर्ने अङ्गहरूमा समानुपातिक प्रतिनिधित्व एवम् अधिकार पाउने व्यवस्था गर्न वाञ्छनीय भएकाले" भनी व्यवस्था गरिएको छ।

संविधानसभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिमा आत्मनिर्णयको अधिकारसम्बन्धी व्यापक बहस भएको देखिन्छ। आत्मनिर्णयको अधिकार बारेमा सङ्घीय एकाइहरू (प्रदेशहरू), विशेष संरचना अन्तर्गत स्थापना हुने क्षेत्रहरूलाई संविधान र कानुनको अधीनमा रही आन्तरिक रूपमा संविधान घोषणा हुँदा त्यस क्षेत्रमा बसोबास गर्ने सबै तर विशेष गरी आदिवासी जनजातिलाई आन्तरिक र स्थानीय रूपमा राजनीति, संस्कृति, धर्म, भाषा, शिक्षा, सूचना तथा सञ्चार, स्वास्थ्य, बसोबास, रोजगार, सामाजिक कल्याण, आर्थिक क्रियाकलाप, वाणिज्य, भूमि तथा स्रोतसाधनको परिचालन, वातावरणसम्बन्धी अधिकार र यी कार्यहरूका लागि आर्थिक स्रोत जुटाउन स्वायत्तता र स्वशासनको अधिकारका रूपमा आत्मनिर्णयको अधिकार प्रयोग गर्न पाउने गरी व्यवस्था गर्न उपयुक्त देखिन्छ। आदिवासी जनजाति अधिकारसम्बन्धी आदिवासी जनजाति सभासद् (ककस) को अवधारणापत्र (२०६८) ले संविधानसभा राज्यको पुनर्संचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनको संविधानमा राख्ने प्रस्तावित व्यवस्थामा प्रत्येक प्रदेशहरूले आत्मनिर्णयको अधिकारलाई सम्मान गर्दै आदिवासी जनजातिहरूको सघन बसोबास भएको क्षेत्रलाई स्वशासित क्षेत्रका रूपमा स्थापना गर्दै लैजानेछ भनी थप गरेको थियो। मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिमा फरक मत राख्ने क्रममा नेकपा (माओवादी) सम्बद्ध १७ जना सभासदहरूले प्रस्तावित धारा २७ को उपधारा ५ मा भएको प्रावधानमा देहायबमोजिम थप गर्ने भनी आदिवासी, जनजाति समुदायलाई आत्मनिर्णयको अधिकारसहित स्वशासन र स्वायत्तताका अधिकार तथा स्वतन्त्रतापूर्वक सुसूचित र सहमतिको हक हुनुपर्ने र त्यसैगरी प्रस्तावित धारा ३ को खण्ड 'ण' को बुँदा नं. १६ मा देहाय वाक्य भनी प्राकृतिक साधनस्रोतमाथिको

अग्राधिकारसहित आदिवासी जनजाति समुदायलाई आत्मनिर्णयको अधिकारसहित जातीय स्वशासनसहितको स्वायत्तता सुनिश्चित गरिनु पर्ने प्रस्ताव गरेका थिए। मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिमा रहेका नेकपा एमालेसँग सम्बद्ध सभासद्हरूले प्रस्तावित धारा २७ को उपधारा ५ मा भएको प्रावधानमा देहाय वाक्य थप गर्ने भनी आदिवासी जनजाति तथा स्थानीय समुदायलाई पहिचानको हक, प्राकृतिक स्रोतमाथि प्राथमिकताको हक, स्वशासनको हक तथा राष्ट्रिय अखण्डता, समग्र राष्ट्रिय हित र एकतालाई सुदृढ गर्दै संविधान र प्रचलित कानुनको अधिनमा रही आत्मनिर्णयको हक हुनेछ भनी फरक मत पेस गरेका थिए।

नेकपा मालेका सभासद तिलकबहादुर थापाले प्रस्तावित धारा २७ को उपधारा ५ मा भएको प्रावधानमा देहायको वाक्य थप गर्ने भनी आदिवासी जनजाति तथा स्थानीय समुदायलाई पहिचानको हक, प्राकृतिक स्रोतमाथि प्राथमिकताको हक, स्वशासनको हक तथा राष्ट्रिय अखण्डता, समग्र राष्ट्रिय हित र एकतालाई सुदृढ गर्दै संविधान र प्रचलित कानुनको अधीनमा रही आत्मनिर्णयको हक हुनेछ भनी फरक मत पेस गरेका थिए (संविधानसभा, २०६६)।

आदिवासी जनजातिहरूको आत्मनिर्णयको अधिकारको विषयमा संविधानसभामा तातो बहस चलेको थियो। संविधानसभाको संवैधानिक समिति, राज्य व्यवस्था तथा राज्यशक्तिको बाँडफाँड समिति र मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिमा आदिवासी जनजातिहरूको आत्मनिर्णयको अधिकारको व्यवस्था हुँदाहुँदै पनि ती व्यवस्थाहरू अपर्याप्त भएको भन्दै एनेकपा (माओवादी), नेकपा (एमाले) तथा नेकपा (माले) का सभासद्हरूले फरक मत पेस गरेका थिए भने, संविधानसभामा आदिवासी जनजाति सभासद्हरूको ककसले पनि संविधानसभाका विभिन्न उपसमितिहरूलाई आदिवासी जनजातिहरूका बारेमा थप सुझावहरू पेस गरेको थियो। यी तथ्यहरूको विश्लेषण गर्दा संविधानसभामा आदिवासी जनजातिहरूको आत्मनिर्णयको अधिकारको पक्षमा धेरै सकारात्मक निकासाहरू सोझै देख्न सकिन्थ्यो।

६०१ जनाको संविधानसभामा २१८ जना आदिवासी जनजाति सभासद्हरू थिए भने अन्य विभिन्न राजनीतिक पार्टीका सभासद्हरू पनि आदिवासी जनजातिहरूको आत्मनिर्णयको अधिकारको पक्षमा रहेको अवस्थामा नेपालको ऐतिहासिक संविधानसभामा यो मुद्दामा गम्भीर एवम् सकारात्मक रहेको थियो। तर अन्तिम समयमा आएर पहिचानको प्राथमिक आधार र सामर्थ्य दोस्रो आधारमा राज्य पुनर्संरचना गर्ने विषयमा संविधानसभामा विवाद भयो र सहमति हुन नसकी संविधानसभाले राज्य पुनर्संरचनासम्बन्धी एक उच्चस्तरीय आयोग गठन गरेको थियो।

कुनै पनि पार्टी विशेषसँग आबद्ध नभएका विद्वान्हरूले पनि आत्मनिर्णयको अधिकारले कसैलाई हानि नगर्ने र यो नेपालको मौलिक आवश्यकता रहेको मान्छन्। समाजशास्त्री कृष्णबहादुर भट्टचनका

अनुसार आत्मनिर्णयको अधिकारको हक उपनिवेशमा रहेका जनताहरू र आदिवासीहरूलाई हुन्छ । यो अधिकार प्राप्त गर्न असहिष्णुता, ऐतिहासिक अधिकार, जनसङ्ख्याको जातीय बनावट र जनताको इच्छाहरूको अभिव्यक्ति गरि चार आधार छन् । नेपालको सन्दर्भमा आदिवासी जनजातिहरू भूमिपुत्र भएको ऐतिहासिक आधार र ब्राह्मणवादको कारणले सिर्जना भएको असहिष्णुताको कारण आत्मनिर्णयको अधिकार प्रयोग गर्न पाउँछन्  (भट्टचन, सन् २००९,पृ. १३) । यस विषयलाई पुष्टि गर्दै त्रिलोचन उप्रेती लेख्छन्, "जब बढी बाहुल्य भएको समूहहरूले त्यही राष्ट्रका अरू जातिहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक पहिचानलाई बिर्सिन्छन्, आत्मनिर्णयको माग उठ्दछ" (उप्रेती, २०६५,पृ. ९) । नेपालमा आदिवासी जनजातिहरू आत्मनिर्णयको अधिकार र जातीय स्वशासनको माग गरेतापनि यो मुद्दा राष्ट्रिय विखण्डनको तहमा पुगिनसेकेको उल्लेख गर्दै राजनीतिशास्त्री कृष्ण खनाले नेपाली राष्ट्रियताको परिधिमा जनताले अधिकतम सार्वभौम अधिकार अभ्यास भएको क्रममा नै यो सवाल केन्द्रित भएको देखिन्छ। हामीकहाँ श्रीलङ्कालगायत अन्य कतिपय मुलुकहरूमा जस्तो पृथकतावादी कारणले आत्मनिर्णयको माग पैदा भएको होइन, कुनै पनि समुदायले नेपालबाट अलग्गै बस्न आत्मनिर्णयको हक खोजिरहेका छैनन्, यसको कारणले विखण्डन र विभेदको कल्पना गर्न मिल्दैन ( खनाल, २०६२,पृ. ४७) ।

बालकृष्ण माबुहाङका अनुसार स्वशासनको प्रत्याभूति र सङ्घीय राज्यप्रणाली अपनाएर आत्मनिर्णयको अधिकारको अधिकतम लक्ष्य लिनु नेपालका लागि उपयुक्त हुन्छ (माबुहाङ, २०६४,पृ. ९३-९४) । आदिवासी जनजातिहरूले आत्मनिर्णयको अधिकारको प्रयोग र स्वशासन अभ्यास गर्ने सन्दर्भमा धेरै विद्वानूहरूको समान धारणा पाइन्छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान, आत्मनिर्णय अधिकारसहितको जातीय स्वायत्तता शासन' भन्ने मूलनारा सहित सम्पन्न नेपाल आदिवासी जनजाति महासङ्घको सातौ महाधिवेशनको प्रतिवेदनमा नयाँ संविधानमा जातीय पहिचान र भाषाका आधारमा राज्यको पुनर्संरचना गर्दै आत्मनिर्णयको अधिकार, जातीय स्वायत्तता, धर्म निरपेक्षता र प्राकृतिक स्रोत साधनमा अग्राधिकारको सुनिश्चित गराउन आन्दोलित र क्रियाशील रहदै अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९ तत्काल लागु गर्न सरकारलाई दबाब दिने, आदिवासी जनजातिहरूलाई पूर्वसुसूचित र स्वीकृतिको अधिकार हुनुपर्ने प्रस्ताव पारित गरिएको थियो (सातौं राष्ट्रिय महाधिवेशन, २०६६ चैत २१-२३ गते) । नेपालमा आदिवासी जनजातिहरूको ऐतिहासिक थातथलोलाई नै जातीय स्वायत्तताकाका रूपमा स्थापना गर्न सकिने कुरा नेपालका कम्युनिस्ट पार्टीहरूले आफ्नो नीति तथा कार्यक्रमहरूमा उल्लेख गरेका थिए। नेपालको सन्दर्भमा आदिवासी जनजातिहरूको भूमिसँगै ऐतिहासिक धरोहर, कला, संस्कृति र जनसङ्ख्याको उपस्थिति रहेको भूगोललाई जातीय स्वायत्तता कायम गर्न सकिने र त्यो स्वायत्तता कुनै जाति विशेषको नभएर आम नेपालीको संस्कृति र सभ्यताको साझा पहिचान पनि हो भन्ने अर्थमा बुझ्ने

गरेको पाइन्छ। नेपालको सन्दर्भमा आदिवासी जनजातिहरूलाई जातीय स्वायत्तता प्रदान गर्दा सङ्घीय व्यवस्थाअन्तर्गत संवैधानिक ग्यारेन्टीसहित गर्न सकिने विज्ञहरूको मत रहेको छ।

२०६४ सालको संविधानसभाको निर्वाचनको घोषणापत्रमा नेकपा (माओवादी) ले जातीय-क्षेत्रीय आधारमा आत्मनिर्णयको अधिकार सहितको स्वायत्त राज्यहरू भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रस्ताव गरेको थियो। एनेकपा-माओवादीको २०६९ साल असार २-४ गतेको भेलाले पारित गरेको प्रस्ताव नं. १० मा जनयुद्ध, जनआन्दोलन, मधेस, आदिवासी जनजाति तथा उत्पीडित क्षेत्रका जनताद्वारा सञ्चालित आन्दोलनको अभिव्यक्त वर्गीय मुक्ति, पहिचानसहितको सङ्घीयता, समावेशी समानुपातिक, प्रतिनिधित्व, विशेषाधिकार, अग्राधिकार आदि विषयलाई लिई जनविद्रोहमार्फत नेपाली जनक्रान्तिको तयारी दिशामा अगाडि बढ्ने छ भनी उल्लेख गरेको छ। तत्कालीन नेकपा माओवादीका महासचिव रामबहादुर थापा 'बादल' का अनुसार, उत्पीडित जातिको मुक्ति आत्मनिर्णयको अधिकारसहितको स्वायत्त गणतन्त्रबाट मात्र सम्भव छ (थापा 'बादल', सन् २०१०,पृ. १५३)।

पार्टीको नीति तथा कार्यक्रमहरूमा जातीय आत्मनिर्णयको अधिकार सहितको स्वायत राज्यहरूको व्यवस्था गरिएको भए पनि कतिपय विश्लेषकहरूले यसको विश्वास गर्दैनन्। खगेन्द्र माखिम लिम्बुका अनुसार "पहिचानको मुद्दा कुनै विचार वा राजनीतिक दर्शनले निर्धारण गर्ने होइन। दार्जीलिङ, तेलङ्गा, झारखण्डहरूको आन्दोलनहरूमा कुन राजनीति विचार थियो ? राज्य प्राप्तिको मुद्दा भनेको जमिनसहितको आन्दोलन हो। कम्युनिस्ट पार्टीहरूले उत्पीडितको कुरा उठाउने तर सत्तामा गएपछि बिर्सिदिने, माओवादीले जातीय पहिचानमा आधारित सङ्घीयताको बहस गऱ्यो। लिम्बुवान, मगरातको नाराले आदिवासी जनजातिहरूलाई आकर्षित त गऱ्यो तर सत्तामा गएपछि धेरै त्यही समुदायलाई जातिवादी हुँदै गयो भनियो" (खगेन्द्र माखिम लिम्बू, २०७३ असोज ३० गते, अनुसूची ४)। जातीय विभेद र असमानताका कारण पहिचानको मुद्दा आज नेपालमा मात्र होइन, विश्वमै बलशाली बनेको छ। डेभिडका अनुसार जातीय राष्ट्रवादको राजनीति आज धेरै बलशाली रहेको छ। भारतका प्रधानमन्त्री मोदी, रसियाली राष्ट्रपति भ्लादिमिर पुटिन, अमेरिकी राष्ट्रपति ट्रम्प जातीय राष्ट्रवादकै कारण निर्वाचन जित्न सफल भएका छन्। जातीय राष्ट्रवाद धेरै हदसम्म दक्षिणपन्थी राजनीतिक विचारधाराको मुद्दा हो (डेभिड, २०७४,पृ. ११)। डेभिडले जातीयताको राजनीतिलाई दक्षिणपन्थी राजनीति विचार भने पनि नेपालको सन्दर्भमा भने वामपन्थीहरूले नै यो मुद्दालाई व्यापकता गरेका छन्। नेपालको सन्दर्भमा जातीय मुद्दा धेरै व्यापक र सर्वपक्षीय मुद्दा पनि हो। समाजशास्त्री चैतन्य मिश्रका अनुसार जातिवादको पहिलो संस्करणः पुरानो उच्च जातभित्रका उच्च कुलले चलाएको जातिवादले उक्त जात र कुलका लागि शास्त्र, शिक्षा, धर्म आदिका आधार बने, जिविकोपार्जनको विस्तारको विशेषधिकारको बाटो खोलेको थियो। दोस्रो संस्करणः जनजाति, आदिवासी, भूमिपूत्र र स्थानीय आदि पहिलो जातिवादजस्तै काल्पनिक 'पहिचान' निर्माण हुँदै गयो। यसको सारतत्व उत्पादनका स्रोत, उत्पादन-सम्बन्ध र यसमार्फत

जीविकोपार्जनको विस्तारमाथि विशेषाधिकार जमाउन खोज्नु नै हो (मिश्र, मिति उल्लेख नभएकोः भ-ट) । हेमराज राईका अनुसार “गणेशको मन्दिरमा पूजा गर्ने राष्ट्रवादी र गुम्बाहरूमा पूजा गर्नेलाई अराष्ट्रवादी भन्ने मनोविज्ञान राज्य र शासकबाट निर्माण गरियो” (हेमराज राई, २०७३ साउन १३ गते, अनुसूची ४) । नेपाली समाजमा शासक जातिको पहिचानलाई राष्ट्रिय पहिचानको मान्यता र उपल्लो दर्जाको नागरिक मान्ने गरिएकाले अहिले पनि धेरै दलितहरूले आफ्नो वास्तविक पहिचान लुकाउनुपरेको छ भने धेरैले त ब्राह्मण-क्षेत्रीको थर राखेका छन् यो राज्यले अख्तियार गरेको जातिवादी संस्कृतिको प्रभाव हो ।

पहिचान, समानता र समावेशीको मुद्दा उठाउँदा राज्य र शासक समुदायले आदिवासी जनजातिहरूलाई जातिवादी भन्ने पनि गर्दछन्, तर आदिवासी जनजातिले उठाएको मुद्दा जातिवादी नभएर जातीय समानताको मुद्दा हो । जातिवाद ब्राह्मणवादमा हाबी छ, जसले आफूलाई सबैभन्दा श्रेष्ठ ठान्दछ र राज्यको साधन स्रोत सबै आफ्नो नियन्त्रणमा राख्दछ । समाजशास्त्री मुक्तासिंह तामाङका अनुसार आदिवासी जनजातिले खोजेको जातीय समानता हो । जसले जातिवाद र अन्धराष्ट्रवादजस्तो विभेदकारी र विनाशकारी सोचलाई लगाम लगाउँछ । जातीय समानतामा अडेको यस्तो नयाँ खालको राष्ट्रियतालाई बहुल राष्ट्रियता (Plurinational) भनिन्छ ।

माथिका छलफलहरूले आत्मनिर्णयको अधिकारको सारतत्व जातीय उत्पीडनलाई रोक्नु र जातीय मुक्तिलाई सम्भव बनाउनु भन्ने टुङ्गोमा पुग्न सकिन्छ । नेपालको सन्दर्भमा आदिवासी जनजाति, राजनीतिक पार्टीहरू र यहाँका बहुसङ्ख्यक नागरिकहरूले आदिवासी जनजातिको आत्मनिर्णयको अधिकारलाई राष्ट्रिय एकता र आफ्नो सार्वभौम अधिकारका रूपमा स्विकारेका छन् । उनीहरूले आत्मनिर्णयको अधिकारको प्रयोगलाई सबै प्रकारका शोषण, उत्पीडन, दमनको अन्त्य गरी न्याय, समानता र लोकतान्त्रिक राज्य व्यवस्थाको स्थापनाका लागि अगाडि सारेका छन् । निचोडमा के भन्न सकिन्छ भने नेपालको अहिले सम्मको सामाजिक-राजनीतिक विभेद, राज्यको साधन स्रोतको विभेदपूर्ण वितरण र आदिवासी जनजातिहरूको राज्यमा प्रतिनिधित्व र अपनत्व नहुनुले नै आत्मनिर्णयको अधिकारको औचित्य साबित गरेको छ ।

लेनिनले आत्मनिर्णयको अधिकार र राष्ट्रिय मुक्तियुद्धको समर्थन गर्दै उपनिवेशवादको भर्त्सना गर्दै प्रादेशिक अक्षुणता एवम् राज्यको अस्तित्व, स्वतन्त्रता र सार्वभौमसत्ताको अधिकारका रूपमा आत्मनिर्णयको अधिकारलाई व्याख्या गरेका थिए । यसैको आधारमा आदिवासी जनजातिहरूले विखण्डनका लागि होइन, राष्ट्रिय एकता, भौगोलिक अखण्डता र सबै जातिको मुक्ति र सहअस्तित्वका लागि आत्मनिर्णयको अधिकारको माग गरिरहेको पाइन्छ । विश्वमा आत्मनिर्णयको अधिकारको मुद्दा उठिरहेका देशहरूको अनुभवबाट पनि आत्मनिर्णयको अधिकारबाट वञ्चित गरिँदा देशहरू टुक्रिने, राष्ट्रहरू विखण्डन हुने र राष्ट्रियता कमजोर भएको तथ्यहरू छन् । आत्मनिर्णयको अधिकारले राष्ट्र

विखण्डनको आधार बन्न सक्ने आरोपहरू पनि थिए, यस सन्दर्भमा आदिवासी जनजातिहरूले युगौँदेखि अधिकार नपाउँदा त राष्ट्र टुक्राउने कल्पनासम्म गरेनन् भने अधिकार सम्पन्न भएपछि कसरी विखण्डन गर्छन् ? यो आदिवासी जनजातिहरूलाई अधिकार सम्पन्न नगर्ने र सीमित समुदायले राज्यको साधनस्रोतहरूको दोहन गर्ने प्रपञ्च हो भन्दै देश टुक्र्याउँछ भन्ने तर्कहरूलाई थप प्रतिप्रश्न गर्ने गरेका छन्। नेपालका आदिवासी जनजातिहरूले आत्मनिर्णयको अधिकार दाबी गर्नुका विभिन्न कारणहरू छन्। पहिलो, आत्मनिर्णयको अधिकारका सम्बन्धमा थुप्रै अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू छन्, जसको नेपाल सरकार पक्ष राष्ट्र रहेको छ। दोस्रो, नेपाल सरकारले २०६४ साल भदौ ५ ( २००७ सेप्टेम्बर १४) मा यसको कार्यान्वयनका लागि अन्तरिम व्यवस्थापिका संसदले अनुमोदन गरिसकेको हुनाले राज्यलाई यसको कार्यान्वियन गर्न बाध्यकारी अवस्था छ। तेस्रो, नेपालको सन्दर्भमा सबै राजनीतिक पार्टीहरू र जातीय-क्षेत्रीय सङ्गठनहरूले आत्मनिर्णयको सिद्धान्तलाई कुनै न कुनै हिसाबले स्वीकार गरेका छन्। चौथो, नेपालका सार्वभौम नागरिकको मतदानबाट निर्वाचित पहिलो संविधानसभाको संवैधानिक समिति र राज्यको पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँड उपसमितिले आदिवासी जनजातिहरूको आत्मनिर्णयको अधिकारको प्रस्ताव गरेको छ।

पछिल्लो समयमा आत्मनिर्णयको अधिकारको प्रयोगले देश विखण्डन गर्दछ भन्ने सन्दर्भमा हामीले अन्य देशहरू टुक्रिनबाट बचेको र विभाजितहरूको एकता भएको पाठ सिक्न पनि आवश्यक छ। सङ्घीय मुलुकहरूका लागि यो प्राकृतिक रूपमा आउने सवाल हो। आज विश्वका २९ मध्ये २१ देश (भारत, अमेरिका, क्यानाडा आदि) मा आत्मनिर्णयसहितको सङ्घीय व्यवस्थाकै कारण देश टुक्रिनबाट बचेको छ। भवानी बरालका अनुसार “बिपी कोइरालाले पनि भनेका छन्, ‘राष्ट्र भनेको यहाँको माटोढुङ्गा होइन, यहाँको विविध जाति, भाषा, संस्कृतिहरू हुन्” (भवानी बराल, २०७३ साउन १७ गते, अनुसूची ४)।

### ६.५.२ एमाले–माओवादी र राजनीतिक अग्राधिकार

राजनीतिक पार्टीहरूमध्ये राजनीतिक अग्राधिकारको बहसको मूल श्रेय नेकपा माओवादीलाई जान्छ। माओवादीले २०५२ सालमा दीर्घकालीन जनयुद्धको थालनीदेखि वर्गीय मुद्दासँगै जातीय अग्राधिकारको मुद्दालाई पनि राज्यको मूलधारको बहसमा लिएको थियो। त्यसपछि अग्राधिकारको विषयमा संविधानसभामा चलेको बहस सबैभन्दा प्रभावकारी रहेको थियो।

नेकपा (एमाले) का कार्यक्रमहरूमा अग्राधिकारको व्यवस्था नभए पनि उक्त पार्टीका आदिवासी जनजाति, मधेसी मुस्लिम समुदायसँग सम्बन्धित मोर्चा सङ्गठनहरूले अग्राधिकारको माग गरेका थिए। नेकपा (एमाले) का उपाध्यक्ष अशोककुमार राईको नेतृत्वमा अग्रगामी पक्षधर केन्द्रीय सदस्यहरूले पार्टीमा पेस गरेको फरक मतको बुँदा नं. ४ मा उत्पीडित समुदायको आत्मनिर्णयको अधिकार, स्वायत्त शासन,

अग्राधिकार र स्वतन्त्रतापूर्वका सुसूचित मञ्जुरीका अधिकारलगायतका अधिकारलाई मौलिक अधिकारका रूपमा व्यवस्था गरिनुपर्ने प्रस्ताव गरेको थियो (पूर्ण जानकारीका लागि हेर्नुहोस्, अशोककुमार राईको नेतृत्वमा अग्रगामी परिवर्तनका पक्षधर केन्द्रीय सदस्यहरूद्वारा प्रकाशित *वर्तमान परिस्थितिका सम्बन्धमा हाम्रो मत, २०६९)*। राज्य पुनर्संरचनाको विषयलाई लिएर एमालेभित्र व्यापक बहस र असन्तुष्ट बढेपछि पार्टीका उपाध्यक्ष अशोककुमार राईको नेतृत्व र पृथ्वीसुब्बा गुरुङको अगुवाइमा छुट्टै भेलाहरूको आयोजना भइरहेको समयमा नेकपा एमालेको २०६९ असार ४ र ५ गतेको राष्ट्रिय कार्यकर्ता भेलाको प्रतिवेदनमा कुनै पनि जाति विशेषलाई राजनीतिक अग्राधिकार नहुने कुरा उल्लेख गरेको थियो। तत्कालीन संविधानसभामा आदिवासी जनजाति (ककस) का संयोजक तथा एमाले नेता पृथ्वीसुब्बा गुरुङले राज्यले संरक्षण गरेको र बहिष्करणमा पारेको समुदायका बीचमा प्रतिस्पर्धा हुन सक्तैन, तर राज्यले राजनीतिक अग्राधिकारको व्यवस्था गर्दा अरू समुदायको अधिकार खोसिनुहुँदैन । भारतको संविधानमै जनजाति, दलितलाई Schedule caste अनुसूची व्यवस्था गरिएको छ उनीहरू बाहुल्य भएको भूमिमा अन्य समुदायले महत्वपूर्ण राजनीतिक पदमा निर्वाचित हुन पाउँदैनन्, हामीले ब्राह्मण क्षेत्रीसँग अधिकार मागेको होइन, राज्यसँग मागेको हो (बुढामगर, २०६९) ।

राजनीतिक अग्राधिकारको विषय आदिवासी जनजातिहरूले उठाए पनि खस-आर्य मात्र होइन, आफ्नो जातीय पहिचानमा आधारित प्रदेशहरूबाहेकका अन्य आदिवासी जनजातिहरू पनि असहमत देखिएका थिए। यो कुराको खुलासा गर्दै राजनीतिशास्त्री कृष्ण हाछेथुले स्वायत्त क्षेत्रको तहमा सहमत भएतापनि प्रदेश तहमा राजनीतिक अग्राधिकारको ठूलो विरोध भएको छ। यसको खिलाफमा खस-आर्य र प्रदेश प्रमुख कार्यकारी पदमा निषेध हुन जाने जनजातिहरू पनि राजनीतिक अग्राधिकारको विपक्षमा उभिएका छन् । ...वैकल्पिक उपायका रूपमा राजनीतिक अग्राधिकारको कुरा संविधानको राज्य नीति निर्देशक सिद्धान्तमा उल्लेख गर्न सकिने उल्लेख गरेकाछन् (हाछेथु, २०६८,पृ. १०१-१०२) ।

आदिवासी जनजातिहरूका बीचमा अग्राधिकारको विषयमा केही मत भिन्नता भए पनि सङ्घीय व्यवस्थाको जननी त यिनीहरू नै हुन्, त्यसैले यो विषयलाई व्यवस्थापन गर्न सकिने विश्वास हाछेथुको रहेको छ। अर्कोतर्फ देशको एउटा महत्वपूर्ण कारक तत्वका रूपमा रहेको नेकपा माओवादीले यी मुद्दाहरू जोडतोडका साथ उठाएको थियो। राजनीतिशास्त्री कृष्ण खनालका अनुसार नेकपा माओवादीले जातीय मुक्तिमोर्चाको गठनलाई जनयुद्धको अपरिहार्य रणनीतिक रूपमा लिएको थियो। तदनुरूप आत्मनिर्णयको अधिकार जातीय स्वशासनको नारासहित जातीय मुक्ति मोर्चाहरू गठन गरिए। २०६० फागुन-चैतमा आइपुग्दा स्वायत्त प्रदेशहरू गठन गरिए, ती प्रदेशहरूको प्रमुखमा जातीय अग्राधिकारका नाममा त्यहाँको प्रमुख जातिको व्यक्तिलाई तोकियो। यसबाट एउटा भ्रम पनि बनेको छ कि प्रदेश निर्माणको प्रमुख आधार जातीय आत्मनिर्णय हो र प्रदेशको औचित्य जातीय स्वशासनमा मात्र हुन्छ (खनाल, २०६५,पृ. ३८) ।

यसले नेपालमा पहिचान र आत्मनिर्णयको अधिकारसहितको स्वशासन तथा स्वायत्तताको आवश्यकतालाई प्रकट गरेको छ। त्यस समयमा अग्राधिकारको पक्षमा संविधानसभामा दुई तिहाइ मत र विभिन्न दबाब समूहहरूले पनि राजनीतिक पार्टीहरू र संविधानसभालाई दबाब दिइरहे पनि यसको विपक्षमा पनि विभिन्न बौद्धिक व्यक्तिहरू तथा जातीय समूहहरू थिए। नेकपा माओवादीको आन्दोलन र अभियानले देशको सामाजिक-राजनीतिक परिवर्तनमा महत्वपूर्ण अर्थ र महत्व राख्दछ। वर्षौंदेखि सामाजिक उत्पीडनमा रहेका र दमित समुदायले आफ्नो पहिचान र राजनीतिक अधिकारलाई राज्य र राजनीति मैदानमा छलफल गर्न पाए, यो इतिहासकै ठूलो उपलब्धि हो। तर केही विद्वान्हरू माओवादीको यो पहिचान र समावेशीकरणको मुद्दालाई रुचाउँदैनन्। यस विषयमा लेखक खगेन्द्र सङ्ग्रौलाका अनुसार जनजाति अभियन्ताहरूले अग्राधिकार दाबी गरे, पार्टीका नेताहरूले अग्राधिकार बाँडे। "उत्पीडित जाति विशेषको पहिचानको सम्मानार्थ जातिको नामबाट प्रदेशको नाम राखिनुको तात्पर्य जातीय सङ्घीयतामा जानु किमार्थ होइन। अग्राधिकार त झन् लोकतान्त्रिक मान्यताविपरीत कुरा हो। सङ्घीयताको काम जन जनलाई जोड्ने हो, टुटाउने होइन। तर एक मधेस एक प्रदेश र अग्राधिकारको हौवाले जुटलाई होइन टुटलाई नै टेको दिएको छ" (सङ्ग्रौला, २०६८,पृ. १३८)। सङ्ग्रौलाले अग्राधिकारले समाज विभाजन गर्ने तर्क गरे पनि संविधानसभा सदस्य मङ्गलसिद्धी मानन्धरका अनुसार भने "एकल जातीय राज्यको निरन्तरताको अन्त्य गरी समावेशी र सही प्रतिनिधित्वका लागि आदिवासी जनजातिहरूको विकासका लागि विशेष असमान परिस्थितिमा विशेष असमान उपाय निकालिनु पर्दछ। त्यसैले यो अधिकार अरुले भने जस्तो अलोकतान्त्रिक र जातीय निरङ्कुशता होइन। तिब्बतमा धेरै चाइनिजहरू हुँदाहुँदै पनि त्यहाँको प्रमुख तिबतेन नै हुन्छ। संविधानसभामा काङ्ग्रेसले अग्राधिकार राख्न नमान्ने माओवादीले सधैँलाई भन्ने मेरो प्रस्तावमा दुई कार्यकाल बनाइएको हो, यसमा पार्टी अध्यक्ष झलनाथ खनालको सहमत थियो" (बुढामगर, २०६९)।

प्रकाश ए. राजका अनुसार "माओवादीले... जातीयताका आधारमा स्वायत्त गणराज्य... र जातीय अग्राधिकारको पनि घोषणाले भविष्यमा नेपालमा जातीय द्वन्द्व, जातीय सफायाजस्ता विश्वका अन्य देशमा भएका घटना मात्र नभई नेपाल टुक्रिने सम्भावनालाई पनि नकार्न सकिन्न" (राज, २०६८,पृ. ६३)। आदिवासी जनजातिहरूको राजनीतिक अग्राधिकारले वर्तमानको खस-आर्य हैकमवाद जस्तै आदिवासी जनजाति हैकमवादको सम्भावना रहेको विचार व्यक्त गर्दै बालकृष्ण माबुहाङ भन्छन् "आत्मनिर्णयको अधिकारसहित नीति निर्माण तहमा रहनु नै अग्राधिकारका रूपमा लिन सकिन्छ। मगरहरूको अवादी भएको क्षेत्रमा मगरात बनाएपछि पनि त्यसैलाई अग्राधिकार दिनु उपयुक्त हुँदैन। मगरात क्षेत्रमा मगरको बाहुल्य नबनाई भौगोलिक प्रान्त हुन गयो भने त्यस्तो प्रान्तमा मगरहरूको उपस्थिति न्युन हुन जान्छ। त्यसैले पहिचान र पूर्ण समानुपातिक प्रतिनिधित्व प्रमुख कुरा हो" (बुढामगर, २०६९)।

नेपालमा चलिरहेको अग्राधिकारको बहसको सन्दर्भमा भारतबाट केही शिक्षा लिन सकिन्छ । स्येरा स्नाइडरम्यानका अनुसारः

> उत्तरपूर्वी भारतमा जनजाति समुदायको स्वशासनको व्यवस्था छ, उदाहरणका लागि अरुणाचल प्रदेस, मिजोरम, नागाल्याण्ड र मेघालय राज्यको विधानसभाका प्रायः सबै सीट अनुसूचित जनजातिका लागि आरक्षित छन् । सरकारी नोकरी तथा भूमिको स्वामित्वमा पनि यस्तै खालका प्रावधान छ । सन् १९५०-१९६० को दशकमा भाषाका आधारमा विभिन्न राज्य खडा भएपनि भाषाका आधारमा कुनै समुदायलाई आधिकारिक तवरमा विशेषधिकार भने दिइएको छैन । पछिल्लो पटक छत्तीसगढ, झारखण्ड र उत्तराखण्ड जस्ता राज्य बनाउँदा कुनै समुदायलाई विशेषाधिकार दिइएको थिएन । भारतको उत्तरपूर्वी राज्यहरुमा जनजाति समुदायका लागि विशेष अधिकारको व्यवस्था गर्नु त्यहाँ चलिरहेको पृथकतावादी मत्थर पार्नु थियो । (स्नाइडरम्यान, सन् २०१३,पृ. ९६)

२०६९ असार २० र २१ गते सम्पन्न आदिवासी जनजाति राजनीतिक सम्मेलनले आफ्नो अवधारणापत्रमा आदिवासी जनजातिहरूको आन्दोलनले मूलतः जातीय पहिचानसहितको सङ्घवाद, जातीय स्वायत्तता, आत्मनिर्णयको अधिकार र राजनीतिक अग्राधिकार चाहेको उल्लेख गरेको छ । नेपाल संयुक्त राष्ट्र सङ्घको पक्ष राष्ट्र भएकाले आदिवासी जनजाति राष्ट्र सङ्घीय घोषणापत्र २००७ र आई. एल. ओ. महासँन्धि १६९ द्वारा प्रदत्त प्राकृतिक स्रोतमाथि आदिवासी जनजातिहरूको अग्राधिकार, स्वतन्त्र, पूर्वसुसूचित मञ्जुरीको अधिकारका साथै उत्पीडित जातिको आफ्नो ऐतिहासिक क्षेत्रमा आत्मनिर्णयको अधिकारसहित स्वशासन र स्वायत्त शासन स्थापना गर्ने र आफ्नो राजनीति, आर्थिक र सांस्कृतिक प्रणाली स्थापना गर्ने अधिकार छ । संविधानसभाले नयाँ संविधान निर्माणको सिलसिलामा ऐतिहासिक जातीय पहिचान, आत्मनिर्णयको अधिकार, राजनीतिक अग्राधिकार, स्वायत्तता, भाषा र उत्पीडित क्षेत्रहरूको अधिकारसहित नयाँ संविधान जारी गर्न सरकार र संविधानसभालाई दबाब सहित थारूहरूको साझा सङ्गठन थारू कल्याणकारी सभा र थरुहट तराई पार्टी नेपाल, नेपाल लोकतान्त्रिक समाजवादी पार्टीलगायत १२ वटा सङ्घ-संस्थाहरूले संयुक्त थारूहत सङ्घर्ष समिति मार्फत २०६९ वैशाख २० गते जारी संयुक्त विज्ञप्ति जारी गरी आफ्नो आन्दोलनको कार्यक्रम अगाडि सारेको थियो ।

पहिलो संविधानसभामा राज्य पुनर्संरचनाको बहस चलिरहँदा विभिन्न विज्ञ समूहहरूले संविधानसभालाई सल्लाहसुझावहरू पनि पेस गरिरहेका थिए । विपीन अधिकारीको नेतृत्वमा प्रकाशित नमुना संविधानमा स्वशासनको प्रस्ताव गरिएको थियो, "प्रत्येक प्रादेशिक क्षेत्रले आफ्नो क्षेत्रका जिल्ला स्वशासन क्षेत्रलाई जातीय पहिचान, स्वशासन तथा स्वायत्तताका लागि आवश्यक सहयोग तथा संरक्षण प्रदान गर्नेछ । यस संविधानमा व्यवस्था भएबमोजिम स्वशासनका लागि आत्मनिर्णयको अधिकार प्रत्येक

प्रादेशिक क्षेत्रको जनतालाई प्राप्त हुने कुराको व्यवस्था गरेको छ" (अधिकारी, २०६६,पृ. ८२)। नेपाली समाजमा विभिन्न जातीय समुदायहरूको समान विकास नभएकाले उत्पीडनमा रहेका समुदायको हकमा जातीय विशेषाधिकार रहने र सम्बन्धित समुदायको अवस्थामा सुधार आए विशेषाधिकार स्वतः समाप्त हुने विज्ञहरूको बुझाइ रहेको छ। केशव शर्माका अनुसार "अग्राधिकारलाई युगौँदेखि कायम रहेको सामाजिक र राजनीतिक सन्तुलनका लागि आवश्यक अस्त्रका रूपमा लिन सकिन्छ। सारस र परेवालाई एउटै भाडामा पानी खुवाउन नसकिए जस्तै नेपाली समाजमा पनि एउटै विधिद्वारा सबै जातिको समस्या समान तवरले हल गर्न सकिँदैन। अग्राधिकारले जातीयता क्षत-विक्षत हुन्छ भन्नु ब्राह्मणवादी चरित्रसँग मिल्दछ" (बुढामगर, २०६९)।

आदिवासी जनजातिहरूले अग्राधिकारको कुरा किन उठाए भन्ने कुरा प्रमुख हो। बहिष्कृत समुदायलाई क्षतिपूर्ति स्वरूप यो बहसमा आएको हो। वर्चस्वशाली (Dominent) समुदाय आदिवासी जनजातिको प्राकृतिक न्यायको सिद्धान्तका विरुद्ध लागे। आरक्षण दयाको कारणले दिएको भन्ने बुझियो। जसका कारणले नागरिकको मनोबललाई थप गिराउने काम गर्‍यो। त्यसैले आरक्षण होइन, स्वाभिमान र आत्मविकासका लागि अग्राधिकार नै आवश्यक भयो। राजनीतिशास्त्री कृष्ण हाछेथुका अनुसार "पहिचानका आधारमा प्रस्तावित १४ प्रदेशमा ३ प्रदेश (शेर्पा, मिथिला-भोजपुरा-कोच मधेस र ताम्सालिङ) बाहेक बाँकी सबैमा पहाडी जातको स्थिति बहुसङ्ख्यक वा बाहुल्य भएको समूह छ। यस्तो अवस्थामा सङ्घीय प्रणाली प्रयोगका क्रममा पहाडी जातकै बाहुल्य हुने त होइन भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। सायद यसैले गर्दा प्रदेशको प्रमुख कार्यकारणी पद र स्वायत्त क्षेत्रको कार्यपालिका प्रमुख पदमा लक्षित जातिका लागि दुई कार्यकालसम्म राजनीतिक अग्राधिकारको व्यवस्था गरिएको हो" (हाछेथु, २०६८,पृ. १०१)। यी आधारहरूले संविधानसभाले पनि आदिवासी जनजातिहरूको अग्राधिकारबिना समानता असम्भव देखेको कुरा सोझै बुझ्न सकिन्छ।

नेकपा (एमाले) का केन्द्रीय सदस्य योगेश भट्टराईले "नेपाली समाजको प्रगतिशील रूपान्तरण वर्गीय मुद्दाको समाधानसँगसँगै सामाजिक रूपान्तरण गर्न आवश्यक छ। ....नेपालको नीति निर्माण प्रक्रियामा आदिवासी जनजातिहरूलाई पुर्‍याउन जातीय सभाको व्यवस्था र कार्यकारी निकायमा पनि पूर्ण समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी गरिनुपर्दछ। विशेष नीतिअन्तर्गत निर्वाचन, सेना, प्रहरी, निजामती जस्ता अङ्गमा पूर्ण समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी गरिनुपर्दछ" (बुढामगर, २०६९)।

नेकपा (एमाले) का केन्द्रीय सचिव शङ्कर पोखरेलका अनुसार "राजनीतिक अग्राधिकार संविधानमा लेख्ने विषय होइन। राजनीतिक पार्टीले अभ्यास गर्न सक्छन्। अग्राधिकार व्यवस्था गर्दा मौलिक हकलाई निषेध गर्दछ। तर यो अधिकारलाई नेपालको सन्दर्भमा सामाजिक राजनीतिक अधिकारका लागि प्रयोग गर्न सकिन्छ। जसलाई सकारात्मक विभेदको माध्यमबाट पनि हल गर्न

सकिन्छ। नेपालमा पनि विशेष संरचना तथा स्वायत्त क्षेत्रमा अग्राधिकारको अधिकार प्रयोग गर्न सकिन्छ" (बुढामगर, २०६९) । एमालेका नेताहरु भट्टराई र पोखरेल दुवैले सामान्य सुधारका कार्यक्रमहरू सकारात्मक विभेदको उपायबाट आदिवासी जनजातिहरूलाई मूलधारमा ल्याउन सकिने प्रस्ताव गर्छन् तर एनेकपा माओवादीका नेता जनार्द्धन शर्माले "सदियौँदेखिको अन्यायको क्षतिपूर्तिस्वरूप अग्राधिकारलाई प्रयोग गर्न खोजिएको हो। यसलाई भावनात्मक र सामाजिक रूपमा समानतामा बाँध्ने हो। यो कुनै पनि जाति विशेषलाई बदला साँध्न होइन। समानता कायम गर्न हो, जहाँसम्म हिजोको उत्पीडनको उपचार आज किन ? भन्ने सन्दर्भमा हाम्रो चेतना नै आज आयो र यो मुद्दालाई सम्बोधन गर्ने राजनीतिक वातावरण पनि आजै तयार भयो, जहाँसम्म अल्पसङ्ख्यक र दलितको सवाल छ उनीहरूलाई विशेष अधिकार र स्थानीय स्वायत्तताद्वारा सम्बोधन गरिनेछ"। तत्कालीन नेकपा माओवादीका पोलिटब्युरो सदस्य धर्मेन्द्र बास्तोलाका अनुसार "सत्तामा जान नसक्ने समुदायको रक्षाका लागि अग्राधिकारको व्यवस्था गरिएको हो। अहिलेसम्म खस-आर्य जातिले शासन गरे तर आदिवासी जनजाति, मधेसीहरू उत्पीडित भए, हाल राजनीतिक परिवर्तन भएपछि यो कुराको बहस आएको हो। पृथ्वीनारायण शाहको राज्य एकीकरणले देश कङ्गाल बनायो, यो क्षतीपूर्ति खस-आर्यले होइन, राज्यले व्यवस्था गर्ने हो, यसमा खस-आर्यले टाउको दुखाउनुपर्दैन।" नेपाली काङ्ग्रेसका नेता महेश आचार्यका अनुसार "जातीय आधारमा नेतृत्व गर्नु लोकतन्त्रको मान्यता अन्तर्गत नपर्ने विषय हो। जातिहरू आर्थिक, शैक्षिक, राजनीतिक विभेदका कारणले पछि परेका छन्। तिनीहरूलाई त्यही क्षेत्रमा अवसर दिएर सशक्तीकरण गरिनुपर्दछ। जातिहरूको अग्राधिकार कविला समुदायमा सरदार, मुखिया बनाउनुजस्तो कुरा हो।" आदिवासी जनजाति महासङ्घका पूर्वमहासचिव तथा ताम्सालिङ राष्ट्रिय पार्टीका तत्कालीन अध्यक्ष परशुराम तामाङ अनुसार "जातीय अग्राधिकार लोकतान्त्रिक मान्यता भएकाले शासित समुदायलाई विशेष अधिकार दिनुपर्दछ, त्यो भनेको अग्राधिकार हो र यो आत्मनिर्णयको अधिकार पनि हो। भूगोल भएका समुदायले स्वशासनमार्फत अल्पसङ्ख्यकहरूले स्वायत्त क्षेत्रमार्फत र दलितहरू तथा अन्य समुदायले पूर्ण समानुपातिक प्रतिनिधित्व हुने हुनाले त्यो पनि एक प्रकारको अग्राधिकार नै हो" (बुढामगर, २०६९)।

नेपाली काङ्ग्रेसका नेता नरहरि आचार्यका अनुसार "लोकतन्त्रमा नेतृत्व सबैको विश्वास जित्न सक्ने सामर्थ्य र क्षमता भएको व्यक्तिले गर्नुपर्दछ। जातीय बाहुल्यका आधारमा नेतृत्व अग्राधिकार पाउने प्रावधान लोकतान्त्रिक मूल्य र मान्यताको सिद्धान्त विपरीत देखिन्छ। यस्तो प्रावधानले भाषिक, धार्मिक अग्राधिकारजस्ता अतिवादी मागलाई प्रोत्साहित गर्न सक्छ। जुन लोकतान्त्रिक राज्य निर्माणका निम्ति अन्ततः बाधक हुनेछ" (आचार्य, २०६८,पृ. ८३)। हरि रोकाका अनुसार, "२०६२-२०६३ सालमा जनआन्दोलन गाउँ हुँदै शहर प्रवेश गर्न र राजतन्त्र फालेर गणतन्त्र स्थापित गर्नमा समेत पहिचानको मुद्दा प्रभावशाली रहेको थियो । एमाले र नेकाले पहिचानको आधारमा राज्यको पुनर्संरचना अस्वीकार गर्नु वर्गीय बिषयलाई समेत अस्वीकार गरेको थिए" (रोका, २०६९,पृ. ७३, ७७) । जातीय पहिचान र

अग्राधिकारको विषयमा एमाले र नेपाली काङ्ग्रेस एउटा कित्ता र माओवादी र आदिवासी जनजाति अर्को कित्तामा प्रस्ट देखिन्छन् । तर काङ्ग्रेसका अर्का नेता प्रदीप गिरि लेख्छन्ः

> नेपालमा अहिले सङ्घीय राज्यको निर्माणको सिलसिलामा जातीय अग्राधिकारको माग गर्ने धेरै समूहहरू निस्किएका छन् । स्मरणीय छ भारत, अमेरिका र जर्मनीमा संविधान लेखिँदा तत्कालको अवस्थामा यस्ता दावा देखिएका थिएनन् । एक त ती समाजमा उग्र जातीय भेदभाव पनि थिएन। दोस्रो त्यस समाजमा प्रजातन्त्रको परिभाषा गर्दा व्यक्तिको अधिकारलाई आधार बनाइएको थियो। अहिले नेपालमा व्यक्तिको अधिकारसँगै समूह र समुदायको पहिचानलाई सम्बोधन गर्नुपर्ने कुरा जोडतोडले उठिरहेको छ। यो उचित पनि छ, कुरो यति मात्र होइन जातीयता, जातीय अस्मिता र क्षेत्रीय असमानताको कुरा गर्ने राजनीतिक पार्टीहरू अहिले सङ्ख्याको दृष्टिकोणले नेपाली जनमत र संसद्मा समेत सशक्त उपस्थिति छ। यसैले प्रजातान्त्रिक मान्यतालाई ध्यानमा राख्ने हो भने संसद्को वर्तमान संरचनाले सङ्घीय व्यवस्था बनाउने क्रममा जातीय अग्राधिकारलाई राख्नैपर्ने देखिन्छ । (गिरी, २०६८,पृ. १९४)

नेपाली राजनीतिमा चलेको अग्राधिकारको बहसलाई छिमेकी मुलुक र हाम्रो सन्दर्भ फरक भएकाले अर्थात् संविधानसभामा अग्राधिकारको मत बलियो भएकाले जनमतको कदर गर्नुपर्ने गिरीको राय रहेको छ। अग्राधिकारको पक्ष र विपक्षमा बहस भइरहँदा सङ्घीयताको विपक्षमा रहेको पार्टी राष्ट्रिय जनमोर्चाका बुद्धिजीवी सङ्गठनका महासचिव शशीधर भण्डारी भन्छन्, “अग्राधिकार प्रतिक्रियावादी पुँजीवादी व्यवस्थाभित्रको एउटा प्रगतिशील कदम हो। अग्राधिकार, समावेशी भनेको खुद्रा र तत्कालीन समाधान मात्र हुन्। समाजमा भएको विभेदको दीर्घकालीन समाधानका लागि समाजवादी व्यवस्था नै अनिवार्य छ। वर्ग सङ्घर्षभन्दा माथि अग्राधिकार मान्न सकिन्न। भारतमा मायावतीको ठुला ठुला सालिक छन्, त्यहीँ हरिजन समुदायलाई पानी धारासमेत छुट्टै छ” (शशीधर भण्डारी, २०७३ असोज ६ गते, अनुसूची ४) । भण्डारीले समाजको विभेदलाई अन्त्य गर्ने साधनका रूपमा वर्ग सङ्घर्षलाई सबैभन्दा माथि राखे पनि राजेन्द्र महर्जन यसलाई नकार्दै लेख्छन्ः “वर्गीय मुक्ति नै सबै खालको समाधान हो भन्ने विचारले वर्गीय समस्यालाई समेत समाधान गर्न सकेको अवस्था छैन, किनभने वर्ग आफैँमा एउटा पहिचान हो, वर्गीय पहिचान यस्तो पहिचान हो। जुन नेपाल र भारतको सन्दर्भमा ....अछुत, आदिवासी जनजाति, मधेसी र महिला भएकै कारण गरिब हुने र पराय पहिचान भएकै कारण उत्पीडन र अपमानको सिकार हुने तथा सत्ता, शक्ति र सम्पत्तिबाट बहिष्कृत हुने दुष्चक्र चलिरहेको छ” (महर्जन, २०७५,पृ. ६८)।

आदिवासी जनजातिहरूले अन्तर्राष्ट्रिय कानुनले व्यवस्था गरेको मान्यताको आत्मसात् गर्दै मानवअधिकार र राजनीतिक अधिकारसँग एकाकार गर्दै आइरहेको अवस्था छ। आदिवासी जनजाति राष्ट्रसङ्घीय घोषणापत्र सन् २००७ र आई. एल. ओ. महासन्धि १६९ ले उत्पीडित जातिको आफ्नो ऐतिहासिक क्षेत्रमा आत्मनिर्णयको अधिकारसहित स्वशासन र स्वायत्त शासन स्थापना गर्ने र आफ्नो राजनीतिक अर्थिक र सांस्कृतिक प्रणाली स्थापना गर्ने अधिकार छ भनी उनीहरूको अग्राधिकारको व्यवस्था गरेको छ। देशका प्रमुख राजनीतिक पार्टीहरू एनेकपा (माओवादी) र नेकपा माओवादीलगायत जातीय तथा क्षेत्रीय मुद्दामा आधारित अन्य पार्टीहरू जातीय अग्राधिकारको पक्षमा छन् भने नेकपा (एमाले) र काङ्ग्रेस भित्रका प्रभावशाली आदिवासी जनजाति, मधेसी तथा उत्पीडित समुदायका नेताहरू पनि जातीय अग्राधिकारको पक्षमा छन्। नेपाली काङ्ग्रेसका नेता प्रदीप गिरी पनि नेपाली काङ्ग्रेस लोकतान्त्रिक पार्टी भएकाले बहुमतको कदर गर्छ र संविधानसभामा अग्राधिकारको पक्षमा प्रचण्ड बहुमत भएकाले संविधानसभामा जातीय अग्राधिकारको व्यवस्था गरिनुपर्ने बताउँछन्। सङ्घीयताको विपक्षमा रहेको नेकपा मसाल अर्थात् राष्ट्रिय जनमोर्चा, बुद्धिजीवी सङ्घका महासचिव शशीधर भण्डारी राजनीतिक "अग्राधिकारको अधिकारलाई पार्टीले कार्यनीतिक हिसाबले स्वीकार गरेको" बताउँछन् (शशीधर भण्डारी, २०७३ असोज ६ गते, अनुसूची ४)।

नेपाल सरकार र नेपालका राजनीतिक पार्टीहरूले संयुक्त राष्ट्र सङ्घको घोषणापत्रहरूलाई आत्मसात् गरेकोले र कानुनी हिसाबले नेपाल पक्ष राष्ट्र भएकोले आत्मनिर्णयको अधिकार, स्वशासन, स्वायत्तता, प्राकृतिक स्रोत साधन माथिको अग्राधिकारजस्ता विषयहरू राजनीतिक अग्राधिकारका आधार स्तम्भहरू हुन्। अन्तर्राष्ट्रिय परिवेशमा भारत, चीन, क्यानडा, डेनमार्क, पानामा, बंगलादेश, नर्वेलगायतका देशहरूमा आदिवासीहरूको अधिकारलाई स्वशासन, स्वायत्तता लगायतका अधिकारको ग्यारेन्टी गरी अग्राधिकारको अभ्यास गरिएको छ। यी देशहरूमा भएका समृद्धि तथा सामाजिक सन्तुलन पनि नेपाल जस्तो पछौटे र अस्थिर राजनीतिमा गुज्रिरहेको देशका लागि सान्दर्भिक हुने देखिन्छ।

अर्कातर्फ यो माग र सरोकार आदिवासी जनजातिहरूको मात्र हो भनेर प्रचार भइरहेको सन्दर्भमा गोविन्द न्यौपानेको *नेपालमा जातीय प्रश्न* पुस्तक अनुसार राज्यको राजकीय अङ्गमा बाहुन-क्षेत्रीको मात्र ७२ प्रतिशत उपस्थिति छ, र नेवारबाहेकका आदिवासी जनजातिहरूको उपस्थिति नगण्य रहेको छ। डोरबहादुर विष्टको *भाग्यवाद र विकास*, भवानी बरालको *यस्तो हुनुपर्छ राज्यको पुनर्संरचना* लगायतका पुस्तकहरूको सार अहिलेसम्मको नेपालको पछौटेपन भनेको खस ब्राह्मणवाद, चाकडी, आफ्नो मान्छेलगायतका संस्कृतिले राज्य र राजनीतिमा सबै समुदायले प्रतिनिधित्व गर्न नसक्नु हो। अतिवादी र सङ्कुचन तथा हिन्दु धर्मशास्त्रबाट देशको नेतृत्व र निर्देश गर्नु नै यहाँको आदिवासी जनजाति तथा दलितमाथिको चरम शोषण हो भन्ने उनीहरूको निष्कर्ष रहेको छ। आजसम्मको उत्पीडनको अन्त्यका

लागि यी समुदायलाई विशेष अधिकार वा राजनीतिक अग्राधिकारबिना समान तहमा पुऱ्याउन नसकिने उनीहरूले दाबी गरेका छन् ।

आत्मनिर्णयको अधिकारलाई आदिवासीहरूको स्वायत्तता वा स्वशासन भनेको छ। तर यसको कार्यान्वयनको विधिको सन्दर्भमा भने व्यापक अन्योल पनि कायमै छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा उठेका आन्दोलन र बहसलाई बिना निष्कर्ष थामथुम पारेमा गम्भिर परिणामको सम्भावनालाई नकार्न सकिँदैन। नेपालले अनुमोदन गरेको राष्ट्रिय-अन्तर्राष्ट्रिय कानुनको सीमामा रहेर प्रयोग गरिए चुनौतीभन्दा अवसर नै देखिन्छ। किनकि समाजमा चलिरहेका अग्राधिकार, आत्मनिर्णय, स्वायत्तता, स्वशासनको बहस स्वतःस्फूर्त होइन। लामो समयदेखि राज्यले अवलम्बन गर्दै आएको सामन्ती, असमावेशी र एकात्मक नीति, चरित्र र व्यावहारका उपजहरू हुन् । त्यसकारण यो विषयलाई निषेध होइन, बहसबाट सही निष्कर्षमा पुऱ्याउन सकिन्छ।

संविधानसभाको विभिन्न ११ वटा विषयगत समितिहरूले तयार पारेको अवधारणापत्र र प्रारम्भिक मसौदासम्बन्धी प्रतिवेदन २०६६ मा अग्राधिकार, आत्मनिर्णयको अधिकार, स्वशासन र स्वायत्ततासम्बन्धी व्यापक छलफल र बहसपश्चात् समितिहरूले पनि अग्राधिकारको अधिकारबारे आफ्नो प्रतिवेदन तथा प्रारम्भिक मस्यौदाहरूमा उल्लेख गरेका छन् । संवैधानिक समितिले आफ्नो प्रस्तावनामा आत्मनिर्णयको अधिकारलाई यसरी व्यवस्था गरेको छ, "राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राखी जनताको आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासनको अधिकार र अग्राधिकारलाई आत्मसात गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिंक र वर्ण व्यवस्थाजन्य जातपात र छुवाछुतलगायत सबै प्रकारका विभेदको अन्त्य गरी आर्थिक समानाता, सम्पन्नता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक मान्याताका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै, सामन्तवादका सबैखाले अवशेषहरूको अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, समृद्धि र विकासको आकाङ्क्षा पूरा गर्न संविधानसभा मार्फत यो संविधान निर्माण गरी जारी भएको घोषणा गर्दछौँ" (संविधानसभा, संवैधानिक समिति अवधारणापत्र र प्रारम्भिक मस्यौदासम्बन्धी प्रतिवेदन, २०६६) ।

राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले "...देशमा विद्यमान वर्गीय, जातीय, भाषिक, क्षेत्रीय, लैङ्गिक तथा सामुदायगत समस्याहरूलाई समाधान गर्न नेपालको एकात्मक तथा केन्द्रीकृत स्वरूपलाई अन्त्य गर्दै नेपाललाई पूर्ण लोकतान्त्रिक समावेशीसहितको समानुपातिक सङ्घीय गणतन्त्रात्मक शासन प्रणाली स्थापना गर्न अग्रगामी पुनर्संरचना गर्नुपर्ने भएकाले, नेपालको सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, एकता र अखण्डतालाई अक्षुण्ण राख्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक भाषिक तथा भौतिक विकास गर्न संविधानद्वारा प्रदत्त आत्मनिर्णयको अधिकार र

अग्राधिकारको अधिकारसहितको पहिचानका पाँच आधार (जातीय/समुदायगत, भाषिक, सांस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता र ऐतिहासिक निरन्तरता) र सामर्थ्यका ४ आधार (आर्थिक अन्तरसम्बन्ध र सामर्थ्यता, पूर्बाधार विकासको अवस्था र सम्भावना, प्राकृतिक साधन र स्रोतको उपलब्धता र प्रशासनिक सुगमता) आधारित १४ वटा स्वायत्त, स्वशासित तथा अधिकार सम्पन्न प्रदेश, स्थानीय तह तथा विशेष संरचना पनि निर्माण गरी केन्द्रमा निहित शासन शक्तिलाई सङ्घ, प्रदेश स्थानीय तह र विशेष संरचनासम्म बाँडफाँड गरी शान्तिपूर्ण, स्वाधीन, धर्मनिरपेक्ष, समानातमूलक र समृद्ध नेपालको निर्माण गर्नुपर्ने भएकाले सबै जाति, क्षेत्र एवम् समुदायको राज्यको शक्तिको परिचालन गर्ने अङ्गहरूमा समानुपातिक प्रतिनिधित्व एवम् अधिकार पाउने व्यवस्था गर्न वाञ्छनीय भएकाले" भनी व्यवस्था गरिएको छ। यसै सिलसिलामा संविधानसभा राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले पनि नेपाललाई १४ प्रदेश र विभिन्न २३ वटा (१. कोचिला २. झागद/उराउ ३. धिमाल ४. मेचे ५. सन्थाल ६. लेप्चे ७. याक्खा ८. चेपाङ ९. दुरा १०. कुमाल ११. दनुवार १२. पहरी १३. थामी १४. माझी १५. बराम १६. थकाली १७. छन्त्याल १८. सुनुवार १९. दनुवार २०. सुरेल २१. जिरेल २२. हयाल्मु २३. व्यासी) स्वशासित क्षेत्रको प्रस्ताव गरेको थियो। बाबुराम भट्टराईले पनि सङ्घीयताको आधार उत्पीडितहरूको पहिचान र अधिकार स्थापित गर्ने सन्दर्भमा व्याख्या गरि "उत्पीडित जाति/जनजातिको ऐतिहासिक, भाषिक, सांस्कृतिक पहिचान र अधिकार खोसिएको भएर नै सङ्घीयतामा जाने भनिएको हो। अलग अलग भाषा, जाति र क्षेत्र हुँदैनथ्यो भने त त्यहाँ सङ्घीयता भन्नै पर्दैनथ्यो। सङ्घीयता भनेको खोसिएको पहिचान र अधिकार दिने भनेको हो। विशुद्ध सांस्कृतिक पहिचानका आधारमा मात्रै राज्य बनाइयो भने पनि व्यावहारिक बन्दैन। प्रशासनिक, आर्थिक, पूर्वाधारका सम्भावनाका कुरा भएनन् भने पनि त्यसले काम गर्दैन" (भट्टराई, २०७१,पृ. २७)।

तालिका ६.१०ः संविधान सभा राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रदेश निर्माणका आधारहरू

| **पहिचानका ५ आधार** | **सामर्थ्यका ४ आधार** |
|---|---|
| जातीय/समुदायगत | आर्थिक अन्तरसम्बन्ध र सामर्थ्य |
| भाषिक | पूर्वाधार विकासको अवस्था र सम्भावना |
| सांस्कृतिक | प्राकृतिक साधन |
| भौगोलिक/क्षेत्रगत निरन्तरता | स्रोतको उपलब्धता र प्रशासनिक सुगमता |
| ऐतिहासिक निरन्तरता | |

(स्रोतः संविधानसभा राज्य पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँड समिति, २०६६)

"मूल संरचनाअन्तर्गत जातीय/समुदायका आधारमा निर्माण हुने प्रदेशको हकमा राजनीतिक पार्टीहरूले निर्वाचनको समयमा र प्रादेशिक सरकार निर्माणका क्रममा सम्बन्धित प्रदेशमा बाहुल्य रहेको समुदायको सदस्यलाई मुख्य नेतृत्व तहमा प्राथमिकता दिनुपर्ने छ। तर यस्तो राजनीतिक अग्राधिकार दुई

कार्यकालपछि स्वतः निष्क्रिय हुनेछ” भनी व्यवस्था गरिएको थियो। विशेष संरचनाअन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रमा सम्बन्धित बाहुल्य रहेको जाति/समुदायको त्यस्तो स्वायत्त क्षेत्रको प्रमुख नेतृत्व तहमा राजनीतिक अग्राधिकार हुने, तर यस्तो राजनीतिक अग्राधिकारको व्यवस्था दुई कार्यकाल पछि स्वतः निष्क्रिय हुने भनी स्वायत्त क्षेत्रको प्रमुख नेतृत्व तहमा राजनीतिक अग्राधिकार व्यवस्था गरिएको थियो।

माओवादी र एमालेले मिल्दोजुल्दो १४ प्रदेश प्रस्ताव गरेका थिए, तर पछि संविधान सभामा उपसमितिले ६ प्रदेशको प्रस्ताव गरेपछि पहिचानको मुद्दा सम्बोधन नहुने भनी एमाओवादी र एमालेका केही सभासद् असन्तुष्ट थिए (फुँयाल, २०७०,पृ. २३२)।

तालिका ६.११: एमाले र माओवादी प्रस्ताव गरेको प्रदेशहरू

| एमाले | माओवादी |
|---|---|
| १. विराट २. लिम्बुवान ३. किरात ४. मिथिला ५. सुनकोसी ६. भोजपुरा ७. ताम्सालिङ, ८. नेवाः ९. गण्डकी १०. तमुवान ११. लुम्बिनी १२. मगरात १३. थरुहट १४. कर्णाली १५. खप्तड | १.सेती-महाकाली २. भेरी-कर्णाली ३. मगरात ४. थारुवान ५. तमुवान ६. नेवाः ७. ताम्सालीङ ८. किराँत, ९.लिम्बुवान १०. कोचिला ११. मधेस |

(स्रोतः एमाले, २०६६; नेकपा (माओवादी) संविधान सभा प्रतिबद्धता-पत्र, २०६४)

एमालेले २०६६ मंङ्सिर १ गते एकल पहिचानमा आधारित १५ प्रदेशको खाका संविधान सभामा प्रस्ताव गरेको थियो। यो प्रस्ताव तयार गर्दासम्म पार्टीले विभिन्न कार्यदलहरू निर्माण गरी १०-१२ वटा बैठक बसी शीर्ष नेताहरूसँग पटक-पटक छलफल गरी र सुझावहरू समेत सङ्कलन गरी प्रदेशहरूको नमाङ्कन र सङ्ख्या प्रस्ताव गरेको थियो (नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घ, नेकपा (एमाले), २०६८,पृ. ७५)। पछि बहुपहिचानमा आधारित भन्दै २०६९ भदौ १८ गते जारी पार्टीको अन्तरपार्टी निर्देशन-१० अनुसार, १. किरात-लिम्बुवान-कोसी प्रदेश २. मिथिला-भोजपुरा-जनकपुर प्रदेश ३. ताम्सालिङ-नेवा-वाग्मती प्रदेश ४. मगरात-तमुवान-गण्डकी प्रदेश ५. थरुहट-अवध-लुम्बिनी प्रदेश ६. भेरी-कर्णाली प्रदेश ७. सेती-महाकाली प्रदेश गरी सात प्रदेशहरूको नाम प्रस्ताव गरेको थियो। संविधान सभा निर्वाचन २०६४ को प्रतिबद्धतामा माओवादीले ११ वटा प्रदेशको प्रस्ताव गरेको थियो। यीमध्ये मधेस प्रदेसभित्र भाषिक आधारमा मिथिला, भोजपुरा र अवध उपराज्य निर्माण गर्ने प्रस्ताव समेत उल्लेख गरेको थियो (नेकपा माओवादी, २०६४,पृ. २६)। संविधानसभा राज्य पुनर्संरचना तथा राज्य शक्ति बाँडफाँड समितिले १४ वटा प्रदेशहरू प्रस्ताव गरेको थियो। माथि प्रस्तावित प्रदेशहरू सबै जातीय पहिचानमा आधारित थिए, जसको भावना नेकपा (माओवादी) ले जनयुद्ध कालमा उठाएका उत्पीडनका मुद्धाहरूसँग मेल खान्थ्यो। माओवादी र संविधान सभाले प्रस्ताव गरेको भन्दा धेरै सङ्ख्यामा प्रदेशहरू एमालेले प्रस्ताव गरेको थियो। एमालेले सङ्घीय प्रदेशहरूको संरचना निर्माणमा एकल जातीय पहिचान, साझा पहिचान जस्ता विभिन्न अवधारणामा अलमल रहेको छ भने माओवादीले जातीय पहिचानको अवधारणालाई निरन्तरता दिदै आएको छ।

जातीय पहिचानमा आधारित प्रदेशहरूको बिषयमा एमालेभन्दा माओवादी धेरै गुणाले प्रष्ट देखिन्छ । नेकपा माओवादीले निर्वाचन घोषणापत्रमा जातीय पहिचानको सन्दर्भमा प्रष्ट पार्दै जातीय भन्नाले प्रजाति वा नश्ल (Ethnicity or Race) वा जात (Caste) नभएर साझा भाषा, साझा भूगोल, साझा अर्थतन्त्र र साझा मनोवैज्ञानिक बनोट भएको मानिसहको स्थिर समूह वा राष्ट्रियता (Nationalism) को अर्थमा बुझ्नु पर्ने उल्लेख गरेको छ (नेकपा माओवादी, घोषणा पत्र, २०६४) । राज्यको पुनर्संचना तथा राज्य शक्ति बाँडफाँड समितिद्वारा प्रस्तावित खाका माग गरिएकोमा एमालेको संसदीय दलद्वारा निर्माण गरिएको कार्यदलले पहिचानमा आधारित १३ प्रदेशको पार्टीको स्थायी कमिटीमा पठाएको थियो । पछि स्थायी कमिटीले तयार गरेको जातीय पहिचानमा आधारित १५ प्रदेश नेकपा (एमाले) का कार्यालय सचिव तथा पोलिटब्युरो सदस्य गङ्गालाल तुलाधरद्वारा हस्ताक्षरीत प्रस्ताव २०६६ मङ्सिर १ गते संविधानसभाको राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँड समितिमा छलफलका लागि पठाएको थियो भने पार्टीको मुखपत्र *नवयुगले* १५ प्रदेश को नक्सासहित आवरण फोटो प्रकाशन गरेको थियो । तर राज्य पुनर्संरचनाको विषयलाई लिएर संविधानसभामा विवादहरू कायम भएपछि उक्त निर्णयबाट एमाले पछि हट्यो । त्यही क्रममा एमालेका उपाध्यक्ष अशोक राईलगायतका धेरै आदिवासी जनजाति तथा मधेसी नेताकार्यकर्ताहरूको पार्टी नेतृत्वसँग असहमति रह्यो । यसै सिलसिलामा संविधानसभा आदिवासी जनजाति सभा 'ककस' का अध्यक्ष एवम् नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महसङ्घका अध्यक्ष एवम् पार्टी पोलिटब्युरो सदस्य पृथ्वीसुब्बा गुरुङको अगुवाइमा महासङ्घका तर्फबाट पार्टीले विभिन्न समयमा गरेका निर्णयहरू र नीतिहरूको सँगालो *राज्यको पुनर्संरचनाबारे नेकपा एमालेको अवधारणा, नीति र निर्णयहरू* शीर्षकको पुस्तिका २०६८ माघमा छापेर वितरण गरेका थिए (नेकपा एमाले, नेपाल लाकतान्त्रिक आदिवासी जनजाति महासङ्घ, २०६८) । त्यस क्रममा नेकपा एमालेभित्र आदिवासी जनजाति र मधेसीहरू र खस-आर्यहरूको दुई कित्ताको ध्रुवीकरणसमेत भयो । पार्टीका निर्णयहरू कार्यान्वयनका लागि पार्टीभित्रका आदिवासी जनजाति र मधेसीहरूले दिएका दबाबलाई पार्टी नेतृत्वले लत्याउने सम्भावना बढ्दै गएपछि २०६९ असार १ गते पार्टीका उपाध्यक्ष अशोककुमार राई तथा अग्रगामी परिवर्तनका पक्षधर केन्द्रीय सदस्यहरूको तर्फबाट *वर्तमान परिस्थितिका सम्बन्धमा हाम्रो मत* शीर्षकको पुस्तिका छापेर वितरण गरेका थिए । यसको पनि उद्देश्य विगतमा पार्टीले गरेको निर्णयअनुसार पहिचानमा आधारित राज्यको पुनर्संरचना गर्न पार्टी आफ्नो निणर्यबाट पछि नहटोस् भन्ने दबाब र सुझाव दुवै थियो ।

एमालेको आठौ महाधिबेशनबाट अध्यक्ष झलनाथ खनाल निर्वाचित भएपछि पहिचान र सङ्घीयताको सवालमा एमालेको नेतृत्व प्रष्ट थियो । जब नवौं महाधिवेशनबाट केपी शर्मा ओली अध्यक्षमा निर्वाचित भए, त्यसपछि यी मुद्दाहरू कमजोर भए । यसै सन्दर्भमा इन्टरन्यासनल क्राइसिस ग्रुपको प्रतिवेदनमा उल्लेख छ, "एमालेमा सङ्घीयताको खुल्ला विरोध त छैन तर दुई मुख्य गुटमा प्रष्ट मतभिन्नता भएको पाइन्छ । पार्टी अध्यक्ष झलनाथ खनाल र उनी निकट नेताहरूले पार्टीको दस्तावेज तथा

प्रकाशनहरूमा सङ्घीयताप्रति आफ्नो प्रतिबद्धता देखाएका छन्” (इन्टरन्यासनल क्राइसिस ग्रुप, सन् २०११,पृ. १२) । २०६८ जेठ ६ गते माओवादी, मधेसी र अन्य साना दलसहित एमाले र नेकाका जनजाति सभासद्समेत गरी ३२० जनाले ११ प्रदेशको खारेजी माग गर्दै विवाद समाधान उपसमितिका संयोजक प्रचण्डलाई ज्ञापनपत्र बुझाएका थिए। एकल जातीय पहिचानका आधारमा प्रदेश निर्माण हुनुपर्ने अडानमा रहेका आदिवासी जनजाति ककससम्बद्ध सभासद्ले अन्तिम समयमा मिश्रित नाम राखेर संविधान जारी गर्न सहमति जनाएका थिए (फुयाँल, २०७०,पृ. १०३)। मिश्रित पहिचानमा पनि असहमति राखेकोमा खगेन्द्र माखिम भन्छन् आदिवासी पहिचानमा आधारित स्वायत्त प्रदेश भने तर उल्टो गरे यसको अर्थ कम्युनिस्ट पार्टीहरूले आदिवासी जनजातिलाई अधिकार सम्पन्न गर्न होइन, आफ्नो आन्दोलन सफल पार्न र पार्टी मजबुत बनाउन मात्र जातीय अधिकारको कुरा गर्ने गर्दछन्” (खगेन्द्र माखिम लिम्बू, २०७३ असोज ३० गते, अनुसूची ४) । माखिमले झै नरेन्द्रबहादुर थापाले पनि माओवादीले मगरात-तमुवान भन्ने तर त्यसको नेता बाहुन हुने र अवसर पनि उनीहरूले पाउने यो मगरात वा तमुवानको के अर्थ ? कम्युनिस्टहरूले पछाडि परेका समुदायलाई पृष्ठभूमिमा राखेर फाइदा लिने गरेको देखिन्छ, तर जातीय रूपमा पछाडि परेको समुदायलाई मुक्ति दिएको जानकारीमा छैन (नरेन्द्रबहादुर थापामगर, २०७४ वैशाख २२ गते, अनुसूची ४) ।

वर्तमानमा क्रियाशील विभिन्न जातीय तथा क्षेत्रीय पार्टीहरूको स्थापनाले उत्पीडित जातिलाई मात्र होइन, शासक जातिलाई समेत थप सचेत र सङ्गठित गराएको छ। नेकपाको राजनीतिक जागरणको कारणले वर्गीयसँगै जातीय चेतना पनि जागृत गरायो। तर पछिल्ला चरणहरूमा वर्गीय उत्पीडनको मुद्दा ओझेलमा र जातीय उत्पीडनको मुद्दा मूल प्रवाहमा आउनुको कारण पनि नेपालका कम्युनिस्ट पार्टीहरू नै हुन्। माओवादी जनयुद्धको क्रममा ब्राह्मण नेता तथा कार्यकर्ताहरूलाई आफ्नै समुदायले कामी-दमाइको पार्टी र त्यसका नेता भनेर अपहेलना गरेको र पटक-पटक अपमानित हुनु परेको अध्ययनको क्रममा पाका नेताहरूले सुनाएका थिए। जातीय समानताको लागि आफ्नै समुदायको विपक्षमा पनि होमिने चेतना र साहसको श्रेय नेपाली कम्युनिस्ट पार्टीहरू र मुलतः माओवादीलाई नै जान्छ।

### ६.५.३ आदिवासी जनजाति सभासदसभा (ककस)

आदिवासी जनजाति सभासद्सभा (ककस) द्वारा संविधानसभा राज्य पुनर्संरचना तथा राज्य शक्ति बाँडफाँड समितिको मस्यौदा प्रतिवेदनमाथि सुझाव पेस गरेको थियो। सुझावअनुसार “मूल संरचनाअन्तर्गत जातीय/समुदायका आधारमा निर्माण हुने प्रदेशको हकमा राजनीतिक पार्टीहरूले निर्वाचनको समयमा र प्रादेशिक सरकार निर्माणका क्रममा सम्बन्धित प्रदेशमा बाहुल्य रहेको आदिवासी जनजाति समुदायको सदस्यलाई मुख्य नेतृत्व तहमा निर्वाचित हुने व्यवस्था गर्ने छ। तर यस्तो राजनीतिक

अग्राधिकार १५ वर्षसम्म मात्र रहनेछ।" यो सुझाव पेस गर्ने ककसको संयोजक तत्कालीन माओवादी र एमालेका नेता क्रमशः वर्षमान पुन र पृथ्वीसुब्बा गुरुङ थिए।

आदिवासी जनजाति (ककस) को अवधारणापत्रमा राजनीतिक प्रतिस्पर्धात्मक क्षमता र शक्ति संसाधनमा पहुँचका दृष्टिले आदिवासी जनजाति र परम्परागत रूपमा प्रभुत्वशाली समुदायबीच ठूलो असमानता रहेको हुँदा आदिवासी जनजातिलाई आफ्नो भूमि र प्रदेशमा शासकीय नेतृत्व गर्न समर्थ तुल्याउन यस्तो विशेष व्यवस्था जरुरी भएकाले परिमार्जन गरिएको उल्लेख छ। नेपालमा अग्राधिकारको सवालमा ऐतिहासिक संविधानसभाले लामो बहस, छलफल र अध्ययनबाट दुई कार्यकालका लागि प्रयोग गर्न सकिने गरी राज्य पुनर्संरचना तथा राज्य शक्ति बाँडफाँड समितिले आफ्नो प्रतिवेदनमा मूल संरचनाअन्तर्गत जातीय समुदायका आधारमा निर्माण हुने प्रदेशको निर्वाचनका क्रममा सम्बन्धित बाहुल्य भएको जाति समुदायलाई निर्वाचनमा प्राथमिकता दिनुपर्ने र विशेष संरचनाअन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रमा सम्बन्धित बाहुल्य जाति समुदायलाई राजनीतिक अग्राधिकारको व्यवस्था प्रस्ताव गरेको थियो। राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगले विशेष संरचनाअन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रमा बाहुल्य रहेको जाति/समुदायको त्यस्तो स्वायत्त क्षेत्रको प्रमुख नेतृत्व तहमा राजनीतिक अग्राधिकार एक कार्यकालका लागि व्यवस्था गरेको अवस्था छ। संविधानसभामा आदिवासी जनजाति सभासद्सभा (ककस) को नेतृत्वको गठबन्धनमा ४२० सभासद्ले पनि अग्राधिकारकै पक्षमा हस्ताक्षर गरेका थिए। जनजाति ककसले राज्य पुनर्संरचना तथा राज्य शक्ति बाँडफाँड समितिलाई दिएको सुझावमा अग्राधिकार १५ वर्षका लागि प्रस्ताव गरेको थियो।

संविधान निर्माणको क्रममा धेरै जटिलताहरु आएका थिए, जातीय पहिचानको पक्ष र विपक्षमा खस-आर्य र आदिवासी जनजातिहरुको परस्पर दोहोरो आन्दोलनहरु भएका थिए। आदिवासी जनजातिहरुको सक्रियता, ठुलो सङ्ख्या र दबाब हुदाँ पनि संविधानमा समानुपातिक समावेशी, वर्णव्यवस्थाजन्य र छुवाछुत शब्द मतदानबाट बहुमतले पारित गरेको थियो भने आदिवासी जनजाति, थारू आन्दोलनजस्ता शब्दहरू विषयगत समितिबाट अस्वीकृत भएका थिए। ब्राह्मण-क्षेत्रीमाथि विभेद गरेको भनेर सभासद्द्वय सुदन राई र लक्ष्मी गुरूङमाथि प्रर्दशनकारीहरूले कोटेश्वरमा हातपातको प्रयास गरेका थिए (फुँयाल, २०७०,पृ. २१६)।

नेपालको सन्दर्भमा आत्मनिर्णयको अधिकारको बारेमा सङ्घीय एकाइहरू (प्रदेशहरू), विशेष संरचना अन्तर्गत स्थापना हुने क्षेत्रहरूलाई संविधान र कानुनको अधीनमा रही आन्तरिक रूपमा संविधान घोषणा हुँदा त्यस क्षेत्रमा बसोबास गर्ने सबै तर विशेष गरी आदिवासी जनजातिलाई आन्तरिक र स्थानीय रूपमा राजनीति, संस्कृति, धर्म, भाषा, शिक्षा, सूचना तथा सञ्चार, स्वास्थ्य, बसोबास, रोजगार, सामाजिक कल्याण, आर्थिक क्रियाकलाप, वाणिज्य, भूमि तथा स्रोतसाधनको परिचालन, वातावरण सम्बन्धी

अधिकार र यी कार्यहरूका लागि आर्थिक स्रोत जुटाउन स्वायत्तता र स्वशासनको अधिकारका रूपमा आत्मनिर्णयको आधिकार प्रयोग गर्न पाउने गरी आत्मनिर्णयको अधिकारलाई अग्राधिकारको प्रयोग गर्ने आधारका रूपमा लिन सकिन्छ।

अग्राधिकारको अधिकारको प्रत्याभूति दिन नसके नेपालका आदिवासी जनजातिहरूले युगौँदेखिको असमानता र विभेदबाट मुक्ति असम्भव छ, अग्राधिकारका लागि आत्मनिर्णयको अधिकारसहितको स्वशासन र स्वायत्तताको अधिकार अनिवार्य हुन्छ, स्वशासन र स्वायत्तता सहितको आत्मनिर्णयको अधिकार नै अग्राधिकार अभ्यास हो भन्ने माथिका विभिन्न दस्तावेजहरू र कथनहरूले पुष्टि गर्दछ।

**६.६ संविधानसभाः राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोग, २०६८**

संविधानसभामा राज्य पुनर्संरचनाको विषयमा व्यापक बहसपश्चात् पनि टुङ्गोमा नपुगेपछि नेपालको अन्तरिम संविधान २०६३, धारा १३८ (२) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले २०६८ मङ्सिर ६ गते  मदन परियार अध्यक्ष र सदस्यहरू कृष्ण हाछेथु, भोगेन्द्र झा, मल्ल के. सुन्दर, रमेशकुमार ढुङ्गेल, स्टेला तामाङ, सुरेन्द्रकुमार महतो, सर्वराज खड्का र सावित्री गुरूङ रहेको नौ सदस्यीय राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको गठन गरेको थियो। आयोगले आदिवासी जनजाति र मधेसीलाई आन्तरिक र स्थानीय रूपमा राजनीति, संस्कृति, धर्म भाषा, शिक्षा, सूचना, सञ्चार, स्वास्थ्य, बसोबास, रोजगार, सामाजिक सुरक्षा, आर्थिक क्रियाकलाप, वाणिज्य, भूमि, स्रोतसाधनको परिचालन तथा वातावरणसम्बन्धी अधिकारका रूपमा आत्मनिर्णयको अधिकार रहनेछ भनिएकोमा आदिवासी जनजाति र मधेसीसँगै दलितलाई थप गरेको थियो। राजनीतिक अग्राधिकारको सम्बन्धमा आयोगले भनेको छ :

> राज्यको पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँड समितिबाट प्रस्तावित राजनीतिक अग्राधिकार सम्बन्धमा प्रदेशमा प्रस्तावित व्यवस्थाका बारेमा धेरै विरोधका आवाजहरू आएको कुरालाई मनन गरी प्रादेशिक तहमा अग्राधिकारको व्यवस्था गर्न उपयुक्त देखिएन। तथापि विशेष क्षेत्रअन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रमा ऐतिहासिक उत्पीडनमा परेका वर्गलाई प्रमुख नेतृत्व तहमा पुग्ने व्यवस्था गर्न उपयुक्त भएको र त्यसबाट सो वर्ग, जाति वा समुदायलाई केही हदसम्म ऐतिहासिक न्याय, क्षतिपूर्ति र प्रोत्साहन हुने भएकाले स्वायत्त क्षेत्रमा बाहुल्य रहेको जाति, समुदायको व्यक्तिलाई नेतृत्व तहमा एक कार्यकालको राजनीतिक अग्राधिकार प्रदान गरिएको छ, यस्तो अग्राधिकार एक कार्यकालपछि स्वतः खारेज हुने छ। (संविधानसभा, राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको सुझाव प्रतिवेदन, २०६८,पृ. ४१-४२)

आयोगले दिएको सुझावमा विशेष संरचनाअन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रमा बाहुल्य रहेको जाति/समुदायको त्यस स्वायत्त क्षेत्रको प्रमुख नेतृत्व तहमा राजनीतिक अग्राधिकार हुनेछ। राज्य सञ्चालन र राज्य स्रोतको बाँडफाँड तथा उपयोगमा सबै वर्ग, समुदाय, जाति, क्षेत्र लिङ्ग, अति अल्पसङ्ख्यक तथा पिछडिएको वर्गको समावेशीसहितको समानुपातिक सहभागी बनाई नेपाललाई विभिन्न सङ्घीय एकाइहरूमा विभाजन गरी राज्यको अग्रगामी पुनर्संरचनाको सन्दर्भमा नेपाललाई पूर्ण लोकतान्त्रिक सङ्घीय गणतन्त्रात्मक शासन प्रणालीमा रूपान्तरण गर्न अग्रगामी पुनर्संरचना गर्नुपर्ने भएकाले संविधानसभाद्वारा निर्माण हुने संविधानको प्रस्तावनामा राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धमा उल्लेख गर्नुपर्ने आवश्यकता भएको भनी प्रस्तावित व्यवस्था गर्नुपर्नाको कारण दिइएको छ।

संविधानसभाले दिएको यी विषयहरूमा छलफल भए पनि संधिानसभाले नेपाली जनादेशअनुसार काम गर्न सकेन र २०६८ जेठमा संविधानसभाको अवसान गराइयो। नेपालको राजनीतिक इतिहासमा आदिवासी जनजाति तथा मधेसी समुदाय विधि निर्माण प्रक्रियामा यति शक्तिशाली भएको पहिलो घटना हो। सरकार र राजनीतिक पार्टीहरूले राज्यको पुनर्संरचना गर्न विश्वास गरेका विज्ञहरूको सुझाव पनि केवल औपचारिकता मात्र सीमित भएको दृष्टान्त पनि अर्थपूर्ण छ। सार्वभौम संविधानसभाका सदस्यहरू आफ्ना पार्टीका खस-आर्य नेतृत्वको आदेशबाट भने सार्वभौम हुन सकेनन्। राजनीतिशास्त्री कृष्ण खनालका अनुसार मार्क्सको मूल सिद्धान्तले मजदुर वर्गसँग सरोकार राख्दछ। अहिलेका कम्युनिस्टहरूले जातीय कुरा गर्दछन्, यसका प्रणेता लेनिन हुन्, मार्क्स विचारक हुन् भने लेनिन प्रयोगकर्ता हुन्। माओले लेनिनले जस्तो आत्मनिर्णयको अधिकारको प्रयोग गरेनन्, बरु स्वशासनको अभ्यास गरे (कृष्ण खनाल, २०७३ भदौ ६ गते, अनुसूची ४)।

चीनको जस्तै नेपालका मगर जातिले स्वशासनको चाहना गरेको राजनीतिशास्त्री उमानाथ बरालले उल्लेख गरेका छन्। उनका अनुसार, “लोकतन्त्रमा शासन र सरकार जनताले सहज रुपमा देख्न चाहन्छन्, राज्यमा सहज पहुँच र नीति निर्माणमा प्रत्यक्ष संलग्नताको खोजीमा उनीहरू छन्। त्यसैले मगर सम्बन्धी भएका अध्ययनले स्वयम् मगरहरू जातीय प्रदेशभन्दा स्थानीय स्वशासनलाई जोड दिएको देखाउँछ” (बराल, २०७५,पृ. ११७)। अध्येता भोगीराज चाम्लिङका अनुसार “जातीय समस्या ठुलो सङ्ख्या र सानो सङ्ख्याको सवाल होइन यो उत्पीडन र बहिष्करणको सवाल हो। चीनमा ४-५ प्रतिशत भएको जातिको नाममा राज्यहरू छन् बाँकी सबै हान छन्, तर ती प्रदेशहरूमा अल्पसङ्ख्यकहरूले नै नेतृत्व गरेका छन्।”[३८]

[३८] चाम्लिङसँग २०७३ असोज १० गते ललितपुरमा गरेको कुराकानीमा आधारित।

नेपाल कम्युनिस्ट पार्टीको स्थापना गर्दा सामन्ती वर्गका रूपमा राणा र राणा शासनको अन्त्यपछि राणासहित सबै खस-आर्य समुदायलाई किटान गरिएको छ। एमाले र माओवादीद्वारा वर्गीय तथा सांस्कृतिक उत्पीडनमा रहेका आदिवासी जनजातिहरूको स्वशासन, आत्मनिर्णयको अधिकार, अग्राधिकारको नीतिगत व्यवस्था पनि गरिएको देखिन्छ। माओवादीले नीतिगत रुपमा व्यवस्था गरेको राजनीतिक अग्राधिकारसँग आत्मनिर्णयको अधिकार, स्वशासन, राज्यको संरचना र शासकीय स्वरूपको अन्तर्सम्बन्ध छ। पहिलो संविधानसभाले राज्यको पुनर्संरचना गर्दा एमाले र माओवादीको नीतिगत आधार र नेपालको आवश्यकता, सामाजिक वास्तविकता र धरातलमा आधारित प्रस्ताव पेस गरेको थियो। एमाले र माओवदी दुवै पार्टीको राजनीतिक दस्तावेजहरूमा नेपालमा सयौं वर्षदेखिको एक राष्ट्र, एक जाति, एक धर्म, संस्कृति, लिङ्ग र क्षेत्रको एकाधिकार अन्त्य गरी समान अवसरको विकास र सामाजिक न्यायका लागि अधिकार दिने व्यवस्था गरिएको छ। उनीहरूको दस्तावेजहरूमा उत्पीडित समुदायहरूको आकाङ्क्षा पूरा गर्नु, तिनको संस्कृति र पहिचानको संरक्षण र विकास नै राष्ट्रको विकास हुनु हो जसको जगमा राष्ट्रियता, सम्प्रभुसत्ता र क्षेत्रीय अखण्डता बलियो हुने उल्लेख गरेको छ।

एमाले र माओवादीको नेतृत्वमा हालसम्म ६ जना कम्युनिस्ट प्रधानमन्त्रीहरूले नौ पटक सरकारको नेतृत्व गरेका छन् भने धेरैपटक प्रमुख प्रतिपक्षको भूमिका पनि निर्वाह गरेका छन्। तर जातीय उत्पीडनको सवालमा यथेष्ट नीतिको भने तर्जुमा गर्न सकेका छैनन्। कम्युनिस्ट पार्टीहरूले उनीहरूलाई सङ्कटको समयमा यी उत्पीडित जातिहरूको मुद्दा उठाई भावनात्मक आकर्षण गर्ने तर युद्ध वा आन्दोलनको व्यवस्थापनपछि नेतृत्व आफ्नो प्रमुख समुदायको प्रभावमा पर्ने गरेको देखिन्छ। समाजशास्त्री बार्थ र हन्टिङ्टनले राजनीतिको केन्द्रबिन्दु सांस्कृतिक पक्षलाई मानेका छन्। कार्ल मार्क्सले पनि सांस्कृतिक पर्यावरणले चेतनाको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताएका छन्। यो विचार नेपालको कम्युनिस्ट पार्टीका नेतृत्वकर्ता (जो खस-आर्य समुदायसँग सम्बन्धित छन्) हरूको हकमा लागू भएको छ। उनीहरूले मार्क्सवाद, लेनिनवाद र माओ विचारलाई दस्तावेजहरूमा आत्मसात् गर्दै आएको छन्। नेपालमा चलेका जातीय मुक्तिका बहसहरूमध्ये नेकपाले सञ्चालन र नेतृत्व गरेको धारहरू नै प्रभावकारी हुने गरेका छन्। लेनिनद्वारा प्रतिपादित आत्मनिर्णयको अधिकार र माओले प्रयोगमा लिएको जातीय स्वशासनको अधिकारको बहस नेपालका कम्युनिस्ट पार्टीहरूले पनि आफ्नो स्थापना कालदेखि नै आफ्नो नीतिमा समावेश गर्दै आएका छन्। त्यसैले हन्टिङ्टनको यो विश्लेषण पनि नेपालको सन्दर्भमा लेनिनवादी र माओवादी धारको प्रभाव नै बोलवाला देखिन्छ। त्यसैले जातीय मुक्ति सम्बन्धी नेकपाले लिएको दृष्टिकोण उपयुक्त भएको पुष्टि गर्दछ, तर ती नीतिहरू व्यवहारिक र कार्यक्रमिक रूपमा भने असफल भएको छ।

## अध्याय सातः

## सर्वेक्षणको परिणामः प्युठान, पाल्पा र रोल्पामा मगर आन्दोलनको अवस्था

### ७.१ अध्ययन क्षेत्रः प्युठान, पाल्पा र रोल्पा

२०७३ मङ्सिर र पुस महिनामा ऐतिहासिक मगरातअन्तर्गतका प्युठान, पाल्पा र रोल्पालाई अध्ययन क्षेत्र मानेर स्थलगत कार्य (Field Work) सम्पन्न भएको थियो (अध्ययन क्षेत्र नक्सा हेर्नुहोस् अनूसूचीः१६) । नेपालको पहिलो संविधानसभा २०६४ ले प्रस्ताव गरेको मगरात प्रदेशअन्तर्गतका प्युठान, पाल्पा र रोल्पा गरी तीनवटा जिल्लाहरूका दुई-दुईवटा गाविसहरू (पूर्वी पाल्पाको पिपलडाँडा र पश्चिम पाल्पाको बल्ढेङगढी, दक्षिण प्युठानको ढुङ्गेगढी र उत्तरी प्युठानको स्याउलीबाङ तथा पूर्वी रोल्पाको नुवागाउँ र उत्तरी रोल्पाको गाम) गरी जम्मा ६ वटा गाविसका १७६ जना उत्तरदाताबाट सूचना सङ्कलन गरिएको छ। अध्ययनका लागि छनोट गरिएका ६ वटा गाविसहरूमध्ये प्रत्येक जिल्लाबाट एउटा मगर भाषा बोल्ने र अर्को मगर भाषा नबोल्ने गाउँका उत्तरदाताहरू रहेका छन् ।

यस अध्यायमा २०६८ सालमा केन्द्रीय तथ्याङ्क विभागले तयार गरेको मगर जातिको जनसङ्ख्या तथा मगर भाषा वक्ताहरूको विवेचना गरिएको छ । मगर जातिको पहिचानको सन्दर्भमा प्रश्नवाली सहित स्थलगत कार्य बाट आएका तथ्याङ्कहरूलाई Statistical Package for Social Science (SPSS) सफ्टवेयरद्वारा सङ्ख्यात्मक तथ्याङ्क लाई गुणात्मक विश्लेषण गरी समीक्षा गरिएको छ।

तालिका ७.१ः अध्ययनका लागि छनोट गरिएका जिल्लाहरूमा मगर जनसङ्ख्या र भाषिक अवस्था

| जिल्ला | जम्मा जनसङ्ख्या | मगर जनसङ्ख्या | मगर जनसङ्ख्या प्रतिशत | मगर भाषा बोल्ने | | मगर भाषा नबोल्ने | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| प्युठान | २,२८,१०२ | ७४,३१२ | ३२.५ | ५,१९७ | ६.९ | ६९,१५५ | ९३.० |
| पाल्पा | २,६१,१०८ | १,३६,५८८ | ५२.२ | ८८,९५० | ६५.१ | ४७,६३८ | ३४.८ |
| रोल्पा | २,२४,५०६ | ९७,०११ | ४३.२ | २९,७७७ | ३०.६ | ६७,२३४ | ६९.३ |
| **जम्मा** | **७,१३,७१६** | **३,०७,९११** | ४३.१ | १,२३,९२४ | ४०.२ | १,८४,०८७ | **५९.७** |

(Source: CBS, 2013)

जनगणना २०६८ अनुसार पाल्पा, रोल्पा, म्याग्दी, प्युठान, बाग्लुङ, तनहुँ, नवलपुर र रुकुमपूर्व गरी आठवटा जिल्लाहरूमा मगरको सङ्ख्या पहिलो स्थानमा रहेको देखिन्छ। अध्ययन क्षेत्र पाल्पा जिल्लामा मगरको जनसङ्ख्या ५२.२ प्रतिशत, रोल्पा जिल्लामा ४३.२ प्रतिशत र प्युठान जिल्लामा ३२.५ प्रतिशत रहेको छ। पाल्पा जिल्लामा सबैभन्दा धेरै ६५.१ प्रतिशत, रोल्पा ३०.६ प्रतिशत र प्युठानमा सबैभन्दा कम ६.९ प्रतिशत मगरले आफ्नो मातृभाषा प्रयोग गर्दछन् । यी तीन जिल्लाहरूमा जम्मा जनसङ्ख्याको ४३.१

प्रतिशत मगर बसोबास गर्दछन्, जसमध्ये १७.३ प्रतिशत मगरहरूले आफ्नो मातृभाषा प्रयोग गर्दछन् । मगर जनसङ्ख्याहरूमध्ये भने ४०.२ प्रतिशतले मगर भाषा बोल्दछन् भने ५९.७ प्रतिशत मगरले खस नेपाली भाषा प्रयोग गर्दछन् ।

२०१५ सालपछिको संसदीय राजनीतिको अध्ययन गर्दा रोल्पा र पाल्पाबाट मगरले प्रतिनिधित्व गर्दै आएको देखिन्छ भने प्युठानबाट पहिलो हुने निर्वाचन प्रणालीबाट अहिलेसम्म मगरको प्रतिनिधित्व हुन सकेको छैन। २०६४ र २०७० सालको संविधानसभा निर्वाचनमा रोल्पा र पाल्पाबाट लगातार प्रतिनिधित्व भएको थियो तर प्युठानबाट २०७० सालको दोस्रो संविधानसभामा पुनाराम थापामगर एक मात्र विधायक बनेको देखिन्छ।

तालिका ७.२ः अध्ययन क्षेत्रका जिल्लाबाट पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत प्रतिनिधित्व गर्ने विधायकहरू

| **जातजाति** | **पाल्पा** | | | **रोल्पा** | | | **प्युठान** | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०१५-२०४३ | २०४६-२०५६ | २०६४-२०७४ | २०१५-२०४३ | २०४-२०५६ | २०६-२०७४ | २०१-२०४३ | २०४-२०५६ | २०३-२०७४ | |
| ब्राह्मण | २ | २ | ० | १ | १ | ० | ५ | ५ | ४ | २० |
| मगर | १ | ३ | ० | २ | २ | ५ | ० | ० | १ | १४ |
| क्षेत्री | १ | १ | ० | ० | १ | १ | ३ | ० | ५ | १२ |
| ठकुरी | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ |

(स्रोतः निर्वाचन आयोग, २०७४; रिसाल र पोखरेल, २०७५)

यी तीनवटा जिल्लाबाट २०१५ देखि २०७४ सम्मको निर्वाचनहरूमा पहिलो हुने निर्वाचन प्रणालीबाट निर्वाचित भई केन्द्रीय तहमा नीति निर्माण गर्ने विधायकहरूमा जम्मा ४७ जना छन् । जातिगत रूपमा हेर्दा ब्राह्मण २०, क्षेत्री १४ र ठकुरी एक जना गरी जम्मा ३५ (७४.४ प्रतिशत) र मगर १२ जना (२५.५ प्रतिशत) निर्वाचित भएका छन् भने पहिलो हुने निर्वाचन प्रणालीबाट दलित प्रतिनिधित्व शून्य रहेको छ। स्थानीय राजनीतिमा २०१८ देखि २०७४ सालको स्थानीय निर्वाचनसम्म रोल्पा जिल्लाबाट पाँचजना सभापति र छजना उपसभापति, पाल्पा जिल्लाबाट चारजना सभापति र तीनजना उपसभापति निर्वाचित भएका छन् भने प्युठान जिल्लाबाट चारजना उपसभापति निर्वाचित भएका छन्। यी तीन जिल्लाको मगरको राजनीतिक प्रतिनिधित्वको अध्ययन गर्दा रोल्पा पहिलो, पाल्पा दोस्रो र प्युठान तेस्रो रहेको छ।

तालिका ७.३ः स्थानीय तह निर्वाचन २०७४ अन्तर्गत अध्ययन क्षेत्रका पालिका प्रमुख, उपप्रमुख र वडा अध्यक्षहरूको जातिगत प्रतिनिधित्व

| **जातजाति** | **पाल्पा** | | | **रोल्पा** | | | **प्युठान** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **अध्यक्ष** | **उपाध्यक्ष** | **वडाध्यक्ष** | **अध्यक्ष** | **उपाध्यक्ष** | **वडाध्यक्ष** | **अध्यक्ष** | **उपाध्यक्ष** | **वडाध्यक्ष** |
| मगर | ४ | ३ | ३९ | ५ | ८ | ४३ | २ | ३ | २२ |
| ब्राह्मण | २ | ६ | २८ | ० | ० | २ | १ | २ | १३ |
| क्षेत्री | ३ | ० | ५ | ५ | २ | २३ | २ | ३ | १८ |
| नेवार | १ | १ | ५ | ० | ० | ० | १ | ० | ३ |
| ठकुरी | ० | ० | २ | ० | ० | ० | १ | ० | ३ |
| दलित | ० | ० | २ | ० | ० | २ | १ | १ | १ |
| दशनामी | ० | ० | ० | ० | ० | २ | १ | ० | ३ |
| गुरुङ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| **जम्मा** | **१०** | **१०** | **८१** | **१०** | **१०** | **७२** | **९** | **९** | **६४** |

(स्रोतः निर्वाचन आयोग, २०७४)

२०७४ सालको स्थानीय निर्वाचनमा पाल्पा जिल्लाको १० वटा स्थानीय तहहरूको प्रमुख/अध्यक्ष मगर चार, खस-आर्य पाँच र नेवार एक र उपप्रमुख/उपाध्यक्षमा मगर तीन खस-आर्य छ र नेवार एक भएको देखिन्छ। जम्मा ८१ वटा वडाहरूमा मगर ३९, खस-आर्य ३५ र नेवार १ निर्वाचित भएका छन्। रोल्पाका १० वटा स्थानीय तहको प्रमुख/अध्यक्षमा मगर पाँच र खस-आर्य पाँचजना तथा उपप्रमुख/उपाध्यक्षमा मगर आठ र खस-आर्य दुई तथा ७२ वटा वडाका अध्यक्षहरूमा मगर ४३, खस-आर्य २७ र दलित दुई निर्वाचित भएका छन्। प्युठानमा नौवटा स्थानीय तहको प्रमुख/अध्यक्षमा मगर दुई, खस-आर्य पाँच, दलित एक र नेवार एक निर्वाचित भएका छन् भने उपप्रमुख/उपाध्यक्षमा मगर तीन, खस-आर्य पाँच र दलित एक निर्वाचित भएका छन्। जम्मा ६४ वडाहरूमा मगर २२, खस-आर्य ३७, गुरुङ एक, दलित एक र नेवार तीनजना वडाध्यक्ष पदमा निर्वाचित भएका छन्। मगर प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्षहरूमा पाल्पामा क्रमशः ४० र ३० प्रतिशत, रोल्पामा ५० र ८० प्रतिशत एवम् प्युठानमा २२ र ३३ प्रतिशत रहेका छन् भने वडाध्यक्ष पदमा पाल्पामा ४८, रोल्पामा ५९ र प्युठानमा ३४ प्रतिशत मगर निर्वाचित भएका छन्।

तालिका ७.४ः २०७४ को स्थानीय निर्वाचनमा अध्ययन क्षेत्रमा मगरको प्रतिनिधित्व प्रतिशतमा

| **जिल्ला** | **प्रमुख** | **उपप्रमुख** | **वडाध्यक्ष** |
|---|---|---|---|
| प्युठान | २२.२ | ३३.३ | ३४.३ |
| पाल्पा | ४०.० | ३०.० | ४८.१ |
| रोल्पा | ५०.० | ८०.० | ५८.७ |

(स्रोतः निर्वाचन आयोग, २०७४)

### ७.२ प्युठान जिल्लाको सङ्क्षिप्त जानकारी

नेपाल राज्यको एकीकरणपूर्व गण्डकी क्षेत्रमा विस्तारित चौबिसे राज्यहरूमध्ये प्युठान एक शक्तिशाली राज्य थियो। यो जिल्लाको पूर्वमा गुल्मी, पश्चिममा दाङ र रोल्पा, उत्तरमा रोल्पा र बाग्लुङ तथा दक्षिणमा दाङ र अर्घाखाची जिल्ला पर्दछन्। समुन्द्र सतहदेखि न्यूनतम ३०५ देखि अधिकतम ३,६५९ मिटरको उचाइमा अवस्थित यो जिल्लाको क्षेत्रफल १,३६५ वर्ग किलोमिटर रहेको छ (https://dccpyuthan.gov.np/; accessed on 24 January 2018)। उत्तरी भागमा हिमाल नजिक र उचाइ पनि धेरै भएकाले ज्यादा जाडो हुने र दक्षिणी भाग भित्री मधेससँग जोडिएको र बेँसी भाग भएकाले चैतदेखि जेठसम्म गर्मी हुन्छ। प्युठान जिल्लामा ३६ वटा जातीय समूहहरूको बसोबास रहेको छ (हेर्नुहोस् अनुसूची १७)। नेपालका आदिवासी जनजातिहरूको घनत्व भएको जिल्लाहरूमध्ये यो पनि एक हो। यो जिल्लामा ३३ वटा परिचित र अपरिचित दुई र विदेशी एक गरी ३६ वटा जातजाति छन्। जनसाङ्ख्यिक हिसाबले मगर पहिलो, क्षेत्री दोस्रो र कामी तेस्रो स्थानमा रहेको देखिन्छ। सर्वेक्षण गरिएका ढुङ्गेगढी गाविसमा ७४.४ प्रतिशत र स्याउलीबाङ गाविसमा ६०.८ प्रतिशत मगर बसोबास गर्दछन्। ढुङ्गेगढीका मगरहरू आफ्नो मातृभाषाका रूपमा बाहू मगराती ढुट बोल्छन् भने स्याउलीबाङका मगरहरूले आफ्नो मातृभाषा प्रयोग गर्दैनन्।

नेपालका हिन्दु धर्मालम्बीहरूको महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थल स्वर्गद्वारी, ऐरावती, गौमुखी, नौबहीनी, इस्माथान, झाँक्रीढुङ्गा, झाँक्रीस्थान, उदयपुरकोट, भित्रीकोट, ओखरकोट, बिजुलीकोटलगायत धार्मिक तथा पर्यटकीय महत्व बोकेका सम्पदाहरू प्युठान जिल्लामा छन्। झिमरुक जलविद्युत् परियोजनाको शिर नौबहीनी गाउँपालिकाको स्याउलीबाङमा रहेको कोठी पहाड नै प्युठान जिल्लाको सबैभन्दा उच्च स्थान हो। नेपालको ऊर्जा क्षेत्रमा चर्चामा आइरहने नौमुरे परियोजना पनि यसै जिल्लामा पर्दछ।

प्युठान नेपालका अड्डाहरूमध्ये सबैभन्दा प्राचीन अड्डा अन्तर्गत पर्दछ। कुनै समय प्युठान चौध हजार प्युठान नामले परिचित थियो। कारण, प्युठानमा त्यस बेला चौध हजार जनसङ्ख्या रहेको ठूलो भूभाग पर्दथ्यो। प्युठानमा रहेका धेरै स्थानका नामकरण मगर भाषामा गरिएका छन्। प्युठानका राजा मणिकचन्द्रको संवत् १६९७ र १८३२ को ताम्रापत्र अभिलेखमा 'पिउठानको माझकोटको मौजा' र 'नारीकोटको थुम' भनिएको छ भने १८६७ कात्तिकको लालमोहरको नक्कल प्रतिमा 'प्रतिष्ठान' (पिउठान) साभार गरिएका छन् (योगी, २०५५,पृ. ५३५, ७३०)। कर्कप्याट्रिकले Purthana, भान्सिसर्टाटले Piuthan तथा हमिल्टन र गिमलिट्टेले Piuthana भनेका छन् (Kirkpatrik, 2007,p. 284; Vansistart, 1993,p. 4; Hamilton, 2007,p. 223; Gimlette, 1993,p. 92)।

पूर्व राष्ट्रिय पञ्चायत सदस्य बमकुमारी बुढामगरका अनुसार मगर भाषा 'प्य' र 'ठन' बाट प्युठान भएको हो। 'प्य' भनेको पाहा र 'ठन' भनेको रातमा भाङ देखाउनु, वा राको बालेर पाहा खोज्नु हुन्छ। गर्मी मौसमको वर्षामा भाङ बालेर पाहा खोज्ने चलन अहिले पनि जीवितै छ (बुढामगर, २०५५,पृ. १६)। इतिहासकार गितु गिरीले शान्ति सुरक्षाका लागि पिउठ बस्ने ठाना भएकाले पिउठाना नाम रहन गएको भन्ने स्थानीयहरूको भनाइ रहेको उल्लेख गरेका छन् (गिरी, २०६२,पृ. १०)।

२०१५ सालको निर्वाचनमा नेपालमा १०९ निर्वाचन क्षेत्रमध्ये प्युठानमा ८३, ८४ र ८५ गरी तीनवटा निर्वाचन क्षेत्र थिए। प्युठान जिल्लाको २०१५ सालपछिका बहुदलीय व्यवस्थाको निर्वाचनको अध्ययन गर्दा २०१५ सालको बहुदलीय व्यवस्थाको संसदीय निर्वाचनमा नेपाली काङ्ग्रेसका उम्मेदवारहरू निर्वाचित भएका थिए। प्युठान उत्तर-पूर्व क्षेत्र नं. ८३ बाट नेपाली काङ्ग्रेसका खडानन्द उपाध्यय ४,६८४ मत प्राप्त गरी निर्वाचित भएका थिए। खडानन्दका निकटतम प्रतिद्वन्द्वी नेपाल राष्ट्रिय गोर्खा परिषद्का शिवराज उपाध्ययले २,६८९, अन्य प्रतिद्वन्द्वीहरू स्वतन्त्र उम्मेदवार नारायणप्रसाद चन्द १,१०५, नेपाल कम्युनिस्ट पार्टीका श्यामबहादुर थापा क्षेत्री ३८१ र स्वतन्त्र उम्मेदवार धकध्वज शाहीले २७७ मत प्राप्त गरेका थिए। प्युठानको मध्य-पूर्व क्षेत्र नं. ८४ बाट नेपाली काङ्ग्रेसका अनिरुद्र उपाध्यय ७,८८८ मत प्राप्त गरी विजयी भएका थिए। उपाध्ययका प्रतिद्वन्द्वीहरू क्रमशः नेपाल राष्ट्रिय गोर्खा परिषद्का खगेश्वर उपाध्यय १,७६३, नेपाल कम्युनिस्ट पार्टीका खगुलाल गुरुङ १,६७३ र संयुक्त प्रजातन्त्र पार्टीका देवीबहादुर खत्रीले १,१५७ मत प्राप्त गरेका थिए। प्युठान पूर्व-दक्षिण क्षेत्र नं. ८५ बाट नेपाली काङ्ग्रेसका पुरोस्तम शर्मा ३,९८७ मत लिएर निर्वाचित भएका थिए भने शर्माका प्रतिद्वन्द्वीहरूले क्रमशः नेपाल कम्युनिस्ट पार्टीका मोहनविक्रम सिंह २,५४६, नेपाल राष्ट्रिय गोर्खा परिषद्का उम्मेदवार टङ्कबहादुर विष्ट २,१९१, संयुक्त प्रजातन्त्र पार्टीका नीरबहादुर खड्काले १,२९८, स्वतन्त्र उम्मेदवारहरू मीनराज उपाध्यय ७२४ र लक्ष्मीनारायण उपाध्ययले ६३३ मत पाएका थिए (शिवाकोटी, २०६५)।

प्युठानमा २००७ सालको क्रान्तिदेखि नेपाली काङ्ग्रेस र विभिन्न कम्युनिस्ट पार्टी क्रियाशील हुँदै आएका छन्। प्युठानमा कम्युनिस्टहरूको भन्दा काङ्ग्रेसको राजनीति केही वर्ष पुरानो देखिन्छ। हालका कम्युनिस्ट नेताहरू पनि सुरुमा काङ्ग्रेसको सम्पर्कबाट राणाविरोधी आन्दोलनमा सहभागी भएको पाइन्छ भने प्युठान जिल्लामा कम्युनिस्ट पार्टीको प्रारम्भिक चरणदेखि क्रियाशील भएका खेमराज पण्डितलगायत केही नेताहरू निर्दलीय पञ्चायती व्यवस्थामा प्रवेश गरी राष्ट्रिय पञ्चायतको सदस्य निर्वाचित भएको इतिहास पनि छ। प्युठानको राजनीतिक इतिहासमा २०१५ सालको चुनावमा भाग लिएका नेपाल राष्ट्रिय गोर्खा परिषद् र संयुक्त प्रजातन्त्र पार्टीका नेताहरू राजा महेन्द्रद्वारा बहुदलीय व्यवस्थाको 'कु' गरी पञ्चायती व्यवस्था लागू गरेपश्चात् पञ्चायतको पक्षमा क्रियाशील हुन पुगे।

२०१७ पुस २२ गते पञ्चायती व्यवस्थाको स्थापना भएपछि २०१९ सालमा कालाशेष र बाइसखुवा मिलाएर रोल्पा जिल्लाको निर्माण भयो। २०१९ सालदेखि प्युठान एक निर्वाचन क्षेत्र, नौ इलाका गाउँ पञ्चायत र ४९ सेवा केन्द्र रहेका थिए। २०३७ सालको जनमतसङ्ग्रहमा कुल ७७,३०८ मत रहेकोमा प्युठान जिल्लाबाट ४४,९३० मत खसेका मध्ये निर्दल (पञ्चायत) को पक्षमा ३०,२४५ र बहुदलको पक्षमा १२,०१९ मत परेको थियो भने २,६६६ मत बदर भएको थियो (शिवाकोटी, २०६५)।

२०४६ सालको बहुदलीय व्यवस्थापश्चात् दुई निर्वाचन क्षेत्र, ११ इलाका र ४९ वटा गाउँ विकास समितिको व्यवस्था भयो। बहुदलीय प्रजातन्त्रपश्चात् २०४८ मा क्षेत्र नं. १ र २ बाट क्रमशः नेपाली काङ्ग्रेसका शिवराज सुवेदी र मुक्तिप्रसाद शर्मा, २०५१ सालमा क्षेत्र नं. १ बाट नेपाली काङ्ग्रेसका शिवराज सुवेदी र नं. २ बाट राष्ट्रिय जनमोर्चाका नवराज सुवेदी, २०५६ सालमा क्षेत्र नं. १ र २ बाट राष्ट्रिय जनमोर्चाका क्रमशः हरि आचार्य र नवराज सुवेदी निर्वाचित भएका थिए।

तालिका ७.५ः प्युठानबाट संसद्मा प्रतिनिधित्व गरेका विधायकहरूको विवरण

| क्रस | नाम थर | निर्वाचित मिति | राजनीतिक दल | निर्वाचन प्रणाली |
|---|---|---|---|---|
| १ | खडानन्द पाध्या | २०१५ | नेका | पहिलो हुने |
| २ | अनिरुद्र उपाध्यया | २०१५ | नेका | पहिलो हुने |
| ३ | पुरोस्तम शर्मा | २०१५ | नेका | पहिलो हुने |
| ४ | टङ्कबहादुर विष्ट | २०१९, २०३८ | पञ्चायत | पहिलो हुने |
| ५ | सिद्धिमान जिसी | २०३५ | पञ्चायत | पहिलो हुने |
| ६ | गिरिराज उपाध्यय | २०३० | पञ्चायत | पहिलो हुने |
| ७ | खेमराज पण्डित | २०४३ | पञ्चायत | पहिलो हुने |
| ८ | शिवराज सुवेदी | २०४८, २०५१ | नेका | पहिलो हुने |
| ९ | मुक्तिप्रसाद शर्मा | २०४८ | नेका | पहिलो हुने |
| १० | नवराज सुदेदी | २०५१, २०५६ | राजमो | पहिलो हुने |
| ११ | हरि आचार्य | २०५६ | राजमो | पहिलो हुने |
| १२ | वीरहादुर सिंह | २०५६ | एमाले | एकल सङ्क्रमण |
| १३ | सुशीला शर्मा | २०५४ | नेका | एकल सङ्क्रमण |
| १४ | सम्झना विश्वकर्मा | २०६३ | माओवादी | अन्तरिम व्यवस्थापिका |
| १५ | नारायणप्रसाद अधिकारी | २०६४ | माओवादी | पहिलो हुने |
| १६ | दीपक केसी | २०६४ | माओवादी | पहिलो हुने |
| १७ | वामदेव गौतम | २०७० | एमाले | पहिलो हुने |
| १८ | हीराबहादुर केसी | २०७० | एमाले | पहिलो हुने |
| १९ | पुनराम थापामगर | २०७० | एमाओवादी | समानुपातिक |
| २० | दुर्गा पौडेल | २०७०, २०७४ | राजमो | समानुपातिक, पहिलो हुने |
| २१ | धनबहादुर रायमाझी | २०७० | एमाले | समानुपातिक |
| २२ | कृष्णध्वज खड्का | २०७४ | माओवादी | पहिलो हुने |
| २३ | हरिप्रसाद रिजाल | २०७४ | एमाले | पहिलो हुने |
| २४ | सूर्यबहादुर थापाक्षेत्री | २०७९ | एमाले | पहिलो हुने |
| २५ | तुल्सीराम शर्मा | २०७९ | एमाले | पहिलो हुने |
| २६ | सरोज थापा (रोज राणा) | २०७९ | नेका | पहिलो हुने |
| २७ | धनलक्ष्मी श्रेष्ठ | २०७९ | नेका | समानुपातिक |
| २८ | निमा गिरी | २०७९ | नेका | समानुपातिक |

(स्रोतः रिसाल र पोखरेल, २०७५; शिवाकोटी, २०६५; निर्वाचन आयोग, २०७४; निर्वाचन आयोग, २०७९; संविधानसभा/व्यवस्थापिका संसद सचिवालय टेलीफोन डारेक्ट्री, २०६५ र २०७१; सङ्घीय संसद् सचिवालय टेलिफोन डारेक्ट्री, २०७४)

२०५१ र २०५६ सालको संसदीय निर्वाचनमा नेकपा (एमाले) र राष्ट्रिय जनमोर्चाबीच चुनावी तालमेल भएकाले प्युठानमा राष्ट्रिय जनमोर्चाका उम्मेदवारहरू निर्वाचित भएका थिए। सो तालमेलको बाबजुद पनि २०५१ सालको निर्वाचनमा राजमोका उम्मेदवार केबी (केशरबहादुर) गुरुङले नेकाका उम्मेदवार शिवराज सुवेदीसँग २६० मतले पराजित भएका थिए। केही असमझदारीका कारण एमालेका उम्मेदवार जनकबहादुर पुनमगरले निर्वाचन कार्यालयबाट उम्मेदवारी फिर्ता नगरेकाले उनको पक्षमा ९२७ मत परेको थियो, जुन मत गुरुङलाई परेको भए ६६७ मतले उनी निर्वाचित हुने थिए।

प्युठानमा क्रियाशिल राजनीतिक दलहरुको अध्ययन गर्दा २०६४ सालमा ८ वटा दल र २०७० सालमा १० वटा दल एक्ला एक्लै चुनावी मैदानमा थिए। २०७४ सालको निर्वाचनमा एमाले, माओवादी र राजमो बीचमा गठबन्धन थियो। उक्त निर्वाचनमा ९ वटा दलहरूको उम्मेदवारहरूको बीचमा प्रतिस्पर्धा भएको थियो। पहिलो हुने निर्वाचनमा दलहरुघको उम्मेदवारको तुलनामा समानुपातिकतर्फ मत प्राप्त गर्ने दलहरू भने धेरै रहेका छन्। उदाहरणको लागि, २०७४ सालको निर्वाचनमा १४ वटा दललाई समानुपातिकतर्फ मतदान गरेका थिए। प्रतिनिधिसभा क्षेत्र नं.१ बाट राजमोका दुर्गा पौडेल, प्रदेससभा क्षेत्र नं. १(१) बाट एमालेका हरीप्रसाद रिजाल र क्षेत्र नं.१(२) बाट माओवादीका कृष्णध्वज खड्का निर्वाचित भएका थिए। २०७९ सालको निर्वाचनमा नेका, माके, राजमो एकीकृत समाजवादीको बीचमा गठबन्धन रहेको थियो। प्रतिनिधिसभा क्षेत्र नं.१ बाट एमालेका सूर्यबहादुर थापाक्षेत्री निर्वाचत भए, र उनका निकतम प्रतिद्वन्द्वी जनमोर्चाका दुर्गा पौडेल थिए। प्रदेशसभा क्षेत्र नं.१(१) बाट एमालेका तुल्सीराम शर्मा र क्षेत्र नं.१(२) बाट काङ्ग्रेसका सरोज थापा (रोज राणा) निर्वाचित भएका थिए। शर्माका निकटतम प्रतिद्वन्द्वी माओवादीका कृष्णकुमार अधिकारी (प्रकाश) र थापाका निकतम प्रतिद्वन्द्वी एमालेका हरीप्रसाद रिजाल थिए।

### ७.२.१ प्युठान जिल्लामा मगरहरू

प्युठानमा मगर जातिको आदि थलो भएकाले त्यहाँका धेरै स्थान नाम पनि मगर भाषामा रहेका छन्। प्युठानका प्रमुख दुई नदीहरू झिमरुक र मारी (मादी) को नामकरण पनि मगर भाषाबाटै भएको पाइन्छ। मगर भाषाको शब्द 'झिम' र 'रु' को अपभ्रंश रूप नै झिमरुक हो। मगर भाषामा 'झिम' को अर्थ घर र 'रु' को अर्थ मानिस, अर्थात् घरका मानिस हुन्छ। त्यसै गरी 'मा' को अर्थ अप्ठ्यारो र 'री' को अर्थ पानी हुन्छ। अठार मगरात भाषामा 'बाङ' को अर्थ चौर वा समथल ठाउँ हुन्छ। प्युठानका धेरै गाविसहरूको नाममा 'बाङ' जोडिएको छ। जस्तैः स्याउलीबाङ, खबाङ, तोरबाङ, लिबाङ, दाङबाङ, गोठीबाङ, कोचीबाङ, बर्जीबाङ आदि नामहरू मगर भाषामा रहेकाले प्युठानको नाम मगर भाषामा रहन गएको र यो भूमि सबैभन्दा पहिले आवादी गर्ने जाति मगर हो भन्ने कुराको सहज निष्कर्ष निकाल्न सकिन्छ।

प्युठान मगर जातिको आदिम थलो हो र यो प्राचीन मगरात पनि हो (पोखरेल,२०५५; गिरी, २०६२ र जिल्ला विकास समिति प्युठान, २०७१)। गितु गिरीका अनुसार मध्यकालको अन्त्यसम्म प्युठान छुट्टै स्वतन्त्र राज्यका रूपमा रहेको र चन्द्रवंशी राज्यभन्दा अघि प्युठान राज्यमा मगर राजाको सम्भावना देखिन्छ। १८४३ कार्त्तिक १९ गते प्युठान राज्य विशाल नेपालमा विलय भएको थियो (गिरी, २०६२,पृ. १७)।

एच. बी. थापामगरले सन् अठारौँ शताब्दीतिर मगरात राज्य करिब १७ थुम (आजको जिल्ला जस्तो) मा विभक्त थियो, जसमा प्युठान, पर्वत, गल्कोट, इस्मा, धुर्कोट, अर्घा, खाँची, गुल्मी, पाल्पा, गरहुँ, सतहुँ, भीरकोट, ढोर, जाजरकोट, रिसिङ, घिरिङ, र पैयुँ थिए। यसको केन्द्रमा पाल्पाका राजा महादत्त सेन मगरातको अन्तिम राजा हुन पुगे (थापामगर, सन् १९९४,पृ. १९)। मोदनाथ प्रश्रितका अनुसार गण्डकी प्रदेशदेखि राप्तीसम्मका भूभागलाई 'बाहृ मगरात' तथा 'अठार मगरात' भनिन्थ्यो (प्रश्रित, २०७०,पृ. २०)। गिमलेट्टे (सन् १९९३,पृ. २३) ले मगरहरूको मूलथलो सतहुँ, पैँयु, भीरकोट, ढोर, गरहु, रिसिङ, घिरिङ, गुल्मी, अर्घा, खाँची, मुसीकोट, इस्मा र तल्लो भागमा राप्ती नदी र मस्याङ्दी नदीबीचमा रहेको बताएका छन्। राष्ट्रिय एकीकरणअघि कुनै बेला पश्चिम नेपालको बाहृ मगरात (राप्ती, लुम्बिनी र भेरी अञ्चल) मा फैलिएको पर्वतीय प्रदेशमा मगरको आफ्नो छुट्टै राज्य थियो (रेग्मी, २०४५,पृ. ४०; सिंह, २०७१,पृ. १२)।

इतिहासकार ह्यामिल्टन (सन् २००७) का अनुसार हिन्दु राजपूतहरूको आगमनभन्दा पहिले गण्डकी र राप्ती क्षेत्रमा मगरहरूको आफ्नो आधिपत्य थियो, जसलाई बाहृ थुमको नामले चिनिन्थ्यो। बाहृ मगरातका मगरहरूको विशेषत राप्ती र मर्स्याङ्दी नदीको मध्य र तल्लो भागमा बसोबास थियो (Gimlette, 1993)।

धवलस्रोत (धौलागिरि) अञ्चललाई सन् ११०० को एउटा ताम्रपत्रमा 'मंग्वर विषय' (मगरहरूको क्षेत्र) भनिएको छ। बाहृ मगरातका २८ राज्यको सूची फरक फरक पाइएका छन्। मर्स्याङ्दीदेखि सखी (हाल रोल्पा जिल्लाको होलेरी लेक) को लेकसम्मका भूभागमा लमजुङ, घिरिङ, गजरकोट, रिसिङ, तनहुँ, कास्की, पैयुँ, सतहुँ, नुवाकोट, ढोर, गरहुँ, भिरकोट, बुटवल, पाल्पा, गलकोट, पर्वत, मुस्ताङ, गुल्मी, बलिहाङ, खाँची, अर्घा, धुर्कोट, इस्मा, मुसीकोट, उदयपुर, खुङ्ग्री, भिङ्ग्री र प्युठान रहेका थिए (श्रेष्ठ, २०५९,पृ. ३०)।

१८४३ पश्चात् साबिक चौबिसी राज्यअन्तर्गत पर्ने प्युठानलाई प्रशासनिक सुविधाका हिसाबले भित्रीकोट, नारीकोट, उदयपुरकोट, मारीखोला (माडीखोला), बाइसखुवा र कालाशेष गरी ६ वटा थुममा विभाजन गरिएको थियो। २०१९ सालमा बाइसखुवा र कालाशेष रोल्पामा गाभिएपछि २०१९ सालमा प्युठान गोश्वारा रहनुपूर्व 'पाल्पा' गौडाअन्तर्गत नै रहेको थियो (जिल्ला विकास सामति प्युठान, २०७१,पृ.

४; थापा, गुरुङ र अन्य, २०६५,पृ. ५६) । प्युठान प्राचीन मगरात राज्यअन्तर्गत पर्ने शक्तिशाली केन्द्र हो । २०१९ सालपूर्व ३७ जिल्ला त्यसपछि ७५ जिल्ला र देश सङ्घीय संरचनामा गएपछि राज्यको पुनर्संरचना गरी साबिकको रुकुम जिल्लालाई पूर्वी रुकुम र पश्चिम रुकुम तथा नवलपरासीलाई दाउन्ने पूर्व र दाउन्ने पश्चिम विभाजन गरी दुई जिल्ला थप गरी ७७ जिल्ला निर्माण भएको छ।

७५ जिल्लाको संरचनागत अभ्यासमा नआउँदासम्म रोल्पाको धेरै भूभाग प्युठानमा पर्दथ्यो। प्युठान राष्ट्रिय राजनीतिमा चर्चामा आइरहने जिल्ला हो। राप्ती अञ्चलको पहाडी जिल्ला प्युठानलाई कम्युनिस्टहरूको पर्यायवाचीका रूपमा पनि बुझ्ने गरिन्छ। प्युठानले नेपाली समाजलाई राजनीतिक र वैचारिक रूपमा नेतृत्व गर्नुका साथै राजकीय नेतृत्व पनि गरेको छ। प्युठानको जनसङ्ख्या २,२८,१०२ मध्ये मगर ७४,३१२ (३२.५ प्रतिशत) रहेको छ। प्युठानको ४९ गाविस मध्ये ३१ गाविसमा मगर, १५ गाविसमा क्षेत्री र ब्राह्मण, दशनामी तथा कामी (विश्वकर्मा) क्रमशः एक-एक गाविसमा प्रमुख रहेका छन् भने १३ वटा गाविसहरूमा मगरको जनसङ्ख्या ५० प्रतिशतभन्दा माथि रहेको छ।

### ७.२.२ **स्याउलीबाङको सङ्क्षिप्त जानकारी**

स्याउलीबाङ प्युठानको सबैभन्दा विकट गाविस हो। यो जिल्ला सदरमुकामबाट ३५ किलोमिटर दूरीमा रहेको र हालसम्म सडक सञ्जालले नछोएको गाउँ हो। १२ मेगावाटको झिमरुक जलविद्युत परियोजनाको शिर हो। स्याउलीबाङ अठार मगरात मगर भाषाबाट नामकरण गरिएको नाम हो यो गाउँको कुल जनसङ्ख्या ३,५८४ मध्ये १,६२४ (४५.८ प्रतिशत) पुरुष र १,९७० (५४.९ प्रतिशत) महिला छन्। यहाँ २,१८३ (६०.८ प्रतिशत) मगर छन्।

मगर, कामी, ठकुरी, थकाली, दमाई र क्षेत्री गरी ६ वटा जातजातिको बसोबास यहाँ रहेको छ। स्याउलीबाङमा छन्त्याल र गुरुङ रहे पनि जनगणना २०६८ ले यी दुई जातिलाई समावेश गरेको देखिँदैन। स्याउलीबाङको सीमामा रहेका रोल्पा र बाग्लुङ जिल्लाका गाउँहरूमा अठार मगराती भाषा खाम/पाङ भाषा बोल्ने गरे पनि यो गाउँमा मगर भाषा बोलिँदैन। स्याउलीबाङको नामकरणबारे ८३ वर्षीय पहले बुढामगरका अनुसार नौबहीनी देवताले बच्चालाई हरियो स्याउला दिएर पठाए, त्यो स्याउला सुकेको ठाउँमा ढुङ्गाले चापेर राखे, जसलाई चौपारी (चौटारी) ढुङ्गा भनिन्छ, र स्याउला सुकेको ठाउँलाई स्याउलीबाङ भन्न थालियो।

तालिका ७.६: स्याउलीबाङको जात-जातिको विवरण

| क्र.सं | जातजाति | जनसङ्ख्या | प्रतिशत | क्र.सं. | जातजाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | मगर | २,१८३ | ६०.८ | ५. | दमाई | १२१ | ३.३ |
| २. | कामी | ७६२ | २१.२ | ६. | क्षेत्री | ८४ | २.३ |
| ३. | ठकुरी | २८१ | ७.८ | ७. | अन्य | २६ | ०.७ |
| ४. | थकाली | १२५ | ३.४ | | | | |

(Source: CBS, 2013)

पञ्चायत कालमा खड्गबहादुर शाहीठकुरी, अनकमान सेनठकुरी, मनबहादुर शाहीठकुरी, हस्तवीर बुढामगर, कुलमान बुढामगर र सूर्यबहादुर सेनठकुरी गरी ६ जना प्रधानपञ्च निर्वाचित भएका थिए। तीमध्ये ठकुरी चारजना र मगर दुईजना थिए। पहिलो प्रधानपञ्च खड्गबहादुर शाहीठकुरी जिल्ला पञ्चायत सदस्य भएपछि मनबहादुर शाहीठकुरी कार्यवाहक प्रधानपञ्च भएका थिए। प्रधानपञ्चहरूमध्ये हस्तवीर बुढामगर चार कार्यकाल अर्थात् २१ वर्ष भएका थिए भने अरू सबै एक-एक कार्यकाल प्रधानपञ्च भएका थिए।

बहुदलीय व्यवस्थामा दुईजना गाविस अध्यक्षमध्ये २०४९ सालमा राप्रपाबाट सूर्यबहादुर सेनठकुरी र २०५४ सालमा नेकपा (एमाले) बाट शम्शेर बुढामगर निर्वाचित भएका थिए, भने सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको २०७४ सालमा सम्पन्न स्थानीय निर्वाचनमा नेकपा (एमाले) का शेरबहादुर सेनठकुरी वडाध्यक्षमा निर्वाचित भएका थिए। मगरको बाहुल्य भएका गाउँमा थोरै सङ्ख्यामा रहेका ठकुरीहरूले पञ्चायत, बहुदल र गणतन्त्र सबै व्यवस्थाका निर्वाचनहरूमा प्रमुख पदमा निर्वाचित हुँदै आएका छन्, तर स्थानीय पार्टी प्रमुख भने सबै मगर छन्। थोरै जनसङ्ख्या भएको ठकुरी निर्वाचित हुँदै आउनुको कारण के हो भनी पूर्वप्रधानपञ्च अनकमान सेनठकुरीलाई जिज्ञासा राख्दा ठकुरी सबैसँग मिल्ने, वैवाहिक तथा अन्य सामाजिक सम्बन्धहरू मगरसँग भएको कारणले ठकुरी निर्वाचित हुँदै आएको बताए।[३९]

राणा र पञ्चायत कालमा पृथे बुढामगर, बुद्धसिंह बुढामगर, लोकबहादुर बुढामगर, मोतीराम घर्तीमगर, बलबहादुर शाहीठकुरी, मोहन शाहीठकुरी र भीमलाल विश्वकर्मा मुखिया थिए। विश्वकर्माले खानीसम्बन्धी हेर्दथे भने अन्यले पाखाबारी र अन्य कानुनी क्षेत्रको जिम्मेवारी लिन्थे। यी मुखियाहरूले गाउँपिच्छे आ-आफ्नो क्षेत्रका जिम्मेवारी लिन्थे। जिम्माल, डिट्ठा, घारबुरा, बहिदार, बुरौली, सुब्बालगायत पदहरू पनि थिए, जसमध्ये डिट्ठा ठकुरी र सुब्बा थकाली थिए भने बाँकी सबै मगर थिए। यी धेरै पद भए पनि मुख्य भूमिका मुखियाकै हुने गर्दथ्यो, त्यसपछि मात्र जिम्मालको जिम्मेवारी हुन्थ्यो। मुखियाको कार्यक्षेत्र पाखाबारी सम्बन्धी कर उठाउने तथा अन्य वैधानिक निर्णय गर्ने र जिम्मालको कार्यक्षेत्र खेतसम्बन्धी कर, अन्य वैधानिक निर्णय गर्ने भएकाले पहाडमा जिम्मालभन्दा मुखिया धेरै

[३९] २०२१-२०२३ सालका प्रधानपञ्च ८६ वर्षीय सेनठकुरीले २०७७ असोज २३ गते दिएको प्रतिक्रिया।

शक्तिशाली हुन्थे। यो गाविसबाट मगर अहिलेसम्म जिल्ला र केन्द्रको कुनै जनप्रतिनिधिका रूपमा निर्वाचित भएका छैनन्। सरकारी सेवामा शिक्षकबाहेक अन्य क्षेत्रमा एकजना पनि अधिकृत स्तरमा छैनन्। निजामती सेवाअन्तर्गत एकजना पनि मगरको प्रतिनिधित्व छैन।

प्युठानमा ओखरकोट, नारीकोट, बिजुलीकोट, भित्रीकोटलगायत धेरै कोटमा मगर राजा वा मुखियाहरूले राज्य सञ्चालन गरेका थिए भन्ने भनाइ पाइन्छ। तर स्याउलीबाङमा भने कोट भएको इतिहास छैन। कोट नाम रहे पनि दसैंमा कोटघरमा पूजा नगर्ने धेरै स्थानमध्ये स्याउलीबाङको कोटखोला पनि एक हो। शिव निम्न माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक हिरासिंह बुढाथोकीमगरका अनुसार स्याउलीबाङको मोटधारामा वर्तमानमा छाउरे धाराभन्दा माथि डाँडामा एउटा थुम्को छ, त्यसमा भुरे राजा बस्दथे त्यो भुरे राजा पक्कै मगर हुनुपर्दछ।[४०]

मध्यकालीन नेपालमा स्याउलीबाङमा रानसिंगे र घारीथाम गरी दुई खानी केन्द्रहरू रहेको थियो, जसका अवशेषहरू अहिले पनि छन्। दुई खानी केन्द्रमध्ये रानसिङ्गेको खानी जाटहरूको र घारीथामको खानी घारबुरा (अहिलेका बुढामगर) हरूको थियो भन्ने किंवदन्ती आम रूपमा सुन्न पाइन्छ। तत्कालीन अवस्थामा रहेको दुई खानी केन्द्रहरूको विषयमा स्याउलीबाङका पूर्व प्रधानपञ्च कुलमान बुढामगरका अनुसार "घारीथाममा बुढामगर र रानसिङ्गेमा जाटहरूको खानी थियो। जाटका धेरै सन्तान पछि हैजाले सखाप भएको र केही बाँचेकाहरू स्याउलीबाङ छाडेर अन्तै गएकाले हाल जाटहरूको कुनै नाता सम्बन्ध र वंशको जानकारी छैन।"[४१] तर अध्ययनले जाटहरू तत्कालीन समयको मगर जाति र हालको हाल छन्तेल (छन्त्याल) जाति भएको देखाउँछ (बुढामगर, २०७७,पृ. ४६४)।"

### ७.२.३ ढुङ्गेगढीको सङ्क्षिप्त जानकारी

प्युठान जिल्लाको ढुङ्गेगढी गाविसमा मातृभाषी वक्ता मगरहरूको सघन बसोबास रहेको छ। प्राचीन गढी रहेकाले नै ढुङ्गेगढी नामाकरण भएको बुझिन्छ। यो गाविसमा मगर, कामी, क्षेत्री, दमाई ब्राह्मण, मुसलमान, गुरुङ, नेवार, सन्यासी र बादी गरी १० वटा जातजातिको बसोबास रहेको छ। कुल जनसङ्ख्या ४,२६४ मध्ये पुरुष १,८९२ (४४.३ प्रतिशत) र महिला २,३७२ (५५.६ प्रतिशत) छन् जसको ७४.४ प्रतिशत मगर रहेको यो गाविसमा बाहृ मगराती मगर ढुट बोल्ने गर्दछन्।

यो गाविस जिल्ला सदरमुकाम खलङ्गादेखि ४६ किमी दूरीमा रहेको छ। ढुङ्गेगढी गाविसका प्रमुख धार्मिक, सांस्कृतिक र राजनीतिक महत्वका ऐतिहासिक स्थानहरूमा सरुमारानी, ढुङ्गेगढी, बडडाँडा आदि पर्दछन्।

---

[४०] बुढाथोकीमगरसँग २०७६ साउन १५ गते लिइएको जानकारी।

[४१] बुढामगरसँग २०७३ पुस २१ गते गरिएको कुराकानीमा प्राप्त सूचनामा आधारित।

तालिका ७.७: ढुङ्गेगढीको जात-जातिको विवरण

| क्र.सं | जातजाति | जनसङ्ख्या | प्रतिशत | क्र.सं. | जातजाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | मगर | ३,१७४ | ७४.४ | ६ | मुसलमान | ४६ | १.० |
| २. | कामी | ४९३ | ११.५ | ७ | गुरुङ | ४२ | ०.९ |
| ३. | क्षेत्री | २७६ | ६.४ | ८ | नेवार | २८ | ०.६ |
| ४. | दमाई | ७५ | १.७ | ९ | सन्यासी | २७ | ०.६ |
| ५. | ब्राहमण | ४९ | १.१ | १० | बादी | २६ | ०.६ |

(Source: CBS, 2013)

प्युठानमा धेरै कोट रहे पनि गढी भने एक मात्र ढुङ्गेगढी रहेको छ। हालको सरुमारानी गाउँपालिकाअन्तर्गत पर्ने साबिक ढुङ्गेगढी गाविसमा यो गढी रहेको छ। चन्द्रबहादुर नेवारका अनुसार “चालिसको दशकसम्म यो गढीमा ढुङ्गाका ठूला ठूला पर्खालहरू र काठका ढोकाहरू थिए, सायद राजा जमिनमुनि बस्थे होलान् । राजाको सेन्ट्री बस्ने ठाउँ र पानी खाने ठाउँ गढीभन्दा तल रहेको छ। हाल पानी खाने ठाउँलाई गाउँपालिकाले पार्कका रूपमा विकास गर्दै छ” ।[४२] गुप्तबहादुर रानामगरको विचारमा “ढुङ्गेगढीको राजा सम्भवतः मगर थिए होलान् किनकि उदयपुरकोटलगायत अन्य राजा भएको ठाउँमा लिखित इतिहास छ।”[४३]

ढुङ्गेगढीमा अहिले पनि पुरानो दरबारका भग्नावशेषहरू रहेका छन्। स्थानीय बासिन्दाका अनुसार गढीको भग्नावशेषका ढुङ्गाहरू बोटडाँडाको जनता माध्यमिक विद्यालय र गाउँ विकास समितिको भवन निर्माण गर्दा प्रयोग गरिएको थियो। साबिकको ढुङ्गेगढी गाविस सरुमारानी गाउँपालिका वडा नं. ४ र ५ मा विभाजित छ। ढुङ्गेगढीको सिद्धलेकमा वैशाख पूर्णिमाको दिन मगर पुजारीले पूजा गर्दछन्। सरुमारानी वडा नं. ६ अन्तर्गत सरुमारानी लेक पर्दछ, यो लेकभन्दा अग्लो लेक वडा नं. ४ र ५ पर्दछ। यो गाउँपालिकाको नामकरण धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्व बोकेको सरुमारानी लेकको नामबाट गरिएको हो। सरुमारानी लेकको नामकरण सम्बन्धमा स्थानीयको भनाइअनुसार बाइसे-चौबिसे राज्यकालमा त्यहाँकी रानी अग्लो पहाडको शिरमा गएर दक्षिणी तराई तथा भारतको मनोरम दृश्य हेर्ने गर्दथिन्। त्यसकारण, स्थानीय बासिन्दाले शिरमा रानी पुग्ने लेक भन्ने क्रममा उक्त लेकको नाम नै शिरमारानी रहन गयो। कालान्तरमा शिरमारानी शब्द अपभ्रंश भएर जनजिब्रोमा सरुमारानी प्रचलित हुन पुग्यो।

पूर्वप्रधानपञ्च बिनबहादुर खाम्चामगरका अनुसार, ढुङ्गेगढीमा पञ्चायत कालमा पूर्णवीर सोमैमगर, बिनबहादुर खाम्चामगर, सलिम मिया, बुद्धिबल सोमैमगर र हुतराम रानामगर प्रधानपञ्च

[४२] नेवारसँग २०७५ चैत १६ गते उनकै निवासमा गरिएको कुराकानीमा आधारित।

[४३] रानामगरसँग २०७५ चैत १६ गते राखिएको जिज्ञासामा प्राप्त जानकारी।

निर्वाचित भएका थिए।"[४४] मुस्लिमको सङ्ख्या नगण्य रहे पनि पञ्चायत कालमा एक कार्यकाल मुस्लिम प्रधानपञ्च भएका थिए भने पूर्णवीर सोमैमगर मुखिया र रणबहादुर रानामगर तथा कुवेरसिंह रानामगर जिम्माल थिए।

२०४६ साल पछिको बहुदलीय व्यवस्थामा २०४९ र २०५४ मा क्रमशः हस्तवीर दर्लामीमगर र सन्तबहादुर दर्लामीमगर राष्ट्रिय जनमोर्चा (नेकपा मसालसम्बद्ध) बाट गाविस अध्यक्षमा निर्वाचित भएका थिए। २०७४ सालको स्थानीय निर्वाचनमा साबिकको ढुङ्गेगढी गाविस सरुमारानी गाउँपालिका वडा नं. ४ र ५ मा विभाजित छ। यी वडाहरूबाट क्रमशः चिन्तबहादुर सोमैमगर नेकपा (एमाले) र सन्तबहादुर बरालमगर नेकपा (माओवादी केन्द्र) बाट वडाध्यक्षमा निर्वाचित भएका छन्।

ढुङ्गेगढी गाविस रोल्पा र प्युठान सदरमुकाम जाने मुख्य सडक तथा धार्मिक पर्यटकीय स्थल स्वर्गद्वारी जाने मूल सडकमा पर्ने भएकाले यातायातको दृष्टिकोणले सहज छ। यो गाउँका मगरहरूमा राजनीतिक चेतना बढ्दो क्रममा छ, निजामती सेवामा पनि आकर्षण रहेको छ। परम्परागत कृषि पेसाका अलावा अदुवा खेती र मौरी पालन यहाँका मगरहरूको सहायक पेसा हो। स्याउलीबाङका चित्रबहादुर बुढामगरका अनुसार "प्युठानको राजनीतिमा टाठाबाठाहरूको मात्र बोलावाला रहेको छ, मगरहरूमा जालझेलको संस्कार छैन। दूरदराजमा बस्ने मगरले राजनीतिमा नेतृत्व लिन आज त सहज छैन भने हिजोका दिनहरू त स्वाभाविक रूपमा उनीहरूको पक्षमा थिएन।"[४५] बुढामगरले भनेजस्तै जिल्ला पञ्चायतका पूर्वउपसभापति प्रेमबहादुर घर्तीमगरको अनुसार "ब्राह्मण-क्षेत्रीहरू मगरको बाक्लो उपस्थिति देखेर एकपटक अवसर दिए, उनीहरूले यसको महत्व बुझी सधैँलाई दाबी गर्छन् भन्ने बुझेकाले पनि त्यस क्षेत्रका मगरहरूले अवसर पाएनन्।"[४६]

प्युठान जिल्लाको राजनीतिक समीक्षा गर्दा प्राचीन तथा मध्य कालीन प्युठानमा मगर जातिले विभिन्न कोटहरूको माध्यमबाट राज्य सञ्चालन गरेको पाइन्छ। त्यसपछि मध्य कालको अन्त्य र आधुनिक कालको सुरुवातसम्म भित्रीकोटमा चन्द वंशले र उदयपुरकोटमा अधिकारीले राज्य गरेको अभिलेख पाइन्छ। आधुनिक नेपालको प्रारम्भदेखि हालसम्म जिल्ला र जिल्लाबाट प्रदेश तथा केन्द्रमा प्रतिनिधित्व गर्ने ४० प्रतिशत खस-आर्य समुदायको एक छत्र वर्चश्व रहेको छ (बुढामगर, २०७८,पृ. १५२)।

[४४] खाम्चामगरसँग २०७३ पुस १० गते गरिएको कुराकानीमा प्राप्त सूचनामा आधारित।

[४५] बुढामगरसँग २०७३ माघ ११ गते लिइएको अन्तर्वार्तामा व्यक्त विचार।

[४६] घर्तीमगरसँग २०७३ चैत २३ गते लिइएको अन्तर्वार्ताका क्रममा व्यक्त विचार।

### ७.३ पाल्पा जिल्लाको सङ्क्षिप्त जानकारी

पाल्पा जिल्ला १,३७३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। यसले नेपालको कुल क्षेत्रफलको ०.९ प्रतिशत भूभाग ओगटेको छ। पाल्पाको १८ प्रतिशत भूभाग चुरे पहाड र ८२ प्रतिशत भूभाग महाभारत शृङ्खलाअन्तर्गत पर्दछ। कालीगण्डकी, तिनाउ, निस्डी, आरुङ, कुसुम, बराङ्गदी, कुरुङलगायत पाल्पाका प्रमुख नदीहरू हुन्। सत्यवती ताल, सीता कुण्ड, प्रभास ताल लगायतका ताल तथा कुण्डहरू पनि यहाँ रहेका छन्।

बल्ढेङ्गढी, सत्यवती ताल, श्रीनगर डाँडा, भैरवस्थान, नारायणस्थान, ऋषिकेश मन्दिर, भगवतीस्थान, रानीघाट, अर्गली, गोखुङ्गा, रिम्घालेक, रिब्दीलेक, हात्तिलेक आदि ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरू रहेका छन्। ढाका कपडाका विभिन्न पोसाकहरू र करुवा लगायतका विभिन्न परम्परागत तथा मौलिक भाडावर्तनका उद्योगहरूले पनि पाल्पाको विशिष्ट पहिचान दिएको छ।

२०६८ को जनगणना अनुसार पाल्पा जिल्लामा अपरिचित तीन र विदेशी एक गरी ४३ वटा जातीय समूह छन् (हेर्नुहोस्, अनुसूची १८)। यो जिल्लाको कुल जनसङ्ख्या २,६१,१८० रहेको छ (CBS, 2013)। पाल्पामा १,३६,५८८ (५२.२ प्रतिशत) मगरको जनसङ्ख्या रहेको छ। पाल्पामा रहेका ६५ गाविस र एउटा नगरपालिका मध्ये ५४ गाविस र एक नगर पालिकामा मगर, नौ गाविसमा ब्राह्मण र दुई गाविसमा क्षेत्री प्रमुख जातिका रूपमा रहेका छन्। पाल्पाको ३९ गाविसमा मगरको जनसङ्ख्या ५० प्रतिशतभन्दा माथि रहेको छ। हाल पाल्पा जिल्लामा दुई नगरपालिका र आठ गाउँ पालिका गरी १० वटा स्थानीय तह छन्।

बमकुमारी बुढामगरले नेपाली सेनाको गोरा पल्टन र काला पल्टन स्थापनाको विवरण पेस गर्दै त्यी पल्टनहरूलाई हाल कालीबहादुर गण र गोरख गणमा रुपान्तरण गरेको बताएकी छन्। बुढामगरका अनुसार काला र गोराको अर्थ अठार मगरात मगर भाषामा मोल र पाल भनिन्छ। मोल/मोल्या (काला) र पाल (गोरा/सेता) नाम गरेका दुई मगरहरूमध्ये कालाले रोल्पा र गोराले पाल्पा राज्य कायम गरेका थिए। त्यसैले मोलबाट रोल्पा भएजस्तै पालबाट पाल्पा भएको हो (बुढामगर, २०७१,पृ. ७२)।

अध्येता सूर्यबहादुर घर्तीक्षेत्रीका अनुसार पाल्पा मगरहरूको घना बसोबास भएको स्थान भए पनि पाल्पा नामाकरण भने मगर भाषा वा भोटबर्मेली भाषाबाट नभएर भारोपेली भाषामा भएको हुनसक्ने उल्लेख गरेका छन्। उनका अनुसार मगरातको विघटनपछि खस सामन्त पालहरूको नामबाट पाल्पा नामाकरण भएको हुन सक्ने उल्लेख गरेका छन् (घर्तीक्षेत्री, २०६७)। पाल्पाको जिल्लाको धेरै स्थान नामहरू मगर भाषामा राखिएको छ, जस्तैः मादी, गोठाडी, झेस्काङ, हुँगी, मुझुङ, सोमादी, बाकामलाङ, झडेवा, ख्याहा, बराङ्डी, दर्छा, सिलुवा, रुप्से आदि।

सेनवंशी र मगराती पृष्ठभूमि बोकेको पाल्पा जिल्लालाई इतिहास, कला, शिक्षा र संस्कृतिको सभ्यताको धनी मानिन्छ। राणाकालीन चार कमान्डहरूमध्ये एक रहने अहिलेको अञ्चलभन्दा ठूलो प्रशासनिक एकाइका रूपमा रहेको पाल्पा सुदूरपश्चिमका जनताले समेत "गल्ती गरे पाल्पा चलान" भन्ने कथनबाट पश्चिम नेपालकै राजधानीका रूपमा पाल्पा रहेको प्रस्ट हुन्छ (https://dccpalpa.gov.np/ accessed on 15 August 2018)। नेपालको राजनीतिक इतिहासमा पाल्पा गौडा शक्तिशाली भएको र यसले ठूलो क्षेत्रफल ओगटेको पाइन्छ। २०१५ सालको निर्वाचनमा पाल्पामा दुईवटा निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं. ९३ पाल्पा पश्चिमबाट नेपाली काङ्ग्रेसका अच्युतराज रेग्मी र क्षेत्र नं. ९४ पाल्पा पूर्वीबाट नेकपाका कमलराज रेग्मी निर्वाचित भएका थिए।

२०३७ सालको जनमतसङ्ग्रहमा १,०१,९३० मतदातामध्ये ६४,७४८ मत खसेको थियो। जसमध्ये ३,९५६ मत बदर भएको थियो भने ६०,७९२ मत सदर भएको थियो। निर्दलको पक्षमा २६,९६१ र बहुदलको पक्षमा ३३,८३१ मत खसेको थियो। २०३८ सालको निर्वाचनमा हरिबहादुर थापामगर र यादवसिंह रायमाझी निर्वाचित भएका थिए। २०४३ सालको निर्वाचनमा हरिबहादुर थापामगर र गम्भीरजङ्ग कार्की निर्वाचित भएका थिए (शिवाकोटी, २०६५)।

बहुदलपश्चात् पाल्पा जिल्लामा तीनवटा निर्वाचन क्षेत्र कायम गरिएको थियो। २०४८ सालको निर्वाचनमा पाल्पाको तीनवटै निर्वाचन क्षेत्र नेका निर्वाचित भएको थियो। क्षेत्र नं. १, २ र ३ बाट क्रमशः कालुराम रानामगर, गम्भीरजङ्ग कार्की र हरिप्रसाद नेपाल निर्वाचित भएका थिए। क्षेत्र नं. १ मगरको विशिष्ट पहिचान भएको क्षेत्र पनि हो। २०४८ सालको निर्वाचन विजयी नेकाका कालुराम रानामगरले १५,९८० र प्रमुख प्रतिद्वन्द्वी एमालेका दलबहादुर रानामगरले १५,००१ मत प्राप्त गरेका थिए।

तालिका ७.८: पाल्पा जिल्लाबाट संसदमा प्रतिनिधित्व गर्ने विधायकहरूको विवरण

| क्रस | नाम थर | निर्वाचित मिति | राजनीतिक दल | निर्वाचन प्रणाली |
|---|---|---|---|---|
| १ | अच्युतराज रेग्मी | २०१५ | नेका | पहिलो हुने |
| २ | कमलराज रेग्मी | २०१५ | नेकपा | पहिलो हुने |
| ३ | कृष्णबहादुर पहाडी | २०१९, २०३३ | पञ्चायत | पहिलो हुने |
| ४ | पूर्णमान शाक्य | २०१९, २०२७ | पञ्चायत | पहिलो हुने |
| ५ | पीताम्बरध्वज खाती | २०२१, २०२७, २०३३ | पञ्चायत | पहिलो हुने |
| ६ | हरिबहादुर थापामगर | २०३८, २०४३ | पञ्चायत | पहिलो हुने |
| ७ | यादवसिंह रायमाझी | २०३८ | पञ्चायत | पहिलो हुने |
| ८ | गम्भीरजङ्ग कार्की | २०४३, २०४८ | पञ्चायत, नेका | पहिलो हुने |
| ९ | कालुराम रानामगर | २०४८ | नेका | पहिलो हुने |
| १० | हरिप्रसाद नेपाल | २०४८, २०७० | नेका | पहिलो हुने |
| ११ | दलबहादुर रानामगर | २०५१, २०६४, २०७४ | एमाले | पहिलो हुने |
| १२ | सोमप्रसाद पाण्डे | २०५१, २०५६, २०७०, २०७४ | एमाले | पहिलो हुने |
| १३ | विष्णुप्रसाद पौडेल | २०५१ | एमाले | पहिलो हुने |
| १४ | भद्रबहादुर थापामगर | २०५६ | एमाले | पहिलो हुने |
| १५ | यादवबहादुर रायमाझी | २०५६ | एमाले | पहिलो हुने |
| १६ | लिलाकुमारी बगाले सामैमगर | २०६४ | माओवादी | पहिलो हुने |
| १७ | कुलप्रसाद नेपाल | २०६४ | एमाले | पहिलो हुने |
| १८ | नारायणीदेवी घिमिरे अर्याल | २०६४ | एमाले | समानुपातिक |
| १९ | रूपा विक | २०६३, २०६४ | माओवादी | समानुपातिक |
| २० | विनोद पहाडी | २०६४ | माओवादी | समानुपातिक |
| २१ | राधाकृष्ण कँडेल | २०७० | एमाले | पहिलो हुने |
| २२ | तुलाराम घर्तीमगर | २०७४, २०७९ | माओवादी | पहिलो हुने |
| २३ | पुरनमान बज्राचार्य | २०७४ | माओवादी | पहिलो हुने |
| २४ | युवराज खनाल | २०७४ | एमाले | पहिलो हुने |
| २५ | नारायणप्रसाद आचार्य | २०७४, २०७९ | एमाले | पहिलो हुने |
| २६ | रमा घर्ती | २०७४ | एमाले | समानुपातिक |
| २७ | पुर्मती ढेंगा | २०७४ | ससफो | समानुपातिक |
| २८ | विरबहादुर रानामगर | २०७४,२०७९ | नेका | समानुपातिक, पहिलो हुने |
| २९ | राजुप्रसाद श्रेष्ठ | २०७९ | एमाले | पहिलो हुने |
| ३० | खेमबहादुर सारु | २०७९ | एमाले | पहिलो हुने |
| ३१ | ठाकुरप्रसाद गैरे | २०७९ | एमाले | पहिलो हुने |
| ३२ | तुलाराम घर्तीमगर | २०७९ | माके | पहिलो हुने |
| ३३ | इन्द्रकुमारी गहतराज | २०७९ | एमाले | समानुपातिक |

(स्रोतः रिसाल र पोखरेल, २०७५; शिवाकोटी, २०६५; निर्वाचन आयोग, २०७४; निर्वाचन आयोग, २०७९; संविधानसभा/व्यवस्थापिका संसद् सचिवालय टेलिफोन डारेक्ट्री, २०६५; २०७१; सङ्घीय संसद् सचिवालय टेलिफोन डारेक्ट्री, २०७४)

२०५१ सालको निर्वाचनमा पाल्पा निर्वाचन क्षेत्र नं. १, २ र ३ बाट एमालेका क्रमशः दलबहादुर रानामगर, सोमप्रसाद पाण्डे र विष्णुप्रसाद पौडेल निर्वाचित भएका थिए। निर्वाचन क्षेत्र नं. १ मा मगरहरूका बीचमा प्रतिस्पर्धा भएको थियो। जस अन्तर्गत एमालेका दलबहादुर रानामगर १९,६९० मत ल्याई विजयी भए भने २०४८ सालमा निर्वाचित नेकाका कालुराम राना मगर १४,८१५ मत ल्याई दोस्रो,

राप्रपाका लीलाबहादुर थापामगर ६८१ मत ल्याई तेस्रो र राष्ट्रिय जनमुक्ति पार्टीका गमबहादुर थापामगर ४३० मत ल्याई चौथो भएका थिए। २०५६ सालको निर्वाचनमा पाल्पा क्षेत्र नं. १, २ र ३ बाट एमालेका क्रमशः भद्रबहादुर थापामगर, सोमप्रसाद पाण्डे र यादवबहादुर रायमाझी निर्वाचित भएका थिए। २०५१ सालमा क्षेत्र नं. १ बाट एमालेबाट निर्वाचित दलबहादुर रानामगर भने नेकपा (माले) तर्फबाट १,४३१ मत लिई तेस्रो भएका थिए। सधैँ मगरका बीचमा प्रतिस्पर्धा हुने क्षेत्र नं. १ मा २०५६ सालमा नेकाले विजयराज घिमिरेलाई उठाएको थियो। बाँकी उम्मेदवारहरूमध्ये राजमुपा, राजमो, राप्रपाबाट मगर थिए भने राप्रपा नेपालबाट नेवार र शिवसेना नेपालबाट ब्राह्मण थिए। २०६४ सालको निर्वाचनमा पाल्पा क्षेत्र नं.१ बाट एमालेका दलबहादुर रानामगर, क्षेत्र नं. २ बाट माओवादीका लिलाकुमारी बगाले सोमैमगर, क्षेत्र नं. ३ बाट एमालेका कुलप्रसाद नेपाल निर्वाचित भएका थिए।

२०१५ सालमा दुवै निर्वाचनबाट निर्वाचित रेग्मीहरू तानसेन मेलधाराका एकै वंशजका थिए भने २०६४ सालमा एमालेबाट विजयी कुलप्रसाद नेपाल र प्रमुख प्रतिद्वन्द्वी नेकाका हरिप्रसाद नेपाल खस्यौली गाविसका एउटै वंशजका थिए। २०६४ सालको निर्वाचनमा क्षेत्र नं. १ बाट राप्रपाका ब्राह्मण थिए भने प्रमुख पार्टीहरू नेका, माओवादी तथा नेकपा एकीकृत, राजमो र राजमुपाबाट मगर उम्मेदवारहरू थिए। विधायनका रूपमा पाल्पाबाट दलितको प्रतिनिधित्व गराउने नेकपा (माओवादी) मात्र हो। २०६४ सालको संविधानसभा निर्वाचनमा नेकपा माओवादीबाट समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधित्व गर्ने रूपा विक र विनोद पहाडी दुवै दलित थिए। २०७० सालका निर्वाचनमा निर्वाचन क्षेत्रहरू क्रमशः १ र २ बाट एमालेका राधाकृष्ण कँडेल र सोमप्रसाद पाण्डे तथा क्षेत्र नं. ३ बाट नेकाका हरिप्रसाद नेपाल निर्वाचित भएका थिए।

२०७४ सालको प्रतिनिधिसभाको निर्वाचनमा दुईवटा निर्वाचन क्षेत्र रहेकोमा क्षेत्र नं. १ र २ बाट एमालेका क्रमशः दलबहादुर रानामगर र सोमप्रसाद पाण्डे निर्वाचित भएका थिए भने प्रदेशसभातर्फ क्षेत्र नं.१ को १(१) र १(२) एमालेका क्रमशः युवराज खनाल र नारायणप्रसाद आचार्य र क्षेत्र नं. २(१) बाट एमालेका पुरनमान बज्राचार्य र २(२) बाट माओवादीका तुलाराम घर्तीमगर (वसन्त) निर्वाचित भएका थिए। २०७९ सालको निर्वाचनमा नेका, माके, राजमो एकीकृत समाजवादीको बीचमा गठबन्धन रहेको थियो। २०७९ सालको प्रतिनिधिसभाको निर्वाचनमा निर्वाचन क्षेत्र नं. १ र २ बाट एमालेका क्रमशः नारायण प्रसाद आचार्य र ठाकुरप्रसाद गैरे निर्वाचित भएका थिए। आर्चायका निकतम प्रतिद्वन्द्वी नेकाका ज्ञानबहादुर गाहामगर थिए भने गैरेका निकतम प्रतिद्वन्द्वी एकीकृत समाजवादीका सोमप्रसाद पाण्डे थिए। प्रदेशसभातर्फ प्रतिनिधिसभा क्षेत्र नं.१ को १(१) र १(२) एमालेका क्रमशः राजुप्रसाद श्रेष्ठ र खेमबहादुर सारुमगर निर्वाचित भएका थिए। श्रेष्ठका निकतम प्रतिद्वन्द्वी नेकाका श्यामकान्त खनाल थिए भने सारुमगरका निकतम प्रतिद्वन्द्वी नेकाका शंकर खनाल थिए। प्रदेश सभा निर्वाचन क्षेत्र नं. २(१) बाट नेकाका विरबहादुर राना र क्षेत्र नं. २(२) बाट माओवादीका तुलाराम घर्तीमगर (वसन्त) निर्वाचित भएका

थिए । रानाका निकतम प्रतिद्वन्द्वी एमालेका परशुराम भट्टराई थिए भने घर्तीमगरका निकतम प्रतिद्वन्द्वी एमालेका ओमबहादुर घर्तीमगर थिए ।

### ७.३.१ पाल्पा जिल्लामा मगरहरू

मर्स्याङ्दीदेखि प्युठानसम्मको प्रदेशलाई बाहृ मगरात, सल्यानदेखि पश्चिमका प्रदेश खसान्त, माथिल्लो भेग जुम्लालाई भोटान देश, र सुनकोसीदेखि टिस्टासम्म किरात प्रदेश कहलाइएको पाइन्छ (श्रेष्ठ २०५९:८) । पाल्पा जिल्ला बाहृ मगरात अन्तर्गत पर्ने सामरिक भूगोलका रूपमा लिइन्छ। पाल्पा जिल्लाका विभिन्न कोटहरूमा विभिन्न राजा/मुखियाहरूले राज्य गरे पनि बल्ढेङगढीका राजा बलिहाङ रानामगर र मुकुन्द सेनको इतिहासमा विशेष चर्चा रहेको छ।

भान्सिटार्टले मुकुन्द सेनलाई पाल्पा-बुटवलका मगर राजा भनेका छन् भने टुकरले मगर लडाकुहरूको सहयोगमा बाहृ मगरात राज्य पाल्पामा राज्य गरेको उल्लेख गरेका छन् (Vansitartt, 1993; Tuker, 2009,p. 30)। विष्णुप्रसाद घिमिरेले सेन वंशावलीमा पाल्पाली सेनका पुर्खा अभय राणाले मकवानपुरवासी गजल लक्ष्मण सिंह नामका मगर राजाकी छोरी कान्तिमतीसँग विधिवत् विवाह गरेको र मुकन्द सेन प्रथमले पनि पार्कोटे मगर राजाकी छोरी सुवर्णमालासँग विवाह गरेकाले पाल्पाली सेन र मगरहरू समान देखिन्छन् भनी उल्लेख गरेका छन्। चौबिसी राज्य अन्तर्गत पर्ने राज्य पाल्पा, तनहुँ, मकवानपुर आदि क्षेत्रमा सेनहरूको भन्दा पहिला मगरकै शासन चलेको र बस्ती पनि मगर जातिको बढी भएको उल्लेख छ। मध्य कालपूर्व सो क्षेत्रले मगरातको नामले प्रसिद्धि पाएको थियो। विक्रमको १२औँ शताब्दीमा नेपालका राजा इन्द्रदेव र शङ्करदेवको शासन कालमा सामन्तहरूद्वारा शासित पश्चिम तर्फका कतिपय प्रान्तमध्ये 'गन्डी गुल्म विषय', 'मग्वर विषय' आदि पनि थिए। 'मग्वर विषय' भनी मगरातलाई सम्बोधन गरिएको र सो मगरात पाल्पामा भएको उल्लेख गरेका छ (घिमिरे, २०४५,पृ. २४-२५)।

पाल्पाका सेनहरू मगर जातिसँग सम्बन्धित भएको कुरा इतिहासकार कुमार प्रधानले खुलासा गरेका छन्। उनी लेख्छन्, "पूर्वी नेपालको तराईमा राज्य बढाउने सेनवंशी राजाहरूलाई सिक्किमको इतिहासमा घरीघरी 'मगर राजा' भनिएको छ" (प्रधान, सन् २०१०,पृ. ४)। मगराती संस्कृतिमा धर्मप्रसाद श्रीसले मगर वंशावलीलाई उद्धृत गर्दै पाल्पामा राजा हुने मंगाक्पा शाखाका प्रथम राजा सेम्वोक्सा थिए, पछि यिनै सेम्वोक्साले स्यान इङ्वा वंश लिएपछि स्यान राजा भनिन थालियो र कालान्तरमा आएर स्यान शब्दको अपभ्रंश भई सेन मगर हुन आएको ऐतिहासिक घटना पाइन्छ (श्रीस, २०३८,पृ. १८)।

### ७.३.२ पिपलडाँडाको सङ्क्षिप्त जानकारी

पाल्पा जिल्लाको सदरमुकाम तानसेनबाट ३३ किमी पूर्वमा रहेको पिपलडाँडा गाविसमा मगर, कामी, दमाई, क्षेत्री, सार्की, ब्राह्मण, नेवार र घर्ती/भुजेल गरी आठवटा जातजातिहरूको बसोबास रहेको

छ। कुल जनसङ्ख्या ५,०८४ मध्ये पुरुष २,१६३ (४२.५ प्रतिशत) र महिला, २,९२१ (५७.४ प्रतिशत) को ७०.८ प्रतिशत मगर रहेका छन्।

पिपलडाँडाका मगरहरूको मातृभाषा बाहू मगराती ढुट प्रयोगकर्ताको सङ्ख्या ३,५३४ रहेको छ। पिपलडाँडा मगर भाषा र संस्कृतिले सम्पन्न रहेको छ। त्यस गाउँका मगरबाहेक अन्य समुदायका नागरिकहरू पनि मगर भाषामा संवाद गर्ने गर्दछन्। पिपलडाँडामा मगर भाषाबाट नामकरण गरिएका थुप्रै ठाउँ छन्। जस्तैः झेस्काङ, कुवादी, घोडसिङ, लुङ्करे, गरुङ्गा, घ्याङसिङ, आरेकबारी (अहिले लसुने), बझाडी, आदि।

तालिका ७.९: पिपलडाँडाको जात-जातिको विवरण

| क्र.सं | जातजाति | जनसङ्ख्या | प्रतिशत | क्र.सं. | जातजाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | मगर | ३,६०० | ७०.८ | ६ | ब्राह्मण | ५०९ | १०.० |
| २ | कामी | ३९८ | ७.८ | ७ | नेवार | ३७ | ०.७ |
| ३ | दमाई | ४९ | ०.९ | ८ | घर्ती भुजेल | १३ | ०.२ |
| ४ | क्षेत्री | २८६ | ५.६ | ९ | अन्य | १४ | ०.२ |
| ५ | सार्की | १७८ | ३.५ | | | | |

(Source: CBS, 2013)

रकमादेवी आधारभूत विद्यालयका शिक्षक तिलबहादुर बरालमगरका अनुसार "यो गाविसमा पञ्चायत कालमा दिलबहादुर बरालमगर तीनपटक प्रधानपञ्चमा निर्वाचित भएका थिए भने चन्द्रसिंह बरालमगर मुखिया तथा हरिलाल बरालमगर जिम्माल थिए।"[४७] बहुदलपश्चात् २०४९ र २०५४ साल दुवैपटक नेपाली काङ्ग्रेसबाट मोहनसिंह सिञ्जालीमगर निर्वाचित भएका थिए।

२०७४ सालको स्थानीय निर्वाचनमा यो गाउँ रम्भा गाउँपालिका-३ अन्तर्गत रहेको छ। यस वडाबाट नेपाली कांग्रेसका थमनबहादुर गाहामगर वडाध्यक्षमा निर्वाचित भएका छन्। पिपलडाँडाका मगरबाहेक अरू जातिका नागरिक पनि मगर भाषामा संवाद गर्ने गर्दछन्। पोखरा विश्वविद्यालयका पूर्वउपकुलपति केशरजङ्ग बरालमगर यसै गाउँका हुन्। यो गाउँका मगरहरूमा शिक्षाको क्षेत्रमा जागरण आएको देखिन्छ। स्थानीय तहमा विभिन्न क्लबहरूको माध्यमबाट पनि मगर जातिमा शैक्षिक तथा सांस्कृतिक जागरण फैलाउने काम भइरहेको छ।

### ७.३.३ बल्ढेङगढीको सङ्क्षिप्त जानकारी

पाल्पा जिल्लाको सदरमुकाम तानसेनबाट ४५ किमी पश्चिममा रहेको बल्ढेङगढी गाउँ विकास समितिमा मगर, कामी, कुमाल, ब्राह्मण र सन्यासी गरी ६ वटा जातजातिको बसोबास छ। बल्ढेङगढीको

[४७] बरालमगरसँग २०७३ पुस १० गते पाल्पाको पिपलडाँडास्थित उनकै निवासमा लिइएको जानकारी।

कुल जनसङ्ख्या २,०४३ मध्ये पुरुषः ९६१ (४७.० प्रतिशत) र महिलाः १,०८२ (५२.९ प्रतिशत) को ५६.८ प्रतिशत मगर रहेको छ।

पञ्चायत कालमा सिम्ले गाउँ पञ्चायतलाई २०४९ सालको स्थानीय निर्वाचनमा विभाजन गरी वर्तमानको बल्ढेङ्गढी र सत्यवती गाविस निर्माण भएको हो। धेरै वर्षपहिले बल्ढेङ्गढीका मगरहरू आफ्नो मातृभाषा बोल्ने गरे पनि वर्तमानमा उनीहरू आफ्नो भाषा बोल्दैनन्। वर्तमान युवा पुस्ताहरूले मगर भाषा सिक्ने, मगर सङ्घ-संस्थाहरूमा क्रियाशील हुने र आफ्नो संस्कार तथा परम्पराको जर्गेनाप्रति चासो राख्ने गरेका छन्।

तालिका ७.१०: बल्ढेङ्गढीको जात-जातिको विवरण

| क्र.सं | जातजाति | जनसङ्ख्या | प्रतिशत | क्र.सं. | जातजाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | मगर | १,१६२ | ५६.८७ | ५ | ब्राह्मण | २९ | १.४१ |
| २ | क्षेत्री | ५६१ | २७.४५ | ६ | सन्यासी | ११ | ०.५३ |
| ३ | कामी | २४० | ११.७४ | ७ | अन्य | ७ | ०.३४ |
| ४ | कुमाल | ३३ | १.६१ | | | | |

(Source: CBS, 2013)

पाल्पा जिल्लाको सामरिक महत्व बोकेको बल्ढेङ्गढी गाविसले नेपालको राजनीतिक इतिहासमा समेत विशेष महत्व राख्दछ। मध्यकालीन नेपालको मध्यसम्म पश्चिम नेपालका धेरै राज्य बल्ढेङ्गढीबाट सञ्चालित थिए। बलिहाङ रानामगर बल्ढेङ्गढीका शक्तिशाली राजा थिए। बलिहाङ राजा मृत्युको मुखमा पुगेको समय सारा जनताले नाचगान गरी द्यौसी खेलेर आफ्नो राजाको प्राणरक्षा गरेका थिए। त्यही स्मरणमा आजकाल पनि हरेक तिहारमा भैलो र द्यौसी खेल्ने परम्परा रहिआएको छ (थापामगर सन्, १९९४,पृ. १७; Chemjong, 2003,p. 146)। बल्ढेङ्गढीका कमल रायमाझीका अनुसार बलिहाङ राजालाई बचाइदिनुस् भनी गाइने गीत फाइलो (फाइलोः मगर भाषामा बचाइदिनुस्) नै अपभ्रंश भएर भइलो भएको हो। बल्ढेङ्गढी राज्यको सन्दर्भमा राजा सुरेन्द्रबाट १८७२ सालमा श्रीधरका ११औं पुस्ता विष्णु उपाध्यय गौतमलाई बिर्ता दिएको र १८९८ सालमा पुनः नवीकरण गरेको इतिहास रहेको छ। हाल सत्यवती गाविसमा पर्ने बुढीदमार, गहुबारी, खुर्सानी तथा बल्ढेङ्गढी गाविसको कोदोबारी, सुकादमारमा बस्ने रानामगरहरू बलिहाङका सन्तानहरू हुन् (रायमाझी, २०७०,पृ. ६८)।

बल्ढेङ्गढी राज्यको स्थापना कर्णाली प्रदेशका मल्ल राजाहरूको शक्ति पतन भएपछि मात्र प्रारम्भ भएको देखिन्छ। किनभने कर्णाली प्रदेशका अन्तिम मल्ल राजा अभय मल्लको शक्ति १४४८ सालसम्म म्याग्दीको सन्जेल गाउँसम्म देखिन्छ। यसरी हेर्दा १४४८ देखि १८०९ सालसम्म बलिहाङ राज्यको अस्तित्व देखिन्छ। बल्ढेङ्गढी त्यो राज्यकै राजधानी थियो, त्यो राज्यका संस्थापक पनि बलिहाङ थिए भने अन्तिम राजा रनवीर रानामगर थिए। १४९३ सालमा गुल्मी, १५५० सालमा पाल्पा, १४९० सालमा अर्घा, १४९२ सालमा खाँची, १४६५ सालमा धुर्कोट, १५५० सालमा मुसीकोट र इस्मा राज्यको स्थापनापछि

बलिहाङको राज्य एक्लो र कमजोर भएको थियो। त्यसपछि सातवटै राज्य मिलेर बलिहाङको राज्यमाथि आक्रमण गरी सबैले बाँडीचुँडी गरेको उल्लेख छ। मगर भाषामा बल्ढेङगढी शब्दको चार हजार सेनाबाट बनेको सङ्गठन भन्ने अर्थ लाग्छ भनी राजाराम सुवेदीले बताएका छन् (सुवेदी, २०५५,पृ. ४५-४६)। ह्यामिल्टनले पनि १८औँ शताब्दीको सुरुतिर मगर राजा बलिहाङको विघटन भएको र उनीहरू आफैँ पहाडी र समतल गरी दुई राज्यमा विभाजन गरेका थिए भन्ने उल्लेख गरेका छन् (Hamilton, 2007,p. 47)।

इसाको चौँथो शताब्दीतिर बलिहाङले आफनो साम्राज्य खडा गरेका थिए (थापामगर २०६७,पृ. ५८)। विष्णुप्रसाद घिमिरे (२०५६ः३-४) ले *पाल्पा राज्यको इतिहास (भाग २)* मा बाबुराम आचार्यलाई उद्धृत गर्दै खाम सेनको शासन संवत् १५००-१५३० अनुमान गरेका छन्। त्यस समयमा पाल्पाका इलाका बल्ढेङमा मगरहरूको एउटा गढी देखिने उल्लेख गरेका छन्। त्यसबखत महाभारत पर्वत र चुरेको बीच क्षेत्रमा आदिवासी मगर जातिको घना बस्ती थियो। कोसी पश्चिम भेरीदेखि पूर्व महाभारतका बीच तथा दक्षिण पार्श्वमा रहेको मगरात क्षेत्र पाल्पा राज्यभित्र पर्दथ्यो भनी उल्लेख गरेका छन्। पाल्पाका राजा मुकुन्द सेनले यो राज्यको राजधानी बल्ढेङगढीलाई आफ्नो अधीनमा पारेपछि समाप्त भएको र यसका लडाकु मगर सेनाहरूलाई राज्यले आफ्नो सेनामा समायोजन गरेको थियो। उनको यस्तो कथनले पनि बलिहाङ त्यस समयको शक्तिशाालि मगर राजाका रूपमा रहेको प्रमाण मिल्दछ।

बल्ढेङगढीका पुजारी सोमबहादुर पल्लीमगर (समानसिंह) का अनुसार “बडादसैँ र वैशाखे पूर्णिमामा यहाँ ठूलो मेला लाग्दछ। छिमेकी गाविसहरू सत्यवती र जुठापौवा तथा छिमेकी जिल्लाहरू रूपन्देही र अर्घाखाँचीबाट धेरै भक्तजनको आगमन हुन्छ। कोटमा कुवारीदेवीको मन्दिर छ भने कोटको परिसरभित्र भैरमको मन्दिर पनि छ। कुवारीदेवीको पूजा गर्दा भैरमको पनि पूजा गरिन्छ, भैरमको मन्दिरमा कुखुरा र बोका दुवै काटिन्छ तर पाडा काटिन्न। कोटभन्दा तल चन्डी थान र पाँचपन्य नामको ठूलो ढुङ्गा छ। त्यसको पूजा पनि कुवारीदेवी र भैरमको पुजारी पल्लीमगरले नै गर्छन् भने कालिकाको पूजा सारुमगर र पुनमगरका कन्य केटाहरू वा झाँक्रीद्वारा गरिन्छ।”[४८]

बल्ढेङगढी कोट बल्ढेङगढी, जुठापौवा र सत्यवती गाविसको सङ्गम चुचुरो हो। यो गढीमा अहिले पनि मगर राजाले प्रयोग गरेको दरबार, इनार, रानी कुवा, चर्पी, सुरक्षा किल्ला लगायतका भग्नावशेषहरू छन्। त्यो कोटबाट नेपालका पश्चिम तराईका धेरै भाग तथा भारतका केही भाग देख्न सकिन्छ। बल्ढेङगढीका राजा बलीहाङ रानामगरका सन्तानहरू पञ्चायत कालीन तथा बहुदलीय कालीन राजनीतिमा शक्तिशाली देखिन्छन्।

पूर्वप्रधानपञ्च तथा गाविस अध्यक्ष यमबहादुर रानामगरका अनुसार बल्ढेङगढी र सत्यवती गाविस विभाजन हुनुपूर्व सिम्ले गाउँ पञ्चायतमा नरबहादुर रेश्मी थापामगर, दुर्गबहादुर रेश्मी थापामगर, र

[४८] पल्लीमगरसँग २०७३ पुस १३ गते उनको निवास बल्ढेङगढीमा लिइएको जानकारी।

२०३० सालमा सुरनसिंह बस्नेत प्रधानपञ्च भएका थिए। त्यस पश्चात् २०३९ र २०४४ सालमा बल्ढेङगढीका राजा बलिहाङका सन्तान यामबहादुर मास्की रानामगर सिम्ले गाउँ पञ्चायतको प्रधानपञ्च, बहुदल पश्चात सिम्ले गाउँ पञ्चायत सत्यवती गाविस बनेपछि २०४९ र २०५४ सालमा नेपाली काङ्ग्रेसबाट सत्यवती गाविसको अध्यक्ष निर्वाचित भएका थिए। पञ्चायत कालमा प्रेमसिंह रेश्मी थापामगर र उनका छोरा नरबहादुर रेश्मी थापामगर मुखिया र भागवीर मास्की रानामगर जिम्माल भएका थिए।[४९] यस गाउँमा मुखिया र जिम्माल बाहेक डिट्ठा, सुब्बा, घरबुरा लगायतका पदहरू थिएनन्।

बल्ढेङगढी गाविसबाट बहुदलीय कालमा २०४९ सालमा नेपाली काङ्ग्रेसका हरिबहादुर कार्की अध्यक्ष र ईश्वरी रास्कोटीमगर उपाध्यक्ष, २०५४ सालमा नेकपा (एमाले) का कुलबहादुर खड्का अध्यक्ष र लोकबहादुर रास्कोटीमगर उपाध्यक्ष निर्वाचित भएका थिए। २०७४ सालको स्थानीय निर्वाचनमा बल्ढेङगढी रैनादेवी छहरा गाउँपालिकाअन्तर्गत वडा नं. ६ रहेको छ, जहाँ नेपाली कांग्रेसका ङनबहादुर रास्कोटीमगर र २०७९ सालमा नेपाली कांग्रेसका डोमबहादुर घर्तीमगर वडाध्यक्षमा निर्वाचित भएका छन्।

### ७.४ रोल्पाको सङ्क्षिप्त जानकारी

राजनीतिक चर्चामा आइरहने रोल्पा मगर जातिको सघन बसोबास मात्र होइन राष्ट्रिय राजनीतिमा पनि प्रभाव रहेको जिल्ला हो। पञ्चायतकालमा बालाराम घर्तीमगर, रेगबहादुर सुवेदी, बमकुमारी बुढामगर लगायतका राष्ट्रिय व्यक्तित्वहरू थिए भने बहुदल आएपश्चात् बर्मन बुढामगर, कृष्णबहादुर महरा, वर्षमान पुन 'अनन्त', नन्दबहादुर पुन 'पासाङ', ओनसरी घर्तीमगर, नेत्रविक्रम चन्द 'विप्लव', सन्तोष बुढामगर, कुलबहादुर के. सी., गोकुलप्रसाद घर्तीमगर, अमर पुनमगर, थमन बुढामगर लगायत राष्ट्रिय व्यक्तित्व रहेका छन्, रोल्पा जिल्लाको कुल क्षेत्रफल १८७९ वर्गकिलोमिटर रहेको छ।

पूर्वमा बाग्लुङ र प्युठान, पश्चिममा सल्यान, दक्षिणमा दाङ र उत्तरमा रुकुम जिल्ला पर्दछन्। गोर्खा राज्य एकीकरणपूर्व यस भेगमा छुट्टै राजाले राज्य गर्दथे। यहाँको राजाहरूको प्रख्याती अन्य राजाहरूको जस्तो चर्चामा नरहेकाले सायद यो राज्य सानो हुनुपर्दछ। गजुलकोटको काठमा १७०३ सालको अभिलेख पाइएबाट त्यहाँ राजदरबार भएको हुनुपर्दछ। गजुल क्षेत्रमा राज्य भए पनि त्यहाँ कुनै समय राजा नभएकाले त्यहाँका काजीहरूले राजगुण भएको योग्य व्यक्तिको खोजी गरेको जनश्रुति छ। यसैक्रममा जाजरकोट जक्तिपुरका राजा तुथासेन आफ्नो राज्य ब्राह्मणलाई दान गरी मुक्ति क्षेत्रतर्फ धर्मदर्शनमा जाने क्रममा गजुलकोट आएका र त्यहाँका काजीहरूले राजा प्रस्ताव गरेपछि स्वीकार गरी गजुलकोटको राजा भएको उल्लेख छ।

[४९] राजा बलिहाङका सन्तान रानामगरसँग २०७३ पुस १५ गते उनकै निवास सत्यवती बुढीदमारमा लिइएको जानकारी।

तालिका ७.११: रोल्पा जिल्लाबाट संसद्मा प्रतिनिधित्व गर्ने विधायकहरूको विवरण

| क्रस | नाम थर | निर्वाचित मिति | राजनीतिक दल | निर्वाचन प्रणाली |
|---|---|---|---|---|
| १ | बालाराम घर्तीमगर | २०१९, २०२२, २०२४, २०३०, २०३८, २०४३, २०५१ | पञ्चायत, राप्रपा | पहिलो हुने |
| २ | बमकुमारी बुढामगर | २०४३ | पञ्चायत | मनोनीत |
| ३ | रेगबहादुर सुवेदी | २०३८, २०४३ | पञ्चायत, राप्रपा | पहिलो हुने |
| ४ | बर्मन बुढामगर | २०४८ | संजमो, नेपाल | पहिलो हुने |
| ५ | कृष्णबहादुर महरा | २०४८, २०६३, २०७० | संजमो नेपाल, माओवादी | पहिलो हुने |
| ६ | लेखनाथ आचार्य | २०५६ | नेका | पहिलो हुने |
| ७ | सुरेन्द्र हमाल | २०५१, २०५६ | नेका | पहिलो हुने |
| ८ | जयपुरी घर्तीमगर | २०६३, २०६४, २०७४ | माओवादी | पहिलो हुने |
| ९ | सन्तोष बुढामगर | २०६३, २०६५ | माओवादी | पहिलो हुने |
| १० | ओनसरी घर्तीमगर | २०६४, २०७०, २०७४ | माओवादी | पहिलो हुने |
| ११ | खुमा सुवेदी | २०६४ | माओवादी | समानुपातिक |
| १२ | तारा घर्तीमगर | २०६४ | माओवादी | समानुपातिक |
| १३ | जोखबहादुर महरा | २०६४, २०७९ | माओवादी | समानुपातिक, पहिलो हुने |
| १४ | रीमाकुमारी नेपाली | २०६४ | एमाले | समानुपातिक |
| १५ | गोकुलप्रसाद घर्तीमगर | २०७० | एमाले | समानुपातिक |
| १६ | अमरसिंह पुनमगर | २०७० | नेका | समानुपातिक |
| १७ | वर्षमान पुनमगर (अनन्त) | २०७४, २०७९ | माओवादी | पहिलो हुने |
| १८ | कुलप्रसाद केसी | २०७४ | माओवादी | पहिलो हुने |
| १९ | दीपेन्द्रकुमार पुनमगर | २०७४, २०७९ | माओवादी, स्वतन्त्र | पहिलो हुने |
| २० | इश्वरी घर्ती | २०७९ | एमाले | समानुपातिक |
| २१ | यमुना रोका तामाङ | २०७९ | एमाले | समानुपातिक |
| २२ | मिना बुढामगर | २०७९ | माके | समानुपातिक |

(स्रोतः रिसाल र पोखरेल, २०७५; शिवाकोटी, २०६५; निर्वाचन आयोग, २०७४; निर्वाचन आयोग, २०७९; संविधानसभा/व्यवस्थापिका संसद सचिवालय टेलीफोन डारेक्ट्री २०६५ र २०७१; सङ्घीय संसद सचिवालय टेलिफोन डारेक्ट्री, २०७४)

२०३७ सालको जनमत सङ्ग्रहमा रोल्पामा ८५,१४७ मतदातामध्ये ४४,९९० मत खसेको थियो। जसमध्ये ३,५९९ मत बदर भएको थियो भने ४१,३९१ मत सदर भएको थियो। त्यसमध्ये २८,९८३ मत निर्दल र १२,४०८ बहुदलको पक्षमा खसेको थियो (शिवाकोटी, २०६५)।

२०३८ र २०४३ सालको निर्वाचनमा दुईवटा निर्वाचन क्षेत्रहरूमध्ये क्षेत्र नं. १ बाट बालाराम घर्तीमगर र क्षेत्र नं. २ बाट रेगबहादुर सुवेदी विजय भएका थिए। २०४३ सालको निर्वाचनमा निर्वाचन आयुक्त (जिल्ला न्यायाधीश) ले बमकुमारी बुढामगर विजयी भएको घोषणा गरेका थिए। तर सुवेदीको दबाबमा पुनः मतगणना गरी रेगबहादुर सुवेदी विजयी भएको घोषणा गरेका थिए (बमकुमारी बुढामगर, २०७३ फागुन ९ गते, अनुसूची ४)। उक्त निर्वाचनमा सुवेदीले १७,१२५ (३९.६ प्रतिशत) र बुढामगरले १६,९२१ (३९.२ प्रतिशत) र तेस्रो मत प्राप्त गरेका पृथ्वीप्रसाद रोकामगरले १५,९०८ (३६.८ प्रतिशत)

मत प्राप्त गरेको घोषणा गरियो। उक्त परिणामको विपक्षमा बुढामगरले अदालतमा मुद्दासमेत दर्ता गराएका थिए।

२०४८ सालको निर्वाचनमा संयुक्त जनमोर्चाका बर्मन बुढामगर र कृष्णबहादुर महरा निर्वाचित भएका थिए। जनमोर्चाका बुढामगरका निकतम प्रतिद्वन्द्वी राप्रपाका बालाराम घर्तीमगर थिए भने महराका निकतम प्रतिद्वन्द्वी नेकाका अमृत घर्तीमगर र तेस्रो प्रतिद्वन्द्वी राप्रपाका पृथ्वीप्रसाद रोकामगर थिए। २०५१ सालको निर्वाचनमा राप्रपाका बालाराम घर्तीमगर र नेकाका सुरेन्द्र हमाल निर्वाचित भएका थिए। राप्रपाका घर्तीमगरको प्रमुख प्रतिद्वन्दी नेकाका अमृत घर्तीमगर थिए। २०५६ सालमा नेकाका लेखनाथ आचार्य र सुरेन्द्र हमाल निर्वाचित भएका थिए, नेकाका आचार्यका प्रमुख प्रतिद्वन्दी राप्रपाका भुपनारायण घर्तीमगर रहेका थिए।

२०६४ सालको संविधानसभाको निर्वाचनमा माओवादीका जयपुरी घर्तीमगर र पुष्पकमल दाहाल (प्रचण्ड) निर्वाचित भएका थिए। माओवादीका दाहाल काठमाडौँ क्षेत्र नं. १० बाट पनि निर्वाचित भएकाले २०६५ सालमा रोल्पा क्षेत्र नं. २ मा उपनिर्वाचन भई माओवादीका सन्तोष बुढामगर निर्वाचित भएका थिए। उनका निकतम प्रतिद्वन्द्वी नेकपा (एमाले) का हरीप्रसाद घर्तीमगर थिए। २०७० सालको संविधानसभा निर्वाचनमा क्षेत्र नं. १ बाट माओवादीका कृष्णबहादुर महरा र क्षेत्र नं. २ बाट ओनसरी घर्तीमगर निर्वाचित भएका थिए। २०७४ र २०७९ सालको प्रतिनिधिसभाको निर्वाचनमा माओवादीका वर्षमान पुनमगर (अनन्त) निर्वाचित भए २०७४ सालमा उनको निकतम प्रतिद्वन्द्वी नेकाका अमरसिंह पुनमगर भने २०७९ सालमा एमालेका पूर्ण बुढामगर थिए। २०७४ सालमा प्रदेशसभातर्फ क्षेत्र नं. १(१) बाट माओवादीका कुलप्रसाद के. सी. र २०७९ मा माओवादी कै जोखबहादुर महरा र क्षेत्र नं. १(२) बाट माओवादीका दीपेन्द्रकुमार पुनमगर २०७४ र २०७९ सालमा उनै पुनमगर गठबन्धनबाट विद्रोहगरी स्वतन्त्र उम्मेदवार भई दुवै पटक निर्वाचित भएका थिए। २०७९ सालमा महराका निकतम प्रतिद्वन्द्वी एमालेका कमलबहादुर बुढाथोकी र दीपेन्द्रकुमार पुनमगरका निकतम प्रतिद्वन्द्वी नेकाका अमरसिंह पुनमगर थिए।

२०१८ सालभन्दा पहिले नेपालमा ३४ (बालाराम घर्तीले शोधकर्तासङ्ग ३७ जिल्ला भनेका छन्) जिल्लाहरू कायम गरिएको थियो। त्यस बेला वर्तमानको रोल्पा भन्ने जिल्ला थिएन। रोल्पाका केही भाग प्युठान र केही भाग सल्यानमा पर्दथ्यो। २०१८ सालमा ३४ जिल्लालाई ७५ वटा जिल्लाहरूमा विभाजन गर्दा सात सय सखी, आठ हजार बुढागाउँ, नौ सय मारीखोला, रोल्पा बाइसखुवा र कालाशेष थुमका नामले चिनिने रोल्पालाई छुट्टै रोल्पा जिल्लाका रूपमा स्थापना गरियो। २०१८ सालमा ३३ वटा गाउँ पञ्चायत रहेको रोल्पा २०३४ सालमा सीमा हेरफेर गरी ५१ वटा गाउँ पञ्चायत बनाइयो र बहुदलीय व्यवस्थाकालमा पनि ५१ वटा गाउँ विकास समितिहरू थिए, हाल रोल्पामा नौवटा स्थानीय तह छन्।

साम्यवादको अभ्यास भइरहेको जन-कम्युन जलजला अध्ययन अनुसन्धानको आकर्षण रहेको छ भने जनयुद्धका कारणले समाज रूपान्तरणका रूपमा महिलाले हलो जोत्ने संस्कृतिको थालनी पनि रोल्पाबाट भएको छ (https://ddcrolpa.gov.np accessed on 23 January 2019)।

रोल्पा जिल्लामा अपरिचित अन्य तीन समूहसहित जम्मा ३१ वटा जातजातिको बसोबास रहेको छ (हेर्नुहोस् अनुसूची १९)। रोल्पाको कुल जनसङ्ख्या २,२४,५०६ रहेको छ, जसमध्ये ९७,०११ अर्थात् ४३.२ प्रतिशत मगरको सङ्ख्या छ (CBS, 2013)। रोल्पाको ५१ गाविस मध्ये ३४ गाविसमा मगर, १७ गाविसमा क्षेत्री प्रमुख जाति रहेको छ भने २६ गाविसमा मगरको जनसङ्ख्या ५० प्रतिशतभन्दा माथि छ। सर्वेक्षण गरिएको गाम गाविसमा मगरको जनसङ्ख्या ७७.२ प्रतिशत र नुवागाँउमा ५५.९ प्रतिशत बसोबास रहेको छ। गाम गाविसका मगरहरूले आफ्नो मातृभाषा रूपमा अथार मगराती खाम/पाङ प्रयोग गर्दछन् भने नुवागाउँका मगरहरूले आफ्नो मातृभाषा प्रयोग गर्दैनन्।

जिल्ला विकास समिति रोल्पाका अनुसार रोल्पा भनेर चिनिने यो जिल्ला 'रोल्पाथुम' का कारण रोल्पा नाम रहन गएको हो। तर रोल्पा भन्ने ठाउँ सीमा हेरफेरका कारणले हाल सल्यान जिल्लामा पर्दछ (https://ddcrolpa.gov.np; accessed on 23 January 2019)। बमकुमारी बुढामगरका अनुसार मोल्पाबाट कालाशेष रहन गएको हो। उनका अनुसार 'मोल' भनेको काला र 'पा' भनेको हिस्सा वा टुक्रा हुन्छ (बुढामगर, २०५५,पृ. १८)। रोल्पा जिल्लाको धेरै स्थान नामहरू मगर भाषामा छन्, जस्तैः भाबाङ, धबाङ, हार्जाङ, जेडबाङ, कोर्चाबाङ, लिबाङ, तालाबाङ, तेबाङ, थबाङ, जिनाबाङ, आदि।

### ७.४.१ रोल्पा जिल्लाका मगरहरू

प्राचीन मगरात अन्तर्गत अठार मगरातको केन्द्र पर्ने रोल्पा बारम्बार राजनीतिक चर्चामा आइरहने जिल्ला हो। तत्कालीन प्युठानलाई भित्रीकोट, नारीकोट, उदयपुरकोट, मारीखोला (माडीखोला), बाइसखुवा र कालाशेष गरी ६ वटा थुममा विभाजन गरिएको थियो। २०१९ सालमा बाइसखुवा र कालाशेषलाई छुट्ट्याएर रोल्पा जिल्ला स्थापना गरिएको थियो (जिल्ला विकास समिति प्युठान, २०७१,पृ. ४)।

बमकुमारी बुढामगरका अनुसार अठार मगरातमा अन्तिमसम्म बाँकी रहेको राज्य रोल्पा जङ्कोट हो। दार्‍या जैतम शक्तिशाली राजा थिए। उनकी रानीको नाम तुम्मावती थियो। उनी आफ्नो राज्य स्थापना गर्ने क्रममा विभिन्न ठाउँमा पानी खोज्दै हिँडे, सबभन्दा गह्रुँगो पानी रुजङ (जङ्कोट) मा भेटिएकाले त्यही राज्य स्थापना गरे भन्ने किंवदन्ती छ। उनको दरबार तपनाङ (टपनाङ) को कोटालिम भन्ने ठाउँमा थियो। बुढामगरका अनुसार अठार मगरातका अन्तिम राजा दार्‍या जैतमका सबै सन्तान प्राकृतिक विपत्तिले (पहिरो) खत्तम गरेको थियो। दार्‍या जैतमको अवसानपछि मगरहरूको राज्य कमजोर भई तालुक अमालजस्ता राजनीतिक व्यवस्था कायम गरियो।

रोल्पा राजनीतिक मात्र होइन, पर्यटकीय र सांस्कृतिक दृष्टिले पनि सम्पन्न जिल्ला मानिन्छ। रोल्पामा जलजला, सुनछहारी, राकमधुरी, जेडबाङ देउराली, स्वर्गद्वारी प्रभुको जन्मस्थान रुन्टी (सखी), शिवमन्दिर खुँग्री, गुम्चाल, जुगार, कुमकोठी, बिबाङ दहलगायत धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरू रहेका छन्। मगर जातिको अध्ययन अनुसन्धानका लागि यो क्षेत्र प्रमुख गन्तव्यस्थल बन्ने सम्भावना छ। जलजला क्षेत्रसँग जोडिएका थबाङ, जेलबाङ, उवा, मिरुल, धबाङ, सेरम, गाम, कुरेलीलगायतका गाउँ बस्तीहरूमा अठार मगराती भाषी अर्थात् खाम मगरभाषीहरूको बाक्लो बसोबास रहेको छ। यहाँको मगरको वेशभूषा, रहनसहन र जीवनशैली मौलिक छ। माघे सकराती, भूम्या पूजा, पैसारु, सराङ्गे, मारुनी आदि यहाँका मगरका प्रमुख संस्कृति हुन् (https://www.ddcrolpa.gov.np accessed on 23 January 2019)।

७.४.२ **गामको सङ्क्षिप्त जानकारी**

रोल्पा जिल्लाको गाम गाविस जिल्ला सदरमुकामबाट ८० किलोमिटरको दुरीमा रहेको छ। गाम रोल्पाको विकट गाउँमध्ये एक हो। थबाङको जलजलापछिको उच्च पहाड कोठी रहेको यो गाउँ गण्डकी प्रदेशको बाग्लुङ जिल्लाको निसी गाउँपालिका र लुम्बिनी प्रदेशको प्युठान जिल्लाको नौबहीनी गाउँपालिकासँग सीमा जोडिएको छ। माओवादी युद्धको प्रस्थान बिन्दुका रूपमा यो गाउँलाई लिन सकिन्छ।

जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक बागवीर घर्तीमगरले दिएको जानकारी अनुसार पञ्चायत कालमा रङ्ग बुढामगर, खते घर्तीमगर, पूर्ण घर्तीमगर, तिलबहादुर घर्तीमगर, गौवीर घर्तीमगर र वीरबहादुर बुढामगर (बिरु) प्रधानपञ्च थिए। तीमध्ये वीरबहादुर (विरु) बुढामगर यो गाउँ पञ्चायतको शक्तिशाली प्रधानपञ्च थिए। पञ्चायतकालमा रने घर्तीमगर, दिलभान घर्तीमगर, तिलबहादुर घर्तीमगर, नरबहादुर घर्तीमगर बाहिरी गाम (ठुलो गाम) १२ आना[५०] मुखिया र भित्रीगाम (गोहाखोला) का नरे बुढामगर, केशरबहादुर बुढामगर र टेकबहादुर बुढामगर ४ आना मुखिया थिए। मुखिया टेकबहादुर बुढामगरका अनुसार गाममा जिम्माल प्रथा धेरै पहिले नै हटिसकेको थियो। पञ्चायत अवधिभर गामको सचिव बलबहादुर घर्तीमगर थिए। १२ आना मुखियाले हेर्ने ठूलो गाउँसहित धेरै क्षेत्र थियो भने ४ आनाको मुखियाले सानो क्षेत्र (मौलाबन, जिगुङधारा र गोहाखोला) हेर्ने गर्दथे।[५१]

[५०] बागवीर घर्तीमगरले दिएको जानकारी अनुसार मुख्य १६ आना हुन्छ र मुख्य मातहतमा घारबुरा र बहिदार रहेका हुन्छन्।
[५१] चार आना मुखिया बुढामगरसँग २०७३ माघ १४ गते रोल्पाको गोहाखोलास्थित उनकै निवासमा लिइएको जानकारी।

बहुदलीय प्रजातन्त्र व्यवस्थापछि २०४९ सालमा तत्कालीन संयुक्त जनमोर्चाका उदवीर बुढामगर र २०५४ सालमा एमालेका मनबहादुर घर्तीमगर अध्यक्ष निर्वाचित भएका थिए। २०५२ सालको माओवादी युद्धपश्चात् माओवादी शक्तिशाली रहेको गाउँका रूपमा चिनिन्छ। २०७४ सालको स्थानीय निर्वाचनमा गाम गाविस सुनछहारी गाउँपालिका अन्तर्गत वडा नं. २ र ३ मा पर्दछ। यी वडामध्ये २ बाट नेपाली काङ्ग्रेसका तेमन घर्तीमगर र ३ बाट नेकपा (एमाले) का मोतबहादुर घर्तीमगर वडाध्यक्षमा निर्वाचित भएका छन्।

कुल जनसङ्ख्या ४,००६ मध्ये महिला २,१६३ (५३.९ प्रतिशत) र पुरुष १,८४३ (४६.० प्रतिशत) रहेका छन्। मगर, कामी, दमाई, क्षेत्री, सार्की, ब्राह्मण र गुरुङ जातजातिको बसोबास रहेको गाममा ७७.२ प्रतिशत मगर बसोबास गर्दछन्। गाममा ३,०२६ जना अथार मगराती भाषा वक्ता र गुरुङ भाषा वक्ता १२ जना देखाएको छ (CBS, 2013)। गाममा क्षेत्री र ब्राह्मणको बसोबास नभए पनि जनगणनाको समयमा त्यहा कार्यरत कर्मचारीहरूले सोही गाउँमा अभिलेख लेखाउनु पर्ने सरकारी नीतिका कारण  क्षेत्री र ब्राह्मणको अभिलेख कायम भएको हुन सक्छ।

तालिका ७.१२: गामको जात-जातिको विवरण

| क्र.सं | जातजाति | जनसङ्ख्या | प्रतिशत | क्र.सं. | जातजाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | मगर | ३,०९३ | ७७.२ | ५ | सार्की | १९ | ०.४ |
| २ | कामी | ७४४ | १८.५ | ६ | ब्राह्मण | १३ | ०.३ |
| ३ | दमाई | १०४ | २.५ | ७ | गुरुङ | १२ | ०.१ |
| ४ | क्षेत्री | २० | ०.४ | ८ | अन्य | १ | ०.० |

(Source: CBS, 2013)

२०५२ फागुन २ गते पुष्पकमल दाहाल (प्रचण्ड) ले नेतृत्व गरेको तत्कालीन नेपाल कम्युनिस्ट पार्टी माओवादीले गरेको विद्रोहलाई 'रोल्पा विद्रोह' का रूपमा बुझ्ने गरिन्छ। माओवादीले घोषणा गरेको विद्रोहको नाम जनयुद्ध थियो। धेरै मानिसले जनयुद्ध रोल्पा-रुकुमबाट सुरु भयो भन्छन् भने केही मानिसले थबाङ भन्ने गर्दछन्। थबाङ कम्युनिस्ट पार्टी र माओवादीको ऐतिहासिक बिरासत भएको ठाउँ हो तर २०५२ सालमा माओवादीले सञ्चालन गरेको जनयुद्धको उद्गम स्थान रोल्पाको गाम गाउँ विकास समिति हो। गामको जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक बागवीर घर्तीमगरका अनुसार तमाके मेलामा ( २०५१ सालको असौजे मेला) राप्रपाको स्थानीय मगर नेताहरूको नेतृत्वमा संयुक्त जनमोर्चाका कार्यकर्ताहरूलाई लखेटे। त्यसैको बदलास्वरूप संयुक्त जनमोर्चाका स्थानीय मगर नेताहरूको नेतृत्वले २०५२ असोज २२ गते पूर्णिमाका दिन राप्रपामाथि आक्रमण गरे। त्यहाँको आक्रमणपछि धेरै जनमोर्चाका कार्यकर्ताहरूलाई राज्यले पक्रिने, मुद्दा हाल्ने, कुटपिट गर्ने काम गऱ्यो। हाल उक्त मेला जनवादी मेलाका नाममा ठूलो गामस्थित जनता माध्यमिक विद्यालयको नजिकै गरिन्छ।

इतिहासकार सुरेन्द्र केसीका अनुसार माओवादी जनयुद्धका क्रममा २०५९ साल वैशाख २४ गते माओवादी जनमुक्ति सेनाद्वारा गामको डाँडामा रहेको सरकारी सेनाको बेस क्याम्पमाथि आक्रमण गर्दा १०४ सरकारी सेना र ३५ जना माओवादी सेनाले मृत्युवरण गरेका थिए (के. सी., २०६५,पृ. ४२९)। South Asia Terrorism Portal (SATP) का अनुसार माओवादी शान्ति प्रक्रियामा आइसकेपछि गामका टेकवीर बुढामगरले मङ्गोल रिभेन्ज ग्रुपका नाममा सशस्त्र समूह तयार गरी २०६५ माघ २४ गते ( सन् २००९ फेब्रुअरी ६) प्युठान स्याउलीबाङको प्रहरी चौकी आक्रमण गरी हतियार लुट्नुका साथै एक प्रहरी जवान सुमन जिसीको हत्या गरेका थिए (https://www.satp.org/terrorist-activity/nepal-na-provinceno5-Feb-2009 accessed on 4 September 2020)।

बुढामगरलाई २०६६ वैशाख २४ गते (सन् २००९ मे ७) मा अपरिचित समूहद्वारा गाममा हत्या गरी उनको समूहमा रहेको हतियार बरामद गरी जिल्ला प्रशासन कार्यालय रोल्पा लिई नष्ट गरेको थियो (https://www.thehimalayantimes.com/nepal/Sophiscated-Weapond-Seized/9May 2009 accessed on 4 September 2020)। २०६४ सालको निर्वाचनमा तत्कालीन माओवादी पहिलो भएको थियो। २०७० सालको निर्वाचनमा भने नेका पहिलो, एमाले दोस्रो र माओवादी तेस्रो स्थानमा आएको थियो। राजनीतिक क्षेत्रमा नेकपा माओवादी केन्द्रीय सदस्य मानबहादुर बुढामगर यस गाविसका प्रमुख व्यक्ति हुन्।

### ७.४.३ **नुवागाउँको सङ्क्षिप्त जानकारी**

जिल्ला सदरमुकाम लिबाङबाट ४८ किलोमिटर दुरीमा नुवागाउँ रहेको हो। नुवागाउँमा मगर, कामी, दमाई, क्षेत्री, सन्यासी, बादी र ठकुरी गरी सात वटा जातजातिका जम्मा ४,५४८ मध्ये महिला २,३९३ (५२.६ प्रतिशत) र पुरुष २,१५५ (४७.३ प्रतिशत) जनसङ्ख्या मध्ये ५५.९ प्रतिशत मगर रहेको छ। नुवागाउँ रोल्पाको पृथक् पहिचान भएको गाउँ हो। रोल्पा भन्नेबित्तिकै मगरभाषी, मगर संस्कार संस्कृतिले भरिपूर्ण भन्ने अनुमान गरिन्छ, तर नुवागाउँ त्यो विशेषताबाट पृथक रहेको छ। नुवागाउँमा पहिले क्षेत्री र मगरको जनसङ्ख्या बराबरी रहे पनि पछिल्लो समयमा क्षेत्रीहरू दाङ बसाइँ सरेकाले मगरहरूको बाहुल्य छ। मगरहरूमा सांस्कृतिक अन्तरघुलनको धेरै प्रभाव रहेको छ, अन्तरजातीय विवाह सामान्य रूपमा लिने गरिन्छ। शिक्षा र स्वास्थ्यमा पनि नुवागाउँका मगरहरूको राम्रो प्रभाव छ। नुवागाउँका दलितहरूको शैक्षिक अवस्था सन्तोषजनक छ। उनीहरू प्रवेशिका उत्तीर्ण गरी गाउँका स्कुलहरूमा अध्यापन गराइरहेका छन्। दाङको घोराही हुँदै रोल्पाको होलेरी, घर्तीगाउँबाट रुकुमको चुनबाङ जाने मूल सडक यसै गाउँमा पर्ने भएकाले आधुनिक र व्यावसायिक खेती प्रणालीतर्फ यहाँका मानिस उन्मुख छन्।

मगर जातिबाट राजनीतिक रूपमा पञ्चायत कालमा जिल्ला पञ्चायतका उपसभापति रहेका टेकबहादुर बुढामगर नै यो गाउँ विकास समितिको सबैभन्दा माथिल्लो पदमा पुगेका व्यक्ति हुन्। पञ्चायत

कालमा तीन पटक सम्म प्रधानपञ्च निर्वाचित भएका बुढामगर २०३५ सालमा उपसभापति निर्वाचित भएपछि रोमहर्ष गौतम प्रधानपञ्च भएका थिए। त्यसपछिका सबै निर्वाचनहरूमा प्रमुखमा क्षेत्री र उपप्रमुखमा मगर निर्वाचित हुने गरेका छन्। पहिले नेपाल शिक्षा प्राथमिक विद्यालय र हाल अरनिको उच्च माध्यमिक विद्यालय स्व. टेकबहादुर बुढामगरले २०१८ सालमा स्थापना गरेका हुन्।[५२]

तालिका ७.१३: नुवागाउँको जात-जातिको विवरण

| क्र.सं | जातजाति | जनसङ्ख्या | प्रतिशत | क्र.सं. | जातजाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | मगर | २,५४३ | ५५.९ | ५ | सन्यासी | ५५ | १.१ |
| २ | कामी | ८४० | १८.४ | ६ | बादी | ३५ | ०.२ |
| ३ | दमाई | १६४ | ३.६ | ७ | ठकुरी | २६ | ०.५ |
| ४ | क्षेत्री | ८३६ | १८.३ | ८ | अन्य | २० | ०.४ |

(Source: CBS, 2013)

२०४४ सालमा रोबरबहादुर बस्नेत प्रधानपञ्च थिए भने उपसभापति र मुखिया टेकबहादुर बुढामगर र जैबहादुर बुढामगर जिम्माल थिए। बहुदल पश्चात् २०४९ र २०५४ मा नेकपा (एमाले) बाट क्रमशः धनबहादुर ओली र शान्तराज बोहोरा निर्वाचित भएका थिए भने उपाध्यक्षमा एमालेकै भीमराज बुढामगर दुईवटै निर्वाचनमा निर्वाचित भएका थिए। हाल रोल्पा जिल्ला अस्पतालका प्रमुख डा. धनमाया घर्तीमगर र स्वास्थ्य मन्त्रालय अन्तर्गत जनस्वास्थ्य निरीक्षक (छैटौं तह) रणबहादुर घर्तीमगर छन्। २०७४ सालको स्थानीय निर्वाचनबाट त्रिवेणी गाउँ पालिकाका उपाध्यक्ष सावित्रा बुढा घर्तीमगर पनि यही गाउँका हुन्। साबिकको नुवागाउँ हाल त्रिवेणी गाउँ पालिकाको वडा नं. २ मा पर्दछ, त्यस वडाबाट नेकपा (एमाले) का कविराज बुढामगर निर्वाचित भएका छन्।

### ७.५ उत्तरदाताहरूको जनसाङ्ख्यिक अवस्था

तीन जिल्लाका ६ वटा गाविसबाट १७६ जना उत्तरदाताहरूसँग सर्वेक्षण प्रश्नावली भरिएको थियो। प्रश्नावली भर्नेहरूमा १८-३० वर्ष उमेर समूहका ४०.३ प्रतिशत, ३१-४५ वर्ष समूहका ३०.७ प्रतिशत, ४६-६० वर्ष समूहका १९.३ प्रतिशत, ६१ वर्ष भन्दा माथिका ९.७ प्रतिशत रहेका छन्।

सहभागीमध्ये ६७.६ प्रतिशत पुरुष र ३२.४ प्रतिशत महिला रहेका छन्। शैक्षिक हिसाबले विद्यालय तह पढेका ५२.३ प्रतिशत, उच्च शिक्षा हासिल गरेका २९ प्रतिशत, साक्षर १७.६ प्रतिशत र निरक्षर १ प्रतिशत रहेका छन्। पेसागत हिसाबले कृषि तथा पशुपालन ९७.७ प्रतिशत, सरकारी सेवा ३०.६ प्रतिशत, खाडी मुलुकमा जागिर गर्ने २१.५ प्रतिशत, ज्यालादारी/मजदुर १९.८ प्रतिशत, व्यापार-व्यवसाय १४.२ प्रतिशत, ब्रिटिस सेना, सिङ्गापुर प्रहरी र भारतीय सेनामा आबद्ध २.८ प्रतिशत र ०.५

[५२] पूर्व उपसभापति स्वर्गीय टेकबहादुर बुढामगरको छोरा ६७ वर्षीय पहलमान बुढामगरसँग २०७३ मङ्सिर २८ गते रोल्पाको नुवागाउँस्थित उनकै निवासमा लिइएको जानकारी।

प्रतिशत अन्य पेसामा रहेका थिए। सरकारी पेसामा आबद्ध १५.८ प्रतिशत हुनु र ५०.४ प्रतिशत परम्परागत कृषिमा आधारित हुनुले नै मगर बहिष्करणमा रहेको प्रस्ट गर्दछ।

तालिका ७.१४: उत्तरदाताहरूको सामाजिक जनसाङ्ख्यिक अवस्था

| **विषय** | **पाल्पा** | **रोल्पा** | **प्युठान** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| १. **लिङ्ग** | | | | | |
| महिला | २३ | १७ | १७ | ५७ | ३२.३ |
| पुरुष | २८ | ५१ | ४० | ११९ | ६७.६ |
| २. **उमेर** | | | | | |
| १८-३० | २६ | २२ | २३ | ७१ | ४०.३ |
| ३१-४५ | ८ | २४ | २२ | ५३ | ३०.१ |
| ४६-६० | २२ | १४ | ८ | ३४ | १९.३ |
| ६१ भन्दा माथि | ५ | ८ | ४ | १७ | ९.६ |
| ३. **शिक्षा** | | | | | |
| निरक्षर | ० | १ | १ | ३ | १.७ |
| साक्षर | ४ | १२ | १५ | ३१ | १७.६ |
| स्कूलतह | २६ | ३२ | ३४ | ५३ | ३०.१ |
| उच्चशिक्षा | २१ | २३ | ७ | २९ | १६.४ |
| ४. **पेसा** | | | | | |
| कृषि तथा पशुपालन | ५० | ६५ | ५७ | १७२ | ९७.७ |
| सरकारी सेवा | २४ | २३ | ७ | ५४ | ३०.६ |
| खाडी मुलुक/मलेसिया जागिर/मजदुरी | ९ | ७ | २२ | ३८ | २१.५ |
| ज्यालामजदुरी | ३ | १९ | १३ | ३५ | १९.८ |
| व्यापार व्यावसाय | १० | १० | ५ | २५ | १४.२ |
| सेना/प्रहरी (ब्रिटिस, भारत, सिङ्गापुर) | १ | ० | ४ | ५ | २.८ |
| अन्य पेसा | ० | १ | ० | ० | ०. ५ |
| ५. **धर्म** | | | | | |
| हिन्दु | ४४ | ३२ | ३७ | ११३ | ६४.६ |
| प्रकृतिपूजक | १ | २१ | १६ | ३७ | २१ |
| बौद्ध | ६ | १४ | ४ | २४ | १४ |
| क्रिस्चियन | ० | १ | ० | १ | १ |
| ६.**जानेका भाषाहरू** | | | | | |
| खस नेपाली भाषा | ५१ | ६८ | ५७ | १७६ | १०० |
| मगर भाषा | ३४ | ३१ | २२ | ८७ | ५१.७ |
| मगर भाषा नबोल्ने | २२ | ३४ | ३३ | ८९ | ५२.० |
| हिन्दी | २० | २७ | ३३ | ८० | ४५.७ |
| अङ्ग्रेजी | ३७ | ३४ | २४ | ९५ | ५४.३ |
| अन्य | ० | १ | ३ | ० | २.३ |
| ७. **सङ्घसंस्थामा आबद्ध** | | | | | |
| वडा समिति | ० | १ | ० | १ | १९.० |
| गाउँ समिति | ६ | २ | १ | ९ | ४२.९ |
| जिल्ला समिति | १ | ३ | ३ | ७ | ३३.० |
| केन्द्रीय समिति | ० | १ | ० | १ | ४.८ |
| पदाधिकारी | २ | १ | ० | ३ | १४.३ |

| | | | | | |
|---|---|---|---|---|---|
| सदस्य | ५ | ८ | ४ | १७ | ८१.० |
| साधारण सदस्य | ० | १ | ० | १ | ४.१ |
| मगर सङ्घ | ४ | ६ | ३ | १३ | ६१.९ |
| मगर सङ्घको भ्रातृ सङ्गठन | ३ | ४ | १ | ८ | ३८.१ |
| राजनीतिक पार्टीसम्बद्ध मोर्चाहरू | ० | ६ | ० | ६ | २८.६ |
| गैरसरकारी संस्था | ० | १ | ० | १ | ४.८ |
| **८. मगर भाषाबारे जानकारी** | | | | | |
| लेख्न र पढ्न सक्ने | ३२ | १९ | २१ | ७२ | ४१.१ |
| पढ्न सक्ने तर लेख्न नसक्ने | १ | ५ | १ | ७ | ४.० |
| लेख्न र पढ्न सक्ने तर नबोल्ने | ० | १४ | ० | १४ | ८.० |
| थोरै बोल्न सक्ने | २ | २ | १ | ५ | २.९ |
| बोल्न नसक्ने | १६ | २८ | ३४ | ७८ | ४४.० |
| **९. मगर भाषा प्रयोग** | | | | | |
| बुबाआमासँग | ३४ | ३४ | २२ | ९० | ५१.४ |
| श्रीमान्-श्रीमतीबीच | २५ | २७ | २० | ७२ | ४१.१ |
| बच्चासँग | २६ | ३२ | २२ | ८० | ४५.७ |
| छिमेकीसँग | ३३ | ३३ | २२ | ८८ | ५०.३ |
| साथीसँग | ३५ | ३३ | २१ | ८९ | ५०.९ |
| दाजुभाइ दिदीबहिनीसँग | ३३ | ३२ | २० | ८५ | ४८.६ |
| **१०. पोसाक** | | | | | |
| सधैँ लगाउने | ५ | २१ | २२ | ४८ | २७.२ |
| चाडपर्व र सामाजिक समारोहमा मात्र लगाउने | ३६ | २५ | २२ | ८३ | ४७.१ |
| नलगाउने | १० | २२ | १३ | ४५ | २५.१ |

(स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७३)

सर्वेक्षणमा सहभागीहरूमध्ये उच्च शिक्षा हासिल गरेका जम्मा २९ प्रतिशत छन्। जसमध्ये सरकारी सेवामा सहभागी १५.८ प्रतिशत रहेका छन् भने सबै उत्तरदाताले खस नेपाली भाषा बुझ्ने गर्दछन्। उत्तरदातामध्ये ५१.७ प्रतिशतले मगर भाषा बोल्ने, ५४.३ प्रतिशतले अङ्ग्रेजी भाषा, ४५.४ प्रतिशतले हिन्दी र २.२ प्रतिशतले अरबी भाषासमेत जान्ने रहेका छन्।

धार्मिक दृष्टिले ६५ प्रतिशत हिन्दु, २१ प्रतिशत प्रकृतिपूजक, १४ प्रतिशत बौद्ध र १ प्रतिशत क्रिस्चियन रहेका छन्। लामो समय राज्यबाट हिन्दुकरण गरिएकाले मगर जातिको मौलिक संस्कृतिमा ह्रास आइरहेको देखिन्छ। मगरहरूको धर्मका सन्दर्भमा 'पाल्पा जिल्लाको मगरहरूको संस्कृति' शीर्षकमा विद्यावारिधि गरेका सूर्यबहादुर घर्ती क्षेत्रीका अनुसार पाल्पाका मगरहरू मूलतः प्रकृतिपूजक धर्ममा विश्वास रहेको छ। उनीहरूले निश्चित ईश्वरीय स्वरूप कल्पना नगरी प्रकृतिको विभिन्न रूप सिमे-भूमे ( जल-जमिन), वाई-बरास (हावा), वृक्ष, ढुङ्गा, नाग आदिलाई देवीदेवताका रूपमा पूजा गरेको पाइन्छ। यस किसिमको धार्मिक विश्वास प्रायः सबै मगरहरूमा पाइए पनि परम्परागत मगर समाजमा अधिक प्रचलित छ (घर्ती क्षेत्री, २०६७)। मगर बहिष्करणको पहिलो सूचाङ्क (indicator) उच्च शिक्षा, दोस्रो सूचाङ्क सरकारी सेवा र तेस्रो सूचाङ्क  हिन्दुकरण हो भने मौलिक धर्म, संस्कृति लोप हुँदै जानु माध्यम

(means) हो। उच्च शिक्षा र सरकारी सेवामा भएका कमजोर उपस्थितिलाई जातीय राज्यको परिणाम पनि भन्न सकिन्छ। किनकि खस-आर्य समुदायको राज्यमा लामो समयदेखि निरन्तर वर्चस्वशाली प्रतिनिधित्व यसका प्रमाणहरू हुन्।

२०५८ सालमा ७४.६ प्रतिशत रहेको हिन्दु २०६८ सालमा ४ प्रतिशत वृद्धि भएर ७९ प्रतिशत र बौद्ध २ प्रतिशत घटेर २० बाट १८ प्रतिशतमा झरेको देखिन्छ। २०५८ सालमा ०.५ प्रतिशत रहेको क्रिस्चियन २०६८ सालमा वृद्धि भएर २.२ प्रतिशत पुगेको देखिन्छ। यसले मगरको आकर्षण हिन्दु र क्रिस्चियनप्रति देखाउँछ भने बौद्ध धर्मप्रतिको आकर्षण घट्दो देखाएको छ। सर्वेक्षणले भने हिन्दुपछि प्रकृतिपूजक र बुद्ध धर्मलाई तेस्रोमा देखाएको छ। विदेशी अध्येताहरूका अनुसार पूर्वतिरका मगरहरूको तुलनामा खाम मगरहरू कम हिन्दूकरण भए र नेपाली भाषा प्रयोग गर्नुको साटो आफ्नै भाषा लाई कायम राखे (Whelpton, Gellner & Pfaff-Czarnecka, 2016,p. xxix)। यसको कारण राप्ती र लुम्बिनी क्षेत्रका मगरहरूमा हिन्दु धर्मको प्रभाव पछि मात्र परेको तर प्रकृतिपूजक नै उनीहरूको परम्परागत धर्म हुन सक्छ। अर्कोतर्फ केही मगर अभियान्ताहरूले चलाएको मगरको धर्म बौद्ध हो भन्ने सन्देश उनीहरूले प्राप्त नगरेको पनि हुन सक्छ। हिमाली मगरहरूमा बुद्ध धर्मको परम्परागत प्रभाव रहे पनि पहाडी मगरहरूमा भने प्रकृतिपूजक र झाँक्रीवादी संस्कृतिको पुरानो प्रभाव रहेको पाइन्छ। केशरजङ्ग बरालका अनुसार मगरले प्रकृतिमाथि विश्वास र आस्था राख्ने भएको र प्रकृतिले कुनै प्राणीमाथि भेदभाव नराख्ने भएकाले उनीहरूको धर्म प्राकृतिक धर्म हो।

### ७.६ सर्वेक्षणका परिणामहरू

मार्क्सवाद र मगर पहिचानको सन्दर्भमा गरिएको सर्वेक्षणका परिणामहरूलाई विभिन्न उपशीर्षकहरू र तालिकाहरूमा तल उल्लेख गरिएको छ।

#### ७.६.१ मगर पहिचानसम्बन्धी बुझाइ

मगर पहिचानको स्थापित आधारमध्ये सबैभन्दा महत्वपूर्ण आधार भाषा हो। मगर भाषा वक्ताहरूमध्ये ५१.४ प्रतिशत परिवारमा बुवाआमासँग, ५०.९ प्रतिशत साथीभाइसँग, ५०.३ प्रतिशत छरछिमेकसँग, ४८.६ प्रतिशत दाजुभाइ दिदीबहीनीसँग, ४५.७ प्रतिशत बालबच्चासँग र ४१ प्रतिशत श्रीमान्-श्रीमतीसँग आपसमा मगर भाषामा बोल्ने गरेको पाइयो। यो तथ्याङ्कले श्रीमान्-श्रीमतीबीचमा मातृभाषामा धेरै संवाद हुनु पर्नेमा भाषाको सबैभन्दा बढी प्रयोग आमाबुवासँग भएको देखाएको छ। श्रीमान् र श्रीमतीमध्ये कुनै एकजना भाषा नबोल्नेबित्तिकै भाषा प्रयोगमा धेरै असर पुगेको पाइएको छ। त्यसैको परिणाम ५१ प्रतिशत भाषा वक्ता आफ्नो अविभावकसँग मातृभाषामा संवाद गर्नुको कारण अभिभावक पुरानो पुस्ता भएकाले खस नेपाली भाषा बुझे पनि प्रस्टसँग फर्काउन नसकेकाले नबोल्ने

पाइएको छ। नयाँ पुस्तामा मातृभाषाको प्रयोग कम भए पनि पुराना पुस्तामा भने भाषा-संस्कृति जीवितै रहेको देखिन्छ। बच्चाहरू अविभावक/बुवाआमासँग बोल्ने केही बढी भए पनि साथीभाइ र छरछिमेकसँग आफ्नो मातृभाषामा संवाद गर्ने करिब समान अनुपात रहेको देखिन्छ।

संलग्नमध्ये १९ प्रतिशत वडा समिति, ४२.९ प्रतिशत गाउँ समिति, ३३ प्रतिशत जिल्ला समिति, र ४.८ प्रतिशत केन्द्रीय समितिमा क्रियाशील रहेको पाइयो। जसमध्ये ८१ प्रतिशत सदस्य, १४.३ प्रतिशत पदाधिकारी र ४.८ प्रतिशत साधारण सदस्य छन्। उत्तरदाताहरूमध्ये ६१.९ प्रतिशत मगर सङ्घमा, ३८.१ प्रतिशत मगर सङ्घको भ्रातृ सङ्गठनमा, २८.६ प्रतिशत पार्टीसम्बद्ध मगर मोर्चाहरूमा र ४.८ प्रतिशत गैरसरकारी संस्थामा संलग्न देखिन्छन्। ३१.८ प्रतिशत मगरहरू स्थानीय तहका सामाजिक तथा राजनीति गतिविधिहरूमा सक्रिय रहेका र ६४.८ प्रतिशत सामान्य समर्थक रहेको देखिन्छ। जसमध्ये ६७.७ सामाजिक सांस्कृतिक क्षेत्रमा, ३०.२ प्रतिशत राजनीति क्षेत्रमा सहभागी रहेका छन् भने ०.६ प्रतिशतले थाहा नभएको र ०.६ प्रतिशत यी दुवै क्षेत्रमा नरहेको बताएका छन्। मगर जातिसम्बद्ध सङ्घसंस्थामा आबद्ध हुनु सामाजिक पुँजी (Social Capital) हो।

पहिचानका लागि सङ्गठित हुने विगतको गतिविधि तथा उपलब्धि (track record) २०१२ सालदेखि निरन्तर देखिन्छ र त्यो प्रक्रिया अहिले पनि जारी छ। मगर सङ्घसंस्थाहरूमा लाग्नुको स्रोतका कारणहरूमध्ये ४२.२ प्रतिशतले लेखरचनाहरू पढेर, ३३.३ प्रतिशतले साथीभाइ तथा आफन्तहरूको सुझाव, १९ प्रतिशतले मगर नेताहरूको भाषणको प्रभाव र ४.८ प्रतिशत सङ्गठनको गतिविधि देखेर भनेका छन्। मगर सङ्घमा लाग्नुको मुख्य कारणहरूमध्ये ९५.२ प्रतिशतले आफ्नो समुदायलाई जागृत गर्न र ४.८ प्रतिशतले आफ्नो पार्टीमा मगरको समस्या राख्न भनेका छन्। मगरको अधिकारमा आधारित आन्दोलनलाई ९५.५ प्रतिशतले ठीक भएको र २.८ प्रतिशतले बेठीक र १.७ प्रतिशतले थाहा छैन भनेका छन्।

पहिचानको बाहिरी रूप पोसाक हो, तर मगर पोसाक धेरैले विशेष सभा समारोह र चाडपर्वमा मात्र लगाउने गरेका छन्। ४७.४ प्रतिशत मगरहरूले आफ्नो जातीय पोसाक विशेष समारोहहरूमा मात्र लगाउने गर्दछन् भने २७ प्रतिशत मगरले सधैँ लगाउँछन्। २६ प्रतिशत मगरहरूले कहिल्यै पनि आफ्नो पोसाक नलगाएको बताएका छन्। २६ प्रतिशत मगरले आफ्नो जातीय पोसाक नै नलगाउने र ४७.४ प्रतिशत मगरले सभासमारोहमा मात्र लगाउनुले मगर पहिचानमा आधारित पोसाकको प्रयोगको अवस्था कमजोर देखिएको छ। अध्ययनका क्रममा मगरहरूका विभिन्न गतिविधिहरू र कार्यक्रमहरूको अवलोकन गर्दा मगरका धेरै गतिविधिहरू सहरकेन्द्रित रहेको पाइयो। यसले यो कुराको पुष्टि गर्दछ कि स्थलगत अध्ययनका लागि उत्तरदाता छनोट गर्दा देशका ठूला सहरहरूमा केन्द्रित भएको भए मगर सङ्घको

गतिविधि, पहिचानको आन्दोलनमा सहभागिता, त्यसको परिणाम सम्बन्धी प्रतिक्रियाहरू पनि बढी आउने सम्भावना रहन्थ्यो ।

भाषिक पहिचान स्खलनका दुई कारणमध्ये सर्वेक्षणको आधा नमुना भाषा नबोल्ने गाविसहरू थिए भने दोस्रो खस नेपालीकरण भाषाको माध्यमबाट राज्यका औपचारिक तथा अनौपचारिक कामहरू सम्पन्न गरिए तर पनि भाषिक पहिचान बचाइरहनुका साथै त्यसप्रतिको लगाव जिउँदै देखिन्छ। त्यसै कारणले पहिचान जोगाउन सबैभन्दा ठूलो विषय मातृभाषा देखिएको छ। पहिचानप्रतिको लगाव र अहिले देखिएको प्रतिविम्ब भोलिको मार्ग नक्सा (road map) हुन सक्छ।

तालिका ७.१५: मगर पछाडि पर्नुका कारण

| क्र.सं. | कारण | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षाको कमी | १६३ | ९३.७ |
| २ | राजनीति चेतनाको अभाव | ११५ | ६६.१ |
| ३ | आर्थिक कारण | ८६ | ४९.४ |
| ४ | अन्धविश्वास | ४३ | २४.७ |
| ५ | पल्टने लाहुरे प्रवृत्ति | ३३ | १८.४ |
| ६ | विदेश जाने प्रवृत्ति | ४० | २३.० |
| ७ | सांस्कृतिक विभेद | ३३ | १९.० |

(स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७३)

सर्वेक्षणले मगर जाति पछि पर्नुको प्रमुख कारण शिक्षालाई मानेको छ, मगर जाति पछाडि पर्नुका प्रमुख तीन कारणमध्ये शिक्षाको कारणले ९४ प्रतिशत, राजनीति चेतनाको अभावले ६६ प्रतिशत र आर्थिक कारणले ४९ प्रतिशत रहेको देखिन्छ। समाजलाई सबैभन्दा प्रभाव पार्ने सूचाङ्क आर्थिक भनिए पनि मगर जातिको सन्दर्भमा यो तेस्रो महत्वपूर्ण कारण रहेको देखाएको छ। ठूलो जनसङ्ख्या भएर पनि प्युठानका मगरको कमजोर राजनीतिक सहभागिता हुनुको कारण केबी गुरुङका अनुसार प्युठानका मगरहरूको प्रवृति पलायनवादी रहेको छ। उनीहरू आफ्नो ठाउँबाट विस्थापित हुँदै गइरहेका छन् , उनीहरूले राज्यसँग प्रतिरोध गरेनन्। प्युठान पछि पर्नुको कारण मगर पछि पर्नु हो। कारण, बहुसङ्ख्यक जनतामा गरिबी र अशिक्षा हुनु भनेको जिल्ला नै गरिब हुनु हो। प्युठानका मगरहरू आफैँमा सचेत छैनन् र मगरको स्वशासनको विषयमा पनि मौन छन् (केवी गुरुङ, २०७३ चैत ४ गते, अनुसूची ४) । गुरुङको यो मतसंग नेकपा माओवादीका नेतृ सुन्दरा के. सी. पनि सहमत छन्। उनका अनुसार प्युठानमा जनजातिहरू पछाडि पर्नुको मूल कारण परम्परागत सोच हो, र पढेलेखेका जनजातिहरू विदेश जाने वा सहर पस्ने प्रवृतिले पनि जिल्लामा सक्षम जनजाति नै छैनन् । आदिवासी जनजाति महासङ्घ प्युठानका अध्यक्ष महावीर राना मगरका अनुसार “मुलुकी ऐनको जगमा जातीय विभेद खडा भएको हो। आफ्नो वर्गको रक्षाका लागि जातीय व्यवस्थालाई हतियार बनाइएको हो। कम्युनिस्ट नै भएर पनि हाम्रा नेताहरूमा हिन्दु धर्मको छाप छ। कारण, उनीहरू त्यही समाजको सदस्य हुन्, उनीहरू हरहिसाबले त्यससँग बाँधिएका पनि

छन्। मध्यमवर्गीय पृष्ठभूमिका खस-आर्यहरूले अवसर पाउनेबित्तिकै नवधनाध्य भए। जनजातिहरू जिल्लाको नेतृत्वमा आउन नसक्नु पनि वर्गीय कारण नै हो।"[५३] रानामगरले प्युठानको मगरले राजनीतिक नेतृत्व लिन नसक्नु आर्थिक कारण भने तापनि पूर्व मन्त्री टङ्कबहादुर विष्टका अनुसार "मगरहरू मगर गरिब भएर होइन, ढाँट्न नजान्नेसबैको विश्वास गर्ने सोझो भएकाले पछाडि परेका हुन् । राजनीतिमा शासक जातिहरूले धेरै छल गरेका हुन्छन्, उनीहरू धेरै चलाख  पनि छन्, कुखुरा र बाख्रा पनि जो चलाख छ, उसैले वन खाने बताएका थिए।"[५४] नेपाली काङ्ग्रेस प्युठानका सभापति अमरप्रसाद भण्डारीका अनुसार "२०२० सालमा १९१० को मुलुकी ऐनको खारेज त गरियो, तर त्यसको प्रचार सरकारले गरेन, हामी बाहुन-क्षेत्रीहरू एक प्रकारले परिबन्धमा छौँ। हाम्रो समाजबाट अलग भएर बस्न सक्ने हाम्रो अवस्था छैन, हामीमा पुराना सोचहरू विद्यमान छन्। २०१५ सालमा नेपाली काङ्ग्रेसबाट प्यूठानको सम्भावित सांसद भीमबहादुर पुनमगर थिए। तर खडानन्द सुवेदी र गिरिराजमणि उपाध्ययले अनिरुद्र शर्मालाई उम्मेदवार बनाई पुन मगरलाई बञ्चित बनाइएको थियो।"[५५] भण्डारीको यो इमानदार भनाइ अनुसार सबै खस-आर्यको नियतमाथि शङ्का गर्न मिल्दैन र निरपेक्ष रुपमा हेर्न पनि मिल्दैन तर पुन मगर उम्मेदवारी दिनबाट बञ्चित हुनुको खास कारण भने जातीय सम्वन्धले निर्माण गरेको परिणाम नै थियो। मगर जाति पछि पर्नुमा पहिलो कारण शिक्षा र दोस्रो कारण राजनीतिक चेतना रहेको छ। यी दुवै कारणको स्रोत भनेको शिक्षा नै भएकाले सारमा शिक्षा पहिलो र आर्थिक दोस्रो कारण हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

[५३] रानामगरसँग २०७३ फागुन २३ गते लिएको अन्तर्वार्तामा व्यक्त विचार।

[५४] विष्टसँग २०७३ चैत ४ गते गरेको कुराकानीमा व्यक्त विचार।

[५५] भण्डारीसँग २०७३ चैत ८ बाग्दुला, प्युठानमा गरेको कुराकानीमा व्यक्त विचार।

तालिका ७.१६: पहिचानसँग जोडिएका विषयहरू

| विषय | मगर भाषा बोल्ने | | मगर भाषा नबोल्ने | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| **१. यी चाडहरूमध्ये कुन कुन चाडहरू मनाउनुहुन्छ ?** | | | | | | |
| माघे सकराती | ९० | ५१.१ | ८३ | ४७.१ | १७३ | ९८ |
| दसैं | ८८ | ५०.० | ८४ | ४७.७ | १७२ | ९८ |
| तिहार | ८८ | ५०.० | ८१ | ४६.० | १६८ | ९५ |
| भूम्या | ३२ | १८.१ | ४४ | २५.० | ७६ | ४३ |
| बुद्ध पूर्णिमा | ५५ | ३१.२ | २० | ११.३ | ७५ | ४३ |
| **२. आफूलाई मूलतः के भनेर चिनाउन चाहनुहुन्छ ?** | | | | | | |
| नेपाली मात्र | ३ | १.७ | १० | ५.६ | १३ | ७ |
| नेपाली अनि मगर | ३६ | २०.४ | ३८ | २१.६ | ७४ | ४२ |
| मगर अनि नेपाली | १८ | १०.२ | १९ | १०.७ | ३७ | २१ |
| मगर मात्र | २३ | १३.० | १७ | ९.६ | ४० | २३ |
| स्थान विशेष | १ | ०.५ | १ | ०.५ | २ | १ |
| **३. मगरका मुख्य तीन पहिचानहरू** | | | | | | |
| मातृभाषा | ८६ | ४८.८ | ६३ | ३५.७ | १४९ | ८५ |
| मौलिक संस्कृति | ६८ | ३८.६ | ५८ | ३२.९ | १२६ | ७२ |
| परम्परागत चाडहरू | ४२ | २३.८ | ४७ | २६.७ | ८९ | ५१ |
| प्राचीन मगरात | १२ | ६.८ | १७ | ९.६ | २९ | १६ |
| मगर भाषामा राखिएका स्थाननाम | ३७ | २१.० | २३ | १३.० | ६० | ३४ |
| इमानदारी र वीरता | २२ | १२.५ | ३७ | २१.० | ५९ | ३४ |
| अन्य | ० | ०.० | ०.० | १ | १ | १ |
| थाहा छैन/भन्न चाहन्नँ | १ | ०.५ | २ | १.१ | ३ | २ |

(स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७३)

४२ प्रतिशत मगरले आफूलाई पहिलो नेपाली र दोस्रो मगर, २३ प्रतिशत मगरले पहिलो मगर अनि नेपाली, २१ प्रतिशत मगरले आफूलाई मगर मात्र भनेर चिनाउन चाहन्छन्। ७ प्रतिशत मगरले आफूलाई नेपाली मात्र भनेर चिनाउन चाहन्छन् भने १ प्रतिशत मगरले आफूलाई आफ्नो स्थान विशेषले चिनाउन चाहन्छन्। नेपाली परम्परागत चाडहरूमध्ये माघे सकराती सबैभन्दा धेरै अर्थात् ९८.३ प्रतिशतले मान्ने गरेका छन्। त्यसपछि दसैँ ९८ प्रतिशत र तिहार ९५ प्रतिशत मगरले मान्ने गरेका छन्। बुद्ध पूर्णिमा र भूमे/भूम्या ४३ प्रतिशतले मान्ने गरेका छन्। मगर जातिको मौलिक पर्व माघे सकराती पहिलो र बुद्ध पूर्णिमा र भूमे/भूम्या चौथो रोजाइको रहेको छ।

माघे सकराती, दसैँ र तिहार मातृभाषा नबोल्ने मगरहरूको तुलनामा मातृभाषा बोल्ने मगरहरूले ४-५ प्रतिशतले बढी मान्ने गरेका छन् । भूमे/भूम्या मातृभाषा नबोल्नेले ७ प्रतिशत बढीले मान्ने गरेको र बुद्ध पूर्णिमा ३१ प्रतिशत भाषा वक्ताले मनाउने गरेका छन् भने ११ प्रतिशत भाषा नबोल्नेहरूले मनाएको देखाएको छ। बुद्ध पूर्णिमाबाहेक अन्य सबै चाडबाडप्रति मातृभाषा नबोल्नेहरूको प्रतिशत माथि छ, यसले बुद्ध धर्म र मातृ भाषाको अन्योन्याश्रित सम्बन्ध रहेको देखाउछ।

आफ्नो चिनारी दिने सन्दर्भमा नेपाली अनि मगर भन्ने सबैभन्दा धेरै अर्थात् ४२ प्रतिशत रहेको छ। जसमध्ये मातृभाषा वक्ता २० र मातृभाषा नबोल्ने २२ प्रतिशत रहेको छ। आफूलाई मगर मात्र भनेर चिनाउने २३ प्रतिशतमध्ये १३ प्रतिशत मातृभाषा बोल्ने र १० प्रतिशत मातृभाषा नबोल्ने रहेका छन्। मगर अनि नेपाली भन्नेहरू लगभग बराबर छन्। माथिका आँकडाहरूले धार्मिक पहिचान बौद्ध र आफूलाई मगर भनेर पहिचान दिनेमा मातृभाषा नबोल्नेको तुलनामा भाषा वक्ताहरूको प्रतिशत उच्च रहेको छ। यसले मातृभाषा वक्ताहरू पहिचानको सवालमा गम्भीर छाप रहेको बुझिन्छ। मगर पहिचानको मुख्य तीन आधारमध्ये ८५ प्रतिशतले मातृभाषा, ७२ प्रतिशत मौलिक संस्कृति, ५१ प्रतिशत परम्परागत चाडहरू र इमानदारी तथा वीरता र मगर भाषामा राखिएको स्थाननाम ३४-३४ प्रतिशत रहेका छन्। मातृभाषा, मौलिक संस्कृति र मातृभाषामा राखिएका स्थान नामहरूलाई मातृभाषा वक्ताहरूले मगर पहिचानको प्रमुख आधार मानेका छन् भने इमानदारी र परम्परागत चाडहरूलाई मातृभाषा नबोल्नेले प्रथम आधार भनेका छन्।

मातृभाषाले पहिचान मात्र होइन राजनीतिक प्रतिनिधित्वमा समेत अर्थ राख्ने कुरा पाल्पाको उदाहरणले प्रष्ट गर्दछ । पश्चिम पाल्पाको तुलनामा पूर्वी पाल्पामा मगरको राजनीतिक प्रतिनिधित्व निरन्तरता रहँदै आएको छ, जहाँ मगरहरूले आफ्नो मातृभाषा पनि बोल्ने गर्दछन्। हरिबहादुर सारुका अनुसार पश्चिम पाल्पाको तुलनामा पूर्वी पाल्पामा मगरको सामूहिक भावना छ। पञ्चायत कालमा पूर्वी पाल्पाका मगरहरूलाई सधैँ प्रतिनिधित्व गराउँथे। कारण, तिनीहरू मगर भाषा पनि बोल्दथे, पश्चिम पाल्पाको तुलनामा पूर्वी पाल्पालाई प्राथमिकता दिने गर्दथे, तर अहिले त्यो तहको समावेशी पनि छैन यो मगर जातिको लागि दुखदः पक्ष हो।[५६]

मगर पहिचानसँग जोडिएको 'प्राचीन मगरात' लाई १६ प्रतिशतले मात्र मगरको पहिचान भनेका छन्। भाषा बोल्ने र नबोल्नेबीचको तुलना गर्दा परम्परागत चाडहरू र मगरात भन्नेहरू भाषा नबोल्ने छन् भने अन्य शीर्षकमा भाषा वक्ताहरूको रोजाइ माथि छ। मगरको पहिचानका प्रमुख तीन आधारहरूमा प्राचीन मगरात उत्तरदाताहरुको रोजाइमा किन परेन र पहिचानको प्रमुख आधार मातृभाषा भन्नेहरूमा बहुसङ्ख्यक मातृभाषीहरू छन् तर प्राचीन मगरात भन्नेहरूमा मातृभाषीहरू कम हुनुले मगरातको विषयमा धेरै जानकारी थिएन कि भन्ने प्रश्न खडा गर्दछ।

### ७.६.२ मगरको पुरानो राजनीतिक संस्था र वर्तमान मुद्दा

मगर जातिको पुराना दुई राजनीतिक संस्थाहरू के के हुन् भन्ने प्रश्नावलीमा ९३.१ प्रतिशतले मुखिया-जिम्माल, ४९.७ प्रतिशतले जेठोपाको/मिझार र ४२.९ प्रतिशतले भेजा भनेका छन्। सूर्य

[५६] सारूमगरसँग २०७४ वैशाख ३ गते गरिएको कुराकानीबाट प्राप्त जानकारी।

बहादुर घर्तीक्षेत्रीका अनुसार “भेजाभित्रका मानिसहरू भेला भई विभिन्न समस्याहरूका बारेमा छलफल गरी समस्याको समाधान खोजिन्छ। भेजाभित्र उत्पादित वस्तुहरूको मूल्य र मानिसले श्रम गरेबापत पाउने ज्याला पनि आफ्नै किसिमले निर्धारण गरिन्छ। त्यसैले कुनै पनि वस्तुको मूल्य र श्रमको ज्याला भेजाभित्र र भेजाबाहिर फरक हुने गर्दछ। भेजा मगरहरूको परम्परागत प्रणाली भएको हुँदा यसको सञ्चालन पनि परम्पराअनुसार नै हुने गर्दछ” (घर्ती क्षेत्री, २०६७)। उत्तरदाताहरूले अनुसार मगर जातिको पुरानो र स्थापित राजनीतिक संस्था मुखिया भएको जानकारी दिए। मुखियासँगै समाजमा विभिन्न खालका सामाजिक, राजनीतिक तथा अन्य मुद्दा मामलाहरू जेठो पाकोको भूमिका पनि महत्वपूर्ण हुने गरेको पाइन्छ। त्यसको अलावा भेजाले सामूहिक निर्णय गर्ने गर्दछ (Baral, 2010)।

उत्तरदातामध्ये ८५ प्रतिशतले जनसङ्ख्याका आधारमा समानुपातिक प्रतिनिधित्व नै मगरको प्रमुख राजनतिक मुद्दाहरूमध्ये पहिलो मानेका छन्। जिल्लागत जनसङ्ख्याका आधारमा समानुपातिक प्रतिनिधित्वलाई प्रमुख मान्ने पाल्पा जिल्ला ९१ प्रतिशत, प्युठान ८७ प्रतिशत र रोल्पा ७९ प्रतिशत रहेको छ। जातीय स्वायत्तता अर्थात् मगरातलाई ५७ प्रतिशतले आफ्नो मत जाहेर गरी दोस्रो प्राथमिकतामा राखेका छन्। यसमा जिल्लागत रूपमा पाल्पा पहिलो, प्युठान दोस्रो र रोल्पा तेस्रो रहेको छ। आत्मनिर्णयको अधिकारसहितको मगरातको पक्षमा मत जाहेर गर्ने ५३ प्रतिशत सहित तेस्रो रहेको छ। यसमा जिल्लागत रूपमा प्युठान पहिलो, पाल्पा दोस्रो र रोल्पा तेस्रो रहेको छ।

जिल्लागत रूपमा पाल्पा र प्युठानको मत पहिलो र दोस्रोमा तलमाथि रहे पनि रोल्पा भने तीनवटै मुद्दामा तेस्रोमा रहेको छ। तर वर्तमान नेपाली राज्यमा मगरको राजनीतिक प्रतिनिधित्वको हिसाबले भने रोल्पा सबैभन्दा अगाडि रहेको छ। सर्वेक्षणमा सङ्घीयताको पक्षमा ४२.२ प्रतिशत सहित चौथो र प्राकृतिक स्रोत माथिको प्रथम अधिकार २० प्रतिशत मत जाहेर गरेका छन्। मगर समाजमा मगरातको बुझाइ पृथक् पृथक् रहेको छ। ५२ प्रतिशत उत्तरदाताले मगरको बसोबास गर्ने क्षेत्र, ११.४ प्रतिशतले मगरको प्राचीन राज्य, ११ प्रतिशतले आत्मनिर्णयको अधिकारसहितको राज्य, ८ प्रतिशतले जल, जङ्गल र जमीन माथिको प्रथम अधिकार, ६ प्रतिशतले सङ्घीय राज्यको एक स्वायत्त राज्य र ११.८ प्रतिशतले मगरातको अर्थ नबुझेको बताएका छन्। मगर बसोबास गर्ने ऐतिहासिक स्थान मगरात भएको कुरामा सबै उत्तरदाताहरू सहमत देखिन्छन्। त्यही आधारमा मगरको प्राचीन राज्य, आत्मनिर्णयको अधिकारसहितको राज्य, अग्राधिकारसहितको राज्य भनेका छन्। वर्तमान नेपाली राजनीतिमा मगरातको परिकल्पना सहित सङ्घीय राज्यको एक स्वायत्त प्रदेश भनेका छन्।

सहभागीमध्ये ८२ प्रतिशतले मगरात शब्द सुनेको र १८ प्रतिशतले नसुनेको जानकारी गराएका थिए। मगरात शब्द सुन्नेमध्ये ३४ प्रतिशतले बुढापाकाहरूबाट, ३१ प्रतिशत राजनीतिक पार्टीबाट, २२ प्रतिशत मगर सङ्घको माध्यमबाट, १० प्रतिशत इतिहास पढेर र ३ प्रतिशत अगुवाहरूबाट मगरात शब्द

सुनेको बताएका थिए। मगरात शब्द सुनाउने माध्यमहरूमध्ये बुढापाका पहिलो नम्बरमा भएकाले मगरात इतिहासमा स्थापित थियो भन्ने बुझिन्छ। दोस्रो नम्बरमा राजनीतिक पार्टीहरूले नागरिकहरूको बीचमा व्यापकता दिएको बुझिन्छ भने तेस्रोमा मगरहरूको साझा सङ्गठन नेपाल मगर सङ्घले मगरहरूको बीचमा पुऱ्याएको देखिएको छ। यसको अर्थ मगर सङ्घ ग्रामिण बस्ती र आधारभूत तहका मगर नागरिकहरूलाई प्रशिक्षित नगरेको प्रस्ट हुन्छ। इतिहास पढेर मगरात शब्द सुन्ने चौथोमा छन्। यसको अर्थ मगर जातिमा शिक्षाको अभाव हुनु हो, यसैको कारण अगुवाहरूबाट प्रभावित भएर मगरात शब्द सुन्ने पाँचौं स्थानमा रहेकोछ।

तालिका ७.१७: मगरातको खोजी प्रतिशतमा

| विषय | पाल्पा | रोल्पा | प्युठान | जम्मा |
|---|---|---|---|---|
| १. **मगरात भनेको के हो ?** | | | | |
| मगर बसोबास गर्ने भूगोल | ५४.७ | ५६.७ | ४५.५ | ५२.६ |
| मगरको प्राचीन राज्य | १७.० | ४.५ | १४.५ | ११.४ |
| आत्मनिर्णयसहितको राज्य | ७.५ | ३.० | ७.३ | ५.७ |
| अग्राधिकारसहितको राज्य | ५.७ | १३.४ | ३.६ | ८.० |
| सङ्घीय राज्यको एक स्वायत्त प्रदेश | ९.४ | ११.९ | १४.५ | १२.० |
| २. **प्रमुख राजनीतक ऐजेन्डा** | | | | |
| जनसङ्ख्याको अनुपातमा समानुपातिक प्रतिनिधित्व | ९०.६ | ७९.१ | ८७.३ | ८५.१ |
| सङ्घीयता | ४७.२ | ४३.३ | ३६.४ | ४२.२ |
| जातीय स्वायत्तता (मगरात) | ६०.४ | ५३.७ | ५६.४ | ५६.५ |
| आत्मनिर्णयको अधिकारसहितको मगरात | ५४.७ | ४४.८ | ६१.८ | ५३.१ |
| प्राकृतिक स्रोतसाधनमाथिको प्रथम अधिकार | १५.१ | १९.४ | २७.३ | २०.० |
| ३. **मगरात प्रदेश हुँदा के फाइदा** | | | | |
| संस्कृतिको संरक्षण | ३५ | ४४ | ३७ | ३९ |
| शैक्षिक क्षेत्रमा सुधार | ४९ | ३२ | ३५ | ३८ |
| आर्थिक विकास | २७ | ३७ | ६० | ४१ |
| सार्वजनिक प्रशासनमा पहुँच र प्रतिनिधित्व | ४७ | २८ | ३० | ३४ |
| नीतिनिर्माणमा सहभागिता | ४७ | ६२ | ३७ | ४९ |
| मुख्यमन्त्री बन्ने अवसर र सम्भावना | ५१ | ४३ | ४० | ४४ |

(स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७३)

सामान्य नागरिकहरूमा मगरात भनेको मगर क्लस्टर हो, र त्यो सानो पनि हुन सक्छ, प्रदेशजस्तो ठूलो पनि। सामान्य नागरिकहरूका लागि त्यो संविधानसभाको बहसभन्दा भिन्न छ। अग्राधिकार धेरै कम अर्थात् ८ प्रतिशतले मात्र जोडेकाले परिकल्पित मगरात निःसन्देह जातीय सङ्घीयताभन्दा भिन्न हो, अर्थात् पहिचानजनित प्रदेश हो। तर एजेन्डासँग जोडिँदा प्रमुख खोजी समानुपातिक समावेशी हो। त्यसपछि मात्र जातीय स्वायत्तता र आत्मनिर्णयको अधिकारसहितको सङ्घीयता आएको छ, जहाँ मगरात प्रदेश पनि हुनेछ।

मगरात के हो भन्ने सन्दर्भमा मगरहरूको बसोबास गर्ने स्थान र मगरको अग्राधिकारसहितको राज्य हो भन्नेमा रोल्पा जिल्लाका उत्तरदाताहरूको बलियो मत रहेको छ भने, मगरातको प्रमुख एजेन्डाका रूपमा पाल्पाका मतदाताहरूले जनसङ्ख्याको अनुपातमा पूर्ण समानुपातिक र मगरात स्वायत्त प्रदेशको आवश्यकता भएको मत पेस गरेका छन्। मगरात प्रदेश बने नीति निर्माणमा सहयोग पुग्ने पहिलो, मगर मुख्यमन्त्री बन्ने अवसर दोस्रो र आर्थिक विकास हुन्छ भन्ने तेस्रो मत रहेको छ। मगरातको प्रमुख मुद्दा जनसङ्ख्याको अनुपातमा पूर्ण समानुपातिक प्रतिनिधित्व पहिलो, जातीय स्वायत्त प्रदेश दोस्रो र आत्मनिर्णय अधिकारसहितको मगरात तेस्रो मुद्दा भनेका छन्।

तालिका ७.१८ः मगरात प्रदेश हुँदा हुने फाइदा मातृभाषा बोल्ने र नबोल्नेबीचको भिन्नता

| विषय | मगर भाषा बोल्ने | | मगर भाषा नबोल्ने | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| संस्कृतिको संरक्षण | ३४ | १९.३ | ३५ | १९.८ |
| शैक्षिक क्षेत्रमा सुधार | ३९ | २२.१ | २८ | १५.९ |
| आर्थिक सुधार | ३९ | २२.५ | ३४ | १९.३ |
| सार्वजनिक प्रशासनमा पहुँच र प्रतिनिधित्व | ३३ | १८.७ | २७ | १५.३ |
| नीति निर्माणमा सहभागिता | ४६ | २६.१ | ४१ | २३.२ |
| मुख्यमन्त्री बन्ने अवसर र सम्भावना | ४२ | २३.८ | ३६ | २०.४ |
| थाहा छैन भन्न चाहन्न | १० | ५.६ | १३ | ७.३ |

(स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७३)

मगरात प्रदेश हुँदा हुने फाइदाको सन्दर्भमा मातृभाषा बोल्ने र नबोल्ने मगरहरूका बीचमा मतहरू फरक रहेका छन्। मातृभाषा नबोल्नेको तुलनामा मातृभाषा बोल्नेहरू मगरात प्रदेश स्थापना भए धेरै फाइदा हुने मत राख्दछन्।

मातृभाषा नबोल्नेहरूले मगरात स्थापना हुँदा संस्कृतिको संरक्षणमा हुन्छ भन्ने मत उच्च रहेको छ भने मातृभाषा बोल्नेहरूले मुख्यमन्त्री बन्ने अवसर, नीतिनिर्माणमा सहभागिता, सार्वजनिक प्रशासनमा पहुँच, आर्थिक सुधार र शैक्षिक सुधार हुने मत राखेका छन्। यसले मातृभाषा नबोल्ने मगरहरूको तुलनामा मातृभाषा बोल्ने मगरहरू पहिचानमा आधारित मगरात प्रदेशप्रति आकर्षित रहेको बुझिन्छ भने, मातृभाषा नबोल्ने मगरहरूले मगरात प्रदेश राजनीतिक तथा प्रशासनिक अधिकारको प्राप्तिभन्दा पनि संस्कृति संरक्षणका लागि मात्र हो भन्ने बुझेको देखिएको छ। यो तथ्याङ्कले पहिचानको प्रमुख आधार मातृभाषा हो भन्ने बुझिन्छ। पहिचानको राजनीतिमा भाषा महत्वपूर्ण पक्ष हो भन्ने कुरा बेल्जियमबाट पनि शिक्षा लिन सकिन्छ। मगर सङ्घ बेल्जियमका सहसचिव लोक रानाका अनुसार “बेल्जियममा पनि फ्रेन्च भाषाले जर्मनी र डच भाषामाथि उत्पीडन गरेकोले ठूलो जातीय युद्धको सामाना गर्नुपरेको थियो, पछि तीनवटै भाषाहरूलाई समान र सरकारी भाषाको मान्यता दिएपछि बेल्जियमले समृद्धि हासिल गरेको हो। बेल्जियमको सङ्घीयताको मोडेल नेपालको सन्दर्भमा उपर्युक्त छ, हामीले खोजेको मगरात प्रदेश हो, राज्य

होइन।"[५७] केशरजङ्ग बरालका अनुसार मगरात प्रदेशका कारणले जातीय द्वन्द्व बढ्छ भन्ने अवधारणा गलत छ। भारतका विभिन्न राज्यहरू पहिचानका आधारमा निर्माण गरिएका छन्। बेल्जियम आधा-आधा घन्टाको रेलको यात्रामा पृथक् पृथक् जाति र भाषाहरू छन् र तिनीहरूका आधारमा राज्यहरू पनि छन् ( केशरजङ्ग बराल, २०७३ भदौ ३ गते, अनुसूची ४)। राना र बरालमगरले मगरात प्रदेशलाई ऐतिहासिक पहिचानमा आधारित प्रदेश हो भने पनि धेरैले मगरातलाई जातीय राज्यकै रुपमा बुझेका छन्।

समग्रमा, सर्वेक्षणले मगर जातिको मौलिक पहिचानको संरक्षण र संवर्द्धनमा विशेष जोड दिनुपर्ने देखाएको छ। उत्तरदाताहरूले प्राथमिकताको आधारहरूमा क्रमशः मगर भाषा संस्कृतिको संरक्षण, शैक्षिक जागरण र परम्परागत सीप ज्ञानको संरक्षण गर्नुपर्ने अभिमत राखेका छन्। मगरहरूले मनाउने चाड मगरको परम्परागत पुरानो चाडहरूमध्ये माघे सकराती भएको सबैले स्वीकार गरेका छन्। तर दसैँतिहार पनि हाल बहुसङ्ख्यक मगरले मनाउँदै आएको तथ्याङ्कले देखाएको छ। मध्यपश्चिमका मगरहरूले भूमे (भूम्या) पर्व पनि महत्वका साथ मनाउने गरेको सर्वेक्षणले देखाएको छ।

मगर जातिको मुद्दा र आन्दोलन उठ्नुका धेरै कारणमध्ये तीनवटा तालिकामा देखाइएका छन् भने चौथो कारण मगर सङ्घको स्थापनामा ४२.९ प्रतिशत र संविधानसभामा जातीय पहिचानको विषयमा छलफल हुनुपर्ने भन्ने ४१.७ प्रतिशत रहेको छ।

तालिका ७.१९: भविष्यमा मगरात प्रदेशको सम्भावना

| **विषय** | **पाल्पा** | **रोल्पा** | **प्युठान** | **जम्मा** |
|---|---|---|---|---|
| १. **मगरात पहिचान आन्दोलनका कारक तत्वहरू** | | | | |
| राज्यको विभेदकारी नीति | ८६.८ | ८०.६ | ८१.८ | ८२.९ |
| मगरहरू सचेत र सङ्गठित भएकाले | ६२.३ | ५२.२ | ५०.९ | ५४.९ |
| आदिवासी जनजातिको आन्दोलनको प्रभाव | ४९.१ | ४०.३ | ४१.८ | ४३.४ |
| मगर सङ्घको स्थापनाको कारण | ३४.० | ४०.३ | ५४.५ | ४२.९ |
| माओवादी सशस्त्र विद्रोहको प्रभाव | १७.० | १७.९ | १२.७ | १६.६ |
| संविधानसभामा पहिचानको बहस | ३७.७ | ३८.८ | ४९.१ | ४१.७ |
| २. **मगरातप्रदेश प्राप्त गर्न के गर्ने ?** | | | | |
| शान्तिपूर्ण आन्दोलन गर्नुपर्ने | ३० | ४० | २९ | ५२.६ |
| मगरको पार्टी निर्माण गर्नुपर्ने | १५ | १० | १४ | २१.७ |
| सशस्त्र युद्ध गर्नुपर्ने | १ | ७ | २ | ५.७ |
| जवाफ दिन नचाहेको | ० | ० | १ | १०.३ |
| थाहा छैन | ३ | ११ | ११ | ९.१ |

(स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७३)

मगरात प्राप्त हुन नसके के गर्ने भन्ने प्रश्नको जवाफमा ५२.६ प्रतिशत उत्तरदाताहरूले शान्तिपूर्ण आन्दोलन गर्ने भनेका छन् भने २१.७ प्रतिशत उत्तरदाताहरूले मगरात पार्टीको निर्माण गर्नुपर्ने बताएका

[५७] रानामगरसँग २०७३ कात्तिक ३ गते दरबारमार्ग, काठमाडौँमा लिइएको अन्तर्वार्ताका आधारित।

छन् । ५.७ प्रतिशत उत्तरदाताहरूले सशस्त्र विद्रोह गर्नुपर्ने बताउँदा १०.३ प्रतिशतले जवाफ दिन चाहेनन् भने ९.१ प्रतिशतले थाहा छैन भनेका छन् । मगरात प्रदेश आवश्यक छैन भन्नेहरूमध्ये ५० प्रतिशतले बहुजातीय राज्य भएकाले, २८.६ प्रतिशतले जातीय युद्धको खतरा भएकाले, १४.३ प्रतिशतले जातीय राज्य भएकाले र ७.१ प्रतिशतले मगरको बस्ती छरिएकाले भनेका छन् । यो सर्वेक्षणले बहुसङ्ख्यक मगरहरूले जातीय तथा सामाजिक सन्तुलन नखल्बलिने गरी मगरात प्रदेशको आवश्यकता रहेको बताएका छन् ।

धेरै उत्तरदातामा सशस्त्र आन्दोलन वा युद्धप्रति उत्साह छैन । ५२.६ प्रतिशत उत्तरदाताले मगरात प्राप्त नभए शान्तिपूर्ण आन्दोलन गर्ने भन्नु नै मगर हिंसाको राजनीतिबाट टाढा छ भन्ने बुझिन्छ । तर ५.७ प्रतिशतले सशस्त्र आन्दोलन भन्ने विषयलाई नजरअन्दाज गर्न नमिल्ने बताएका छन् । २१.७ प्रतिशतले मगरात पार्टीको निर्माण गर्ने मत जाहेर गर्नु पनि ठूलो जनमत हो । मगरात पार्टी निर्माणको २१.७ प्रतिशत र सशस्त्र विद्रोहको ५.७ प्रतिशत तथा मौन रहने १०.३ प्रतिशत र थाहा छैन भन्ने ९.१ प्रतिशत भनेकोले ४२ प्रतिशत जनमत बहिष्करण र उत्पीडनको पीडाले एक ठाउँमा आउन सक्ने सम्भावना रहन सक्छ ।

सर्वेक्षणले मगर जातिले आफ्नो जनसङ्ख्याका आधारमा राज्यमा पूर्ण समानुपातिक प्रतिनिधित्व हुनुपर्ने कुरा प्रमुखताका साथ उठाएका छन् । मगरात स्वायत्त प्रदेशको आवश्यकता दोस्रो महत्वका साथ उठाएका छन् भने आत्मनिर्णयको अधिकारसहितको मगरात तेस्रो प्राथमिकताका साथ उठाएका छन् ।

मगर जातिको आन्दोलन उठ्नुका प्रमुख कारणमध्ये राज्यद्वारा विभेद गरिनु पहिलो रहेको छ, मगर सचेत र सङ्गठित हुनु दोस्रो कारण रहेको छ भने, आदिवासी जनजातिको आन्दोलनको प्रभाव तेस्रो रहेको छ र मगर सङ्घको स्थापनाको कारण चौथो रहेको छ । त्यसै गरी संविधानसभामा पहिचानको बहस पाँचौं र माओवादी सशस्त्र विद्रोहको कारण छैटौं रहेका छन् । सर्वेक्षण अनुसार राज्यद्वारा गरिएको विभेद पहिलो कारण भए पनि मगर जाति सचेत र सङ्गठित हुनु, आदिवासी जनजातिको आन्दोलनको प्रभाव पर्नु, संविधानसभामा पहिचानको बहस हुनु र माओवादी सशस्त्र विद्रोह सबै घटनाको कारण राज्यद्वारा सिर्जित विभेदको उपज भएको सर्वेक्षणले देखाएको छ । नेपाल र भारत वा जात प्रथा बलियो भएको समाजमा मानिसको सामाजिक सम्बन्ध उसको जन्मको आधारमा निर्धारित हुन्छ । जातका आधारमा व्यक्ति डामिएको हुन्छ र जीवनका अवसरहरू सीमित हुन्छन् । सिल्भरका अनुसार “नरुचाइएका समूहलाई अप्ठ्यारा मापदण्डहरु राखेर प्रतिसपर्धामा कमजोर पारिन्छ, वलपूर्वक दवाइन्छ वा विस्थापित गरिन्छ, यसको चरम रुप जातीय नरसंहार हो” (सिल्भर, सन् २०१३,पृ. ११) । नेपालमा बहुजातीय मुलुक भएकाले जातीय असमानताको बहस उठाउँदा द्वन्द्व हुन्छ भन्नु गलत हो । यस विषयमा लोक राना भन्छन्, “बेल्जियममा तीनवटा मात्र जाति त्यो पनि एउटै धार्मिक समूहका हुँदा पनि युद्ध भयो । त्यसैले युद्ध बहुजातीय सामाजिक बनावट वा अल्पजातीय सामाजिक बनावटका आधारमा हुने होइन, विभेदका

आधारमा हुने हो।"[५८] हेमराज राईका अनुसार लामो समयदेखि उत्पीडनमा रहेको जातिहरूको मुक्तिसँग जोडिएको विषय नै जातीय पहिचानको राजनीति हो। सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको सन्दर्भमा अधिकारसम्पन्न स्वायत्त राज्यहरू दिएर उत्पीडित जातिहरूलाई मुक्ति दिनुपर्दछ (हेमराज राई, २०७३ साउन १३ गते, अनुसूची ४)।

**७.७ मगर पहिचान मेटिनुका कारणहरू**

मगर पहिचान मेटिनुका प्रमुख दुई कारणमध्ये पहिलो राज्यको विभेदपूर्ण नीति र दोस्रो आफ्नै कारण रहेको देखाएको छ। पहिचान मेटिनुमा राज्यले मातृभाषामा लगानी नगर्नुमा ६४.५ प्रतिशत र मगरले आफैँले आफ्नो संस्कृति जर्गेनामा चासो नगर्नुमा ५३.७ प्रतिशतले मत जाहेर गरेका छन्। यसरी मगरको पहिचान मेटिनुको पहिलो कारण राज्य र दोस्रो कारण स्वयम् मगर जाति जिम्मेवार भएको भएको सर्वेक्षणले देखाएको छ।

तालिका ७.२०: मगर पहिचान मेटिनुका कारणहरू

| **विषय** | **पाल्पा** | **रोल्पा** | **प्युठान** | **जम्मा प्रतिशत** |
|---|---|---|---|---|
| ऐतिहासिक थातथलोको नाम परिवर्तन | ५८.५ | ४०.३ | ५०.९ | ४९.१ |
| राज्यले मगरको मातृभाषामा लगानी नगर्नु | ६७.९ | ६२.७ | ६३.६ | ६४.५ |
| मगरको मौलिक संस्कृति हराउँदै जानु | ६२.३ | ४४.८ | ३२.७ | ४६.२ |
| मगरले आफ्नो संस्कृतिको जगेर्नामा चासो नगर्नु | ६०.४ | ४९.३ | ५२.७ | ५३.७ |
| दैनिक कामकाजमा मगर भाषा व्यावहारिक नहुनु | ५.७ | १७.९ | ३४.५ | १९.४ |
| मगरहरूले अध्ययन-अनुसन्धान नगर्नु | २०.८ | ३१.३ | २५.५ | २६.२ |
| मगरको राज्यमा पहुँच नहुनु | १८.९ | ३५.८ | ३८.२ | ३१.० |

(स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७३)

राज्यले मातृभाषामा लगानी नगर्नुले मगर पहिचानमाथि सङ्कट आइपरेको सर्वेक्षणले देखाएकाले मगरको पहिचान नष्ट गर्ने प्रमुख कारण राज्य भएको ठहर हुन्छ। मगरको मातृभाषामा लगानी नगरेपछि मातृभाषाको महत्व हराउँदै जानु स्वाभाविक हो। दोस्रो, मगरहरू आफैँले आफ्नो संस्कृतिको जगेर्ना नगर्नुको पनि कारण राज्य नै हो। किनकि मगरको संस्कार संस्कृतिलाई राष्ट्रिय संस्कृतिको मान्यता नदिँदा दोस्रो दर्जाको ठानेपछि मगर समुदायमा पनि यसप्रतिको आकर्षण बिस्तारै हराउँदै गएको पाइएको छ। तेस्रो ऐतिहासिक थातथलोको नामको परिवर्तन पनि राज्यद्वारा नै व्यवस्थित रूपमा सरकारी अभिलेखहरूमा गरिएबाट मगरको मातृभाषामा राखिएका स्थान नामको परिवर्तन भएको छ।

मगरको पहिचान बचाउन सबैभन्दा महत्वपूर्ण पक्ष भाषा हो भन्ने कुरा सर्वेक्षणले प्रष्ट गरेको छ। गोवर्द्धन रानाका अनुसार पहिचानको मुद्दा नेपाली समाजको आवश्यकता हो। तर हामीले भाषाको संरक्षण

[५८] रानामगरसँग २०७३ कात्तिक ३ गते दरबारमार्ग, काठमाडौँमा लिइएको अन्तर्वार्ताका आधारित।

र विकासबाट पहिचान त बचाउँछौँ तर अन्तर्राष्ट्रिय जगतमा प्रतिस्पर्धा गर्न सक्तैनौ (गोवर्द्धन राना, २०७३ साउन १३ गते, अनुसूची ४)। रानाले भनेझैँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा मगर भाषाको दखलताले रोजगारको अवसर नभएकाले सकेसम्म अङ्ग्रेजी र त्यसपछि खस नेपाली भाषामा दक्षता हासिल गर्नुपर्ने बाध्यता छ। जसका कारण पहिचान बचाउने अभियान लाग्दा राज्यको अवसरहरूबाट वञ्चित हुनुपर्ने बाध्यता छ भने भाषाको संरक्षण नहुँदा पहिचान लोप हुने अवस्था छ। यो दुविधा र अन्तर्विरोधको बीचबाट मगर जातिले आफ्नो पहिचान पनि बचाउने र राज्यका विभिन्न अङ्गहरूमा पनि प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्नुपर्ने बाध्यता छ।

नेपालका मगरहरूको पहिचानमा सङ्कट आउनुको प्रमुख कारण राज्यद्वारा लादिएको हिन्दु पहिचान भए पनि उनीहरूको आत्मगत कारणहरू पनि छन्। वर्तमान सन्दर्भमा राज्यद्वारा लादेर हाम्रो पहिचानमाथि प्रहार भएको भन्ने आरोप पूर्ण रूपले तथ्यपूर्ण हुँदैन। किनकि अहिले आफ्नो समुदायप्रतिको लगाव र जागृत चेतनाको कारणले पनि बाह्य पक्षलाई मात्र दोष थोपार्नुको अर्थ हुँदैन। मगर पहिचानको आन्दोलन पनि आम रूपमा केन्द्रित नभएर आफू आफूमा विभाजित हुने मनोविज्ञान रहेको छ। पहिचानभित्र पहिचान खोज्दै जाँदा यो आन्दोलन निर्णायक क्षणमा कमजोर हुने गरेको छ। अध्ययन-विश्लेषण, कूटनीतिक, रणनीतिक ज्ञानको अभाव र विभिन्न स्वार्थको कारणहरूले पहिचानले बाहिरी रूपमा एकता गराए पनि भित्री रूपमा विभाजित बनाएको छ।

विजय सुब्बाका अनुसार आदिवासी जनजातिहरूको आन्दोलनले सन् २००३ देखि केही आत्मगत समस्याहरूको सामना गरिरहेको छ। एउटै राई जातिमा कुलुङ, चाम्लिङ, नाछिरिङ, बहिङ, लोहरुङ, याम्फू आदि, गुरुङमा गुरुङ र घले, थारूमा राना र थारू साथै कर्मारोङ र मुगलजस्ता छुट्टै पहिचानको अभियान चलिरहेको छ (Subba, 2013,p. 83)। सुब्बाले ठहर गरेजस्ता धेरै समस्या धेरै जाति समूहहरूमा छन् र हुन सक्छन्, तर यसलाई सहि ढङ्गले सम्बोधन गर्दा जातीय ऐतिहासिकताको पहिचान थप मजबुट बन्दछ।

### ७.८ कम्युनिस्ट पार्टीहरूप्रति मगरको धारणा

उत्तरदाताहरूमध्ये ५४.३ प्रतिशतले कम्युनिस्ट पार्टीलाई वर्गीय पार्टी, २६ प्रतिशतले जातीय-क्षेत्रीय पार्टी र ८.५ प्रतिशतले धार्मिक-सांस्कृतिक पार्टी भनेका छन्। मगर जातिमा जातीय पहिचानको मुद्दा २०१२ सालदेखि सुसुप्त हुँदै २०४७ सालपछि व्यापक बहसमा आयो र २०६३ सालपछि आधारभूत तहमा आयो। कम्युनिस्ट पार्टीको विचार र सङ्गठन भने धेरै पुरानो भएकाले मगर समुदायमा कम्युनिस्ट पार्टी वर्गीय पार्टी भएको छाप गहिरो रहेको छ।

कम्युनिस्ट पार्टीले जातीय संस्था स्थापना गर्नु उचित हो भन्नेहरू ६८.८ प्रतिशत, उचित होइन भन्नेहरू २२.७ प्रतिशत र ८.५ प्रतिशतले थाहा छैन भनेका छन्। सर्वेक्षणले कम्युनिस्ट पार्टीहरूले जातीय

मुद्दा उठाउनुलाई स्वाभाविक रूपमा स्वीकार गरेको देखन्छ। कम्युनिस्ट पार्टीले जातीय मोर्चा गठन गर्नुको उद्देश्यबारे सोधिएको प्रश्नमा ४८ प्रतिशत उत्तरदाताले जातीय समस्या समाधान गर्न, २३ प्रतिशतले पार्टी मजबुत बनाउन, १२ प्रतिशतले पार्टीलाई समावेशी बनाउन, ११ प्रतिशतले बहुजातीय मुलुक भएकाले, ५ प्रतिशतले कार्यकर्तालाई पार्टी नियन्त्रणमा राख्न र १ प्रतिशतले थाहा छैन भन्ने उत्तर दिएका छन्। यो आँकडाले कम्युनिस्ट पार्टीमा जातीय मोर्चा निर्माण गर्नुपर्छ भन्नेमा र कम्युनिस्ट पार्टीले जातीय समस्या समाधान गर्दछ भन्नेमा विश्वस्त रहेको देखाउँछ।

तालिका ७.२१: कम्युनिस्ट पार्टीप्रति मगरको अवधारणा

| विषय | पाल्पा | रोल्पा | प्युठान | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| **१. कम्युनिस्ट कस्तो पार्टी हो ?** | | | | |
| वर्गीय | २४ | ४३ | २८ | ५४ |
| जातीय क्षेत्रीय | १९ | १३ | १५ | २७ |
| धार्मीक सांस्कृतिक | ३ | ४ | ८ | ९ |
| थाहा छैन | ५ | ८ | ६ | ११ |
| **२. जातीय मोर्चा स्थापना गर्नु ठिक हो कि होइन ?** | | | | |
| ठिक | ३८ | ४१ | ४२ | ६९ |
| बेठिक | ११ | २० | ९ | २३ |
| थाहा छैन | २ | ७ | ६ | ९ |
| **३. ठिक हो भने** | | | | |
| जातीय समस्या समाधान गर्न | २३ | २३ | ११ | ४७ |
| पार्टी मजबुत बनाउन | ३ | ७ | १९ | २४ |
| पार्टीलाई समावेशी बनाउन | ५ | ४ | ६ | १२ |
| बहुजातीय मुलुक भएकाले | ४ | ३ | ६ | ११ |
| कार्यकर्तालाई नियन्त्रणमा राख्न | ३ | ३ | ० | ५ |
| **४. ठिक होइन भने** | | | | |
| जातीय द्वन्द्व बढ्ने भएकाले | ८ | ६ | ७ | ५३ |
| जातपातमा विश्वास नगर्ने भएकाले | १ | ५ | १ | १८ |
| बहुजातीय मुलुक भएकाले | १ | ६ | ० | १८ |
| भोट बैङ्कका रूपमा प्रयोग हुने भएकाले | १ | २ | ० | ८ |
| खस-आर्यको भूमिका कमजोर हुने भएकाले | ० | ० | १ | ३ |
| थाहा छैन | ० | १ | ० | ३ |
| **५. पहिचानको राजनीतिप्रति अनुदार हुनुका कारणहरू** | | | | |
| नेताहरूको अहङ्कार | ३१ | ३७ | २९ | ५५ |
| पहिचानवादी पार्टीहरू कमजोर भएकले | ३६ | २६ | २९ | ५१ |
| खस-आर्य समुदायको वर्चस्व | २२ | ३३ | २४ | ४५ |
| वर्गीय पक्षधर भएकाले | २० | ३७ | २३ | ५५ |
| पहिचानको राजनीति संकुचित भएकाले | २० | २१ | १५ | ३२ |
| पहिचानको विषयमा जानकारी नभएकाले | ५ | १० | १३ | १६ |

(स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७३)

कम्युनिस्ट पार्टीमा जातीय संस्था स्थापना गर्नुहुँदैन भन्नेहरूमध्ये ५१ प्रतिशतले जातीय द्वन्द्वको खतरा मानेका छन्। १७ प्रतिशतले कम्युनिस्ट पार्टीले जातीय व्यवस्थामा विश्वास नगर्ने भएकाले, १७

प्रतिशत बहुजातीय मुलुक भएकाले, १७ प्रतिशतले कम्युनिस्ट पार्टीले जातपात नमान्ने भएकाले, ७ प्रतिशतले भोट बैङ्कका रूपमा प्रयोग गर्ने भएकाले र २ प्रतिशतले खस-आर्यहरूको भूमिका कमजोर हुने भएकाले भनेका छन् । आधारभूत तहका मगर समुदायलाई समेत जातीय द्वन्द्व र सामाजिक असमानताको विषयमा चिन्ता देखिन्छ। मगर जातिले आफ्ना लागि मात्र होइन, अन्य समुदायका लागि समेत सकारात्मक चासो गरेको यो सर्वेक्षणले देखाएको छ। कम्युनिस्ट पार्टीले जातीय सङ्गठन निर्माण गर्नुका कारणहरूमध्ये ४७.१ प्रतिशतले जातीय समस्या समाधान गर्न, २४ प्रतिशतले पार्टी बलियो बनाउन, १२ प्रतिशतले पार्टीलाई समावेशी बनाउन, ११ प्रतिशतले बहुजातीय मुलुक भएकाले र ५ प्रतिशतले आफ्नो कार्यकर्ता पार्टी नियन्त्रणमा राख्न भनेका छन् । सर्वेक्षणमा ४७ प्रतिशतले जातीय समस्या समाधान गर्न, १२ प्रतिशतले पार्टीलाई समावेशी बनाउन र ११ प्रतिशतले बहुजातीय मुलुक भनेका छन् । यसरी हेर्दा ६९ प्रतिशतले कम्युनिस्ट पार्टीलाई जातीय मुद्दासँग जोडेर हेरेका छन् भने २४ प्रतिशतले पार्टी बलियो बनाउन र ५ प्रतिशतले कार्यकर्ता नियन्त्रणमा राख्न गरी २९ प्रतिशतले विशुद्ध पार्टीसँग जोडेर हेरेका छन् । कम्युनिस्ट पार्टीले जातीय समस्या समाधान गर्दछ भन्नेमा धेरै मगरहरूको विश्वास रहेको देखिन्छ ।

कम्युनिस्ट पार्टीहरू पहिचानको राजनीतिप्रति अनुदार हुनुको कारण ५५ प्रतिशत उत्तरदाताले पार्टीका नेताहरू अहङ्कारी भएकाले, ५१ प्रतिशत उत्तरदाताले पहिचानवादी पार्टीहरू कमजोर भएकाले, ४५ प्रतिशत उत्तरदाताले कम्युनिस्ट पार्टीमा खस-आर्य समुदायको वर्चस्व भएकाले, ४५ प्रतिशत उत्तरदाताले वर्गीय पक्षधर भएकाले, ३२ प्रतिशतले पहिचानको राजनीति सङ्कुचित भएकाले र १६ प्रतिशतले यस विषयमा जानकारी नभएको बताएका छन् । जातीय अहङ्कार र कम्युनिस्ट पार्टीमा खस-आर्यको वर्चस्व हुनुको स्रोत जातीय राजनीति नै हो । यसले ४५ प्रतिशत उत्तरदाताहरूले कम्युनिस्ट पार्टी वर्गीय पक्षधर हो भन्ने मतलाई समेत छायामा पारेको छ। यसको अर्थ कम्युनिस्टहरू पहिचानको राजनीतिप्रति अनुदार हुनुका कारण जातीय कारण नै रहेको छ । यसले नेपाली राजनीतिमा वर्गीय मुद्दाभन्दा जातीय मुद्दा बलशाली भएको देखिन्छ। अर्कोतर्फ, पहिचानको मुद्दा बोकेका पार्टीहरू प्रभावकारी हुन नसक्नुका धेरै कारणमध्ये प्रमुख तीन कारण छन् । पहिलो, जातीय पहिचानसम्बन्धी जनचेतनाको जागरण गराउन नसक्नु; दोस्रो, जातीय मुद्दा मात्र बोक्नु; र तेस्रो, आदिवासी जनजाति बाहेक अन्य जातिको अस्तित्व अस्वीकार। यदि पहिचानबादी राजनीतिक पार्टीहरूले जातीय पहिचानको आधारमा भएका अग्राधिकार र बहिष्करणको विषयमा आम नागरिकलाई सुसुचित गर्ने हो भने दोस्रो र तेस्रो कारण समेत स्वतः हल हुन सक्दछ । मार्क्सले कम्युनिस्ट पार्टीको घोषणपत्रको सारमा 'व्यक्तिगत सम्पत्तिको अन्त्य' भनेका छन्, तर नेपालका धेरै कम्युनिस्ट नेताहरूका व्यक्तिगत भौतिक सम्पत्ति चुलिँदै गइरहेको भए पनि यसको चर्चा हुँदैन। तर जातीय उत्पीडनमा रहेका समुदायले आफ्नो प्रतिनिधित्वको सवाल उठाउँदा कम्युनिस्ट पार्टीको नीतिविपरीत भन्ने गरिन्छ । खस-आर्य समुदायका नेता-कार्यकर्ताहरूले सङ्घीयता, सामाजिक सद्भावजस्ता गम्भीर विषयको विपक्षमा जाँदा पनि स्वाभाविक हुने तर त्यही विषयमा

आदिवासी जनजाति वा अन्य समुदायले बोल्दा साम्प्रदायिक, विखण्डनकारीको आरोप लगाउने गरेको उदाहरणहरू प्रशस्तै छन् ।

### ७.९ मगरको मुद्दाः जातीय वा वर्गीय

"नेपालको सामाजिक उत्पादन प्रणाली जातद्वारा निर्देशित भएकाले जात र वर्गको सामञ्जस्य रहेको छ" (शर्मा, २०६९,पृ. ३६) । पिताम्बर शर्माको यो भनाइमा नेपाली समाजमा जात र वर्गलाई अलग गर्न मिल्दैन अर्थात दुवै पक्ष समानान्तर छन् । समाज विकासको क्रममा वंश, गण, जन, जाति र राष्ट्रका रूपमा विकास हुदै जाति व्यवस्थामा आईपुग्छ र यो अवस्थामा आईपुग्दा भौतिक सम्पत्तिमा व्यक्तिगत स्वामित्वको सम्बन्ध बढेर जान्छ र भाषा, धर्म, संस्कृति आदिमा साझापनको विकास हुन्छ। वेदुराम भुसालका अनुसार त्यस स्तरमा पुगेपछि मानिसहरूससाना गोत्रीय सङ्गठनका रूपमा भन्दा बढी आर्थिक समूहका रूपमा देखा पर्न थाल्दछन् यो चरणमा मानिसका निम्ति कुलको गोत्रको, कविलाको र जातिको स्वार्थभन्दा वर्गको स्वार्थ ठूलो हुन पुग्छ, त्यसले गर्दा वर्गीय अन्तरविरोधहरू सुरु हुन्छन् र वर्गीय सङ्घर्ष चर्कन थाल्दछ, जातीय सङ्घर्ष गौण बन्दछ (भुसाल, २०६७,पृ. ७४) ।

शर्माले जात र वर्गलाई समानान्तर रुपमा रहेको बताए पनि भुसालले वर्ग प्रधान र जातलाई गौण भनेका छन् । मल्ल के सुन्दरका अनुसार मार्क्सवादले समाजको विश्लेषणमा मानिस-मानिसबीचको अन्तरसम्बन्ध र अन्तर्विरोधलाई वर्गीय दृष्टिकोणबाट व्याख्या गर्दछ। त्यसलाई नै सामाजिक सम्बन्ध बुझ्ने एक मात्र वैज्ञानिक आधार मान्दछ। अर्कोतर्फ श्रम र उत्पादनसँगको सम्बन्धले नै मानिसका सबै कुरा निर्धारण गर्ने कुरा गरे पनि जातीय उत्पीडन र राष्ट्रिय दमनविरुद्ध राष्ट्रको आत्मनिर्णयको अधिकारको सिद्धान्तको प्रतिपादन गर्ने पहिलो व्यक्ति पनि साम्यवादी पार्टीको नेता नै हुन् (मल्ल, सन् २०१३,पृ. ३७) । नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका प्राज्ञिक महाशाखा प्रमुख तारामणी राईका अनुसार, "जातीय मुक्तिको सवालमा शास्त्रीय मार्क्सवादको पछिल्ला समयमा परिकृष्ट भएका छन् जसको कारण लेनिन र माओको योगदानले जातीय समस्याको हल धेरै मार्क्सवादी दृष्टिकोणबाट हल गर्न सकिन्छ । हिजोको राजतन्त्र ब्यवस्था हुदा बर्गीय समस्या नै प्रधान समस्या हो भन्ने थियो तर आज गणतन्त्र स्थापना हुदा पनि नेपाली समाजको अवस्था जहाको तही हुनु जातीय कारण पनि छ भन्ने प्रष्ट हुन्छ ।"[५९] भुसालले जातीय समस्या गौण र वर्गीय पक्ष प्रधान भनेपनि शर्मा, मल्ल र राईका यी दुई पङ्क्तिले आदिवासी मगरको समस्या वर्गीय मात्र नभएर जातीय पनि हो, तर यसको पहलकदमी कम्युनिस्ट पार्टीले लिए पनि समस्या समाधान गर्ने विषयमा भने दुविधा प्रकट गर्दछ । मगर जाति र अन्य आदिवासी जनजातिहरूको आन्दोलनको सन्दर्भमा धैरै समानता भए पनि केही भिन्नता पनि रहेका छन् । यस विषयमा

[५९] राईसँग २०७३ श्रावण २८ गते ललितपुरमा लिएको अन्तरवार्तामा ब्यक्त विचार ।

गोर्खा राज्य विस्तारबाट बनेको आधुनिक नेपालको निर्माण प्रक्रियालाई पनि हेर्न सकिन्छ। मगरले आफ्नै राज्य विघटन गरेर गोर्खा राज्यमा विलय गराएर अन्य जातिका गणराज्यहरूको विरुद्ध जाइलागेको भन्ने बुझाइ पनि छ। अर्कोतर्फ मगर जाति जातीय मुद्दामा भन्दा वर्गीय मुद्दामा केन्द्रित भएको तथ्यहरू पनि खुल्दैछ। लखन थापामगर मगर वा आदिवासी जनजातिको पक्षमा मात्र नभएर राणा शासनबाट उत्पीडित सिङ्गो नेपाली समाजको पक्षमा लडेका थिए। कामी बुढामगर वर्गीय आन्दोलनको झन्डा बोकेर सहिद भएका थिए। एकदेव आलेमगर, एम. एस. थापामगर, गोरेबहादुर खपाङ्गीमगर, सुरेश आलेमगर आदि पनि वर्गीय र जातीय दुवै चेतनाका कारण कम्युनिस्ट पार्टी र मगर जातिमा योगदान गरेका थिए। सन्तोष बुढामगरका अनुसार "पछिल्लो समय २०५२ सालमा नेकपा माओवादीद्वारा सञ्चालित जनयुद्धमा धेरै योद्धा मगर नै थिए र मगरको बस्तीबाटै युद्धले सफलता पाएको थियो। धेरै मगरहरूले वर्गीय उत्पीडनसँगै जातीय उत्पीडनबाट मुक्ति पाउने विश्वासका साथ जनयुद्धमा होमिएका थिए" (सन्तोष बुढामगर, २०७३ साउन २७ गते, अनुसूची ४)।

२०६२/६३ सालपछि नेपालमा पहिचानको आन्दोलनका सन्दर्भमा पनि मगर जातिको आधारभूमिमा अन्य जातिको तुलनामा फरक घटनाहरू देखिए। पक्कै पनि मगर जातिमा भएको भाषिक-सांस्कृतिक र भौगोलिक विविधता एउटा पक्ष हुन सक्छ, तर भौगोलिक विविधता बाहेक अन्य विविधता अन्य आदिवासी जनजातिहरूमा पनि छन्, तर मगर जातिको हकमा भने पृथक् विशेषता रहेको अध्ययनहरूले पनि देखाएका छन्। केही विद्वान्हरूले मगर जातिको राज्य विघटन हुनु र उनीहरू पछि पर्नुको कारण बाह्य कारणहरू मात्र नभएर मगर जातिकै आन्तरिक कारण भनेका छन्। मगर जातिमा आफ्नो जातीय भावना र सहानुभुति भन्दा पनि आम जातीय समानताको लागि अगुवाइ गरेकोले उसले कुनै जाति विशेषभन्दा पनि राज्यको अत्याचारपूर्ण नीतिको विपक्षमा रहेको पाइन्छ। अर्को पाटोबाट हेर्दा मगरहरू जातीय हिसाबले भन्दा पनि वर्गीय दृष्टिकोणबाट परिचालित र निर्देशित भएको कारणले आफू आफूमा पनि अन्तरद्वन्द्व पाइन्छ। यो सन्दर्भमा फ्रान्सेली अनुसन्धानकर्ता मेरी लेकोम्टे टिलोइन अनुसार "मगर समुदायको राजनीतिमा मुख्य भूमिका मगर मुखियाको हुने गर्दथ्यो, ती मुखियाहरूमा धनी मुखिया र गरिब मुखियाको बीचमा द्वन्द्व देखिन्छ। रोल्पाको मिरुल, रुकुमको मैकोट र गुल्मीको दर्लिङ्गमा पनि धनी मुखिया र गरिब मुखियाबीचको द्वन्द्व देखिन्छ।"[६०]

लेकोम्टेको यो अनुभवले प्रस्ट गर्दछ कि मगरहरूमा जातीय दृष्टिले भन्दा पनि राजनीतिक विचारका आधारमा एकता र विभाजन रहेको देखिन्छ। तर यही विषयमा पूर्वमा लिम्बूवानको मुद्दा बोकेका लिम्बूहरूको सन्दर्भमा फरक अनुभव पाइन्छ। जेबी पुनमगरका अनुसार २०५५ सालमा रोल्पाको थबाङ पुग्दा १५ वर्षीय जनमुक्ति सेना वीरबहादुर रोकामगरले सामन्तवादी राजसंस्थाले जनतालाई शोषण

[६०] लेकोम्टे टिलोइनसँग २०७१ कात्तिक २५ गते मार्टीन चौतारीमा गरिएको कुराकानीमा व्यक्त विचार।

गरेको हुनाले त्यसलाई ध्वंस गरी जनतालाई मुक्ति दिन जनयुद्धमा लागेको बताएका थिए भने २०६५ पाँचथरको फिदिम पुग्दा २१ वर्षीय लिम्बुवान भोलेन्टियर्सहरू तेजेन्द्र लिम्बू र २० वर्षीय राजकुमार लिम्बूले एकात्मक बाहुनवादी सत्ताले जनजातिमाथि शोषण गरेकाले जातीय मुक्ति आन्दोलनमा लागेको बताए (पुनमगर, २०६५,पृ. ३२-३३)। पुनमगरको यो रिपोर्टअनुसार २०५५ सालमा मगरले सामन्तवादी राजसंस्थाका विरुद्ध भन्नु तथा २०६५ मा लिम्बूले बाहुनवादी भन्नुको कारण २०५५ सालमा राजसंस्था थियो भने २०६५ सालमा राजतन्त्र बिदा भएर ब्राह्मण समुदायका नेताहरूले राज्य र पार्टीहरूको नेतृत्व गरेका थिए, व्यवस्था परिवर्तन भए पनि राज्यसत्ता हिजोको जस्तै उत्पीडित समुदायप्रति विभेदकारी र खस-आर्य समुदायकै नेतृत्वमा भएको सन्दर्भमा भनिएको हुन सक्छ। यो विषयलाई पुनः पुनमगर लेख्छन्, "राजा नरहेपछि अब प्रमुख दुस्मन बाहुन-क्षेत्री हुन् भन्ने माओवादीले सिकाएकै वर्ग-विश्लेषणका आधारमा आज कतिपय जनजाति समूह र नेता-कार्यकर्ताहरू आफ्ना कार्यनीतिहरू तय गरिरहेका छन्। युद्धकालमा विभिन्न समुदायलाई जातीय राज्य घोषणा गरेर सत्ता महत्वकाङ्क्षा जगाएको कारण त्यसको मूल्य आज देशले चुकाउँदै छ" (पुनमगर, २०६६,पृ. ५०)। पुनमगरको यो विश्लेषणमा केही तथ्यहरू रहे पनि मगर जातिको सन्दर्भमा भने वर्गीय मुद्दा बलशाली देखिन्छ। त्यसैले ब्राह्मण-क्षेत्री भनेको नै शासक जाति र शासक जाति नै वर्गीय हिसाबले पनि सम्पन्न वर्गको प्रतिनिधित्व गर्ने भएकाले यो विश्लेषण मिल्दछ। मगरको र अन्य आदिवासी जनजातिबीचमा पहिचानको राजनीतिको विषयमा फरक फरक पृष्ठभूमि भएको कारणले दृष्टिकोणमा पनि भिन्नता रहेको छ।

आदिवासी जनजाति महासङ्घ रोल्पाका अध्यक्ष घर्तीमगरसँग बलबहादुर घर्तीमगरका अनुसार "रोल्पाको उथलपुथल हुनुको कारण गरिबी होइन। मगरहरूको आफ्नै खालको विश्वास, मूल्य मान्यता र संस्कार संस्कृति हो, जनयुद्धको प्रभावकारिता मुख्य कुरा भाषा हो। रोल्पामा स्कुलका शिक्षक र विद्यार्थीहरूमा संयुक्त जनमोर्चाले र पुराना पाका र पूर्व पञ्चहरूलाई काङ्ग्रेसले हात लियो।"[६१] घर्तीमगरको यो विश्लेषण र पुनको विश्लेषणमा जातीय कारण निर्णायक रहेको भन्ने तर्कमा समानता रहेको पाइन्छ। ती कारण वर्गीय बन्न पुगे, त्यसैले जात र वर्गलाई अलग गरेर हेर्नु अपूर्ण देखिन्छ। यो विषयलाई नेपाल मगर सङ्घका अध्यक्ष नवीन रोकामगरले "नेपालका कम्युनिस्ट पार्टीहरूले आफ्नो नीति तथा कार्यक्रमहरू नेपाली समाजको विशेषता अनुसार रूपान्तरण गर्न आवश्यक रहेको मत राख्दै जहाँ सामाजिक समानता हुन्छ, त्यहाँ मात्र वर्गीय एकता कायम हुन्छ। माओवादी युद्धका बेला अन्तरजातीय विवाह लगायत सांस्कृतिक आदानप्रदानमा सबै स्वीकार गरियो तर शान्ति प्रक्रियामा आएपछि पुरानै संस्कृतिमा फर्किए। त्यसको कारण वर्गीय नभएर सांस्कृतिक थियो" (नवीन रोकामगर, २०७३ साउन १० गते, अनुसूची ४)। यसै प्रसङ्गमा आहूति लेख्छन्, "नेपालको माओवादी आन्दोलनले दलित र अन्य

[६१] घर्तीमगरसँग २०७४ वैशाख ३ गते रोल्पामा लिइएको अन्तर्वार्ता।

उत्पीडितहरूको समस्या थोरै उठाउँदा ऊ ह्वात्तै अगाडि आयो, तिनका मुद्दा छाड्दा पुरानै गनाउने संसद्वादी पार्टी बन्न पुग्यो" (आहूति, २०७७,पृ. १२५) । रोकामगर र आहूतिको यो भनाइबाट आदिवासी जनजाति तथा दलितहरूको सन्दर्भमा जातीय मुद्दा बलशाली छ भन्ने बुझिन्छ। अध्ययनहरूले पनि नेपाली समाजमा वर्गको निर्माण जातीय र धार्मिक जगमा भएकाले जातसँग वर्ग र वर्गसँग जात कहिले परस्पर समानान्तार देखिन्छ, तर यसको मूल सम्बन्ध भने द्वन्द्वात्मक रहेको छ। मगर जातिका कतिपय अभियान्ताहरुले जातीय पहिचानलाई मात्र प्राथमिकता दिने गरेको पाईन्छ । केवी गुरुङका अनुसार, "अधिकारका लागि राजनीति प्रमुख कुरा हो, तर पहिचानको आन्दोलनले राजनीतिबाट विमुखीकरण गराउँदछ। हामीलाई राजनीतिसँग सरोकार छैन पहिचान चाहिन्छ भन्ने धारणा प्रमुख बनाउँदछ" (केबी गुरूङ, २०७३ चैत ४ गते, अनुसूची ४) । गुरूङको यो भनाइले मगर पहिचानको आन्दोलनले मगर जातिलाई थप कमजोर बनाउन सक्नेतर्फ इङ्गित गर्दछ। तर पहिचानको मुद्दालाई चिनारीको अर्थमा मात्र होइन राजनीतिक अधिकारसँग जोडेर अभियान चलाएमा राजनीतिक अधिकार र जातीय पहिचान दुवै स्थापित हुन सक्छ।

फ्रान्सेली अनुसन्धानकर्ता अन्ना डे सेल्सका अनुसार "सुरुमा मगरहरूमा आफ्नो जातीय चेतनाभन्दा पनि कम्युनिस्ट चेतनाको प्रभाव थियो। कम्युनिस्ट चेतनाबाट नै जातीय चेतनामा प्रवेश गरेको पाइन्छ, अन्य मानिसहरूले भन्ने गरेजस्तै खाम मगरहरूको सन्दर्भमा जातीय मुद्दाका लागि कम्युनिस्ट भएका होइनन् , उनीहरू पहिले नै कम्युनिस्ट हुन्।"[६२] अन्नाको यो रायसँग मिल्ने मगर समुदायमा केही आधारहरू छन्, पूर्वका आदिवासी जनजातिहरू जातीय मुद्दालाई प्रमुख मान्दै आएका छन् भने मगरहरूले वर्गीय मुद्दालाई प्रमुख मान्दै आएका छन्। मगर र अन्य आदिवासी जनजातिबीचको राजनीतिक र सामाजिक चेतनामा यही भिन्नता छ। मगर कम्युनिस्ट चेतनाबाट नै जातीय चेतनामा प्रवेश गरेको पाइन्छ। मगरलगायत अन्य सामाजिक तथा धार्मिक समूहहरूमाथि राज्यद्वारा निर्मित विभेदका कारण उनीहरू सङ्गठित भएको र बहुल सांस्कृतिक पहिचानमाथि राज्यद्वारा लादिएको एकल हिन्दु पहिचानको राजनीतिको विकल्पमा अन्य उत्पीडित समुदायले जातीय पहिचानको मुद्दालाई अगाडि सारेको पाईन्छ।

मोहनविक्रम सिंहका अनुसार नेपालमा दक्षिण र पश्चिमबाट आएका जातिहरूले प्राचीन समयदेखि बसोबास गर्दै आएको जनजातिहरूमाथि आफ्नो प्रभुत्व जमाउँदै आए। उनीहरूले जनजातिहरूलाई पाखा-पखेरामा धपाउदै आर्थिक, राजनीतिक तथा सांस्कृतिक रूपले दास बनाए (सिंह, २०७१,पृ. २८, ३३) । सिंहको विश्लेषणमा जनजाति समस्या जातीय आधारमा शोषण प्रधान समाजको एउटा रूप हो। नेपालको सन्दर्भमा मगर जाति ऐतिहासिक बिरासत भएर पनि वर्गीय तथा सामाजिक-सांस्कृतिक दुवै हिसाबले उत्पीडित जाति हो भन्ने कुरा माथिका अध्यायहरूमा प्रस्तुत गरिएका तथ्यहरूले

[६२] अन्ना डे सेल्ससँग २०७४ जेठ ४ मा काठमाडौँमा गरिएको कुराकानीमा व्यक्त विचार।

पुष्टि गर्दछ। नेपाली राजनीतिमा पहिचानको मुद्दा बलशाली भए पनि यसलाई हेर्ने दृष्टिकोण साँघुरो रहेको छ। पहिचानको पैरवी गर्नेहरूले आफूभन्दा अर्को समाज र संसारलाई नस्विकार्नु, आफ्नो पुर्खा र समुदायको मात्र प्रशंसा गर्नु पहिचानको मुद्दा बोक्नेहरूको कमजोर पक्ष रहेका छन्। यस्तो प्रवृत्तिलाई मानवशास्त्री डोरबहादुर विष्टका अनुसार पुर्खाको गौरवको चर्चामा रमाउनेभन्दा भोलिको गौरवका लागि परिश्रम गर्ने आफ्नो र समाजको सहायक बन्ने कुरा उल्लेख गरेका छन् (विष्ट, सन् २०१०,पृ. ६४)। आदिवासी जनजाति तथा मगरहरूले आफ्नो पुर्खाको मेहनत र इमानदारीको गौरवगाथाको अनुसरण गर्दै आजको बदलिँदो समयको गतिअनुसार चल्नुपर्ने आवश्यकता छ।

जातीय पहिचानको राजनीतिक सन्दर्भमा सर्वेक्षणले मगर र अन्य आदिवासी जनजातिहरूका बीचमा केही भिन्नता देखाएको छ। पश्चिम नेपालका मगर बस्तीहरूमा निर्वाचनमा अन्य जातिहरू नै निर्वाचित भएर आउने गरेका छन्, तर मगर बाहेक अन्य आदिवासी जनजातिहरू (मूलतः लिम्बू, राई, गुरुङ र तामाङ) को सन्दर्भमा यो लागू भएको पाइँदैन। २०७४ असार १४ गतेको स्थानीय निर्वाचनमा प्युठान जिल्लालाई अध्ययनको विषय मान्दा पनि मगर जातिको बाक्लो उपस्थिति भएको गाउँपालिकाहरूमा मगर उम्मेदवारहरू पराजित हुने र खस-आर्यले जित्ने गरेका थिए। उदार लोकतन्त्रमा प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने अवधारणा रहे पनि नेपाली राजनीतिमा सम्बन्धकै कारण अवसर प्राप्त गर्ने र साधनस्रोतको भागीदारी हुने भएकाले श्रेष्ठताको मूल्य कम र सम्बन्धको तौल धेरै माथि रहेको छ। सम्बन्ध कुन जाति, कुन थर, कुन ठाउँ आदिका आधारमा स्थापित र विश्वसनीय हुने भएकाले नेपालको राजनीतिमा पहिचानको राजनीति बलशाली देखिन्छ। नेपालमा जातीय पहिचानको मुद्दा उठान गर्नेहरूले भन्दा पनि जातीय पहिचानले जातीय सद्भाव खल्बलाउँछ र यसले राष्ट्रिय एकतालाई कमजोर पार्छ भन्नेहरूले नै सबैभन्दा धेरै नातावादको पृष्ठपोषण गरिरहेका छन्।

मगर जाति निर्वाचित हुने ढाँचालाई हेर्दा आफ्नो क्लस्टरबाहेक अन्य समुदायको बसोबास भएको क्षेत्रमा निर्वाचन जित्न नसकेको प्रशस्त उदाहरणहरू छन्। सङ्घीय समाजवादी फोरमका उपाध्यक्ष हेमराज राईका अनुसार “पहिचानको राजनीति लामो समयदेखि उत्पीडनमा रहेको जातिहरूको मुक्तिसँग जोडिएको विषय हो। नेपालमा वर्गीय र जातीय दुवै उत्पीडनको अन्त्यको अनिवार्य छ” (हेमराज राई, २०७३ साउन १३ गते, अनुसूची ४)। राष्ट्रिय पञ्चायत सदस्य बमकुमारी बुढामगरका अनुसार “पहिचानको सवाल दलीय राजनीतिको सौदावाजीको रुपमा मात्र हेरिनु हुदैन यो दृष्टिले प्राचीन आदिवासी सभ्यता र वर्तमानमा रहेको मौलिकतालाई क्षतविक्षत बनाउँछ। आदिवासीहरूको सभ्यता आजको राजनीति भन्दा धेरै पुरानो र विकसित सवाल हो। आदिवासी सभ्यताको जगमा नै आजको आधुनिक राज्य बनेको हो, त्यसको उदाहरणको रुपमा अठार मगरातमा बाइसे राज्य र बाहृ मगरातमा चौविसे राज्यलाई लिन सकिन्छ” (बमकुमारी बुढामगर, २०७३ फागुन ९ गते, अनुसूची ४)। पूर्व अञ्चलाधीश नरेन्द्रबहादुर थापा मगरका अनुसार पहिले राजाले विभिन्न समुदायबाट प्रतिनिधित्व गराउँथे तर अहिले पार्टीहरूले आफ्नो

नाताको मानिसहरूलाई मात्र पक्रिने चलन छ। राजाले मुलुक मेरो हो र प्रजा मेरो हो भन्ने गर्दथे तर पार्टीहरूले आफ्नै पार्टीभित्र पनि आफ्नै मानिसलाई मात्र अवसर दिने चलन छ। आम रूपमा राजनीति गरे मगर नेतृत्वको विकास हुन सक्छ र सबैका लागि स्वीकार्य पनि हुन्छ (नरेन्द्रबहादुर थापामगर, २०७४ वैशाख २२ गते, अनुसूची ४) । राजाले सवैलाइ प्रतिनिधित्व गराउथे भन्ने थापामगरको भनाइलाई जिवराज आचार्यले "पञ्चायतमा राजाले रोल्पामा बालाराम घर्तीमगर लगायत खास खास मगरहरू छानेर टिपे, बहुदल आएपछि पनि बाह्मणबादी चिन्तनका कारण बाहुन क्षेत्रीहरूले प्रयोग मात्र गरे, अधिकार र अवसर दिएनन्।"[६३]

पूर्वमन्त्री बालाराम घर्तीमगरका अनुसार "अहिलेसम्म बाहुनसँग प्रतिस्पर्धा गर्न नसक्ने तर जनमत धेरै भएका आदिवासी जनजाति समुदायहरू मूलतः मगरलाई कम्युनिस्टहरूले आकर्षण गरेको छ। तर आज आदिवासी जनजाति सचेत भइसकेका छन्, अब अवसर कति दिन्छन्, त्यो परीक्षणको विषय हो। आदिवासी जनजातिहरूले ठूलो समूहमा दबाब दिए अधिकार दिन अनिवार्य हुनेछन्। 'जन्मँदा शूद्र र कर्मना ब्रह्मणा' भन्ने शब्द उहिल्यै थियो, त्यसैले जातीय असमानता कारण बाहुन नै हो" (बालाराम घर्तीमगर, २०७३ भदौ १२ गते, अनुसूची ४) । थापामगरको कम्युनिस्टले मगर जातिलाई पृष्ठभूमिमा राखेर फाइदा लिए भन्ने र घर्तीमगरको बाहुनसँग प्रतिस्पर्धा गर्न नसक्नेलाई कम्युनिस्ट पार्टीले मगरलगायतका आदिवासी जनजातिहरूलाई उपयोग गरे भन्ने सन्दर्भमा माओवादीका नेता सन्तोष बुढामगर भन्छन्, "विभिन्न आन्दोलनहरूमा मगरहरू प्रयोग भए भन्ने गलत तर्क हो, यो मगरलाई अपमान गरेर भनेको हो। मगरहरू उत्पीडनमा परेको र त्यसको अन्त्य गर्ने सचेतना आएकाले कम्युनिस्ट पार्टीले सञ्चालन युद्धहरूमा लागेका हुन्" (सन्तोष बुढामगर, २०७३ साउन २७ गते, अनुसूची ४) ।

बुढामगरले राजनीतिक चेतनाका साथ कम्युनिस्ट पार्टीमा लागेको भने पनि रोल्पा गामका पूर्व गाविस अध्यक्ष तथा माओवादी युद्धमा सामेल भएका उदविर बुढामगर र त्यसै गाउँका शिक्षक विशम्भर घर्तीमगरको भने विचार समान थिए। दुवै जनाले रोल्पाको सदरमुकाम लिबाङको सरकारी कार्यालयहरूमा जादा जातीय तथा भाषिक विभेदको कारणले अपमानित हुनु परेको र सानोभन्दा सानो कामको लागि धेरै दिन धाउनु परेको पीडाले त्यसको विकल्पमा माओवादीप्रति झुकाव रहेको पहिलो कारण बताएका थिए भने गाउँ नै माओवादी भएपछि माओवादीभन्दा भिन्न हुने अवस्था नभएर पनि माओवादी भएको दोस्रो कारण बताएका थिए।[६४]

---

[६३] आचार्यसँग निजकै निवास खरिबोट, ललितपुरमा २०७३ चैत २१ गते अन्तर्वार्ताका क्रममा व्यक्त विचार।

[६४] घर्तीमगर २०७३ पौष १३ र बुढामगर सँग २०७३ पौष १६ गते लिएको अन्तर्वार्तामा व्यक्त विचार।

नेपालका मगरको मुद्दा जातीय वा वर्गीय भन्ने बहसमा केही सन्दर्भमा सर्वेक्षणबाट आएको परिणामलाई छिमेकी मुलुक चीनबाट पनि अनुभव लिन सकिन्छ। चीनको जिमो काउन्टीको विकास तथा सामजिक समानता बिषयमा अध्ययन गरेका होङपिङ हानका अनुसारः

> विकास र सामाजिक समानताका लागि गरिने प्रयासहरू परस्पर विरोधी छन् भन्ने विचार सामाजिक समानताका लागि गरिने कदमबाट त्रसितहरूका लागि यस्तो विचार ज्यादा सुविधाजनक हुनाले चीन र विश्वमै यस विचारको चाखलाग्दो चलनचल्ती देखा परेको छ। चीनको जिमो काउन्टीको इतिहासको अध्ययनले सांस्कृतिक क्रान्ति दशक सन् १९६६-१९७६ र त्यसपछि बजार सुधारको दुई दशकपछि भिन्नाभिन्नै बाटो हिँडेको छ। यी दुवै फरक मोडेलको बाटोबाट ग्रामीण विकासमा जिमो काउन्टीले श्रेष्ठता हासिल गरेको छ। सांस्कृतिक क्रान्तिको दशकको अनुभवबाट समाजको तल्लो तहका जनतालाई शक्तिशाली र शिक्षित बनाउने कुराले आर्थिक विकासको लक्ष्यलाई सघाउँछ। त्यसैले सामाजिक समानता र आर्थिक विकासको खोजीबीच कुन भनेर छनोट गर्नुपर्ने आवश्यकता छैन तर सामाजिक समानताको खोजी गर्ने वा नगर्नेका बीच भने छनोट हुन सक्छ । (हान, २०६५,पृ. १७९)

हानको यो अनुभवले मगरले उठाएको सामाजिक समानताको बहसले आर्थिक विकास अर्थात वर्गीय आन्दोलनलाई सहयोग पुऱ्याएको छ । जातीय समानताको छनोट मगर जातिको अनिवार्यता हो, त्यसैले मगर जातिको मुद्दा जातीय वा वर्गीय के भन्ने सन्दर्भमा माथिका छलफलहरूले जातीय र वर्गीय दुवै मुद्दा देखिए पनि सारमा जातीय मुद्दा नै बलशाली देखिन्छ किनकि, राजाले पनि मगरको लागि होइन आफ्नो लागि रोजे भने दलहरूले पनि राजाको परम्परा अपनाए। अर्कोतर्फ कम्युनिस्ट पार्टीमा सामेल हुने मगरहरूले पनि वर्गीय भन्दा पहिले जातीय तथा भाषिक उत्पीडनको महसुस गरेर कम्युनिस्ट आन्दोलन र युद्धहरूमा सामेल भएको अभिमत दिएका छन्।

वर्गीय समस्या नेपाली समाजको साझा समस्या भए पनि मगर जातिको सन्दर्भमा वर्गीयसँगै पहिचानमा आधारित थुप्रै समस्याहरुको कारणले उनीहरुले आफ्नो आन्दोलनलाई निरन्तरता दिदै आइरहेका छन् । नेपाली काङ्ग्रेसका नेता नरहरि आचार्यका अनुसार नेपाल राज्यको निर्माण भएदेखि नै नेपाली समाज ऐतिहासिक र धार्मिक कारणले पनि असमानता बेहोर्न बाध्य बन्दै आएको छ। राज्य वा सरकारले गम्भीरतापूर्वक ध्यान दिनुपर्ने पक्षहरू छन्, जस्तो राज्यमा धर्मनिरपेक्षता, मातृभाषालाई सार्वजनिक रूपमा प्रयोग गर्न पाउने तथा सांस्कृतिक पहिचानलाई संरक्षण तथा संवर्द्धन गर्न पाउने स्वायत्तता पनि जनजातिको प्रमुख मुद्दा बनेका छन् (आचार्य, २०६३,पृ. १८२)।

### ७.१० पहिचानको विषयमा पार्टीहरूको धारणा

२०६४ चैत २८ को संविधान सभाको निर्वाचनमासम्म आईपुग्दा ५४ वटा पार्टीहरू निर्वाचन आयोगमा दर्ता भएका थिए भने २०७७ असोज ७ गते १३२ र २०७९ जेठ ८ गते ११२ वटा पार्टीहरू दर्ता भएका छन् (https://election.gov.np/np/page/registered-political-parties-updated-list accessed on 22 May 2022) । यी दर्ता भएका पार्टीहरू बाहेक निर्वाचन आयोगमा दर्ता नभएका अन्य बिभिन्न पार्टीहरू पनि छन् । यी विभिन्न दलहरुमा राजनीतिक दर्शनको दृष्टिले परम्परागत लोकतान्त्रिक उदारवाद, कम्युनिजम, राजतन्त्रवादी, र जातीय, क्षेत्रीय तथा धार्मिक विचारमा आधारित पार्टीहरू समेत छन् । यी पार्टीहरू मध्ये कम्युनिस्ट पार्टी र जातीय तथा क्षेत्रीय पहिचानमा आधारित पार्टीहरूले मगर पहिचानको ज्यादा बहस गर्दै आएका छन् ।

मगर पहिचानको मुद्दा लामो समयदेखि उठान भए पनि वर्तमान सन्दर्भमा पहिचानको मुद्दालाई राजनीतीकरण गर्ने काम भने नेपालका राजनीतिक पार्टीहरूले गर्ने गरेका छन् । मगर पहिचानका विभिन्न आयामहरूलाई नेपालका राजनीतिक पार्टीहरूले कसरी बुझेका छन् भन्ने विषयमा नेपाली काङ्ग्रेस, नेकपा (एमाले), एनेकपा (माओवादी), सङ्घीय समाजवादी पार्टी, नयाँ शक्ति र राष्ट्रिय जनमुक्ति पार्टी गरी ६ वटा राजनीतिक पार्टीहरूमध्ये नेकपा (एमाले) र नेकपा माओवादीको अघिल्ला अध्यायहरूमा चर्चा भइसकेकाले बाँकी चारवटा राजनीतिक पार्टीहरूको सङ्क्षिप्त विवरण तल दिइएको छ ।

#### ७.१०.१ नेपाली काङ्ग्रेस

वर्तमानमा क्रियाशील राजनीतिक पार्टीहरूमध्ये नेपाली काङ्ग्रेस सबैभन्दा पुरानो पार्टी हो । २००३ साल माघमा सम्पन्न नेपाली राष्ट्रिय काङ्ग्रेसको महाधिवेशनबाट कार्यकारी सभापति विश्वेश्वरप्रसाद (बी.पी.) कोइराला र सभापति टङ्कप्रसाद आचार्य रहेको १० सदस्यीय केन्द्रीय समिति निर्माण गरिएका थिए । मातृकाप्रसाद कोइराला नेतृत्वको नेपाली राष्ट्रिय काङ्ग्रेस र महेन्द्रविक्रम शाहको नेतृत्वको नेपाल प्रजातन्त्र काङ्ग्रेस एक भई २००६ साल चैत्र २७ गते नेपाली काङ्ग्रेसको स्थापना भएको हो । २००६ सालमा सम्पन्न एकताको चौथो महाधिवेशन भनिए पनि नेपाली काङ्ग्रेस नामको पहिलो महाधिवेशन थियो । यो पार्टीको मूल दर्शन प्रजातान्त्रिक समाजवाद हो । यो पार्टीले हालसम्म १३ वटा महाधिवेशन सम्पन्न गरिसकेको छ । हालसम्मका सबै नेतृत्वमा खस-आर्य समुदायका छन् । हालसम्म पार्टी सभापतिहरू क्रमशः टङ्कप्रसाद आचार्य (२००३), मातृकाप्रसाद कोइराला (२००६), बी. पी. कोइराला (२००९, २०१४, २०१७), सुवर्णशमशेर राणा (२०१२), कृष्णप्रसाद भट्टराई (२०४८), गिरिजाप्रसाद कोइराला (२०५३, २०५७, २०६२), सुशीलप्रसाद कोइराला (२०६७) र शेरबहादुर देउवा ( २०७२) रहेका छन् । टङ्कप्रसाद आचार्य पछि बी. पी. कोइराला, डिल्लीरमण रेग्मी र मातृकाप्रसाद कोइराला कार्यबाहक सभापति भएका थिए (अधिकारी, २०७५,पृ. ३९९) ।

बहुदलीय व्यवस्थामा सबैभन्दा धेरै सरकारको नेतृत्व गरेको काङ्ग्रेसले २००८ सालमा मातृकाप्रसाद कोइराला, २०१५ सालमा विवेश्वरप्रसाद कोइराला, २०४६ सालको बहुदलीय व्यवस्थाको पुनर्बहालीपछि कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा र सुशीलप्रसाद कोइराला प्रधानमन्त्री भइसकेका छन् ।

### ७.१०.२ **सङ्घीय समाजवादी पार्टी**

तत्कालीन नेकपा (एमाले) का उपाध्यक्ष अशोककुमार राईले नेतृत्व गरेको सङ्घीय समाजवादी पार्टीको स्थापना २०६९ सालमा भएको हो । पहिचानमा आधारित राज्यको पुनर्संरचनाको विषयमा नेकपा (एमाले) सँग असहमत भएर उक्त पार्टीका धेरै नेता तथा कार्यकर्ताहरूले पार्टी परित्याग गरी सङ्घीय समाजवादी पार्टीको निर्माण गरेका थिए । प्रमुख नेतृत्वसहित धेरै नेता पूर्व एमाले रहे पनि अन्य पार्टीहरू परित्याग गरेका र स्वतन्त्र व्यक्तिहरू पनि यस पार्टीमा सामेल भएका थिए । यो पार्टीको मूल मुद्दा नेपाली समाजको परिवर्तनका लागि सङ्घीय समाजवाद रहेको छ। जसअन्तर्गत 'जातीय मुक्तिका लागि सङ्घीयता र वर्गीय मुक्तिका लागि समाजवाद' यसको नारा रहेको छ। २०७० सालको दोस्रो संविधानसभाको निर्वाचनमा यो पार्टीले समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत १,२१,२७४ (१.२ प्रतिशत) मत प्राप्त गरेको थियो भने पहिलो हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने सङ्ख्या शून्य रहेको थियो। २०७७ वैशाख १० गते समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी नेपालबीच एकता भई जनता समाजवादी पार्टी नेपालको स्थापना भएकाले हाल यो पार्टी अस्तित्वमा छैन ।

### ७.१०.३ **नयाँ शक्ति नेपाल**

नेकपा माओवादीका उपाध्यक्ष बाबुराम भट्टराई लगायतका वरिष्ठ नेताहरूले उक्त पार्टी परित्याग गरी २०७३ जेठमा स्थापना भएको पार्टी हो नयाँ शक्ति नेपाल। २०७४ सालको प्रतिनिधिसभाको निर्वाचनमा पहिलो हुने निर्वाचन प्रणालीअन्तर्गत गोर्खा क्षेत्र नं. २ बाट बाबुराम भट्टराई निर्वाचित भएका थिए भने समानुपातिकतर्फ ८१,८३६ (०.८ प्रतिशत) मत प्राप्त गरेको थियो। आर्थिक एजेण्डामा प्राथमिकता दिएको यो पार्टीले २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा 'अवको निकास, आर्थिक विकास' भन्ने मूल नाराका साथ सहभागी भएको थियो। नयाँ शक्तिले समतामुलक समृद्धि, समानुपातिक/समावेशी लोकतन्त्र, स्वाधिन तथा सार्वभौमसत्ता सम्पन्न राष्ट्र, सुशासन एवम् सदाचार र समुन्नत समाजवाद गरी पाँच प्रतिबद्धता उल्लेख गरेको थियो (हेर्नुहोस, नयाँ शक्ति नेपाल, पार्टीको निर्वाचन घोषणा पत्र, २०७४) । उपेन्द्र यादवले नेतृत्व गरेको मधेसी जनअधिकार फोरम, अशोककुमार राईले नेतृत्व गरेको सङ्घीय समाजवादी पार्टी र बाबुराम भट्टराईले नेतृत्व गरेको नयाँ शक्ति नेपाल नामका तीनवटा पार्टी विभिन्न चरणमा एकता भई २०७६ वैशाख २३ गते समाजवादी पार्टी निर्माण भएको थियो ।

२०७७ वैशाख १० गते समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी नेपाल बीच एकता भई जनता समाजवादी पार्टी नेपालको स्थापना भएकाले हाल यो पार्टी अस्तित्वमा छैन ।

### ७.१०.४ राष्ट्रिय जनमुक्ति पार्टी

नेकपा मालेका पूर्वनेताहरू एम. एस. थापामगर अध्यक्ष र गोरेबहादुर खपाङ्गीमगर संस्थापक महासचिव भएको राष्ट्रिय जनमुक्ति पार्टीको स्थापना सन् १९९० मा भएको हो । सन् १९९६ र १९९९ मा सम्पन्न पहिलो र दोस्रो महाधिवेशनमा थापामगर अध्यक्ष र खपाङ्गीमगर महासचिव थिए । सन् २००६ सालमा सम्पन्न तेस्रो महाधिवेशनबाट पुनः थापामगर अध्यक्ष र बयानसिंह राई महासचिव भएका थिए भने सन् २०११ सालमा सम्पन्न चौथो महाधिवेशनबाट स्वयम् थापामगर अध्यक्ष र केशव सूर्यवंशीमगर महासचिव भएका थिए । सन् २०१६ सालमा सम्पन्न पाँचौं महाधिवेशनबाट के. पी. पालुङ्वा लिम्बू अध्यक्ष र पुनः केशव सूर्यवंशी महासचिव भएका छन् । यो पार्टीको स्थापना मगर नेताले गरेको र धेरै नेता मगर भएकाले मगरको पार्टी पनि भन्ने गरिन्छ । यहाँनिर सोचनीय विषय यो छ कि नेपालका धेरै पार्टीहरू मूलतः कम्युनिस्टहरू र काङ्ग्रेस पार्टीका प्रमुख नेताहरू ब्राह्मण-क्षेत्री समुदायका छन् तर पनि ब्राह्मण-क्षेत्रीको पार्टी नभनेर कम्युनिस्ट र काङ्ग्रेस आदि भनिन्छ । मगरले नेतृत्व गरेको पार्टी जसको नाम मगर पार्टी नभएर राष्ट्रिय जनमुक्ति पार्टी छ, त्यसलाई मगर पार्टी भनिन्छ वा जातीय पार्टीको संज्ञा दिइन्छ । यो पार्टी २०४८ सालदेखि निरन्तर निर्वाचनहरूमा सहभागी हुँदै आए पनि पहिलो हुने निर्वाचन प्रणालीबाट संसदमा प्रतिनिधित्व गर्न सकेको छैन । समानुपातिक निर्वाचन प्रणालीबाट २०६४ सालको संविधानसभाको निर्वाचनमा ५३,९१० (०.५ प्रतिशत) मत प्राप्त गरी एम. एस. थापामगर र छिमाया राई तथा २०७० सालको संविधानसभा निर्वाचनमा ६३,८३४ (०.६ प्रतिशत) मत प्राप्त गरी शिवलाल थापामगर र सिमाकुमारी विश्वकर्मा संविधानसभाको सदस्यमा निर्वाचित भएका थिए । २०७४ सालको प्रतिनिधिसभाको निर्वाचनमा यो पार्टीले ३३,०९१ (०.३ प्रतिशत) मत प्राप्त गरेको थियो (निर्वाचन आयोग, २०७४) ।

पहिचान सम्बन्धमा पार्टीहरूको अवधारणालाई अध्ययन क्षेत्रका मगरहरूले कसरी बुझेका छन् भन्ने कुरा तल विभिन्न उपशीर्षकहरूमा उल्लेख गरिएका छन् । सर्वेक्षणका क्रममा समावेशी आरक्षण १४.४ प्रतिशत, समानुपातिक प्रतिनिधित्व १७.७ प्रतिशत, आई. एल. ओ. र संयुक्त राष्ट्र सङ्घको घोषणापत्रको कार्यान्वयन २.४ प्रतिशत, जातीय क्षेत्रीय स्वशासन ९.१ प्रतिशत, मगरात स्वायत्त प्रदेश ८.४ प्रतिशत, मातृभाषामा शिक्षा ११.२ प्रतिशत, धर्म निरपेक्ष १३.४ प्रतिशत र थाहा छैन भन्ने २३.५ प्रतिशत रहेका छन् ।

च्याटर्जीका अनुसार “सकारात्मक कदमका नीति लागू दुई कारणले गरिन्छ । पहिलो, विविधता बढाउनु र दोस्रो भेदभावका आधारमा पहिले भएका र अहिले भइरहेका समस्यालाई सम्बोधन गर्नु ।”

च्याटर्जीले भनेझैं नेपाली समाज विविधता र भेदभावमा आधारित समाज हो। शासकहरूले यो विविधतालाई सम्पत्तिका रूपमा बुझ्ने हो भने विविधतालाई टेकेर समृद्धि चुम्न सकिन्छ। सकारात्मक कदमले नश्ल, जात, लिङ्ग वा जातीय समुदायलाई आधार मानेर अवसरहरूमा समानता बढाउने र शिक्षा तथा रोजगारीको क्षेत्रमा जातीय विविधता बढाउने गर्दछ (च्याटर्जी, सन् २०१३,पृ. २४) । राजनीति विश्लेषक ध्रुवकुमारका अनुसार "राज्यले अख्तियार गर्ने सामाजिक नीतिले नै राजनीतिक स्थायित्व प्रवर्द्धन गर्दछ" (Kumar, 2013)। च्याटर्जी र ध्रुवकुमारले राज्यले सामाजिक विविधतालाई सही ढङ्गले बुझ्न र परिचालन गर्नुपर्ने सुझाएका छन्। जसको परिणाम देशले समृद्धि हासिल गर्नुका साथै सामाजिक सद्भावसहितको राष्ट्रिय एकता कायम गर्न सक्नेछ।

तालिका ७.२२ः पहिचान सम्बन्धमा राजनीतिक पार्टीहरूको अवधारणा प्रतिशतमा

| मुद्दा | नेका | एमाले | माओवादी | जनमुक्ति | नयाँ शक्ति | ससफो |
|---|---|---|---|---|---|---|
| आरक्षण | ४५ | ४४ | २९ | १५ | १३ | २० |
| समावेशी समानुपातिक प्रतिनिधित्व | ४९ | ५० | ३८ | २५ | १८ | २५ |
| आईएलओ, संरासं घोषणापत्र | ३ | ६ | ६ | ३ | ५ | ४ |
| जातीय क्षेत्रीय स्वायत्त सरकार | २१ | १९ | २७ | ११ | १० | १६ |
| मगरात स्वायत्त | १० | १४ | ३८ | १४ | ९ | १३ |
| मातृभाषामा शिक्षा | ३६ | ३२ | २४ | २० | ७ | १० |
| धर्मनिरपेक्ष | ३७ | ३८ | ३७ | १४ | १४ | १४ |
| थाहा छैन | २७ | २६ | २६ | ५९ | ७० | ६२ |

(स्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७३)

जातीय मुद्दा बोकेको पार्टी जनमुक्ति पार्टी, जातीय क्षेत्रीय मुद्दा बोकेको पार्टी सङ्घीय समाजवादी फोरम र हालै स्थापना भएको नयाँ शक्ति पार्टीको कम प्रभाव रहेकाले अध्ययनका क्रममा धेरै उत्तरदाताहरू उनीहरूका नीतिप्रति अनभिज्ञ भएकाले उत्तर दिन सकेका छैनन्। अर्कोतर्फ मगरात, जातीय क्षेत्रीय सरकार जस्ता बहसहरू माओवादीको तथा समावेशी र आरक्षण आदि अन्य पार्टीहरूको मुद्दा भन्ने आम बुझाइ रहेको पाइन्छ।

यो सर्वेक्षणमा केही अस्वाभाविक तथ्याङ्कहरू पनि रहेका छन्। धर्मनिरपेक्षको मुद्दा बोकेको जनमुक्ति पार्टीलाई जम्मा १४ प्रतिशतले धर्मनिरपेक्ष भनेका छन् भने धर्म निरपेक्षको मुद्दामा मतभिन्नता रहेको पार्टी नेपाली काङ्ग्रेसको ३५.४ प्रतिशतले धर्म निरपेक्षको पक्षमा बोल्ने भनेका छन्। मातृभाषामा शिक्षाको रोजाइमा सबैभन्दा धेरै नेपाली काङ्ग्रेसले नै मुद्दा उठाउँछ भन्नेमा उत्तरदाताहरूको मत रहेको छ। जबकि जातीय पार्टीको आरोप लाग्ने गरेको जनमुक्ति पार्टीलाई २० प्रतिशत उत्तरदाताहरूले मात्र मातृभाषामा शिक्षाका लागि पहल गर्ने भनेका छन्। माथिका यी सर्वेक्षणहरूबाट किन यस्ता परिणाम आए त भन्ने सन्दर्भमा उत्तरदाताहरूलाई आफुले जुन पार्टीको गतिविधि देखेका र सहभागी भएका थिए त्यसको बाहेक अन्य पार्टीहरूको नीति तथा कार्यक्रमहरूको विषयमा जानकारी थिएन। चुनावमा आउने पार्टीहरूले

मगर भाषाको संरक्षण, समावेशी, समानुपातिक प्रतिनिधित्व, रोजगार आदि व्यवस्था गर्नेछौँ भनेका थिए। धेरै उत्तरदाता चुनावमा घर आएर भोट माग्नेबाहेक आक्कलझुक्कल मात्र गाउँको राजनीतिक सभामा सहभागी भएको जानकारी गराएका थिए।

शोधका क्रममा उत्तरदाताहरूबाट प्राप्त जानकारीअनुसार रोल्पा, प्युठान र पाल्पाका मगरहरूलाई सदरमुकाम वा अन्य सहरी क्षेत्रमा जाँदा गरिब आयो भनेर कसैले भनेनन् तर सेसी, लेडा, भेडा, जङ्गली भने। पञ्चायत काल र बहुदलमा पार्टीमा जतिसुकै काम गरे पनि निर्वाचनमा टिकट र अधिवेशनहरूमा नेतृत्वमा मगरलाई ब्राह्मण-क्षेत्रीहरूले कहिल्यै विश्वास गरेनन्। त्यसैले पनि मगर जातीय उत्पीडनमा छन् भन्ने महसुस भयो। हामी गरिब भएर भन्दा पनि मगर भएकै कारणले अवसर पाएनौँ, मगर भएकै कारण शिक्षा, राजनीति र आर्थिक रूपमा पछि परेका हौँ भन्ने कथनले मगरहरूले वर्गीय पीडाभन्दा पहिले जातीय पीडा महसुस गरेको तथ्य खुल्दछ। ब्राह्मण-क्षेत्रीहरू गरिब मात्र छन् तर मगरहरू गरिबका अतिरिक्त जातीय उत्पीडनमा पनि छन्। त्यसैले आर्थिक समस्या विश्वको समस्या हो तर जातीय समस्या नेपालको पृथक समस्या हो।

सर्वेक्षणले मगरको सन्दर्भमा जातीय उत्पीडन पहिलो र वर्गीय उत्पीडन दोस्रो हो। नेपालको सन्दर्भमा राज्यले नै वर्ण व्यवस्था लादेका कारण जातीय, भाषिक, धार्मिक, वर्गीय विभेदभन्दा जातीय विभेद पेचिलो बनेको हो। सर्वसाधारण नागरिकहरू कम्युनिस्ट पार्टीसँग आशावादी देखिन्छन् भने पाका, बौद्धिक समूहहरू त्यसप्रति आलोचनात्मक टिप्पणी गर्दछन्।

कम्युनिस्ट पार्टीहरूले मगर जातिको राजनीतिक संरचना मात्र खडा गर्ने तर उनीहरूको हितमा काम नगर्ने हो भने एवम् प्रकारले आजका युवा र कम्युनिस्टप्रति लगाव भएका नागरिकहरू भोलिका दिनमा कम्युनिस्ट विरोधी नहोलान् भन्ने ठाउँ रहँदैन। किनकि हिजोको एउटा लामो वा छोटो कालखण्डमा कम्युनिस्ट पार्टीमा क्रियाशील रहेका बौद्धिक जमात आज कम्युनिस्ट पार्टीसँग सम्बद्ध छैनन्। मगरहरू माओवादी विद्रोहमा सहभागी हुनुको प्रमुख कारणबारे जापानी अनुसन्धानकर्ता कियोगो ओगुरा लेख्छन्, "कम्युनिस्टहरूले परिकल्पना गरेजस्तै मगर जातिमा पाइने साम्यवादी भावना सामाजिक, साँस्कृतिक पृष्ठभूमि, सामाजिक बहिष्करणको कारणले राज्यप्रतिको आक्रोश र सो पार्टीको आत्मनिर्णयको अधिकार सहितको मगरात स्वायत्त शासन दिने नारा हो" (ओगुरा, २०६२,पृ. ७०-७५)। जातीय मुक्तिसहित साम्यवादको अपेक्षासहित युद्ध र आन्दोलनमा होमिए पनि वर्तमानको कम्युनिस्टहरूको उपभोगवादी राजनीतिले मगर समुदायमा निराशा हुन सक्ने सम्भावनालाई पनि नकार्न मिल्दैन।

यो सर्वेक्षणले कम्युनिस्ट पार्टीद्वारा मगर जातिको राजनीतिक मुक्ति, मगरात राज्य जस्ता राजनीतिक विषयहरू सम्बोधन हुनेमा आधारभूत नागरिकहरू आश्वस्त देखिन्छन्, तर नेपालको समाज विज्ञानको अध्ययन गरेका र राजनीतिमा निरन्तर लागेकाहरूले भने शङ्का व्यक्त गरेका छन्।

अर्कोतर्फ कम्युनिस्ट पार्टीहरूका दस्तावेजहरूले धेरथोर जातीय मुक्तिको सवाल उठाएका छन्, तर नेतृत्वबाट त्यसको कार्यान्वयनमा धोका भएको छ। कम्युनिस्ट पार्टीप्रति मगर जातिको लामो धैर्य अब कसरी अगाडि बढ्ला सोचनीय विषय छ। स्थलगत सर्वेक्षणका आधारमा मगरहरू मगरातको विषयमा एक ठाउँमा छन् भन्ने देखिन्छ। यो मुद्दालाई व्यवस्थित गर्न कम्युनिस्ट पार्टीको भर परेका छन् भने विकल्पमा मगरकै पार्टीको पनि प्रस्ताव गरेका छन्। नेपाली राज्यको संरचना कस्तो बनाउने भन्ने नेपाली नागरिकको आत्मनिर्णय हो, त्यसरी नै मगरात आवश्यक छ कि छैन भनेर रोजाइ गर्ने प्रथम अधिकार मगर समुदायको हो। मगरात स्थापना गरेर अन्य समुदायप्रति विभेद लाद्ने मनोविज्ञान भने धेरै घातक हुन्छ, र यो विषयमा मगर जाति सुसूचित रहेको देखिन्छ। सर्वेक्षणमा ८१.७ प्रतिशत मगरले मगरातको आवश्यकता महसुस गर्नु चानचुने सवाल होइन, तर ६ प्रतिशत मगरले मगरातको आवश्यक छैन भन्नु मगरको कारणले देशमा विग्रह उत्पन्न नहोस् भन्ने मनसायबाट व्यक्त विचारलाई पनि सम्मान गरिनुपर्ने देखिन्छ।

### ७.११ नेपाल कम्युनिस्ट पार्टीको आधार मगर जाति

नेपाली राजनीतिमा मगरको भूमिका महत्वपूर्ण रहेको कुरा माथिका अध्यायहरूमा व्यापक छलफल गरिएको छ। राजनीतिक दर्शनको दृष्टिले मगर जातिको कम्युनिस्ट पार्टीहरू प्रतिको आकर्षण पनि एक महत्वपूर्ण पक्ष रहेको छ। नेपाली राज्य सत्तामा जस्तै नेपाल कम्युनिस्ट पार्टीको पाँच दशक लामो यात्रामा पनि खस-आर्य (ब्राह्मण र क्षेत्री) ले नेतृत्व गरे। यसक्रममा मगर जातिमा कम्युनिस्ट राजनीतिक चेतनासँगै जातीय चेतना पनि जागृत भएको पाइन्छ। यसको उदाहरणका रूपमा एकदेव आलेमगर, एम. एस. थापामगर, गोरेबहादुर खपाङ्गीमगर, सुरेश आलेमगर आदिलाई प्रतिनिधि पात्रका रूपमा लिन सकिन्छ।

नेपालका कम्युनिस्ट पार्टीहरूले जातीय विषयलाई सधैँभरि वर्ग अधीनष्ठ राखेर व्याख्या र परिचालन गरे। जसको परिणाम मगर जातिमा कम्युनिस्ट प्रभावको खास खास प्रतिनिधिहरूको सहभागिता र प्रतिनिधित्व बाहेक समुदायगत हिसाबले उथलपुथल लिन सकेको थिएन। नेपाल कम्युनिस्ट पार्टीबाट एम. एस. थापामगर र गोरेबहादुर खपाङ्गीमगरको नेतृत्वमा भएको विद्रोहले एक तहमा असर भने पारेको थियो तर त्यो घटनालाई जातिवादी सोच र प्रवृति भनेर स्वयम् जातिवादी ब्राह्मण क्षेत्रीहरूले व्याख्या र प्रचार गरे। यथार्थमा त्यो अभियान कम्युनिस्ट पार्टीका नेतृत्व जातिवादी थिए र त्यसैको प्रतिक्रियास्वरूप जातिवादी अवधारणाको प्रस्फुटन भएको थियो।

पछिल्लो चरणमा २०५२ सालपछि नेकपा (माओवादी) ले उत्पीडित जाति र वर्गको प्रतिनिधिका रूपमा आफूलाई मगर जातिको बस्तीबाट युद्धको सुरुवात गरेपछि मगर जातिमा कम्युनिस्ट पार्टीको प्रभाव गहिरो परेको पाइन्छ। अध्ययनले जनयुद्धमा सबैभन्दा धेरै मगर जातिको योगदान र

बलिदान गरेका, जनयुद्धमा भीषण दमनको प्रक्रियामा मगर गाउँहरूमा जति दमन गरिए पनि उतारचढाव नआएको तर ब्राह्मण-क्षेत्री गाउँहरूमा गाउँ नै उल्टिएर आत्मसमर्पण गर्ने तथा गाउँ नै उल्टिएर माओवादी प्रवेश गर्ने उतारचढाव देखिएको बताएका थिए । तर मगरहरूको सहभागिता र बलिदानीमा कम्युनिस्ट पार्टी शक्तिशाली भएपछि केही व्यक्तिले अवसर पाए तर मगर जातिको मुक्ति भने भएन ।

कम्युनिस्ट पार्टीमा उत्पीडित जातिको मुद्दा सतहमा आएपछि यसलाई जातिमा आधारित मुद्दा भनियो तर योभन्दा पहिले वैधानिक हिसाबले खस-आर्य समुदायले एकछत्र कम्युनिस्ट पार्टी र सत्ता नियन्त्रण गर्दा वर्गीय मुद्दा भनियो । नेपाली राजनीतिको गहिरो भेद यहाँनिर रहेको छ । नेकपा आफैँ जातीय मुद्दा उठाउने तर पहिचान भनेका जातिवादी र सङ्कीर्णवादी हुन् भन्दै झन् ठूलो जातीय सङ्कीर्णताको सिकार हाम्रो समाज र राजनीतिक वृत्तलाई बनाउने काम भएको देखिन्छ ।

जातीय तथा धार्मिक राजनीति बलशाली भएकाले हिन्दु धर्म र खस-आर्य समुदायबाहेक अरूलाई निषेध गर्ने र हिन्दुकरण तथा खसकरण गर्ने प्रक्रिया जारी छ । नेपाली सन्दर्भमा हिन्दु परम्परा राज्यको संस्कृति थियो । यसका समर्थकहरूको प्रतिष्ठा अन्य संस्कार र परम्पराभन्दा माथि थियो, परिणामस्वरूप धेरै गैरहिन्दु तथा गैर खस-आर्यहरू पनि हिन्दु धर्मप्रति आकर्षित हुने र हिन्दु धर्मप्रति लगाव राख्दा उनीहरूको सामाजिक हैसियत उक्लिएको महसुस गर्दथे । हिन्दु प्रभावले मगरलगायत अन्य आदिवासी जनजातिहरूको पहिचानको परिवर्तन हुनु स्वाभाविक थियो, जसको परिणाम अन्ततः उनीहरूको पहिचानमाथि सङ्कट आएको छ । यी घटनाहरूबाट नेपालका कम्युनिस्ट पार्टीहरू र त्यसका नेतृत्वलाई पनि प्रत्यक्ष रूपमा प्रभाव पार्दै आएको छ । आदिवासी जनजातिहरूको जातीय पहिचानलाई हिन्दुकरण-संस्कृतकरणको प्रक्रियाबाट आफ्नो पहिचानलाई फरक पहिचानमा परिणत हुँदै गएका छन् । नेपाली सन्दर्भमा तल्लो जातका भनिएका जनजाति वा अन्य समूहले आफ्नो परम्परागत रीतिरिवाज र जीवनपद्धति माथिल्लो जातका तर्फ बदल्ने प्रक्रियालाई हिन्दुकरण-संस्कृतकरणका रूपमा लिन सकिन्छ ।

अध्ययनले नेपाली सन्दर्भमा मार्क्सवादले जातीय मुद्दालाई कसरी हेर्दछ भन्ने विषयमा केही नयाँ कुरा खुलासा गरेको छ । मार्क्सवादले जातीय मोर्चाहरूको गठनको परिकल्पना गरेको छैन तर नेपालका कम्युनिस्ट पार्टीहरूले यसको अभ्यास गरे । धेरै स्वतन्त्र विश्लेषकहरूले कम्युनिस्ट पार्टीले जातीय मोर्चा गठन गर्नु वस्तुसङ्गत नभएको बताएका छन् । सर्वेक्षणका क्रममा अधिकाङ्श उत्तरदाताहरूले जातीय मोर्चाहरूको स्थापना ठीक भएको बताए । मार्क्सले सबै कुराको मूल विषय वर्गीय मुद्दा भएको र त्यसैले समाजको सबै कुरा निर्धारण गर्ने उल्लेख गरेका छन् । तर नेपालका कम्युनिस्ट पार्टीहरूको नीतिमा वर्गीय आन्दोलनलाई सफल पार्न जातीय मोर्चाको आवश्यक रहेको उल्लेख गरिएको छ । उद्देश्यमूलक सूचनादाताहरूले मगरलाई अलमलमा पार्न मोर्चा स्थापना गरेको बताए भने सर्वेक्षणका उत्तरदाताहरूले जातीय समस्या समाधान गर्न उपयुक्त भएको बताए ।

तालिका ७.२३: नेकपाको सिद्धान्त, दस्तावेज र अध्ययनबाट प्रकट मतहरू

| सिद्धान्त | दस्तावेज | अन्तर्वार्ता | सर्वेक्षण |
|---|---|---|---|
| जातीय मोर्चाको कुनै उल्लेख नभएको। | जातीय मोर्चाको व्यवस्था गरिएको। | कम्युनिस्ट पार्टीले जातीय संस्था स्थापना गर्नु राम्रो होइन। | जातीय मोर्चा स्थापना ठीक हो। |
| वर्गीय मुद्दा प्रधान। | जातीय सङ्गठन वर्गीय आन्दोलनलाई बल पुऱ्याउन। | मगरलाई अलमलमा पार्न र नियन्त्रण गर्न। | जातीय समस्या समाधान गर्न। |
| राज्य दमनकारी संयन्त्र हो। | जातीय विभेद सामन्ती राज्य व्यवस्थाको उपज हो। | जातीय विभेद ब्राह्मणवादको उपज हो। | जातीय राज्यको विभेदकारी नीति। |
| जात अस्थायी हुन्छ। वर्गहरूसँगै जातहरूको विलय हुन्छ। | जातभित्र वर्गहरू छन्। | पहिचानले वर्ग निर्माण गरेको छ। जातीय समस्याको हल वर्गीय मुद्दाले गर्दैन। | जात स्थायी छ। |
| वर्ग सङ्घर्ष। | राष्ट्रिय/जातीय मुक्ति आन्दोलनको समर्थन। | जातीय विद्रोह अवस्यंभावि छ। | शान्तिपूर्ण आन्दोलन। |
| सबै मानवको समान हैसियत। | समावेशी समानुपातिक प्रतिनिधित्व। | विभेदको कारणले सिर्जित समस्याको समाधान पनि विभेदकारी नै हुन्छ। | जनसङ्ख्याको अनुपातमा पूर्ण समानुपातिक प्रतिनिधित्व। |
| सर्वहारा बर्गको अधिनायकत्व। | व्यक्ति पार्टीको मातहतमा हुन्छ। | नीति र पार्टी भन्दा नेतृत्वको अधिनायकत्व। | खस-आर्य नेताहरूको अहङ्कार। |
| वर्गविहिन-जातविहिन राज्य। | बहुराष्ट्र/बहुजातीय राज्य, सामाजिक अन्तर्विरोधको हल गन जातीय स्वायत्त राज्य र स्वशासन। | बहुल राष्ट्र राज्य। अग्राधिार, आत्मनिर्णयको अधिकार र स्वशासन। | मगरात प्रदेश आवश्यक छ। |

(स्रोतः दस्तावेज तथा स्थलगत अध्ययन सर्वेक्षण, २०७३)

केही विश्लेषकहरूले पहिचानको मुद्दा माओवादीको उपज हो भनेका छन् तर सर्वेक्षणले माओवादीको विद्रोह नभई राज्यको विभेदकारी नीति प्रमुख मानेका छन् भने प्राथमिकताको दृष्टिले माओवादीको कारण छैटौं मानेको छ। यसले सामाजिक अन्तर्विरोधका कारण जातीय मुद्दा र आन्दोलन उठेको थियो र राजनीतिक रुपमा सतहमा लिने काम माओवादीको माध्यमबाट भएको देखिन्छ तर माओवादी विद्रोहको मुलकारण भने सर्वेक्षणले देखाएभै राज्यको विभेदकारी नीति नै हो।

मार्क्सले वर्गविहीन र जातविहीन समाजको परिकल्पना गरेका थिए। नेपाली समाजमा मार्क्सले भनेको ठिक उल्टो जात र वर्ग कायम छ। नेकपाले सामन्ती राज्यले जातीय संरचना गराएको भन्ने दस्तावेजमा उल्लेख गरेको छ। विश्लेषकहरूले जातीय विभेद ब्राह्मणवादको उपज भनेका छन्। सर्वेक्षणले राज्यद्वारा जातीय विभेद गरिएको भन्ने देखाउँदछ। मार्क्सले सर्वहारा वर्गकोको राज्य व्यवस्थाको परिकल्पना गरे पनि जातीय स्वायत्त राज्यहरूको परिकल्पना गरेका थिएनन्। तर चीन, रुसलगायत देशहरूमा यसको अभ्यास गरिएको थियो। नेकपाले जातीय उत्पीडनको अन्त्य र सामाजिक अन्तर्विरोधको हल गर्न जातीय पहिचानमा आधारित स्वायत्त राज्य व्यवस्थाको गरेको दस्तावेजहरूमा

उल्लेख छ। विज्ञहरूले नेपालको राजनीतिक समस्या वर्गभन्दा पनि जात व्यवस्थका कारणले जातको जगमा वर्ग निर्माण भएकाले पहिले जातीय समस्या हल गर्नुपर्ने बताएका छन् ।

पटक-पटक सरकारको नेतृत्व, जनयुद्ध र प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गरेको कम्युनिस्टहरूले आफूले घोषणा गरेको मगरात स्वायत्त प्रदेशको त कुरा छाडौँ समावेशी/समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टीसमेत गरेको छैन। सकारात्मक विभेदको नीतिसम्म भए पनि व्यवस्थित रूपमा लागू गरेको भए जातीय तथा वर्गीय मुद्दाहरू यति चर्को रूपमा नआउन सक्थे। किनकि सकारात्मक विभेदको नीतिले सम्भ्रान्त वर्गको खण्डीकरण गर्ने अध्ययनहरूले देखाएको छ। नेकपाले वर्तमान अवस्थामा मगर जातिलाई शक्ति प्राप्तिका लागि मात्र आकर्षण र परिचालन गरेको प्रतीत हुन्छ। वर्तमान नेपाली राजनीतिमा पार्टीहरूले सिद्धान्तभन्दा सत्तालाई प्राथमिकता दिएका छन्। तर नेपाली राजनीतिक पार्टीहरूको विकासक्रमलाई हेर्दा स्थापनाको सुरुवातमा सिद्धान्त र विचारधारा तथा कालान्तरमा सत्ता र शक्ति प्राप्त गर्नमा केन्द्रित हुने गरेको देखिन्छ। यो प्रवृतिलाई एमाले र माओवादीले सशक्त रूपमा प्रयोग गरिरहेका छन्।

मगरको राजनीतिक प्रभाव आफ्नो समुदायको पनि तल्लो एकाइमा मात्र देखिन्छ। खस-आर्यसहित मिश्रित क्लस्टर/समूह (Cluster) भएको क्षेत्रमा मगरहरूको प्रतिनिधित्व छैन। शासक समुदायका अधिकांश अगुवाहरूले बहिष्कृत समुदायको अधिकारको मागलाई अराष्ट्रिय, विखण्डनकारी र आफूलाई असली राष्ट्रवादी र साझा नेता भएको दावा गर्दछन्। त्यसैका आधारमा पार्टीका अधिवेशनहरू तथा आम निर्वाचनहरूमा निर्वाचित हुन्छन् र सबै ठाउँमा एकल जातीय वर्चस्व कायम हुन्छ। त्यसैको परिणाम नश्लवादी र विखण्डनकारी हुने गरेको छ। राजनीतिक तथा सामाजिक तनाव समाधानको सबैभन्दा सजिलो उपाय सकारात्मक विभेदको नीति लागू गर्न नसक्ने पार्टी र सरकारका लागि जातीय पहिचानमा आधारित स्वशासन, स्वायत्त सरकार त धेरै दुरको विषय हो।

जातीय उत्पीडनमा रहेका मगर किन वर्गीय पार्टीमा आकर्षण भए ? जातीय मुक्तिका लागि स्थापना भएका पार्टीहरूको तुलनामा खस-आर्य (मूलतः ब्राह्मणले) ले नेतृत्व गरेको कम्युनिस्ट पार्टीमा सहभागी हुने मगरको सङ्ख्या उल्लेख्य छ। परिणामस्वरूप मगरको बसोबास क्षेत्रमा कम्युनिस्ट पार्टीहरूले निर्वाचन जित्ने तथा उनीहरूको नेतृत्वमा सञ्चालन गरिएका युद्ध र आन्दोलनहरू पनि सफल हुने गरेका छन्। आफ्नो मुद्दा आफैँले उठाउनुभन्दा अर्को समुदायले उठाइदिँदा सहज र सम्भव हुन्छ। अर्कोतर्फ नेपालका बाहुनसँग लामो समय राज्य सञ्चालनको बिरासत (Legacy) पनि छ र कार्यान्वयनको हैसियत पनि राख्दछन्। त्यसैले पनि मगरले खस-आर्य समुदायप्रति भरोसा गरेको हुन सक्छ।

विभिन्न कम्युनिस्ट पार्टीमा विभाजित मगर जाति आफू आबद्ध कम्युनिस्ट पार्टी बाहेक अन्य कम्युनिस्ट पार्टीले अख्तियार गरेको जातीय नीतिमा सहमत छैनन्। स्वयम् कम्युनिस्ट पार्टीहरूमा पनि

जातीय नीतिमा एकरूपता छैन। माथिका यी कारणहरूले कम्युनिस्ट पार्टीको नेतृत्वमा मगरको जातीय मुक्तिको सवालमा दुविधा प्रकट गर्दछ। अर्कोतर्फ स्वयम् मगरले नेतृत्व गरेको पार्टीभन्दा ब्राह्मणहरूले नेतृत्व गरेको पार्टीमा मगरको विश्वास र लगाव पनि देखिन्छ। राज्य र शासक जातिहरूको कूटनीति, दबाब, विभेदकारी नीतिले मगरलाई स्वतन्त्र र खुला भएर सोच्ने तथा विश्लेषण गर्ने वातावरण छैन। अर्कोतर्फ स्वयम् मगरको चरित्र पनि राजनीतिकभन्दा सांस्कृतिक रहेको छ। नेपालको विभेदकारी राजनीतिक व्यवस्थाको परिणाम भविष्यमा अप्रिय र हिंसात्मक पनि हुन सक्छ। यस विषयमा अन्तर्राष्ट्रिय जगतको राजनीतिबाट पनि शिक्षा लिन सकिन्छ। ल्याटिन अमेरीकामा जनजातीय पार्टीहरू देखा पर्नु, सन् १९९० को दशकमा आदिवासी मतदाताहरू लाई परिचालन गर्ने पार्टीहरूले बोलिभिया, कोलम्बिया, गुयना र भेनेजुयलाका राष्ट्रिय निर्वाचनहरूमा तथा तथा अर्जेन्टिना र निकारागुवाका स्थानीय चुनावको प्रतिस्पर्धामा सफलता हासिल गर्नुजस्ता घटनाहरूले भोलिको दिनमा मगरलगायत आदिवासी जनजातिहरूले कम्युनिस्ट पार्टी त्यागेर आफ्नो अनुकुलको पार्टी पनि स्थापना गर्न सक्छन्। वर्तमान एमाले र माओवादीको चरित्रले भोलिका दिनमा त्यस्तो अवस्था नआउला भन्न सकिन्न।

मगरको मुक्तिका लागि नीतिगत व्यवस्थासहित खस-आर्यले नेतृत्व गरेको पार्टीमा योगदान र बलिदान दिँदा पनि विभिन्न षड्यन्त्रका साथ अधिकार र अस्तित्वविहीन बनाएकाले कम्युनिस्ट पार्टीको विकल्पमा सोच्नुपर्ने अवस्था आउन सक्छ। अध्ययनहरूले अफ्रिका र एसियाका अनेकौँ औपनिवेशिक समाजहरूमा साम्यवादको विघटनपछिको विश्वमा लोकतान्त्रीकरण तर्फको प्रगतिले अक्सर राजनीति जातीय समूहहरूको समर्थनमाथि मात्र निर्भर रहनाले चुनावहरूमा एक प्रकारको सर्वसम्मति देखा पर्दछ भने कतिपय घटनाहरूले चर्को जनजातीय चरित्रको रूप धारणा गर्‍यो, जसले गर्दा कहिलेकाहीँ त हिंसात्मक परिणामहरूसमेत देखा परे। नेपालको कम्युनिस्ट पार्टीको सरकारले पनि आदिवासी जनजाति र अल्पसङ्ख्यकहरूको असन्तुष्टिलाई सम्बोधन गर्न असफल भएको देखिन्छ। यस्ता घटनाहरूले आज एमाले र माओवादी लगायत अन्य कम्युनिस्ट पार्टीमा भएका मगरलगायत आदिवासी जनजातिले वैकल्पिक राजनीतिक यात्रा तय गर्नुपर्ने बाध्यात्मक स्थिति आउने निश्चित छ।

मगर जातिले पहिचान गरेको असमानतालाई राज्य र राजनीति दलहरुले बेलैमा सम्वोधन गरेको भए सामुदायिक अधिकारको सबैभन्दा तल्लो अधिकार आरक्षणको नीतिले पनि आजसम्म धेरै हदसम्म समानता कायम भएको हुन सक्थ्यो तर शासक र राज्यले सकारात्मक विभेदको माग गर्दा सम्बन्धित समूहभित्रका शिक्षित र सचेत समूह (Creamy Layer) लाई मात्र फाइदा पुर्‍याउँछ भनेर आलोचना गरे। त्यसैको परिणाम मगर जातीय पहिचान सहितको स्वशासन, स्वायत्तताको माग गर्ने अवस्थामा आईपुगे। आरक्षणको माग गर्दा असमानता देख्ने जातीय पहिचानमा आधारित प्रदेसलाई विखण्डन देख्ने यो सामन्तवादी र अतिजातिवादी दृष्टिकोणका कारण आज ८२ प्रतिशत मगरले मगरातको पक्षमा मत जाहेर

गरेका छन् मगर ढिलो बुझ्ने तर नविर्सने स्वभाव भएको जातिको प्रतिनिधित्व गर्दछ उनीहरूले मगरातको माग गर्नु सम्भवतः लामो समयको उत्पीडनको महशुस हुन सक्दछ।

### ७.१२ मगर पहिचानको राजनीति र अबको बाटो

जातीय समानताको बहस राणाकालदेखि नै उठे पनि जातीय समावेशी तथा समानुपातिक प्रतिनिधित्वका आधारमा पहिचानको बहस २०४७ सालको बहुदलीय व्यवस्थाको उदयपछि सतहमा आयो। जनआन्दोलन २०६२/६३ पछि नेपालको राजनीतिक तथा प्राज्ञिक बहसमा यस मुद्दाले ठूलो आकार ग्रहण गऱ्यो। राजनीतिक इतिहासको समीक्षाले नेपाली समाजको अग्रगामी रूपान्तरण अनिवार्य देखाउँछ। नेपालमा लामो कालखण्ड जातीय तथा धार्मिक संरचनामा आधारित सामन्ती राज्य व्यवस्था कायम रह्यो। २००७ सालपूर्व राणा र २०४६ पूर्व शाह जातिले नेतृत्व गरेको प्रत्यक्ष सामन्ती शासन थियो। त्यसका राजनीतिक तथा धार्मिक सल्लाहकारहरू ब्राह्मण समुदायका थिए। जसका कारण यो समुदाय तत्कालीन राज्यको कार्यकारी समुदाय नभए पनि राज्यद्वारा संरक्षित र सम्मानित समुदाय थिए।

२०४६ सालको परिवर्तनपछि हिजो राणा तथा शाहहरूको सल्लाहकारका रूपमा रहेका ब्राह्मण समुदाय आजको सन्दर्भमा राजनीतिक भूमिकामा आए। नेपाली समाजको बहुरूपी विशेषता भए पनि प्राचीन र मध्यकालीन नेपालपछिको राजनीतिक इतिहासको अध्ययनले राज्यको शासकीय संरचनामा त्यो प्रतिविम्ब देखिँदैन। जातीय समानता होइन, समावेशीसम्म देखाउन राज्यको नीतिमा व्यवस्था नभए पनि खस-आर्य शासकहरूले व्यक्तिगत तजबिजमा भने आदिवासी जनजाति, मधेसी, दलितलगायतका केही व्यक्तिलाई प्रतिनिधित्व गराउने गर्दथे। जनताको ठूलो बलिदानीको कारण हिजो र आजको समाजमा सामाजिक तथा कानुनी रूपमा केही सकारात्मक परिवर्तनहरू आएका छन् । बलिदानीका कारणहरूमध्ये सामाजिक असमानता प्रमुख थियो। आजको युगमा जातीय-क्षेत्रीय बहसले समाजमा सङ्कट पैदा गर्न सक्ने केही तर्क पनि छन् तर त्यही मुद्दाको सम्बोधन नहुनाले मुलुकले समृद्धि पक्रन नसकेको यथार्थलाई नकार्न सकिदैन। अर्कोतर्फ नेपाली समाजको विशेषता नै बहुजातीय छ, समाज विकासको क्रम जातीय तथा समुदायगत आधारमा भएको छ। यसको पुष्टि नेपाल सरकारको केन्द्रीय तथ्याङ्क विभाग तथा संयुक्त राष्ट्र सङ्घको प्रतिवेदनहरूले प्रस्ट गरेको छ। पहिचानको मुद्दा कुनै जातीय तथा क्षेत्रीय मनोविज्ञानबाट उठाइएका मुद्दाहरू होइनन्, यो नेपाली समाजको वास्तविक प्रतिविम्ब हो।

तालिका ७.२४: मगर पहिचानको सिद्धान्त, दस्तावेज र अध्ययनबाट प्रकट मतहरू

| **सिद्धान्त** | **दस्तावेज** | **अन्तर्वार्ता** | **सर्वेक्षण** |
|---|---|---|---|
| पहिचान राजनीतिक प्रक्रियाद्वारा निर्माण र स्थापित हुने विषय हो । | मगर पहिचान स्थायी छ । | पहिचान राजनीतिक मुद्दा हो । | मातृभाषा पहिचानको प्रमुख आधार हो । |
| जातीय पहिचान सांस्कृतिक भन्दा राजनीतिक विषय हो । | ऐतिहासिक पहिचान र भौगोलिक निरन्तरता । | मगरको राजनीतिक अधिकार सहितको मगरात प्रदेश । | मगर बसोबास गर्ने भूगोल । |
| बहिष्कृत तथा औपनिवेशिक समुदायले राजनीतिमा पहुँचका लागि गरिने अभ्यास हो । | नेपाली सत्ता जातीय सत्ता  हो । | जातीय अन्तर्विरोध प्रधान अन्तर्विरोध हो । | मगरको पूर्ण समानुपातिक प्रतिनिधित्व आवश्यक छ । |
| पहिचानको निषेधले द्वन्द्व निम्त्याउँछ । | पहिचानको राजनीति बहुआयामिक चुनौतीहरूको व्यवस्थापन गर्ने माध्यम हो । | पहिचानको राजनीति हिन्दु तथा ब्राह्मणबादी राज्यसत्ताको उपज हो । | पहिले नेपाली अनि मात्र मगर । |
| पहिचान सामाजिक समूहद्वारा निर्मित वर्ग हो । | जातीय जगमा वर्गीय उत्पीडन  नेपाली समाजको वास्तविकता हो । | जातीय पहिचानका आधारमा अग्राधिकार र बहिष्करण  । | राज्यद्धारा गरिएको विभेदको कारण जातीय पहिचानको आन्दोलन । |

(स्रोतः दस्तावेज तथा स्थलगत अध्ययन सर्वेक्षण, २०७३)

अब मगरको राजनीतिक यात्रा कसरी गर्ने भन्ने सन्दर्भमा अध्ययनले दुई वटा बाटो देखाएको छ । ८५ प्रतिशत उत्तरदाताले जनसङ्ख्याका आधारमा पूर्ण समानुपातिक प्रतिनिधित्व नै मगरको प्रमुख राजनतिक मुद्दाहरूमध्ये पहिलो मानेका छन् । ८२ प्रतिशत उत्तरदाताले मगरात प्रदेशको आवश्यकता छ भनेका छन् । यी दुई कुरा प्राप्तिका लागि शान्तिपूर्ण आन्दोलन पहिलो रोजाइ रहेको छ । यदि शान्तिपूर्ण आन्दोलनबाट सम्भव नभए मगरको पार्टी बनाउने र सशस्त्र युद्धको समेत मगरले परिकल्पना गरेका छन् । अन्तर्वार्ता दिने विभिन्न मूल सूचनादाताहरूले पहिचान राजनीतिक मुद्दा भएको र नेपाली समाजको प्रधान अन्तर्विरोध जातीय अन्तर्विरोध भनेका छन् र राजनीति हिन्दु तथा ब्राह्मणबादी राज्यसत्ताले पहिचानको आधारमा कसैलाई अग्राधिकार र कसैलाई बहिष्करण गरेको बताएका छन् । पहिचानको दर्शनले यसको निषेधले द्वन्द्व निम्त्याउने बताउँछ भने मगर सङ्घको दस्तावेजले मगर पहिचान स्थायी भनेको छ । नेकपाको दस्तावेजले जातीय तथा वर्गीय जगमा उत्पीडन भएको उल्लेख छ, नेपाली राज्य सत्ता जातीय सत्ता हो, पहिचानको सम्बोधन नै बहुआयामिक चुनौतीहरुको व्यवस्थापन हो भनेको छ । अन्तर्वार्तामा केही विश्लेषकहरुले पहिचानको राजनीतिले समाधान होइन समस्या निर्माण गर्ने स्रोत पनि भनेका छन् । अध्येता चुरा थापाका अनुसार "मार्क्सवादको सिद्धान्त पनि मगरहरूको सन्दर्भमा स्थिर छैन । समाजमा पुँजीवादी वर्ग र सर्वहारा वर्ग मात्र होइन धेरै वर्ग छन् । मार्क्सवादी दृष्टिकोणबाट हेर्ने हो भने सबैभन्दा बढी फाइदा तल्लो वर्गले लिनुपर्ने हो तर यहाँ फाइदा उपल्ला वर्गले नै लिएका छन् । परम्परा/शाश्वतवादी

पहिचानको राजनीतिले नेपालमा कसैलाई फाइदा पुऱ्याएको छैन, त्यसैले मगरको मुद्दालाई निर्माणवादी सिद्धान्तबाट हेरिनुपर्छ।"[६५]

उमानाथ बरालले मगर जाति विभिन्न राजनीतिक दलमा विभक्त भए तापनि आफ्नो पहिचान र अधिकारको लागि मगरात स्वायत्त प्रदेशमा एक मत भएको उल्लेख गर्दै लेख्छन्, "स्थानीय तहमा संस्थाको विस्तार नहुँदा मगरहरू आफ्नो जातीय संस्थासँग भन्दा स्थानीय तहका राजनीतिक दलहरूसँग बढी जोडिएका छन् । त्यसैले, अधिकाङ्श तल्लो तहका कार्यकर्ताहरू जातीय (मगर) पहिचान भन्दा आफू आबद्ध राजनीतिक दलहरूको विचारधाराबाट निर्देशित हुन्छन् । तर पनि मगरको भौगोलिक क्षेत्रहरू सहित आफ्नो जनसङ्ख्याकोसाथ बलियो स्थानीय स्वायत्तताको आकांक्षा राखेका छन्" (Baral, 2010) ।

सर्वेक्षणले मगर पहिचानको प्रमुख आधार मगरको मातृभाषा र भूगोल भनेका छन् । मगरले आफ्नो भूगोल र मातृभाषाको जगमा मात्र पहिचान कायम गर्न सक्ने देखाएको छ । भूगोल पहिचानको बलियो आधार हो भन्ने कुरा विद्धानहरूले पनि उल्लेख गरेका छन् थारू जातिको हातबाट जमिन गुम्दै गएको सन्दर्भमा अर्जुन गुनरत्नेले जमिनलाई थारू पहिचान र आदिवासी चेतना विकासको मूल भनेका छन् (Guneratne, 2002,p. 194), यसको आदिवासी जनजातिको हातबाट जमिन गुम्दै जानुले उनीहरूको जमिन मात्र नभई पहिचान र चेतनामा समेत सङ्कट आएको हुन सक्छ । मगर जातिको पूर्ण राजनीतिक अधिकारको प्राप्तिको लागि पहिचान कायम भएर मात्र भएन, त्यसलाई परिचालन गर्ने र स्थापित गर्ने शसक्त राजनीतिक पार्टी पनि अनिवार्य हुन्छ । त्यसैले मगरात आवश्यकता भएर पनि आफ्नो प्राचीनता र मौलिकताविना पहिचान कायम हुदैन र मगर पहिचानमा आधारित पार्टीविना मगरात स्थापना गर्न सकिने आधार देखिँदैन । त्यसको लागि मगरात साझा सभ्यता भएकोले यो कुनै जाति विशेषको होइन, त्यस भूगोलमा बस्ने सबैको हो भन्ने भावना जागृत गरेर मात्र मगरात पार्टी स्थापना गर्न सक्ने सर्वेक्षणको निष्कर्ष छ, तर पहिचानमा आधारित पार्टीका प्रशस्त चुनौतीहरू हुन सक्ने सम्भावना छन् । केशवमान शाक्यको अनुभवमा, "जातिको नाममा पार्टी स्थापना गर्दा प्रतिनिधित्व भए पनि मूलधार पकड्न नसकिँदो रहेछ । जातीय राजनीति गर्ने तर एक ठाउँमा बस्न नसक्ने जनजातिहरूको प्रवृति छ । जातीय राजनीति प्रवेश गराउने खपाङ्गीले जनमुक्ति पार्टी छोडेर लिबरल डेमोक्रयाट पार्टी निर्माण गरे । "त्यसै गरी मैले कट्टर नेवारहरूको नेपाः पार्टी खोलेर अहिले नयाँ शक्ति नेपाल पार्टीमा सक्रिय छु । रणनैतिक रुपमा जातीय मुक्तिको कुरा प्रवेश गराए पनि जातीय पार्टी नै खोलेर सफलता हासिल गर्न नसकिने मेरो अनुभव छ।"[६६] मूलधारका पार्टीहरू, मूलतः खस-आर्य समुदायले नेतृत्व गरेका पार्टीहरूले जातीय उत्पीडनको मुद्दामा गम्भिर नबनेपछि उत्पीडित समुदायहरूले नेतृत्व गरेको छुट्टै दल निर्माण हुने

[६५] थापासँग २०७४ जेठ २२ गते लिएको अन्तर्वार्तामा व्यक्त विचार ।

[६६] शाक्यले २०७३ असोज २८ गोरेबहादुर खपाङ्गीको ४९ औ पुण्यतिथिको अवसरमा व्यक्त विचार ।

क्रम २०४५-२०४६ सालदेखि नै मङ्गोल नेशनल अर्गनाईजेशन, राष्ट्रिय जनमुक्ति पार्टी लगायतका राजनीतिक दलहरूको स्थापना भएको थियो । विभिन्न समयक्रमहरूमा मूलधारका दलहरूबाट टुक्रेर वा विद्रोह गरेर यी दलहरूमा समावेश हुने वा छुट्टै दलहरूको निर्माण गर्ने क्रम पनि चलिरहेको छ। तर यसको अलावा आफूले निर्माण गरेको दल परित्याग गरेर आफूहरूमाथि उत्पीडन गर्ने भनिएका दलहरूमा प्रवेश गर्ने लहर पनि पाइन्छ । आदिवासी जनजातिहरूको यस प्रकारको नियतिले जातीय रुपमा कुनै न कुनै हिसाबले खस-आर्य वर्श्चवलाई मलजल गरेको पुष्टि हुन्छ भने अर्कोतर्फ २०५२ सालको माओवादीको जनयुद्धलाई अपवाद मान्ने हो भने खस-आर्यहरू पनि आदिवासी जनजातिबाट धेरै तरङ्गित र आतङ्कित भएको देखिँदैन।

अध्ययनबाट आएका विभिन्न तथ्याङ्कहरूले मगरको पूर्ण समानुपातिक प्रतिनिधित्व सबैभन्दा वैज्ञानिक, व्यवहारिक र सजिलो विधि हो जसले मगरको मात्र होइन सबै जात जातिको पूर्ण समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी गर्दछ । तर यही विषयमा वर्तमानमा क्रियाशिल राजनीतिक पार्टीहरू असहमत भइरहेको सन्दर्भमा छुट्टै राजनीतिक दलको स्थापना वा वर्तमानमा रहेकालाई सहमत बनाएर मगरले मगरातको लागि अगाडि बढ्न सक्छन् । नेपाली राज्य निर्माण प्रक्रिया एउटा ऐतिहासिक घटनाक्रममा भएको र यसले नेपालका समग्र जातजातिको भावनाको प्रतिनिधित्व गर्न नसकेको कारणले निश्चित जातिहरुको मात्र राज्यमा पहुँच र प्रतिनिधित्व भएको कुरा विभिन्न विद्धानहरूले विश्लेषण गरेका छन् । अबको नयाँ राज्यको संरचनामा अहिलेसम्म पहिचान र प्रतिनिधित्वको हिसाबले मूल धारबाट बाहिर रहेका समुदायहरूको समेत समावेशिक-समानुपातिक प्रतिनिधित्व ग्यारेण्टी गर्न सके राज्यमा उनीहरूको पहिचान र अधिकार सुनिश्चित हुनुका साथै राष्ट्र निर्माणमा टेवा पुग्ने कुराको विश्लेषण गरेका छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल बहुजातीय भएकोले बहुसंस्कृति, बहुजातीय र साझा मनोविज्ञानले भरिपूर्ण मगरात प्रदेश स्थापना गरेमा कसैलाई हानि नहुन सक्छ।

विनोद न्यौपानेका अनुसार “राजनीति सामन्तवाद समाप्त भयो भनिरहँदा सामाजिक सामन्तवाद मास्न सकिएन। सामन्तवाद समाज निर्माणको शत्रुका रूपमा स्थापित छ। यसको निर्मूल बौद्धिक चेतबाटै हासिल गर्न सक्नुपर्दछ, राजनीतिबाट मात्र सम्भव छैन” (न्यौपाने, २०७६,पृ. ६)। ग्राम्चीले परम्परागत बौद्धिक (शिक्षक, पुरेत, दरबारिया, वकिल, एजेन्ट, सिपाही) एउटै प्रकारको ज्ञानलाई पुस्तौं पुस्तासम्म प्रचार गरिरहन्छन् तर जैविक बौद्धिक भने समाजमा नयाँ वर्ग र सङ्घ-संस्थासँग वा नवीन चेतनासँग परिचित भएर कुनै निश्चित उद्देश्यमा प्रयोग भएका वा परिचालित भई शक्तिशाली बनेका हुन्छन् (श्रेष्ठ, २०६८ख,पृ. २२०) । न्यौपाने र ग्राम्चीले भने झैं परम्परागत चेतनाबाट सञ्चालित राज्य र यसको संयन्त्रलाई जैविक बौद्धिकहरूले वैकल्पिक चेतनाकासाथ उपस्थिति जनाउनुका साथै हस्तक्षेप नगरेसम्म राज्य र राजनीतिमा मगरको समुचित प्रतिनिधित्व मगरात विना सम्भव छैन।

पहिचानमा आधारित पार्टीहरूसँग सम्बन्धित नेता-कार्यकर्ताहरूले नेपालका मूलधारका पार्टीहरू (मूलतः कम्युनिस्ट र काङ्ग्रेस) लाई जातिवादी भन्ने र ती पार्टीहरूसँग सम्बन्धित नेता-कार्यकर्ताहरूले आदिवासी जनजातिहरूले नेतृत्व गरेका पार्टीहरूलाई पनि जातिवादी पार्टीको संज्ञा दिने गरेका छन् । यी तर्क र बुझाइहरूका ऐतिहासिक कारणहरू र महत्व हुँदाहुँदै पनि कुन तर्क तथ्यको नजिक छ, यो आजको खोजको विषय हो । अध्ययनले नेपाली राज्य र राजनीति जातीय तथा धार्मिक दर्शनबाट निर्देशित भएपछि त्यसको प्रत्युत्पादकका रूपमा आदिवासी जनजातिहरू लगायत राज्यबाट बहिष्कृत भएको समुदायहरूले आफ्नो पहिचान र अधिकारको मुद्दा उठाउनु स्वाभाविक देखिन्छ । मगर जातिको सन्दर्भमा उनीहरूको सभ्यतालाई राज्यले जबर्जस्त सम्मिलीकरण गर्दै मूलधारबाट पाखा लगाउनु नै मगरहरूले मगरातको परिकल्पना गर्नु र आवश्यकता ठान्नुको कारणको रुपमा लिन सकिन्छ ।

## अध्याय आठः
## नेपाली समाजको अन्तर्विरोध

### ८.१ आर्थिक क्षेत्रमा पहिचानको प्रभाव

नेपाल कृषि प्रधान देश भएकोले यहाँको आर्थिक मापन जमिनको आधारमा हुने गर्दछ । नेपालको राजनीतिक इतिहासमा शाहवंशले केन्द्रीकृत शासन व्यवस्थाको स्थापनापछि भूमि वितरण प्रक्रियालाई व्यापक बनाएको थियो। नेपालको भूस्वामीवर्ग परम्परागत राजा, बिर्तावाल र जागिरदारबाट बनेको थियो। सन् १८४६ मा राणा वंशको उदय भएपछि राज्यले भारदार, ब्राह्मण, राजारजौटा, प्रभावशाली व्यक्तिहरूलाई बिर्ता, गुठी र जागिरका रूपमा जमिन वितरण गर्दथ्यो। तत्कालीन राजा, राणा, पुरोहित, सैनिक, जागिरदार, तालुकदार, आदिले तराईका आदिवासी जनजाति थारूको जमिन, रैबन्डी, किपट जस्ता आदिवासी जनजातिका प्रथाजनित कानुनद्वारा संस्थागत भएका जमिनहरूसमेत तत्कालीन शासकले नियन्त्रण गरी आफ्नो अनुकूल वितरण गरेको इतिहास छ। रैबन्डी मगर जातिमा अठारौँ शताब्दीसम्म पनि जमिनमा प्रायसः परिवारको होइन गाउँको स्वामित्व रहेको थियो। मगरहरूमा प्रत्येक दुई/तीन वर्षमा जमिनमा गाउँको सामूहिक स्वामित्व घोषणा गर्ने र खेतीयोग्य जमिन परिवारको सङ्ख्याहेरी बाँड्ने चलन थियो, त्यो चलनलाई रैबण्डी भनिन्थ्यो (तामाङ, २०५६,पृ. १२८ उद्धरण प्रश्रित, मोदनाथ, २०५३)।

महेशचन्द्र रेग्मीका अनुसार गोर्खाली राज्यले आफ्नो भारदारहरुको लागि जागीर प्रथा अन्तर्गत खेत र खुवाको व्यवस्था गरेको थियो । खेत भनेको धान उत्पादन हुने जमीन र खुवाको अर्थ घरबारी/पाखा जमीन  तथा अन्य कर हो, तर जागीरको खास अर्थ खेतीयोग्य खेतको नियन्त्रण गर्नु हो (Regmi, 1999,pp. 103, 107)। रेग्मीले उल्लेख गरेको जागीरको रुपमा वितरण गरिने खेत र खुवाको सन्दर्भ अर्जुन गुनरत्नेले  चितवन र दाङ जिल्लाका थारूहरूको अध्ययनले पनि पुष्टि गर्दछ। गुनरत्नेका अनुसार थारूहरूले आफ्नो जमिन गुमाइसकेका छन्, उनीहरू पहाडी उपल्ला जातमा भर पर्नु पर्ने अवस्थामा छन्  (Guneratne, 2002,pp. 113)।

नेपालको जीवन स्तर मापन सर्वेक्षण २०६०/६१ अनुसार ब्राह्मण-क्षेत्रीको औसत प्रतिव्यक्ति आय १८ हजार ४ सय रहेको छ भने आदिवासी जनजातिहरूको औसत प्रतिव्यक्ति आय १३ हजार ३ सय रहेको छ। सन् १९९५-९६ देखि सन् २००३-२००४ को अवधिमा नेपालको गरिबी ४१ बाट ३१ प्रतिशतमा घटेको देखिन्छ तर समान रूपमा घटेको छैन। यो अवधिमा ब्राह्मण-क्षेत्रीको ४६ प्रतिशत, दलितमा २१ प्रतिशत, आदिवासी जनजातिको १० प्रतिशतले र सबैभन्दा कम मुस्लिमको ६ प्रतिशत रहेको छ। नेवार समुदायको कुल जनसङ्ख्याको १४ प्रतिशत, ब्राह्मण-क्षेत्री समुदायको कुल जनसङ्ख्याको १८ प्रतिशत, मुस्लिम ४१ प्रतिशत, पहाडे आदिवासी जनजाति ४४ प्रतिशत र दलित ४६

प्रतिशत गरिबीको रेखामुनि रहेका छन् । नेपालको कुल गरिबको ४४ प्रतिशत अर्थात् करिब ९२ लाख जनसङ्ख्या आदिवासी जनजातिभित्र पर्दछन् (तामाङ, २०६८,पृ. २१; माबुहाङ, सन् २०१२,पृ. ३४१) । यी आँकडाहरूले नेपालको सन्दर्भमा गरिबी जातिसँग सम्बन्धित छ भन्ने कुराको पुष्टि गर्दछ ।

तालिका ८.१ः जातजातिअनुसार गरिबीको वितरण

| **सामाजिक समूह** | | **गरिबी प्रतिशत** | **कुल गरिबको अनुपात** |
|---|---|---|---|
| जाति समूह | ब्राह्मण-क्षेत्री | १८.४ | १५.७ |
| | मधेशी अन्य जाति | २१.३ | १.९ |
| | दलित | ४५.५ | १०.९ |
| आदिवासी जनजाति | नेवार | १४.० | ३.४ |
| | पहाडी जनजाति | ४४.० | २७.८ |
| | तराई जनजाति | ३५.४ | ९.२ |
| मुस्लिम | | ४१.३ | ८.७ |
| अन्य अल्पसङ्ख्यक | | ३१.३ | २२.३ |
| **जम्मा** | | २५१.२ | ९९.९ |

(Sourceः CBS, World Bank, DFID & ADB, 2005. साभारः तामाङ, २०६९,पृ. ९६)

तालिका ८.१ अनुसार बाहुन-क्षेत्री समुदायको कुल जनसङ्ख्यामा १८ प्रतिशत गरिबीको रेखामुनि छन् भने नेवार समुदायको १४ प्रतिशत जनसङ्ख्यामा गरिबीको रेखामुनि छन । तर दलित जनसङ्ख्यामा ४६ प्रतिशत, पहाडी आदिवासी जनजाति ४४ प्रतिशत र मुस्लिम ४१ प्रतिशत गरिबीको रेखामुनि छन् ।

तालिका ८.२ः जातजातिको आधारमा गरिबीको अनुपात

| **जात–जाति** | **गरिबी रेखामुनिको अनुपात** | **जात–जाति** | **गरिबी अनुपात प्रतिशतमा** |
|---|---|---|---|
| ब्राह्मण | ३४ | राई | ५६ |
| क्षेत्री | ५० | गुरुङ | ४५ |
| नेवार | २५ | तामाङ | ५९ |
| कामी | ६८ | लिम्बु | ७१ |
| सार्की | ६५ | मगर | ५८ |
| दमाई | ६७ | थारु | ४८ |
| मुस्लिम | ३८ | तराई अन्य | ४० |

(स्रोतः नेपाल मानव विकास प्रतिवेदन, सन् १९९८ । साभारः रोका, २०६९,पृ. ६५)

पहिचानको दृष्टिले राज्यमा पहुँच हुने र नहुने कुराको निर्धाण गर्ने कुरा नेपाल मानव विकास प्रतिवेदन सन् १९९८ ले प्रष्ट गरेको छ । माथि तालिका ८.२ मा नेवारको गरिबी अनुपात सबैभन्दा कम ( २५ प्रतिशत) रहेको तर कामीको ६८ प्रतिशत रहेको छ । हरि रोकाका अनुसार, नेपालमा ठाडो र तेर्सो अर्थात जातीय र वर्गीय दुवै खालको समस्या रहेको छ । यी असमानतालाई नहटाइकन छिमेकी मुलुकहरुको दाँजोमा अर्थिक, सामाजिक तथा राजनीतिकरुपले हामी प्रगति गर्ने दिशातर्फ उन्मुख हुनै सक्तैनौ । राज्यसत्तामा अरुको भन्दा बढी पहुँच भएकै कारण बाहुन, क्षेत्री र नेवारको गरिबी घटेको देखिन्छ (रोका, २०६९,पृ. ६५, ६७) ।

तालिका ८.३ः जातजातिको आधारमा गरिबीको परिवर्तन प्रतिशतमा

| जात-जाति र समुदाय | सन् १९९५/१९९६ | सन् २००३/२००४ | परिवर्तन प्रतिशतमा |
|---|---|---|---|
| नेपाल | ४१.८ | ३०.८ | -२६ |
| ब्राह्मण-क्षेत्री | ३४.१ | १८.४ | -४६ |
| द्यलित | ५७.८ | ४५.५ | -२१ |
| नेवार | १९.३ | १४.० | -२८ |
| पहाडी जनजाति | ४८.७ | ४४ | -१० |
| तराई जनजाति | ५३.४ | ३५.४ | -३४ |
| मुस्लिम | ४३.७ | ४१.३ | -६ |
| तराईका मध्यम जात | ४३.७ | २१.३ | -२६ |
| अन्य | ४६.१ | ३१.३ | -३२ |

(स्रोतः नेपाल मानव विकास प्रतिवेदन, सन् २००९। साभारः रोका, २०६९,पृ. ६६)

सन् २००९ मा प्रकाशित Nepal Human Developmen Report को National Living Standard Survey ले सन् १९९५/१९९६ र सन् २००३/२००४ को तुलनात्मक अध्ययनले पनि पहिचान अनुसारको पहुँच निर्माण हुने तथ्यको खुलासा गरेको छ। तालिका ८.३ अनुसार बाहुन-क्षेत्री र नेवारमा क्रमशः १४ र १८ प्रतिशत गरिबीको रेखामुनी रहेको देखिन्छ। दलित र जनजातिको गरिबी औसत दर नेपाली औसत भन्दा माथि छ, जबकि ७ वर्षको यो अवधिमा बाहुन-क्षेत्रीको गरिबी औसत भने ४६ प्रतिशतले घटेको छ। यी दुई समुदायबीचको गरिबीको असमानता पहिचानको आधारमा राज्यमा पहुँच, प्रतिनिधित्व र स्रोतहरुको वितरण हो भन्न कर लाग्छ।

तालिका ८.४ः जातजातिका आधारमा प्रतिव्यक्ति आय

| जात-जाति | औसत प्रतिव्यक्ति आय (नेरुमा) | घरपरिवार सङ्ख्या | औसत प्रतिव्यक्ति आम्दानी (शहरमा) | औसत प्रतिव्यक्ति आम्दानी (गाउँमा) |
|---|---|---|---|---|
| नेपाल | १५,००० | - | २८,१९५ | १२,५३४ |
| ब्राह्मण-क्षेत्री सबै | १८,४०० | - | ३३,७३१ | १५,६७४ |
| ब्राह्मण-क्षेत्री पहाडी | १६,२०० | ५.७ | ३४,६७८ | १३,६२८ |
| ब्राह्मण-क्षेत्री मधेशी | २३,९०० | ५.५ | ३२,४०८ | २१,४६५ |
| दलित सबै | १०,००० | - | १९,३८१ | ९,०२६ |
| दलित पहाडी | ८,८३० | ५.६ | १८,६०२ | ८,०१८ |
| दलित तराई | १३,२०० | ५.९ | २०,४६० | ११,९७८ |
| नेवार | २६,१०० | ६.४ | ३६,६०० | १४,६६० |
| जनजाति पहाडी | १३,५०० | ५.९ | २६,४४८ | ११,९७८ |
| जनजनति तराई | १२,७०० | ९.६ | १४,१०६ | १२,७१९ |
| मुस्लिम | १०,२०० | ८.२ | ११,५६३ | १०,१२६ |
| तराई मध्यम जाति | ११,३०० | ७.२ | १२,७३६ | ११,२१२ |

( Source: CBS, World Bank, DFID & ADB 2006. साभारः रोका, २०६९,पृ. ६७)

तालिका नं ८.४ मा नेपाल सरकारको केन्द्रीय तथ्याङ्क विभाग, विश्व बैङ्क, डिएफआइडी र एडिबीले सार्वजनीक गरेको प्रतिवेदन अनुसार विभिन्न जातजाति र गाउँ तथा शहरबीच औसत परिवार सङ्ख्या र प्रति व्यक्ति आयमा भिन्नता देखाएको छ। जातीय दृष्टिले सबैभन्दा गरिब क्रमशः तराई दलित, पहाडी दलित, मुस्लिम र तराई तथा पहाडी आदिवासी जनजाति रहेका छन् । यसले नेपाली समाजमा जातीय तथा क्षेत्रीय असमानता छ भन्ने पुष्टि गर्नुका साथै ठाडो र तेर्सो दुवै आधारमा समस्या रहेको तस्विर देखाउँछ।

तालिका ८.५ः सन् १९५० भन्दा अगाडिको भूस्वामित्वको प्रमुख स्वरूप

| **क. सं.** | **भूमिको स्वरुप** | **क्षेत्रफल (हेक्टरमा)** | **जम्मा क्षेत्रफल प्रतिशतमा** |
|---|---|---|---|
| १. | रैकर | ९,६३,५०० | ५०.० |
| २. | बिर्ता | ७,००,०८० | ३६.३ |
| ३. | गुठी | ४०,००० | २.० |
| ४. | किपट | ७७,०९० | ४.० |
| ५. | राज्य, जागिर, रकम आदि | १,४६,३३० | ७.७ |
| | **जम्मा** | **१९,२७,०००** | **१००.००** |

(स्रोतः तामाङ, २०६३,पृ. ११५)

तराईका धेरै जमिन थारू लगायतका आदिवासीले संरक्षण र आवादी गर्दै आएका थिए। त्यस समयको सम्पत्तिको प्रमुख स्रोत जमिन नै थियो। त्यी जमिनहरू शासकले राजा, राणा, भारदार, पुरोहित, जागिरवालाइ वितरण गरियो र नयाँ जमिनदारहरू कायम गरियो । जागीरदारलाई तलबको रुपमा रैकर जग्गा, हिन्दु धर्मको संरक्षण र व्यापकताको लागि ब्राह्मणरूलाई गुठी जमिनको व्यवस्था गरियो (Regmi, 2014; तामाङ,२०६३,पृ. १०६) । नेपालको क्षेत्री तथा ब्राह्मणहरूको हातमा ६० प्रतिशत भूमि रहेको छ (गुरुङ, सन् १९८८) ।

नेपाली राज्य र राजनीति पार्टीहरूमा मात्र होइन भूमिमा समेत खस-आर्य समुदायको वर्चस्व हुनु र अन्य समुदायका नागरिकहरू बाधा, कमलरी, पिपाजस्ता मानव मर्यादा र आर्थिक दृष्टिले पनि शोषणमा आधारित पेसामा रहनुले नेपाली समाज जातीय समुदायगत आधारमा निर्देशित भएको तथ्य खुल्दछ। खस-आर्य पहिचानमा आधारित राष्ट्रियताको राजनीतिले देशको आर्थिक क्षेत्रमा पनि जातजातिका आधारमा अन्तर रहेको छ। मुक्तासिंह तामाङका अनुसार, एवम् प्रकारको नीति कायम रहे आदिवासी जनजातिको गरिबी हट्न आधा शताब्दी लाग्नेछ भने ब्राह्मण-क्षेत्री समुदायको गरिबी हट्न केही वर्ष मात्र लाग्नेछ। यस प्रकारको आर्थिक असमानतालाई विश्व बैङ्क तथा डिएफआइडीले गरेको लैङ्गिक तथा सामाजिक वञ्चितीकरणसम्बन्धी अध्ययनले जातीय, भाषिक र धार्मिक पहिचानका आधारमा गरिने विभेदका कारणले भएको निष्कर्ष निकालेको छ (तामाङ, २०६८,पृ. १९)। जातजातिबीचको यो अवस्थाको ऐतिहासिक कारणको पनि खोजी गरिनुपर्दछ। विश्वका आदिवासी जनजातिहरूको भूमिसँग

सबैभन्दा नजिकको सम्बन्ध रहेको हुन्छ। यो विषयबाट नेपालका आदिवासी जनजाति पनि अलग थिएनन्। तराईका समथल जमिनहरू थारू जातिको थियो, तर पछिल्लो समयमा सबैभन्दा धेरै कमलरीहरू थारू नै छन्। यसो हुनुमा लिच्छवी, राणा तथा पञ्चायती सामन्ती व्यवस्थाका नाइकेहरूले आफ्नो अनुकूल जनताको जमिन हडप्ने र चाहेको व्यक्तिलाई वितरण गर्ने प्रचलन थियो। मार्क्सको पुँजीको अध्ययनले बेलायतमा पनि यस्तो प्रचलन थियो, सायद यी घटनाहरू विश्वको अन्य मुलुकहरूमा पनि भएको हुनुपर्दछ। मार्क्सका अनुसार सामन्ती कालमा भूस्वामीवर्गले सेनापति र न्यायधीश दुवैको भूमिका निर्वाह गर्दछन् (मार्क्स, २०६७,पृ. ४९५)। तत्कालीन शासक वा शासकहरूले रुचाएका व्यक्तिहरू नै भूस्वामी वर्गको प्रतिनिधित्व गर्दथे। उनीहरूले एक भाग सेनापति र अर्को भाग पुरोहित (धर्मबल) को माध्यमबाट समाजमा शासन गर्ने काम गर्दथे।

### ८.२ शिक्षामा पहिचानको प्रभाव

नेपाली राज्यको पहिचान हिन्दु धर्म र खस नेपाली भाषा भएकाले पहिलो प्रहार आदिवासी जनजातिहरूको शिक्षामा गरेको थियो। शशीधर भण्डारीका अनुसार "मनुको दर्शनअनुसार ब्राह्मणले पढ्ने मौका पाए तर जनजातिहरूले त्यो अवसर पाएनन्" (शशीधर भण्डारी, २०७६ असोज ६ गते, अनुसूची ४)। हुन त राणा शासनमा राणा परिवार बाहेक आम नेपाली नागरिकको शैक्षिक तथा राजनीतिक अवस्था कमजोर थियो, तर पनि राणाहरूले पढ्ने भाषा खस नेपाली नै थियो। उनीहरूका पाठ्यपुस्तक पनि खस नेपाली भाषामै थिए। यस विषयलाई प्रस्ट गर्दै पीताम्बर शर्मा र प्रत्युष वन्तले नेपाली राष्ट्रियताको आधारस्तम्भका रूपमा नेपाली भाषा, राजतन्त्र र हिन्दु धर्मलाई राज्यले स्थापित गराएको भनेका छन् (शर्मा, २०६९,पृ. ३३; Onta, 1996)। अध्येता शर्मा र वन्तले झैं सुसन हेगेनले पनि शिक्षा क्षेत्रमा नेपाली राज्यको विभेदकारी नीतिलाई प्रमुख मानेका छन्। उनका अनुसार हिन्दु राष्ट्र निर्माणका लागि राज्यले शिक्षा नीतिलाई प्रयोग गरेको र नेपालको मुलुकी ऐनले नेपाली समाजलाई विभाजन गर्न मद्दत गऱ्यो भने राणाकालमा आदिवासी जनजातिलगायतका नागरिकहरूलाई शिक्षा प्राप्त अधिकारबाट वञ्चित गऱ्यो। पञ्चायतकालको शिक्षा नीति सन् १९५६ को राष्ट्रिय शिक्षा योजना आयोगले पनि एक मात्र खस नेपाली भाषाको माध्यमबाट शिक्षा ग्रहण गर्ने नीति अवलम्बन गऱ्यो। विद्यालयका पाठ्यपुस्तकहरू खस नेपाली भाषा र एकल हिन्दु संस्कृतिको दर्शनबाट प्रभावित थिए, जसले गर्दा समाजमा विभिन्न सामाजिक समूहहरू भाषिक, सांस्कृतिक हिसाबले बहिष्करणमा परे (Hangen, 2007)। राणा शासनले दिएको यो राज्यको हिन्दु पहिचानलाई राणा शासनको अन्त्यपछि पनि पञ्चायती व्यवस्थाले निरन्तरता दियो। यो क्रम २०४६ पछिको बहुदलीय प्रजातन्त्रमा समेत प्रत्यक्ष रूपमा कायमै रह्यो। त्यसका धेरै पक्ष अहिले पनि निरन्तरता पाइरहेको छ। प्रत्युष वन्तका अनुसार ३० वर्ष चलेको पञ्चायती व्यवस्थामा पाठ्यपुस्तक, रेडियो र अन्य सांस्कृतिक अभ्यासहरूमार्फत नेपाली समाजमा नेपाली

राष्ट्रियता स्थापित गरियो (Onta, 1996)। २००६ (सन् १९५०) मा राणा शासनको पतनपछि खस-आर्य समुदायका (बाहुन, क्षेत्री र ठकुरी) स्थितिमा सुधार आए पनि मगरको सामाजिक, राजनीतिक, आर्थिकमा सुधार आउन सकेन, कारण मगर जातिमा शिक्षाको अभाव थियो। २००७ मा नेपालमा केवल २ प्रतिशत जनसङ्ख्या शिक्षित मध्ये बाहुन, क्षेत्री र ठकुरी ९० प्रतिशतभन्दा बढी नै शिक्षित थिए। यसको कारण शिक्षाको माध्यम खस नेपाली थियो। राज्यको नेतृत्व राणाहरूले गरे पनि उनीहरूलाई सल्लाह दिने, उनीहरूको पूजापाठ गरिदिने ब्राह्मण थिए भने राज्यको विभिन्न निकायमा क्षेत्री ठकुरीहरू पनि सेवारत थिए। जसको कारण उनीहरूले प्रत्यक्ष रूपमा पढ्न नपाए पनि राणाहरूसँग उनीहरूको सम्बन्ध रहेको थियो। मगर लगायत आदिवासी जनजातिहरू शिक्षामा पछि पर्नुका धेरै कारणमध्ये खस नेपाली भाषामा पाठ्यपुस्तक निर्माण र अध्ययन तथा अध्यापन रहेको देखिन्छ। जसको कारण उनीहरूले न त राम्रो शिक्षा लिन सके न त आफ्नो मातृभाषा बचाउन सके। देश धर्म निरपेक्ष भए पनि व्यवहारमा हिन्दु धर्मको अग्राधिकार र वर्चस्व देख्न सकिन्छ। आभास भण्डारीका अनुसार “पशुपति विकास कोषद्वारा सञ्चालित राज्यको साधन स्रोत परिचालन गरेर स्थापना गरिएको नेपाल वेद विद्याश्रम (हिन्दु विद्यालय) मा गैरब्राह्मण छात्रछात्राहरूलाई भर्ना गर्दैन। फरक पृष्ठभूमिका विद्यार्थीलाई वञ्चित गरेर जोगाउने सांस्कृतिक सम्पदा र परम्परा भनेको वर्णव्यवस्था र ब्राह्मण हैकमवाद आधारित परम्परा हो” (भण्डारी, २०७४,पृ. २३)।

नेपालको शिक्षा नीति तथा प्रणाली धर्म र जातका आधारमा माथिल्ला भनाउँदा जातका मुठीमा सीमित रह्यो। उनीहरूको संस्कृतिलाई शैक्षिक अवधारणाका रूपमा बोक्यो। यी सबै सामन्ती पुँजीवादी व्यवस्थाको उपज हो (आचार्य, २०७२,पृ. १३६)। भण्डारी र आचार्यले भनेझैँ धर्म र जातका आधारमा शिक्षा प्रणालीलाई रूपान्तरण गर्नु सामन्ती पुँजीवादी व्यवस्थाको उपज हो, तर त्यही धर्म र जातलाई रोज्नु वा पक्षपोषण गर्नुको कारण पक्कै पनि ती सामन्ती तथा पुँजीवादी व्यवस्थाका परिचालकहरू त्यही समुदायका थिए भन्दा अत्युक्ति नहोला।

मार्टिन चौतारीको अध्ययन अनुसार उच्च शिक्षा (स्नातक र स्नाकोत्तर तह) मा ६०.६ प्रतिशत विद्यार्थीहरू पुरुष र ३९.४ प्रतिशत महिला छन्। जातीयताका आधारमा हेर्दा भर्ना भएका विद्यार्थीमध्ये बाहुन, क्षेत्री र नेवारहरूको बाहुल्य छ। सम्पूर्ण विद्यार्थीहरूमध्ये बाहुन-क्षेत्री ६८.४ प्रतिशत र नेवारको १२.३ प्रतिशत छ। अन्य आदिवासी जनजाति १२.७ प्रतिशत, मधेसी ४ प्रतिशत, दलित १.५ प्रतिशत र मुस्लिम ०.२ प्रतिशत मात्र छ (भट्ट, २०६८,पृ. ४)। महेन्द्र राजमार्गले बीचबाट छिचोलेको यातायात, खानेपानी, शिक्षा, स्वास्थ्य, बिजुली र सञ्चारको सुविधा उपलब्ध भएको मिश्रित बसोबास रहेको चितवनको खैरहनी गाविसमा गरेको अध्ययनले थारू विद्यार्थी ब्राह्मण-क्षेत्री विद्यार्थीका तुलनामा निकै पछाडि छन्। विशिष्ट, प्रथम र द्वितीय श्रेणीमा उत्तीर्ण विद्यार्थीमध्ये ६१ प्रतिशत ब्राह्मण-क्षेत्री र थारू विद्यार्थी ४५ प्रतिशत रहेको छ। यसका साथै उत्कृष्ट १० स्थानमा पर्ने विद्यार्थीहरूमध्ये ५२.७ ब्राह्मण-

क्षेत्री र १८.७ प्रतिशत थारू रहेका छन् (चौधरी, २०७३,पृ. ४९)। नेपालीको साक्षरताको राष्ट्रिय औसत ५४ प्रतिशत हुँदा दलित समुदायको ३३.८ प्रतिशत, एसएलसी वा सोभन्दा माथि १७.६ प्रतिशत हुँदा ३.८ प्रतिशत र स्नातक वा सोभन्दा माथि ३.२ प्रतिशत हुँदा दलितको ०.४ प्रतिशत मात्र रहेको थियो (बोहरा, २०६३,पृ. ११८)। यी आँकडाहरूले नेपाली समाजमा शिक्षा प्राप्तिको अवसर र परिणाम पनि जातीय आधारमा भएको प्रस्ट गर्दछ। दलितहरूको विद्यालय सहभागिता आदिवासी जनजातिहरूको भन्दा पनि धेरै कमजोर रहेको छ। दलितको शैक्षिक समस्या सुधारका लागि अध्ययता बोहरा (२०६३) ले दलितका लागि विद्यालय खोलेर मात्र हुँदैन, बाँच्नेदेखि मैत्रीपूर्ण सामाजिक, सांस्कृतिक तथा शैक्षिक वातावरण आवश्यक रहेको सुझाएका छन्।

१९१० सालको मुलुकी ऐनले वर्गीकरण गरेअनुसार नै शिक्षा क्षेत्रमा पनि खस-आर्य समुदाय सबैभन्दा माथि र दलित सबैभन्दा तल रहेको देखिन्छ। नेपाली समाजमा चलेको जातीय विभेद, छुवाछुतका विभिन्न स्वरूपहरू अहिले पनि विद्यमान रहेकाले क्षमता विकास, नेतृत्व विकास, राज्यमा अवसर, आर्थिक सुधारका सूचकहरू जातीयताकै आधारमा भिन्नता रहेका छन्। २०५८ सालको शैक्षिक तथ्याङ्कलाई केलाउँदा खस-आर्य समुदाय शिक्षामा सबैभन्दा माथि छन्। जति उपल्लो तह आउँछ, उनीहरूको ग्राफ पनि त्यसरी नै उक्लन्छ, खस-आर्यको विद्यालय तह ४९.१ प्रतिशत, एसएलसी/प्रमाणपत्र तह ६७ प्रतिशत, र स्नातक वा सोभन्दा माथि बढेर ७३ प्रतिशत पुगेको छ। आदिवासी जनजातिभित्र नेवारको अवस्था खस-आर्यको भन्दा पनि राम्रो छ भने अन्य आदिवासी जनजातिहरू र दलितको अवस्था जति माथिल्लो तह जान्छ, ग्राफ घट्दै गएको छ, सबैभन्दा पिँधमा दलितहरू रहेका छन् (हेर्नुहोस् तालिका ८.६)।

तालिका ८.६ः सन् २००१ को जनगणनाअनुसार विभिन्न जातजातिको आधारमा शिक्षा आर्जन

| **क्र.सं.** | **सामाजिक समूह** | **विद्यालय तह** | **एसएलसी/प्रमाणपत्र तह** | **स्नातक वा सोभन्दा माथि** |
|---|---|---|---|---|
| १. | जात समूह (दलितबाहेक) | ४९.१ | ६६.९ | ७२.९ |
| २. | दलित | ८.४ | १.७ | ०.८ |
| ३. | आदिवासी जनजाति (नेवारबाहेक) | ३१.८ | १५.८ | ८.५ |
| ४. | नेवार | ६.६ | १२.४ | १३.५ |

(स्रोतः गुरूङ, २०६५)

माथिको आँकडाले नेपालको शैक्षिक अवस्थाको मापन पनि जातजाति वा समुदायगत आधारमा वितरण भएको छ भन्ने कुरा बुझ्न सजिलो हुन्छ। यस विषयमा धेरै अध्यताहरूले जातीय असमानता पनि एक प्रमुख कारण मान्दै आएका छन्। अध्यता झकेन्द्र घर्तीमगरका अनुसार नेपालको उच्च शिक्षाको वर्तमान अवस्थालाई विश्लेषण गर्दा यो केन्द्रीकृत मात्र छैन, पहुँच र प्रतिनिधित्वका दृष्टिले यसमा जातीय, क्षेत्रीय, लैङ्गिक र वर्गीय स्वरूपका प्रशस्त असमानताहरू छन् (घर्तीमगर, २०६८,पृ. १६८-१६९)।

केन्द्रीय तथ्याङ्क विभाग २०६८ अनुसार नेपालको राष्ट्रिय साक्षरता औसत दर ६५.९ प्रतिशत रहेको छ, जसमध्ये पुरुषहरूको ७५.१ प्रतिशत र महिलाको ५७ प्रतिशत रहेको छ। सबैभन्दा बढी साक्षर काठमाडौंमा ८६.३ प्रतिशत र सबभन्दा कम साक्षर रौतहतमा ४१.७ प्रतिशत रहेको छ। सोही तथ्याङ्क अनुसार मगर जातिको औसत साक्षरता दर ७१ प्रतिशत देखाएको छ। जसअनुसार मगर महिला ६३.६ प्रतिशत र मगर पुरुष ७९.९ प्रतिशत रहेको छ। जनसङ्ख्याका हिसाबले तेस्रो स्थानमा रहेको मगर जाति साक्षरता दरका हिसाबले २७औं स्थानमा छ (CBS, 2013)।

तालिका ८.७: मगर जातिको शैक्षिक अवस्था

| **औसत** | **साक्षर** | **आधारभूत तह (कक्षा ८ उत्तीर्ण)** | **माध्यमिक तह (कक्षा १२ उत्तीर्ण)** | **स्नातक वा सोभन्दा माथि** |
|---|---|---|---|---|
| राष्ट्रिय | ६५.९ | ६५.० | ३१.० | ४.२ |
| मगर | ७१.० | ७३.६ | २४.९ | १.३ |

(Source: CBS, 2012)

राष्ट्रिय जनगणनामा साक्षरता दर र आधारभूत तहमा राष्ट्रिय औसतभन्दा क्रमशः ५ प्रतिशत र ९ प्रतिशतले उच्च रहे पनि माध्यमिक तहमा ६ प्रतिशत र उच्च शिक्षा (स्नातक वा सो भन्दा माथि) ३ प्रतिशतले कम अर्थात् जम्मा १.३ प्रतिशत रहेको छ। यसले मगर जातिको शैक्षिक अवस्था प्रस्थान बिन्दुबाट उकालो र ओरालो गर्दै अन्तिम नतिजा भने कमजोर रहेको देखाउँछ।

### ८.३ हिन्दु दर्शनको जगमा जातीय असमानता

अठारौं शताब्दीमा नेपाल राज्यको एकीकरण भएदेखि नै नेपालमा पहाडी, उच्च-जातीय हिन्दु पुरुषले राजनीतिक र आर्थिक प्रभुत्व जमाएका छन्। सन् १९६२ को संविधानले नेपाललाई 'हिन्दु' राज्य घोषित गर्नेबाहेक नेपाली समाज बहुजातीय, बहुभाषिक र बहुधार्मिक प्रकृतिको रहेको तथ्यलाई स्वीकार गरेन। तल्लो जातका हिन्दु, गैर-हिन्दु, वा गैरनेपाली भाषी नेपालीलाई विभेद गर्ने बलियो आधार धर्म र भाषा बन्यो (तामाङ, २०७४,पृ. ३२)। नेपालमा मुलुकी ऐन जारी भएको लगभग एक सय वर्ष पछि २००७ सालमा नेपालको अन्तरिम शासन विधान जारी भयो। यो विधान १९१० को मुलुकी ऐनभन्दा लोकतान्त्रिक भए तापनि जातीय विभेद र असमानता भने हटाउन सकेन। २०४७ सालमा जारी संविधानले बहुजातीय, बहुभाषिक भनेर किटान गरे तापनि हिन्दु धर्मनिरपेक्ष र संवैधानिक राजतन्त्रात्क मुलुक भनेर संवैधानिक व्यवस्था ग-यो। २०६३ सालको अन्तरिम संविधान विगतको संविधानहरूको तुलनामा धेरै अग्रगामी थियो। इतिहासमै पहिलो पटक समावेसी र समानुपातिक प्रतिनिधित्वको संवैधानिक व्यवस्था गरेको थियो, तर २०७२ सालमा संविधान सभाबाट जारी गरेको नेपालको संविधान २०७२ ले भने अन्तरिम संविधानले व्यवस्था गरेको समानुपातिक प्रतिनिधित्वलाई कटौटी गऱ्यो र धर्मनिरपेक्ष राज्यलाई घुमाउरो भाषामा सनातन हिन्दु धर्म भनेर हिन्दु राज्यको झझल्को प्रदान गऱ्यो।

धर्मप्रसाद श्रीस र प्रदीप थापाले पनि धेरै मगरले जात फेरी ब्राह्मण तथा क्षेत्री थरमा रूपान्तरण गरेको उल्लेख गरेका छन् । उनीहरूका मतअनुसार पाल्पाका मुकुन्द सेन र खानहरू (खाँडहरू) सबै मगर नै हुन् । उनको अनुभव र अनुमानमा जुन मगर सत्तामा गए, भारदारीमा गए, तिनीहरू हिन्दु जातमा रूपान्तरित भएको उल्लेख गरेका छन् (श्रीस, २०३८; थापा, सन् २०००) । यसको अर्थ जातीय पहिचान अपरिवर्तनीय भए पनि यो मानवशास्त्रीहरूले भनेजस्तो निर्माण हुने पनि गर्दछ । नेपाली समाजमा उसको मौलिकता एउटा भए पनि समयक्रमसँगै निर्माण, विनिर्माण र पुनर्निर्माण भएका घटनाहरू हाम्रा सामु छन् । जस्तो, कतिपय हिजोका मगरहरू आज अन्य जातिको पहिचान धारण गरेका छन् भने कतिपय हिजो मगर भनेर खुल्न नचाहनेहरू आज मगर भनेर खुल्ने र जानीनजानी मगरको भाषा, संस्कृति र धर्मको अनुशरण गर्ने गरेको पनि पाइएको छ ।

राजनीतिशास्त्री हन्टिङ्टनका अनुसार “समाजिकीकरणको केन्द्रीय तत्व विश्वव्यपी रूपमा उदाउँदो भाषा र धर्मको झुकावसित सम्बन्धित छ” (Huntington, 2014,p. 59) । यसरी हेर्दा नेपाली शासकहरूले आफ्नो भाषा, धर्म, संस्कृतिको जगमा राजनीति गर्नु विश्वकै राजनीतिक प्रचलन पनि मान्न सकिन्छ, तर कुनै धर्म वा जाति विशेषको प्रभुत्व भने आजको युगसुहाउँदो हुन सक्तैन । पीताम्बर शर्माका अनुसार आधुनिक नेपालको निर्माण एउटा सुदृढ हिन्दु राज्य निर्माण गर्ने स्पष्ट उद्देश्यका साथ भएको हो” (शर्मा, २०६९,पृ. ३५-३६) । बर्घाटले नेपाली राष्ट्र राज्यको निर्माण हिन्दु अवधारणाद्वारा भएको र अल्पसङ्ख्यकले बहुसङ्ख्यक तथा एकल जातीय समुदायले बहुजातीय नेपाली समाजलाई नियन्त्रित र नेतृत्व गरेका कारण नेपाली राज्यको चरित्र समावेशी हुन नसकेको विचार व्यक्त गरेका छन् । यो अवधारणा एकल भाषा, भेष, धर्म संस्कृतिबाट राष्ट्रिय एकता हुनुपर्दछ भन्ने सामन्ती र निरङ्कुश हिन्दु राजतन्त्रमा आधारित थियो (Burghart, 1984) । यो दर्शनको लामो संसर्गको कारणले कम्युनिस्ट दर्शन अँगाल्नेहरूको मनोविज्ञान पनि हिन्दु दर्शन नियन्त्रित छ । यो वास्तविकतालाई बोध गर्न सके हामीले समाजलाई परिवर्तन गर्न सक्छौँ, अन्यथा गोरख पाण्डेय (२०७१) ले भनेझै विज्ञानको कुरा गर्ने तर आफ्नो मनोविज्ञान र व्यवहारलाई बदल्न नसक्ने हो भने परिवर्तन धेरै टाढा हुन सक्छ ।

नेपालको राजनीतिमा जातीय तथा धार्मिक अस्त्र धेरै अस्त्रहरुमध्ये प्रमुख हुन् । नेपाली राज्य र समाजमा हिन्दु धर्मको प्रभाव र यसको प्रचारप्रसार तथा सम्मिलीकरण गर्ने काम खस-आर्य समुदायबाट हुने गरेको छ । नेपाली राजनीतिमा हिन्दु धर्म कतिसम्म बलशाली र वर्चस्वशाली छ भन्ने कुरा मोहनदास मानन्धरको यो धारणाले पनि प्रस्ट्याउँछ, “पश्चिमी धारणा रङ्गभेद नेपालको हिन्दु समाजको सन्दर्भमा जनजाति र दलितका रूपमा देखा पर्‍यो । ...नयाँ मुलुकी ऐन लागू गरेर विभेदलाई गैरकानुनी बनाए पनि देशको शताब्दियौँ पुरानो सामन्ती राज्य संरचनाको प्रभाव स्वरूप त्यो प्रभावकारी हुन सकेन । नेपालका ब्राह्मण तथा क्षेत्रीहरू...सबैभन्दा बढी लाभान्वित जाति हुन्, उनीहरू प्राचीन कालदेखि नै शक्तिमा रहे ।

त्यो विशेषाधिकारलाई सामाजिक मूल्य प्रणालीलाई आकार दिन प्रयोग गरे । परिणामस्वरूप उपलब्ध स्रोतसाधनहरू आफ्नै समुदायको पक्षमा लगाए" (मानन्धर, २०६६,पृ. २) ।

खड्गजित बरालका अनुसार "नेपाली समाज सामाजिक, आर्थिक र शैक्षिक रूपमा पछौटे अवस्थामा हुनुको मुख्य कारण धार्मिक जगमा टिकेको राजनीति हो । तर पनि उग्र समुदायवादी भएर पनि हाम्रो समाजको उन्नति सम्भव छैन" (खड्गजित बराल, २०७३ भदौ ३ गते, अनुसूची ४) । बराललले मगर लगायत आदिवासी जनजातिलाई उग्रसमुदायवादी नहुन सुझाए पनि त्योभन्दा उग्रसमुदायवादी, पुरातनवादी नेपाल राज्य र राजनीति सञ्चालक भएको जिकिर गर्दै मानवशास्त्री डम्बर चम्जोड लेख्छन्, "२०७२ सालको संविधान मानवशास्त्रीय दृष्टिकोणबाट यो पूर्णतः शास्वत हिन्दु पहिचान झल्काउने संविधान हो । यसले आदिवासीहरूको पहिचान र उनीहरूको दोबहरू खोप्न नसक्नु नेपाली राजनीतिमा एकात्मक हिन्दु पुरातनवादी कायम रहनुको परिणाम हो" (चेम्जोङ, २०७५,पृ. ४७) । मुलुकी ऐन २०१० को कारणले आदिवासी जनजातिहरूमाथि विभेद भएको साँचो हो तर जनजातिहरूका खर्चिला संस्कृति, मदिराप्रेमी र विदेश भर्तीको मोह पनि कम जिम्मेवार छैन (शशीधर भण्डारी, २०७३ असोज ६ गते, अनुसूची ४) । नेपाली समाजमा घटेका विभन्न घटनाहरूले नेपालको राजनीति र हिन्दु धर्म एक आपसमा जेलिएको प्रष्ट हुन्छ, तर राजनीतिमाथि धर्मको प्रभाव बलशाली रहेको कुरा नेपाली राज्यको  वर्तमान चरित्र समेतले उजगार गर्दछ । भारतीय विद्धान तथा राजनीतिज्ञ राम मनोहर लोहियाका अनुसार राजनीति अल्पकालीन धर्म हो भने, धर्म दीर्घकालीन राजनीति हो ।[६७] लोहीयाको यो भनाइ नेपालमा पनि लागु हुन्छ, जहाँ धार्मिक राजनीति दीर्घकालीन र बलशाली छ ।

### ८.४ हिन्दु धर्मको प्रभावमा नेपालका कम्युनिस्ट पार्टी

कार्ल मार्क्सले धर्मलाई अफिम भनेका छन्, तर नेपाली समाजमा धर्म र राजनीति अन्तरसम्बन्धित देखिएको छ । गोरख पाण्डेयले मार्क्स एङ्गेल्सको धर्मसम्बन्धी विचारलाई उद्धरण गर्दै लेखेका छन्, "मार्क्सवादले धर्मको व्याख्या गरेर वैज्ञानिक ज्ञानको पक्षमा धर्मको समाप्तिको घोषणा गर्दछ । नास्तिकता र आस्तिकतामा ठूलो भेद छ, स्वर्गको काल्पनिक सत्य र जगत्को कठोर यथार्थमा भेद छ । समाजलाई नफेरीकन केवल वैज्ञानिक ज्ञानले मात्र धर्म समाप्त हुँदैन" (पाण्डेय, २०७१,पृ. १५८) । कम्युनिस्ट पार्टीका संस्थापक नेता पुष्पलालले केही भारतीय इतिहासकारहरूले नेपालको इतिहास एक किसिमले हिन्दु धर्मको इतिहाससम्म भनेको कुरा उल्लेख गर्दै कुनै पनि देशको इतिहासलाई पेस गर्दा त्यसले साम्प्रदायिक भावना फैलाउँछ र राष्ट्रिय एकतामा बाधा पुर्‍याउने उल्लेख गरेका छन् (पुष्पलाल, २०७३,पृ. ३५०) । दार्शनिक पक्षमा कम्युनिस्ट पार्टी र हिन्दु धर्मको आकाश-जमिनको दूरी रहे पनि व्यावहारिक पक्षमा भने नेपालको कम्युनिस्ट पार्टी र हिन्दु धर्मबीच अन्योन्याश्रित सम्बन्ध देखिन्छ ।

---

[६७] पत्रकार खिलध्वज थापाको फेसबुक भित्ताबाट २०७६ माघ ९ गते सभार गरिएको ।

जातीय हिसाबले केही अपवादबाहेक खस-आर्यले नेतृत्व गर्दै आएको कम्युनिस्ट पार्टीको स्थापना भएको सात दशकको अवधिमा सडक, सदन र सरकारको नेतृत्व गर्दा पनि हिन्दु वर्णव्यवस्थाले कायम गरेका सामाजिक सीमाहरू तोड्न सकेको छैन । केशरजङ्ग बराल पनि कम्युनिस्ट पार्टीको नेतृत्व वर्गीय हुनुपर्दछ, तर यहाँ हिन्दु धर्म दर्शनमा आधारित सामन्तहरूको बोलवाल रहेको बताउँछन् (केशरजङ्ग बराल, २०७३ भदौ ६ गते, अनुसूची ४) । गोपाल गुरुङले पनि नेपालको राजनीति हिन्दु आर्यहरूको नियन्त्रणमा रहेको र नेपालका मूलधारका पार्टीहरू पनि हिन्दु दर्शनबाट चलेको उल्लेख गरेका छन् । साम्यवादी सर्वहारा नारा दिने नेपाल र भारतका कम्युनिस्ट नेताहरूले हिन्दुवादी न्यायका आधारमा फैसला गर्ने गर्दछन् (गुरुङ, सन् २००६क,पृ. ११०) । नेपाली समाज फेर्नका लागि जेल जीवन बिताएका, ठुला ठुला सङ्घर्ष गरेका, समाजमा जातीय तथा वर्गीय मुक्तिका लागि सनसनीपूर्ण पुस्तक लेखेका धेरै नेताहरू आफ्नो जीवनको उत्तरार्धमा हिन्दु धर्ममा विश्वास गर्दै त्यसको प्रचार लागेका उदाहरण छन् ।

नेपालका कम्युनिस्ट पार्टीहरूमा हिन्दु धर्मको छाप कति गहिरो छ भन्ने कुरा गर्दा २०७० सालमा सम्पन्न दोस्रो संविधानसभाको निर्वाचनमा काठमाडौँ र विराटनगरजस्तो देशको सचेत नागरिक भएको प्रमुख सहरहरू जातीय समुदायको दृष्टिले खस-आर्यको जनसङ्ख्या बाहुल्य भएको ठाउँमा पहिलो हुने निर्वाचन प्रणालीबाट नेकपा एमाले, एनेकपा माओवादीले जित हासिल गरे पनि समानुपातिक मत भने हिन्दु राज्यको पक्षमा वकालत गर्दै आएको राप्रपा, नेपाललाई गाई चिन्हमा मतदान गरेका थिए । यसले पनि यहाँका खस-आर्य समुदाय पार्टीको विचारमा भिन्नता भए पनि धार्मिक आस्थाबाट एक ठाउँमा रहेको र निर्णायक घडीमा धार्मिक तथा समुदायगत मुद्दामा एक हुने प्रस्ट गर्दछ। तर कम्युनिस्ट दर्शन भने जातीयभन्दा पनि वर्गीय भएको मत राख्दै घनश्याम भुसाल लेख्छन्ः "उद्भव हिसाबले हेर्दा पनि सत्ताधारी वर्गले आफ्नो शासनको व्यवस्थालाई टिकाउन जनसमुदायलाई विभाजित गर्ने उपायका रूपमा जातीय विभेद सिर्जना गरेको थियो" (भुसाल, २०६४,पृ. २९६-३००) ।

नेपालको राजनीति तथा राजकीय संरचनाहरूमा हिन्दु धर्मको प्रभाव मात्र होइन, हस्तक्षेप पनि भइरहेको छ। नेपाल सरकारका पूर्व सचिव खेमराज नेपालका अनुसार धर्मलाई अफिम मान्ने मार्क्सवादका चेलाहरू प्रधानमन्त्री, मन्त्री हुँदा पूजा गर्ने तथा बलि दिने गर्दछन् । जतिसुकै भौतिकवादी कुरा गरे पनि उनीहरूको मनभित्र अध्यात्म जीवितै रहेको छ, नेताहरुमा हिन्दु धर्मको गहिरो छाप रहेकोले उनीहरू विभिन्न धर्मगुरू, बाबाहरू, ज्योतिषीहरू भेट्नुका साथै उनीहरूको सल्लाहमा मुगा, माणिक्य, पोखराज, नीलम, पन्ना, मोती आदि जडित औठी लगाउछँन् । हिन्दु परम्परा ग्रह अनुसार जनावर दान गर्ने भएकोले नेताहरूले भैंसी पूजा गरी दान गरेको उदाहरणहरू छन् (नेपाल, २०६९,पृ. २३४) । यसले प्रस्ट गर्दछ कि जातीय भेदभाव, धार्मिक, सामाजिक, सांस्कृतिक असमानताको विपक्षमा कम्युनिस्ट पार्टी स्थापना कालदेखि नै रहे पनि जातीय अहङ्कार अहिले पनि जीवित रहेको पाइन्छ। तर आजका कम्युनिस्ट पार्टीका अधिकांश ठूला नेताहरू राजकीय पदभार सम्हाल्दा मात्र होइन, निजी तथा सामाजिक गतिविधि र

समारोहहरूमा हिन्दु विधि र संस्कार अनुसार चल्ने गरेका छन् । दसवर्षे जनयुद्धको क्रममा माओवादीका नेता प्रचण्डले रातो अबिर (सिम्रिक) लाई व्यापक प्रचलनमा लिए, जसको धार्मिक सम्बन्ध हिन्दु र साङ्केतिक अर्थ युद्ध वा हिंसा हुन सक्छ । आहूतिका अनुसार नेपाली कम्युनिस्टहरूले खस-आर्यहरूले मान्दै आएको हिन्दु परम्परागत चाडपर्वहरूलाई प्रगतिशील चेतना बाँड्न उपयोग गर्ने नीति लिँदै आए । "परिणामतः ..स्कुल, क्याम्पसका लागि पैसा सङ्कलन गर्ने नाममा पार्टीका नेताको संयोजकत्वमा हिन्दु पुराण वाचन कार्यक्रमहरूको आयोजना गरियो, जसमा गैरहिन्दुलाई हिन्दु कर्ममा निर्णय गरेर लगाइयो र कम्युनिस्टहरू हिन्दुकरण लाद्ने औजार बन्न पुगे" (आहूति, २०६९,पृ. २९) । नेपालका कम्युनिस्टहरूलाई अहिले हिन्दु कम्युनिस्ट (हिक) भनेर बुझ्ने गरिन्छ किनकि पार्टीको नाम कम्युनिस्ट भए पनि उनीहरूका कार्यक्रम र कृयाकलाप सबै हिन्दु धर्ममा आधारित छन् । घम्बर नेपालीका अनुसार "हाम्रा प्रधानमन्त्री राम, सिता, हनुमानका मूर्तिलाई पुजा गर्दै जात्रा लगाएर चितवनको ठोरी पुऱ्याउने निर्देशन दिए" (नेपाली, २०७८) । त्यस समयमा प्रधानमन्त्री ओलीको धार्मिक गतिविधिलाई नेकपाका समकक्षी अध्यक्ष प्रचण्डले तपाई कम्युनिस्ट पार्टीको अध्यक्ष कि हिन्दु महासङ्घको ? भनी खुल्ला सभामै मञ्चबाट प्रश्न गरेका थिए (https//:www.onlinekhabar.com २०७७ माघ २७ मा प्रकाशित) । माथिका यी दृष्टान्तहरूले नेपालका कम्युनिस्ट पार्टी र त्यसका नेतृत्वकर्ताहरूमा हिन्दु धर्मप्रति आशक्ति रहेको प्रमाण मिल्दछ ।

नेपाली राजनीतिमा जातीय रुपमा मात्र होइन, कम्युनिस्ट र ब्राह्मणहरू समान भएको विश्लेषण गर्ने व्यक्ति र पार्टीहरू पनि छन्। सङ्घीय लोकतान्त्रिक मञ्चका अध्यक्ष कुमार लिङदेन (मिराक) कम्युनिस्टहरू आदिवासी जनजाति अस्तित्वको विरुद्ध भएको विश्लेषण गर्दै भन्छन्, "कम्युनिस्ट पहिचानविरोधी विचार हो। दमित समुदायलाई मुक्तिको चाहना हुन्छ तर जातीय मुक्ति कम्युनिस्ट पार्टीबाट सम्भव छैन" (कुमार लिङदेन 'मिराक', २०७६ असार ३ गते, अनुसूची ४) । लिङदेनले जस्तै समाजशास्त्री कृष्णबहादुर भट्टचनले पनि कम्युनिस्ट पार्टीबाट आदिवासी जनजातिको मुक्ति सम्भव नरहेको बताउँदै "आदिम साम्यवादका स्रोतहरू आदिवासी नै हुन् , मार्क्सवाद आदिवासी पहिचानलाई नाश गर्ने दर्शनका रूपमा आएको छ। नेपालमा कम्युनिस्ट राज्यसत्ता भनिए पनि बाहुनवादी राज्यसत्ता भएकाले कम्युनिस्टहरूबाट पनि आदिवासीको अधिकार सुरक्षित नभएको जिकिर गर्दछन्" (कृष्ण भट्टचन, २०७३ साउन २७ गते, अनुसूची ४) । नेपालको कम्युनिस्ट राजनीतिमा मध्यम वर्गका ब्राह्मणको वर्चस्व भएको बताउँदै नेकपा माओवादीका नेता सन्तोष बुढामगरका अनुसार "नेपालका कम्युनिस्ट पार्टीका संस्थापक नेवार थिए र त्यसपछिका नेतृत्व सवै खस-आर्य छन्, उनीहरू धेरै मध्यम वर्गका थिए भने केही जमिनदार पनि थिए, त्यसैले ब्राह्मणहरूले शासक जाति र वर्ग दुवैको प्रतिनिधित्व गर्दछन्" (सन्तोष बुढामगर, २०७३ साउन २७ गते, अनुसूची ४) ।

धेरै सामाजिक समूहहरू, धार्मिक समूहहरू नेपाली राज्यबाट विभेदमा परेको महसुस गरेपछि उनीहरू सङ्गठित भए र एकल हिन्दु राज्यद्वारा लादिएको पहिचानको सत्ता बहुल सांस्कृतिक पहिचानको राजनीतिक मुद्दालाई अगाडि सारे। तर नेपालका कम्युनिस्ट पार्टीहरूले यस्ता मुद्दाहरू उठाउन पनि उत्प्रेरित गर्ने र उनीहरूको स्वार्थअनुसार नभए प्रायोजित भनेर बदनाम गराउने परम्परा रहिआएको छ। त्यही आशयका साथ नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंह भन्छन्, "जातीय मुद्दा वर्गीय आन्दोलनलाई टेवा पुऱ्याउने सन्दर्भमा लिएका हौँ। जातिगत रूपमा धेरै उत्पीडन र उपेक्षित रहेको जातिहरूलाई स्वायत्त शासन र अग्राधिकारको व्यवस्था गर्न सकिन्छ। हामीले विशुद्ध जातीय क्षेत्रीय आन्दोलन र भारतीय विस्तारवाद तथा अमेरिकी साम्राज्यवादको इसारामा चल्ने जातीय क्षेत्रीय आन्दोलनको विपक्षमा छौँ" ( मोहनविक्रम सिंह, २०७३ साउन १२ गते, अनुसूची ४) । सिंहका अनुसार जातीय आन्दोलनहरू वर्गीय आन्दोलनको अधीनस्थ र बढीमा एकाकार भएर जानुपर्दछ। त्योभन्दा फरक ढङ्गले जाने जातीय आन्दोलन अन्तर्राष्ट्रिय सम्राज्यवाद वा विस्तारवादको स्वार्थ अनुसार चलेको हुन सक्ने र त्यसले सामाजिक सद्भाव बिथोल्ने मात्र होइन, देशलाई नै विखण्डन गर्न सक्ने उनको मत रहेको छ। कम्युनिस्ट नेताहरूको कारणले आदिवासीको मुद्दा उठाउने पार्टीहरू सङ्कटमा परेको धेरै विश्लेषकहरूको बुझाइ छ।

पुरानो संस्कृतिको संरक्षण, मातृभाषाको प्रयोगले विश्वव्यापीकरणको युगमा विकासमा पछाडि पार्दछ भन्ने तर्कसँग मुक्तसिंह तामाङले असहमत राख्दै नेकपाका कतिपय खस-आर्य नेता तथा समर्थकहरूले नेताहरूले आदिवासी जनजाति नेताहरूले उठाएको मुद्दा खास समस्या होइन, मूल समस्या त वर्गीय हो भन्ने गरेका छन्, तर वर्गीय एकता र सङ्घर्ष हुन पनि जातीय पहिचान र संस्कृतिको सम्मान सहितको समानता हुनुपर्दछ भन्ने आदिवासी जनजातिको पहिलो सर्त हो (तामाङ, २०७७,पृ. ३६) ।

नेपाली समाजको जातीय असमानताको मूल कारण नै हिन्दु धर्मको सामाजिक मूल्य मान्यता र सिमाहरू हुन्। विश्लेषक तथा नेताहरूले हिन्दु धर्मको कारण समाज पछि परेका प्रमाणहरू पेस गरे पनि नेकपा मालेका नेता धनेश्वर गौतमका अनुसार "नेपालको सामाजिक विभेदको कारण सामन्ती राज्य व्यवस्था हो, हिन्दु धर्म होईन। हिन्दु धर्म व्यवस्था आजको नयाँ संस्कार पनि होइन, यो परम्परादेखि चल्दै आएको विषय हो। आज विभिन्न गैरसरकारी संस्थाहरूले डलरका भरमा आफ्नो देश र राष्ट्रप्रति नै नकारात्मक भावना पैदा गरिरहेका छन्। कम्युनिस्टका नेताहरू पनि डलरको आडमा जातीय द्वन्द्व सिर्जना गरिरहेका छन्।"[६८] गौतमको यो तर्कले आफू कम्युनिस्ट भए पनि तिनले समुदायगत विचारको प्रतिनिधित्व गरेको प्रस्ट हुन्छ। जातीय मुद्दालाई संवोधन गर्ने सन्दर्भमा नेपालका कम्युनिस्ट पाटीहरूमा देखिएको अन्योलता र विरोधाभास कारण हिन्दु दर्शनको हो। जातीय समस्या देख्ने चेतनालाई विभिन्न चरणहरूमा उनीहरू जन्मेको र हुर्केको समाजले बन्धक बनाउँदै आएको छ।

[६८] गौतमकासँग प्युठानको जुम्रिस्थित निजको पसलमा २०७३ चैत ८ गतेको कुराकानीमा व्यक्त विचार।

## ८.५ जातीय, धार्मिक र सांस्कृतिक जगमा वर्ग

नेपालमा लामो कालखण्ड जातीय तथा धार्मिक संरचनामा आधारित सामन्ती राज्य व्यवस्था कायम रह्यो। २००७ सालपूर्व राणा र २०४६ पूर्व शाह जातले नेतृत्व गरेको प्रत्यक्ष सामन्ती शासन थियो । त्यसका राजनीतिक तथा धार्मिक सल्लाहकारहरू ब्राह्मण समुदायका थिए। जसका कारण यो समुदाय तत्कालीन राज्यको कार्यकारी समुदाय नभए पनि राज्यद्वारा संरक्षित र सम्मानित समुदाय थिए। राज्यको नीतिमा व्यवस्था नभए पनि जातीय समावेशीसम्म देखाउन खस-आर्य शासकहरूले व्यक्तिगत तजबिजमा भने आदिवासी जनजाति, मधेसी, दलितलगायतका केही व्यक्तिलाई प्रतिनिधित्व गराउने गर्दथे। जातीय समानताको बहस राणाकालदेखि नै उठे पनि जातीय समावेशी तथा समानुपातिक प्रतिनिधित्वका आधारमा पहिचानको बहस २०४७ सालको बहुदलीय व्यवस्थाको उदयपछि सतहमा आयो । जनआन्दोलन २०६२/६३ पछि नेपालको राजनीतिक तथा प्राज्ञिक बहसमा यस मुद्दाले ठूलो आकार ग्रहण गऱ्यो।

इतिहासकार महेशचन्द्र रेग्मी र राजनीतिशास्त्री कृष्ण हाछेथुले हजारौँ वर्षदेखि चलेको हिन्दुकरण र संस्कृतिकरणको प्रभावमा बनाइएको हिन्दु वर्णाश्रमअनुरूपको नेपाली समाज हिन्दु जातीय तथा धार्मिक कट्टरताको जातीय आधारमा विभेदका शृङ्खलाहरू प्रशस्त भएको उल्लेख गरेका छन् (Regmi, 1999,pp. 122-123; हाछेथु, २०६८,पृ. ७६) । नेपाली समाजमा वर्ण र वर्ग समानान्तर रहेको छ, समाजमा वर्ग विभिन्न आधारहरूमा निर्माण र विघटन पनि हुन्छ, आर्थिक विषमताको अतिरिक्त पेसा, भाषा, सम्प्रदाय, नश्ल, जाति, धर्मका आधारमा पनि वर्ग बन्दछ र विलय पनि हुँदै जाने बताएका छन् ( राना, २०६५,पृ. ९३)। हिन्दु सामन्तवादी समाजमा कुनै जातीय समूह वा जात समूह खास वर्ग बन्न पुग्दछ वा सामन्तवादी राज्य संरचनाले तिनलाई ढाल्दछ। त्यसैले आधुनिक नेपालका सत्तासीन बनेका हिन्दु उच्च जातीय अहङ्कारवादमा आधारित हिन्दु सामन्ती राज्यसत्ताले ब्राह्मण र क्षेत्री जातलाई सामन्त वर्गका रूपमा सङ्गठित गऱ्यो । नेपालको वर्ण व्यवस्था नै वर्गीय व्यवस्थाको आधार हो (आहूति, २०६७,पृ. ७४)। देव गुरुङका अनुसार “वर्ग र जाति फरक भए पनि नेपालको एउटा सन्दर्भमा जाति नै वर्ग बनेको छ। अर्थात्, जातीय उत्पीडन नै वर्गीय उत्पीडन हो” (देवप्रसाद गुरुङ, २०७३ साउन १९ गते, अनुसूची ४)। आहूति र देव गुरुङका अनुसार नेपाली समाजको जातीय असमानता नै वर्गको आधार हो भन्ने निश्कर्षमा पुग्दछ। अरुण बरालले पनि हिन्दु धर्मका आधारमा विशेषाधिकार पाएका जातिहरू यो समाजको एक विशिष्ट वर्ग मानेका छन्, उनी लेख्छन्, “बाहुन एउटा विशिष्ट र विशेषाधिकार सम्पन्न वर्गको नाम हो। जो गरिब वा हरिकङ्गाल भएर पनि भाग्यवादको सहयोगमा शोषकको श्रेणीमा पर्न जान्छ । यसर्थ नेपाली समाजको वर्ग विश्लेषण गर्दा बाहुनको सामाजिक विशेषाधिकारलाई पनि ध्यान दिनु आवश्यक छ” (बराल, २०६७क,पृ. ६१)। “जातका माध्यमबाट कुनै समूहको आय र जीविकाको स्रोत, सामाजिक उत्पादनका साधनमा पहुँच र नियन्त्रण तथा उत्पादनका सम्बन्धहरूको स्वरूपमा पनि असर पाऱ्यो” (शर्मा, २०६९,पृ. २८, ३२)। सरिता तिवारीले नेपाली समाजको वर्ग चरित्र आर्थिक उत्पादनको

सम्बन्धले मात्र निर्धारण गरेको छैन, जात विभाजनका आधारका रूपमा वर्णव्यवस्था र उत्पादन सम्बन्ध दुवै अन्तरमिश्रित भएकाले यहाँको जातीय असमानता नै वर्ग निर्माणको कारण भएको बुझ्ने थिए ( तिवारी, २०७६,पृ. ११) । तर खिमलाल देवकोटाले "जातको कारण वर्गको निर्माण भएको होइन, त्यसो भएको भए उत्पीडित जातिहरु मात्र कम्युनिस्ट हुनु पर्ने तर यहाँका उच्च जातिहरू पनि छन्" (खिमलाल देवकोटा, २०७३ श्रावण १७ गते, अनुसूची ४) । देवकोटाले भने झैं कम्युनिस्ट पार्टीका नेतृत्व प्राय उच्च जातका छन् र आर्थिक दृष्टिले सम्पन्न पनि छन् । एमालेका नेता प्रदीप ज्ञवाली अनुसार सरकारी कामकाजको भाषा नेपाली हुनुको कारणले निजामती, न्याय सेवामा खस-आर्यहरूलाई फाइदा भएको साँचो हो । हिजोको राज्य व्यवस्था जातीय आधारमा भन्दा पनि सामन्ती राज्य व्यवस्थाको कारण थियो, दशरथ चन्द, सरोज कोइराला, रामनाथ दाहाल, यज्ञकुमार थापालगायत सहिदहरू खस-आर्य नै थिए । यदि जातीय राज्य भएको भए खस-आर्यलाई नमार्नुपर्ने हो, हिजोको निरङ्कुशताविरुद्ध गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपालमाथि राजा ज्ञानेन्द्रले दमन गरे तर गोरेबहादुर खपाङ्गीहरूलाई मन्त्री बनाए (प्रदीप ज्ञवाली, २०७३ साउन २६ गते, अनुसूची ४) ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले नेपालको यो अवस्था जातका कारणले नभएर राजनीतिका कारण भएको र नेपालको सांस्कृतिक दासता सबभन्दा खतरानाक रहेको बताउँदै पुँजीवादीहरूले जात र धर्मको कुरा गरेर हामीलाई विभाजन गर्ने गरेको बताएका छन् (नारायणमान बिजुक्छे, २०७३ भदौ १२ गते, अनुसूची ४) । बिजुक्छेले पहिचान गरेको सांस्कृतिक दासता वर्गीय नभएर धार्मिक तथा जातीय दर्शनसँग जोडिएको मुद्दालाई पद्मलाल विश्वकर्माले थप प्रष्ट पार्दै लेखेका छन्, "यहाँको पुँजीवाद दलाल पुँजीवाद मात्र नभई वर्णश्रमी पुँजीवाद पनि हो" (विश्वकर्मा, २०६०,पृ. ५) । कम्युनिस्ट पार्टी वर्गीय दर्शनमा आधारित भएकोले उसको मुल प्रश्न वर्गीय समानता नै हो, तर वर्गीय समस्या समाधान गर्ने सन्दर्भमा नेपाली समाजमा कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ता र नागरिकको बीचमा वर्गीय पर्खाल अग्लिँदै छ, जसबारे राजनीतिशास्त्री पुरुषोत्तम दाहाल *साम्यवाद* पुस्तकको भूमिकामा लेख्छन् : "कम्युनिस्टहरू सर्वहारा हुन्छन् भन्ने दर्शन हो तर एमालेका नेताहरू लाखौं अर्बौं सम्पत्ति छन् । राजधानीमा ठुला ठुला बङ्गला र कारहरू छन् तर उनीहरूलाई सर्वहाराको नेता भन्न छाड्दैनन्" (राना, २०६५) । दाहालले उल्लेख गरेको कुरामा सत्यता छ किनकि वर्तमान नेपाल कम्युनिस्ट पार्टीभित्रका नेताहरू सम्भ्रान्त वर्गमा रुपान्तरण भएको कुरा धेरै तथ्यहरुले पुष्टि गरिसकेको छ । नेपाली राज्यले जातीय विशेषताको आधारमा गरेको विभेदकै कारण असमान वर्गहरुको निर्माण भएका छन् ।

नेपाली राजनीतिमा जातीय, धार्मिक तथा सांस्कृतिक पक्ष धेरै बलशाली रहेको विभिन्न अध्ययन तथा घटनाहरूले देखाउने गरेको छ । नेपाली समाजको असमानताका कारण वर्ग हो भने पनि अध्ययनहरूले नेपाली समाजमा जुन समुदायको भाषा, संस्कृति, धर्मलाई राज्यले संरक्षण गर्‍यो त्यही समुदाय नै वर्गीय हिसाबले पनि सम्पन्न रह्यो । वर्गीय समाजको निर्माण सामाजिक-सांस्कृतिक

संरचनाबाटै निर्माण हुने भएकाले जातीय र धार्मिक पक्षलाई वर्गीय मुद्दाबाट अलग गर्न सकिँदैन। मुक्ता सिंह तामाङका अनुसार गरिबी नेपाली सन्दर्भमा हेर्दा बाहुन क्षेत्रीका लागि यो स्पष्ट रूपमा वर्गीय समस्या हो भने आदिवासी जनजाति, दलित, मधेसी र अन्य अल्पसङ्ख्यकहरूका लागि उनीहरूको गरिबी जातीय पहिचानका आधारमा गरिने विभेदको उपज पनि हो। नेपाली समाज धार्मिक र सामाजिक असमानताले ठुलो आर्थिक विभेद छ (आचार्य, २०६३ख,पृ. १७३)। जातीय आधारमा परम्परागत पेशामा मात्र होइन, आधुनिक पेशा अगाल्दापनि जातीय विभेदको कारणले आर्थिक असमानता कायम नै रहन्छ। नेपाली समाजमा समुदायगत दृष्टिले पहुँच र प्रतिनिधित्वमा मात्र होईन आर्थिक दृष्टिले पनि खस-आर्य पहिलो, आदिवासी जनजाति दोस्रो र दलितहरू तेस्रो तहमा छन्। उदाहरणका लागि कुनै दुर्गम गाउँमा दलित, जनजाति र ब्राह्मण तीनजनाले एकै ठाउँमा होटेल व्यवसाय गरे सबैभन्दा बढी ब्राह्मण, त्यसपछि जनजाति र सबैभन्दा कम दलितको होटेल चल्नेछ। यसले प्रस्ट गर्दछ कि सामाजिक तहीकरणले वर्ग निर्माणमा टेवा पुऱ्याएको छ।

"आजको गरिबी र असमानतालाई विगतको बाँधा, श्रम र दासताजस्ता ऐतिहासिक तथ्यलाई पनि भुल्नुहुँदैन" (तामाङ, २०६९,पृ. ९७)। पक्कै पनि हिजोको दासता, बाधा, कमलरी लगायतका प्रथाहरू जातकै आधारमा निर्धारण गरिएका थिए। जस्तैः तामाङलाई पिपा, थारूलाई कमलरी, दलितलाई बाँधा, हलिया आदि यसका ज्वलन्त उदाहरणहरू हुन्। देश बहुजातीय छ तर राज्य एक जातीय सामन्ती शासकको नियन्त्रणमा भएकोले जातीय समस्या उत्पन्न भएको हो। जस्तो एउटा "जजमान गर्ने पण्डित र विदेशमा भर्ती भएको जनजातिमध्ये कसलाई शोसक भन्ने ? पक्कै पनि जजमान गर्ने ब्राह्मण हुन नै शोसक हो किनकि उसले विभिन्न बहानामा शोसण गरिरहेको हुन्छ त्यसैले जात पनि वर्ग नै हो" (अरुण बराल, २०७३ श्रावण २२, अनुसूची ४)। नेपाली काङ्ग्रेसका नेता प्रदीप गिरीका अनुसार "नेपालमा जातीय प्रथा रहँदासम्म कुनै पनि समाजले सम्पन्नता, सभ्यता र समानताको कल्पना गर्न सकिँदैन, प्रत्येक समाजमा वर्ग र वर्ण आपसमा जेलिएका छन्। भारतीय उपमहाद्वीपमा वर्ण नै जातिमा स्थापित भयो, यो नै हाम्रो समाजको अभिशाप भयो। प्रत्येक वर्णले वर्ग हुने र वर्गले वर्ण हुने महत्वाकाङ्क्षा राख्दछ, वर्ग र वर्णको द्वन्द्वात्मक सम्बन्ध छ।" आहूतिको विचारमा सुरुका चार वर्ण मूलतः वर्ग नै थिए, जातहरू पनि विभिन्न वर्गभित्रका पेसागत समूह नै हुन्। हिन्दु तथा हिन्दु शासित समाजका वर्गहरूको निर्माणमा मुख्य भूमिका जात व्यवस्थाले खेलेको हुनाले यहाँको वर्ग सङ्घर्षको एउटा मुख्य पक्ष जात व्यवस्था विरोधी हुनुपर्दछ। जात व्यवस्था भएको समाजको सबैभन्दा पिँधको सर्वहारा वर्ग भनेको दलित हो (आहूति, २०७७,पृ. १२४-१२५)। आहूतिले विश्लेषण गरे झैँ नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहले "शासक जातिहरूले जसलाई राष्ट्रिय संस्कृति भन्दछन्, त्यो वास्तवमा भ्रम र धोका मात्र हो। वास्तवमा उनीहरूले आफ्नो प्रतिक्रियावादी स्वार्थहरूलाई बल पुऱ्याउने र उनीहरूको स्वार्थको प्रतिनिधित्व गर्ने संस्कृतिलाई नै राष्ट्रिय संस्कृति बताउँछन् (सिंह, २०७१,पृ. १९)। शासक जातिले वर्ण व्यवस्था सहितको

संस्कृतिलाइ नै राष्ट्रिय संस्कृति बनाइ संरक्षण गरे । मानवशास्त्री ओम गुरुङका अनुसार तत्कालीन समयमा नयाँ उपायहरू खोज्नु भनेको हिन्दु संस्कृतिको विशेषताहरू अँगाल्नु थियो, फलस्वरूप जनजातिहरूले पनि उच्च हिन्दु जातिका संस्कार तथा जीवनपद्धति अँगाली आफूलाई आफ्नै नजिकका अन्य समुदायहरूभन्दा फरक देखाउने प्रवृत्ति विकास भयो (गुरुङ, २०६२,पृ. ३६६-३६७) । यसले आदिवासी जनजातिहरूलाइ उपल्लो वर्गमा विकास भएको भान भयो । माथिका यी बहसहरूले नेपाली समाजमा वर्गको सम्बन्ध वर्णसँग जोडिएको र वर्णले नै वर्ग निर्माण गरेको प्रस्ट हुन्छ । अन्य मुलुकमा आर्थिक, रङ, धर्म, भाषा आदिको कारणहरूले विभेद रहेका छन तर नेपाल र भारतमा यी बाहेक विशिष्ट र मौलिक रुपमा जातजातिका आधारमा पनि विभेद रहेको छ । जसको असर गरिवीसँग जोडिएको छ, अर्थात् नेपाली समाजमा जात विशेषका आधारमा र सम्बन्धका आधारमा धेरै सहजता र जटिलताहरूको वातावरण बन्ने गर्दछ । नेपालमा समुदायगत गरिबी समग्रमा जातीय आधारमा भएका नीतिगत असमानताका परिणाम हुन् । भूमिमाथिको अधिकार जातीय आधारमा कायम गरिएको थियो, जस्तैः ब्राह्मणले राम्रा र उत्पादनशील जग्गा बिर्ता, गुठी पाउने, आदिवासी जनजाति रेखापाखामा आश्रित हुने र दलितहरू जमिनविहीन सुकुम्बासी बन्नुपर्ने यथार्थता अध्ययनहरूले देखाएको छ । यसले नेपाली समाजमा भएको आर्थिक असमानता मध्ये भूमिको वितरण पनि एक हो भन्ने छर्लङ्ग हुन्छ । जातीय असमानता सामाजिक मर्यादा र जातीय मामला जस्तो देखिए पनि सारमा यसको असर आर्थिक, राजनीतिक, प्रशासनिक तथा मानवीय मूल्य मान्यताका विभिन्न पक्षसँग जोडिएको छ ।

डोरबहादुर विष्टले नेपाली राज्यको वर्तमान संरचनाको निर्माणका लागि भारतबाट आएका राजपूतहरूका कुटिल हिन्दु धार्मिक राजनीति नै मूल कारण बताएका छन् । हिन्दु संस्कारले मेहनत र परिश्रमभन्दा पनि भाग्यमा विश्वास गर्ने भएकाले नेपाली समाज पछि परेको उल्लेख गरेका छन् (Bista, 2008) । समाजशास्त्री म्याक्स वेबरले प्रोस्टेन्ट धर्मालम्बीभित्रका काल्भिनिस्टहरू धेरै मेहनेती भएकोले उनीहरू आर्थिक रुपले सम्पन्न भए र उनीहरूको धार्मिक मान्यता (Religious Ethics) अनुसार धेरै काम गरे आर्थिक उपार्जन गर्ने र भगवान खुशी भएपछि स्वर्ग जाने बाटो खुल्ने मान्यताले गर्दा पश्चिममा पुँजीवादले विकास गरेको तर्क गरेका छन्, त्यसै गरी अर्कोतर्फ उनले क्याथोलिकहरूको प्रार्थना गरेर भगवान खुशी पार्ने धार्मिक मान्यता रहेकोले क्याथोलिकहरूको वर्चस्व रहँदासम्म पश्चिममा पनि पुँजीवादको विकास हुन नसकेको उल्लेख गरेका छन् (Weber, 2019) । हिन्दु समाज कानुनले होइन, धर्मशास्त्रले चलेको हुन्छ, जातिवाद र भाग्यवादको स्रोत ब्राह्मणवाद हो । "बाहुनवादी दर्शनले जगत्भन्दा भिन्दै अर्कै ईश्वरीय स्वर्गको कोरा कल्पना गर्न सिकाउँछ, बाहुनवादभित्र कथित आदर्शवाद र उपभोक्तावाद देखिन्छ, चाकरी बाहुनवादको अर्को विशेषता हो । बाहुनबाद आफैमा शोषक, सामन्ती र उत्पीडक समाज-व्यवस्था भएकोले स्वाधिनता र विकास बाहुनवादभित्र सम्भव छैन (बराल, २०६७क,पृ. १७६; श्रेष्ठ, २०६८ख,पृ. १६२) । विष्ट, वेबर, बराल र श्रेष्ठका अनुसार धर्मको नाममा पुजा पाठ मात्र गर्ने र

परिश्रम नगर्ने परम्परागत कट्टर धार्मिक मान्यताका कारण नेपाली समाजमा जातीय विभेद र गरिबीले निरन्तरता पाएको बुझिन्छ । राज्य सञ्चालनका विभिन्न प्रक्रियाहरूमा संस्कृति कतिसम्म जब्बर र निर्णायक हुन्छ भन्ने कुरा हन्टिङटनले उल्लेख गरेअनुसार सन् १९६० मा समान आर्थिक हैसियत भएका घाना र दक्षिण कोरिया ३० वर्षपछि सन् १९९० मा दक्षिण कोरिया विश्वको आर्थिक हिसाबले समपन्न १४औं औद्योगिक मुलुक भयो भने घानाको खास परिवर्तन आएन। यो परिवर्तनका पछाडि धेरै कारणमध्ये सांस्कृतिक पक्ष प्रमुख हो। दक्षिण कोरियनहरूको आर्थिक मूल्य मान्यता, लगानी, कडा परिश्रम, शिक्षा, सङ्गठन, अनुशासन हो। घानासँग फरक सांस्कृतिक मूल्य-मान्यताहरू थिए (Huntington, 2000,p. XIII) । घाना र दक्षिण कोरियाको आर्थिक समृद्धि र गरिबी संस्कृतिसँगै जोडिएजस्तै नेपालको गरिबी पनि शासक समुदायहरूको संस्कृतिसँग जोडिएको छ। समाजलाई डोऱ्याउन समुदायगत संस्कृतिले कतिसम्म भूमिका रहन्छ भन्ने सन्दर्भमा नन्दबहादुर सिंहका अनुसार, "पूर्वी एसीयाका मङ्गोल समाज ठाडो (Vertical) छ उनीहरू माथिबाट तल सञ्चालित हुन्छन। तर दक्षिण एसयिाका खस-आर्य समाज तेर्सो (Horizontal) छ जहाँ काम होइन तर्क र भ्रष्टाचार गर्दछन्। यदि विद्युत प्राधिकरणको कार्यकारीमा गाउँको जनजातिको छोरा कुलमान घिसिङ नभएर क्षेत्री, ठकुरी वा ब्राह्मण आएको भए आफ्नो परम्परामा रहेर भ्रष्टाचार गर्दथ्यो र लोडसेडिङ हट्ने थिएन, नेपालको मूल समस्या भ्रष्टाचार हो।"[६९] अमर्त्य सेनका अनुसार आर्थिक दृष्टिले सम्पन्नताले राजनीतिमा प्रतिनिधित्व बढ्ने उल्लेख गरेका छन्। उनका अनुसार "राजनीतिक स्वतन्त्रता र सहभागिता धेरै नै महत्वपूर्ण हुन्छ, यसको प्रमाणस्वरूप विभिन्न एसियाली मुलुकहरूको अवस्थालाई लिन सकिन्छ। आर्थिक रूपले सफल हुँदै गएका विभिन्न पूर्वी तथा दक्षिणपूर्वी एसीयाली देशहरूमा राजनीतिक समावेशी बढ्दो छ" (Sen, 2007,p. 29) । तर नेपाली समाजमा गरिबीकै विषयमा राज्यले नै प्रकाशित गरेको तथ्याङ्कलाई हेर्ने हो भने गरिब र धनी व्यक्ति विशेषमा नभई जाति विशेषमा आधारित रहेको स्पष्ट संकेत मिल्छ। तालिका ८.२ मा नेपाल मानव विकास प्रतिवेदन, सन् १९९८ ले सबैभन्दा गरिब दलितलाई देखाएको छ ।

नेपाली समाजमा परम्रागत कम्युनिस्टले भनेझै आर्थिक समृद्धि र भौतिक पूर्वाधारको सम्पन्नताले सबै समस्याको हल हुन सक्तैन । अध्येता रमेश सुनामले मानवशास्त्रीहरु सुरेश ढकाल र सञ्जीव पोखरेललाई उद्धृत गर्दै नेपालमा चलेको आर्थिक विकास र पूर्वाधार विकास केन्द्रित समृद्धिको बहसले सामाजिक न्याय, समातामूलक समाज, राजनीतिक अधिकार र लोकतान्त्रिक विधिलाई अवमूल्यन गर्छ, आर्थिक वृढिदर र भौतिक पूर्वाधारलाई नै समाजको लक्ष्यको रुपमा चित्रित गर्छ। यस्तो समृद्धिको मोडेलले अवश्यम्भावि परिणाम....कालान्तरमा हुने र नहुनेबीचको खाडल झन फराकिलो पार्ने छ जुन द्धन्द्धको स्थायी कारण बन्ने छ (सुनाम, २०७४,पृ. ५२) । ढकाल र पोखरेलको यो भनाइले प्रस्ट गर्दछ

---

[६९] सगरमाथा टेलिभिजनको एसटिभि च्याट कार्यक्रम सञ्चालक जिवराम भण्डारीले ३१ मे २०१७ मा लिएको अन्तरवार्ता सिंहले दिएको अभिव्यक्ति। २०७६ बैसाख ३० गते youtube मा हेरिएको।

कि समृद्धि र पूर्वाधार विकासजस्ता विकासे बहसले विभेद, असमानता तथा जात व्यवस्थाद्वारा सृजित समस्यालाई अवमूल्यन गर्ने काम गरेको छ। जसको जगमा वर्गीय असमानताको पर्खाल अग्लिँदै जाने र वर्गीय तथा सामाजिक तनावहरू उत्पन्न हुने गर्दछ।

### ८.६ जातीय अन्तर्विरोध प्रधान अन्तर्विरोध

नागरिकको वर्गीय र जातीय पहिचानमध्ये वर्गीय पहिचान जातीय पहिचानभन्दा कान्छो हो। आदिम साम्यवादको जङ्गली युगमा एक जातीय समूह र अर्को समूहबीचमा द्वन्द्व हुन्थ्यो तर वर्गीय विभेद भने थिएन। आर्थिक हैसियत र सामाजिक हैसियत फरक फरक प्रतिष्ठाहरू हुन्। एउटा व्यक्ति जन्मँदा गरिब भए पनि ऊ अफ्नो मेहनत र परिश्रमले जीवनकालमा आर्थिक रूपले सम्पन्न पनि बन्न सक्छ, तर एउटा जाति विशेषको वंशमा जन्मेको व्यक्ति जन्मदेखि मृत्युसम्म जातीय हिसाबले अर्को समुदाय हुन सक्तैन। वर्गीय उत्पीडनको कारणले सांस्कृतिक विभेदको सामना गर्नुपर्दैन, तर जातीय उत्पीडनको कारणले वर्गीय पर्खालहरू निर्माण भएको नेपाली समाजको वास्तविकता हो। नेपाली समाजको प्रधान अन्तर्विरोधको सन्दर्भमा मार्क्सवादीहरू वर्गीय अन्तर्विरोधलाई प्रधान अन्तर्विरोध र पहिचानवादीहरू नेपाल बहुजातीय मुलुक भएकोले जातीय अन्तर्विरोधलाई प्रधान अन्तर्विरोध मान्दछन्। यस सन्दर्भमा विद्वान्हरू र राजनीतिकर्मीहरूको विचमा समेत फरक-फरक मतहरू रहेका छन्। मूलतः वर्गीय उत्पीडन र जातीय उत्पीडनलाइ दुई फरक धारबाट विश्लेषण गर्नेहरूको जमात ठूलो छ, तर वर्गीय र जातीय अन्तर्विरोधमध्ये कुन प्रमुख भन्ने बिषयमा अन्योलता छन्।

बेदुराम भुसालका अनुसार "जातीय वा वर्गीय लडाइँमा विजयी हुने जाति वा वर्गको स्वार्थरक्षा गर्ने र पराजित जाति वा वर्गलाई नियन्त्रण गर्ने शक्तिका रूपमा राज्यसत्ताको उदय हुन पुग्दछ" (भुसाल, २०६७:,पृ. ७४)। भुसालले भने झैँ इतिहासमा आदिवासी जनजातिलाई पराजित गरेर नेपाली राज्यसत्ताको उदय भएकोले जातीय अन्तर्विरोध सृजना भएको उल्लेख गरेका छन्। कमल छाराहाङका अनुसार "नेपालमा ब्राह्माणबादी विचारको वर्चस्वले आदिवासी जनजातिहरू कम्युनिस्ट पार्टीमा आकर्षित भए पनि नेपालका कम्युनिस्टहरू प्रधान अन्तर्विरोधको पहिचान गर्न असफल भएको बताउँदै जातीय अन्तर्विरोध भएको समाजमा बर्गीय अन्तर्विरोध गौण हुने तर्क गर्दछन्।"[७०]

नेपालको राजनीतिमा जातीय राजनीतिलाई प्रभावकारी रूपमा मूलधारमा प्रवेश गराउने गोरेबहादुर खपाङ्गी अनुसार "नेपालजस्तो बहुजातीय मुलुकमा वर्गीय समस्या गौण र जातीय समस्या प्रमुख भएको छ। नेपालमा जातीय विभेद तथा छुवाछुतको अवस्था ब्राह्मणवादी दशर्नबाट सिर्जित भएकोले नेपालका मूलधारका राजनीतिक पार्टीहरूले राजनीतिको नाममा जातीय राजनीति गरेका छन्" (खपाङ्गी, २०७३,पृ.

[७०] सङ्घीय लिम्बुवान पार्टीका नेता कमल छाराहाङसँग २०७३ भदौ २८ गते गरिएको फोनवार्तामा आधारित।

१५, २८) । खपाङ्गीले नेपालको राजनीतिलाई जातीय राजनीति हो भन्नुको अर्थ नेपाली राजनीति जातप्रधान हो भन्ने बुझ्झाँउछ । डम्बरध्वज चेम्जोङले आफ्नो विद्यावारिधि शोत्रपत्रमा नेपाली राजनीति वर्गीय विशेषतामा आधारित नभई जातीय विशेषतामा आधारित भएको र बाहिर लोकतान्त्रिक जस्तो देखिए पनि उनीहरू जातिवादी छन्, र यसको मूल कारण नेपाली राज्य र सत्ताधारी राजनीतिक दलहरू भएको उल्लेख गरेका छन् (Chemjong, 2017,p. 246)।

अरुलाई जातिवादी देख्ने तर आफूले जातिवादी गतिविधि गर्ने, पहिचानको मुद्दालाई जातीय सङ्किर्णताको मुद्दा ठान्ने र जातीय कुराले जातीय सदभाव खल्बलाउने तथा देश टुक्रिने जस्ता कडा आपत्ति राख्दै आएका नेकपाका अध्यक्ष तथा ततकालनि प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले २०७६ भदौ २३ गते शनिबार प्रधानमन्त्री निवास बालुवाटारमा ओली वंशको साधारण सभाको आयोजना गरी राज्यको कोषबाट दिवा भोज समेत गरे (https://www.setopati.com २०७६ भदौ २२ गते) । शर्मा ओलीको यो गतिविधिले जातीय उत्पीडनमा परेका समुदायलाई जातिवादी देख्ने तर स्वयम्ले जातीय पहिचानमा आधारित गतिविधि गर्ने र गराउनेमा सामेल भएको देखिन्छ । दलीय राजनीतिक दृष्टिकोणले विपरीत सम्बन्ध रहे पनि सामाजिक बहिष्करणको सवालमा भने लिम्बुवान पार्टीका नेता वीर नेम्वाङ र एमाले नेता पृथ्वीसुव्वा गुरुङको समान धारणा रहेको छ, "उच्च जातिहरूले उत्पीडनको मलजल गर्दा, अन्य जातिलाई दमन गर्दा वा मनोवैज्ञानिक हिसाबले दबाब दिँदा जातिवादी नहुने तर उत्पीडितले जातीय समानताको आवाज उठाउदा जातिवादी, साम्प्रदायिक, विखण्डनकारी देख्नु उनीहरूको जातिवादी मानसिकताको उपज हो" (वीर नेम्वाङ, २०७३ भदौ २८ गते, अनुसूची ४) । कम्युनिस्ट नेताहरूले पहिचानलाई जातिबादको रुपमा बुझ्ने र व्याख्या गर्दै आएका छन् । शङ्कर पोखरेलका अनुसार, "वर्गीय सत्ताको उत्पीडनको अन्त्य गर्ने सन्दर्भमा जातीय मुद्दा स्वाभाविक रूपमा लिन सकिन्छ, पछि परेको समुदायलाई उठाउने सन्दर्भमा जातीय मुद्दा सही छ तर जातिवाद र अतिवादको विपक्षमा कम्युनिस्ट रहन्छन्" (शङ्कर पोखरेल, २०७३ साउन १३ गते, अनुसूची ४)। पोखरेलले पहिचानको मुद्दालाई घुमाउरो भाषामा जातिवाद र अतिवाद भने पनि अरुण बरालले बाहुनवादले आफ्नो जातीय अधिकारको कुरा उठाउनेलाई साम्प्रदायिक भन्ने तर सबैभन्दा साम्प्रदायिक उनीहरू भएकोले जातिवादीको संस्कृति रोप्ने उनै बाहुनवाद र हिन्दु संस्कृति नै भएको उल्लेख गरेका छन् (बराल, २०६७क,पृ. १७६) । गोवर्द्धन राना पनि "नेपाली समाजको मुख्य अन्तर्विरोध हिन्दु दर्शन भएको दाबी गर्दै सबै उत्पीडन सहन सिकाउनु, सर्पले दुख दिए पनि नाग देवता भनेर पूजा गर्न सिकाउनु हिन्दु दर्शनको मान्यता्" भएको बताउँछन् ( गोवर्द्धन राना, २०७३ साउन १३ गते, अनुसूची ४) ।

माथिका बहसहरूले उत्पीडित समुदायहरू नै वर्गीय रूपमा पनि कमजोर भएको पुष्टि गर्दछ, तर आफूलाई मार्क्सवादी भन्नेहरूका तर्क अनुसार कुनै पनि उत्पीडित समुदायले सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने जिकिर गर्दै भवानी बराल भन्छन्ः "जातीय उत्पीडनको आन्दोलन मार्क्सवादीहरूले नै नेतृत्व गर्नु

पर्दछ, नत्र भने जातीय दङ्गामा परिणत हुने खतरा हुन्छ। जो आर्थिक रूपमा सम्पन्न छन्, उनीहरूलाई जातीय उत्पीडनको कुनै महसुस नै छैन, जातीय उत्पीडनको मुद्दा उठाउनेहरू प्रायः सर्वहारा वर्गका नागरिकहरू नै छन्" (भवानी बराल, २०७३ साउन १७ गते, अनुसूची ४)। अर्कोतर्फ जातीय पहिचानको मुद्दा अन्तिममा जातिवादमा फस्ने विश्लेषण गर्दै रामबहादुर बुढाले विश्वभरका वर्गीय शोषण र अन्याय अत्याचारको विरुद्ध मौन रहेर 'आदिवासीवाद' दर्शनको प्रतिपादनले समाजमा जातीय घृणा र द्वन्द्व फैलाउने र वर्गीय शोषणलाई कायम राखिरहन मद्दत गर्ने उनको राय रहेको छ (बुढा, २०७१,पृ. १६३)। बुढासँग मेल खाने विचार राख्दै पुष्पराज कँडेल भन्छन् "कम्युनिस्ट पार्टीले वर्गीय समानताको कुरा गर्दछ। मार्क्सवादी अर्थतन्त्रलाई आधार बनाएर समाधान खोज्नु सम्भव छ, तर जातजाति र भाषाभाषी नामको अन्तर्विरोध मार्क्सवादले व्यवस्थित तरिकाले हल गर्न सम्भव छैन" (पुष्पराज कँडेल, २०७३ साउन २५ गते, अनुसूची ४)। कँडेलको यो भनाइ कम्युनिस्ट पार्टीका जातीय नीति भन्दा उल्टो रहेको छ। सुशील पोखरेलका अनुसार "बाह्मणबादी चिन्तनको कारणले कम्युनिस्ट पार्टीका नेताहरूले जनजातिहरूको नारा दिए तर अवसर दिएनन।[७१]" इमानसिंह भारतीका अनुसार नेपालमा क्षेत्री-बाहुनहरूले उत्पीडन र शसक्तिकरण दुवै गरे तर जे बोलेका थिए त्यो गरेनन त्यसको परिणाम जातीय द्वन्द्वको बीजारोपण भयो।[७२]" चुमानसिंह वस्नेतका अनुसार "दलित र जनजातिहरूको विषयमा मिठो कुरा गर्ने तर व्यवहारमा बाहुन-क्षेत्रीहरूले आफ्नै जाति र आफ्नै क्षेत्रलाई हेर्ने र अवसर लिने गरेका छन।[७३]" पोखरेल, भारती र बस्नेतका अनुसार नेताहरूले आदिवासी जनजातिहरूलाइ उपयोगको नीति लिएको बुझिन्छ। "राज्यका सबै संरचनामा ब्राह्मणहरूको वर्चस्व भएकाले नेपाल बहुजातीय भएपनि ब्राह्मण देशभन्दा पनि अन्यथा हुदैन" (खड्गजित बराल, २०७३ भदौ ३ गते, अनुसूची ४)। राजनीतिशास्त्री महेन्द्र लावतीका अनुसार "नेपालमा वर्गीय द्वन्द्वले ठूलो अर्थ राख्दछ तर वर्गलाई जातीयकरण गरिएको छ। गरिबी पर्याप्त रूपमा जातजातीय वा समूहहरूमा आधारित छन्" (लावती, २०६३,पृ. ८५)। लावतीको विश्लेषण अनुसार नेपालका आदिवासी तथा दलित समुदायहरू नै धेरै गरिबीको मारमा छन् र आन्दोलनको ऊर्जाका रूपमा पनि तिनीहरू छन्, त्यसैले वर्गीय मुद्दालाई जातीयकरण गरिएको छ। प्रभाश्वर बलदीप चाम्लिङका अनुसार, नेपाली समाजमा आदिवासी जनजातिसँग भएको गरिबी यहाँका बाहुनसँग पनि छ तर बाहुनसँग भएको सत्ताको प्राधिकार आदिवासी जनजातिसँग छैन, त्यसैले गरिबीको साझा मुद्दाले जातीय असमानतालाई पुष्टि गर्दैन। वर्गीय मुक्तिको आधार भनेको जातीय मुक्ति हो त्यसैले जातीय समस्या प्रमुख हो (चाम्लिङ, २०७२,पृ. ३३-३४)।

[७१] पत्रकार महासङ्घका केन्द्रीय पार्षद पोखरेलसँग २०७३ चैत ८ गते लिएको अन्तर्वार्तामा व्यक्त विचार।

[७२] पत्रकार महासङ्घ, प्युठानका पूर्व अध्यक्ष भारतीसँग २०७३ चैत ७ गते रेडियोको कार्यालय खलङ्गामा अन्तर्वार्ताका क्रममा व्यक्त विचार।

[७३] राप्रपा प्युठानका अध्यक्ष बस्नेतसँग २०७३ चैत ८ गते प्युठान खलङ्गामा कुराकानीमा व्यक्त विचार।

वीर नेम्वाङका अनुसार नेपालका मूलधारका पार्टीहरूमा ब्राह्मणवादी चिन्तन भएकोले जातीय मुक्ति सम्भव छैन, धेरै आदिवासी जनजाति मन्त्री भएर पनि समस्या यथावत नै छ, र यसको मूल कारण जातीय अन्तर्विरोध हो (वीर नेम्वाङ, २०७३ भदौ २८ गते, अनुसूची ४) । धर्मप्रसाद श्रीसका अनुसार "नेपाल बहुजातीय मुलुक भएको र उनीहरूको समान विकास हुन नसक्नु नेपालको समस्या वर्गीयभन्दा पनि जातीय अन्तर्विरोध नै प्रमुख हो" (धर्मप्रसाद श्रीस, २०७३ चैत ४ गते, अनुसूची ४) । जनमुक्ति पार्टीका पूर्वअध्यक्ष तथा पूर्व मन्त्री एम. एस. थापाका अनुसार "नेपाली समाजको असमानताको कारण मार्क्सले दुई वर्गबीच द्वन्द्व हुन्छ भनेजस्तै नेपालमा पनि दुई जातीय समुदायबीच द्वन्द्व निश्चित छ । नेपालका कम्युनिस्ट ब्राह्मणहरूले दुई विपरीत तत्वहरूका बीचमा द्वन्द्व हुन्छ भन्ने पनि उनीहरू सामाजिक तथा राजनीतिक सत्तामा भएकाले जातीय उत्पीडन महसुस गर्न पाएनन् र वर्गीय उत्पीडन मात्र महसुस गरे । "जातीय अन्तर्विरोध नै नेपालको वास्तविक अन्तर्विरोध हो" (एम. एस. थापा, २०७३ साउन १३ गते, अनुसूची ४) । राष्ट्रिय जनमुक्ति पार्टीका नेता प्रदिप प्रभाकर चाम्लिङका अनुसार ब्राह्मण र मगर वा अन्य जनजातिहरूको बीचमा सामाजिक सम्बन्ध समान वा मित्रवत भए पनि राजनीतिक रुपमा ब्राह्मणवादी राजनीतिसँग द्वन्द्वात्मक मात्र नभएर शत्रुतापूर्ण छ।"[७४]

नेपाली समाजको अन्तर्विरोधको सन्दर्भमा धेरै मूल सूचनादाताहरूको विश्लेषणमा जातीय अन्तर्विरोध नै नेपालको प्रमुख अन्तर्विरोध भन्ने निष्कर्ष रहेको छ । उनीहरूका अनुसार, नेपाली राजनीतिको मुल स्रोत नै हिन्दु दर्शन भएकोले जातीय अस्तित्वको लडाइँमा वर्ग गौण र जातीय अन्तर्विरोध प्रमुख हुने भएकोले नेपालको समस्या वर्गीय नभएर वर्णभेद हो । जातीय दृष्टिले उत्पीडित जाति धनी-गरिब जे भए पनि उनीहरूको सामाजिक उत्पीडन एउटै हुन्छ त्यसैले नेपालको सन्दर्भमा जातीय अन्तर्विरोध नै प्रमुख हो भन्नेमा आदिवासी जनजाति महासङ्घका पूर्व अध्यक्ष बालकृष्ण माबुहाङ, सङ्घीय समाजवादी पार्टीका नेता अशोककुमार राई[७५], नेपाल मगर सङ्घ, केन्द्रीय अध्यक्ष नवीन रोकामगर, सङ्घीय लिम्वुवानका नेता कुमार लिङदेन, मङ्गोल नेसनल अर्गनाइजेसनका मुल सचिव थमन बुढामगर, आदिवासी जनजाति महासङ्घ पाल्पाका अध्यक्ष केहरसिंह रानामगर[७६] लगायत सवैको मत समान रहेको छ (अनुसूची ४) । जातीय अन्तर्विरोध प्रमुख हो भन्ने तथ्यको रुपमा राज्यबाट समुदायगत रुपमा जमिन प्राप्त गर्ने र खोसिने घटनाहरूलाई लिन सकिन्छ, अध्येता भोगिराज चाम्लिङका अनुसार

[७४] चाम्लीङ राई, २०७३ असोज २८ गोरेबहादुर खपाङ्गीको ४९ औ पुण्यतिथिको अवसरमा व्यक्त विचार ।

[७५] राईले २०७३ असोज २८ गते गोरेबहादुर खपाङ्गीको ४९औँ पुण्यतिथिका अवसरमा व्यक्त विचार ।

[७६] रानामगरसँग २०७३ चैत ३१ गते लिइएको अन्तर्वार्ता ।

"पूर्वका गाँउहरूमा ब्राह्मणहरूले राजाबाट बिर्ता पाए तर १९९९ सालमा राईहरूको किपट खोसियो त्यही कारणले २००७ सालको राणाविरोधी आन्दोलनमा राईहरू होमिए भने ब्राह्मणहरू समावेश भएनन।"[७७]

आदिवासी जनजाति समुदायहरू जातीय पहिचानको राजनीतिलाई वर्गीय राजनीतिले सम्बोधन गर्न नसक्ने जिकिर गर्दछन्। झकेन्द्र घर्तीमगरले पहिचानको राजनीति नेपाली समाजको बहुसांस्कृतिक चरित्रको भए पनि लामो समयदेखि एकल जातीय शासकीय संरचनाको उपज भएको निष्कर्ष निकाल्दै अहिलेको सन्दर्भमा जातीय अधिकारको मुद्दा वर्तमान विश्व परिवेशको अपरिहार्य आयाम भएको उल्लेख गर्दै नेपालको भावी राजनीतिमा मार्क्सवाद, बाहुनवाद र आदिवासीवादको ठूलो अन्तर्विरोध हुने उल्लेख गरेका छन् (Gharti Magar, 2015,p. 101)।

नेपाली समाजको अन्तर्विरोधलाई पहिचान गर्ने सन्दर्भमा दलित र मुस्लिम समुदायको दृष्टिकोण पनि आदिवासी जनजातिसँग समान रहेका छन् । पद्मलाल विश्वकर्माका अनुसार "हाम्रो मुलुकको परिप्रेक्ष्यमा श्रमजीवी दलित जनताको मुख्य शत्रु हिन्दुत्व हो भने दोस्रो आर्थिक नीति हो । नेपालको सन्दर्भमा श्रमजीवी वर्गका लागि पुँजीवाद र दलित वर्गका लागि ब्राह्मणवाद प्रमुख शत्रु हुन्" (विश्वकर्मा, २०६०,पृ. ६) । दलितमाथिको कारण कथित उच्च जातद्धारा सिर्जित समस्या भएकोले नेपालमा जातकै कारणले वर्ग निर्माण भएको भन्नेमा धेरै दलित नेता तथा अभियान्ताहरू सहमत छन् । नेकपा (एमाले) स्थायी कमिटी सदस्य छविलाल विश्वकर्मा,[७८] झगबहादुर विश्वकर्मा[७९] संयुक्त दलित अधिकार मञ्चका सचिव रणबहादुर रम्टेल[८०] ले सबै राजनीतिक पार्टीहरू वर्ण व्यवस्था र हिन्दु धर्मबाट निर्देशित भएकोमा सहमत छन् । एमालेका नेता मोहम्मद हलुवाईका अनुसार "मुस्लिम पछाडि पर्नुको कारण गरिबी होइन जातीय हो, समग्रमा नेपालको हिन्दु वर्ण व्यवस्था नै नेपालको बाधक हो।"[८१]

अध्येता निर्मलकुमार विश्वकर्माले दलित पहिचानको वर्गीकरणले मानव जातिलाई अपमान आफूहरूको दलित पहिचान मेटाउने अभियानमा लागेको बताउँछन् (निर्मलकुमार विश्वकर्मा, २०७३ कात्तिक ११ गते, अनुसूची ४) । नेपाली समाजमा भएको वर्ण व्यवस्थाका कारण दलित समुदायमा आफ्नो पहिचान मेटाउनु वा लुकाउनु बाध्यता हो। दलित पहिचान मेटाउनु समाधान होईन हिन्दु धर्मद्धारा निर्माण गरिएका मानवीय भेदभावकाका पक्षहरू हटाउन सके मात्र दलित स्वाभिमान बच्न सक्दछ । हिन्दु धर्मको जातीय विभेदको कारणले पहिचान मेटाउने मात्र होईन हिन्दु धर्म परिवर्तनको लहर पनि चलेको

---

[७७] चाम्लिङसँग २०७३ असोज १० गते लगनखेल ललितपुरमा गरेको कुराकानीमा आधारित।

[७८] विश्वकर्मासँग २०७३ माघ ८ गते लिएको अन्तर्वार्तामा व्यक्त विचार।

[७९] सरस्वती माविका शिक्षक विश्वकर्मासँग २०७३ फागुन १६ गते उनकै निवासमा गरेको कुराकानीमा व्यक्त विचार।

[८०] रम्तेलले मञ्चद्वारा २०७३ कात्तिक ११ गते आयोजित चियापान कार्यक्रममा व्यक्त विचार।

[८१] हलुवाईसँग २०७३ फागुन १६ गते उनकै निवासमा लिएको अन्तर्वार्तामा व्यक्त विचार।

पाइन्छ। जितबहादुर सुनारका अनुसार दलित क्रिस्चियन बन्नुको मुख्य कारण जातीय विभेद हो । "गाउँका ठुला जातले हामीसँग भन्दा कुकुरसँग राम्रो व्यवहार गर्दथे, प्रायले अझै त्यसै गर्दछन् । उपल्लो जातका पण्डितहरू दलितका लागि विवाह तथा मृत्युका कर्मकाण्ड अस्वीकार गर्दछन् । तर क्रिस्चियनमा भने त्यस्तो भेदभाव हुँदैन सबै समान छौँ" (प्याटिसन, २०७४,पृ. ३३) । अध्येता मित्र परियारका अनुसार, "अझै पनि दलित, जनजाति, मङ्गोलले खस-आर्य मूलका ब्राह्मणवादी नेताबाट मुक्तिको सपना देख्छन् भने त्यो अज्ञानी मात्र होइन महामूर्ख पनि हो ।"[८२] परियारको यो भनाईले पनि जातीय अन्तर्विरोधलाई प्रमुख रुपमा लिएको बुझिन्छ।

नेपाली समाजमा जातीय उचता र नीचताको मनोविज्ञान कतिसम्म जकडिएको छ भने दलितहरूमा मात्र होइन, आदिवासी जनजाति तथा सुदूरपश्चिमका मतवाला खसहरूमा समेत आफ्नो वास्तविक पहिचान लुकाएर ब्राह्मण, क्षेत्री र ठकुरीहरूको थर राखेको पाइन्छ, यस्ता धेरै उदाहरण छन् । प्रतिनिधि पात्रका रूपमा सुदूरपश्चिमका व्यासी समुदायमा पर्ने बोहोरा लगायत अन्य खसहरूले समेत आफूहरूलाई अपमान नहोस् भनेर राजपूत क्षेत्री, ठाकुर (ठकुरी) लेखेको र भनेको कुरा संविधानसभा सदस्य गोपालसिंह बोहोरा र दीपकबहादुर बुढाले उल्लेख गरेका छन् (रोकाया, २०६६,पृ. ७३, ७७) । पश्चिम नेपालका जनै नलाउने र मदिरा सेवन गर्ने खस-आर्यलाई आम रूपमा मतवाला खस भन्ने गरिन्थ्यो र अहिले यो शब्द धेरैले रुचाउँदैनन्, तर केही भने आफूलाई मतवाला खस नै भन्न रुचाउँछन् । वास्तविक पहिचान देखाउनु, लुकाउनु र परिवर्तन गर्नु व्यक्तिको रोजाइभन्दा पनि राज्यद्वारा निर्मित पहिचानको परिणाम हो, जसको कारण आज पनि असङ्ख्य नागरिकहरूले आफ्नो वास्तविकभन्दा फरक पहिचानले सामाजिक जीवन व्यतीत गरिरहेका छन् । यो सबैभन्दा धेरै दलित समुदायको सन्दर्भमा लागू भएको छ भने त्यसपछि आदिवासी जनजाति समुदायमा र खस-आर्य समुदायमा पनि कुनै स्वार्थ वा बाध्यताका कारणले थोरै मात्रामा यी घटनाहरू पाइन्छन्, यसको खास कारण हिन्दु धर्मद्धारा कायम गरिएको बर्ण व्यवस्थासँग जोडिएको छ। भारतीय विद्धान रजनीकान्त शास्त्रीका अनुसार ब्राह्मण र क्षत्रियका मन मनमस्तिकमा डेरा जमाएको उच्चताको भावना निकालेर फ्याँक्नु सहज काम होइन । अतः जाति भेदलाई ध्वंस गर्ने काममा ब्राह्मण र क्षत्रियको सहयोग हुने आशा गर्नु व्यर्थ छ (शास्त्री, २०६१,पृ. २५८-२५९) । शास्त्रीले भने झैँ यो कुरा धेरै हदसम्म असम्भव भएको कुरा केही दृष्टान्तहरूले पनि प्रमाणित गर्दछन् । जस्तै, २००४ सालको 'जयतु संस्कृतम्' विद्यार्थी आन्दोलनमा बाहुनले पनि दलितको हातबाट पानी खाए पनि अहिलेसम्म छुवाछुत विभेद कायमै रहेको छ । २०१० सालमा राजा महेन्द्रद्धारा मुलुकी ऐनको संशोधन गरिएको भएपनि व्यवहारिक रुपमा लागू हुन सकेन । २०४७ सालपछि राजनीतिक दलहरूले विभिन्न निर्वाचन घोषणापत्रहरूमा जातीय विभेदको अन्त्य गर्ने प्रतिबद्धता गरेपनि सरकार गठन गरेपछि व्यवहारमा

---

[८२] परियारसँग २०७९ असार १ गते शनिवार काठमाडौमा भएको भेटमा व्यक्त विचार।

देखाउन सकेनन् । २०५२ सालमा नेकपा माओवादीद्वारा सञ्चालित जनयुद्ध र विभिन्न कालखण्डमा विभिन्न राजनीतिक दलहरू तथा समूहहरूले सहभोज र अन्तरजातीय विवाहको घोषणा गरेर पनि निरन्तरता पाउन सकेन। २०६३ सालको अन्तरिम संविधान धेरै प्रगतिशिल भएर पनि व्यावहारिक रुपमा असफल गराइयो। २०६७ साल असार २८ गते अर्थमन्त्री सुरेन्द्र पाण्डेले सरकारको तर्फबाट प्रस्तुत गरेको बजेटमा अन्तरजातीय विवाहमा प्रोत्साहन भत्ताको कार्यक्रम खारेज गरिएको छ । २०७२ सालको संविधानमा जातीय भेदभाव गर्न नहुने व्यवस्था भएपनि यसको सिलसिला आज पनि कायमै छ।

नेपाली समाजमा जातीय र वर्गीय दुवै समस्या रहेका छन्, तर यी दुईमध्ये नेपालको सन्दर्भमा जातीय समस्या प्रधान रहेको देखिन्छ। तर पनि खस-आर्य र मूलतः ब्राह्मण राणाकालदेखि नै राजनीतिक सल्लाहकार, पुरोहितजस्ता महत्वपूर्ण राजनीतिक र धार्मिक-सांस्कृतिक भूमिका निर्वाह गर्दै आएको समुदाय हो । ब्राह्मणलाई मुलुकी ऐनले सबैभन्दा उच्च कोटीमा राख्दा पनि नेपालको निरङ्कुश व्यवस्थाविरुद्ध सबैभन्दा पहिले राजनीतिक पार्टीको निर्माण गर्ने समुदाय पनि हो। वर्तमानको खस-आर्य राजनीतिक चेतना सहितको महत्वाकाङ्क्षी समुदाय हो भन्ने कुरा यी राजनीतिक कदमहरूले पुष्टि गर्दछ। राजनीतिशास्त्री महेन्द्र लावतीका अनुसार नेपालमा मार्क्सवादीहरू सबै कुरा वर्गीय पक्ष मात्रै देख्छन् भने आदिवासी जनजातिहरू जातीय समस्या मात्रै देख्छन्। तर दुवै नेपालको वास्तविकता हुन्, त्यसैले जातीय विविधता भएको मुलुकमा सत्ता साझेदारी नै उत्तम उपाय हो (महेन्द्र लावती, २०७३ साउन २९ गते, अनुसूची ४)। साथै मुलुकको नीति निर्माता र कानुन कार्यान्वयनमा महत्वपूर्ण भूमिका रहेको खस-आर्य समुदायबाटै यसको पहलकदमी लिनु अनिवार्य देखिन्छ।

# अध्याय नौः

# सारांश र निष्कर्ष

## ९.१ सारांश

मानव जाति प्राकृतिक रूपमा स्वतन्त्र भए पनि राज्य र राजनीतिका विभिन्न संरचनाहरूले बनाएको सामाजिक असमानताको पर्खाल पनि आर्थिक असमानताको पर्खालभन्दा कम छैन। तर नेपाली सन्दर्भमा वर्गीय असमानताको जग सामाजिक असमानता हो, यो नेपालको वास्तविकता हो। नेपाली समाजको सामाजिक चरित्रजस्तै वर्गीय चरित्र पनि बहुआयामिक (राष्ट्रिय पुँजीपति, निम्न पुँजीपति, मध्यम, निम्न मध्यम, किसान, मजदुर, सुकुम्बासी आदि) रहेको छ। स्वतन्त्र विश्लेषकहरू अनुसार, एक वर्ण/जातका नेपालका मार्क्सवादीहरू सत्तामा हुँदा धर्मको पक्षमा र सडकमा हुँदा धर्मविरुद्ध मार्क्सको सूत्र प्रयोग गर्दछन्। एक जमानाका मार्क्सवादीहरू जति जति पुरानो राज्यसत्ता र शक्तिसँग सम्बन्ध बढाए, त्यति मात्रामा उनीहरूको वर्ग उत्थान भए। आज नेपालको श्रमिक-किसान वर्ग र सत्तासिन कम्युनिस्टहरूको औसत आर्थिक स्थितिले प्रस्ट गर्दछ। नेपाली समाजमा वर्गविहीनता असम्भवप्रायः बन्दै गएको छ, मार्क्सले कम्युनिस्ट पार्टीको घोषणापत्रमा निजी सम्पत्तिको अन्त्य भनेर घोषणा गरे पनि आज नेपालको कम्युनिस्टहरूको सन्दर्भमा असम्भवजस्तो नै देखिन्छ।

मार्क्सले १८औँ शताब्दीमा युरोपको एकल नश्लीय संरचनामा गरेको अनुभव मूलतः मजदुर वर्ग र आफ्नो गरिबीको प्रभाव थियो, माओले चीनमा साँस्कृतिक क्रान्ति मूलतः किसान र जनजातिको प्रभावमा सम्पन्न गरेका थिए भने, नेपालको कम्युनिस्ट पार्टीको उद्‌भव र यसको विकासको समिक्षा गर्दा युरोप, रुस र चीनको भन्दा मौलिक रहेको छ। अर्थात बहुजातीय मुलुकमा एकल जातीय नेतृत्व यसको मूल कारण धार्मिक-साँस्कृतिक पक्ष रहेको छ। मार्क्सवादको उदय र कम्युनिस्ट पार्टीले अवलम्वन गरेका नीतिहरूको समीक्षाले मार्क्सवादको सिद्धान्त विश्वव्यापीरुपमा एकरुपको नभएर विभिन्न देशको आ-आफ्नै सन्दर्भ अनुसार प्रयोग भएकोले नेपाली सन्दर्भमा नेपालकै मौलिकताको आधारमा प्रयोग नगरेकोले व्यवहारिक रुपमा असफल भएको हो।

नेपालका राजनीतिक पार्टीहरूमा भारत, चीन, अमेरिका र युरोपको प्रभाव परेझैं आदिवासी जनजातिहरूको पहिचानको आन्दोलन पनि छिमेकी मुलुकहरूको कुनै न कुनै सांस्कृतिक प्रभावबाट अछुतो छैन। राई, लिम्बूहरूमा पश्चिम बङ्गाल र सिक्किमको प्रभाव रहेको देखिन्छ, तराईका थारूलगायत अन्य समुदायमा भारतीय प्रभाव छ भने हिमाली जनजातिहरूमा तिब्बतको प्रभाव रहेको छ। तर, अन्य आदिवासी जनजातिको तुलनामा मगरको सांस्कृतिक तथा राजनीतिक पक्षहरू बढी मौलिक रहेको छ। कारण, यसको भौगोलिक तथा सांस्कृतिक-राजनीतिक संसर्ग नेपाली भूगोलभन्दा बाहिर छैन। यद्यपि मगर जाति मगरात क्षेत्रभन्दा बाहिर सबै भागमा छरिएको छ। मगर जातिमा भाषा र संस्कृतिको दृष्टिले

विविधता रहेको तर कतिपय सन्दर्भमा उपयुक्त संयोजन नहुँदा मगरको आन्दोलन र मुद्दा अन्य आदिवासी जनजातिको तुलनामा कमजोर देखिन्छ।

सर्वेक्षणले ८२ प्रतिशत उत्तरदाताहरूले मगरातको आवश्यकता व्यक्त गरेका छन् र त्यसको प्राप्तिका लागि शान्तिपूर्ण आन्दोलन गर्ने मत ५३ प्रतिशत रहेको छ। यसको अर्थ बहुसङ्ख्यक मगरहरू हिंसात्मक राजनीति गर्न तयार छैनन् भन्ने देखिन्छ। तर २२ प्रतिशत उत्तरदाताहरूले मगरले आफ्नै पार्टी स्थापना गर्ने भनेका छन् । विभिन्न राजनीतिक दलहरूमा अभ्यास गरिरहेका मगरले नेतृत्वबाट धोका पाएकाले मगरको आफ्नै नेतृत्वमा सबै मगर गोलबन्द हुन सक्ने सम्भावना भएकाले मगरात राष्ट्रिय पार्टी निर्माण सम्भव छ ।

पहिचानका केही परिवर्तनीय र केही स्थायी गुणहरू छन् भन्ने बहसलाई किनारा लगाएर होइन वा सन्दर्भ स्रोतका रूपमा मात्र होइन, मुद्दा उत्थानका कारणहरू र समाधानका उपायहरूको पहिचान गरी कार्यानवयनमा गए सामाजिक अन्तरद्वन्द्व हल गर्न सकिने सर्वेक्षणले देखाएको छ। एकल जातीय राज्य चलिरहेको मुलुकमा मगर जातिले पहिचानमा आधारित प्रदेशको आकाङ्क्षा गर्नु अस्वाभाविक मान्न सकिन्न। राज्य शक्ति, धार्मिक शक्ति र आर्थिक शक्तिका स्रोतहरूबाट लामो समयदेखि बहिष्करणमा परेको मगर जातिले राज्यमा आफ्नो पहिचान र प्रतिनिधित्वको खोजी गर्ने सिलसिलामामा अग्राधिकार सहितको मगरात प्रदेशका लागि माग र मुद्दा उठाएकोमा यसतर्फ राज्य र कम्युनिस्ट पार्टीहरू गम्भीर नबने राजनीतिक यात्रा जटिल उन्मुख हुन सक्ने भनाइलाई नकार्न सकिँदैन।

एमाले र माओवादी मात्र होइन, यहाँ क्रियाशील विभिन्न नामका कम्युनिस्ट पार्टीहरू सबैले आफूलाई किसान, मजदुर, उत्पीडित जाति, वर्ग र लिङ्गका प्रतिनिधित्व गर्ने दाबी गर्दछन्। नेपालको कम्युनिस्ट पार्टी स्थापनादेखि लिएको जातीय मामिलासम्बन्धी नीतिहरूले पनि उनीहरूको दाबीलाई पुष्टि गर्दछ । तर महाधिवेशनबाट निर्वाचित नेतृत्व तथा आम निर्वाचनहरूमा निर्वाचित विधायकहरूको सामाजिक तथा जातीय सन्तुलन र संरचना उनीहरूको नीतिविपरित छ। यसका अलावा सम्बन्धित नेपाली साहित्यहरू र केही राजनीतिज्ञ तथा प्राज्ञिकहरूको विचारलाई विश्लेषण गर्दा पनि नेकपाको नीति र नेतृत्वको तादात्म्य मिल्दैन। कम्युनिस्ट पार्टीको स्थापना वर्ष २००६ सालदेखि २०७५ सालसम्म आइपुग्दा सशस्त्र सङ्घर्ष, भूमिगत, अर्धभूमिगत र संसद्जस्ता सबै प्रकारका राजनीतिक संयन्त्रहरूको अभ्यास गर्दा समुदायगत हिसाबले आदिवासी जनजाति र जातिगत दृष्टिले मगरको योगदान महत्वपूर्ण छ।

२०१५ सालको संसदीय निर्वाचनमा ७.२ प्रतिशत मतमा सीमित रहेको नेकपा २०७४ सालको सङ्घीय संसद्को निर्वाचनमा ४८.७ प्रतिशत मत प्राप्त गरेको थियो भने २०५१-२०७४ सालको अवधिमा नेकपाको नेतृत्वमा ६ जनाको नेतृत्वमा आठ वटा सरकार गठन भएको थियो। नेकपाले २००६ सालमा भनेझैँ नेपाली समाज वर्गीय अन्तर्विरोधसँगै जातीय अन्तर्विरोध पनि विद्यमान रहेको किटानी गर्दै

आएको छ। नेपालको सामाजिक अन्तर्विरोधको राजनीतिक चेतना र बहिष्कृत समुदायको राजनीतिक प्रतिनिधित्वको क्षेत्रमा नेकपाको भूमिका महत्वपूर्ण रहे पनि यी अन्तर्विरोधहरूको हल गर्नेतर्फ ठोस कार्यक्रम छैन। पार्टी, सरकार र नीति निर्माण गर्ने संरचनाहरूमा खस-आर्य एकल समुदायको वर्चस्व कायमै छ।

मगर अगुवाहरूले नेकपाको वास्तविकताको चित्रण गर्दा वर्गीय बाटो भुलेर जातीय मुद्दा बोकेको भन्ने खस-आर्य समुदायको बुझाइ छ। मानिस केवल आवश्यकता र उपयोगिताको स्तरमा मात्र बाँचेको हुँदैन, भाषा, संस्कृति लगायतका मौलिक विशेषता मूल्यमान्यतासहित अस्तित्वमा रहेको हुन्छ। तर शासक जाति र राज्यले अख्तियार गर्दै आएको जुन उपयोगी वा आवश्यक छ त्यही ठीक भन्ने सोचाइ र व्यवहारबाट मगर अपवाद हुन सक्तैन। नेकपाको नीति तथा कार्यक्रमलाई लत्याएर पार्टी र राज्यमा एकल जातीय वर्चस्व हुनु वर्गीय नभएर जातीय दर्शनबाट निर्देशित भएको शोधको निष्कर्ष रहेको छ।

नेपाली सन्दर्भमा वर्गीय र जातीय दुवै मुद्दा परस्पर जोडिएको, जाति विशेषका कारण सम्बन्ध र अवसर पनि सुरक्षित भएको, र जातीय संरचनाअनुसार नै वर्गको विकास भएकाले नेपाली विशेषतामा जात र वर्गलाई अलग गरेर हेर्न सकिँदैन। राजनीतिशास्त्री हन्टिङ्टन र समाजशास्त्री बार्थले राजनीतिको केन्द्रबिन्दु सांस्कृतिक पक्षलाई मानेका छन्। कार्ल मार्क्सले पनि मानिस आफ्नो चेतनाले होइन, सांस्कृतिक पर्यावरणले चेतनाको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताएका छन्। नेकपाको व्यावहारिक परिणामहरूले यिनै कुराहरूको पुष्टि गर्दै आएको छ। नेपाली राज्य र राजनीति जातीय व्यवस्थामा आधारित छ भन्ने कुरा नेपालको कार्यकारी प्रमुखहरू अर्थात् हालसम्मको प्रधानमन्त्रीहरूको नामावलीहरूको सूचीबाट पनि प्रस्ट हुन्छ। पञ्चायतमा क्षेत्री राजा हुँदा देशको प्रधानमन्त्री अपवादबाहेक क्षेत्री नै हुने र बहुदल र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि पार्टीहरूको प्रमुख र देशको प्रधानमन्त्री ब्राह्मण नै हुने अभ्यासहरूले नेपाल जाति व्यवस्थामा आधारित अर्थ-राजनीतिक व्यवस्था हो भन्न सकिन्छ।

## ९.२ **निष्कर्ष**

कम्युनिस्ट पार्टीमा सामेल हुने मगरहरूले पनि वर्गीय भन्दा पहिले जातीय तथा भाषिक उत्पीडनको महशुस गरेर कम्युनिस्ट आन्दोलन र युद्धहरूमा सामेल भएको अभिमत दिएका छन्। २०१५-२०७० साल सम्मको मगरको राजनीतिक सहभागिताको समिक्षाले कम्युनिस्ट पार्टीहरूमा जातीय मुक्तिको बहस व्यापक भए पनि व्यवहारिक दृष्टिले असफल देखाएको छ। आँकडाहरूले नेपालको सन्दर्भमा गरिबी जातिसँग सम्बन्धित छ भन्ने कुराको पुष्टि गरेको छ। जातीयताको कारणले नेपाली समाजमा सामाजिक प्रतिष्ठा मात्र होइन आर्थिक हैसियत पनि निर्धारण गरेको छ। कम्युनिस्ट पार्टीले वर्गीय सवाल प्रधान र केही विद्धान तथा विश्लेषकहरूले जातीय र वर्गीय मुद्दा दुवै समानान्तर भने पनि वर्गीय

उत्पीडनको आधार नै जातीय संरचना भएको र जात नै वर्गको रुपमा विकास भएको शोधले देखाएको छ । एमाले र माओवादीको पहिचान सम्बन्धी नीतिगत समिक्षाले मगर पहिचान र अधिकारको दृष्टिले एमालेको तुलनामा माओवादी इमानदार देखिएको छ।

मगर पहिचान नष्ट भए मगर सभ्यता मात्र होइन नेपालका अन्य सभ्यताको सिर्जनात्मकता पनि नष्ट हुने विश्लेषकहरूको मत रहेको छ । राजनीतिक आस्था र विचारको दृष्टिले मगरको जातिभित्र विविधता देखिएको छ तर मगरात प्राप्तिको लागि भने सबै एकै ठाउँमा छन् । नेपाली राज्य र राजनीतिको संरचना र अभ्यास यथावत भैरहे भविष्यको कुनै कालखण्डमा मगरहरूको साझा राजनीतिक दर्शन प्रतिपादन हुने देखिन्छ।

'मगर जातिको पहिचानको राजनीतिमा नेपाली कम्युनिस्ट पार्टीको दृष्टिकोण' मूल विषय बनाई सम्पन्न गरिएको प्रस्तुत अध्ययनबाट र निर्धारित शोध प्रश्नका उत्तरसँग सम्बन्धित निम्नानुसारका निष्कर्षहरू प्राप्त भएका छन्ः

(क) **नेपाल कम्युनिस्ट पार्टी एमाले र माओवादीको जातीय पहिचानको राजनीतिः**

कम्युनिस्टहरूले परिकल्पना गरेजस्तै मगर जातिमा पाइने साम्यवादी भावना र सामाजिक तथा राजनीतिक बहिष्करणलाइ नेपालका कम्युनिस्ट पार्टीहरूले आफ्नो नीति तथा कार्यक्रमहरूमा जातिको अग्राधिकार, जातीय आत्मनिर्णयको अधिकार, जातीय स्वशासन, जातीय स्वायत्तता जस्ता राजनीतिक अधिकारहरूको व्यवस्था गरि त्यहीबमोजिम पार्टीका सङ्गठनहरू परिचालन गर्दै नागरिकहरूलाई यी विषयहरूमा जानकारी गराए, जसको परिणाम धेरै मगरहरूको नेपालका कम्युनिस्ट पार्टीप्रति आकर्षित भए। कम्युनिस्ट पार्टीका दस्तावेजहरूमा मगर जातिमाथिको उत्पीडन र असमानताको अन्त्य मात्र होइन मगरात स्वायत प्रदेशको समेत व्यवस्था गरेको छ, नेपाली राजनीतिमा जातीय समानताको मुद्दा र जातीय अधिकारको चेतना सिर्जित गर्ने क्षेत्रमा नेपालका कम्युनिस्ट पार्टीहरूको उल्लेख्य भूमिका रहेको छ। मगरहरूले वर्गीय उत्पीडनभन्दा पहिले जातीय, भाषिक तथा धार्मिक उत्पीडनको महसुस गरेर कम्युनिस्ट आन्दोलन र युद्धहरूमा सामेल भएका हुन, त्यसैले नेपाल मगर सङ्घको कुनै पनि दस्तावेजमा कम्युनिस्ट पार्टीले मगरको समस्या समाधान गर्छ भनेर उल्लेख नभए पनि धेरै मगरहरू कम्युनिस्ट पार्टीको सदस्यका रुपमा आवद्ध छन् र विभिन्न राजनीतिक तथा राजकीय संरचनाहरूमा पनि कम्युनिस्ट पार्टीकै माध्यमबाट प्रतिनिधित्व गरेकाछन् त्यसको मूल कारण कम्युनिस्ट पार्टीको जातीय समानताको मुद्दा हो ।

नेपाली समाजको वनावट बहुजातीय भएतापनि एमाले र माओवादीबाट कार्यकारी प्रमुख शत प्रतिशत खस-आर्य छन् । नेकपाको दस्तावेजहरूमा जुन समुदायलाई नेपालको जातीय उत्पीडनको स्रोत मानिएको छ, त्यही समुदायले नै कम्युनिस्ट पार्टीको लगातार नेतृत्व गर्दै आएका छन् । जातीय समानताको मुद्दा बोकेर शक्तिशाली भएको एमाले र माओवादीको नेतृत्व भने एकल जातीय छ ।

एमाले र माओवादीले मगरको राजनीतिक मुद्दालाइ मूलधारमा प्रवेश गराउन योगदान गरे पनि उनीहरूको मुक्तिको सपना भने अन्योलमै रहेको छ। माओवादीले जनयुद्ध र एमालेले जनआन्दोलनमा उठाएको जातीय पहिचानमा आधारित प्रदेशहरूको निर्माण कार्यान्वयन गर्ने सवालमा यी दुई पार्टी बहुमत भएको पहिलो संविधानसभामा पार्टीमा क्रियाशील नेता-कार्यकर्ताहरूको मतभन्दा सामाजिक संस्थाका रूपमा क्रियाशील ब्राह्मण समाजको भूमिका निर्णायक हुनु र यी दुई पार्टीको बहुमत रहेको २०७४ सालको संसदीय निर्वाचनबाट मगरको पहिचानको मुद्दालाई सम्बोधन नगर्नु कम्युनिस्ट पार्टीको नश्लीय राजनीति हो। एमाले र माओवादीको निर्णय प्रक्रिया नीतिभन्दा नेतृत्वको प्रभाव रहेको छ, पार्टीले लिएको नीतिहरू कार्यान्वयन नहुनुको प्रमुख कारण नेतृत्वमा रहेको जाति विशेषको संस्कार हो। मगरको राजनीतिक मुद्दामा एमालेको तुलनामा माओवादीको दस्तावेज तथा नेताहरूको दृष्टिकोण अग्रगामी रहेको छ। विगतमा जातीय मुद्दा उठाएका एमाले र माओवादी आज सत्तामा आएपछि मगर जातिको पहिचानमा ठुलो सङ्कट आइपरेको छ।

(ख) **राज्यको नीति निर्माण (संसद) मा मगर जातिको राजनीतिक प्रतिनिधित्वः**

२०१५-२०७० साल सम्मको मगरको राजनीतिक सहभागिताको समीक्षाले मगर जातिको प्रतिनिधित्व धेरै कमजोर रहेको छ। २०१५-२०७९ सालको ६४ बर्षको अवधिमा राष्ट्रिय पञ्चायत, प्रतिनिधिसभा, राष्ट्रिय सभा र संविधानसभा गरी जम्मा ३२९१ विधायक मध्ये ९६ जना मगर (२.९१ प्रतिशत) र २०७४ र २०७९ प्रदेश सभामा जम्मा विधायक ११०० मध्ये मगर ५४ जना (४.९० प्रतिशत), हालसम्म जम्मा ४३९१ विधायक मध्ये १४२ जना (३.२३ प्रतिशत) मगरहरूले प्रतिनिधित्व गरेका देखिन्छ। नीति निर्माण तहमा १०१५ सालमा २ प्रतिशत प्रतिनिधित्व भएको मगर जाति २०७९ सालमा ६४ बर्षपछि १ प्रतिशत मात्र बृढी भई ३ प्रतिशत पुग्नु ७ प्रतिशत कुल जनसङ्ख्या रहेको मगर आफ्नो जनसङ्ख्याको अनुपातमा ५७ प्रतिशत कम सहभागिता हो, यो गतिले मगरले आफ्नो जनसङ्ख्याको पूर्ण समाुपातिक सहभागिता जनाउन दुई शताब्दी भन्दा बढी समय लाग्ने देखिन्छ ।

लैङ्गिक दृष्टिले मगर जातिबाट कार्यपालिका र व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने असमानता रहेको छ। २०१५-२०७८ को अवधिको कार्यपालिकामा ७८ प्रतिशत पुरुष र २२ प्रतिशत महिला तथा २०१५-२०७० अवधिको व्यवस्थापिकामा ७२ प्रतिशत पुरुष र २८ प्रतिशत महिला विधायकको प्रतिनिधित्व रहेको छ। संसदमा मगर महिलाको प्रतिनिधित्व धेरै कमजोर देखिएको छ, प्रजातान्त्रिक निर्वाचन २०१५ सालमा शून्य, ३० वर्षीय पञ्चायत कालमा बमकुमारी बुढामगर एक जना (५ प्रतिशत), र २०४८, २०५१ र २०५६ सालको तीनवटा निर्वाचनमा थममाया थापामगर एक जना (५ प्रतिशत) निर्वाचित भएका थिए। २०१५ देखि २०५६ सालसम्म अभ्यास गरिएको निर्वाचन प्रणालीमा सुधार गर्दै २०६४ सालको अन्तरिम संविधानले ६० प्रतिशत समानुपातिक निर्वाचन प्रणाली र ४० प्रतिशत पहिलो

हुने निर्वाचन प्रणाली अन्तर्गत ३३ प्रतिशत महिला अनिवार्य भएकोले दुईवटा संविधानसभामा मगर महिलाको प्रतिनिधित्व बढेर ५२ प्रतिशत पुगेको थियो ।

(ग) **मगर पहिचानको राजनीति र मगरको समग्र उत्थानका लागि मगर समुदायको अभिमतः**

राजा पृथ्वीनारायण शाह, माओवादी नेता पुष्पकमल दाहाल (प्रचण्ड) र के. आई. सिंहको नेतृत्वमा मगर जातिको व्यापक परिचालन गएिको थियो, जसको जगमा आधुनिक नेपाल निर्माण, बहुदलीय प्रजातान्त्रिक व्यवस्था र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनामा महत्वपूर्ण योगदान दिएका मगर जातिले वर्तमान सन्दर्भमा आफ्नै नेतृत्वमा मगरात प्रदेश/राज्यको परिकल्पना गरेका छन् । उत्तरदाताहरूले जनसङ्ख्याका आधारमा पूर्ण समानुपाति प्रतिनिधित्व नै मगरको प्रमुख राजनतिक मुद्दाहरूमध्ये पहिलो मानेका छन् । दोस्रो मुद्दा जातीय स्वायत्तता र तेस्रो प्रमुख मुद्दा आत्मनिर्णयको अधिकारसहित मगरात भनेका छन् । यसबाट मगरहरू कट्टर जातिवादी देखिँदैनन्, किनकि पूर्ण समानुपातिक प्रतिनिधित्वको प्रणाली समानताको सिद्धान्त हो, यसले कुनै जाति विशेषलाई नोक्सान गर्दैन, तर यो मुद्दामा शासक वा राज्य सहमत नभए मगरात स्वायत्त प्रदेशको दाबी गरेका छन्, यसले मगर जाति सरलबाट जटिलतर्फ जाने मनोकाङ्क्षा देखाएका छन् । अधिकतम उत्तरदाताको पहिलो रोजाइ मगरात स्वायत्त प्रदेशको आवश्यकता छ भनेका छन्, तर त्यसको प्राप्तिका लागि शान्तिपूर्ण आन्दोलन रोजेका छन्, दोस्रो विकल्पमा मगरको पार्टी बनाउनुपर्ने अभिमत छ भने, तेस्रो विकल्पकमा मगरात प्राप्तिका लागि सशस्त्र युद्धको समेत परिकल्पना गरेका छन् । पूर्ण समानुपातिक प्रतिनिधित्व र मगरात दुवै प्राथमिकतामा छन्, तर वर्तमान राज्यको चरित्र र व्यवहारका कारण, अर्थात् समानुपातिक प्रतिनिधित्वसमेतको खिलाफमा रहेकाले त्यसको पीडाको कारण उत्तरदाताले मगरात आवश्यक भएको मत प्रकट गरेका छन् । मगरात प्रदेश हुँदा मगरको राजनीतिक मुद्दालाई सम्बोधन गर्ने नीति निर्माणमा सहभागितालाई प्रमुख आधार मानेका छन् । प्राथमिकताको दृष्टिले मगरले व्यक्तिगत प्रतिनिधित्व वा सहभागितालाई भन्दा सामूहिक प्रतिनिधित्व र सहभागितालाई जोड दिएका छन् । मगर पछाडि पर्नुको प्रमुख कारण शिक्षा रहेको छ, राज्यको नीति अनुरुप मगर जातिले अर्को समुदायको भाषा पढ्नु पर्ने र आफ्नो मातृ भाषा त्याग्नु पर्ने बाध्यताका कारण राज्यको भाषामा अब्बल नहुनु र आफ्नो मातृ भाषा र संस्कृतिलाई महत्व र संरक्षण दिन नसक्नुको कारण मगरको पहिचान र प्रतिनिधित्वमा सङ्कट देखिनु राज्यको विभेदकारी नीतिको परिणाम मानेका छन् ।

(घ) **वर्ग निर्माणमा नेपाली समाजको मौलिक विशेषताः**

सामजिक सम्बन्धहरूकै कारणले समाजभित्र असमानता हुन्छ र सामाजिक असमानताकै कारण त्यही समाजमा आर्थिक असमानता हुन्छ, त्यसैले वर्ग पनि पहिचानको एउटा रूप हो । नेपाली समाजमा जातकै आधारमा वर्गहरूको निर्माण भएको छ, त्यसैले जात र वर्गलाई अलग गरेर समस्या हल हुन

सक्तैन। राजनीतिक रुपमा कम्युनिस्ट पार्टी र समुदायगत रुपमा ब्राह्मण समुदाय नेपालमा जातीय पहिचानको राजनीतिको बीजारोपण गर्ने मूल स्रोत हुन् । पहिचानमा आधारित दलहरू र अन्य सामाजिक संस्थाहरु कम्युनिस्ट पार्टी र ब्राह्मण नेताहरूको प्रतिफल (By-product) हुन् ।

नेपाली राजनीतिमा दार्शनिक हिसाबले हिन्दु धर्म र समुदायगत दृष्टिले खस-आर्य समूहको प्रभाव र वर्चस्व रहेको छ । शास्त्रीय मार्क्सवादले आर्थिक पक्षलाई मुख्य आधार मानेर समाजको उपरी संरचनालाई निर्धारण गर्दछ भन्ने मान्यता राख्दछ, तर नेपालमा जातीय तथा धार्मिक पहिचानको आधारबाट नै वर्ग निमार्ण भएको छ । जसको मूल कारण जात व्यवस्थामा आधारित सामाजिक तथा राजनीतिक संरचना हो । नेपाली समाजमा पहिचान बाहिरी चिनारी अर्थात रुप मात्र नभई भित्री आत्मा वा सार पनि हो, किनकि अवसर, बहिष्करण, सम्मान र अपमान सवैको निर्धारक पहिचान रहेको छ, त्यसैले पहिचान सार र रूप दुवै हो । यहाँ सामन्ती राज्य व्यवस्थाले उपल्लो जातको पहिचान कायम गराएकासँग राज्य र समाजको स्रोतहरूको अग्राधिकार छ, त्यसैले पहिचान वर्ग हो । मार्क्सवादी दृष्टिकोणबाट हेर्दा मगर जातिले उत्पीडित वर्गको प्रतिनिधित्व गर्दछ । मार्क्सले उपरी संरचना मानेका धर्म, संस्कृति आदिले नेपाली समाजको आर्थिक सम्बन्धको निर्माण गरेको छ, जसको जगमा वर्ग निमार्ण भएको छ । जातीय र बर्गीय दुवै असमानता नेपाली समाजको वास्तविकता हो, तर वर्गीय अन्तर्विरोध सार्वभौम सत्य हो भने जातीय अन्तर्विरोध नेपालको मौलिक विशेषता हो, यो नै शोधको मुख्य निष्कर्ष हो ।

### ९.३ नीतिगत प्रभाव तथा प्राप्ति

नेपालको राजनीतिमा जातीय राजनीतिको सुरुवात कम्युनिस्ट पार्टीबाट भएको छ। जातीय पहिचानमा आधारित गतिविधिहरू पनि कम्युनिस्ट पार्टीबाट नै हुने गरेको छ। २००६ सालमा कम्युनिस्ट पार्टी स्थापनासँगै प्रकाशित नेकपाको पहिलो घोषणापत्रमा विशेषाधिकारहरू, जातपात, नश्ल र जातिका आधारमा भेदभाव नगर्ने व्यवस्था गरेको थियो । एमालेले २०४८ सालको निर्वाचनदेखि राष्ट्रिय सभालाई पिछडिएको जातिहरूलाई प्रतिनिधित्व गराउने कुराको उल्लेख गर्दै २०४९ सालमा सम्पन्न पाँचौँ महाधिवेशनमा जातीय मुद्दामा बहस भएपछि २०५४ सालमा सम्पन्न छैटौँ महाधिवेशनमा जाति, भाषा, धर्म र संस्कृतिसम्बन्धी दस्तावेज प्रस्तुत भएको थियो । २०५२ सालमा जनयुद्ध थालनी गरेको माओवादीले २०५४ सालमा जातीय मोर्चाहरूको गठन गर्दै २०५६ सालपछि जातीय स्वायत्त राज्यहरूको अभ्यास गरेको थियो ।

आदिवासी जनजातिहरूको आन्दोलनको सन्दर्भमा धेरै अभियन्ताहरूको पृष्ठभूमि पनि कम्युनिस्ट चेतना नै हाबी रहेको छ। २०४६ सालको राजनीतिक परिवर्तनपछि केही नगण्य सङ्ख्यामा बाहेक जातीय पहिचानमा आधारित धेरै पार्टीहरूको जन्म कम्युनिस्ट पार्टीमा लामो वा छोटो समय योगदान गरेका व्यक्तिहरूको अगुवाइ वा सक्रियतामा निर्माण भएका छन्। पार्टी निर्माण र सामाजिक जागरणको

आन्दोलनमा मात्र होइन, प्राज्ञिक क्षेत्रमा पहिचानको सवालमा बहस गर्नेहरूको पृष्ठभूमि पनि कम्युनिस्ट नै देखिन्छ। नेपाल सामाजिक तथा सांस्कृतिक दृष्टिले विविधता र असमानता भएकाले यहाँका कम्युनिस्ट पार्टीहरूले आफ्नो स्थापनाकालदेखि वर्तमानसम्म दस्तावेजहरूमा जातीय तथा सामाजिक-सांस्कृतिक उत्पीडनका मुद्दाहरू समावेश गरे पनि त्यी नीतिहरूलाई व्यवहारतः प्रभावकारी ढङ्गले कार्यान्वयन गरेको भने पाइँदैन।

नेपालमा पहिचानको राजनीतिको जननी राजतन्त्रका राणा, शाहहरूलाई र बहुदलीय प्रजातन्त्रमा कम्युनिस्ट पार्टीका ब्राह्मणहरूलाई जान्छ। शाहवंशले नेतृत्व गरेको राजतन्त्र विभिन्न गणराज्यहरूलाई पराजित गरेर एकल जातीय तथा धार्मिक समूहको केन्द्रीकृत नेपालको जग बसाल्ने पृथ्वीनाराण शाह स्वयम्ले नेपाललाई असली हिन्दुस्तान भनी दिव्य उपदेश दिए। तत्कालीन प्रधानमन्त्री तथा राणावंशीय शासनको जग बसाल्ने जङ्गबहादुर राणाले मुलुकी ऐन १९१० मार्फत नेपाली समाजलाई विभिन्न तहमा श्रेणीकरण गरे। यही मुलुकी ऐनको जगमा नेपाली राज्यका अङ्गहरू आज पनि निर्देशित रहिरहेको छ। यही प्रक्रियाको विपक्षमा नेकपाले आफ्नो स्थापनाकालदेखि नै वर्गीय तथा जातीय एवम् लैङ्गिक रूपमा विभेदमा रहेका समुदायहरूको पक्षमा नीतिहरूको निर्माण गरी उनीहरूको मुक्तिको उद्घोष गरेको थियो।

पुष्पलाल श्रेष्ठबाहेक कम्युनिस्ट पार्टीहरूका नेतृत्व गर्ने खस-आर्य भित्रका मूलतः ब्राह्मणहरू थिए। उनीहरूले दबिएका वर्ग, जाति, लिङ्ग र क्षेत्रको मुद्दालाई उठाए। त्यस अन्तर्गत जातीय पहिचानमा आधारित सङ्गठनहरूको निर्माण तथा जातीय स्वशासन र स्वायत्तता सम्मको नीतिगत व्यवस्था गरे। तर व्यवहारमा त्यसको कार्यान्वयनको सन्दर्भमा प्रायः सबै कम्युनिस्ट पार्टीको नेतृत्व उदासिन रह्यो। यसरी राजनीतिक इतिहासको समीक्षा गर्दा सामाजिक उत्पीडनको हिसाबले शाहवंशीय राजतन्त्र र राणा व्यवस्थाले स्थापित गरेको जातीय उत्पीडनको अन्त्य गर्ने नीति लिए पनि व्यवहारमा भने जातीय उत्पीडन कायमै रहेको छ। यसैको असन्तुष्टिका कारण आदिवासी जनजातिलगायत उत्पीडित जातिहरूले कम्युनिस्ट पार्टी र नेतृत्वसँग सम्बन्ध विच्छेद गर्दै छुट्टै कम्युनिस्ट पार्टी, गैरकम्युनिस्ट पार्टीहरूको स्थापना गर्ने क्रम जारी रह्यो।

नेपालको राजनीतिमा वर्गीय अन्तर्विरोध र सामाजिक अन्तर्विरोध कुन प्रधान भन्ने विषयमा अध्ययनले वर्गीय दर्शनभन्दा पनि धार्मिक-सांस्कृतिक पक्ष बोलवाला रहेको देखाएको छ। नेपाली कम्युनिस्टहरूले समुदायगत सम्बन्धको कारणले राज्य र राजनीतिमा अवसर प्राप्त गर्ने तथा धार्मिक सीमामा रहेर आफ्नो कार्यसम्पादन गर्ने गरेको अध्ययनले खुलासा गरेको छ। त्यसैको प्रत्युत्पादनका रूपमा नेकपाभित्र र बाहिर पहिचानको राजनीतिले पनि मलजल पाएको अध्ययनले देखाएको छ। एमाले र माओवादीले जातीय समस्या वर्गीय समस्याको एउटा पाटो भएकाले यी दुवै मुद्दाहरूलाई एकैसाथ हल गर्न सकिने र जातीय उत्पीडनको आन्दोलन वर्गीय आन्दोलनको अभिन्न पक्ष भनेका छन्। तर नेपालको

विशिष्टतामा वर्गीय उत्पीडन जातीय विभेदकै कारणले जटिलताको सिँढी उक्लिएको अध्ययनले देखाएको छ।

कम्युनिस्टहरू वर्गीय शोषण-उत्पीडन नै सामाजिक द्वन्द्वको प्रमुख कारण भएको तर यसलाई वर्गीय प्रश्नकै भिन्न अभिव्यक्तिका रूपमा ग्रहण गर्नुपर्ने बताउँछन्। नेपालको जातीय आन्दोलन र समस्या कम्युनिस्ट पार्टीको एउटा अभिन्न अङ्गका रूपमा रहेको कुराको व्याख्या गरेका छन्। धेरै वाम विद्वान्हरूले जातीय प्रश्नलाई माओले हान जातिको अतिवादबाट अल्पसङ्ख्यक जातिहरूलाई मुक्ति दिलाएझैं नेपालमा शासक जाति र वर्गले जातीय उत्पीडनमा रहेका समुदायलाई मुक्ति दिलाउनुपर्ने बताउँछन्। जनजातिहरूको सवाललाई विश्लेषण गर्ने वैज्ञानिक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र माओवाद भएको उल्लेख गर्दै जातीय उत्पीडनकै कारण उत्पादनका साधनहरूमाथि खस-आर्य समुदायको स्वामित्व रहेको बताएका छन्। नेपाली समाजमा लामो समयदेखि कायम रहेको वर्णव्यवस्था र त्यसैको जगमा कायम भएको जातीय उत्पीडनलाई 'वर्ग सङ्घर्ष' को सरल परिभाषाले मात्रै अर्थ्याउन नसक्ने भन्दै जातीय समस्यालाई नेपाली विशेषतामा थप महत्वका साथ हेरिनुपर्ने खस-आर्य समुदायकै पनि मत रहेको छ।

नेपालको मानव विकास सूचाङ्कलाई हेर्दा ठाडो र तेर्सो दुवै खालको, अर्थात् वर्गीय र जातीय समस्या रहेको छ। आर्थिक रूपमा वर्गको कुरा गर्दा वर्गहरूबीच रहने उत्पादनका साधनहरूमाथिको सम्बन्धहरूलाई हेर्ने गरिन्छ। उत्पादन र वितरण प्रणालीमा एउटा वर्गले वा अनेक वर्गले अर्को वा अनेक वर्गलाई शोषण वा उत्पीडन गरिरहेको हुन्छ। यहाँनिर उत्पादनको स्वामित्वको प्रश्न मात्र जोडिँदैन, शोषण गर्ने शक्ति, निर्णय गर्ने प्रक्रियामा सहभागिता लगायतका विषयसमेत जोडिएर आउँछ। मगर जातिले वर्तमान राज्य व्यवस्था र राजनीतिक दलहरूमा नीति निर्माण गर्ने, राज्यको अधिकार तथा स्रोतहरूको वितरण गर्ने पक्ष नभएर माग गर्ने पक्षको प्रतिनिधित्व गर्दछन्। जसको कारण मगरको मुद्दा कमजोर हुनुका साथै ओझेलमा पनि परेको छ। यसलाई पुनः शसक्त गर्न मगर जातिको एकतासङ्गै राजनीतिक र कुतनीतिक कलाको संयोजन आवश्यक छ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि नेता, कार्यकर्ता र नागरिकहरूका बीचमा समेत वर्गीय पर्खाल अग्लै छ। यी विषयहरूको सन्दर्भमा विद्वान्हरू तथा नीति निर्माताहरूको दृष्टि पर्याप्त मात्रमा पुगेको छैन भने कम्युनिस्ट पार्टीका नेताहरूले हिजोको प्रतिबद्धता र पार्टीका नीतिहरूलाई कुल्चँदै आफूअनुकूल व्याख्या गर्ने गरेका छन्। वर्गीय र जातीय समानताको न्यायपूर्ण मुद्दालाई एकैसाथ जोडेर लैजान वर्गीय पक्षलाई मात्र जोड नदिएर समाजका बहुरूपी बनावटलाई ध्यान दिनु जरुरी देखिन्छ। मगरले उठाएको पहिचानको राजनीतिका विषयमा अहिलेसम्म राज्यको मूल प्रवाहमा रहेका खस-आर्य समुदायका ठूलो समूह मात्र होइन, राजनीतिक, आर्थिक र सामाजिक हिसाबले आदिवासी जनजातिहरूभन्दा पनि

पछि परेका केही दलित अगुवाको समेत असहमति रहेको छ। तर शोषणको स्रोत वर्णाश्रममा आधारित हिन्दु राज्य व्यवस्था हो भन्नेमा उनीहरू कुनै न कुनै हिसाबले सहमत छन्। अर्कोतर्फ कम्युनिस्टहरूले समाजमा दुई जात मात्र हुन्छन् भन्ने भनाइले नेपालको सन्दर्भमा खस-आर्य समुदायलाई थप ऊर्जा दिएको छ भने दलित तथा आदिवासी जनजातिको मनोबल गिराएको छ। कारण, एउटा कम्युनिस्टको आदिवासी जनजाति वा दलित नेता वा कार्यकर्ताले जातीय समानताको कुरा गर्दा हाम्रो पार्टी त जातपात नमान्ने पार्टी हो। यस्तो कुरा गर्नु त पार्टीको नीतिविपरीत हो भनिदिएपछि तैँ चुप मै चुपको आवस्था सिर्जना हुन्छ। पार्टी सदस्यहरूले जातीय विभेदको परिणाम त थाहा पाएका हुन्छन् तर त्यसको कारण बुझेका हुँदैनन्। जसको परिणाम आज कम्युनिस्ट पार्टीविरुद्धको लडाइँ सडकबाट भइरहेको छ। यदि कम्युनिस्ट पार्टी समावेशी भएको भए त्यो लडाइँ पार्टीभित्र हुने थियो। कम्युनिस्ट पार्टी आदिवासी जनजाति र मगर जातिको थप आकर्षण बन्ने थियो। तर आज आफ्नो नीतिमा समावेश गरेका कार्यक्रमहरूको कार्यान्वयन नगर्दा, हिजोका प्रतिबद्धताहरूलाई बिर्सिंदा र खस-आर्यको अनुकूलताको नीति बनाउँदा र व्यवहार गर्दा कम्युनिस्ट पार्टी नभएर खस-आर्य पार्टीको अनुभूति दिइरहेको छ।

### ९.४ सैद्धान्तिक प्रभाव तथा प्राप्ति

पहिचानको पक्षमा जस्तै विपक्षमा पनि मतहरू प्रकट भएका छन्। पहिचान समग्र नेपाली, प्रादेशिक, सामुदायिक, जात, जाति, थर, गोत्र, परिवार हुँदै अन्त्यमा व्यक्तिको पहिचानमा सीमित हुने र यो प्रक्रिया अन्ततोगत्वा पहिचानको दार्शनिक राजनीतिक सम्बन्ध उदारवाद र व्यक्तिवादसँग विलय हुने तर्क पनि रहेका छन्। अर्कोतर्फ पहिचानको मुद्दा र आन्दोलनले पहिचान खोज्नेहरूको मात्र होइन, समग्र नेपाली समाजमा भएको समुदायको समुचित प्रतिनिधित्वको सुनिश्चित हुने तर्क गरेका छन्। कारण, पहिचान नभएको समाज वा नागरिक हुन सक्तैन, जसको परिणामका रूपमा आदिवासी जनजातिहरूको पहिचानको आन्दोलनले खस-आर्य, मधेसी, महिला, दलित सबैले आफ्नो पहिचानका आधारमा सहभागिताको ग्यारेन्टी भएको छ।

नेपालको पहिचानको आन्दोलन अर्थात् जातीय सामाजिक समानताको बहस मार्क्सवादको अवधारणाअनुरूप रहेको प्रस्ट छ। तर, सामाजिक-सांस्कृतिक धरातलको जगमा खडा भएको वर्गीय संरचनालाई विश्लेषण गर्ने सन्दर्भमा समस्या रहेका छन्। सारमा जातीय समस्या वर्गीय समस्याको एउटा पाटो भनिए पनि गहिरिँदै गएको वर्गीय विभेदको हल नगरी कसरी जातीय समस्याहरू हल होलान् ? वर्गीय पक्षलाई मात्र ध्यान केन्द्रित गर्दा सामाजिक-सांस्कृतिक विभेदहरू थप जटिल बन्दै जानेछन्। अर्कोतर्फ नेपालका कम्युनिस्टहरूले वर्गीय समानता लागि अभ्यास गरेका उदाहरणहरू अपवाद छन्, त्यसैले वर्गीय र जातीय समस्या थप जटिल बन्दै गएका छन्।

यो अध्ययनमा मगर पहिचानको राजनीतिलाई नेपालका कम्युनिस्ट पार्टीहरूले कसरी हेर्छन् भनेर विश्लेषण गर्ने प्रयास गरिएको छ। नेपालका कम्युनिस्ट पाटीहरूको मूल स्रोत मार्क्सवादको मुख्य धारले पहिचानको राजनीतिलाई स्विकार्दैन भने दोस्रो धारले यसलाई सामाजिक प्रक्रियाको अधीनस्थ राख्दछ र त्यसले वर्गीय संरचना र वर्गीय पहिचानबाहेक बाँकी सबै पहिचानलाई भ्रान्त चेतना ठान्दछ। तेस्रो धारले वर्गीय पहिचानसँगै अन्य पहिचानलाई कतै वर्गसँग जोडेर त कतै वर्गभन्दा भिन्न रूपमा पनि यसको अस्तित्वलाई स्वीकार गरेको देखिन्छ। यो धारको मूल स्रोत रुस र चीन रहेका छन्। मार्क्सले आत्मनिर्णयको अधिकारको व्यवस्था गरेका थिएनन् तर रुसमा लेनिनले त्यो सिद्धान्तको प्रतिपादन र प्रयोग गरे। मार्क्सले मजदुरको मुद्दा उठाएका थिए तर माओले चीनमा किसानलाई परिचालन गरे। बहुसङ्ख्यक हानहरूको जातीय उत्पीडनबाट अल्पसङ्ख्यकहरूलाई मुक्ति दिलाए। रुस र चीनको प्रयोगलाई मार्क्सवादको मौलिक प्रयोग भन्ने गरिन्छ। नेपाली विशेषतामा यसको प्रयोग गर्न सकिने एकथरी मार्क्सवादीहरूको धारणा रहेको पाइन्छ।

युरोपमा मजदुर वर्गलाइ केन्द्रीत गरेर कम्युनिस्ट पार्टीको स्थापना भएतापनि पछिल्लो क्रममा कम्युनिस्टहरूको प्रभाव रहेका एसिया, अफ्रिका, लेटिन अमेरिका, र औद्योगिक विकास भएका मुलुकहरू मजदुरहरूको बाहुल्य भएका देशहरू होइनन् बरु जातीय विविधता रहेका देशहरू हुन्। नेपाल, भारत लगायत विभिन्न देशमा वर्गसँगै जातीय पहिचानलाई पनि मूल मुद्दा बनाएका कम्युनिस्टहरू छन्, तर कतिपय जातीय पहिचानलाई अस्वीकार गर्ने पनि छन्। नेपालको सन्दर्भमा सबै कम्युनिस्ट पार्टीहरूले जातीय उत्पीडनलाई सिन्द्धान्ततः स्विकार गरेका छन् तर व्यवहारमा लागू गरेका छैनन्। एउटै कम्युनिस्ट पार्टी र विभिन्न पार्टीहरूका बीचमा पनि पहिचानको सन्दर्भमा वैचारिक द्वन्द्व देखिन्छ, त्यसैले कम्युनिस्ट पार्टीहरूमा जातीय पहिचानको व्यापक बहस हुने तर जातीय मुक्ति भने नहुने अहिलेसम्मको परिणामले देखाएको छ। पहिचानको दर्शन र मार्क्सवादी दर्शनको क्षेत्रमा बदलिँदो आयामहरूको ज्ञान प्रदान गर्नमा योगदान दिनुका साथै वर्ग निर्माणमा नेपाली समाजको विविधता र मौलिकताको विशिष्ट भूमिका रहेकोले नेपाली सन्दर्भमा जातीय पहिचान पहिचान मात्र नभएर आफैमा वर्ग पनि हो भन्ने दार्शनिक क्षेत्रमा समेत योगदान दिएको छ।

**९.५ सुझावहरू**

१. मगर जातिले आदिम साम्यवाददेखि वर्तमानमा समेत अभ्यास गर्दै आएको समाजवादी/साम्यवादी परम्परा र नेकपाले परिकल्पना गरेको समाजवादी/साम्यवादी परम्पराको समानता र भिन्नताको विषयमा थप अध्ययन अनुसन्धान आवस्यक छ।

२. मगरातको परिकल्पना गर्ने सचेत मगरहरू किन सङ्गठित नभइ विभिन्न राजनीतिक पार्टी र विचारहरूमा विभाजित छन् अध्ययन आवस्यक छ।

३. मगर जातिको योगदन र सहभागितामा राजा पृथ्वीनारायण शाह, पुष्पकमल दाहाल (प्रचण्ड) र के. आई. सिंहले ठुला-ठुला राजनीतिक परिवर्तन गर्दा स्वयम मगर जातिले किन नेतृत्व गरेन वा गर्न सकेन यस बिषयमा अध्ययन हुन आवश्यक छ।

४. नेकपाको स्थापना २००६ सालदेखि जातीय उत्पीडनको बिषयमा धेरै दस्तावेजहरूमा उल्लेख गरेको छ। तर सरकारको नेतृत्व गरेर पनि त्यसको समाधानको लागि ठोस कदम चालेको छैन। त्यसतर्फ नेकपा सरकारमा हुँदा जातीय समानताको बिषयमा लिएका नीति तथा कार्यक्रमहरूको अध्ययन गर्न आवश्यक छ।

५. जातीय उत्पीडनको मुद्दा बोकेर, विभिन्न जातीय मोर्चा सङ्गठनहरुको निर्माण र परिचालन गरेर शक्ति आर्जन गरेका कम्युनिस्ट पार्टी त्यी मुद्दाबाट पलायन भएबाट हुने सम्भावित राजनीतिक जोखिमहरूको बिषयमा खोज अनुसन्धान आवश्यक छ।

६. नेपाल जस्तो विषम समाज (Hetrogenous Society) मा वर्ग निर्माण र वर्ग चरित्रको परम्परागत अध्ययन र व्याख्या गर्दा युरोपको एकरूप समाज (Homogenous Society) मा सन् १८४८ मा विकास भएको मार्क्सवादबाट मात्र नभई वैकल्पिक धारबाट समालोचनात्मक अध्ययन र विश्लेषण गर्न आवस्यक छ। जातीय पहिचान र उत्पीडनको सवालमा शास्त्रीय अध्ययन र व्याख्यालाई सन्दर्भ स्रोतको रूपमा लिई अनुभवजन्य र मौलिकतामा आधारित भएरसमाज र राष्ट्रलाई योगदान पुग्ने गरी थप वैज्ञानिक अध्ययन अनुसन्धानको आवश्यक देखिन्छ।

## अनुसूचीहरू

अनुसूची १ः आदिवासी जनजाति आन्दोलनका मुख्य-मुख्य घटनाक्रम

| क्र.सं. | समय | घटना विवरण |
|---|---|---|
| १. | सन् १७७८ | पल्लो किरातका लिम्वूहरूको भाषिक आन्दोलन |
| २. | सन् १७९३ | नुवाकोटमा तामाङहरूको गरेको स्वशासन सम्बन्धी आन्दोलन |
| ३. | सन् १८०८ | भोजपुरका राईहरूको भूमि सम्बन्धी आन्दोलन |
| ४. | सन् १८५५ | लमजुङमा सुकदेव गुरुङले गरेको स्वशासन सम्बन्धी आन्दोलन |
| ५. | सन् १८७६ | गोर्खाको लखन थापाले राणा शासन विरुद्ध गरेको विद्रोह |
| ६. | सन् १८७७ | गोर्खाको सुपति गुरुङले राणा शासन विरुद्ध गरेको विद्रोह |
| ७. | सन् १८८५ | नेपालका शासकहरूले बौद्ध धर्मग्रन्थ नष्ट गरेको विरुद्धको विद्रोह |
| ८. | सन् १९२४ | काठमाडौका नेवारहरूले भाषिक थिचोमिचोको विरुद्ध गरेको विद्रोह |
| ९. | सन् १९६४ | किपट उन्मूलन विरुद्ध किरात विद्रोह |
| १०. | सन् १९६५ | काठमाडौका नेवारहरूले भाषा आन्दोलन |
| ११. | सन् १९६० | नुवाकोट र धादिङका तामाङहरूको जातीय आन्दोलन |
| १२. | सन् १९७५ | चेपाङहरूको किसान आन्दोलन |
| १३. | सन् १९८० | जनमत सङ्ग्रहपछि काठमाडौको नेवारहरूले गरेको भिन्तुना आन्दोलन |
| १४. | सन् १९८८ | विभिन्न  राजनीतिक विचार बोकेका जनजाति संगठनहरूको विकास |
| १५. | सन् १९९१ | नेपाल आदिवासी जनजाति महासङ्घको स्थापना |
| १६. | सन् १९९१ | नेपाल आदिवासी जनजातिहरूले सुरु गरेको पहिचान सम्बधी आन्दोलन |

(स्रोतः  गुरुङ, २०६७,पृ. २५)

**अनुसूची २: सर्वेक्षण प्रश्नावली**

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

राजनीति शास्त्र विषयमा विद्यावारिधि शोध सर्वेक्षण प्रश्नावली

जिल्ला................नपा/गाप गाविस........................................वडा........

नमस्कार ! म भोजविक्रम बुढामगर हुँ । म त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिक शास्त्र सङ्कायअन्तर्गत राजनीति शास्त्र विषयमा '**मगर पहिचानको राजनीतिः मार्क्सवादी दृष्टिकोण**' शीर्षकको विद्यावारिधिको विद्यार्थी हुँ । म तपाईंसँग मगर जाति, पहिचान र मार्क्सवादसम्बन्धी केही जिज्ञासाहरू राख्दछु । तपाईंको सहयोगले मगर जातिको पहिचानको विषयमा जानकारी मिल्ने विश्वास लिएको छु । सहयोगका लागि धन्यवाद ।

**सर्वेक्षण प्रश्नावली**

**परिचयात्मक विवरण**

१. **थर/उपथरः** ...................................................

२. **हालको उमेरः**

(क) १८-३०..................................१ (ख) ३१-४५..................................२

(ग) ४६-६०..............................३ (घ) ६१ भन्दा माथि.................४

३. **लिङ्गः**

(क) महिला ......१ (ख) पुरुष ......................२ (ग) तेस्रो लिङ्गी.................................३

४. **वैवाहिक अवस्थाः**

(क) विवाहित............१ (ख) अविवाहित......................२

(ग) एकल..............३ (घ) पारपाचुके............४

(ङ)अन्य(खुलाउने)........................८

५. **जानेका भाषाहरूः**

| क्र.सं. | भाषा | उत्तरहरू |
|---|---|---|
| (क) | नेपाली | १ |
| (ख) | अङ्ग्रेजी | २ |
| (ग) | हिन्दी | ३ |
| (घ) | मगर | ४ |
| (ङ) | अन्य (खुलाउने) | ८ |

६. **शिक्षाः**

(क) निरक्षर........१ (ख) साक्षर..............२ (ग) प्रावि/निमावि....................३ (घ) मावि....................४ (ङ) उमावि/प्रमाणपत्र................५ (च) स्नाकोत्तर.............६ (छ) स्नाकोत्तर भन्दा माथि..........................७

७. **प्राविधिक शिक्षा भएको भए, विषयको नाम** ...............................................

८. **धर्मः**

(क) प्राकृतिक/परम्परागत .......१ (ख) बौद्ध ............२ (ग) किरात ..................३ (घ) हिन्दु...................४ (ङ) क्रिस्चियन ..............५

(च) मुस्लिम ............६ (छ) अन्य (खुलाउने)........................७

**९. तपाईंको घरपरिवार सञ्चालन तथा जिविकाका लागि आम्दानीको निम्न स्रोतहरूमध्ये तीन प्रमुख स्रोतहरू के के हुन् ?**

| **क्र.सं.** | **पेसा** | **उत्तरहरू** |
|---|---|---|
| (क) | कृषि/पशुपालन | १ |
| (ख) | ज्यालादारी/मजदुरी काम | २ |
| (ग) | सरकारी सेवा/पेसागत | ३ |
| (घ) | व्यापार/व्यवसाय | ४ |
| (ङ) | सेना (ब्रिटिस/सिङ्गापुर/भारतीय) | ५ |
| (च) | मलेसिया/खाडी मुलुकमा | ६ |
| (छ) | युरोप/अमेरिका/जापान/कोरियामा जागिर | ७ |
| (ज) | अन्य (खुलाउने) | ८ |

**खण्ड कः मगर पहिचानसँग सम्बन्धित**

**१. मगर समुदायसँग संबन्धिकुनै संस्थामा आबद्ध हुनुहुन्छ ?**

(क) छु...............................१ (ख) छैन...............................२ (प्रश्न ७ मा जाने)

२. **(यदि हुनुहुन्छ भने) कुन संस्थामा हुनुहुन्छ ?**

| **क्र.सं.** | **सङ्घ/सङ्गठन** | **उत्तरहरू** |
|---|---|---|
| (क) | मगर सङ्घ | १ |
| (ख) | मगर सङ्घको भ्रातृ सङ्गठन | २ |
| (ग) | पार्टीको मगर मोर्चा सङ्गठन | ३ |
| (घ) | गैरसरकारी संस्था | ४ |
| (ङ) | अन्य | ८ |

३. **कुन तहको समितिमा हुनुहुन्छ ?**

(क) केन्द्रीय .......१ (ख) प्रादेशिक ............२ (ग) जिल्ला ..................३ (घ) नगर/गाउँ ..................४ (ङ) वडा ..............५

४. **तपाईं कुन पदमा कार्यरत हुनुहुन्छ ?**

(क) पदाधिकारी.......................................१ (ख) सदस्य.........................२ (ग) साधारण सदस्य.......................३

५. **तपाई मगर सङ्घसंस्थामा कसको प्रेरणाले आबद्ध हुनुभयो ?**

(क) मगर नेताहरूको भाषण सुनेर.......१ (ख) मगरसम्बन्धी लेखरचनाहरू पढेर ............२ (ग) साथीभाइ, नातेदारहरूको सल्लाहबाट ...........३ (घ) सङ्घसंस्थाको गतिविधि देखेर...............४ (ङ) अन्य (खुलाउने).........५

(६) **जातीय संस्थामा लाग्नुको मुख्य एक कारण के हो ?**

(क) आफ्नो जातीय समुदायलाई जागृत गर्न .......१ (ख) आफ्नो जातीय समुदायको समस्या पार्टीमा राख्न ............२
(ग) आफ्नो व्यक्तित्व विकास गर्न ..................३ (घ) अन्य (खुलाउने)........................४

**७. मगरको धेरैवटा सामाजिक मुद्दाहरूमध्ये तीन प्रमुख मुद्दाहरू के के हुन् ?**

| **क्र.सं.** | **मुद्दाहरू** | **उत्तरहरू** |
|---|---|---|
| (क) | मगर भाषा संस्कृतिको संरक्षण | १ |
| (ख) | शैक्षिक जागरण | २ |

| | | |
|---|---|---|
| (ग) | परम्परागत सीप ज्ञानको संरक्षण | ३ |
| (घ) | आर्थिक प्रगति | ४ |
| (ङ) | रोजगारीमा वृद्धि | ५ |
| (च) | अन्य (खुलाउने) | ८ |
| (छ) | थाहा छैन | ९ |

**(८) तपाईको विचारमा मगरको समाजिक आन्दोलन ठीक छ कि छैन ?**

(क) छ....................१ (ख) छैन..........................२ (ग) थाहा छैन.....................३

**(९) तपाईको गाउँमा मगरहरू सामाजिक काममा कत्तिको सक्रिय छन् ?**

(क) धेरै..............................१ (ख) थोरै.......................................२ (ग) थाहा छैन...................३ (प्रश्न ११ मा जाने)

**१०. (यदि छन भने) कुन क्षेत्रमा धेरै क्रियाशील छन् ?**

(क) सामाजिक ...............१ (ख) राजनीतिक ..........................२ (ग) अन्य

(खुलाउने) ...........३ (घ) थाहा छैन.....................४

**११. मगरसँग सम्बन्धित यी विषयहरूबारे तपाईंलाई जानकारी छ कि छैन ?**

| **क्र.सं.** | **विषय** | **उत्तरहरू** | |
|---|---|---|---|
| | | **छ** | **छैन** |
| (क) | इतिहास | १ | २ |
| (ख) | धर्म संस्कृति | १ | २ |
| (ग) | चाडपर्व | १ | २ |
| (घ) | पोसाक | १ | २ |

**१२. तपाईंले यीमध्ये कुन कुन चाड मनाउनुहुन्छ ?**

| **क्र.सं.** | **चाड** | **उत्तरहरू** |
|---|---|---|
| (क) | भूमे/भूम्या/भयर | १ |
| (ख) | माघे सकराती (सङ्क्रान्ति) | २ |
| (ग) | बुद्ध पूर्णिमा (पुर्ने) | ३ |
| (घ) | दशै | ४ |
| (ङ) | तिहार | ५ |
| (च) | अन्य (खुलाउने) | ८ |

**१३. मगरको पुरानो धर्म के हो ?**

(क) प्राकृतिपूजक .......१ (ख) बौद्ध ............२ (ग) झाँक्रीवादी. ..................३ (घ) किरात ..................४ (ङ) हिन्दु ..............५
(च) मगरात ............६ (छ) क्रिस्चियन..........७ (ज) अन्य (खुलाउने)........................८

**१४. मगर भाषाबारे तपाई कत्तिको जानकार हुनुहुन्छ ?**

(क) लेख्नपढ्न सक्छु .......१ (ख) लेख्न सक्दिनँ पढ्न सक्छु............२ (ग) लेख्नपढ्न आउँदैन तर बोल्छु.................३
(घ) अलि अलि बोल्छु ..................४ (ङ) मगर भाषा नै बोल्दिनँ ..............५ (च) अन्य ( खुलाउने)........................६

**१५. तपाईंले घरभित्र र बाहिर संवादका लागि मगर भाषा प्रयोग गर्नुहुन्छ ?**

(क) गर्छु ............................१ (ख) गर्दैन.......................२ (प्रश्न १७ मा जाने)

**१६. यदि प्रयोग गर्नुहुन्छ भने कोसँग गर्नुहुन्छ ?**

| क्र.सं. | **संवाद गर्ने व्यक्ति** | **उत्तरहरू** |
|---|---|---|
| (क) | आमाबाबुसँग | १ |
| (ख) | श्रीमान्/श्रमितीसँग | २ |
| (ग) | छोरा/छोरीसँग | ३ |
| (घ) | छिमेकीसँग | ४ |
| (ङ) | साथीभाइसँग | ५ |
| (च) | अन्य (खुलाउने) | ८ |

**१७. तपाईंले मगरको पोसाक कत्तिको प्रयोग हुन्छ ?**

(क) सधैं लगाउछु.......१ (ख) चाडपर्व र सामाजिक समारोहमा लगाउँछु..........२ (ग) लगाउँदिनँ ................३

**१८. मगर जातिको पुरानो/परम्परागत राजनीतिक संस्थाहरू के के हुन् ?**

| क्र.सं. | **राजनीतिक संस्था** | **उत्तरहरू** |
|---|---|---|
| (क) | मुखिया/ जिम्माल/जिमुवाल | १ |
| (ख) | भेजा | २ |
| (ग) | मिझार/ जेठोपाका | ३ |
| (घ) | अन्य (खुलाउने) | ८ |
| (ङ) | थाहा छैन | ९ |

**१९. तपाईं आफूलाई के भनेर चिनाउन मन पराउनुहुन्छ ? कुनै दुई उल्लेख गर्नुहोस ।**

(क) नेपाली .......१ (ख) मगर.........२ (ग) नेपाली अनि मगर .................३ (घ) मगर अनि नेपाली ..................४ (ङ) आफ्नो ठाउँअनुसार (स्थान विशेष)..............५ (च) अन्य (खुलाउने).......................६

**खण्ड खः मगरको राजनीतिक मुद्दा सम्बन्धित**

**१. मगरको प्रमुख राजनीतिक मुद्दा के हो ?**

| क्र.सं. | **राजनीतिक मुद्दा** | **उत्तरहरू** |
|---|---|---|
| (क) | जनसङ्ख्याको अनुपातमा समानुपातिक प्रतिनीधित्व | १ |
| (ख) | जातीय स्वायत्तता (मगरात) | ३ |
| (ग) | आत्मनिर्णयको अधिकारसहितको मगरात | ४ |
| (घ) | प्राकृतिक स्रोतसाधनमाथिको प्रथम अधिकार | ५ |
| (ङ) | अन्य (खुलाउने) | ८ |
| (च) | थाहा छैन/भन्न चाहन्नँ | ९ |

**२. मगरात शब्द सुन्नुभएको छ ?**

(क) छु ....................................१ (ख) छैन................................................२ (प्रश्न नं. ४ मा जाने)

**३. (यदि सुन्नु भएको भए) कसरी सुन्नुभयो ?**

(क) बुढापाकाले भनेर.......१ (ख) इतिहास पढेर.......२ (ग) मगर सङ्घसंस्थाले भनेर.................३ (घ) राजनीतिक दलहरूले भनेर..................४ (ङ) अग्रजहरूले भनेर............५ (च) अन्य (खुलाउने)........................६

**४. मगरात भन्दाले के बुझ्नु हुन्छ ?**

| क्र.सं. | मगरातको बुझाइ | उत्तरहरू |
|---|---|---|
| (क) | मगरहरूको बसोबास गर्ने स्थान | १ |
| (ख) | प्राचीन मगर राज्य | २ |
| (ग) | सङ्घीय नेपालको एक स्वायत्त प्रदेश | ३ |
| (घ) | मगरको ऐतिहासिक भूमिमा जल, जङ्गल र जमिनमाथिको प्रथम अधिकार | ४ |
| (ङ) | मगरहरूको आत्मनिर्णयको अधिकारसहितको स्वतन्त्र राज्य | ५ |
| (च) | अन्य (खुलाउने) | ८ |
| (छ) | थाहा छैन/भन्न चाहन्नँ | ९ |

**५. तपाईंको विचारमा मगरात प्रदेश आवश्यक छ कि छैन ?**

(क) छ.....................................१ (ख) छैन......................२ (प्रश्न नं. ८ मा जाने) ((ग) थाहा छैन...........................................३

**६. यदि मगरात प्रदेश बन्यो भने मगर समुदायका लागि हुने तीनवटा फाइदाहरू के के हुन् ?**

| क्र.सं. | फाइदा | उत्तरहरू |
|---|---|---|
| (क) | मगरले मुख्यमन्त्री बन्ने अवसर मिल्छ | १ |
| (ख) | नीति निर्माणमा मगरको सहभागितामा वृद्धि | २ |
| (ग) | शासन प्रशासनमा मगरको उल्लेख्य सहभागिता | ३ |
| (घ) | मगरको आर्थिक सुधार | ४ |
| (ङ) | मगरको शैक्षिक सुधार | ५ |
| (च) | मगरको संस्कृतिका संरक्षण | ६ |
| (छ) | अन्य (खुलाउने) | ८ |
| (ज) | थाहा छैन/भन्न चाहन्नँ | ९ |

**७. यदि मगरात प्रदेश स्थापना हुन सकेन भने मगरहरूले के गर्नुपर्दछ ?**

(क) शान्तिपूर्ण आन्दोलन गर्नुपर्दछ.............१ (ख) सशस्त्र विद्रोह गर्नुपर्दछ.................२ (ग) मगरहरूको राजनीतिक पार्टी बनाउनुपर्दछ। .............३ (घ) अन्य (खुलाउने)........................८ (ङ) थाहा छैन..................

**८. (यदि मगरात आवश्यक छैन भने) किन आवश्यक छैन ?**

(क) जातीय राज्य भएकोल .......१ (ख) जातीय द्वन्द्व खतरा भएकाले.......२ (ग) बहुजातीय समाज भएकाले.............३
(घ) मगर देशव्यापी फैलिएकाले......................४ (ङ) अन्य
(खुलाउने)........................५

**९. मगर जाति पछाडि पर्नुको प्रमुख तीन कारण के के हुन् ?**

| क्र.सं. | कारण | उत्तरहरू |
|---|---|---|
| (क) | शिक्षाको कमी | १ |
| (ख) | सांस्कृतिक विभेद | २ |
| (ग) | राजनीतिक. चेतनाको अभाव | ३ |
| (घ) | आर्थिक पछौटेपन | ४ |
| (ङ) | अन्धविश्वास | ५ |
| (च) | पल्टने/लाहुरे प्रवृत्ति | ६ |
| (छ) | विदेश जाने प्रवृत्ति | ७ |
| (ज) | अन्य (खुलाउने) | ८ |
| (झ) | थाहा छैन /भन्न चाहन्नँ | ९ |

**१०. मगर जातिको मुद्दा र आन्दोलन उठ्नाका धेरै कारणहरूमध्ये तीन प्रमुख कारणहरू के के हुन् ?**

| क्र.सं. | कारण | उत्तरहरू |
|---|---|---|
| (क) | राज्यले उनीहरूमाथि गरेका विभेदको कारण | १ |
| (ख) | मगरहरू सचेत र सङ्गठित भएकाले | २ |
| (ग) | आदिवसाी जनजाति आन्दोलनको प्रभाव | ३ |
| (घ) | मगर सङ्घको स्थापनाको कारण | ४ |
| (ङ) | माओवादी सशस्त्र विद्रोहको कारण | ५ |
| (च) | संविधानसभामा पहिचानको बहसको कारण | ७ |
| (छ) | अन्य (खुलाउने) | ८ |
| (ज) | थाहा छैन/भन्न चाहन्न | ९ |

(११) **तपाईको विचारमा, मगर जातिको मुख्य तीन वटा पहिचानहरू के–के हुन जस्तो लाग्दछ ?**

| क्र.सं. | पहिचान | उत्तरहरू |
|---|---|---|
| (क) | मगर जातिको मौलिक संस्कृति | १ |
| (ख) | मगर जातिको मातृभाषा | २ |
| (ग) | ऐतिहासिक मगरात | ३ |
| (घ) | मगर जातिको परमपरागत चाडपर्व | ४ |
| (ङ) | मगर भाषामा राखिएका स्थान नामहरू | ५ |
| (च) | इमाण्दारिता र विरता | ६ |
| (छ) | अन्य (खुलाउने) | ८ |
| (ज) | थाहा छैन/भन्न चाहन्न | ९ |

१२. **तपाईंको विचारमा मगर जातिको ऐतिहासिक पहिचान मेटिनुका धेरै कारणमध्ये कुनै तीन के के हुन् जस्तो लाग्दछ ?**

| क्र.सं. | कारण | उत्तरहरू |
|---|---|---|
| (क) | ऐतिहासिक थातथलोको नाम परिवर्तन हुनु | १ |
| (ख) | राज्यले मगर मातृभाषामा लगानी नगर्नु | २ |
| (ग) | मगरको मौलिक संस्कृति हराउँदै जानु | ३ |
| (घ) | मगरहरूले नै आफ्नो भाषा संस्कृति जर्गेनामा चासो नगर्नु | ४ |
| (ङ) | दैनिक कामकाजमा मगर भाषा संस्कृति अव्यावहारिक हुनु | ५ |
| (च) | मगरहरूले अध्ययन अनुसन्धान नगर्नु | ६ |
| (छ) | मगरहरूको राज्यमा पहुँच नहुनु | ७ |
| (ज) | अन्य (खुलाउने) | ८ |
| (झ) | थाहा छैन | ९ |

### खण्ड ग: पहिचानको विषयमा दलहरूको धारणासँग सम्बन्धित

**१. नेपालका राजनीतिक दलहरूले निम्न लिखित विषयहरूमध्ये कुन कुन विषयलाई सबभन्दा जोडदार रूपमा उठाउने गरेको छ ?**

(अ) नेपाली काङ्ग्रेस

| क्र.सं. | मुद्दा | उत्तरहरू |
|---|---|---|
| (क) | आरक्षण (सकरात्मक पहल) | १ |
| (ख) | समावेशी समानुपातिक प्रतिनीधित्व | २ |
| (ग) | आई. एल. ओ. १६९ र युएनड्रिपको कार्यान्वयन | ३ |
| (घ) | जातीय क्षेत्रीय स्वशासन | ४ |
| (ङ) | मगरात स्वायत्तता | ५ |
| (च) | मातृभाषामा शिक्षा | ६ |
| (छ) | धर्मनिरपेक्षता | ७ |
| (ज) | अन्य (खुलाउने) | ८ |
| (झ) | थाहा छैन | ९ |

(आ) एमाले

| क्र.सं. | मुद्दा | उत्तरहरू |
|---|---|---|
| (क) | आरक्षण (सकरात्मक पहल) | १ |
| (ख) | समावेशी समानुपातिक प्रतिनिधित्व | २ |
| (ग) | आई.एल.ओ. १६९ र युएनड्रिपको कार्यान्वयन | ३ |
| (घ) | जातीय क्षेत्रीय स्वशासन | ४ |
| (ङ) | मगरात स्वायत्तता | ५ |
| (च) | मातृभाषामा शिक्षा | ६ |
| (छ) | धर्मनिरपेक्षता | ७ |
| (ज) | अन्य (खुलाउने) | ८ |
| (झ) | थाहा छैन | ९ |

(इ) माओवादी केन्द्र

| क्र.सं. | मुद्दा | उत्तरहरू |
|---|---|---|
| (क) | आरक्षण (सकारात्मक पहल) | १ |
| (ख) | समावेशी समानुपातिक प्रतिनिधित्व | २ |
| (ग) | आई.एल.ओ. १६९ र युएनड्रिपको कार्यान्वयन | ३ |
| (घ) | जातीय क्षेत्रीय स्वशासन | ४ |
| (ङ) | मगरात स्वायत्तता | ५ |
| (च) | मातृभाषामा शिक्षा | ६ |
| (छ) | धर्मनिरपेक्षता | ७ |
| (ज) | अन्य (खुलाउने) | ८ |
| (झ) | थाहा छैन | ९ |

(ई) सङ्घीय समाजवादी फोरम

| क्र.सं. | मुद्दा | उत्तरहरू |
|---|---|---|
| (क) | आरक्षण (सकारात्मक पहल) | १ |
| (ख) | समावेशी समानुपातिक प्रतिनिधित्व | २ |
| (ग) | आई.एल.ओ. १६९ र युएनड्रिपको कार्यान्वयन | ३ |
| (घ) | जातीय क्षेत्रीय स्वशासन | ४ |
| (ङ) | मगरात स्वायत्तता | ५ |
| (च) | मातृभाषामा शिक्षा | ६ |
| (छ) | धर्मनिरपेक्षता | ७ |

| | | |
|---|---|---|
| (ज) | अन्य (खुलाउने) | ८ |
| (झ) | थाहा छैन | ९ |

(उ) जनमुक्ति

| क्र.सं. | मुद्दा | उत्तरहरू |
|---|---|---|
| (क) | आरक्षण (सकारात्मक पहल) | १ |
| (ख) | समावेशी समानुपातिक प्रतिनिधित्व | २ |
| (ग) | आई.एल.ओ. १६९ र युएनड्रिपको कार्यान्वयन | ३ |
| (घ) | जातीय क्षेत्रीय स्वशासन | ४ |
| (ङ) | मगरात स्वायत्तता | ५ |
| (च) | मातृभाषामा शिक्षा | ६ |
| (छ) | धर्मनिरपेक्षता | ७ |
| (ज) | अन्य (खुलाउने) | ८ |
| (झ) | थाहा छैन | ९ |

(ऊ) नयाँ शक्ति नेपाल

| क्र.सं. | मुद्दा | उत्तरहरू |
|---|---|---|
| (क) | आरक्षण (सकारात्मक पहल) | १ |
| (ख) | समावेशी समानुपातिक प्रतिनिधित्व | २ |
| (ग) | आई.एल.ओ. १६९ र युएनड्रिपको कार्यान्वयन | ३ |
| (घ) | जातीय क्षेत्रीय स्वशासन | ४ |
| (ङ) | मगरात स्वायत्तता | ५ |
| (च) | मातृभाषामा शिक्षा | ६ |
| (छ) | धर्मनिरपेक्षता | ७ |
| (ज) | अन्य (खुलाउने) | ८ |
| (झ) | थाहा छैन | ९ |

**२. तपाईंको विचारमा नेपालका कम्युनिस्टहरू पहिचानको राजनीतिप्रति अनुदार हुनुका प्रमुख तीन कारणहरू के के होलान् ?**

| क्र.सं. | मुद्दा | उत्तरहरू |
|---|---|---|
| (क) | वर्गीय पक्षधर भएकाले | १ |
| (ख) | खस-आर्य समुदायको वर्चस्व भएकाले | २ |
| (ग) | पहिचानको राजनीति विकल्पमा आएकाले | ३ |
| (घ) | पहिचानवादी दलहरू कमजोर भएकाले | ४ |
| (ङ) | नेताहरूको जातीय अहङ्कारको कारणले | ५ |
| (च) | पहिचानको राजनीति सङ्कुचित भएकाले | ६ |
| (छ) | अन्य (खुलाउने) | ८ |
| (ज) | थाहा छैन | ९ |

**३. तपाईंको विचारमा पहिचानलाई प्रमुख मुद्दा बनाएका दलहरू प्रभावकारी हुन नसक्नुका प्रमुख तीन कारणहरू के के हुन् ?**

| क्र.सं. | कारण | उत्तरहरू |
|---|---|---|
| (क) | जातीय मुद्दा मात्रै बोकेकाले | १ |
| (ख) | अतिवादी प्रस्तुतिले | २ |
| (ग) | अन्य जातिको अस्तित्व अस्विकार गरेकाले | ३ |
| (घ) | पहिचानको विषयमा सचेत गराउन नसकेकाले | ४ |
| (ङ) | पहिचानवादीहरूको सङ्कीर्ण व्यवहारले | ५ |
| (च) | पहिचानको दर्शन समयसापेक्ष नभएकाले | ६ |
| (छ) | अन्य (खुलाउने) | ८ |
| (ज) | थाहा छैन | ९ |

**४. तपाईंको विचारमा कम्युनिस्टहरूले यी विषयमध्ये कुन विषयलाई सबभन्दा धेरै महत्व दिने गर्छन् ?**

| **क्र.सं.** | **विषय** | **उत्तरहरू** |
|---|---|---|
| (क) | वर्गीय | १ |
| (ख) | जातीय/क्षेत्रीय | २ |
| (ग) | धार्मिक-सांस्कृतिक | ३ |
| (घ) | अन्य (खुलाउने) | ८ |
| (ङ) | थाहा छैन | ९ |

**५. तपाईंको विचारमा कम्युनिस्टहरूले जातीय संस्थाहरू स्थापना गर्नु ठिक हो कि होइन ?**

(क) हो ……………….१ (ख) होइन…………………….२ (प्रश्न नं. ७ मा जाने)
(ग) थाहा छैन…………………..३

**६. (यदि ठिक हो भने) किन ठिक हो ?**

| **क्र.सं.** | **कारण** | **उत्तरहरू** |
|---|---|---|
| (क) | कार्यकर्ताहरूलाई पार्टी नियन्त्रणमा राख्न | १ |
| (ख) | जातीय समस्या समाधान गर्न | २ |
| (ग) | बहुजातीय समाज भएकाले | ३ |
| (घ) | पार्टीलाई बलियो बनाउन | ४ |
| (ङ) | पार्टीलाई समावेशी बनाउन | ५ |
| (च) | अन्य (खुलाउने) | ८ |
| (छ) | थाहा छैन | ९ |

**७. (यदि ठिक होइन भने) किन ठिक होइन ?**

| **क्र.सं.** | **कारण** | **उत्तरहरू** |
|---|---|---|
| (क) | जातपात नमान्ने भएकाले | १ |
| (ख) | जातीय द्वन्द्व बढाउने भएकाले | २ |
| (ग) | बहुजातीय समाज भएकाले | ३ |
| (घ) | खस-आर्यको भूमिका कमजोर हुने भएकाले | ४ |
| (ङ) | भोट बैङ्कका रूपमा प्रयोग गर्ने भएकाले | ५ |
| (च) | अन्य (खुलाउने) | ८ |
| (छ) | थाहा छैन | ९ |

सहभागिता जनाउनुभएकोमा धन्यवाद !
नोटः……………………………………………………………………………………………………
…………………………………………………………………

## अनुसूची ३: चेकलिस्ट

नमस्कार ! म भोजविक्रम बुढामगर हुँ । म त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिक सङ्कायअन्तर्गत राजनीतिशास्त्र विषयमा '**मगर पहिचानको राजनीति : मार्क्सवादी दृष्टिकोण**' शीर्षकको विद्यावारिधिको विद्यार्थी हुँ । म तपाईंसँग मगर जाति, पहिचान र मार्क्सवादसम्बन्धी केही जिज्ञासा राख्दछु । तपाईंको सहयोगका लागि धन्यवाद ।

**(क) मगर अभियान्ता तथा विद्वान्हरूका लागि (उद्देश्य ३ सँग सम्बन्धित)**

१. तपाईको विचारमा मगरात भनेको के हो ?

२. प्राचीन तथा मध्यकालीन नेपालमा मगरात राज्यहरू कसरी चलेको थियो ?

३. गोर्खा राज्य विस्तार प्रक्रियामा मगरहरूको भूमिका कस्तो थियो ?

४. आधुनिक नेपालको निर्माण पछि मगर जातिको राजनीतिक अवस्थालाई कसरी हेर्नुभएको छ ?

५. नेपालको राजनीतिक प्रक्रियामा मगरहरू पछाडि पर्नुको मुख्य कारणहरू के के होला ?

६. मगर जातिको पहिचानसँग जोडिएका राजनीतिक मुद्दाहरू के के हुन् ?

७. मगर पहिचानका सन्दर्भमा देखिएका मुख्य मुख्य सङ्कटहरू के के हुन् ?.

**(ख) पहिचानको आन्दोलनमा आबद्ध व्यक्तिहरूका लागि (उद्देश्य १ सँग सम्बन्धित)**

१. तपाईंहरूले भनेको पहिचानको अर्थ के हो ?

२. जातीय पहिचानको मुद्दा आदिवासी जनजातिभित्रका केही टाठाबाठाहरूले स्वार्थ पूरा गर्ने भऱ्याङ भन्ने आरोप छ, वास्तविकता के हो ?

३. नेपालमा भइरहेको पहिचानको बहस हाम्रो मौलिकपन हो कि आयातित ?

४. जातीय पहिचानको सार जातीय राज्य हो यसबाट विखण्डन र विद्वेष आउँछ भनिन्छ नि ?

५. पहिचानको मुद्दाले बुर्जुवाहरूको पक्षपोषण गर्छ भन्ने आरोप छ, वास्तविकता के हो ?

६. पहिचानले मात्र मानव समाजलाई स्वावलम्बन बनाउन सक्तैन, मूल कुरो आर्थिक सम्पन्नता हो भन्ने गरिन्छ नि ?

७. जातीय पहिचानको सिद्धान्तले जातीय उत्पीडनको अन्त्य हुन्छ भन्ने आधारहरू के के हुन् ? के विगतमा कानुनी हैसियतले केही जातिलाई संरक्षण र केहीलाई बहिष्करण गरेजस्तो अवस्था नआउला ?

८. मार्क्सवादीहरूले एउटै जातिभित्र शोषक र शोसित वर्ग हुने कुराको उल्लेख छ, यसलाई पहिचानवादीहरूले कसरी लिने गरेका छन् ?

**(ग) कम्युनिस्ट दलहरूसँग आबद्ध जानकारहरूका लागि (उद्देश्य १ र २ सँग सम्बन्धित)**

१. मार्क्सवादले सामाजिक समस्यालाई कसरी हेर्ने गर्दछ ?

२. मार्क्सवाद र पहिचान दुई फरक दर्शनहरू हुन् तर नेपालका कम्युनिस्ट पार्टीहरूले जातीय मुद्दालाई उपयोग मात्र गरेको भन्ने तर्क प्रति तपाईंको धारणा के छ ?

३. नेपालको कम्युनिस्ट पार्टीले स्थापना कालदेखि नै जातीय समस्यालाई महत्वका साथ उठाए पनि कम्युनिस्टहरूले जातीय उत्पीडनको मुद्दालाई प्राथमिकतामा नराखेको भन्ने तर्कप्रति तपाईंको राय के छ ?

४. नेपालका कम्युनिस्ट दलहरूमा आदिवासी जनजातिहरूको उल्लेखनीय सहभागिता रहेको छ तर खस-आर्य नेताहरूले जातीय उत्पीडनलाई गम्भीरताका साथ नलिएको गुनासो गर्ने गरेका छन्, यसलाई कसरी हेर्नुभएको छ ?

५. मार्क्सवादले वर्गीय कुरा मात्र गर्दछ, बहुल संस्कृतिका कारणले भएका सामाजिक विभेदहरूलाई न्याय गर्दैन भन्ने तर्कलाई के भन्नुहुन्छ ?

६. नेपालको सन्दर्भमा जातीय-सांस्कृतिक विभेदको जगमा नै वर्गहरूको निर्माण हुने गरेको तर्कहरूप्रति तपाईंको विचार के हो ?

७. कम्युनिस्टहरूले आफ्नो नीतिहरूमा जातिहरूको आत्मनिर्णयको अधिकार, जातीय स्वायत्त शासनले उत्पीडनमा परेका जातिहरूलाई मुक्ति दिने उल्लेख गरेका थिए/छन्, यसका आधारहरू के के हुन् ?

**(घ) प्राज्ञिक व्यक्तित्वहरूसँग सम्बन्धित**

१. नेपालको राजनीतिमा पहिचानको बहस हाम्रो समाजको आवश्यक्ता हो कि बाध्यता ?

२. नेपालमा चलिरहेको पहिचानको बहसका कारणहरू के के हुन् ?

३. पहिचानवादीहरूले उठाएका मुद्दाहरू लोकतन्त्रवादीको हो कि साम्यवादीहरूको ?

४. नेपालका कम्युनिस्टहरूले जातीय मुद्दालाई स्वीकार गर्नु दार्शनिक दृष्टिकोणले सान्दर्भिक छ ?

५. नेपाली समाजमा व्याप्त रहेको वर्गीय र जातीय अन्तर्विरोधको के सम्बन्ध छ ?

६. नेपाली समाजको असमानताको प्रमुख कारण वर्ग हो कि जात ?
७. मार्क्सवादीहरूले पहिचानको राजनीतिलाई उत्तरआधुनिकताबाद र पुँजीवादको उपज भन्ने गर्दछन् यस विषयमा तपाईको धारणा के छ ?

## अनुसूची ४ः मूल सूचनादाताहरुको नामावली

| क्रस | नाम | आबद्धता | हैसियत (अन्तरवार्ताको समयमा) | सम्वाद मिति | अन्तरवार्ता लिएको स्थान |
|---|---|---|---|---|---|
| १ | सह प्रा. बालकृष्ण माबुहाङ | त्रिवि, कीर्तिपुर | पूर्व महासचिव, नेपाल आदिवासी जनजाति महासङ्घ | २०७३ श्रावण ९ | काठमाडौ |
| २ | नन्द कन्दङवा | किरात याक्थुङ चुम्लुङ | संस्थापक अध्यक्ष | २०७३ श्रावण १० | ललितपुर |
| ३ | नविन रोकामगर | नेपाल मगर संघ | अध्यक्ष | २०७३ श्रावण १० | ललितपुर |
| ४ | मोहनबिक्रम सिंह | नेकपा मसाल | महामन्त्री | २०७३ श्रावण १२ | काठमाडौ |
| ५ | हेमराज राई | ससफो | केन्द्रीय उपाध्यक्ष | २०७३ श्रावण १३ | ललितपुर |
| ६ | शंकर पोखरेल | नेकपा (एमाले) | स्थायी कमिटी सदस्य | २०७३ श्रावण १३ | काठमाडौ |
| ७ | एम.एस. थापा | राष्ट्रिय जनमुक्ति पार्टी | पूर्व अध्यक्ष | २०७३ श्रावण १३ | काठमाडौ |
| ८ | गोबर्द्धन राना | पाटन संयुक्त क्याम्पस | सह प्राध्यापक | २०७३ श्रावण १३ | काठमाडौ |
| ९ | सुरेश आले | नेमसङ्घ र आजमहासङ्घ | संस्थापक महासचिव | २०७३ श्रावण १४ | काठमाडौ |
| १० | आहुति (विश्वभक्त दुलाल) | माओवादी केन्द्र | पोलिटब्युरो सदस्य | २०७३ श्रावण १४ | काठमाडौ |
| ११ | खिमलाल देवकोटा | नयाँ शक्ति पार्टी नेपाल | केन्द्रीय प्रबक्ता | २०७३ श्रावण १७ | काठमाडौ |
| १२ | भवानी बराल | | लेखक तथा पत्रकार | २०७३ श्रावण १७ | काठमाडौ |
| १३ | देबप्रसाद गुरुङ | नेकपा (माओवादी केन्द्र) | सचिवालय सदस्य | २०७३ श्रावण १९ | काठमाडौ |
| १४ | अरुण बराल | सम्पादक, अनलाईन खवर | लेखक तथा पत्रकार | २०७३ श्रावण २२ | काठमाडौ |
| १५ | मोदनाथ प्रश्रित | पूर्व मन्त्री | लेखक | २०७३ श्रावण २५ | काठमाडौ |
| १६ | प्रा. डा. पुष्पराज कडेल | नेकपा एमाले | अध्यक्ष केन्द्रीय लेखा आयोग | २०७३ श्रावण २५ | काठमाडौ |
| १७ | प्रदिप ज्ञवाली | नेकपा (एमाले) | सचिव | २०७३ श्रावण २६ | काठमाडौ |
| १८ | नवराज सुवेदी | नयाँ शक्ति नेपाल | सचिवालय सदस्य | २०७३ श्रावण २६ | काठमाडौ |
| १९ | कृष्ण भट्टचन, पिएचडी | त्रिविवि | समाजशास्त्री | २०७३ श्रावण २७ | ललितपुर |
| २० | सन्तोष बुढामगर | नेकपा माओवादी | पोलिटब्युरो सदस्य | २०७३ श्रावण २७ | ललितपुर |
| २१ | प्रा. डा. महेन्द्र लावती | वेर्स्टर्न मिचेगन विश्वविधालय | राजनीतिशास्त्री | २०७३ श्रावण २९ | ललितपुर |
| २२ | परि थापा | नेकपा क्रान्तिकारी माओवादी | सचिबालय सदस्य | २०७३ श्रावण २९ | काठमाडौ |
| २३ | विजय सुब्वा, पिएचडि | नेकपा (एमाले) | केन्द्रीय सदस्य | २०७३ श्रावण ३१ | काठमाडौ |
| २४ | प्रा. डा. केशरजङ्ग बराल | पोखरा विश्वविद्यालय | पूर्व उपकुलपति | २०७३ भदौ ६ | काठमाडौ |
| २५ | प्रा. कृष्ण खनाल | | राजनीतिशास्त्री | २०७३ भदौ ६ | काठमाडौ |
| २६ | नारायणमान विजुक्छे ( रोहित) | नेमकिपा | अध्यक्ष | २०७३ भदौ १२ | भक्तपुर |
| २७ | बालाराम घर्तीमगर | राप्रपा | पूर्वमन्त्री तथा के. स. | २०७३ भदौ १२ | ललितपुर |
| २८ | बीर नेम्बाङ | संस्थापक अध्यक्ष | सङ्घीय लिम्बुवान पार्टी | २०७३ भदौ २८ | फोन बार्ता |
| २९ | राजेन्द्र लिङ्देन | राप्रपा, नेपाल | महामन्त्री | २०७३ भदौ २१ | काठमाडौ |
| ३० | टोपबहादुर रायमाभी | माओवादी केन्द | नेता तथा पूर्व मन्त्री | २०७३ असोज ०६ | ललितपुर |
| ३१ | शशिधर भण्डारी | नेकपा मसाल | बाम बुद्धिजीबी | २०७३ असोज ०६ | काठमाडौ |
| ३२ | अमर गीरी, पिएचडि | नेपाल प्रज्ञा-प्रतिष्ठान | सदस्य, प्राज्ञ परिषद | २०७३ असोज १७ | काठमाडौ |
| ३३ | खगेन्द्र माखिम लिम्बू | सङ्घीय लिम्बूवान पार्टी | सह-अध्यक्ष | २०७३ अशोज ३० | ललितपुर |
| ३४ | निर्मलकुमार विक | काठमाडौ विश्वद्यिालय | उप प्राध्यपक | २०७३ कार्तिक ११ | काठमाडौ |
| ३५ | बमकुमारी बुढामगर | | राष्ट्रिय पञ्चायत सदस्य | २०७३ फागुन ९ | काठमाडौ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६ | धर्मप्रसाद श्रीसमगर | | लेखक | २०७३ चैत्र ३ | नेपालगञ्ज |
| ३७ | थम्मनबहादुर बुढामगर | नेशनल मंगोल अर्गनाईजेशन | प्रवक्ता | २०७४ बैशाख ४ | ललितपुर |
| ३८ | कृष्ण रानामगर | नेकपा (माले) | पोलिब्युरो सदस्य | २०७६ वैशाख ७ | काठमाडौ |
| ३९ | केबी गुरुङ | केन्द्रीय सचिवालय सदस्य | नेकपा क्रान्तिकारी माओवादी | २०७३ चैत ४ | प्युठान |
| ४० | नरेन्द्रबहादुर थापा मगर | | पूर्व अञ्चलाधिश | २०७४ बैशाख २२ | ललितपुर |
| ४१ | कुमार लिङदेन (मिराक) | सङ्घीय लोकतान्त्रिक लिम्बुवान मञ्च | अध्यक्ष | २०७६ असार ०२ | काठमाडौ |

## अनुसूची ५ः २०६४ साल साउन २२ गते नेपाल सरकार र आदिवासी जनजातिबीच भएको २० बुँदे सहमति

१. संविधानसभाको निर्वाचनका लागि वर्तमान संविधानमा भएको व्यवस्थाअन्तर्गत पहिलो हुने निर्वाचित हुने प्रणालीमा दलहरूले उम्मेदवारी दिँदा सबै जाति जनजातिको समानुपातिक समावेशी हुने कुरालाई ध्यानमा राखी उम्मेदवारी तय गरिने छ।
२. राजनीतिक दलहरूले समानुपातिक सूची तयार गर्दा निर्वाचनमा सहभागी हुने सबै दलहरू मिलेर सूचीकृत आदिवासी जनजातिका प्रत्येक समुदायबाट प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था मिलाइने छ।
३. दुवै निर्वाचन प्रणालीबाट प्रतिनिधित्व हुन नसकेका सूचीकृत आदिवासी जनजातिको न्यूनतम एक प्रतिनिधित्व सुनिश्चित गराउने सम्बनधमा संवैधानिक वा कानुनी सुनिश्चितता कसरी गर्ने भन्ने विषयमा नेपाल सरकारले आठ राजनीतिक दलमा सहमति गरी निष्कर्ष निकालिने छ।
४. नेपालको राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई सर्वोपरी राखी जाति, भाषा, भौगोलिक क्षेत्र तथा आर्थिक आधार र सांस्कृतिक विशेषतासमेतका आधारमा अव बन्ने संविधानसभासमक्ष राज्यको सङ्घीय संरचनासम्बन्धी सुझाव प्रस्तुत गर्न एक राज्य पुनर्संरचना आयोग तत्कालै गठन गरिनेछ। सो आयोगमा आदिवासी जनजाति, मधेसी, दलित, महिलालगायत विभिन्न वर्ग, क्षेत्र र समुदायका विशिष्ट विशेषज्ञहरू रहने छन्।
५. आदिवासी जनजाति आयोग गठन गर्ने छ।
६. नेपाली भाषालाई मात्र सरकारी कामकाजको भाषाका रूपमा मान्यता प्रदान गरिएकोमा नेपाली भाषा स्थानीय स्तरमा बोलिने मातृभाषालाई समेत मान्यता प्रदान गरिने व्यवस्था संविधानसभाबाट गरिने छ। नागरिकहरूको भाषिक अधिकारलाई सुनिश्चित तुल्याउने दिशामा सरकारी प्रतिबद्धता कायमै गरिने छ।
७. संविधानसभालगायत सार्वजनिक महत्वका विषयहरूमा जानकारी माग्ने र तत्सम्बन्धी सूचना र जानकारीहरू सर्वसाधारण जनताले आ-आफ्नो मातृभाषामा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइने छ।
८. राजनीतिक दलहरूका सबै तहमा सबै वर्ग, लिङ्ग, समुदाय र जातजातिको प्रतिनिधित्व हुनुपर्नेमा नेपाल सरकारको सिद्धान्तत सहमति रहेको छ। राज्यको सबै अङ्ग र तहमा सबै जाति, वर्ग, समुदाय, लिङ्ग र क्षेत्रको समावेशी सहभागिता र समानुपातिक प्रतिनिधित्वका लागि सबैको प्रतिनिधित्व रहेको एक कार्यदल तत्कालै गठन गरी अध्ययन गर्न लगाइने छ।
९. राज्य सञ्चालनका सबै अङ्ग र तहहरूमा आदिवासी जनजातिहरू लगायतका सबै लिङ्ग, वर्ग, क्षेत्र र समुदायको समावेशी समानुपातिक प्रतिनिधित्व हुनु पर्ने कानुनी एवम् नीतिगत तहमा व्यक्त प्रतिबद्धतालाई व्यवहारमा उतार्न सबै क्षेत्रबाट पहल गर्दै लगिने छ।
१०. आदिवासी जनजाति लगायतका विभिन्न वर्ग, क्षेत्र, लिङ्ग र समुदायहरूको सरोकारका विषयहरूमा महत्वपूर्ण निर्णय लिदा सम्बन्धितपक्ष र निकायहरूको सल्लाह र परामर्श लिने व्यवस्थालाई विकसित गर्दै लगिने छ।
११. अन्तर्राष्ट्रिय श्रम सङ्गठनको अभिसन्धि १६९ को अनुमोदन गर्ने प्रस्तावलाई अविलम्ब पारित गराउने व्यवस्था मिलाइने छ।
१२. आदिवासी जनजातिका अधिकार सम्बन्धी राष्ट्रसङ्घीय घोषणापत्रलाई अनुमोदन गर्ने सम्बन्धमा आवश्यक कानुनी प्रक्रिया पूरा गरी अविलम्ब उपयुक्त कदम चालिने छ।
१३. आदिवासी जनजाति सम्बन्धी जिल्ला समन्वय समिति गठन गर्ने सिलसिलामा लोकतान्त्रिक एवम् पारदर्शी प्रक्रियाको अवलम्बन गरिने छ। साथै यस प्रक्रियामा आदिवासी जनजाति महासङ्घ र राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घको संलग्नतालाई उच्च महत्व दिइने छ।
१४. अन्तरिम योजनालगायतका विकास योजना तथा कार्यक्रमहरूको कार्यान्वयन तथा लाभको बाँडफाँडमा महिला विविधतालाई दृष्टिगत गरी आदिवासी जनजाति, दलित र मधेसी महिलाहरूको समेत समान सहभागितामा जोड दिइने छ।

१५. जैविक विविधतासम्बन्धी महासन्धिको पक्ष राष्ट्रको हैसियतले आदिवासी जनजातिहरूको परम्परागत ज्ञान, सीप, अभ्यास र प्रविधिको उपयोग र संरक्षणमा राज्यले विशेष ध्यान दिने छ।

१६. वरिष्ठ भूगोलविद् डा. हर्क गुरुङलाई राज्यले विशेष सम्मान गर्ने छ।

१७. ताप्लेजुङ घुन्सामा भएको हेलिकप्टर दुर्घटनामा परी दिवङ्गत भएका सबै नेपालीहरूलाई राहतस्वरूप प्रतिपरिवार १० लाख रुपैयाँ क्षतिपूर्ति दिने व्यवस्था मिलाउने छ।

१८. मुक्त कमैयाहरूको समस्यालाई स्थायी तवरले समाधान गर्न नेपाल सरकारले सुरु गरेको प्रक्रियालाई सम्झौताअनुसार प्रभावकारी रूपमा अगाडि बढाउने छ।

१९. मधेसी, महिला, दलित लगायतका विभिन्न वर्ग र समुदायहरूबाट उठाइएका मागहरूलाई सम्बन्धित पक्षहरूसँग संवाद र छलफल गरी समाधान गर्ने सन्दर्भमा सरकारले गम्भीरतापूर्वक पहल गरी सहमति कायम गराउने छ।

२०. देशभरिका सम्पूर्ण आदिवासी जनजाति समुदायहरूलाई आगामी संविधानसभाको निर्वाचन सफल पार्न एकजुट हुन नेपाल आदिवासी जनजाति महासङ्घ, राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घ हार्दिक आह्वान गर्दछ।

रामचन्द्र पौडेल संयोजक, सरकारी वार्ता टोली (मन्त्री शान्ति तथा पुनर्निर्माण)

ओम गुरुङ संयोजक, नेपाल आदिवासी जनजाति महासङ्घ

के.बी. गुरुङ संयोजक, आदिवासी जनजाति संयुक्त सङ्घर्ष समिति

२२ साउन २०६४

## अनुसूची ६ः नेपालको जनगणना २०६८ अनुसार विभिन्न सामाजिक समूहहरू

| | | **जम्मा सङ्ख्या** | **प्रतिशत** | **बृहत् समूहको जनसङ्ख्या** | **बृहत् समूहको प्रतिशत** |
|---|---|---|---|---|---|
| **(क)** | **पहाडे जाति** | | | ८२,७८,४०१ | ३१.२७ |
| १. | क्षेत्री | ४३,९८,०५३ | १६.५९ | | |
| २. | ब्राह्मण पहाडी | ३२,२६,९०३ | १२.१७ | | |
| ३. | ठकुरी | ४,२५,६२३ | १.६१ | | |
| ४. | सन्यासी/दसनामी | २,२७,८२२ | ०.८६ | | |
| **(ख)** | **पहाडे र हिमाली आदिवासी जनजाति** | | | ५८,८८,०१७ | २२.२२ |
| १. | मगर | १८,८७,७३३ | ७.१२ | | |
| २. | तामाङ | १५,३९,८३० | ५.८१ | | |
| ३. | राई | ६,२०,००४ | २.३४ | | |
| ४. | गुरुङ | ५,२२,६४१ | १.९७ | | |
| ५. | लिम्बू | ३,८७,३०० | १.४६ | | |
| ६. | कुमाल | १,२१,१९६ | ०.४६ | | |
| ७. | घर्ती/भुजेल | १,१८,६५० | ०.४५ | | |
| ८. | शेर्पा | १,१२,९४६ | ०.४३ | | |
| ९. | दनुवार | ८४,११५ | ०.३१ | | |
| १०. | माझी | ८३,७२७ | ०.३१ | | |
| ११. | चेपाङ (प्रजा) | ६८,३९९ | ०.२६ | | |
| १२. | कौंइच (सुनुवार) | ५५,७१२ | ०.२१ | | |
| १३. | थामी | २८,६७१ | ०.११ | | |
| १४. | कुलुङ (राई) | २८,६१३ | ०.११ | | |
| १५. | याक्खा | २४,३३६ | ०.०९ | | |
| १६. | घले (गुरुङ) | २२,८८१ | ०.०९ | | |
| १७. | ताजपुरिया | १९,२१३ | ००७ | | |
| १८. | दराई | १६,७८९ | ०. ०६ | | |
| १९. | पहरी | १३,६१५ | ०.०५ | | |
| २०. | भोटे | १३,३९७ | ०.०५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
